नेकाप २०७७ असोज अङ्क ६

# नेपाल कानून पत्रिका

भाग-६२ **२०७७ असोज** अङ्क-६




<u>प्रकाशक</u>

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २१११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्स: ४२००७४९, पो.ब.नं. २०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np, Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

**माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत - अध्यक्ष**
**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत - सदस्य**
**मुख्य रजिस्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत - सदस्य**
**नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय- सदस्य**
**रजिस्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत - सदस्य**
**अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन - सदस्य**
**वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन- सदस्य**
**प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय - सदस्य**
**सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री ध्रुवकुमार ढकाल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**
शाखा अधिकृत श्री देवीकुमारी चौधरी
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री रूद्र आचार्य
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा :**
ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**
मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

**प्रकाशित सङ्ख्या : ३५०० प्रति**

**नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा**

**निम्नानुसार गर्नु पर्नेछ :**

*नेकाप, २०७७..., ........महिना, नि.नं. ........, पृष्ठ ...*

**उदाहरणार्थ :** *नेकाप,* २०७७, असोज, नि.नं.१०५१०, पृष्ठ १०१३

**सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा**

**निम्नानुसार गर्नु पर्नेछ :**

*सअ बुलेटिन*, २०७७, ... ... ...- १ वा २, पृष्ठ ...

**उदाहरणार्थ :** *सअ बुलेटिन*, २०७७, असोज – १ वा २, पृष्ठ १

**सर्वोच्च अदालतको वेभसाइट www.supremecourt.gov.np**
मा गई दायाँतर्फ **प्रकाशनहरू** मा क्लिक गरी २०६५ सालदेखिका **नेपाल कानून पत्रिका** तथा **सर्वोच्च अदालत बुलेटिन** मा समाविष्ट निर्णयहरू पढ्न र डाउनलोड गर्न सकिनेछ।

**साथै, नेपाल कानून पत्रिका** मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म) **हेर्न, पढ्न तथा सुरक्षित गर्न www.nkp.gov.np** मा जानुहोला।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा कुनै शब्द **नेपाली युनिकोड फन्ट**मा टाइप गरी खोज्न सक्नुहुन्छ। वेभसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत खोजमा** गई विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**निन्दन्तु नीतिनिपुणा यदि वा स्तुवन्तु**
**लक्ष्मी: समाऽविशतु गच्छतु वा यथेष्टं ।**
**अद्यैव वा मरणं मस्तु युगान्तरे वा**
**न्याय्यात्पथ: प्रविचलन्ति पदं न धीरा: ॥८४॥**

\- भर्तृहरि नीतिशतकम्

**<u>अर्थ:</u>** **निन्दा गरून् वा प्रशंसा, लक्ष्मी आउन् वा जाउन्,**
**आजै मर्नुपरोस् वा कालान्तरमा,**
**यी कुनै कुराको कत्ति पनि चिन्ता नराखी**
**न्यायिक मार्गमा लाग्नेहरू कहिल्यै विचलित हुँदैनन् ।**

**सूचना**

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं । यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सँगालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ ।

**मूल्य रू.७५।-**

**मुद्रक** : सर्वोच्च अदालत छापाखाना

विषय सूची


| क्र.स. | नि.नं./इजलास/ विवरण | पक्ष / विपक्ष | विषयको सारसङ्क्षेप | पृष्ठ |
|---|---|---|---|---|
| १. | १०५१० संयुक्त उत्प्रेषण / परमादेश | निर्मलमान तुलाधरसमेत विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत | ▪ संस्था दर्ता ऐन, २०३४ मा व्यवस्था भएबमोजिम दर्ता भएको संगठित संस्थाले गरेको काम सार्वजनिक पद धारण गरेको व्यक्तिको परिभाषाभित्र नपर्ने देखिँदा त्यस्तो संस्थाको काम कारबाही बारेमा अनुगमन गर्नेसमेतको अख्तियारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा रहे भएको नदेखिने। | १०२५ |
| २. | १०५११ संयुक्त उत्प्रेषण / परमादेश | भक्तबहादुर आलेसमेत विरूद्ध नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत | ▪ पहिला विद्यमान रहेको ऐन कानूनको व्यवस्थाबमोजिम प्रशासनिक प्रक्रिया पूरा गरी भएको स्थापित विषयवस्तुलाई पछि बनेका ऐनका आधारमा परिवर्तन गर्दा त्यसले स्थापित कानूनी व्यवस्थामा नै खलल पुग्न गई अव्यवस्थित परिस्थितिको सिर्जना हुने भएकाले ऐनको प्रयोग पश्चात्दर्शी **(retrospective)** सिद्धान्त प्रतिकूल हुन नसक्ने। | १०४२ |
| ३. | १०५१२ संयुक्त उत्प्रेषण | कृष्णप्रसाद उप्रेतीसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ▪ निवेदकहरूले २५ वर्ष व्यतीत हुँदासम्म आफ्नो जग्गाको कुनै मुआब्जा तथा क्षतिपूर्ति पाउन सकेको अवस्था देखिन नआएबाट पैसाको समयानुसार मूल्य **(Time Value of Money)** समेतलाई मध्यनजर राखी अधिग्रहण गरिएका जग्गाको उचित मुआब्जा तथा क्षतिपूर्ति पाउनुपर्ने। | १०४५ |
| ४. | १०५१३ संयुक्त कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग | दिलबहादुर लामा मोक्तानसमेत विरूद्ध नेपाल सरकार | ▪ समूहमा रही वारदातस्थलसम्म पुगेको भन्ने आधारमा मात्र सबैलाई मुख्य अपराधीसरह व्यवहार गर्नु उचित हुँदैन । समूहमा रहने हरेक प्रतिवादीको अपराधमा संलग्नता तथा निभाएको भूमिका पुष्टि भई सोही आधारमा मात्र कसुर कायम गरिनु पर्ने। | १०५७ |
| ५. | १०५१४ संयुक्त बैंकिङ कसुर | गोविन्द उपाध्याय विरूद्ध नेपाल सरकार | ▪ अनुसन्धानको सिलसिलामा कुनै एक कसुरमा तहकिकात आरम्भ भएको तर अनुसन्धान तहकिकात गर्दै जाँदा अर्को कसुर हो भन्ने देखिएको अवस्थामा सफाइको मौका दिई आवश्यकताअनुसार थप प्रमाण | ११०२ |

| | | | | |
|---|---|---|---|---|
| | | | सङ्कलन गरी सुरूमा आरम्भ गरेको अनुसन्धान तहकिकातभन्दा फरक कसुरमा अभियोजन गर्न प्रचलित नेपाल कानूनले बन्देज लगाएको नदेखिएकोले चोरीको रोहबाट अनुसन्धान आरम्भ भई बैङ्किङ कसुरतर्फ थप अनुसन्धान गरी सोही विषयमा अभियोग लगाउने कार्यलाई अन्यथा भन्न नमिल्ने। | |
| ६. | १०५१५<br>संयुक्त<br>उत्प्रेषण | ईश्वरप्रसाद अधिकारी<br>विरूद्ध<br>काठमाडौं महानगरपालिकाको कार्यालय, काठमाडौंसमेत | ▪ सम्झौताअनुसार घर जग्गा कर तिर्ने, बुझाउने दायित्व निवेदकमा रहेको अवस्थामा सो सर्त प्रतिकूल हुने गरी घर जग्गा कर बुझाउने दायित्व अर्को पक्षमा रहन्छ भनी ठहर गर्न नमिल्ने। | ११९३ |
| ७. | १०५१६<br>संयुक्त<br>निषेधाज्ञा / परमादेश | श्री नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालयसमेत<br>विरूद्ध<br>असमुन्ना खातुन | ▪ शिक्षा ऐन तथा शिक्षा नियमावली, २०५९ को दफा ३० ले अधिकार प्रदान नै नगरेको विषयमा अभिभावक भेलाको सर्वसम्मत निर्णय आधार देखाई शिक्षक सेवा आयोगको सिफारिसबमोजिम स्थायी नियुक्ति प्राप्त शिक्षकलाई पटकपटक हाजिर हुन जाँदा विद्यालयमा हाजिर नगराई फर्काउने कार्य कानूनसम्मत नदेखिने। | ११२१ |
| ८. | १०५१७<br>संयुक्त<br>ठगी | नेपाल सरकार<br>विरूद्ध<br>विन्देश्वरप्रसाद केशरीसमेत | ▪ अपराधको मात्रानुसार सजायको निर्धारण गर्नुपर्दछ। ठूलो अपराध गर्ने र तुलनात्मक रूपमा सानु अपराध गर्ने अपराधीलाई एउटै सजाय गर्नु न्यायसङ्गत हुँदैन। त्यसकारण सजाय निर्धारण गर्दा अपराधको गम्भीर्य, अपराध गर्दाको परिस्थिति र प्रचलित कानूनी व्यवस्था हेर्नुपर्ने। | ११२७ |
| ९. | १०५१८<br>संयुक्त<br>भ्रष्टाचार (घुस / रिसवत) | नेपाल सरकार<br>विरूद्ध<br>ध्रुवप्रसाद वाग्ले | ▪ कसैको दबाब, प्रभावमा परी वा आफ्नो घोषित, अघोषित राजनीतिक वा अन्य आस्थाको कारण माथिल्लो तहमा हुने संस्थागत भ्रष्टाचारलाई लुकाउन दबाउन वा प्रकाशमा ल्याउन नदिन अनुसन्धानकर्ताले कुनै प्रकारको भूमिका खेल्दछ भने त्यस्ता अनुसन्धानकर्ता स्वतन्त्र अनुसन्धान गर्न असक्षम हुने। | ११४३ |

| | | | | |
|---|---|---|---|---|
| १०. | १०५१९<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | प्रमोदकुमार खड्का<br>विरूद्ध<br>नेपाल सरकारसमेत | ▪ रीतपूर्वक तामेल भएका म्यादलाई सुनुवाइको मौका दिने नाउँमा बदर गर्दै जाने हो भने अदालतका काम कारबाहीहरू अन्तहीन रूपमा रहिरहने, दण्डहीनता बढ्ने, न्यायिक प्रक्रिया अवरूद्ध भई समाजमा अशान्ति बढ्न जानेसमेत देखिएकोले यस्ता रीतपूर्वक भएका काम कारबाहीहरूलाई समर्थन गर्दै न्यायिक मार्ग अवरूद्ध हुनबाट जोगाउने दायित्वसमेत अदालतको हुने। | ११५३ |
| ११. | १०५२०<br>संयुक्त<br>जबरजस्ती करणी | नेपाल सरकार<br>विरूद्ध<br>हेमराज भन्ने<br>हिमराज खड्का | ▪ स्वास्थ्य परीक्षण तथा अन्य सबुद प्रमाणबाट प्रमाणित नभएको तथा पीडित र जाहेरवाली दुवैजनाले अदालतमा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको होइन भनी प्रतिकूल बकपत्र गरेको अवस्थामा वस्तुनिष्ठ ठोस प्रमाणको अभावमा केवल किटानी जाहेरी दरखास्तको आधारमा मात्रै प्रतिवादीले आरोपित जबरजस्ती करणीको कसुर गरेका हुन् भनी विश्वास गर्न नसकिने। | ११५७ |
| १२. | १०५२१<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | बहिरी<br>धुनियायीसमेत<br>विरूद्ध<br>क्रियटिभ नेपाल बचत तथा ऋण सहकारी संस्था लि., प्रधान कार्यालय, कलैया, बारासमेत | ▪ लिलाम सकार गरेका कित्ताहरूमा सोही सकार मितिबाट नै हक सिर्जना भइसकेको मान्नुपर्ने। हक सिर्जना भइसकेको जग्गालाई कसैले आपसी सहमति गरेर कानूनबमोजिम सिर्जित भइसकेको तेस्रो पक्षको हक मेट्ने गरी करारनामाको विषयवस्तु बनाउन कानूनत: नमिल्ने। | ११६७ |
| १३. | १०५२२<br>संयुक्त<br>सवारी ज्यान | नेपाल सरकार<br>विरूद्ध<br>मनोजकुमार साह | ▪ मृतकसँग प्रतिवादीको पूर्वचिनजान रिसइवी नहुनु नै लापरवाही नहुने भन्ने होइन, सवारी चलाउँदा चालकले गाडी कत्तिको होसियारीपूर्वक चलाएको थियो र निजले चलाएको सवारी साधन निजको नियन्त्रणमा थियो थिएन भन्ने कुरा लापरवाहीको लागि महत्त्वपूर्ण विषय हुने। | ११७८ |
| १४. | १०५२३<br>संयुक्त<br>राज्य विरूद्धको अपराध | नेपाल सरकार<br>विरूद्ध<br>अन्जन के.सी.समेत | ▪ कानूनले स्पष्ट रूपमा परिभाषित गरी कसुर मानेको विषयमा त्यस्तो कानूनको स्पष्ट उल्लङ्घन गरेको भनी स्थापित नभएसम्म अर्कै प्रयोजनलाई बनेको विद्यमान कुनै कानूनी प्रावधानलाई तानतुन पारेर व्याख्या गरी कसुर कायम गर्न **(NULLUM** | ११८७ |

| | | | | |
|---|---|---|---|---|
| | | | **CRIMEN SINE LEGE)** र सजाय गर्न **(nulla poena sine lege)** नहुने। | |
| १५. | १०५२४<br>संयुक्त<br>परमादेश | अधिवक्ता कीर्तिनाथ शर्मासमेत<br>विरूद्ध<br>मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ▪ महामारीको सम्बन्धमा सरकारले कोष वा अन्य माध्यमबाट स्थानीय निकायको खर्च प्रदेश सरकारको सम्बन्धित मन्त्रालय तथा सङ्घीय सरकारको सम्बन्धित मन्त्रालयमा प्राप्त गरी विद्युतीय माध्यम वा वेबसाइटमा एकीकृत रूपमा राखी त्यस्तो सूचना माग गर्न कोही व्यक्तिले निवेदन दिएमा प्रक्रिया पुर्‍याई लिखित सूचना दिनुपर्ने। | १२११ |
| १६. | १०५२५<br>संयुक्त<br>कर्तव्य ज्यान | नेपाल सरकार<br>विरूद्ध<br>परिक्षण भन्ने रामपरिक्षण ठाकुर | ▪ कुनै आधिकारिक व्यक्तिको रोहवरमा मृतकको भनाइ व्यक्त नभएको र त्यसलाई प्रामाणिक मान्यता दिनुपर्ने आवश्यक रोह रीत नपुगेकोमा मृतकले मृत्यु हुनुपूर्व व्यक्त गरेको भनाइले प्रामाणिक मूल्य र मान्यता राख्न नसक्ने। | १२२२ |
| १७. | १०५२६<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | अधिवक्ता रोशनी पौड्यालसमेत<br>विरूद्ध<br>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय, सिंहदरबार, काठमाडौंसमेत | ▪ महामारीको विषयको निश्चित र पहुँचयोग्य सूचना, सम्प्रेषणको जोखिमता घटाउन र समाजमा गलत सूचना जानबाट रोक्न महत्त्वपूर्ण रहेको हुन्छ। तर यस्तो सूचनाले लाञ्छनाको जोखिमतालाई घटाउन, जोखिमतामा रहेको वर्गहरू र सङ्क्रमणमाथि कुनै गलत कार्य **(harmful)** नहुने कुराको सुनिश्चितता गर्न अत्यन्त आवश्यक रहने। | १२३२ |
| १८. | १०५२७<br>संयुक्त<br>बन्दी प्रत्यक्षीकरण | भुजुङ गुरूङ<br>विरूद्ध<br>कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत | ▪ सक्षम अदालतबाट तह तहगत रूपमा तथ्य र प्रमाणको मूल्याङ्कन भई न्याय निरूपण भएका प्रत्येक विषयलाई असाधारण अधिकारक्षेत्रको विषयवस्तु बनाउने प्रवृत्तिलाई प्रोत्साहन मिल्न जाने खतरा हुन्छ। जुन रिट क्षेत्राधिकारको सिद्धान्त र मुद्दाको अन्तिमता **(finality of judgment)** को सिद्धान्तको समेत विपरीत हुनका साथै रिटले **correctional power** को स्वरूप धारण गर्न हुँदैन भन्ने मान्यतासमेतमा गम्भीर असर पर्न जाने। | १२६९ |

## निर्णय नं. १०५१०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीरा खडका
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश मिति : २०७५।९।१२
०७३-WO-०२९३

विषय: उत्प्रेषण / परमादेश

निवेदक : ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं.३ मा कार्यालय रहेको सोसल साइन्स वहा:को तर्फबाट मुद्दा मामिला गर्न अख्तियार प्राप्त व्यक्ति ऐ.का अध्यक्ष भई आफ्नो हकमा प्राध्यापक निर्मलमान तुलाधरसमेत

विरूद्ध

विपक्षी : अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत

- **संस्था दर्ता ऐन, २०३४ मा व्यवस्था भएबमोजिम दर्ता भएको संगठित संस्थाले गरेको काम सार्वजनिक पद धारण गरेको व्यक्तिको परिभाषाभित्र नपर्ने देखिँदा त्यस्तो संस्थाको काम कारबाही बारेमा अनुगमन गर्नेसमेतको अख्तियारी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा रहे भएको नदेखिने ।**

(प्रकरण नं.१५)

- **नेपालको संविधान तथा कानूनी व्यवस्था हेर्दा सार्वजनिक निकाय पनि नरहेको, सार्वजनिक पदाधिकारी पनि नरहेको गैरसरकारी संस्थाको हकमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार नरहने ।**

(प्रकरण नं.१६)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री टीकाराम भट्टराई

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई, विद्वान् अधिवक्ता श्री निशा बानियाँ

अवलम्बित नजिर :

- ने.का.प.२०५३, अङ्क ६, नि.नं.६२०५, पृ.४५०
- ने.का.प.२०५८, नि.नं.७००१, पृ.२३९
- ने.का.प.२०६४, नि.नं.७८२०, पृ.२८८
- ने.का.प.२०७४, अङ्क ८, नि.नं.९८६६

सम्बद्ध कानून :

- नेपालको संविधान
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८
- स्थानीय स्वायत्त शासन ऐन, २०५५
- संस्था दर्ता ऐन, २०३४

आदेश

**न्या.सपना प्रधान मल्ल :** नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम यसै अदालतको असाधारण अधिकार क्षेत्रभित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छ :

विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सोसल साइन्स वहा: र यस संस्थासँग आबद्ध एलायन्स फर सोसल डाइलग नामक संस्थाले समाज कल्याण परिषद्का पदाधिकारीसमेतको मिलेमतोमा विदेशी दाताहरूबाट प्राप्त करोडौं रूपैयाँ दुरूपयोग गरेको भन्नेसमेतको उजुरीउपर छानबिनका क्रममा

सोसल साइन्स वहा: संस्था मिति २०६३।१०।०१ मा संस्था दर्ता ऐन, २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालय, ललितपुरमा दर्ता भई मिति २०६३।१०।१० मा समाज कल्याण परिषद्सँग आबद्ध भएको र उक्त संस्थासँग आबद्ध एलायन्स फर सोसल डाइलग नामक संस्था दर्ता भएको नदेखिएको साथै सोसल साइन्स वहा: संस्थाले विदेशी दाताहरूबाट स्थापनाकालदेखि हालसम्म ४७ करोड ९१ लाखभन्दा बढी रकम प्राप्त गरेको लेखा परीक्षण प्रतिवेदनसमेतबाट देखिएको छ । यसरी प्राप्त रकममध्ये विगत ५ वर्षमा एलाइन्स फर सोसल डाइलग र सोसल साइन्स वहा:ले रू.२९ करोड २० लाख रकम खर्च गरेको र सोमध्ये एलाइन्स फर सोसल डाइलगले मात्र १३ करोड रूपैयाँभन्दा बढी रकम खर्च गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ । गैरसरकारी संस्थाको अनुगमनको जिम्मेवारी कानूनबमोजिम तोकिएको समाज कल्याण परिषद्ले नियमित अनुगमन गरी प्रतिवेदन पेस गर्नुपर्नेमा आ.व.२०६७/०६८ र २०६९/०७० को अनुगमन गरेको भए पनि संस्थामा देखिएको अनियमितता नियन्त्रणका लागि ठोस कारबाही र निर्देशन गरेको नदेखिँदा दर्ता नै नभएको संस्थालाई सोसल साइन्स वहा:ले विगत ५ वर्षमा रू.१३ करोडभन्दा बढी रकम कुन ऐन, नियम र विधानअनुसार दिएको हो, सो विषयमा छानबिन गर्नसमेत वाञ्छनीय देखिएकोले समाज कल्याण परिषद् ऐन, २०४९ र समाज कल्याण परिषद् नियमावली, २०४९ तथा प्रचलित ऐन, नियमअनुसार रकम दुरूपयोग भए नभएकोलगायतका विषयमा थप अनुसन्धान तथा छानबिन गरी कानूनबमोजिम गर्न गराउन अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८(१) को (ख) र (ग) बमोजिम समाज कल्याण परिषद्लाई लेखी पठाउने तथा संस्था दर्ता ऐन, २०३४ को दफा १२ को उपदफा (४) बमोजिम सम्बन्धित स्थानीय अधिकारीले गैरसरकारी संस्थाको नियमन तथा गैरकानूनी तवरले सञ्चालित संस्थाको खारेजी गर्न सक्नेसमेतका व्यवस्थालाई दृष्टिगत गरी माथि उल्लिखित विषयमा थप अनुसन्धान तथा छानबिन गरी कानूनबमोजिम गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८(१) को (ख) र (ग) बमोजिम जिल्ला प्रशासन कार्यालय, ललितपुरमा लेखी पठाउने र सोको जानकारी नेपाल सरकार, गृह मन्त्रालयमा दिई समाज कल्याण परिषद्मार्फत प्राप्त हुन आएका उक्त संस्थासँग सम्बन्धित सम्पूर्ण कागजातहरू जिल्ला प्रशासन कार्यालय, ललितपुरमा पठाउने निर्णय भएबमोजिम सम्बन्धित निकायहरूमा लेखी पठाइएको भन्नेसमेत बेहोराको संवैधानिक एवं कानूनी व्यवस्थाविपरीत संस्थामा संलग्न व्यक्तिहरूको नामसमेत उल्लेख गरिएको प्रेस विज्ञप्ति मिति २०७३।०६।०९ मा जारी गरेको र सोही प्रेस विज्ञप्तिको आधारमा विपक्षी जिल्ला प्रशासन कार्यालय, ललितपुर तथा विपक्षी समाज कल्याण परिषद्ले सोसल साइन्स वहा: र एलायन्स फर सोसल डाइलगको नाममा विभिन्न विवरणहरू माग गरी विभिन्न मितिमा कर्मचारीको इमेलमार्फत समेत पत्राचार गरेको अवस्था छ ।

यस सोसल साइन्स वहा: संस्था संस्था ऐन, २०३४ अन्तर्गत विपक्षी जिल्ला प्रशासन कार्यालय, ललितपुरमा दर्ता भएको मुनाफारहित सामाजिक प्राज्ञिक संस्था हो । विपक्षीहरूले संस्था भनी उल्लेख गरेको एलायन्स फर सोसल डाइलग भन्ने कुनै अलग संस्था नभई यस निवेदक संस्था सोसल साइन्स वहा: अन्तर्गतको एक परियोजना वा कार्यक्रम हो । यस सोसल साइन्स वहा: संस्थाले संस्था ऐन, २०३४ ले तोकेको सबै विधि प्रक्रियाहरू अवलम्बन गरी वार्षिक साधारण सभा, कार्य समितिको अध्यावधिक निर्वाचन, लेखापरीक्षण र संस्थाको नवीकरणसमेत अध्यावधिक रूपमा गरिआएको अवस्था छ । त्यस्तैगरी वैदेशिक सहायता ग्रहण गर्दा समाज कल्याण परिषद्को विधिवत् स्वीकृति लिई प्राप्त रकम पारदर्शी रूपमा

खर्च गरी सोको विवरण सम्बन्धित निकायमा पेस गरिरहेको अवस्था छ । यस संस्थाका सबै कार्यहरू प्रचलित कानूनले तोकेको परिधिभित्र रहेर स्थायी लेखा नं. लिई, मुनाफारहित संस्था भएकोले कर छुटको प्रमाणपत्रसमेत लिई सम्पन्न गरिएका छन् । यसरी प्रचलित कानूनअनुसार दर्ता भई कानूनअनुरूप नै सञ्चालनमा आएको यस संस्था सोसल साइन्स वहा:को सम्बन्धमा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गैरकानूनी रूपमा उजुरी ग्रहण गरी गैरकानूनी अनुसन्धान गर्दासमेत अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा दफा २० बमोजिम आयोगको निर्णयबमोजिम अनुसन्धान अधिकृत नियुक्त गरेको बेहोरा उक्त विज्ञप्तिमा उल्लेख गरिएको छैन । हामी निवेदक नागरिकको मानमर्दन र गरिमामा स्वदेश र विदेशमा समेत आँच पुर्‍याउने गरी विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रेस विज्ञप्ति प्रकाशित गर्ने कार्यले स्वयं विपक्षी आयोगको संवैधानिक हैसियत र गरिमामा गम्भीर प्रश्न मात्र खडा भएको छैन यसले संवैधानिक आयोगको कार्य क्षमता र कार्य सम्पादनसमेतमा संवैधानिक र नैतिक प्रश्न खडा गरिदिएको छ ।

आयोगले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषयमा समेत अनुसन्धान गर्दा प्रचार प्रसार गर्न नहुने भनी सम्मानित सर्वोच्च अदालतबाट तत्कालीन महान्यायाधिवक्ता बद्रिबहादुर कार्की विरूद्ध विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोग भएको मुद्दामा (ने.का.प.२०५८, नि.नं.७००१, पृ.२३९) आयोगको ध्यानाकर्षणसमेत गराइसकेको परिप्रेक्ष्यमा निवेदक संस्था सोसल साइन्स वहा:का सम्बन्धमा एकै पटक व्यक्तिको नामसमेत किटान गरी प्रेस विज्ञप्ति निकालेर निवेदक संस्थाको विरूद्धमा गरिएको प्रचार प्रसारले आयोगले सम्मानित सर्वोच्च अदालतको आदेशको उल्लङ्घन गरेको स्पष्ट नै छ । यसरी विपक्षी संवैधानिक अङ्गका काम कारबाही र निर्णय एवं पत्राचारहरू व्यक्ति विरूद्ध लक्षित भएको, पूर्वाग्रहका आधारमा निर्देशित भएको, प्रतिष्ठाको विषय बनाइएको, सस्तो लोकप्रियता हासिल गर्ने उद्धेश्यमा केन्द्रित भएकोले विपक्षी आयोगको उक्त कार्य विधिको शासन र संवैधानिक सर्वोच्चताको प्रतिकूल रहेको छ । लोकतान्त्रिक शासन व्यवस्थामा स्वेच्छाचारिताको अन्त्य र कानूनको शासनको वैध अपेक्षा (Legitimate Expectation) राखिएको हुन्छ तर विपक्षी आयोगका काम कारबाही र पत्राचार एवम् प्रेस विज्ञप्ति प्रकाशित गर्ने गैरकानूनी र गैरसंवैधानिक कार्यले संविधानको धारा १७(१), धारा १७(२) को खण्ड (घ) र (च), धारा १८ (१) र (२), धारा २०(४), धारा २७, धारा २८ द्वारा प्रदत्त मौलिक हकमा अनुचित बन्देज लागेको एवं अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४, ५, १९, २३ र २८ तथा संस्था दर्ता ऐन, २०३४ को दफा ५, १० लगायतका विभिन्न दफाहरूले प्रदान गरेको कार्यविधि र व्यवस्थाविपरीत भएको र सर्वोच्च अदालतले पटकपटक गरेको व्याख्यासमेतको विपरीत भएको विपक्षीहरूको उल्लिखित काम, कारबाही, निर्णय, पत्राचार र निर्देशन गैरसंवैधानिक, गैरकानूनी, अधिकारक्षेत्रविहीन, दुराशययुक्त, स्वेच्छाचारी र कपटपूर्ण भएकोले विपक्षी आयोगको मिति २०७३।०६।०९ को प्रेस विज्ञप्ति र सो विज्ञप्ति जारी गर्नुपूर्व कुनै निर्णय भएको भए यस्तो निर्णय एवम् पत्राचार, विपक्षी आयोगको निर्देशनबमोजिम विपक्षी जिल्ला प्रशासन कार्यालय, ललितपुरले गरेको भनेको हामीलाई उपलब्ध नगराइएको मितिको निर्णय, सोही निर्णयका आधारमा भनी निवेदक र निवेदकअन्तर्गतको परियोजना एलाइन्स फर सोसल डाइलगलाई गरेको मिति २०७३।०६।१६ गते कर्मचारीमार्फत प्राप्त इमेल, पत्राचार र त्यसपछि प्राप्त सोही बेहोराको मिति २०७३।०६।२० गतेको इमेलमार्फत प्राप्त पत्र र यस सम्बन्धमा निवेदकको जानकारीमा नआएका कुनै अन्य निर्णय भए त्यस्ता सबै निर्णय वा पत्राचारसमेत

संविधानको धारा ४६ र एवम् धारा १३३(२) र (३) का आधारमा उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदक संस्थालाई आयोगको पत्राचार एवम् निर्देशनकै आधारमा कुनै कारबाही नगर्नु नगराउनु र पूर्ववत् रूपमा सञ्चालन गर्न दिनु दिलाउनु भनी प्रतिषेध र परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०७३।७।१ को रिट निवेदनपत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नू । साथै निवेदकले अन्तरिम आदेशसमेत माग गरेको सन्दर्भमा विचार गर्दा दुवै पक्ष राखी छलफल गराई आदेश गर्नु उपयुक्त हुने हुँदा अन्तरिम आदेश छलफलको लागि मिति २०७३।०७।०७ को पेसी तोकी सोको जानकारी विपक्षीहरू तथा महान्यायाधिवक्ताको कार्यालयलाई समेत दिई नियमानुसार पेस गर्नु भन्ने बेहोराको यस अदालतको मिति २०७३।०७।०३ को आदेश।

यस कार्यालयमा मिति २०६३।१०।०१ मा संस्था दर्ता नं. ३०९ मा दर्ता भएको सोसल साइन्स वहा: नामक गैरसरकारी संस्थाले विभिन्न दातृ निकायहरूबाट वैदेशिक अनुदान प्राप्त गरी सीमित व्यक्तिहरूको स्वार्थ र हितमा केन्द्रित रही अनुत्पादक क्षेत्र (तलब भत्ता, विदेश तथा स्वदेश भमण, होटल, पिकनिकलगायत) मा खर्च गरी संस्थाको उद्देश्यविपरीतका शिर्षकहरूमा खर्च गरेको, एलायन्स फर सोसल डायलग नामक संस्था दर्ता नै नगरी दर्ता संस्थासरह सञ्चालन गरेको बेहोरा उल्लेख गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग, अनुसन्धान महाशाखा, टंगाल काठमाडौंको प.सं. अनु.रवि.०७३।०७४, च.नं. ५१२७, मिति २०७३।०६।०९ र प.सं. अनु.रवि.०७३।०७४, च.नं.५२१४, मिति २०७३।०६।१० को पत्रसमेतबाट कानूनबमोजिम कारबाहीका लागि लेखी आएको छ । यसरी संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भई सञ्चालनमा रहेको संस्थाले प्राप्त गरेको वैदेशिक सहयोग रकम दुरूपयोग र हिनामिना गरे गराएको सूचना प्राप्त भएको आधारमा छानबिन कारबाही गर्ने अधिकार प्रचलित कानूनले यस कार्यालयलाई प्रदत्त गरेको हुँदा कानूनले प्रदत्त गरेको अधिकारबमोजिम नै उल्लिखित संस्थासँग सम्बन्धित विवरण माग गरिएको हो। उक्त संस्था दर्ता हुँदा संस्थाको ठेगाना ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. ३ उल्लेख गरेको भए तापनि हाल काठमाडौंमा रहेको बुझिएकोले टेलिफोनमार्फत सम्पर्क गरी संस्थाको कर्मचारीले उपलब्ध गराएको इमेल ठेगानामा पत्र पठाइएको हो। कुनै दुराशय राखी पत्राचार नगरिएकोले कानूनले प्रदत्त अधिकार प्रयोग गरी प्रमुख जिल्ला अधिकारीको हैसियतले निर्णय गरी पत्राचार गरेको हुँदा विपक्षीको निवेदन जिकिरमा कुनै कानूनी आधार नभएकोले उक्त रिट निवेदन खारेजयोग्य हुँदा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०७३।०७।०५ को जिल्ला प्रशासन कार्यालय, ललितपुर र ऐ.का प्रमुख जिल्ला अधिकारी ऋषिराम शर्मासमेतबाट यस अदालतमा पेस भएको संयुक्त लिखित जवाफ।

सोसल साइन्स वहा: नामक गैरसरकारी संस्था दर्ता हुँदा संस्थाको ठेगाना ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. ३ उल्लेख गरेको भए तापनि हाल काठमाडौंमा रहेको बुझिएकोले टेलिफोनमार्फत सम्पर्क गरी संस्थाको कर्मचारीले उपलब्ध गराएको इमेल ठेगानामा पत्र पठाइएको हो । कुनै दुरासय राखी पत्राचार नगरिएकोले कानूनले प्रदत्त अधिकार प्रयोग गरी प्रमुख जिल्ला अधिकारीबाट

भएको निर्णयलाई कार्यान्वयन गर्ने सन्दर्भमा प्रशासकीय अधिकृतको हैसियतले दस्तखत गरी पत्राचार गरेको हुँदा विपक्षीको जिकिरमा कुनै कानूनी आधार नभएकोले उक्त रिट निवेदन खारेजयोग्य हुँदा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०७३।०७।०५ को जिल्ला प्रशासन कार्यालय, ललितपुरका प्रशासकीय अधिकृत काजीकुमार पोखरेलले यस अदालतमा पेस गरेको लिखित जवाफ।

यसमा जिल्ला प्रशासन कार्यालय, ललितपुरले मिति २०७३।०६।१४ को निर्णयानुसार एलाइन्स फर सोसल डाइलगलाई गरिएको पत्राचारमा त्यस संस्थाले खर्च भुक्तानी गर्दा यस कार्यालयको पूर्वस्वीकृति लिएर मात्र गर्नु हुन भनी उल्लेख गरेको पाइन्छ । स्थानीय अधिकारीलाई संस्था दर्ताको लागि नियमनकारी निकायको रूपमा मान्यता प्रदान गर्ने अधिकार संस्था दर्ता ऐन, २०३४ ले दिएको देखिन्छ। उक्त संस्था दर्ता ऐनमा कुनै पनि संस्थाले स्वायत्ततापूर्वक आफ्नो संस्था सञ्चालनका लागि खर्च गर्ने कार्यमा पूर्वस्विकृति लिनुपर्ने प्रावधान गरेको नदेखिएको अवस्थामा यसरी जिल्ला प्रशासन कार्यालय, ललितपुरको मिति २०७३।०६।१६ को पत्र कार्यान्वयन भएमा संस्थाको दैनिक कार्य सञ्चालन नै प्रभावित भई निवेदकलाई अपूरणीय क्षति पुग्न जाने हुँदा यो निवेदनको टुङ्गो नलागेसम्म उक्त मिति २०७३।०६।१६ को पत्र कार्यान्वयन नगर्नु नगराउनु यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) अनुसार अन्तरिम आदेश जारी गरिदिएको छ। सोको सूचना विपक्षीहरूलाई दिई कानूनबमोजिम गर्नु भन्ने बेहोराको यस अदालतबाट मिति २०७३।०७।०७ मा भएको आदेश।

समाज कल्याण परिषद्का पदाधिकारीसमेतको मिलेमतोमा गैरसरकारी संस्थाहरूले विदेशी दाताहरूबाट नेपाली जनताको नाम भजाई करोडौं रूपैयाँ ल्याई उक्त रूपैयाँ आफू र आफन्तको ऐस आराम र रकम बाँडीचुँडी खाने आधार बनाएका छन् । यसको ज्वलन्त उदाहरण सोसल साइन्स वहा: हो भने सोही संस्थासँग आबद्ध एलायन्स फर सोसल डाइलग भन्ने संस्था दर्ता नै नभई दर्ता भएको संस्थासरह कार्य गरिरहेकोले सोको बारेमा समेत छानबिन गरी यी र यस प्रकारका संस्थाहरूप्रति कारबाही हुन र डलर खेतीबाट मुक्त गरी आएको रकम गरिब निमुखासम्म पुग्नमा सहयोगको आशा गरेका छौं भन्नेसमेत बेहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान गर्ने क्रममा सम्बन्धित संस्थाहरूको सम्पूर्ण कागजपत्र समाज कल्याण परिषद्सँग माग गरिएकोमा संस्थाहरूको सम्पूर्ण कागजपत्र उपलब्ध नभएको, उपलब्ध भएका विगत पाँच वर्षका कागजपत्रहरू अध्ययन गरी हेर्दा सोसल साइन्स वहा: नामक संस्था मिति २०६३।१०।०१ मा संस्था दर्ता ऐन, २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालय, ललितपुरमा दर्ता भएको, मिति २०६३।१०।१० मा समाज कल्याण परिषद्सँग आबद्धता भएको र उक्त संस्थामा निर्मलमान तुलाधर अध्यक्ष, बसन्त थापा उपाध्यक्ष, डा. सुधिन्द्र शर्मा महासचिव, मोहन मैनाली कोषाध्यक्ष, निर्मल ज्ञवाली सदस्य र कनक दिक्षित सदस्य रहेको देखिएको तर 'एलाइन्स फर सोसल डाइलग' नामक संस्था दर्ता नै नगरी संस्थासरह सञ्चालन गरेको देखिएको । एलाइन्स फर सोसल डाइलग नामको संस्थाको कार्यकारी समितिको अध्यक्षमा सुशिलराज प्याकुरेल र सदस्यहरूमा अमुदा श्रेष्ठ, बिमला राई पौडेल, हिरालाल विश्वकर्मा, मुक्तासिंह लामा, शशि अधिकारी, सुरेन्द्र लाभ कर्ण रहेको तथा संस्थामा निर्देशक हरि शर्मासहितका अन्य कर्मचारीहरूसमेत रहेको देखियो।

समाज कल्याण परिषद्बाट प्राप्त प्रतिवेदन र सन् २०१२ देखि २०१६ सम्मको उक्त दुवै संस्थासँग सम्बन्धित कागजातहरू अध्ययन गर्दा उक्त संस्थाले स्थापनाकालदेखि हालसम्म विभिन्न विदेशी दातृ

निकायहरूवाट रू. ४७ करोड ९१ लाखभन्दा बढी रकम प्राप्त गरेको लेखा परीक्षण प्रतिवेदनसमेतबाट देखिएको छ । यसरी विदेशी दातृ निकायहरूबाट प्राप्त रकममध्ये विगत करिब ५ वर्षमा एलाइन्स फर सोसल डाइलग र सोसल साइन्स वहा: ले रू.२९ करोड २० लाख रकम खर्च गरेको र सोमध्ये एलाइन्स फर सोसल डाइलगले मात्र रू. १३ करोड रूपैयाँभन्दा बढी रकम खर्च गरेको देखिएको । एलाइन्स फर सोसल डाइलगका निर्देशक हरि शर्माले मासिक रूपमा उक्त संस्थाबाट रू. ४,६८,६००।- तलब भत्ता बुझ्नुका साथै संस्थाले सञ्चालन गरेको केही परियोजनाको कन्सल्ट्यान्ट भई परियोजनापिच्छे अलग्गै पारिश्रमिकसमेत बुझ्ने गरेको, त्यसैगरी सोसल साइन्स वहा:का डाइरेक्टरले मासिक तलब रू. १,४४,१००।- लिनुको साथै निजले आफ्नै संस्थाबाट सञ्चालित केही परियोजनाहरूको कन्सल्ट्यान्टसमेत भई सोको परियोजनापिच्छे अलग्गै पारिश्रमिकसमेत बुझ्ने गरेको, बोर्ड बैठक भत्ता अनी सुशिलराज प्याकुरेललगायत अन्य सदस्यहरूले प्रति बैठक, प्रति व्यक्ति रू. ३१,८३९।- का दरले भुक्तानी लिएको तथा गैरनाफामूलक गैरसरकारी संस्थाबाट नाफामूलक संस्थाझैं गरी बोनससमेत लिएको देखियो । विभिन्न कार्यक्रमहरूको नाममा, व्यक्तिहरूको स्वार्थ र हितमा केन्द्रित रही अनुत्पादक रूपमा तलब भत्ता, विदेश तथा स्वदेश भ्रमण, होटल, पिकनिक, मदिरा सेवनलगायतमा खर्च गरेको देखिएकोले संस्थाले गरेको अनियमित खर्चहरूको सम्बन्धमा छानबिन गर्ने अधिकार समाज कल्याण परिषद् तथा संस्था दर्ता रहेको जिल्ला प्रशासन कार्यालय, ललितपुरलाई रहे भएको हुँदा सो सम्बन्धमा अनुसन्धान तथा छानबिन गर्नको लागि आयोगको मिति २०७३।०५।१४ को निर्णयानुसार सम्बन्धित निकायहरूमा लेखी पठाइएको हो । सोबाहेक विपक्षीहरूका हक अधिकारमा असर पर्ने कुनै काम कारबाही आयोगबाट भए गरेको छैन । नेपालको संविधानको धारा २३९ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकार उल्लेख भएको देखिन्छ । उक्त संविधान तथा ऐनबमोजिम कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा छानबिन तथा अनुसन्धान गर्न पाउने अधिकार छ । समाज कल्याण परिषद्का पदाधिकारीसमेतको मिलेमतोमा सोसल साइन्स वहा:मा भ्रष्टाचार भएको भनी आयोगमा उजुरी परेको हुँदा उक्त उजुरीउपर अनुसन्धान गर्नु आयोगको कर्तव्य रहेको प्रस्ट छ ।

नेपालको संविधानको धारा २३९ को उपधारा (४) मा आयोगले अनुसन्धान गरेको विषय अन्य अधिकारी वा निकायको क्षेत्राधिकारभित्र पर्ने देखिएमा आयोगले सम्बन्धित निकायमा लेखी पठाउन सक्ने अधिकार प्रदान गरिएको छ । सोही अधिकारअन्तर्गत विपक्षी रिट निवेदकहरूको संस्थाको सम्बन्धमा छानबिन गर्ने अधिकार जिल्ला प्रशासन कार्यालय, ललितपुरलाई रहेको हुँदा सो सम्बन्धमा छानबिन गर्नको लागि जिल्ला प्रशासन कार्यालय, ललितपुरलाई लेखी पठाइएको हो । तसर्थ आयोगले क्षेत्राधिकारविहीन अनुसन्धान गरेको भनी दायर भएको रिट निवेदन खारेजभागी छ । अत: उपर्युक्त आधार र कारणहरूबाट विपक्षी / रिट निवेदकहरूको निवेदन जिकिरअनुसार आदेश जारी हुनुपर्ने अवस्था नभएकोले उक्त रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०७३।०७।१२ को विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको लिखित जवाफ ।

रिट निवेदनको प्रकरण नं.१ (ग) मा मिति २०७३।०३।२२ को मिति उल्लेख भएको पत्र देखाई विपक्षी आयोगको निर्देशनमा परिषद्का कर्मचारीहरू आई संस्थाका काम कारबाहीसँग सम्बन्धित कागजातहरू छापामार शैलीमा लगेको भनी उल्लेख गरेको पाइन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

नेपालको संविधानमा व्यवस्था गरिएबमोजिमको एउटा संवैधानिक अङ्ग हो । त्यस्तो आयोगले छानबिन कार्यमा सहयोग पुर्‍याइदिनु भनी भनेको अवस्थामा यस परिषद्ले पनि अटेर गरी बस्ने र असहयोग गर्ने अवस्था हुँदैन । रिट निवेदकले दाबी गरेबमोजिम यस परिषद्ले निवेदकको कुनै पनि संवैधानिक हकाधिकारमा आघात पारेको, मौलिक हकमा बन्देज लगाएको छैन । परिषद्लाई आवश्यक परे वा परिषद्ले आवश्यक ठानेमा विपक्षीहरूको संस्था र संस्थाले गरेका विभिन्न कार्य र सञ्चालन गरेका परियोजनाहरूको समाज कल्याण ऐनले दिएको अधिकारबमोजिम जुनसुकै बेला पनि अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन गर्न सक्ने नै हुँदा निवेदकहरूको संस्थामा दुरासययुक्त भावना राखी छापामार शैलीमा कागज पत्रहरू लिनुपर्ने अवस्था छैन ।

रिट निवेदनको प्रकरण नं. ६ मा विपक्षीहरूको संस्थाको महत्त्वपूर्ण कागजातहरू परिषद्ले लगेको भनी उल्लेख गरेको देखिन्छ । परिषद्लाई विपक्षीहरूको संस्था, संस्थाले गरेका कार्यहरू र सञ्चालन गरेका परियोजनाहरूसम्बन्धी कागजात आवश्यक परेको खण्डमा परिषद्ले त्यस्ता कागजातहरू माग गर्न सक्ने र विपक्षीहरूले त्यस्ता कागजातहरू समाज कल्याण परिषद्ले मागेका खण्डमा उपलब्ध गराउनुपर्ने दायित्व विपक्षीहरूको हुन आउँछ । यस अवस्थामा निवेदकहरूको संस्थाको कागजात परिषद्ले छापामार शैलीमा लिनुपर्ने अवस्था छैन । निवेदकहरूको संस्थाबाट जे जति कागजातहरू लिएर गएको भनी निवेदनमा उल्लेख छ ती कागजातहरू अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०७३।०३।२२, प.सं. ०७२/०७३, च.नं.२७२९ को समाज कल्याण परिषद्लाई लेखेको पत्रबाट सोसल साइन्स वहा: नामक गैरसरकारी संस्था सम्बन्धित विवरण तथा कागजात अविलम्ब यस आयोगमा उपलब्ध गराई अनुसन्धान कार्यमा सहयोग गरिदिनु हुन भनी लेखिएबमोजिम यस परिषद्का तर्फबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई छानबिन कार्यको लागि कर्मचारीहरू खटाई सहयोगसम्म गरेको र विपक्षी संस्थासँग सम्बन्धित कागजातहरू अख्तियार दुरूपयोग अनुसन्धान आयोगकै कर्मचारीले बुझिलिई भरपाईसमेत गरी लगेको हुँदा विपक्षीले यस परिषद्उपर दायर गरेको रिट निवेदन दाबी निराधार रहेको यस्ता अवस्था र परिस्थितिमा परिषद्लाई विपक्षी बनाउनै नपर्नेमा विपक्षी बनाएको र परिषद्ले निवेदकहरूको संवैधानिक र मौलिक हकाधिकार अनुचित बन्देज नलगाएको हुँदा यस समाज कल्याण परिषद्को हकमा रिट निवेदन जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०७३।०८।०५ को विपक्षी समाज कल्याण परिषद्को लिखित जवाफ ।

यसमा निवेदनसँग सम्बन्धित सम्पूर्ण कागजात निर्णयसहितको फायल अख्तियार दुरूपयोग अनुसन्धान आयोग, समाज कल्याण परिषद् तथा जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट महान्यायाधिवक्ताको कार्यालयमार्फत झिकाई आएपछि नियमानुसार पेस गर्नुहोला भन्ने बेहोराको यस अदालतबाट मिति २०७३।०९।०७ मा भएको आदेश ।

म निवेदकको संस्थामा प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशनबमोजिम प्रत्यर्थी समाज कल्याण परिषद् र जिल्ला प्रशासन कार्यालय, ललितपुरले अनधिकृतरूपमा संस्थाको लेखासँग सम्बन्धित विभिन्न कागजातहरू नियन्त्रणमा लिएको र जिल्ला प्रशासन कार्यालय, ललितपुरको अनुमतिबेगर कुनै खर्चसमेत नगर्न भनी मिति २०७२।०६।१६ मा पत्राचार गरेउपर म निवेदकले यस सम्मानित अदालतमा ०७३-WO-०२९३ को रिट निवेदन दर्ता गरेकोमा उक्त निवेदनमा मिति २०७३।७।७ मा उल्लिखित मिति २०७२।०६।१६ को प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, ललितपुरको

पत्र कार्यान्वयन नगर्न नगराउन भनी अन्तरिम आदेश जारी भई हाल उक्त मुद्दा विचाराधीन अवस्थामा रहेको छ। यसरी एकातर्फ मुद्दा विचाराधीन रहेको र अर्कोतर्फ संस्थाको हिसाब किताबसँग सम्बन्धित कागजात प्रत्यर्थी जिल्ला प्रशासन कार्यालयको नियन्त्रणमा रहेको कारणले संस्थाको नवीकरण र साधारणसभा गर्नुपूर्व लेखापरीक्षण गर्नुपर्ने अनिवार्य कानूनी व्यवस्था भएकोले उक्त कागजातको अभावमा लेखापरीक्षण गर्न नसकिने र लेखापरीक्षण नभएको कारणले संस्थाको नवीकरण हुन नसकेको र सो कारणले दातृ संस्थासँग भएको सम्झौताबमोजिमको रकम प्राप्त गर्न नसकिने अवस्था उत्पन्न भएको छ । यस्तो अवस्थामा संस्थाको दैनिक कार्य र परियोजनाको कार्यसमेत रोकिन गई संस्था धरासायी हुन सक्ने प्रबल सम्भावना भएको साथै संस्थामा कार्यरत कर्मचारीहरूको तलब सुविधासमेत वितरण गर्न कठिनाई भएकोले यस संस्थाले प्रत्यर्थी जिल्ला प्रशासन कार्यालयमा मिति २०७३।०७।२५ मा उक्त कागजातहरू वा कागजातका प्रतिलिपिहरू उपलब्ध गराइदिन निवेदन दिएकोमा उक्त निवेदनबमोजिम कागजातसमेत उपलब्ध नगराएको तथा अदालतको आदेश भएमा उपलब्ध गराउने भनी मौखिक जानकारी गराएको र कुनै कारबाहीसमेत नगरेकोले उल्लिखित तथ्य र कारणको आधारमा यस अदालतमा विचाराधीन मुद्दामा पछि ठहरेबमोजिम हुने गरी संस्थाको आ.व. ०७२/०७३ को हिसाब किताब, बिल, भौचर र भरपाई एवं लेजरलगायत सोसँग सम्बन्धित कागजातहरूको कानूनबमोजिमको प्रतिलिपिहरू निवेदकलाई उपलब्ध गराइदिनु भन्ने आदेश जारी गरिपाउँ भन्ने बेहोराको मिति २०७३।११।०६ मा निवेदक सोसल साइन्स वहा:को तर्फबाट यस अदालतमा परेको नि.नं.०७३-FN-०४४६ को पूरक निवेदनपत्र।

यसमा सोसल साइन्स वहा: संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएको देखिएको, उक्त ऐनको दफा ९ मा हिसाबको विवरण पठाउनुपर्ने शिर्षकअन्तर्गत संस्थाको प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण, लेखापरीक्षणको प्रतिवेदनसहित प्रत्येक वर्ष स्थानीय अधिकारीसमक्ष पठाउनुपर्ने छ भन्ने र दफा १२ को उपदफा (२) मा हिसाबको विवरण पठाएमा प्रबन्ध समितिका सदस्यहरूलाई जरिवाना हुने भन्ने उल्लेख भएको, संस्था दर्ता, नियमावली, २०३४ को नियम ५ को उपनियम (१) मा संस्था दर्ताको प्रमाणपत्र एक आर्थिक वर्षसम्म बहाल रहने व्यवस्था भएको, उपनियम (२) मा उपनियम (१) बमोजिम संस्थाको दर्ता बहाल रहने अवधि समाप्त भएका मितिले ३ महिनाभित्र दर्ताको प्रमाणपत्र नवीकरण गराउनु पर्ने भन्ने व्यवस्था भएकोले निवेदक संस्थाको लेखासँग सम्बन्धित विभिन्न कागजातहरू विपक्षी जिल्ला प्रशासन कार्यालयको नियन्त्रणमा रहेको कारण रीतपूर्वक हिसाबको विवरण तयार गर्न नसक्ने अवस्था भई निवेदक संस्था नवीकरण गराउनेसमेतका कार्य गर्न अवरोध पुगेको भन्ने देखिएको तथा निवेदकको मागबमोजिम संस्थाकै कागजातहरूको प्रतिलिपिहरू संस्थालाई उपलब्ध गराउँदा अनुसन्धान कार्यमा कुनै अवरोधसमेत नदेखिनुको साथै कानूनको रित पुऱ्याउने कार्यमा सहयोग गर्नु सम्बन्धित निकायको कर्तव्यसमेत हुने हुँदा निवेदनमार्फत संस्थाले माग गरेको आफ्नै कागजपत्रहरूको प्रतिलिपि उपलब्ध गराउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, ललितपुरको नाउँमा आदेश जारी गरिदिएको छ। यो आदेशको जानकारी विपक्षी जिल्ला प्रशासन कार्यालय ललितपुरलाई दिनु भन्ने बेहोराको यस अदालतबाट मिति २०७३।११।१५ मा भएको आदेश।

यसमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशानुसार जिल्ला प्रशासन कार्यालय, ललितपुरको मिति २०७३।०६।१४ को निर्णय तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७३।०६।०९ को विज्ञप्तिसमेत सम्बन्धित

निकायबाट झिकाई आएपछि नियमानुसार पेस गर्नु भन्ने बेहोराको यस अदालतबाट मिति २०७४।०३।०७ मा भएको आदेश।

यसमा २०७५ कार्तिक १४ गतेसम्म दुवै पक्षको तर्फबाट बहसनोट दाखिला गर्न लगाई मिसिल संलग्न राखी मिति २०७५।०७।१९ मा सुनाउनको लागि पेसी तोकी नियमानुसार पेस गर्नु भन्ने बेहोराको मिति २०७५।०६।२२ को यस अदालतको आदेश।

यसमा दुवै पक्षको तर्फबाट बहसनोट दाखिला गर्न लगाउनु भनी यस अदालतबाट मिति २०७५।०६।२२ गते भएको आदेशानुसार निवेदक सोसल साइन्स वहा:को तर्फबाट अख्तियार प्राप्त व्यक्ति ऐ.का अध्यक्ष भई आफ्नो हकमा समेत प्राध्यापक निर्मलमान तुलाधरसमेत जना ३ निवेदकको तर्फबाट र विपक्षी समाज कल्याण परिषद्, लैनचौरको तर्फबाट मात्र बहसनोट पेस भएको तथा अन्य विपक्षीहरू अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल काठमाडौं, जिल्ला प्रशासन कार्यालय ललितपुर, ऐ.का प्रमुख जिल्ला अधिकारी र ऐ. का प्रशासकीय अधिकृतसमेतको तर्फबाट हालसम्म पनि बहसनोट पेस हुन आएको नदेखिँदा मिति २०७५।०९।०६ गतेसम्म विपक्षी जिल्ला प्रशासन कार्यालय, ललितपुरसमेतको तर्फबाट बहसनोट दाखिला गर्न लगाई मिसिल संलग्न राखी मिति २०७५।०९।१२ गतेका दिन निर्णय सुनाउनको लागि पेसी तोकी नियमानुसार पेस गर्नु भन्ने बेहोराको यस अदालतबाट मिति २०७५।०८।२५ मा भएको आदेश।

## आदेश खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनसहितको मिसिल कागजातहरू अध्ययन गरियो।

रिट निवेदक सोसल साइन्स वहा:को तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री टीकाराम भट्टराईले विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोग नेपालको संविधानको धारा २३८ बमोजिम स्थापित संवैधानिक अङ्ग भएकोमा विवाद छैन। आयोगको क्षेत्राधिकार एवं काम, कर्तव्य र अधिकार संविधानको धारा २३९ र अन्य प्रचलित कानूनले स्पष्ट र सीमाबद्ध गरेकोले विपक्षी आयोग कानूनको शासनको मूल मर्म Limited Government को सिद्धान्त र संवैधानिक परिधिबाहिरको संस्था होइन भन्ने स्पष्ट नै छ। आयोगको सीमा र कार्यक्षेत्र बारेमा सम्मानित सर्वोच्च अदालतले पटकपटक न्यायिक व्याख्यासमेत गरी विधिशास्त्रीय दृष्टिकोण कायम गरिसकेको छ। निवेदक सोसल साइन्स वहा:नामक संस्था संविधानको धारा २३९ को उपधारा (१) वा उपधारा (४) बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्ति नभएकोले संस्थाको काम कारबाही बारेमा अनुगमन गर्ने र अनुसन्धान गर्ने निकाय विपक्षी आयोग नभएको स्पष्ट नै छ। जुन अधिकार क्षेत्र प्रत्यक्षरूपमा ग्रहण गर्न सकिँदैन त्यस्तो अधिकारक्षेत्र अप्रत्यक्ष रूपमा पनि ग्रहण गर्न नमिल्ने भएकोले क्षेत्राधिकारविहीन अवस्थामा आयोगबाट मिति २०७३।६।९ मा जारी गरेको प्रेस विज्ञप्ति र सोही प्रेस विज्ञप्तिको आधारमा विपक्षी जिल्ला प्रशासन कार्यालय, ललितपुर तथा समाज कल्याण परिषद्ले गरेका कामकारबाहीहरू गैरसंवैधानिक र गैरकानूनी भएकोले प्रथमदृष्टिमा नै खारेजभागी हुँदा निवेदन माग दाबीबमोजिम विपक्षी आयोगको काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरी परमादेशसमेत जारी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेतको तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले समाज कल्याण परिषद्को मिलेमतोमा विदेशी दाताहरूबाट नेपाली जनताको नाम भजाई

करोडौं रूपैयाँ ल्याई संस्थासमेत दर्ता नगरी एलायन्स फर सोसल डाइलग नामक संस्थासमेतले रकम हिनामिना गरेको उजुरीकै आधारमा आयोगले सोउपर अनुसन्धान गर्न कागजात माग गरेको हो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई सार्वजनिक संस्थाका पदाधिकारीले अनुचित प्रभावमा पारी गरेको भ्रष्टाचार सम्बन्धमा अनुसन्धान गर्ने कानूनी र संवैधानिक दायित्व भएकोले समाज कल्याण परिषद्को पदाधिकारीउपरको अनुसन्धान गर्न कागजात मागेको हो । नेपालको संविधानको धारा २३९ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकार उल्लेख भएको देखिन्छ । सोही ऐनको दफा ८ मा आयोगले उजुरी ग्रहण गर्न सक्ने अधिकारबमोजिम नै प्राप्त उजुरीको सम्बन्धमा अनुसन्धान गरी संविधानको धारा २३९ को उपधारा (४) मा भएको व्यवस्थाबमोजिम आयोगले सम्बन्धित निकाय जिल्ला प्रशासन कार्यालय, ललितपुरमा संस्थाको सम्बन्धमा आवश्यक छानबिन गर्नको लागि लेखी पठाएको हो । संस्था दर्ता ऐन, २०३४ को दफा १० मा स्थानीय अधिकारीले आवश्यक देखेको अवस्थामा संस्थाको हिसाब जाँच गराउन सक्ने कानूनी व्यवस्था गरेको छ । सोही कानूनी अधिकारको प्रयोग गर्दै विपक्षी संस्थाउपर उजुरी परेकोले संस्थाको जाँचबुझ गर्न कागज माग गर्नेलगायतका काम कारबाही कानूनबमोजिम नै भएकोले उल्लिखित आधारहरूबाट रिट निवेदकको माग दाबीको आवश्यकता र औचित्यता पुष्टि हुन नआएकोले रिट जारी हुने अवस्था छैन । अत: रिट निवेदन खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

विपक्षी समाज कल्याण परिषद्को तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री निशा बानियाँले सामाजिक क्षेत्रमा काम गर्ने सङ्घ संस्थाहरूको नियामक सरकारी निकायको रूपमा रहेको यस समाज कल्याण परिषद्ले पनि यसै परिषद्अन्तर्गत आबद्ध भएको संस्था र परिषद्मा उक्त संस्थाको कागजात अभिलेखमा समेत रहने भएकोले कुनै सरकारी निकाय वा आयोगबाट खोजी भएका बखत उपलब्ध गराउनु परिषद्को कर्तव्य र दायित्व भएकोले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७३।३।२२ को पत्रअनुसार माग भएबमोजिमको कागजातहरू परिषद्ले आयोगको अनुरोधबमोजिम उपलब्ध गराउन सहयोग गरी कानूनबमोजिमको कर्तव्य र दायित्व पूरासम्म गरेको हो । तसर्थ परिषद्ले कानूनसम्मत जिम्मेवारी र दायित्व पूरा गरेको कार्यबाट विपक्षीको कुनै संवैधानिक तथा कानूनी हक हनन नभएकोले प्रस्तुत रिट निवेदन खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

रिट निवेदन, लिखित जवाफ, लिखित बहसनोट र विद्वान् कानून व्यवसायीहरूको बहससमेत अध्ययन गरी प्रस्तुत रिट निवेदनमा देहायका प्रश्नका सम्बन्धमा विश्लेषण गरी निष्कर्षमा पुग्नु पर्ने देखिन आएको छ।

(१) नेपालको संविधान र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोगको काम कर्तव्य र अधिकार के कति हो ?

(२) निवेदक गैरसरकारी संस्थाको काम कारबाहीउपर अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई छानबिन र अनुगमन गर्ने अधिकार छ वा छैन ?

(३) निवेदक संस्थाको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको प्रचार प्रसार र प्रेस विज्ञप्तिलगायतका काम कारबाहीहरू संविधान र कानूनअनुकूल छ वा छैन ?

(४) निवेदक संस्थाको निवेदन मागबमोजिम रिट जारी गर्नु पर्नेसम्मको अवस्था विद्यमान छ वा

छैन ?

२. अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई निवेदक संस्था सोसल साइन्स वहा: का सम्बन्धमा कारबाही गर्ने क्षेत्राधिकार नरहेको र आयोगबाट भएको निर्णय एवम् प्रेस विज्ञप्तिलगायतका कार्य विधिको शासन र संवैधानिक सर्वोच्चताको प्रतिकूल रहेको छ भन्ने निवेदन माग भएको र सो सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निवेदक संस्थाउपर छानबिन गरेको देखिँदा आयोगलाई सो कार्य गर्ने अधिकार भए नभएको तर्फ हेर्नुपर्ने देखियो । सर्वप्रथम पहिलो प्रश्नको सम्बन्धमा हेर्दा नेपालको संविधानले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई संवैधानिक अङ्गको रूपमा व्यवस्था गरेको देखिन्छ । संविधानको धारा २३९ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकारअन्तर्गत देहायबमोजिमको व्यवस्था रहेको देखिन्छ :

(क) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कानूनबमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ । तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागु हुने छैन ।

(ख) धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषद्बाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐनबमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि सङ्घीय कानूनबमोजिम अनुसन्धान गर्न वा गराउन सकिने छ ।

(ग) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानूनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिउपर कानूनबमोजिम अधिकारप्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने छ ।

(घ) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्रअन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीका लागि सम्बन्धित अधिकारी वा निकायसमक्ष लेखी पठाउन सक्ने छ ।

(ङ) अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्ने छ ।

(च) अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि सङ्घीय कानूनबमोजिम हुने छ ।

३. यसैगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा आयोगको काम, कर्तव्य अधिकारका सम्बन्धमा देहायबमोजिमको व्यवस्था रहेको पाइन्छ :

दफा ४ मा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अख्तियार दुरूपयोग गरेमा आयोगले

यस ऐन वा अन्य प्रचलित कानूनबमोजिम अनुसन्धान र तहकिकात गर्ने, मुद्दा चलाउने तथा तत्सम्बन्धी अन्य कारबाही गर्ने छ । तर, (क) संविधानको धारा २३९ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोहीबमोजिम हुने छ । (ख) व्यवस्थापिका–संसद् वा समितिको बैठकमा भएको काम कारबाही वा निर्णय वा त्यस्तो बैठकमा कुनै सदस्यले बोलेको वा गरेको कुनै काम कुराको सम्बन्धमा वा मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिक रूपमा गरेको कुनै नीतिगत निर्णय र अदालतको न्यायिक काम कारबाहीका सम्बन्धमा आयोगले यस ऐनअन्तर्गत अनुसन्धान र तहकिकात तथा तत्सम्बन्धी कुनै कारबाही गर्ने छैन ।

दफा ६ मा सार्वजनिक संस्थामा भएको अनुचित कार्यको सम्बन्धमा आयोगले कारबाही गर्नेबारे कुनै सार्वजनिक संस्थामा भएको अनुचित कार्यको सम्बन्धमा आयोगले आफूसमक्ष प्रतिवेदन पेस गर्नुपर्ने गरी आयोगमा परेको उजुरीमा कारबाही गर्नको लागि अवस्थाअनुसार सम्बन्धित सार्वजनिक संस्था वा सोसित सम्बन्धित माथिल्लो निकायमा पठाउन सक्ने छ र त्यस सम्बन्धमा भएको कारबाही र निर्णयको जानकारी त्यस्तो निकायले आयोग र उजुरवालालाई दिनुपर्ने छ । तर आयोगले आवश्यक देखेमा त्यस्तो उजुरीको सम्बन्धमा पुनः छानबिन गराउन वा आफैँले कारबाही गर्न सक्ने छ ।

दफा ७ मा तजबिजी अधिकारको प्रयोगमा आयोगले प्रश्न उठाउन नपाउने कुनै काम कारबाहीको सम्बन्धमा कुनै अधिकृतले आफ्नो तजबिजी अधिकारको प्रयोग गरी गरेको काम कारबाही वा निर्णयलाई लिएर आयोगले यस ऐनअन्तर्गत कुनै कारबाही चलाउने छैन । तर त्यस्तो तजबिजी अधिकारको प्रयोग गर्दा बदनियतसाथ वा स्वेच्छाचारी किसिमबाट प्रयोग गरिएको देखिएमा त्यस सम्बन्धमा कारबाही चलाउन यस दफामा लेखिएको कुनै कुराले आयोगलाई बाधा पुर्‍याउने छैन ।

४. उपर्युक्त संवैधानिक तथा कानूनी व्यवस्थाको सन्दर्भमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग के कस्तो प्रकृतिको निकाय हो र अन्य मुलुकमा यसप्रकारको आयोग वा निकायको स्थापना र विकासक्रमको सम्बन्धमा विस्तृत विवेचना निवेदक अधिवक्ता बालकृष्ण न्यौपाने विरूद्ध मन्त्रिपरिषद् सचिवालयसमेत भएको संवत् २०५१ सालको रिट नं. २५५० (ने.का.प. २०५३, अङ्क ६, नि.नं.६२०५, पृष्ठ ४५०) को निर्णयमा चर्चा गरिएको छ । उक्त रिट नं.२५५० को निर्णयमा *माथिल्लो तहका सार्वजनिक पद धारण गरेका व्यक्तिहरूमा पदीय आचरण र निष्ठाको उच्चतमस्तर कायम राख्ने संस्थाको रूपमा अन्य मुलुकमा जस्तै हामीकहाँ पनि स्वतन्त्र, निष्पक्ष र सशक्त संस्थाको रूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको व्यवस्था भएको हो* भन्ने व्याख्या गरी आयोगको क्षेत्राधिकारका विषयमा समेत विशद विश्लेषण गरी संविधानद्वारा अपवादमा राखिएका पदाधिकारीहरूबाहेकका सबै सार्वजनिक पद धारण गरेको पदाधिकारीहरूका सम्बन्धमा आयोगको पहुँच रहेको भन्ने कुरा संस्थापित गरेको छ । त्यसैगरी अन्य मुलुकमा भएको यस किसिमको संस्थाको सम्बन्धमा फ्रान्समा सन् १९७३ देखि Ombudsman को रूपमा Mediator of the Republic नामक अतिरिक्त पदाधिकारी (Independent Authority) को व्यवस्था भएको पाइन्छ । त्यस्तै नर्वेमा जनतालाई सार्वजनिक प्रशासनद्वारा अन्याय हुन नदिने उद्देश्यले सन् १९६२

देखि Act relating to the Parliamentary Ombudsman for Public Administration ले Norwegian Parliamentary Ombudsman नामक संस्था स्थापना गरेको पाइन्छ । त्यसैगरी सन् १९६२ न्युजिल्यान्ड र संयुक्त राज्यमा पार्लियामेन्टरी कमिस्नर (Parliamentary Commissioner) नामक संस्था स्थापना भएको देखिन्छ ।

५. त्यसैगरी बद्रिबहादुर कार्की विरूद्ध विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोग भएको मुद्दामा (ने.का.प.२०५८, नि.नं.७००१, पृ.२३९) *सार्वजनिक पदधारण गरेका व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धमा कानूनबमोजिम अनुसन्धान र तहकिकात गर्नु नै यो आयोगको मुख्य कार्य देखिन आउँछ । सार्वजनिक पदधारण गरेको व्यक्ति भन्नाले संविधान वा अन्य प्रचलित कानून वा सम्बन्धित निकायको निर्णय वा आदेशबमोजिम कुनै अधिकार प्रयोग गर्न पाउने वा कुनै दायित्व वा कर्तव्यको पालन गर्नुपर्ने पदमा रहेको व्यक्तिलाई जनाउने देखिन्छ* भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अधिकारक्षेत्रको सम्बन्धमा व्याख्या गरेको पाइन्छ ।

६. निवेदक संस्थाको काम कारबाहीउपर अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई छानबिन र अनुगमन गर्ने कार्यगत स्वतन्त्रता छ वा छैन भन्ने दोस्रो प्रश्नका सम्बन्धमा हेर्दा विपक्षी आयोग संविधानको धारा २३८ बमोजिम स्थापित संवैधानिक अङ्ग भएकोमा विवाद देखिएन । आयोगको क्षेत्राधिकार एवम् काम, कर्तव्य र अधिकार सम्बन्धमा संविधानको धारा २३९ र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले स्पष्ट र सीमाबद्ध गरेकोले आयोग कानूनको शासन (Rule of Law) को मूल मर्म Limited Government को सिद्धान्त र संवैधानिक परिधिभित्र बाँधिएर रहेको संवैधानिक संस्थाको रूपमा स्थापित रहेको अवस्था छ । आयोगको सीमा र कार्य क्षेत्र बारेमा उल्लिखित बद्रीबहादुर कार्कीको मुद्दा र विष्णुप्रसाद सुवेदी विरूद्ध गृह मन्त्री, गृह मन्त्रालयसमेत भएको उत्प्रेषण, प्रतिषेधयुक्त परमादेशसमेत भएको मुद्दा (ने.का.प. २०६४, नि.न. ७८२०, पृ. २८८) मा *सार्वजनिक संस्था र निवेदकलाई सार्वजनिक ओहोदाको पदमा रूपान्तरण गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निवेदकलाई भ्रष्टाचार मुद्दामा कारबाही गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गरेको मान्न न्यायोचित नहुने भनी* स्पष्ट न्यायिक दृष्टिकोण कायम गरेको देखिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १ (घ) मा सार्वजनिक पद धारण गरेको व्यक्तिको परिभाषा "संविधान, अन्य प्रचलित कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेशबमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नु पर्ने वा दायित्व निर्वाह गर्नु पर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारीसमेतलाई जनाउँछ" भनी गरिएको छ । त्यसैगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १ (ङ) मा सार्वजनिक संस्था भन्नालेः

(१) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंक वा समिति वा प्रचलित कानूनबमोजिम नेपाल सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था,

(२) नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था,

(३) स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठित स्थानीय तह,

(४) नेपाल सरकारको ऋण, अनुदान वा जमानतमा सञ्चालित संस्था,

(५) उपखण्ड (१), (२), (३) वा (४) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको संस्था,

(६) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य कुनै संस्था भनी परिभाषा गरेको पाइन्छ ।

७. **UN Convention Against Corruption, 2003** को धारा २ मा सार्वजनिक पद धारण गरेको व्यक्ति भनेको (i) any person holding a legislative, executive, administrative or judicial office of a State Party, whether appointed or elected, whether permanent or temporary, whether paid or unpaid, irrespective of that person's seniority;(ii) any other person who performs a public function, including for a public agency or public enterprise, or provides a public service, as defined in the domestic law of the State Party and as applied in the pertinent area of law of that State Party; (iii) any other person defined as a "public official" in the domestic law of a State Party भनेर उल्लेख गरिएको छ ।

८. त्यस्तै भारतको **The Prevention of Corruption Act, 1988** को दफा २ मा Public duty means a duty in the discharge of which the State, the public or the community at large has an interest; In this clause "State" includes a corporation established by or under a Central, Provincial or State Act, or an authority or a body owned or controlled or aided by the Government or a Government company as defined in section 617 of the Companies Act, 1956 भनी सार्वजनिक पदको व्याख्या गरिएको छ । भारतको यसै ऐनअन्तर्गतको भ्रष्टाचार नियन्त्रण गर्ने निकायको रूपमा रहेको केन्द्रीय सतर्कता आयोग (Central Vigilance Commission) को क्षेत्राधिकारको सम्बन्धमा **Central Vigilance Commission Act, 2003** को प्रस्तावनामा An Act to provide for the constitution of a Central Vigilance Commission to inquire or cause inquiries to be conducted into offences alleged to have been committed under the Prevention of Corruption Act, 1988 by certain categories of public servants of the Central Government, corporations established by or under any Central Act, Government companies, societies and local authorities owned or controlled by the Central Government and for matters connected therewith or incidental thereto भन्ने उल्लेख भई सरकारी निकाय र सरकारको मातहतमा रहेका सङ्घ संस्थाउपर अनुगमन गर्ने स्वतन्त्रता भएको पाइन्छ ।

९. त्यसैगरी नर्वेको Act relating to the Parliamentary Ombudsman for Public Administration, 1962 को दफा ४ मा Ombudsman को जिम्मेवारीको क्षेत्र (Sphere of responsibility) मा "The Ombudsman's sphere of responsibility encompasses the public administration and all persons engaged in its service…" भन्ने उल्लेख भएको पाइन्छ ।

१०. भ्रष्टाचार विरूद्धको अन्तर्राष्ट्रिय

नागरिक समाज सङ्गठन **Transparency International** ले भ्रष्टाचारलाई "Corruption involves behavior on the part of officials in the public sector, whether politicians or civil servants, in which they improperly and unlawfully enrich themselves, or those close to them, by the misuse of the public power entrusted to them." भनेर व्याख्या गरी भ्रष्टाचारको दायराभित्र सार्वजनिक पदको कर्मचारी (civil servants) र राजनीतिज्ञ (politicians) लाई समेटेको अवस्था छ।

११. माथि विवेचना गरिएको संविधान, कानून तथा अन्तर्राष्ट्रिय प्रावधानसमेत हेर्दा **निवेदक संस्था राज्यको सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालना गर्नुपर्ने, दायित्व निर्वाह गर्नुपर्ने पदमा नियुक्त वा निर्वाचित भई केही समय वा समय किटान गरी तलब पाउने वा तलब बिना कार्यरत पदाधिकारी नभएको तथा नेपाल सरकारको स्वामित्वभित्र र अनुदानअन्तर्गतको संस्था पनि रहेको देखिँदैन । संविधानको अख्तियार दुरूपयोग अनुसन्धान आयोग गठनको उद्देश्य र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २(घ) २ (ङ) को परिभाषाभित्र गैरसरकारी संस्था (Non-Governmental Organization) पर्ने देखिँदैन ।** यसरी निवेदक संस्था सार्वजनिक संस्थाअन्तर्गत पर्ने देखिन नआएकोले निवेदक संस्थाले गरेको काम कारबाहीलाई भ्रष्टाचार गरेको भनी कसैको उजुरीको आधारमा सो संस्थाको कागजात माग गर्ने, प्रेस विज्ञप्ति जारी गरी प्रचार प्रसार गर्ने जस्ता कार्य अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अधिकार क्षेत्रभित्र पर्ने नदेखिँदा आयोगले गरेको काम, कारबाही निर्णय पत्राचार र निर्देशनसमेतको कार्य अधिकार क्षेत्रविहीन रहेको देखिन आयो।

१२. त्यसैगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको काम कारबाहीको सीमाको सम्बन्धमा कृष्णराम विजयानन्दसमेत विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग (ने. का.प.२०७४, अङ्क ८, नि.नं.९८६६) मा *दुष्परिणाम सच्याउने कुराको आडमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई जुनसुकै विषयमा निर्णय गर्ने छुट प्रदान भएको सम्झन नमिल्ने । जुन कामका लागि कानूनले जसलाई अधिकार दिएको छ, सो कार्य सोही निकाय वा अधिकारीले गर्नु पर्दछ । कानूनद्वारा अख्तियारी पाएका निकाय वा अधिकारीको क्षेत्राधिकारमा हस्तक्षेप वा सङ्कुचन हुने गरी अन्य कुनै निकाय वा पदाधिकारीले अधिकार प्रयोग गर्न पाउँदैन । अधिकारविहीन निकायबाट भएको काम कारबाहीले कानूनी मान्यता पाउन सकैन । निर्णयको परिणाम सारमा जतिसुकै राम्रो भए पनि क्षेत्राधिकारविहीन निर्णयको कानूनी मान्यता नरहने* भनी व्याख्या गरिएको पाइन्छ।

१३. प्रस्तुत नजिर सिद्धान्तसमेतबाट पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नेपालको संविधान र कानूनले तोकेको अधिकार क्षेत्रभन्दा बाहिर गएर कार्य गर्न बन्देज लगाएको देखिन्छ । निवेदक संस्था नेपाल सरकार जिल्ला प्रशासन कार्यालय, ललितपुरमा दर्ता रहेको सङ्गठित संस्था भएको र सो संस्थालाई आफ्नो विधानअनुरूप कार्य गर्न अधिकार प्राप्त भएको देखिन्छ। संस्था दर्ता ऐन, २०३४ को दफा ५ मा देहायबमोजिमको कानूनी व्यवस्था रहेको देखिन्छ:

- उपदफा (१) मा यस ऐनअन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुने छ। सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुने छ।
- उपदफा (२) मा संस्थाले व्यक्तिसरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र

बेचबिखन गर्न सक्ने छ।

- उपदफा(३) मा संस्थाले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्ने छ र सोउपर पनि सोही नामबाट नालिस उजुर लाग्ने छ।

यसैगरी सोही ऐनको दफा १० मा देहायबमोजिमको कानूनी व्यवस्था रहेको देखिन्छ:

- उपदफा (१) मा स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्ने छ।
- उपदफा (२) मा उपदफा (१) बमोजिम हिसाब जाँच गराएबापत स्थानीय अधिकारीले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफूले निर्धारित गरेको दस्तुर असुल गरी लिन सक्ने छ।
- उपदफा (३) मा हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरू वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुने छ।
- उपदफा (४) मा हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकी दिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन स्थानीय अधिकारीसमक्ष पेस गर्नुपर्ने छ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरूपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी असुल गर्न प्रचलित कानूनबमोजिम कारबाही चलाउन सक्ने छ। तर प्रचलित कानूनले सजायसमेत हुने अपराध भएकोमा प्रचलित कानूनबमोजिम मुद्दा चलाउन लगाउने छ।

१४. यसैगरी संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएको संस्थाको सम्बन्धमा नियमनकारी निकाय (Regulating Body) जिल्ला प्रशासन कार्यालय र समन्वयात्मक निकाय (Coordinating Body) समाज कल्याण परिषद् रहेको तथा परिषद्मा आबद्ध संस्थाले आर्थिक सहयोगको सन्दर्भमा सहयोग प्राप्तको परियोजना प्रस्ताव परिषद्मा पेस गरी स्वीकृति लिई क्रियाकलाप गर्नुपर्ने व्यवस्था गरेको छ। संस्था दर्ता ऐन, २०३४ तथा समाज कल्याण परिषद् ऐन, २०४९ मा भएको कानूनी व्यवस्थाअनुसार पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यस्तो गैरसरकारी सङ्गठित संस्थाको छानबिनको निमित्त कागजात माग गर्ने, प्रेस विज्ञप्ति जारी गरी प्रचार प्रसार गर्ने कार्य गर्न अधिकार प्राप्त गरेको देखिन आएन।

१५. माथि विवेचित संवैधानिक व्यवस्था, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ संस्था दर्ता ऐन, २०३४ सर्वोच्च अदालतबाट प्रतिपादित नजिर, अन्तर्राष्ट्रिय तथा विदेशमा गरिएका अभ्याससमेतबाट आयोगलाई उपर्युक्त संवैधानिक र कानूनी व्यवस्थाविपरीत अनुसन्धान तथा अन्य काम कारबाही गर्ने अधिकार दिएको देखिएन। **राज्यको विशिष्ट संवैधानिक अङ्गको रूपमा रहेको अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्तो संवैधानिक निकायले कानूनमा स्पष्ट रूपमा प्रदान गरिएको क्षेत्राधिकारभन्दा बाहिर गई कार्य गर्दा कानूनको शासन (Rule of Law) को सिद्धान्त प्रतिकूल हुन जान्छ र संवैधानिक सीमा (Constitutional Limitation) को अवधारणाको समेत उल्लङ्घन हुन्छ। तसर्थ उपर्युक्त संवैधानिक र कानूनी व्यवस्था तथा स्थापित सिद्धान्तबमोजिम निवेदक सोसल साइन्स वहा: संस्था दर्ता ऐन, २०३४ मा व्यवस्था भएबमोजिम दर्ता भएको सङ्गठित संस्था**

**भएको सो संस्थाले गरेको काम सार्वजनिक पद धारण गरेको व्यक्तिको परिभाषाभित्र नपर्ने देखिँदा निवेदक संस्थाको काम कारबाहीबारेमा अनुगमन गर्नेसमेतको अख्तियारी विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा रहे भएको देखिन आएन।**

१६. अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निवेदक संस्थाको सम्बन्धमा गरेको प्रचार प्रसार र प्रकाशन गरेको प्रेस विज्ञप्तिलगायतका काम कारबाहीहरू संविधान र कानूनअनुकूल छ वा छैन भन्ने तेस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा विपक्षी आयोगबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८(१) को खण्ड (ख) र (ग) मा भएको कानूनी व्यवस्थाअन्तर्गत पत्राचारलगायत विज्ञप्ति प्रकाशनको काम कारबाही गरेको देखिन्छ। उक्त दफा २८ को उपदफा (१) को खण्ड (ख) मा कुनै विषयमा आयोगले नेपाल सरकार वा कुनै सार्वजनिक संस्थाबाट वा नेपाल सरकार वा सार्वजनिक संस्थाको कुनै कार्यालय वा पदाधिकारीबाट सतर्कता अपनाउनु पर्ने वा कुनै कदम उठाउन उपयुक्त हुन्छ भनी सुझाव दिने र खण्ड (ग) मा नेपाल सरकार वा कुनै सार्वजनिक संस्थाको कुनै परिपाटी वा कार्य प्रणाली त्रुटिपूर्ण छ भन्ने आयोगलाई लागेमा त्यसलाई सच्याउन र त्यसबाट उत्पन्न समस्याको निराकरण गर्न कारण र आधारसहितको सुझाव दिने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारको सम्बन्धमा नेपालको संविधान तथा कानूनी व्यवस्था हेर्दा सार्वजनिक निकाय पनि नरहेको, सार्वजनिक पदाधिकारी पनि नरहेको गैरसरकारी संस्थाको हकमा विपक्षी आयोगबाट गरिएको निर्णय एवम् पत्राचार तथा विज्ञप्तिसमेत क्षेत्राधिकारविहीन र गैरकानूनी भएको एवम् Beyond Constitutional and Legal Limitation रहेको देखिन्छ।

१७. निवेदक संस्थाको मागबमोजिम रिट जारी हुने हो वा होइन भन्ने चौथो प्रश्नका सम्बन्धमा विचार गर्दा विपक्षी आयोगले प्रकाशित गरेको विज्ञप्ति तथा अन्य काम कारबाहीमाथि विभिन्न प्रकरणमा विवेचित संवैधानिक, कानूनी व्यवस्था एवं प्रतिपादित सिद्धान्तसमेतको आधारमा निवेदक संस्थाको काम कारबाहीको सम्बन्धमा उजुरी ग्रहण गरी छानबिन गरेर अन्य निकायहरूलाई कारबाही गर्न लेखी पठाउने अख्तियारी रहे भएको नदेखिएको र संस्था दर्ता ऐन, २०३४ अनुसार नै दर्ता भई संस्थाको विधानअनुसार चलेको र सोअनुसार नचले कारबाही गर्न सक्ने जिल्ला प्रशासन कार्यालय तथा अनुगमन गर्ने समाज कल्याण परिषद् जस्ता निकायसमेत रहेको अवस्थामा छानबिन र अनुगमन गर्ने अधिकार नभएकोमा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको काम, कारबाही निर्णय एवम् पत्राचार र प्रेस विज्ञप्ति निकाल्ने कार्य कानूनसम्मत देखिन आएन।

१८. तसर्थ, माथि विवेचित आधार र कारणबाट विपक्षी आयोगको मिति २०७३।६।९ को प्रेस विज्ञप्ति निर्णय एवम् पत्राचार, विपक्षी आयोगको निर्देशनबमोजिम विपक्षी जिल्ला प्रशासन कार्यालय, ललितपुरको मिति २०७३।६।१४ को निर्णय, सोही निर्णयका आधारमा भनी निवेदक र निवेदकअन्तर्गतको परियोजना एलाइन्स फर सोसल डाइलगलाई गरेको मिति २०७३।६।१६ गते कर्मचारीमार्फत प्राप्त इमेल, पत्राचार र मिति २०७३।०६।२० गतेको इमेलमार्फत प्राप्त पत्र र निर्णय वा पत्राचार तथा उक्त पत्राचारमा आधारित जिल्ला प्रशासन कार्यालय, ललितपुरको निर्णयसमेत कानूनसम्मत नदेखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदक संस्थालाई आयोगको पत्राचार एवम् निर्देशनकै आधारमा कुनै कारबाही नगर्नु नगराउनु र पूर्ववत् रूपमा सञ्चालन गर्न दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ । प्रस्तुत आदेशको प्रतिलिपि साथै राखी महान्यायाधिवक्ताको

कार्यालयमार्फत विपक्षीहरूलाई जानकारी दिनू । आदेशको विद्युतीय प्रति अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.मीरा खडका

इजलास अधिकृत : शिवप्रसाद पराजुली, हिरा माया अवाल (शा.अ.)
इति संवत् २०७५ साल पुस १२ गते रोज ५ शुभम् ।

## निर्णय नं. १०५११

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीरा खडका
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा
आदेश मिति : २०७६।१०।२६
०७२-CI-०७९४

मुद्दा:- उत्प्रेषण / परमादेश

पुनरावेदक / रिट निवेदक : जिल्ला गोरखा गाईखुर गा.वि.स. वडा नं. ३ घर भई हाल राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र टेकु काठमाडौंमा कार्यरत भक्तबहादुर आलेसमेत

विरूद्ध

प्रत्यर्थी / विपक्षी : नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत

- **पहिला विद्यमान रहेको ऐन कानूनको व्यवस्थाबमोजिम प्रशासनिक प्रक्रिया पूरा गरी भएको स्थापित विषयवस्तुलाई पछि बनेका ऐनका आधारमा परिवर्तन गर्दा त्यसले स्थापित कानूनी व्यवस्थामा नै खलल पुग्न गई अव्यवस्थित परिस्थितिको सिर्जना हुने भएकाले ऐनको प्रयोग पश्चात्‌दर्शी (retrospective) सिद्धान्त प्रतिकूल हुन नसक्ने ।**

(प्रकरण नं.३)

पुनरावेदक / रिट निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री भोजबहादुर ढकाल
प्रत्यर्थी / विपक्षीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३

सुरू तहमा फैसला गर्ने :
माननीय न्यायाधीश श्री कुमार चुडाल
माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी
पुनरावेदन अदालत पाटन

आदेश

**न्या.डा.मनोजकुमार शर्मा :** नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दा तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम दर्ता भई निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको छ । प्रस्तुत फैसला सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ९१(४) र अनुसूची १२ को ढाँचामा तयार गरिएको छ ।

सुरू रिट निवेदन, कारण देखाउ आदेश, लिखित जवाफको बेहोरासमेत पुनरावेदन अदालत

पाटनबाट मिति २०७१।१०।१४ मा भएको फैसलाबाट देखिने हुँदा यहाँ सो कुराको पुनरावृत्ति गरिएको छैन।

यस अदालतको ठहर

हामी निवेदकहरू विभिन्न मितिको निर्णयानुसार स्वास्थ्य सेवाको सहायक पाँचौं तहको हेल्थ असिष्टेन्ट र खोप सुपरभाइजर पदमा स्थायी सेवा प्रवेश गरी कार्यरत कर्मचारी हौं। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन) ले मूल ऐनको दफा ९ मा संशोधन गरी स्तरवृद्धिसम्बन्धी गरेको कानूनी व्यवस्थाअनुसार पाँचौं तहमा सुरू नियुक्ति भएका वा पाँचौं तहमा स्तरवृद्धि भई सो तहको लागि न्यूनतम शैक्षिक योग्यता पूरा भएका कर्मचारीहरूलाई पाँचौं तहमा नियुक्ति भएका मितिले पाँच वर्ष सेवा अवधि पूरा भएपछि छैठौं तहमा स्तरवृद्धि गरिने छ भन्ने कानूनी व्यवस्था रहेकोमा मिति २०७०।७।१०, मिति २०६९।९।१९, मिति २०७०।८।२५, मिति २०७०।७।१४, मिति २०७०।९।२९ मा हामी पुनरावेदकहरूको स्तरवृद्धि हुने गरी विपक्षी कार्यालयबाट भएको निर्णय उत्प्रेषणको आदेशले बदर गरी स्थायी नियुक्ति भएका मितिले पाँच वर्ष सेवा अवधि पूरा भएको मितिदेखि लागु हुने गरी स्तरवृद्धि गर्नु गराउनु भनी परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर भएकोमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन, २०७०) मा साबिकको स्तरवृद्धिसम्बन्धी कानूनी व्यवस्थामा संशोधन भइसकेको अवस्था देखिँदा अब प्रचलित चौथो संशोधनकै व्यवस्था आकर्षित हुने भएको हुँदा पश्चात्दर्शी असर पर्ने गरी नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (तेस्रो संशोधन, २०६३) लाई आधार लिई दायर भएको प्रस्तुत उत्प्रेषणयुक्त परमादेशको रिट निवेदन पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१०।१४ मा खारेज गरेको देखियो।

पुनरावेदन अदालत पाटनको आदेशमा चित्त नबुझाई हामी पुनरावेदक / निवेदकहरू विभिन्न मितिमा पाँचौं तहमा सुरू नियुक्ति भएका स्वास्थ्य सेवाका कर्मचारीहरू हौं। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को (चौथो संशोधन अध्यादेश, २०६९) को दफा ९(१) को २(क) मा स्तरवृद्धिसम्बन्धी गरेको व्यवस्थाबमोजिम हामी निवेदकहरू नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ चौथो संशोधनले पाँचौं तहमा सुरू नियुक्ति भएका वा पाँचौं तहमा स्तरवृद्धि भई सो तहका लागि न्यूनतम शैक्षिक योग्यता पूरा भएका कर्मचारीलाई पाँच वर्ष सेवा अवधि पूरा भएपछि छैठौं तहमा स्तरवृद्धि गरिने छ भन्ने व्यवस्था हुँदा हुँदै उक्त व्यवस्थालाई कुनै वास्ता नै नगरी विपक्षीबाट मिति २०७०।७।१०, मिति २०६९।९।१९, मिति २०७०।८।२५, मिति २०७०।७।१४, मिति २०७०।९।२९ मा स्तरवृद्धि गर्दा कानूनले तोकेको समयावधिलाई कुनै वास्ता नै नगरी मनोमानी ढङ्गले हचुवाको भरमा स्तरवृद्धि गरेको हुँदा उक्त स्तरवृद्धि गर्ने गरी भएको निर्णय बदर गरी कानूनले तोकेको समयमा स्तरवृद्धि गर्नु भनी आदेश गर्नु पर्नेमा कानूनको गलत अर्थ गरी पश्चात्दर्शी कानून लागु नहुने भनी रिट निवेदन खारेज गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१।१०।१४ को आदेश त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भनी रिट पुनरावेदक / निवेदक भक्तबहादुर आलेसमेतको तर्फबाट यस अदालतमा पुनरावेदन पर्न आएको देखियो।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री भोजबहादुर ढकालले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को (चौथो संशोधन) २०६९ को दफा ९ मा स्तरवृद्धिसम्बन्धी गरेको व्यवस्थाबमोजिम पाँचौं तहमा सुरू नियुक्ति भएका वा पाँचौं तहमा स्तरवृद्धि भई सो तहका लागि न्यूनतम शैक्षिक योग्यता पूरा भएका कर्मचारीलाई पाँच वर्ष सेवा अवधि पूरा भएपछि छैठौं तहमा स्तरवृद्धि गरिने छ भन्ने व्यवस्था हुँदाहुँदै उक्त व्यवस्थालाई कुनै वास्ता नै नगरी प्रत्यर्थी / विपक्षीबाट पुनरावेदकहरूको स्तरवृद्धि गर्दा कानूनले तोकेको

समयावधिलाई कुनै वास्ता नै नगरी मनोमानी ढङ्गले हचुवाको भरमा स्तर वृद्धि गरेको हुँदा उक्त स्तरवृद्धि गर्ने गरी भएको निर्णय बदर गरी कानूनले तोकेको समयमा स्तरवृद्धि गरी पुनरावेदकहरूको रोजगार र वृत्ति विकास गर्न पाउने हक सुनिश्चित गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

अब, पुनरावेदन अदालत पाटनको आदेश मिलेको छ छैन ? पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, पुनरावेदकहरू रामकुमार श्रेष्ठ र परमेश्वर पियाले मुलुकी ऐन, अ.बं. ९२ नं. बमोजिम पुनरावेदन फिर्ता गरिपाउँ भनी निवदेन दिई सनाखतसमेत गरेको देखिँदा पुनरावेदन फिर्ता हुने अनुमति आदेश पनि भइसकेको अवस्थामा निजहरूको हकमा केही गरिरहनु परेन । अन्य पुनरावेदकहरूको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, पुनरावेदकहरू विभिन्न मितिमा नियुक्ति पाई तह मिलान भई सेवारत कर्मचारी भएको तथ्यमा विवाद देखिँदैन। पुनरावेदक / निवेदकहरूको स्तरवृद्धि गर्दा साबिक नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (तेस्रो संशोधन, २०६३) को दफा ९ (७)(क) को खण्ड (ज) बमोजिम पाँचौं तहमा सुरू नियुक्ति वा तह मिलान भएको कर्मचारी सो तहमा १० (दश) वर्ष सेवा अवधि पूरा भएपछि मात्र सम्बन्धित समूहको छैठौं तहमा स्तरवृद्धि गर्नको लागि योग्य हुने व्यवस्थाबमोजिम र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को मिति २०६९।१२।२९ मा चौथो संशोधन अध्यादेश तथा मिति २०७०।१२।१२ मा चौथो संशोधन आएपश्चात् थप भएको दफा ९(१) को व्यवस्थाअनुसार पाँचौं तहमा सुरू नियुक्ति भएका वा पाँचौं तहमा स्तरवृद्धि भई सो तहको लागि न्यूनतम शैक्षिक योग्यता पूरा भएका कर्मचारीहरूले सम्बन्धित तहमा सेवा गर्नुपर्ने अवधि ५ वर्ष, पछिल्लो दुई आर्थिक वर्षको का.स.मु. मा प्राप्त गर्नुपर्ने अङ्क कम्तीमा उत्तम, दुर्गम क्षेत्रमा सेवा गर्नुपर्ने अवधि कम्तीमा एक वर्ष, अति दुर्गम वा दुई वर्ष दुर्गम हुनुपर्ने कानूनी व्यवस्थाका आधारमा प्रशासनिक प्रक्रिया पूरा गरी पुनरावेदकहरूको पाँचौं तहबाट छैठौं तहमा मिति २०७०।७।१०, मिति २०६९।९।१९, मिति २०७०।८।२५, मिति २०७०।७।१४, मिति २०७०।९।२९ मा विपक्षी कार्यालयबाट स्तरवृद्धिको निर्णय भएको स्वास्थ्य सेवा विभागको लिखित जवाफबाट देखिन्छ।

३. तत्कालीन ऐन कानूनमा व्यवस्था नभएको तर पछि थप भई आएको कानूनले गरेको व्यवस्थाबमोजिम पहिलादेखि नै स्तरवृद्धि कार्यान्वयन गर्नुपर्ने भन्ने मागदाबी कानूनबमोजिम देखिँदैन। मिति २०६९।१२।२९ भन्दा पहिला नै पुनरावेदकहरूको कानूनमा तोकिएको स्तरवृद्धिको मापदण्ड पुगेको भए तत्काल विद्यमान कानूनअनुसार हुने हुँदा सो संशोधित ऐन लागु नै नभएको अवस्थाको मितिदेखि स्तरवृद्धि गरी ज्येष्ठता कायम गर्नु पर्ने भन्ने पुनरावेदकहरूको पुनरावेदन जिकिर रहेकोमा कानूनको प्रयोग पश्चात्दर्शी असर पर्ने गरी हुन नसक्ने हुँदा अघि विद्यमान ऐन कानूनको व्यवस्थाबमोजिम प्रशासनिक प्रक्रिया पूरा गरी भएको स्थापित विषयवस्तुलाई पछि बनेका ऐनका आधारमा पश्चात्दर्शी असर पर्ने गरी परिवर्तन गर्दा त्यसले स्थापित कानूनी व्यवस्थामा नै खलल पुग्न गई अत्यन्तै अव्यवस्थित परिस्थितिको सिर्जना हुन जाने हुँदा ऐनको प्रयोग (Retrospective Effect) को सिद्धान्त प्रतिकूल हुन सक्दैन।

४. नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को मिति २०६९।१२।२९ मा चौथो संशोधन अध्यादेश तथा मिति २०७०।१२।१२ मा चौथो संशोधन आएपश्चात् थप भएको दफा ९(१) को स्तरवृद्धिसम्बन्धी कानूनी व्यवस्थाअनुसार उक्त संशोधनद्वारा थप गरिएको व्यवस्था संशोधित ऐन लागु भएको मितिबाटै कार्यान्वयन हुने हुँदा निवेदकहरूको नियुक्ति वा पद

मिलान भएकै मितिबाट ५ वर्ष गणना गरी ऐनको संशोधन लागु हुनुभन्दा अगाडिदेखि नै स्तरवृद्धि गर्नुपर्‍यो भन्ने मागदाबी कानूनसङ्गत देखिँदैन।

५. ऐनको चौथो संशोधनद्वारा थप गरिएको व्यवस्था संशोधित ऐन लागु भएको मितिबाटै कार्यान्वयन हुने हुँदा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (तेस्रो संशोधन, २०६३) विद्यमान रहेकै अवस्थामा पुनरावेदक / निवेदकहरूको नियुक्ति वा पद मिलान भएको देखिँदा ऐनको चौथो संशोधन लागु हुनुभन्दा अगाडि पाँचौं तहमा सेवा प्रवेश गरेको मितिबाट **५ वर्ष सेवा अवधि पूरा भएको मितिदेखि** नै लागु हुने गरी छैठौं तहमा स्तरवृद्धि गरी ज्येष्ठता कायम गर्नुपर्नेमा सो नगरी विभिन्न मितिबाट लागु हुने गरी छैठौं तहमा वृद्धि गरेको निर्णय खारेज गरिपाउँ भन्ने जिकिर कानूनको पश्चात्‌दर्शी असरसम्बन्धी सिद्धान्तको प्रतिकूल देखिँदा पुनरावेदकहरूको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

६. यसरी नेपाल स्वास्थ्य सेवा ऐनमा चौथो संशोधन भई साबिकको स्तरवृद्धिसम्बन्धी कानूनी व्यवस्थामा संशोधन भइसकेको अवस्था देखिँदा अब प्रचलित चौथो संशोधनकै व्यवस्था आकर्षित हुने हुँदा पश्चात्‌दर्शी असर पर्ने गरी सुरू नियुक्ति वा तह मिलानको पाँच वर्ष सेवा अवधि पूरा भएको मितिदेखि नै लागु हुने गरी सहायक छैठौं तहमा ज्येष्ठता कायम हुने गरी स्तरवृद्धि गराउनु भन्ने उत्प्रेषणयुक्त परमादेश जारी हुन नसक्ने पुनरावेदन अदालत पाटनको आदेश मनासिब नै देखिन आयो।

७. तसर्थ, माथि विवेचित आधार, प्रमाण र कारणसमेतका आधारमा उत्प्रेषणयुक्त परमादेशको रिट निवेदन खारेज हुने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१०।१४ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गर्नु र दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.मीरा खडका

इजलास अधिकृत : ध्रुवबहादुर कुँवर
इति संवत् २०७६ साल माघ २६ गते रोज १ शुभम्।

## निर्णय नं. १०५१२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश श्री कुमार रेग्मी
आदेश मिति : २०७६।३।२३
०७४-WO-०५७७

विषयः उत्प्रेषण

निवेदक : प्रजापति उप्रेतीको छोरा, झापा जिल्ला, मेचीनगर नगरपालिका, वडा नं. ६ काँकडभिट्टा बस्ने कृष्णप्रसाद उप्रेतीसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **निवेदकहरूले २५ वर्ष व्यतीत हुँदासम्म आफ्नो जग्गाको कुनै मुआब्जा तथा क्षतिपूर्ति पाउन सकेको अवस्था देखिन नआएबाट पैसाको समयानुसार मूल्य**

**(Time Value of Money) समेतलाई मध्यनजर राखी अधिग्रहण गरिएका जग्गाको उचित मुआब्जा तथा क्षतिपूर्ति पाउनुपर्ने ।**

(प्रकरण नं.१२)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू श्री माधवकुमार बस्नेत र खेमराज भट्ट

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री नवराज पराजुली

अवलम्बित नजिर :

- ने.का.प.२०५०, अङ्क ४, नि.नं.४७२१, पृ.१८०
- ने.का.प.२०५८, अङ्क ९, नि.नं.७०४०, पृ.५९१
- ने.का.प.२०५९, अङ्क ५, नि.नं.७१००, पृ.३८१
- ने.का.प.२०७३, अङ्क १२, नि.नं.९७३५
- ने.का.प.२०७५, अङ्क ३, नि.नं.९९७३

सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधान, २०६३

आदेश

**न्या.कुमार रेग्मी :** नेपालको संविधानको धारा १३३ को उपधारा (२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार छः-

तथ्य खण्ड

हामी सबै निवेकदकहरू झापा जिल्लाको साबिक काँकडभिट्टा हालको मेचीनगर नगरपालिका वडा नं. ६ स्थित काली खोलामा तटबन्ध गर्ने भनी प्रत्यर्थीमध्येको जिल्ला प्रशासन कार्यालयबाट मिति २०५१।०१।१३ को सूचनाबमोजिम हाम्रो जीविकाको एक मात्र साधन जग्गा अधिग्रहणमा परी त्यसबापत हालसम्म क्षतिपूर्ति नपाएका पीडितहरू हौं ।

अधिग्रहणमा परेको हामीहरूको जग्गा झापा जिल्लाको साबिक नकलबन्दा गा.वि.स. वडा नं. ८ ग र ८ च हाल मेचीनगर नगरपालिका वडा नं. ६ मा पर्छ । हामी निवेदकहरूमध्ये स्व. जयबहादुर कार्कीको हकमा अर्जुन कार्कीको नाममा झापा जिल्ला साबिक नकलबन्दा गा.वि.स. वडा नं. ८ च कि.नं. १६३ क्षे.फ. १-१८-१८ मध्ये अधिकरणमा परेको क्षे.फ. १-१८-१३ धुर परेको, स्व. हस्तबहादुर तामाङको हकमा बबिता तामाङको नामको ऐ.ऐ. कि.नं. ४६७ क्षे.फ. ९ धुर जग्गामध्ये ५ धुर अधिकरणमा परेको, चिन्तामणि उप्रेतीको नामको ऐ.ऐ.कि.नं. ६१ कि.का. भई २ वटा कि.नं. १०९५ र कि.नं. १६३९ भई ०-४-१०, ०-५-५ मध्ये ९ कट्ठा अधिकरणमा परेको, स्व. रामबहादुर राईको हकमा ध्रुव राई ऐ. वडा नं. ८ ग को कि.नं. २३ क्षे.फ. १० धुरमध्ये ५ धुर अधिकरणमा परेको, डिल्लीराम थापाको हकमा दुर्गाकुमारी थापाको ऐ. वडा नं. ८च को कि.नं. २०४ क्षे.फ. ८ कट्ठा १० धुरमध्ये १ कट्ठा अधिकरणमा परेको, हरिकुमार श्रेष्ठको ऐ. वडा नं. ८ च को कि.नं. २४२ र २३७ मध्ये ८ र १२ धुर पूरै क्षे.फ. अधिकरणमा परेको, सुभद्रा देवी राजको ऐ. वडा नं. ८ ग को कि.नं. २० क्षे.फ. १ कट्ठा १५ धुरमध्ये १ कट्ठा अधिकरणमा परेको, टंकबहादुर राईको ऐ.वडा नं. ८ ग को कि.नं. ४६६ क्षे.फ. १६ धुरमध्ये ९ धुर अधिकरणमा परेको, जयनारायण ढुंगानाको ऐ.वडा नं. ८ च को कि.नं. ६६ क्षे.फ. २ कट्ठा ३ धुरमध्ये १ कट्ठा अधिकरणमा परेको, उदयचन्द्र प्रधानको ऐ.वडा नं. ८ च को कि.नं. ६४ क्षे.फ. १ कट्ठामध्ये १३ धुर अधिकरणमा परेको, कृष्णप्रसाद उप्रेतीको ऐ. वडा नं. ८ च को कि.नं. ३१५ क्षे.फ. ४ कट्ठा १० धुरमध्ये १ कट्ठा अधिकरणमा परेको, नगेन्द्र कुमार र पुष्पा राई गुरूङको ऐ.वडा नं. ८ ग को कि.नं. ६५ क्षे.फ. २ कट्ठा ५ धुरमध्ये १ कट्ठा २ धुर अधिकरणमा परेको, भिमबहादुर कार्कीको हकमा रूमा कार्कीको ऐ.वडा नं.

८ च को कि.नं. २३४ क्षे.फ. १ कट्ठामध्ये १५ धुर अधिकरणमा परेको, टंकबहादुर कार्कीको ऐ.वडा नं. ८ च को कि.नं. ४५७ क्षे.फ. २ कट्ठा ५ धुरमध्ये १ कट्ठा अधिकरणमा परेको, हरिहर तिवारी र जयबहादुर कार्कीको हकमा वसन्त तिवारी ऐ. वडा नं. ८ च को कि.नं. ४५ क्षे.फ. ११ कट्ठा २.५ धुरमध्ये ९ का अधिकरणमा परेको, रामचन्द्र भट्टराईको ऐ. वडा नं. ८ च को कि.नं. ३०७ क्षे.फ. १ कट्ठामध्ये १ कट्ठा पूरै अधिकरणमा परेको, कृष्णप्रसाद उप्रेतीको ऐ. वडा नं. ८ च को कि.नं. ३१४ क्षे.फ. २ कट्ठामध्ये १५ धुर अधिकरणमा परेको, नवराज घिमिरेको ऐ.वडा नं. ८च को कि.नं. ५९७, ५९८ क्षे.फ. १२ धुर, १२ धुर दुवै कित्ता पूरै अधिकरणमा परेको निवेदन गर्दछौं । हामीहरूको जग्गा काँकडभिट्टा बसपार्कबाट २५० मिटर र मेची भन्सार कार्यालयबाट करिब ३०० मिटर मात्र पश्चिममा पूर्वपश्चिम राजमार्गसँग जोडिएको छ। यो साबिकदेखि अत्यन्त चल्तीको व्यापारिक क्षेत्र हो। हाल यस क्षेत्रको जग्गा प्रतिकट्ठा ८० लाखदेखि १ करोड २० लाखसम्म रहेको छ।

प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, झापाबाट मिति २०५१।०१।१३ को गोरखापत्रमा विश्व बैङ्कको ऋण सहयोग नं. १९२२ नेपालअन्तर्गत बाढीग्रस्त पुल सडक पुनः निर्माण आयोजनाबाट सञ्चालित पूर्वपश्चिम राजमार्गको नदी नियन्त्रणसम्बन्धी कार्यको लागि भनी जग्गा अधिग्रहणको सूचना प्रकाशित गरेको थियो । सो सूचनाअनुसार हामी निवेदकहरूको साबिकको नकलबन्दा गा.वि.स. (हाल मेचीनगर नगरपालिका) मा पर्ने यसै निवेदनको अभिन्न अङ्गको रूपमा प्रमाण खण्डमा पेस गरिएको तालिकाअनुसारका जग्गाहरू अधिग्रहण भएका थिए। हामीहरूको स्वामित्वमा रहेका जग्गाहरू अधिग्रहण भई कालीखोलामा तटबन्ध गर्ने कार्य समाप्त भएको दुई दशक नाघिसकेको भए पनि हामीले हालसम्म एक पैसा पनि मुआब्जा पाएका छैनौं । मुआब्जाको लागि विपक्षीहरूको कार्यालयमा धाउँदाधाउँदै कतिपय पीडितहरूको स्वर्गारोहणसमेत भइसकेको छ । त्यसरी स्वर्गारोहण हुनेहरूमा निवेदकमध्येका टंकबहादुर कार्की तथा अर्जुन कार्कीका पिता जयबहादुर कार्की, बबिता तामाङका पिता हस्तबहादुर तामाङ तथा माता मनमाया तामाङ, ध्रुव राईको पिता रामबहादुर राई, वसन्त तिवारीका पिता हरिहर तिवारी र प्रकाशभक्तकी श्रीमती सुभद्रादेवी राज हुनुहुन्छ।

जिल्ला प्रशासन कार्यालयबाट प्रकाशित सूचनाअनुसार हामी निवेदकहरूले मुआब्जाको लागि जग्गाधनी प्रमाण पुर्जासहित निवेदन दिएकोमा विपक्षी जिल्ला प्रशासन कार्यालयबाट मिति २०५१।०२।३१ मा प्रतिकट्ठा रू. ५,०००।- पाँच हजारको दरले मुआब्जा दिने निर्णय भएछ । त्यो उचित क्षतिपूर्ति नभई हामीहरूको जग्गा प्राप्त गर्न कानूनी उपायको रूपमा मात्र प्रयोग गरेको देखिएकोले त्यसलाई पुनः मूल्याङ्कनको लागि निवेदन दिइएको थियो । उक्त जग्गाहरूको विषयमा पूर्ण सरकारी स्वामित्व रहेको ग्रामीण आवास कम्पनी लिमिटेडले जिल्ला प्रशासन कार्यालय, झापाको मिति २०५२।०८।२२, च.नं. ३६९४ को पत्रको जवाफ दिँदा सो कम्पनीले २०५० साल कात्तिकमा भएको मूल्य निर्धारणअनुसार राजमार्ग आसपास प्रतिकट्ठा रू. ३ लाख रहेको र २०५२ सालमा भएका कारोबारअनुसार प्रतिकट्ठा रू. ४ लाख ७५ हजारभन्दा माथि नै रहेको भनेर पत्राचार गरेको थियो । त्यसपछि मिति २०५२।०९।०४ मा बसेको मुआब्जा निर्धारण समितिको बैठकले साबिक नकलबन्दा गा.वि.स. वडा नं. ८ च को लागि प्रतिकट्ठा रू. २ लाख र ८ को प्रतिकट्ठा रू. ३ लाखको दरले मुआब्जा दिने भनी निर्धारण गरेको भए पनि सोबमोजिम दिइएन।

मिति २०५५।१२।१० मा जिल्ला प्रशासन कार्यालयले आवश्यक कार्यार्थ भनी सडक विभाग, वैदेशिक महाशाखा, बबरमहललाई

मिति २०५२।०९।०४ को मुआब्जा मूल्याङ्कन समितिको निर्णय, ग्रामीण आवास कम्पनीको पत्र, इलाका कार्यालय, काँकडभिट्टाको पत्र, लालपुर्जाको प्रतिलिपि, नापी शाखाको पत्रसमेतका कागजात पठाएको रहेछ र त्यो पत्र सडक विभागले मिति २०५५।१२।१६ मा द.नं. १७०१ बाट प्राप्त गरेको छ । प्रत्यर्थी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको पूर्वाधार भौतिक योजना तथा निर्माण मन्त्रालयले महान्यायाधिवक्ताको कार्यालयबाट पनि च.नं. १८९ मिति २०५७।०१।०५ को पत्रबाट राय लिएको रहेछ र त्यस विषयमा महान्यायाधिवक्ताको कार्यालयबाट प.सं. ०५६।५७/१६१ च.नं. ७३१८ मिति २०५७।०१।२२ बाट "...मन्त्रालयस्तरबाट पुनः मूल्याङ्कन गराई ठहरेबमोजिम मुआब्जा वितरण हुन सक्ने देखिएको" भनेर राय दिइएको रहेछ ।

अधिग्रहण गरिएका जग्गाहरू हामी निवेदकहरूका संविधान र कानून संरक्षित जग्गा हुन् । उल्लिखित जग्गाहरूको स्वामित्वमा कुनै पनि प्रश्न छैन । जग्गा २४ वर्षअघि नै सरकारले अधिग्रहण गरिसके पनि हामीसँग हालसम्म पनि मालपोत लिइराखेकोबाट पनि प्रमाणित छ । त्यसैले सो जग्गाको प्रचलित मूल्यअनुसार हामी निवेदकहरूले क्षतिपूर्ति पाउने विषयमा विवाद हुन सक्दैन । हाम्रो जग्गा अधिग्रहण हुँदा कायम रहेको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १७, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ तथा वर्तमान नेपालको संविधानको धारा २५ ले हामीलाई सम्पत्ति आर्जन गर्ने, भोग गर्ने तथा अन्य कारोबार गर्ने मौलिक अधिकार दिएको छ । तर विपक्षीहरूको संवेदनहीनताको कारणले विगत २४ वर्षदेखि हामी उल्लिखित मौलिक हकबाट वञ्चित भइरहेको मात्र नभई हाम्रो सम्पत्ति अधिग्रहण गरिसकेपछि मुआब्जा पाउनु पर्छ भनेर माग गर्न धाउँदाधाउँदै बचेको सम्पत्ति पनि रित्तिने अवस्था भएको छ ।

उक्त जग्गा हामीहरूको जीविकाको आधारसमेत रहेको थियो । विपक्षीहरूले हामीहरूको जीविकाको आधार नै अधिग्रहण गरिसकेपछि त्यसको क्षतिपूर्ति गर्नुपर्ने ऐनको दफा १३ बमोजिमको कर्तव्य हो । जसरी राज्यले सार्वजनिक हितको लागि जग्गा प्राप्त गर्ने अधिकार राख्छ । त्यसैगरी हामी निवेदकहरूले पनि सो जग्गाको मूल्य बराबर क्षतिपूर्तिको अधिकार राख्छौं । राज्यले क्षतिपूर्ति नदिँदा हामीहरूको जीवनको अधिकार नै हनन् भएको छ । आजभन्दा २४ वर्षअघि नै सो क्षेत्रमा प्रतिकट्ठा रू. ३ लाखदेखि रू. ४ लाख ७५ हजारको दरले कारोबार रहेको भनिएको बहुमूल्य जग्गा अधिग्रहण गरी आज २४ वर्ष बितिसक्दा पनि एक पैसा पनि मुआब्जा नदिनु हामीहरूको सम्पत्तिमा राज्यले गैरसंवैधानिक रूपमा अधिकार जमाएको हो । जुन नेपालको संविधानको धारा २५ विपरीत छ ।

नेपाल लोक कल्याणकारी राज्य हो । यो तथ्य नेपालको संविधान, २०१९ देखि नै त्यसपछिका संविधानहरूले निरन्तर घोषणा गरिरहेका छन् । लोक कल्याणकारी राज्यले नागरिकको हितको लागि कार्य गर्नु प्रमुख दायित्व हुन्छ । संविधानले राष्ट्रलाई लोक कल्याणकारी घोषणा गर्ने तर संविधान कार्यान्वयन गर्ने कर्तव्य रहेका विपक्षीहरूले हाम्रो संविधान संरक्षित सम्पत्तिमाथि अधिकार सिर्जना गरेर पनि त्यसको मुआब्जा नदिने गर्ने हुन सक्दैन । हामीहरूको जीविकाको आधारको रूपमा रहेको सम्पत्तिबाट वञ्चित गरिसकेपछि यति लामो अवधिसम्म पनि त्यस सम्पत्तिको मुआब्जा दिन नपर्ने कुनै कानूनी आधार पनि देखाउन नसक्ने र २४ वर्षसम्म दिँदा पनि नदिने कार्य गैरसंवैधानिक छ ।

पैसाको समयानुसारको मूल्य (Time Value of Money) हुन्छ । हाम्रो जग्गा अधिग्रहणमा परेको बखतमा नै प्रतिकट्ठा रू. ३ लाखदेखि रू. ४ लाख ७५ हजारमा कारोबार भएको तत्कालीन अवस्थामा अस्तित्वमा रहेको सरकारी कम्पनीले नै प्रमाणित

गरिदिएको छ । हाल प्रतिकट्ठा रू.८० लाखदेखि रू.१ करोड २० लाखसम्म रहेको छ । हामीहरूको यति बहुमूल्य सम्पत्तिलाई २४ वर्षदेखि विमुख पार्नुले राज्यले हामीलाई जबरजस्ती निर्धन बनाई विस्थापन गर्न खोजेको विपक्षीहरूको व्यवहारबाट प्रमाणित छ, जुन गैरकानूनी छ।

हामीहरूको जीविकोपार्जनको मूलमाध्यम जग्गा अधिग्रहण गरिएको र विगत २४ वर्षदेखि हामीहरू जीविकाको लागि नै सङ्घर्ष गरिरहनु परेकोले विपक्षीहरूलाई आदेश भएको मितिले ३ महिनाभित्र हालको खरिद बिक्रीको मूल्यमा निवेदकहरूलाई क्षतिपूर्ति दिन र विपक्षीहरूले अधिग्रहण गरेर बाँकी रहेका जग्गाको क्षतिपूर्ति दिँदा त्यसलाई समेत मूल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराउनु भनी परमादेशको आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदकहरूको मिति २०७४।११।१० मा यस अदालतमा परेको संयुक्त रिट निवेदनपत्र।

"यसमा के कसो भएको हो ? निवेदन मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित यो आदेशप्राप्त भएको मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूलाई यो आदेश र रिट निवेदनको प्रतिलिपिसाथै राखी विपक्षीहरूका नाममा म्याद सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

२०५१ सालदेखिको मुआब्जा प्राप्त गर्ने र दिने प्रयोजनमा अवरोध र ढिलाई हुँदैआएको विषयवस्तुको प्रकृतिको आधारमा प्रस्तुत मुद्दालाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार दिई मनासिब माफिकको समयमा पेसीको व्यवस्थापन गर्दै गरी नियमानुसार पेस गर्नू" भन्ने यस अदालतबाट मिति २०७४।११।११ मा भएको आदेश।

नेपाल सरकार संविधान तथा प्रचलित कानूनको पालना गरी, गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्दै सोको प्रचलनको सुनिश्चितता प्रदान गर्ने कुरामा प्रतिबद्ध रहेको छ । रिट निवेदकहरूको जग्गा मिति २०५१।०१।१३ को जिल्ला प्रशासन कार्यालय झापाले सूचना प्रकाशन गरी जग्गा अधिग्रहण गरिएको भन्ने रिट निवेदनमा नै स्वीकार गरेको देखिँदा जग्गा प्राप्तिसम्बन्धी कानूनबमोजिम उक्त जग्गा अधिग्रहण भएको कुरालाई अन्यथा भन्न मिल्ने हुँदैन। जग्गा प्राप्ति ऐन, २०३४ (यसपछि ऐन भनिएको) को दफा ३ मा नेपाल सरकारले कुनै सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहऱ्याएमा यस ऐनबमोजिमको मुआब्जा दिने गरी नेपाल सरकारले जुनसुकै ठाउँको जतिसुकै जग्गा प्राप्त गर्न सक्ने छ भन्ने व्यवस्था रहेको छ। ऐनको दफा १३ मा मुआब्जाको किसिम र सो निर्धारण गर्ने अधिकारीसम्बन्धी व्यवस्था र दफा १६ मा मुआब्जा निर्धारण गर्दा विचार राख्नुपर्ने कुराहरूको व्यवस्था गरिएको छ । साथै सोही ऐनका विभिन्न दफाहरूमा जग्गा प्राप्ति गर्ने प्रक्रिया, जग्गा प्राप्त गर्नु नपर्ने भए सोको बेहोरासहितको निवेदन दिन सकिनेलगायत कानूनी व्यवस्था रहेको छ । अधिग्रहणपश्चात् कुनै व्यक्तिको सम्पत्ति स्वाभाविक रूपमा अधिग्रहण गर्ने त्यस्तो निकाय वा सरकारको हुने कुरामा कुनै द्विविधा हुन सक्दैन। सरकारले जग्गा अधिग्रहण गरेको लामो समयपश्चात् मुआब्जाको विषय बनाई रिट निवेदन दिनु विलम्बको सिद्धान्तसमेत विपरीत रहेको हुँदा रिट निवेदन जिकिर खारेजीभागी छ भन्ने बेहोराको नेपाल सरकार, मन्त्रिपरिषद्को तर्फबाट यस अदालतमा मिति २०७४।११।२७ मा पेस भएको लिखित जवाफ।

नेपालको संविधान एवम् अन्य प्रचलित कानूनले प्रत्याभूत गरेका मौलिक हक अधिकारको

सम्मान संरक्षण र परिपालना गर्न गृह मन्त्रालय सदा कटिबद्ध छ । जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा नेपाल सरकारले कुनै सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्ने आवश्यक ठहराएमा यस ऐनबमोजिमको मुआब्जा दिने गरी नेपाल सरकारले जुनसुकै ठाउँको जतिसुकै जग्गा प्राप्त गर्न सक्ने छ भन्ने प्रावधान रहेको छ । सोही प्रावधानबमोजिम सम्बन्धित निकायबाट मुआब्जा रकम पाउने नै हुन्छ। जग्गा प्राप्ति ऐन, २०३४ ले जग्गा अधिग्रहण गर्ने, मुआब्जा प्रदान गर्ने प्रक्रियाहरू व्यवस्थित गरेको छ। जग्गा प्राप्ति सम्बन्धमा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिमका कानूनी प्रावधानभित्र रही सोही ऐनले तोकेका कार्यविधिबमोजिम यस मन्त्रालयबाट कार्य सम्पादन हुँदै आएको र गृह मन्त्रालयले नेपालको संविधान तथा प्रचलित कानूनबमोजिम आफ्नो कार्य सम्पादन गरी आएको छ। निवेदन दाबीबमोजिम यस मन्त्रालयबाट गैरकानूनी रूपमा विपक्षीहरूको मौलिक हक हनन हुने गरी मातहतका कुनै पनि निकायलाई कुनै आदेश र निर्देशन दिएको छैन। प्रस्तुत सन्दर्भमा वस्तुनिष्ठ आधार र प्रमाणबिना हचुवाका भरमा यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन बदर गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट मिति २०७४।१२।२८ मा यस अदालतमा पेस भएको लिखित जवाफ।

रिट निवेदकले निवेदनमा उल्लेख गरेबमोजिम राज्यले मुआब्जा नदिएको अवस्था होइन । मुआब्जा समितिले जग्गा प्राप्ति ऐन, २०३४ को प्रक्रियाबमोजिम निर्धारण गरेको मुआब्जा रकम विपक्षीहरूले नबुझी बसेर अहिले आएर मुआब्जा माग गरेको अवस्था हो। मुआब्जाको रकममा चित्त नबुझेको भए विपक्षीहरूले मुआब्जा निर्धारण भएको समयमै दाबी लिई अदालतमा प्रवेश गर्नुपर्ने थियो । त्यो रिट निवेदकले नगरी झन्डै २२ वर्षपछि रिट निवेदन दायर भएको अवस्था छ । त्यसरी दिएको मुआब्जा नलिई बस्ने अहिले आएर मुआब्जा नपाएको भनी अदालत प्रवेश गरेको देखिएको छ । विपक्षीहरूलाई पुनः मूल्याङ्कन गरी मुआब्जा दिने गरी कुनै आधिकारिक निकायबाट निर्णय भएको अवस्था नरहेको साथै जग्गा प्राप्ति ऐनको प्रक्रिया पूरा गरी मुआब्जा समितिले एक पटक निर्धारण गरी मुआब्जा लिन आह्वान गर्दा अटेर गरेर बसेका यी रिट निवेदकहरूलाई पुनः मुआब्जा निर्धारण गरी वितरण गर्ने कुनै कानूनी आधारसमेत रहेको छैन । विपक्षी रिट निवेदकले सडक विभागको के कुन निर्णयबाट निजको हक अधिकारमा आघात पुग्न गएको हो भनी उल्लेख गर्नुभएको छैन। यस विभागबाट कुनै निर्णय नै नभएको विषयमा यस विभागलाई समेत विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागको तर्फबाट मिति २०७४।१२।२७ मा यस अदालतमा पेस गरेको लिखित जवाफ।

रिट निवेदकले निवेदनमा उल्लेख गरेबमोजिम राज्यले मुआब्जा नदिएको अवस्था होइन । मुआब्जा समितिले जग्गा प्राप्ति ऐन, २०३४ को प्रक्रियाबमोजिम निर्धारण गरेको मुआब्जा रकम विपक्षीहरूले नबुझी बसेर अहिले आएर मुआब्जा माग गरेको अवस्था हो। मुआब्जाको रकममा चित्त नबुझेको भए विपक्षीहरूले मुआब्जा निर्धारण भएको समयमै दाबी लिई अदालतमा प्रवेश गर्नुपर्ने थियो। त्यो रिट निवेदकले नगरी झन्डै २२ वर्षपछि रिट निवेदन दायर भएको अवस्था छ। त्यसरी दिएको मुआब्जा नलिई बस्ने अहिले आएर मुआब्जा नपाएको भनी अदालत प्रवेश गरेको देखिएको छ। जग्गा प्राप्ति ऐनको प्रक्रिया पूरा गरी मुआब्जा समितिले एक पटक निर्धारण गरी मुआब्जा लिन आह्वान गर्दा अटेर गरेर बसेका यी रिट निवेदकहरूलाई पुनः मुआब्जा निर्धारण गरी वितरण गर्ने कुनै कानूनी आधारसमेत रहेको छैन । विपक्षी रिट निवेदकले डिभिजन सडक कार्यालय दमक, झापाको के कुन निर्णयबाट निजको हक अधिकारमा आघात पुग्न गएको हो भनी उल्लेख

गर्नु भएको छैन । यस कार्यालयबाट कुनै निर्णय नै नभएको विषयमा यस कार्यालयलाई समेत विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, पूर्वाञ्चल क्षेत्रीय सडक निर्देशनालय, डिभिजन सडक कार्यालय, दमक, झापाको तर्फबाट मिति २०७४।१२।२७ मा यस अदालतमा पेस गरेको लिखित जवाफ ।

नेपाल सरकारले सार्वजनिक कामको निमित्त जुनसुकै ठाउँको जतिसुकै जग्गा प्राप्त गर्न पाउने व्यवस्था जग्गा प्राप्ति ऐन, २०३४ (यसपछि "ऐन" भनी सम्बोधन गरिएको) को दफा ३ ले गरेको छ । जग्गा प्राप्त गर्ने सम्बन्धमा ऐनको दफा ५ बमोजिम नेपाल सरकारले प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारीले ऐनको दफा ९ बमोजिम जग्गा प्राप्ति गर्ने कुराको सूचना प्रकाशन गर्ने र सोही ऐनको दफा १८(१) बमोजिम मुआब्जा पाउनेको नामावली सरोकारवालाको जानकारीको लागि स्थानीय अधिकारीले टाँस गर्नुपर्ने कानूनी व्यवस्था रहेको तथा यसरी प्राप्ति गरिने जग्गाको मुआब्जाको रकम निर्धारण ऐनको दफा १३ बमोजिम समितिले निर्धारण गर्ने र निर्धारित क्षतिपूर्ति वा मुआब्जा लिनको लागि म्याद तोकिएको र त्यसरी तोकिएको म्यादभित्र सरोकारवाला व्यक्तिले रकम लिन नआएमा वा लिन मन्जुर नगरेमा स्थानीय अधिकारीले त्यस्तो क्षतिपूर्ति वा मुआब्जाको रकम बुझ्नको लागि तीन महिनाको अन्तिम म्याद दिई सूचना प्रकाशित गरिने र सो म्यादभित्र पनि रकम लिन नआउने सरोकारवाला व्यक्तिले त्यस्तो क्षतिपूर्ति वा मुआब्जा पाउने नभई उक्त क्षतिपूर्ति वा मुआब्जाको रकम सञ्चित कोषमा दाखिला हुने व्यवस्था ऐनको दफा ३७ मा रहेको छ । जग्गा प्राप्ति ऐन, २०३४ अन्तर्गत सजाय हुने मुद्दाको सुरू कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुने र प्रमुख जिल्ला अधिकारीले गरेको निर्णयउपर पैंतिस दिनभित्र पुनरावेदन लाग्ने व्यवस्था सोही ऐनको दफा ४० मा रहेकोले रिट निवेदकहरूले प्रचलित ऐनको मर्म र भावनाविपरीत विलम्ब (Laches/delay) गरी मुद्दाको लागि मुद्दा गर्न विनाकारण, आधार र प्रमाण यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन औचित्यपूर्ण (Reasonableness) नदेखिँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको तर्फबाट मिति २०७४।१२।२८ मा यस अदालतमा पेस गरेको लिखित जवाफ ।

रिट निवेदकले निवेदनमा उल्लेख गरेबमोजिम राज्यले मुआब्जा नदिएको अवस्था होइन । मुआब्जा समितिले जग्गा प्राप्ति ऐन, २०३४ को प्रक्रियाबमोजिम निर्धारण गरेको मुआब्जा रकम विपक्षीहरूले नबुझी बसेर अहिले आएर मुआब्जा माग गरेको अवस्था हो । मुआब्जाको रकममा चित्त नबुझेको भए विपक्षीहरूले मुआब्जा निर्धारण भएको समयमै दाबी लिई अदालतमा प्रवेश गर्नुपर्ने थियो । त्यो रिट निवेदकले नगरी झन्डै २२ वर्षपछि रिट निवेदन दायर भएको अवस्था छ । त्यसरी दिएको मुआब्जा नलिई बस्ने अहिले आएर मुआब्जा नपाएको भनी अदालत प्रवेश गरेको देखिएको छ । जग्गा प्राप्ति ऐनको प्रक्रिया पूरा गरी मुआब्जा समितिले एक पटक निर्धारण गरी मुआब्जा लिन आह्वान गर्दा अटेर गरेर बसेका यी रिट निवेदकहरूलाई पुनः मुआब्जा निर्धारण गरी वितरण गर्ने कुनै कानूनी आधारसमेत रहेको छैन । विपक्षी रिट निवेदकहरूलाई पूर्वाञ्चल क्षेत्रीय सडक निर्देशनालय दमक, झापाको के कुन निर्णयबाट निजहरूको हक अधिकारमा आघात पुग्न गएको हो भनी उल्लेख गर्नुभएको छैन । यस निर्देशनालयबाट कुनै निर्णय नै नभएको विषयमा यस निर्देशनालयलाई समेत विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, पूर्वाञ्चल क्षेत्रीय

सडक निर्देशनालय दमक, झापाको तर्फबाट मिति २०७४।१२।२८ मा यस अदालतमा पेस गरेको लिखित जवाफ।

निवेदेकहरूले लिएको जिकिरअनुसार यस कार्यालयबाट प्रकाशित सूचनाअनुसार मुआब्जाको लागि यस कार्यालयबाट मिति २०५१।०२।३१ मा प्रतिकठ्ठा रू.५,०००।- (पाँच हजार) को दरले मुआब्जा दिने निर्णय भएछ। तत्पश्चात् पुनः मूल्याङ्कनको लागि निवेदकहरूको मिति २०५१।०४।२८ गते निर्माण तथा यातायात मन्त्रालयमा र मिति २०५२।०८।०६ मा गृह मन्त्रालयमा निवेदन परेपछि गृह मन्त्रालयको पुनः मूल्याङ्कन गरिदिने मिति २०५२।०८।०६ गतेको आदेशानुसार मिति २०५२।०९।०४ मा मुआब्जा निर्धारण समितिको बैठकले पुनः मूल्याङ्कन गरी साबिक नकलबन्दा ८ ग र च बाँध आसपासको जग्गाको लागि प्रतिकठ्ठा रू. २,००,०००।- (दुई लाख) र ऐ. ८ ग र च राजमार्ग आसपासको जग्गा प्रतिकठ्ठा रू. ३,००,०००।- (तीन लाख) का दरले मुआब्जा दिने निर्णय गरी सम्बन्धित निकायमा सिफारिससमेत गर्ने निर्णय गरी सकिएकोले यस कार्यालयबाट गरिनुपर्ने कार्य भइसकेकोले निवेदकहरूको मागबमोजिम यस कार्यालयको अन्य दायित्व नरहेको हुँदा यस कार्यालयउपर लगाइएको आरोपित रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको जिल्ला प्रशासन कार्यालय, झापाको तर्फबाट मिति २०७५।०१।०४ मा यस अदालतमा पेस गरेको लिखित जवाफ।

"यसमा निवेदनमा उल्लिखित जग्गा अधिग्रहण सबन्धमा जग्गा प्राप्ति, मूल्याङ्कन र पुनः मूल्याङ्कनसमेत भएको जिल्ला प्रशासन कार्यालय झापा, सडक डिभिजन कार्यालय, झापा गृह मन्त्रालय र भौतिक योजना मन्त्रालयमा रहेका मिसिल (फाइल) झिकाई आएपछि नियमानुसार गरी पेस गर्नू" भन्ने यस अदालतको मिति २०७५।०७।२८ को आदेश।

ठहर खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री माधवकुमार बस्नेत र खेमराज भट्टले वि.सं. २०५१।०१।१२ मा गोरखापत्रमा सूचना जारी गरी झापा जिल्ला नकलबन्दा गा.वि.स. वडा नं. ८ ग र ८ च मा पर्ने रिट निवेदकहरूका जग्गाहरू अधिग्रहण गरेकोमा विश्व बैंकको ऋण सहयोगमा बाढी नियन्त्रण गर्न उल्लिखित जग्गाहरू अधिग्रहण गरेको हो। पहिलो पटक मिति २०५१।०२।३१ मा प्रतिकठ्ठा रू. ५,०००।- का दरले मुआब्जा दिने गरी जिल्ला प्रशासन कार्यालय, झापाबाट निर्णय भएको र सो मुआब्जाको रकम कम भएको भनी दोस्रो पटक मिति २०५२।०९।०४ मा मुआब्जा निर्धारण समितिले सो गा.वि.स.को वडा नं. ८ च का जग्गाहरूको प्रतिकठ्ठा रू. २,००,०००।- दुई लाख र ऐ. ग का जग्गाहरूको प्रतिकठ्ठा रू. ३,००,०००।- तीन लाख कायम गरेको भए पनि हालसम्म उल्लिखित जग्गाहरूको मुआब्जा रकम यी निवेदकहरूले पाउन सकेको अवस्था नहुँदा हालको प्रचलित मूल्यको आधारमा क्षतिपूर्तिसहितको मुआब्जा रकम उपलब्ध हुने गरी रिट जारी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

त्यसैगरी विपक्षी सरकारी निकायहरूका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री नवराज पराजुलीले निवेदकहरूका जग्गा राज्यले सार्वजनिक प्रयोजनका लागि लिनसक्ने कुरामा विवाद छैन। यो आयोजनाको मुख्य लक्ष्य भनेको कालीखोला नियन्त्रण गरी बस्ती र बाटो बचाउनुपर्ने नै हो। राज्यले यी रिट निवेदकहरूको जग्गाअधिग्रहण गरेको र सोबापतको रकम दिने कुरामा निवेदकहरूलाई पूर्णजानकारी नै थियो। निवेदकहरूको जग्गा राज्यले बलजफ्ती लिएको अवस्था होइन। जग्गा प्राप्ति ऐन, २०३४ को दफा २५ को उपदफा (७) बमोजिम मुआब्जा वा क्षतिपूर्ति रकममा चित्त नबुझ्ने व्यक्तिले मुआब्जा निर्धारण भएको सूचना

जारी भएको मितिले पन्ध्र दिनभित्र नेपाल सरकार, गृह मन्त्रालयसमक्ष उजुर गर्न सक्ने छ र त्यस्तोमा नेपाल सरकार, गृह मन्त्रालयको निर्णय अन्तिम हुने छ भन्ने व्यवस्था भएकोमा यी रिट निवेदकहरूले सो निर्णय विरूद्ध गृह मन्त्रालयमा निवेदन नदिई रिट क्षेत्रअन्तर्गत आएको अवस्था हुँदा प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भन्ने बहस जिकिरसमेत सुनियो।

यसमा विद्वान् कानून व्यवसायीहरूको बहस सुनी निवेदनसहितको मिसिल अध्ययन गरी हेर्दा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, विपक्षी जिल्ला प्रशासन कार्यालय, झापाबाट मिति २०५१।०१।१३ मा निवेदकहरूको जग्गा अधिग्रहण गरिएको गोरखापत्रमा प्रकाशित सूचनाअनुसार निवेदकहरूले जग्गाधनी प्रमाण पुर्जासहित निवेदन दिएकोमा विपक्षी जिल्ला प्रशासन कार्यालयबाट मिति २०५१।०२।३१ मा प्रतिकठ्ठा रू.५,०००।- (पाँच हजार) को दरले मुआब्जा दिने निर्णय भएको, उक्त रकम उचित क्षतिपूर्ति नभई हामीहरूको जग्गा प्राप्त गर्न कानूनी उपायको रूपमा मात्र प्रयोग गरेको देखिएकोले पुनः मूल्याङ्कनको लागि निवेदन दिएकोमा मिति २०५२।०९।०४ मा झापा जिल्ला प्रशासनमा बसेको मुआब्जा निर्धारण समितिको बैठकले साबिक नकलबन्दा ८ ग र च बाँध आसपासको जग्गाको लागि प्रतिकठ्ठा रू. २,००,०००।- (दुई लाख) र ऐ. ८ ग र च राजमार्ग आसपासको जग्गा प्रतिकठ्ठा रू. ३,००,०००।- (तीन लाख) का दरले मुआब्जा रकम दिने भनी निर्धारण गरेको भए पनि हालसम्म उक्त मुआब्जा रकम उपलब्ध नगराएको हुँदा हालको खरिद बिक्रीको मूल्यमा हामी निवेदकहरूलाई मुआब्जा र क्षतिपूर्ति उपलब्ध गरी पाउनका लागि परमादेशको आदेश जारी गरिपाउँ भन्ने मुख्य रिट निवेदन दाबी रहेको पाइयो।

३. विपक्षीहरूको लिखित जवाफ हेर्दा, निवेदकहरूले लिएको जिकिरअनुसार यस कार्यालयबाट प्रकाशित सूचनाअनुसार मुआब्जाको लागि यस कार्यालयबाट मिति २०५१।०२।३१ मा प्रतिकठ्ठा रू.५,०००।- (पाँच हजार) को दरले मुआब्जा दिने निर्णय भएपश्चात् पुनः मूल्याङ्कनको लागि निवेदकहरूको मिति २०५१।०४।२८ गते निर्माण तथा यातायात मन्त्रालयमा र मिति २०५२।०८।०६ मा गृह मन्त्रालयमा निवेदन परेपछि गृह मन्त्रालयको पुनः मूल्याङ्कन गरिदिने मिति २०५२।०८।०६ गतेको आदेशानुसार मिति २०५२।०९।०४ मा मुआब्जा निर्धारण समितिको बैठकले पुनः मूल्याङ्कन गरी साबिक नकलबन्दा ८ ग र च बाँध आसपासको जग्गाको लागि प्रतिकठ्ठा रू. २,००,०००।- (दुई लाख) र ऐ. ८ ग र च राजमार्ग आसपासको जग्गा प्रतिकठ्ठा रू. ३,००,०००।- (तीन लाख) का दरले मुआब्जा दिने निर्णय गरी सम्बन्धित निकायमा सिफारिससमेत गर्ने निर्णय भई निवेदकहरूको मुआब्जा लागि गरिनुपर्ने कार्य पूरा भइसकेकाले रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षीको लिखित जवाफबाट देखियो।

४. प्रस्तुत रिटमा "सम्बन्धित जग्गाधनीहरूले आआफ्नो हकभोगको प्रमाणसहित मुआब्जाको लागि यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयमा आई दरखास्त दिनु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ" भनी जिल्ला प्रशासन कार्यालय, झापाको नामबाट मिति २०५१।०१।१३ मा गोरखापत्रमा जग्गा अधिग्रहण गर्ने सूचना प्रकाशन भएको तथ्य मिसिलबाट देखिन्छ।

५. झापा जिल्ला प्रशासनबाट पहिलो पटक मिति २०५१।०२।३१ मा रिट निवेदकहरूको अधिग्रहण गरिएका जग्गाको प्रतिकठ्ठा रू. ५,०००।- मुआब्जा दिने भन्ने निर्णय भएको र सो मुआब्जा रकममा यी निवेदकहरूले चित्त नबुझाई उजुर गरेपछि पुनः मिति २०५२।०९।०४ मा मूल्याङ्कन

गरी साबिक नकलबन्दा ८ ग र च बाँध आसपासको जग्गाको लागि प्रतिकठ्ठा रू. २,००,०००।- (दुई लाख) र ऐ. ८ ग र च राजमार्ग आसपासको जग्गा प्रतिकठ्ठा रू. ३,००,०००।- (तीन लाख) का दरले मुआब्जा दिने र सो रकम जग्गाधनीलाई उपलब्ध गराउनुपर्ने मुआब्जाको रकम जिल्ला प्रशासन कार्यालय, झापामार्फत निकासा हुन सम्बन्धित निकायमा सिफारिस गर्ने भन्ने निर्णय भएको मिसिल संलग्न प्रमाण कागजातहरूबाट देखिन आयो। तर निर्णयपश्चात् मुआब्जाको सूचना प्रकाशित गरी मुआब्जा बुझ्न आउन सूचना प्रकाशित गरेको भने मिसिल संलग्न कागजातमा देखिएन।

६. मिति २०५२।०९।०४ मा मुआब्जा निर्धारण समितिले गरेको निर्णयविपरीत "क्षेत्रीय प्रशासक श्री राजेश्वरमान सिंहसमेतको टोलीबाट स्थलगत अनुगमन र निरीक्षण हुँदा अधिग्रहण गरिएका जग्गाहरू खोला, किनार, बगर देखिएको, बस्ती नभएको, बाढीग्रस्त क्षेत्र र खोलालाई दायाँ बायाँ फैलिन नदिई एकत्रित गराई निकास गरिएको, आसपासका बस्ती र स्थानीयको जग्गा संरक्षण भएको, कालीखोला गाउँ बस्तीतर्फको शाखा सडकलाई टेवा पुगेको तथा पूर्वपश्चिम राजमार्ग र कालीखोला पुल संरक्षणका लागि सडक विभाग बाढीग्रस्त पुल सडक पुनः निर्माण आयोजनाले तटबन्ध निर्माण कार्यसमेत सम्पन्न गरेको अवस्थामा विद्यमान कानूनी आधार तथा जग्गाको अवस्थासमेतलाई मध्यनजर गरी पुनः मुआब्जा निर्धारण गर्न औचित्य नदेखिएको राय ठहरसाथ गृह मन्त्रालयमा पठाउन उपयुक्त हुने" भनी क्षेत्रीय प्रशासन कार्यालय, पूर्वाञ्चल विकास क्षेत्र, धनकुटाबाट मिति २०७३।११।३० मा निर्णय भएको मिसिल प्रमाणबाट देखिन्छ।

७. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १७ (३) ले "सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यो सम्पत्तिउपर कुनै अधिकारको सिर्जना गर्दा दिनुपर्नेजति क्षतिपूर्ति, त्यसको आधार र कार्य प्रणाली कानूनद्वारा निर्धारित गरिएबमोजिम हुने छ" भनी सार्वजनिक हितमा व्यक्तिको सम्पत्ति अधिग्रहण गर्नसक्ने भए पनि क्षतिपूर्ति दिनुपर्ने स्पष्ट व्यवस्था गरेको पाइन्छ। त्यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ ले **"प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने छ, वैज्ञानिक भूमिसुधार कार्यक्रम लागु गर्दा वा सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सिर्जना गर्दा कानूनबमोजिम क्षतिपूर्ति दिइने छ"** भन्ने र वर्तमान नेपालको संविधानको धारा २५ ले **"प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने छ। सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐनबमोजिम हुने छ"** भन्ने संवैधानिक व्यवस्था रहेको छ।

८. कसैको सम्पत्ति अधिग्रहण गर्नु भनेको उसलाई सम्पत्तिविहीन पार्नु भन्ने कदापि होइन। मूलतः त्यसरी सम्पत्ति अधिग्रहण गर्नु भनेको जग्गाधनीलाई सोबापतको क्षतिपूर्ति उपलब्ध गर्नु भन्ने नै हुन आउँछ। कुनै नागरिकको सम्पत्ति राज्यद्वारा सार्वजनिक हितका लागि प्रयोग गर्न अधिग्रहण हुनसक्ने नै हुन्छ। त्यसरी सम्पत्ति अधिग्रहण गरी सम्पत्तिको हक समाप्त भएका नागरिकलाई उचित क्षतिपूर्ति भने उपलब्ध गराएको हुनुपर्दछ। यस सन्दर्भमा यस अदालतबाट धेरै मुद्दाहरूमा फरक संवैधानिक व्यवस्था र सन्दर्भमा व्याख्या विवेचना भई आएको छ। **नन्दकुमारी रावल विरूद्ध श्री ५ को सरकार, उद्योग मन्त्रालयसमेत, ने.का.प. २०५०, अङ्क ४, नि.नं. ४७२१, पृष्ठ १८० मा** कार्यपालिकाको स्वेच्छाचारी अतिक्रमणबाट कसैको

सम्पत्तिको अपहरण नहोस् भन्ने मनसाय नेपालको संविधान, २०१९ को धारा १५ मा रहे पनि विधायिकी अधिकारमाथि कुनै नियन्त्रण नलगाएको व्याख्या हुँदै *"सम्पत्तिको हकलाई अनतिक्रम्य (Inviolable) मान्ने बेलायत र संयुक्त राज्य अमेरिकामा पनि यस सम्बन्धमा महत्त्वपूर्ण वैचारिक परिवर्तनहरू भएको र सार्वजनिक हित, राष्ट्रिय सम्पत्तिउपर राज्यको पहिलो हक (Eminent Domain) राज्यमा अन्तरनिहित शान्ति र व्यवस्थाको अधिकार (Police Power) सार्वजनिक हित (Public Purpose) इत्यादि विभिन्न सिद्धान्त र अवधारणाहरू विकसित गरी सम्पत्तिको अधिकारलाई अतिक्रम्य बनाउँदै गएको सन्दर्भमा हाम्रो जस्तो अविकसित देशमा सङ्कीर्ण व्यक्तिवादमा आधारित सम्पत्तिको निरपेक्ष हक भन्ने अवधारणा विकसित गर्नु व्यावहारिक दृष्टिकोणबाट पनि नमिल्ने"* उल्लेख भएको छ।

९. वि.सं. २०४६ सालको राजनीतिक परिवर्तनपछिको संवैधानिक व्यवस्थापछिको व्याख्यामा **बद्रिप्रसाद शर्मा विरूद्ध श्री ५ को सरकार, मन्त्रिपरिषद्समेत, ने.का.प. २०५८, अङ्क ९, नि.नं. ७०४०, पृष्ठ ५९१** मा सम्पत्तिको हकको यसरी व्याख्या भएको छ *"नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १७ को उपधारा (२) ले सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरू कुनै प्रकारको कुनै अधिकारको सिर्जना गर्ने छैन भन्ने र धारा १७ को उपधारा (३) मा सार्वजनिक हितको लागि सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेबाट व्यक्तिको सम्पत्तिमा क्षतिपूर्ति नदिई राज्यले प्रयोग गर्नसक्ने स्थिति देखिन आएन । कुनै योजना वा कार्यको निमित्त व्यक्तिले आफ्नो जग्गा स्वइच्छाले प्रदान गर्नु स्वेच्छिक कार्य हो । यस्तो अवस्थामा क्षतिपूर्ति वा मुआब्जाको प्रश्न आउँदैन । तर कसैको जग्गा निजको इच्छा विरूद्ध प्रयोग गर्न सकिने व्यवस्था संविधानले परिकल्पना गरेको देखिन आउँदैन"* उल्लेख भएको छ।

१०. लामो समयदेखि क्षतिपूर्ति वा मुआब्जा नदिई व्यक्तिलाई आफ्नो सम्पत्ति भोग गर्नबाट वञ्चित गराइएको विषयमा **सरस्वती अधिकारी विरूद्ध श्री ५ को सरकार, निर्माण तथा यातायात मन्त्रालयसमेत, ने.का.प. २०५९, अङ्क ५, नि.नं. ७१००, पृष्ठ ३८१** मा ***"२०२७ सालदेखि सरकारी प्रयोजनको लागि लिइएका निवेदकहरूको जग्गा हालसम्म पनि श्री ५ को सरकारले कब्जा गरी सम्बन्धित व्यक्तिलाई भोग गर्न पनि नदिने र अधिग्रहण गरी मुआब्जा दिनेतर्फ कारबाही किनारासमेत नगरी अनिर्णित अवस्थामा राखी राख्न कानून र न्यायसम्मत नहुने"*** भनी एक वर्षभित्र यस सम्बन्धमा निर्णय गर्नु भनी परमादेशको आदेश जारी भएको देखिन्छ।

११. सम्पत्तिको हक क्षतिपूर्ति र मुआब्जाका विषयमा यस अदालतबाट भएका पछिल्ला व्याख्याहरूमा **महन्तलाल श्रेष्ठ विरूद्ध नेपाल सरकार, प्र.म.तथा म.प.स.को कार्यालयसमेत ने.का.प. २०७३, अङ्क १२, नि.नं. ९७३५,** *"अधिग्रहण वा प्राप्ति गरिएको सम्पत्ति खरिद वा बिक्री गरिँदा क्रेता वा बिक्रेताले सामान्यतः के कतिमा खरिद वा बिक्री गर्छन्, त्यस्तैगरी अधिग्रहणको कारण कुनै व्यक्ति पूर्णतः विस्थापित हुने स्थितिमा हाल बसोबास गरिरहेको स्थानमा जीवन निर्वाहको लागि प्रयोग गरी आएको निजी स्वामित्व, भोग वा सार्वजनिक स्वामित्वमा रहेका तर परम्परागतरूपमा उपभोग गरी आएको कस्तो स्रोत वा साधन छन्, नयाँ ठाउँमा उसलाई संस्थापित हुन के कति रकम वा के कस्तो तात्कालिक र दीर्घकालीन सहयोग जरूरी पर्छ, सो पनि क्षतिपूर्ति निर्धारण गरिँदा विचार गर्नुपर्ने आधार हुन सक्ने र विकासको नाममा विस्थापनबाट प्रभावित व्यक्तिहरूले भोग्नुपर्ने सामूहिक र व्यक्तिगत विपन्नता रोक्नु राज्यको कर्तव्य हुने, संविधानमा क्षतिपूर्तिका आधार र कार्य प्रणाली*

*कानूनद्वारा तय हुने, विधायिकाले कानूनी आधार निर्माण गरी क्षतिपूर्तिबारे व्यवस्था गर्न त सक्छ तर त्यस्तो क्षतिपूर्ति नाम मात्रको छ वा वास्तविक छ अधिग्रहण वा प्राप्त गर्न लागिएको सम्पत्तिसँग सान्दर्भिक छ वा छैन भन्ने कुरा न्यायिक परीक्षणको विषय बन्न सक्ने"* भनी व्याख्या भएको छ भने **श्यामप्रसाद श्रेष्ठ विरूद्ध जिल्ला प्रशासन कार्यालय, स्याङ्जासमेत, ने.का.प. २०७५, अङ्क ३, नि.नं. ९९७३,** *"कुनै पनि व्यक्तिको सम्पत्तिमाथि त्यस्तो व्यक्तिको मौलिक हक हुने र त्यस्तो सम्पत्तिलाई राज्यले प्राप्त गर्ने अवस्थामा राज्यले कानूनको प्रक्रिया अपनाई उचित मुआब्जा दिनुपर्ने विषयमा विवाद हुन नसक्ने"* भनिएको छ।

१२. उल्लिखित व्याख्या र सिद्धान्तहरूको आलोकमा हेर्दा रिट निवेदकहरूको जग्गा नेपाल सरकारले मिति २०५१।०२।३१ मा नदी नियन्त्रण तथा तटबन्ध निर्माणका लागि अधिग्रहण गरेकामा अहिले २५ वर्षसम्म पनि सोको मुआब्जा तथा क्षतिपूर्तिसमेत यी निवेदकहरूले पाउन नसकेको अवस्था मिसिल प्रमाणबाट देखिन्छ । यस्तो अवस्थालाई कानून र न्यायसम्मत मान्न सकिँदैन । विपक्षीहरूबाट निवेदकहरूले यतिका समय व्यतित हुँदासम्म आफ्नो जग्गाको कुनै मुआब्जा तथा क्षतिपूर्ति पाउन सकेको अवस्था देखिन नआएबाट पैसाको समयानुसार मूल्य (Time Value of Money) समेतलाई मध्यनजर राखी अधिग्रहण गरिएका जग्गाको उचित मुआब्जा तथा क्षतिपूर्ति निवेदकहरूले पाउनुपर्ने अवस्थालाई अन्यथा मान्न सकिएन।

१३. अतः रिट निवेदकहरूले सरकारबाट अधिग्रहण गरिएको आफ्नो जग्गाको मुआब्जा रकमका सन्दर्भमा जिल्ला प्रशासन कार्यालय, झापाबाट पहिलो पटक मिति २०५१।०२।३१ को बैठकको निर्णयले प्रतिकट्ठा रू.५,०००।- का दरले मुआब्जा पाउने भनी मुआब्जा निर्धारण समितिले निर्णय गरेकोमा यी रिट निवेदकहरूले सो मुआब्जा रकममा चित्त नबुझाई गरेको उजुरीका आधारमा पुनः मुआब्जा निर्धारण भएको र उक्त मुआब्जाको रकमसमेत विनियोजन नगरी सो निर्णय कार्यान्वयन भएको भन्ने देखिएन । मिति २०५२।०९।०४ मा पुनः मुआब्जा निर्धारणपश्चात् साबिक नकलबन्दा ८ ग र च बाँध आसपासको जग्गाको लागि प्रतिकट्ठा रू. २,००,०००।- (दुई लाख) र ऐ. ८ ग र च राजमार्ग आसपासको जग्गा प्रतिकट्ठा रू. ३,००,०००।- (तीन लाख) का दरले मुआब्जा दिने र सो रकम जग्गाधनीलाई उपलब्ध गराउनुपर्ने मुआब्जाको रकम जिल्ला प्रशासन कार्यालय, झापामार्फत निकासा हुन सम्बन्धित निकायमा सिफारिस गर्ने भन्ने निर्णय भएकोमा सोलाई कार्यान्वयन गर्नेतर्फ विपक्षी सम्बद्ध मन्त्रालय तथा कार्यालयहरूसमेत सक्रिय नरही केवल टिप्पणी उठाई राय लिने कार्य गरेको र मिति २०७३।११।३० मा पुनः मुआब्जा निर्धारण गर्न औचित्य नदेखिएको भनी टिप्पणी सदर गरेको क्षेत्रीय प्रशासन कार्यालय, पूर्वाञ्चल विकास क्षेत्र, धनकुटाको टिप्पणी आदेश उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब, मिति २०५२।०९।०४ मा मुआब्जा निर्धारण समितिबाट तय भएको मुआब्जाको अङ्कअनुसार हाल समयको अन्तरालमा भएको जग्गाको मूल्यवृद्धिसमेतलाई मध्यनजर गरी निवेदकहरूलाई उचित मुआब्जा रकम एक वर्षभित्र उपलब्ध गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ। आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त राय सहमत छु।
न्या.केदारप्रसाद चालिसे

इजलास अधिकृत: मिनबहादुर कुँवर
इति संवत् २०७६ साल असार २३ गते रोज २ शुभम्।

## निर्णय नं. १०५१३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री तेजबहादुर के. सी.
फैसला मिति : २०७६।५।१५

मुद्दा : कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग

०७२-CR-१४०९

पुनरावेदक / प्रतिवादी : जिल्ला पर्सा गा. वि. स. ठोरी वडा नं. ४ घर भई हाल कारागार कार्यालय भिमफेदी मकवानपुरमा थुनामा रहेको वर्ष ३० को दिलबहादुर लामा मोक्तान

विरूद्ध

प्रत्यर्थी / वादी : बिनु रायमाझी पौडेलको जाहेरीले नेपाल सरकार

०७२-CR-१४२७

पुनरावेदक / वादी : प्र.स.नी. सन्तबहादुर थापाको प्रतिवेदन, कारागार कार्यालय चितवनको पत्र तथा जिल्ला चितवन भरतपुर न.पा. वडा नं. १० बस्ने बिनु रायमाझी पौडेलको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : वीरबहादुर गुरूङको छोरा जिल्ला गोरखा फुजेल गा.वि.स. वडा नं. २ पुरानो गाउँ घर भई हाल हिमनाथ घिमिरेको जाहेरीले वादी नेपाल सरकार भएको खुनडाँका मुद्दामा केन्द्रीय कारागार जगन्नाथ देवलमा थुनामा रहेका **सुनिल गुरूङसमेत**

०७२-CR-१५१७

पुनरावेदक / प्रतिवादी : चितवन जिल्ला शारदानगर गा.वि.स. वडा नं. १ घर भई हाल कारागार कार्यालय जगन्नाथदेवल, त्रिपुरेश्वर काठमाडौंअन्तर्गत सेन्टरमा थुनामा रहेको वर्ष २२ को अमिर गुरूङ

विरूद्ध

प्रत्यर्थी / वादी : बिनु रायमाझीसमेतको जाहेरीले नेपाल सरकार

०७२-CR-१५३८

पुनरावेदक / प्रतिवादी : नरबहादुर गुरूङको छोरा जिल्ला चितवन भरतपुर नगरपालिका वडा नं. १० चौबिसकोठी घर भई हाल कारागार भिमफेदी मकवानपुरमा थुनामा रहेको वर्ष ३२ को शरणकुमार गुरूङ

विरूद्ध

प्रत्यर्थी / वादी : बिनु रायमाझीसमेतको जाहेरीले नेपाल सरकार

०७२-CR-१६०१

पुनरावेदक / प्रतिवादी : इन्द्रलाल श्रेष्ठको छोरा चितवन जिल्ला भरतपुर न.पा. वडा नं. १२ जागृतीचोक घर भई हाल कारागार कार्यालय भिमफेदी मकवानपुरमा बस्ने वर्ष ३० को सुरज श्रेष्ठ

विरूद्ध

प्रत्यर्थी / वादी : बिनु रायमाझीसमेतको जाहेरीले नेपाल सरकार

०७२-CR-१७८३

पुनरावेदक / प्रतिवादी : शंकरबहादुर के.सी. को छोरा चितवन जिल्ला भरतपुर नगरपालिका वडा

नं. १२ घर भई हाल कारागार शाखा झुम्का सुनसरीमा थुनामा रहेका वर्ष ३० को सुनिल के.सी.

विरूद्ध

प्रत्यर्थी / वादी : बिनु रायमाझीसमेतको जाहेरीले नेपाल सरकार

०७२-CR-१७८४

पुनरावेदक / प्रतिवादी : दिलबहादुर श्रेष्ठको छोरा चितवन जिल्ला भरतपुर नगरपालिका वडा नं. १२ घर भई हाल कारागार शाखा झुम्का सुनसरीमा थुनामा रहेका फणिन्द्र श्रेष्ठ

विरूद्ध

प्रत्यर्थी / वादी : बिनु रायमाझीसमेतको जाहेरीले नेपाल सरकार

०७२-CR-१८७०

पुनरावेदक / प्रतिवादी : चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ४ घर भई हाल क्षेत्रीय कारागार कार्यालय झुम्का सुनसरीमा थुनामा रहेको ज्ञानबहादुर राईको छोरा वर्ष २२ को सोचेन्द्र राई

विरूद्ध

प्रत्यर्थी / वादी : बिनु रायमाझीसमेतको जाहेरीले नेपाल सरकार

०७३-RC-०१७४

वादी : बिनु रायमाझीसमेतको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रतिवादी : वीरबहादुर गुरूङको छोरा जिल्ला गोरखा फुजेल गा.वि.स. वडा नं. २ घर भई हाल केन्द्रीय कारागार जगन्नाथ देवलमा थुनामा रहेका सुनिल गुरूङसमेत

- **अन्यथा प्रमाणित नभएको अवस्थामा अनुसन्धानको क्रममा भएको बयानलाई प्रमाणमा लिन मिल्ने देखिन्छ । अनुसन्धानको क्रममा भएको बयान निरपेक्ष रूपले जुनसुकै अवस्थामा प्रमाणमा ग्राह्य नहुने भनी अर्थ गर्न नमिल्ने ।**

(प्रकरण नं.१४)

- **समूहमा रही वारदातस्थलसम्म पुगेको भन्ने आधारमा मात्र सबैलाई मुख्य अपराधीसरह व्यवहार गर्नु उचित हुँदैन । समूहमा रहने हरेक प्रतिवादीको अपराधमा संलग्नता तथा निभाएको भूमिका पुष्टि भई सोही आधारमा मात्र कसुर कायम गरिनु पर्ने ।**

(प्रकरण नं.१८)

वादीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री शंकर खत्री

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री मनोज दुवाडी, श्री हरिहर दाहाल, श्री शम्भु थापा र विद्वान् अधिवक्ताहरू श्री कमल नयन पन्त, श्री मोहनबहादुर बन्जारा क्षेत्री, श्री राम गोपाल श्रेष्ठ र श्री दिर्घलाल गिरी

अवलम्बित नजिर :

- ने.का.प.२०६६, अङ्क ४, नि.नं.८११५
- ने.का.प.२०६८, नि.नं.८६८७

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१

सुरू तहमा फैसला गर्नेः

मा. जिल्ला न्या. श्री विनोद मोहन आचार्य
चितवन जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

मानननीय न्यायाधीश श्री हरिकुमार पोखरेल
माननीय न्यायाधीश श्री बाबुराम रेग्मी
पुनरावेदन अदालत, हेटौंडा

फैसला

**न्या.दीपककुमार कार्की :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम वादी प्रतिवादीको तर्फबाट पुनरावेदन परी तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १० बमोजिम साधक जाँचको रोहमा नियमानुसार पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य खण्ड

जिल्ला चितवन भ.न.पा. वडा नं. १० स्थित कारागार कार्यालयभित्र रहेको पुरूष बन्दीगृहमा च्यानलगेटको ताल्चा लगाउने कब्जा भाँचिएको, "ख" ब्लकदेखि "घ" ब्लक हुँदै "ग" ब्लकको अगाडिसम्म ठाउँ ठाउँमा रगत रहेको, नजिक रगतसमेत लागेका चापाकलको ह्याण्डिल, पाइप, रड, बाँस, काठका टुक्रा, पन्यू, तावा फेला परेको, "ग" ब्लकभित्र शिवप्रसाद पौडेलसमेत सुतेको कोठामा सिरक, तकिया, तन्ना रगतले भिजेको भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्का।

टाउको अनुहारमा समेत गह्रौं वस्तुले हानेको घाउ चोटपटक रहेको भन्नेसमेत बेहोराको घाइते हरिबहादुर गुरूङको घाउजाँच केस फाराम प्रतिवेदन।

सामान्य घाइते भएको भन्नेसमेत बेहोराको घाइते बद्रीप्रसाद ढुङ्गानाको घाउजाँच केस फाराम प्रतिवेदन।

अनुहारमा समेत गह्रौं वस्तुले हानेको घाउ चोटपटक रहेको भन्नेसमेत बेहोराको घाइते गोपी परियारको घाउजाँच केस फाराम प्रतिवेदन।

गह्रौं वस्तुको प्रहारबाट मर्न सक्नेसम्मको घाउचोटपटक रहेको भन्नेसमेत बेहोराको घाइते प्रदिप भट्टको घाउजाँच केस फाराम प्रतिवेदन।

मिति २०६८।८।२० गते बिहान अं.०६:०० बजेको समयमा कारागार "क" ब्लकको च्यानलगेट खोलेपछि प्र.ह. रामबालक यादवको हातबाट सुनिल गुरूङसमेतका कैदी बन्दीहरूले चाबी खोसी "ग" ब्लकको ढोका खोली सुतेका शिवप्रसाद पौडेलसमेतलाई फलामे चापाकलको ह्याण्डिल, पन्यु, तावा, रड, पाइपसमेतले प्रहार गरी ज्यान मार्न लागेको हुँदा ताला फोडी स्थितिलाई नियन्त्रणमा लिन २ राउन्ड हवाई फायरसमेत गरिएको हो भन्नेसमेत बेहोराको प्र.स.नि. सन्तबहादुर थापाको प्रतिवेदन।

मिति २०६८।८।२० गते बिहान मसमेत "ग" ब्लकमा सुतिरहेको अवस्थामा "क" ब्लकका व्यक्तिहरू हातमा रड, तावा, चापाकलको ह्याण्डिलसमेतको हातहतियार बोकी आई "ग" ब्लकमा प्रवेश गरी चन्द्रबहादुर थापा मगरले मेरो टाउको, खुट्टामा पहिलो प्रहार गरे, त्यसपछि सुजेन्द्र राईसमेतले प्रहार गरे, क्रमशः सुनिल के.सी., फणिन्द्र श्रेष्ठ, सुरज श्रेष्ठ (छोइला), शरण गुरूङ, दिलबहादुर लामा, राजकुमार घलानसमेतले शिवप्रसाद पौडेल, प्रदिप भट्ट, बद्रीप्रसाद ढुङ्गानासमेतलाई प्रहार गरी गम्भीर घाइते बनाएका हुन, निजहरू शिवको भाइ गोपी पौडेललाई कर्तव्य गरी मारेको ज्यान मुद्दामा सो कारागारमा थुनामा रहेका र शिवप्रसाद पौडेललाई समेत सोही कारागारमा राखेको हुँदा पूर्वरिसइवीको कारणले मार्ने मनसायले कुटपिट गरेका हुन् भन्नेसमेत बेहोराको घाइते गोपी परियारले गरेको कागज।

म ज्यान मार्ने उद्योग मुद्दामा कारागारको "ग" ब्लकमा बसी आएको थिएँ, मिति २०६८।८।२० गते बिहान सुरज श्रेष्ठ छोइलाले धाराको ह्याण्डिलले मेरो निधारमा प्रहार गरे, अमिर गुरूङले काठले, फणिन्द्र श्रेष्ठले फलेकले मेरो टाउकोमा हिर्काए, अरूले अन्धाधुन्ध प्रहार गर्न थालेपछि मैले हातले छेक्दै थिएँ, फणिन्द्र श्रेष्ठले शिवप्रसाद पौडेलको टाउकोमा

हिर्काएका थिए, शिवलाई सुतेको ठाउँमा प्रहार गर्ने व्यक्तिहरूले मुखमा रूमाल बाँधेकाले अरूलाई चिनिनँ, निज व्यक्तिहरूले शिवको भाइ गोविन्दलाई मारेको अभियोगमा थुनामा रहेको र हामी पनि सोही कारागारमा रहेको हुँदा पूर्वरिसइवीले कुटपिट गरेका हुन्, घटनामा सुरज श्रेष्ठ, अमिर गुरूङ, फणिन्द्र श्रेष्ठ, शरण गुरूङलगायत ८/१० जनाको संलग्नता छ भन्नेसमेत बेहोराको घाइते प्रदिप भट्टले गरेको कागज।

मिति २०६८।८।२० गते बिहान म र प्र. ह. रामबालक यादव कारागारका बन्दीगृहको चाबी खोल्न भित्र गई "क" ब्लकको चाबी खोल्नासाथ बन्दीको समूह एक्कासी बाहिर निस्किई प्र. ह. रामबालकको हातबाट चाबी खोसेको हुँदा म बाहिर निस्की हारगुहार गरेँ, त्यसपछि प्रहरी आई हवाई फायरसमेत गरेपछि स्थिति नियन्त्रणमा आयो, त्यतिबेला "क" ब्लकका बन्दीहरू सुनिल गुरूङ, सुनिल के.सी., सुरज श्रेष्ठ, चन्द्रबहादुर थापामगर, फणिन्द्र श्रेष्ठ, शरण गुरूङ, दिलबहादुर लामालगायतले ह्याण्डिल, पाइप, रडसमेतले प्रहार गरी "ग" ब्लकमा सुतेका शिवप्रसाद पौडेल, प्रदिप भट्ट, बद्रीप्रसाद ढुङ्गाना, हरिबहादुर गुरूङ र गोपी परियारलाई कुटपिट गरी घाइते बनाएका रहेछन् भन्नेसमेत बेहोराको कारागार कार्यालयका कार्यालय सहयोगी डोलनाथ सुवेदीले गरेको कागज।

मिति २०६८।८।२० गते बिहान कारागारको चाबी खोल्न जाँदा "क" ब्लकका बन्दीहरू उठिसकेका रहेछन्, उक्त ब्लकको ढोका खोल्नासाथ उक्त ब्लकमा रहेका प्रकाश तामाङ, भिमबहादुर पाख्रिन, शरण गुरूङ, फणिन्द्र श्रेष्ठ, सुनिल के.सी., सुरज श्रेष्ठ (छोइला), अमिर गुरूङ, दिलबहादुर लामा, सुजेन्द्र राईसमेतका ३५/४० जना बाहिर निस्की मलाई लडाई चाबी खोसी "ग" ब्लकतर्फ गएकाले मैले अरू प्रहरी कर्मचारीलाई बोलाई हवाई फायर गरी नियन्त्रण गर्दा निजहरूले अगावै "ग" ब्लकका शिवप्रसाद पौडेललाई ह्याण्डिल, रडसमेतका हतियारले प्रहार गरी घाइते बनाई सकेका रहेछन् भन्नेसमेत बेहोराको रामबालक यादवले गरेको कागज।

म मिति २०६८।८।२० गते बिहान कारागार कम्पाउन्डको ५ नं. पोष्टमा डिउटीमा बसेको अवस्थामा एक्कासी "ग" ब्लकमा हो-हल्ला भई डाङ्ग-डुङ्ग आवाज आएको हुँदा हेर्दा "क" ब्लकका शरण गुरूङसमेतका १५/२० जना व्यक्तिहरू हातमा फलामका ह्याण्डिल, रड, पाइपसमेतका हतियार बोकी प्रवेश गरी सुतेका शिवप्रसाद पौडेल, गोपी परियारसमेतलाई प्रहार गरेको हुँदा शिव, गोपीसमेत टाउकोबाट रगत बगाउँदै बाहिर आउँदासमेत निजहरूले प्रहार गरी रहेको देखेको हुँ भन्नेसमेत बेहोराको प्र. ज. पशुपती खतिवडाले गरेको कागज।

म "ग" ब्लकमा सुतिरहेको थिएँ, गोपी परियारले मलाई अतालिँदै उठाएकाले हेर्दा सँगै सुतेको प्रदिप भट्टलाई "क" ब्लकका चन्द्रबहादुर थापा, फणिन्द्र श्रेष्ठ, सुनिल के.सी.समेतले हातमा ह्याण्डिल, रडसमेत लिई शिवप्रसाद पौडेल, गोपी परियार र मसमेतलाई प्रहार गरी गम्भीर घाइते बनाइदिए, म बेहोस भएँ, मेरो उपचार भइरहेको छ, सो घटनामा शिवको भाइ गोपीलाई मारेका व्यक्तिहरूसमेतले रिसइवी राखी कुटपिट गरी शिवको मृत्युसमेत भएको हो भन्नेसमेत बेहोराको घाइते हरिबहादुर गुरूङले गरेको कागज।

मलगायत शिव पौडेल, प्रदिप भट्ट, हरि गुरूङ, गोपी परियारसमेतका साथीहरू "ग" ब्लकमा सुतिरहेको अवस्थामा "क" ब्लकमा रहेका चन्द्रबहादुर थापा मगर, सुरज श्रेष्ठ (छोइला) समेतले शिवलाई खोई भन्दै कराएकोले म उठ्ने बित्तिकै मेरो टाउकोमा चन्द्रबहादुरले धाराको पाइपले प्रहार गरेपछि म ढली बेहोस भएँ, निजहरूले शिवलाई खोज्दै थिए, शिवप्रसाद पौडेल, प्रदिप भट्ट, गोपी परियार, हरि गुरूङसमेत घाइते भएको पछि थाहा पाएँ भन्नेसमेत बेहोराको घाइते बद्रीप्रसाद ढुङ्गानाले गरेको कागज।

मलगायत शिवप्रसाद पौडेलसमेत कारागारको

"ग" ब्लकमा सुतिरहेको अवस्थामा गेटबाट "क" ब्लकका सुरज श्रेष्ठ (छोइला), सुनिल के. सी., शरण गुरूङ, फणिन्द्र श्रेष्ठसमेत प्रवेश गरी शिवप्रसाद पौडेल, प्रदिप भट्ट, गोपी परियार, हरि गुरूङ, बद्री ढुङ्गानासमेतलाई धाराको ह्याण्डिल, रड, पाइपसमेतले अन्धाधुन्ध प्रहार गरे मलाई समेत लौराले हाने, पूर्वरिसइवीको कारण कुटपिट गरेको भनी थाहा पाएँ भन्नेसमेत बेहोराको शिव नारायण महतोले गरेको कागज।

मिति २०६८।८।२० गते बिहान "क" ब्लकका बन्दीहरू सुरज श्रेष्ठ (छोइला) समेतले हातमा फलामे ह्याण्डिल, रडसमेत लिई "ग" ब्लकमा गई सुतेका शिवप्रसाद पौडेलसमेतलाई पूर्वरिसइवीका कारण प्रहार गरी लागेको चोटबाट शिवको उपचारको क्रममा मृत्यु भएको हो र गोपी परियार, प्रदिप भट्ट, हरि गरूङसमेत घाइते भएका हुन भन्नेसमेत बेहोराको बुझिएका मानिसहरू ढिडरा चौधरीसमेतले गरेको कागज।

न्यूरोलोजिकल अस्पताल बाँसबारीमा रहेको मृतक शिवप्रसाद पौडेलको लासमा घाँटी र पेटमा समेत पाइप लगाएको, दाहिने कानबाट बायाँ कानसम्म २९ वटा टाँका लगाएको घाउ रहेको, टाउको निधार फुटेको चोट रहेको भन्नेसमेत बेहोराको लास जाँच मुचुल्का।

म मिति २०६८।८।२० गते कारागारभित्रै बन्दी जीवन बिताई रहेको थिएँ, "ग" ब्लकमा एक हुल जमात पसी शिव पौडेल कहाँ छ भनी ह्याण्डिल, रड, पाइपसमेतले शिवलाई सुतेकै स्थानमा कुटपिट गर्दै रहेको देखी मरिसक्यो नकुट भनेको थिएँ, सोही कुटपिटको कारणबाट शिवप्रसाद पौडेलको मृत्युसमेत भएको हो भन्नेसमेत बेहोराको मिनबहादुर लामाले गरेको कागज।

मिति २०६८।८।२० गते बिहान कार्यालय सहयोगी र प्रहरीले "क" ब्लकको चाबी खोल्नासाथ सो ब्लकमा रहेका सुरज श्रेष्ठ (छोइला), शरण गुरूङ, फणिन्द्र श्रेष्ठ, सुनिल के.सी.लगायतका व्यक्तिहरूले हातमा ह्याण्डिल, रडसमेत लिई "ग" ब्लकमा गई शिवप्रसाद पौडेलसमेतलाई प्रहार गरी घाइते बनाएका हुन, घाइतेमध्ये शिवको उपचारको क्रममा मृत्यु भएको हो भन्नेसमेत बेहोराको बुझिएका मानिसहरू सानु लामासमेत ६ जनाले गरेको एकै मिलानको कागज।

कारागारभित्रै रहेका सुनिल गुरूङसमेत र शिवप्रसाद पौडेलसमेत छुट्टाछुट्टै ग्रुपका मानिस भएकाले झै-झगडा भइरहन्थ्यो । त्यसैले मिति २०६८।८।२० गते बिहान सुनिल गुरूङ, अमिर गुरूङ, चन्द्र बहादुर थापामगर, सुनिल के.सी., सुरज श्रेष्ठ (छोइला), शरण गुरूङ, भीमकुमार पाख्रिन, अमित लामा, दिलबहादुर लामा, सुजेन्द्र राई, प्रकाश तामाङसमेतले रिसइवी राखी कुटपिट गरी शिव, प्रदिप भट्ट, गोपी भन्ने मदन परियार, हरिबहादुर गुरूङ, बद्रीप्रसाद ढुङ्गानासमेतलाई घाइते पारी सोही कारणबाट शिवको मृत्युसमेत भएको हो भन्नेसमेत बेहोराको प्रतिवादी दिपक साहले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मिति २०६८।८।२० गते बिहान "क" ब्लकको चाबी खोल्ने बितिकै सुनिल गुरूङसमेतले हातमा रड, ह्याण्डिल, लाठी, पाइपसमेत लिई "ग" ब्लकमा जाँदा मैलेसमेत फलामको पाइप बोकी गएको र शिवप्रसाद पौडेलसमेतलाई प्रहार गरी घाइते बनाएको चोटबाट निज शिवप्रसाद पौडेलको उपचारको क्रममा मृत्यु भएको हो र अन्य घाइते भएका हुन् भन्नेसमेत बेहोराको प्रतिवादी चन्द्रबहादुर थापा मगरले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मिति २०६८।८।२० गते बिहान "क" ब्लकबाट शिवप्रसाद पौडेलसमेतलाई कुटपिट गर्न जाँदा प्रतिवादी शरण गुरूङहरूसमेतको साथमा घटनास्थलमा मसमेत उपस्थित भएको थिएँ, सोही कुटपिटको कारण शिवको मृत्यु र प्रदिप भट्टलगायतका मानिस घाइते भएका हुन् भन्नेसमेत बेहोराको प्रतिवादी अमित तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको

बयान।

मिति २०६८।८।१९ गते बेलुकी अमिर गुरूङको जन्मदिनको केक खाने क्रममा सुनिल गुरूङ, अमिर गुरूङ, चन्द्रबहादुर थापामगर, सुनिल के. सी., फणिन्द्र श्रेष्ठ, सुरज श्रेष्ठ, दिलबहादुर लामा, सुजेन्द्र राई, प्रकाश तामाङसमेतले शिवे बढ्ता भएको छ ठिक पार्नुपर्छ भनी सल्लाह गरी भोलिपल्ट बिहान ढोका खोल्ने बित्तिकै ह्याण्डिल, पाइप, रड, लाठीसमेत लिई गई कुटपिट गरे, मसमेत सँगै गएको थिएँ भन्नेसमेत बेहोराको प्रतिवादी भीमकुमार पाख्रिनले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

शिवप्रसाद पौडेलको भाइ मारेको अभियोगमा थुनामा परेका शरण गुरूङ, सुनिल के.सी., फणिन्द्र श्रेष्ठ, सुरज श्रेष्ठसमेतको शिवप्रसाद पौडेलसँग राम्रो सम्बन्ध थिएन, शरण गुरूङले शिव बढी भएको छ ठिक पार्नु पर्छ भन्दै आएका थिए, मिति २०६८।८।२० गते बिहान "क" ब्लकको चाबी खोल्नासाथ चाबी खोल्ने प्र. ह. रामबालक यादव र डोलराज सुवेदीलाई नियन्त्रणमा लिई अन्यले हातमा ह्याण्डिल, रड, पाइप, मैले दाउरोसमेत लिई "ग" ब्लकमा गई शिवसमेतलाई प्रहार गरी घाइते बनाएका हौं, सोही कारणबाट उपचारको क्रममा शिवको मृत्युसमेत भएको हो भन्नेसमेत बेहोराको प्रतिवादी राजकुमार घलानले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

अमिर गुरूङलगायतका व्यक्तिले शिवप्रसाद पौडेललाई ठिक पार्नु पर्छ भनेका हुँदा सधैंझैं ढोका खोल्न आउने प्रहरी र कार्यालय सहयोगीलाई मिति २०६८।८।२० गते बिहान "क" ब्लकको ढोका खोल्नासाथ नियन्त्रणमा लिई चाबी खोसी मसमेत "ग" ब्लकमा गई साथमा लिएका चापाकलको ह्याण्डिल, फलामको रड, पाइप, लाठीसमेतले शिवप्रसाद पौडेललाई प्रहार गर्दा छेक्न आएका गोपी परियार, प्रदिप भट्ट, हरि गुरूङ, बद्रीप्रसाद ढुङ्गानासमेतलाई कुटपिट गरी घाइते बनाएको हो, सोही कारण शिवप्रसाद पौडेलको उपचारको क्रममा मृत्यु भएको हो भन्नेसमेत बेहोराको प्रतिवादी बिक्रम लामाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

गह्रौं वस्तुको प्रहारबाट टाउकोमा लागेको चोटको कारणबाट मृत्यु भएको भन्नेसमेत बेहोराको मृतक शिवप्रसाद पौडेलको शव परीक्षण प्रतिवेदन।

मिति २०६८।८।२० गते बिहान कारागारको पोष्टमा डिउटीमा थियौं, "ग" ब्लकतिरबाट बन्दीहरू हल्ला गरेको सुनेको र "क" ब्लकका बन्दीहरू शरण गुरूङ, फणिन्द्र श्रेष्ठ, सुरज श्रेष्ठ, सुनिल के. सी., सुनिल गुरूङसमेतका व्यक्तिले "ग" ब्लकका शिवप्रसाद पौडेलसमेतलाई कुटपिट गरी घाइते बनाएका रहेछन् भन्नेसमेत बेहोराको फे लामा तामाङसमेतले गरेको कागज।

म कारागार सुरक्षा गार्डको तत्कालको इन्चार्ज थिएँ, सुरक्षासम्बन्धी व्यवस्था मिलाई डिउटी खटन पटन गरिएको थियो, बन्दीहरूबिच वादविवाद भएको भित्री प्रशासन नाइके, भाइ-नाइकेहरूले जानकारी गराएनन्। मिति २०६८।८।२० गते बिहान "क" ब्लकको ढोका खोल्नासाथ सो ब्लकमा रहेका बन्दीहरू सुनिल गुरूङ, शरण गुरूङ, सुरज श्रेष्ठ, अमिर गुरूङ, चन्द्रबहादुर थापामगर, सुनिल के. सी., फणिन्द्र श्रेष्ठसमेतले चाबी खोसी ह्याण्डिलसमेतका हतियार लिई गई "ग" ब्लकमा सुतेका शिवप्रसाद पौडेलसमेतलाई प्रहार गरेका रहेछन् भन्नेसमेत बेहोराको शिवराज क्षेत्रीले गरेको कागज।

मेरो देवर गोविन्द पौडेललाई हत्या गर्ने अभियुक्तहरूमध्येका केही कारागारको "क" ब्लकमा थुनामा रहेका र मेरो पति शिवप्रसाद पौडेललाई झट्टा मद्दा लगाई सोही कारागारको "ग" ब्लकमा थुनामा राखिएको थियो, यसैक्रममा विरूद्ध खण्डका अभियुक्तहरूले पतिलाई मार्ने षड्यन्त्र गरी आएका र मिति २०६८।८।२० गते बिहान अपराधीहरूमध्ये सुनिल के. सी., फणिन्द्र श्रेष्ठ, सुरज श्रेष्ठ, शरण गुरूङ,

सानु लामा (चौकीदार), सूर्य पुन (नाइके) लगायतकाले ह्याण्डिल, रड, पाइप, चिरपटसमेत लिई गई "ग" ब्लकमा सुतिरहेका पति शिवप्रसाद पौडेललाई मार्ने मनसायले प्रहार गर्दा सँगैका साथी मदन परियार, प्रदिप भट्ट, हरि गुरूङसमेतले छेक्दा निजहरूलाई समेत प्रहार गरी घाइते बनाएका र पतिको उपचारको क्रममा मृत्यु भएकाले कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको बिनु रायमाझी पौडेलको जाहेरी दरखास्त।

म चितवन कारागारको चौकीदार हुँ, शिवप्रसाद पौडेलको भाइ गोविन्द पौडेललाई मारेको मुद्दामा फणिन्द्र श्रेष्ठ, सुनिल के.सी., शरण गुरूङ, सुरज श्रेष्ठ (छोइला) लाई थुनामा ल्याएपछि शिवप्रसाद पौडेलसमेतलाई सञ्जय तामाङलाई मारेको मुद्दामा थुनामा ल्याइएपछि दुई गुटका मानिस भएको हुँदा मनमुटाव पूर्वाग्रह भइरहेको थियो, मिति २०६८।८।२० गते बिहान "क" ब्लकको ढोका खोल्नासाथ शरण गुरूङलगायतका १७/१८ जना "ग" ब्लकमा गई शिवप्रसाद पौडेललगायतलाई कुटपिट गरी घाइते बनाएका र उपचारको क्रममा शिवको मृत्युसमेत भएको हो भन्नेसमेत बेहोराको प्रतिवादी सानु तामाङ भन्ने सुरेन्द्र सिंतानले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

शिवप्रसाद पौडेलसमेत र मसमेत छुट्टाछुट्टै मुद्दामा थुनामा थियौं, शिवले भित्रको नियम नमानी दादागिरी गर्ने गरेको र मिति २०६८।८।२० गते बिहान सुनिल गुरूङलगायतका चिनेका १३ जना र नचिनेका १०/१२ जनाले "क" ब्लकको ढोका खोल्नासाथ "ग" ब्लकमा गई शिवसमेतलाई ह्याण्डिल, पाइप, रडसमेतले प्रहार गरेका र उपचारको क्रममा शिवको मृत्यु भएको र प्रदिप भट्टलगायतका अन्य ४ जनाउपर ज्यान मार्ने उद्योग भएको भन्नेसमेत बेहोराको प्रतिवादी सूर्यबहादुर पुनले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

म सरसफाइ गर्ने नाइके भएकाले "क" ब्लकको चाबी खोलेपछि अरू ब्लकको चाबी खोल्न सरसफाइ गर्ने जिम्मा मलाई दिने गरेका थिए, उक्त दिन बिहान "क" ब्लकको चाबी खोलेपछि मैले लिनासाथ सुनिल गुरूङलगायतका व्यक्तिहरूले जबरजस्ती चाबी खोसी लिई "ग" ब्लकको ढोका खोली भित्र सुतिरहेका शिवप्रसाद पौडेलसमेतलाई हातमा लिई गएका रड, ह्याण्डिलसमेतले प्रहार गरी घाइते पारेका हुन् सोही चोटका कारण शिवको मृत्युसमेत भयो अरू चारजना घाइते भएका हुन् भन्नेसमेत बेहोराको गोपीलाल गुरूङले गरेको कागज।

म लागुऔषध खैरो हेरोइन मुद्दामा कैद भुक्तान गरिरहेको छु, शिवप्रसाद पौडेल कर्तव्य ज्यान मुद्दामा थुनिन आएका र निजले भित्री नियमको पालना नगर्ने, कसैलाई नटेर्ने, अरूलाई दादागिरी देखाउने गर्ने गरेका थिए, त्यही कारणले गर्दा शिवलाई ठिक पार्नु पर्छ भनी मिति २०६८।८।२० गते बिहान ढोका खोल्नासाथ शिव सुतेको ब्लकमा गई अगाडिपट्टिका साथीहरू सुनिल गुरूङ, शरण गुरूङ, सुनिल के.सी. लगायतले आ-आफ्नो हातमा भएका ह्याण्डिल, रडसमेतले प्रहार गरी गम्भीर घाइते पारी दिएका हुन्। सो वारदातमा मसमेत साथै गएको थिएँ भन्नेसमेत बेहोराको प्रतिवादी प्रकाश तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मिति २०६८।८।२० गते बिहान "ग" ब्लकमा सुतेका शिवप्रसाद पौडेल, प्रदिप भट्ट, हरिबहादुर गुरूङ, मदन परियार, बद्रीप्रसाद ढुङ्गानासमेतलाई सुनिल गुरूङ, फणिन्द्र श्रेष्ठ, अमिर गुरूङ, मलगायतका मानिसले कुटपिट गरी घाइते बनाएका हौं, सोही कारण उपचारको क्रममा शिवको मृत्युसमेत भएको हो भन्नेसमेत बेहोराको प्रतिवादी सुरज श्रेष्ठ (छोइला) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

म "क" ब्लकमा थुनामा थिएँ, शिवप्रसाद पौडेल "ग" ब्लकमा थिए, शिवले भित्रको नियमलाई नमान्ने, आफू मात्रै फोन गर्ने, नाइके हामी चलाउँछौं भनी

दादागिरी गर्ने गरी आएका थिए, मिति २०६८।८।२० गते बिहान सुनिल गुरूङसमेतले यसलाई ठिक पार्नु पर्छ भनी ढोका खोल्नासाथ “ग” ब्लकतर्फ दौडी गए, मलगायतका मानिस पछि पछि गयौं, सुनिलहरूले हातमा भएको चापाकलको ह्याण्डिल, रडलगायतले प्रहार गरे, त्यसपछि सबैले हान्दा शिवसँगै बसेका प्रदिप भट्टसमेतलाई घाइते बनाई दिएका हुन्, शिवको उपचारको क्रममा मृत्युसमेत भयो भन्नेसमेत बेहोराको प्रतिवादी दिलबहादुर लामा तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मिति २०६८।८।२० गते बिहान कार्यालय सहयोगीले ढोका खोल्नासाथ सुनिल गुरूङसमेतका हामी सबै दगुर्दै “ग” ब्लकमा गई शिवप्रसाद पौडेललाई सुनिल गुरूङले ह्याण्डिलले, मलगायतका अन्य साथीहरूले रड, पाइप, लाठीसमेतले हिर्काएका हौं, सो घटनामा प्रदिप भट्टलगायतका अरू चारजनासमेत घाइते भएका हुन् र उपचारको क्रममा शिवको मृत्युसमेत भएको हो भन्नेसमेत बेहोराको प्रतिवादी सुनिल के.सी. ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

पूर्वरिसइवी भएका शिवप्रसाद पौडेलले कारागारमा आएपछि पनि दादागिरी देखाउँदै आएको हुँदा ठिक पार्नु पर्छ भनी मिति २०६८।८।२० गते बिहान “क” ब्लकको ताल्चा खोल्ने बित्तिकै सबैजना बाहिर निस्की मैले फलामे रड खोजेँ, अरूले ह्याण्डिल, पाइपसमेत खोजी “ग” ब्लकमा गई शिवलाई कुटपिट गरेको र अरू छेक्न आउने प्रदिप भट्टसमेतलाई प्रहार गरेका हौं, सो प्रहारबाट शिवको उपचारको क्रममा मृत्युसमेत भएको थाहा पाएँ भन्नेसमेत बेहोराको प्रतिवादी फणिन्द्र श्रेष्ठले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

म कारागारमा थुनामा थिएँ, सञ्जय लामाको हत्याको अभियोग लागेका शिवप्रसाद पौडेलसमेत सोही कारागारमा आएपछि उसले हामीलाई दबाउन खोज्ने, दादागिरी देखाउने गर्दै आएको हुँदा यसलाई ठिक पार्नु पर्छ भनेर मलगायतका साथीहरूले योजना बनाई रहेका थियौं। मिति २०६८।८।२० गते बिहान हामी रहेको “क” ब्लकको ढोका खोल्नासाथ मैले प्रहरी हवल्दारको हातबाट चाबी खोसी “ग” ब्लक खोली अन्य साथीहरूसमेतले हातमा लाठी, रड, तावा, पन्यु र मैले चापाकलको ह्याण्डिल लिई “ग” ब्लकमा गई शिवको टाउकोमा मैले दुई पटक प्रहार गरेँ, अरू साथीहरूले पनि प्रहार गरे, सो घटनामा प्रदिप भट्ट, हरि गुरूङ, गोपी परियार, बद्रीप्रसाद ढुङ्गानासमेत घाइते भएका थिए। पछि उपचारको क्रममा शिवको मृत्युसमेत भएछ भन्नेसमेत बेहोराको प्रतिवादी सुनिल गुरूङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

म तत्काल चितवन कारागारमा रहँदा शिवप्रसाद पौडेल “ग” ब्लकमा रहेका र शिवको भाइलाई मार्ने ग्रुप पनि सोही कारागारमा हुँदा दुई ग्रुपको पूर्वरिसइवी भएकाले मनमुटाव वादविवाद भइरहन्थ्यो। शिवले भित्रको नियम नमान्ने र अरूलाई दादागिरी देखाउने गर्थ्यो, त्यसैले साथीहरूले यसलाई ठिक पार्नु पर्छ भनेका थिए। मिति २०६८।८।२० गते बिहान शरण गुरूङको डिउटी परेको मौका पारी ढोका खोल्नासाथ मलगायतका साथीहरू “ग” ब्लकमा गई अगाडिका साथी सुनिल गुरूङ, शरण गुरूङ, सुनिल के.सी. लगायतले शिवलाई ह्याण्डिल, रडसमेतले प्रहार गरे, उक्त घटनामा मदन परियारलगायतका व्यक्तिहरू घाइते भएका र घाइतेमध्ये शिवप्रसाद पौडेलको मृत्यु भएको हो भन्नेसमेत बेहोराको प्रतिवादी अमिर गुरूङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

म चोरी मुद्दामा थुनामा थिएँ। शिवप्रसाद पौडेल र उनका विपक्षी ग्रुपहरूसमेत सोही कारागारमा थुनिएपछि उनीहरूबिच वादविवाद भइरहन्थ्यो। शिवले अरूलाई नटेर्ने कारागारभित्र फूर्ती गर्ने गरेको हुँदा मिति २०६८।८।२० गते बिहान पहिला “क” ब्लकको ढोका खोल्नासाथ सुनिल गुरूङलगायतका मसमेत भई “ग” ब्लकमा गई सुनिलले ह्याण्डिलले शिवलाई प्रहार गरे,

अरूले रड, लाठीले प्रहार गर्दा प्रदिप भट्टसमेत घाइते भएका हुन् । उक्त घटनाका घाइते शिवप्रसाद पौडेलको उपचार गर्दागर्दै मृत्युसमेत भएको थाहा पाएँ भन्नेसमेत बेहोराको प्रतिवादी सुजेन्द्र राईले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मसमेत रहेको कारागारमा शिवप्रसाद पौडेलको ग्रुपसमेत थुनामा परेपछि हामी दुई पक्ष भएकाले शिवले हामीलाई विपक्षीको दृष्टिकोणले हेर्ने मनमुटाव भइरहने, भित्री नियम नमान्ने, टेलिफोन एक्लै प्रयोग गर्ने गरी दादागिरी देखाउने गरेको हुँदा मिति २०६८।८।२० गते बिहान ४ बजेदेखि ६ बजेसम्म मेरो डिउटी थियो । सुनिल गुरूङलगायतका केटाहरू उठेर शिवेलाई हान्नु पर्छ भनी ठिक परेर बसेका थिए । ढोका खोल्नासाथ सुनिल गुरूङ, मलगायतका साथीहरू भई "ग" ब्लकमा गई शिव र सँगै सुतेका प्रदिप भट्टलगायतलाई लिई गएका हतियारले प्रहार गरी घाइते पारेको चोटबाट शिवको उपचार हुँदाहुँदै मृत्युसमेत भएको हो भन्नेसमेत बेहोराको प्रतिवादी शरण गुरूङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

शिवको भाइलाई मार्ने शरण गुरूङ, सुनिल के.सी., फणिन्द्र श्रेष्ठ, सुरज श्रेष्ठ (छोइला) र म शिवलगायतको ग्रुप सँगै थुनामा थियौं । शरण गुरूङसमेतले यसको भाइलाई मारियो यसलाई पनि छाड्नु हुन्न भन्दै आएका थिए, मिति २०६८।८।२० गते बिहान "ग" ब्लकमा सुतेका शिवसमेतलाई निजहरूले कुटपिट गर्दै म रहेको "ख" ब्लकको अगाडिसम्म ल्याई फालेको देखेको हुँ, सो कुटपिटको कारणपछि शिवको मृत्युसमेत भएछ भन्नेसमेत बेहोराको प्रमिश राईले गरेको कागज ।

म चितवन जिल्ला कारागारको जेलर हुँ, सो कारागारमा शिवप्रसाद पौडेलको भाइको हत्यामा संलग्न भएको भनी थुनामा परेका शरण गुरूङ, सुनिल के. सी., फणिन्द्र श्रेष्ठ, सुरज श्रेष्ठ (छोइला) समेतको ग्रुप र सञ्जय तामाङको हत्यामा संलग्न रहेका शिवप्रसाद पौडेलसमेतको ग्रुप थुनामा आएपछि दुई पक्षबिच झडप हुने खतराको डरले दुईटा ग्रुपलाई अलग-अलग कोठामा राखेको थिएँ, मिति २०६८।८।२० गते बिहान शरण गुरूङलगायतका "क" ब्लकमा रहेको व्यक्तिहरूले "ग" ब्लकमा रहेका शिवप्रसाद पौडेलसमेतलाई फलामे ह्याण्डिललगायतका हतियारले प्रहार गरी घाइते बनाएको फोनबाट जानकारी पाएको र शिवको उपचारको क्रममा मृत्युसमेत भएको हो भन्नेसमेत बेहोराको जेलर चुडामणी गौतमले गरेको कागज ।

मलाई गोविन्दप्रसाद पौडेलको हत्याको आरोपमा तीन महिना थुनामा राखियो, पुनरावेदनबाट तारेखमा छाडेको हो, त्यसपछि सञ्जय लामाको हत्याको अभियोगमा शिवप्रसाद पौडेलसमेत थुनामा गएको थाहा छ । मिति २०६८।८।२० गते बिहान "ग" ब्लकमा रहेका शिवसमेतलाई "क" ब्लकका व्यक्तिहरूले ह्याण्डिलसमेतले प्रहार गरी घाइते बनाएका भन्ने थाहा पाएँ र न्युरो अस्पतालमा शिवको मृत्युसमेत भएको हो । घटनामा मेरो कुनै किसिमको संलग्नता छैन भन्नेसमेत बेहोराको प्रतिवादी सुरजकुमार शाहीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मसमेतलाई शिवप्रसाद पौडेलको भाइ गोविन्दलाई मारेको अभियोगमा थुनामा परी तारेखमा छुटेपछि शिवप्रसाद पौडेल पनि सञ्जय लामाको हत्याको अभियोगमा थुनामा परेका थिए, मसँगै थुनामा रहेका शरण गुरूङ, सुनिल के. सी., फणिन्द्र श्रेष्ठ, सुरज श्रेष्ठ (छोइला) समेत थुनामा नै थिए । मिति २०६८।८।२० गते म काठमाडौंमा थिएँ, उक्त दिन बिहान चितवन कारागारमा शिवप्रसाद पौडेललगायतलाई "क" ब्लकमा रहेका थुनुवाहरूले हाण्डिल, रड, लाठी, तावासमेतले प्रहार गरी घाइते बनाएको भन्ने सञ्चार माध्यमबाट थाहा पाएको हुँ, र मिति २०६८।९।२ गते न्युरो अस्पतालमा शिवको मृत्यु भएको भन्नेसमेत थाहा पाएँ । सो घटनाका बारेमा मलाई समेत विपक्षी बनाएको रहेछ, मैले कुनै किसिमको योजना बनाएको

र मेरो संलग्नता रहेकोसमेत छैन भन्नेसमेत बेहोराको प्रतिवादी प्रकाश रेग्मीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मिसिल संलग्न चितवन कारागार कार्यालयमा खडा गरेको घटनास्थल एवं बरामदी मुचुल्का, घाइते बद्री ढुंगाना, हरि गुरूङ, प्रदिप भट्ट, गोपी परियारको घाउजाँच केस फाराम तथा निजहरूले अनुसन्धानको क्रममा गरेको कागज, कारागार सुरक्षा गार्ड प्र.स.नि. सन्तबहादुर थापाको प्रतिवेदन, प्र. ह. रामबालक यादव, कार्यालय सहयोगी डोलराज सुवेदीले अनुसन्धानको क्रममा गरेको कागज, कारागार कार्यालय चितवनको (ग) ब्लकमा थुनामा रहेका तिलबहादुर गुरूङ, ढिडरा चौधरी महतो, शिवनारायण महतो, मिनबहादुर लामाले अनुसन्धानको क्रममा गरेको कागज, सुरक्षा गार्ड पशुपति खतिवडाको कागज, कारागार कार्यालय चितवनमा थुनामा रहेका चन्द्रबहादुर प्रजा, चन्द्रप्रसाद थनेत, अम्बरबहादुर तामाङ, सानु लामा, रणबहादुर मगरले गरेको कागज, मृतक शिवप्रसाद पौडेलको लास प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदन, प्रतिवादीहरू चन्द्रबहादुर थापा मगर, दिपक साह, अमित तामाङ लामा, भिमकुमार पाख्रिन, राजकुमार घलान, विक्रम लामा, सुनिल गुरूङ, अमिर गुरूङ, सुनिल के.सी., फणिन्द्र श्रेष्ठ, सुजेन्द्र राई, सुरज श्रेष्ठ छोइला, दिलबहादुर लामा, प्रकाश तामाङ, सानु तामाङ भन्ने सुरेन्द्र सिंतान, सूर्यबहादुर पुन, शरण गुरूङसमेतले गरेको बयान कागज, विनु रायमाझी पौडेलको जाहेरी दर्खास्त, प्रतिवादी प्रकाश रेग्मी, सुरजकुमार शाहीको बयान कागज, कारागार कार्यालय चितवनका जेलर चुणामणी गौतम, कारागार कार्यालय, चितवनमा तत्काल थुनामा रहेका प्रमिश राईको कागजलगायतका सबुद प्रमाण एवं कागजहरूबाट मिति २०६८।८।२० गते बिहान अं. ६.०० बजेको समयमा कारागार कार्यालय चितवनमा पुर्पक्षका लागि थुनामा रहेका थुनुवा शिवप्रसाद पौडेललाई योजनाबद्ध रूपमा सुरज श्रेष्ठसमेतका प्रतिवादीहरूले पूर्वरिसइवीको कारण पाइप, फलामको रड, चापाकलको ह्याण्डिल, बाँसको लट्ठीलगायतका वस्तुहरूले टाउकोलगायत शरीरको विभिन्न भागमा प्रहार एवं कुटपिट गरी घाइते बनाएकोमा निज शिवप्रसाद पौडेलको उपचारको क्रममा सोही चोटका कारण मिति २०६८।९।२ गते काठमाडौंको न्यूरो अस्पतालमा कर्तव्यबाट मृत्यु भएको कर्तव्य ज्यान र प्रदिप भट्टसमेतका थुनुवा व्यक्ति गम्भीर घाइते भई ज्यान मार्ने उद्योगको कसुर अपराध भएको निर्विवाद पुष्टि हुँदा र मृतक शिवप्रसाद पौडेलका भाइ गोविन्द पौडेललाई कर्तव्य गरी मारेको अभियोगमा निजहरूउपर अभियोगपत्र दायर भएको विषयमा मृतक र प्रतिवादी प्रकाश रेग्मी, प्रतिवादी सुरज शाही, नीति भन्ने नितिन राई, विनोद तामाङ, कुमार देउजा, हितमान गुरूङ, सुशिल के.सी.समेतको पूर्वरिसइवी रहेको तथ्य स्पष्ट देखिएको छ। मृतक शिवप्रसाद पौडेललाई कारागारभित्र कुटपिट गरी हत्या गर्ने कार्यमा संलग्न रहेका प्रतिवादी प्रकाश रेग्मी, प्रतिवादी सुरजकुमार शाही, कारागार कार्यालय चितवनका लेखापाल फणिन्द्र खनाल, प्रतिवादी विनोद तामाङ, प्रतिवादी हाकु भन्ने कुमार देउजा, प्रतिवादी बाबुराम भण्डारी, प्रतिवादी सुशिल के. सी., प्रतिवादी निति भने नितिन राई, प्रतिवादी विष्णु पाण्डे, प्रतिवादी हिते भन्ने हितमान गुरूङले मृतक शिवप्रसाद पौडेलसँगको पूर्वरिसइवीका कारण निजको ज्यान मार्ने कार्यमा मुख्य भई षड्यन्त्र गरेको र सो कार्य गर्न लगाएको र सोही कारणबाट उल्लिखित सुरज श्रेष्ठसमेतका प्रतिवादीहरूको मिलोमतोमा योजनाबद्ध रूपमा कुटपिट गरी मृतक शिवप्रसाद पौडेलको कर्तव्य गरी ज्यान मरेको देखिँदा प्रतिवादीहरू सुरज श्रेष्ठ छोइला, सुनिल गुरूङ, शरणकुमार गुरूङ, अमिर गुरूङ, सुजेन्द्र राई, चन्द्रबहादुर थापा मगर, दिलबहादुर लामा तामाङ, सुनिल के.सी., फणिन्द्र श्रेष्ठ, भीमकुमार पाख्रिन तामाङ, अमित तामाङ लामा, प्रकाश तामाङ, विक्रम

लामा, राजकुमार घलान, दिपक साह, सूर्यबहादुर पुन, सानु तामाङ भन्ने सुरेन्द्र सिन्तानसमेत जना १७ लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं., १३(३) नं. र १५ नं. द्वारा निषेधित कसुर अपराधमा सोही महलको १३(३) नं. अनुसार जन्मकैद र ऐ. महलको १५ नं. अनुसार ५ देखि १२ वर्षसम्म कैद सजाय गरी पाउन र प्रतिवादीहरू प्रकाश रेग्मी, सुरजकुमार शाही, कारागार कार्यालय चितवनका लेखापाल फणिन्द्र खनाल, विनोद तामाङ, हाकु भन्ने कुमार देउजा, बाबुराम भण्डारी, सुशिल के.सी., निति भन्ने नितिन राई, विष्णु पाण्डे, हिते भन्ने हितमान गुरूङसमेत जना १० लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६ नं. अनुसारको कसुर अपराधमा सोही नं. बमोजिम १० देखि १५ वर्षसम्म कैद सजाय गरिपाउँ भन्नेसमेत बेहोराको अभियोगपत्र।

घटनाको बारेमा मैले २/३ दिनपछि पत्रपत्रिकामार्फत काठमाडौं स्थित टिचिङ हस्पिटलमा बस्दाखेरी थाहा पाएको हुँ । को कस्ले किन सो घटना घटाए मलाई थाहा छैन । गत मङ्सिर ५ गतेदेखि नै श्रीमतीलाई क्यान्सर भएको थाहा पाएर निजको उपचारको लागि दौडधुप गरिरहेको र ऐ. १४ गते काठमाडौंमा गई टिचिङ हस्पिटलमा बसेको थिएँ। मेरो उक्त घटनामा कुनै किसिमको संलग्नता छैन भन्नेसमेत बेहोराको प्रतिवादी सुरजकुमार शाहीले सुरू अदालतमा गरेको बयान।

म मेरो ममीको उपचार गराउनको लागि तिलगङ्गा आँखा अस्पतालमा मोतीविन्दुको अपरेसन गराउनका लागि मिति २०६८।८।१३ र १४ गतेतिर काठमाडौं गएको र सोको २०/२५ दिनपछि मात्र चितवन फर्केको हुँ। घटना घटेको कुरा भोलिपल्ट मैले टि.भी.को समाचार सुनेर थाहा पाएको हुँ। कारागारभित्र के कसरी घटना भयो मलाई थाहा भएन । म निर्दोष छु, मेरो उक्त कारागारभित्र घटेको घटनामा मेरो कुनै योजना षड्यन्त्र संलग्नता नभएको हुँदा सजाय पाउनु पर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी प्रकाश रेग्मीले सुरू अदालतमा गरेको बयान।

मिति २०६८।८।२० गते बिहान ५:१५ बजेको समयमा म सोही कारागार ब्लकमा सुती निदाएको अवस्थामा थिएँ । सोही समयमा कारागार परिसरमा एकैचोटी बन्दुक पड्केको आवाज आएपछि म पनि निद्राबाट बिउँझिएको हो । अनि आफूसँग ब्लकमा रहेका नकुल श्रेष्ठ, बिरबल प्रजा, विकास परियार पनि ब्युँझेका थिए र अन्य साथीहरू सुतिरहेका थिए । ब्युँझिएका साथीलाई के भएको हो भनी सोध्दा झडप भयो भनेका थिए । तत्काल को कसले कोमाथि आक्रमण गरे मलाई थाहा भएन । बिहान ७:०० बजेतिर गोपी परियार, हरि गुरूङ, प्रदिप भट्ट, शिवप्रसाद पौडेललगायतका व्यक्तिहरू घाइते भएकोले उपचार गर्न लगे भन्ने कारागारभित्रै सुनेको हुँ । को को व्यक्ति मिलि निज शिव पौडेललगायतका व्यक्तिलाई के विषयमा आक्रमण गरे मलाई थाहा छैन भन्नेसमेत बेहोराको बिक्रम लामाले सुरू अदालतमा गरेको बयान।

उक्त घटनाको बारेमा मलाई केही थाहा जानकारी छैन। सो घटना घटेको भोलिपल्ट मिडियाबाट मात्र थाहा पाएको हो । मिति २०६८।८।२० गतेभन्दा पहिलादेखि नै म विदेश जाने कार्यको तयारीको लागि काठमाडौंको सातदोबाटो भन्ने ठाउँमा डेरा गरी बसी पढिरहेको छु । उक्त घटना कस्ले घटायो, के कसरी घटाए, को को संलग्न भई घटाए सो बारेमा मलाई थाहा भएन भन्नेसमेत बेहोराको प्रतिवादी शुसिल के. सी. ले निवेदनसाथ उपस्थित भई सुरू अदालतमा गरेको बयान।

उक्त मिति २०६८।८।२० गतेभन्दा अगाडि म आफ्नो औषधी व्यवसायको लागि दिल्लीतर्फ गई मिति २०६८।८।२० गते बिहान करिब २ बजेतिर नारायणगढको पुल्चोकमा आई सुतेको र उक्त घटना भएको कुरा मिडियाबाट म बिहान करिब १० बजेतिर उठेपछि मात्र थाहा पाएको हो । मैले कारागारमा रहेको

व्यक्तिलाई षड्यन्त्र योजना गर्ने कुरा नै आउँदैन । शिव पौडेलसँग सामान्य चिनजान मात्र छ । झै-झगडा त्यस्तो थिएन । निजको भाइ गोपी पौडेलको हत्या मुद्दामा मलाई समेत प्रतिवादी बनाएकोमा म यसै अदालतबाट साधारण तारेखमा छुटेको छु । शायद त्यही इवि राखी मउपर यस्तो झुट्टा जाहेरी दिएकी होलिन् । उक्त घटनामा मेरो कुनै योजना, षड्यन्त्र, भूमिका केही छैन भन्नेसमेत बेहोराको प्रतिवादी हाकु भन्ने कुमार देउजाले निवेदनसाथ उपस्थित भई सुरू अदालतमा गरेको बयान ।

उक्त मिति र समयमा म आफ्नो निजी घरमा नै सुतेको थिएँ । उक्त कारागार कार्यालयको घटनाबारे सोही दिन ११ बजेको समयमा मिडियामार्फत थाहा पाएको हो । सो कारागार घटना को-को भई कसरी घटाई शिवप्रसाद पौडेललाई घाइते बनाए सोबारे मलाई थाहा छैन । उक्त घटनामा मेरो संलग्नता, योजना, षड्यन्त्र केही थिएन । मेरोउपरको सम्पूर्ण जाहेरी दरखास्त झुट्टा हो भन्नेसमेत बेहोराको प्रतिवादी बाबुराम भण्डारीले निवेदनसाथ उपस्थित भई सुरू अदालतमा गरेको बयान ।

उक्त मिति २०६८।८।२० गतेको बिहान म आफ्नै घरमा नै थिएँ, उक्त कारागारको घटना को-को भई घटाए सोबारे मलाई केही थाहा छैन, सो घटना बारे मैले बिहान १० बजेतिर एफ.एम.मार्फत सुनी थाहा पाएको हो । सो घटनामा को-को संलग्न भई गरे सो बारेमा पनि मलाई थाहा छैन । कारागारभित्रको घटना भएकोले सोबारे मलाई केही थाहा छैन । उक्त घटना घटाउनका लागि मैले कुनै योजना, षड्यन्त्र र भूमिकासमेत गरेको छैन भनेसमेत बेहोराको प्रतिवादी निति भन्ने नितिन राईले निवेदनसाथ उपस्थित भई सुरू अदालतमा गरेको बयान ।

घटना भएको भनिएको समय र मितिमा म आफ्नै घरमा नै थिएँ । निज शिवप्रसाद पौडेललाई मार्नमा मेरो कुनै भूमिका, योजना, षड्यन्त्रसमेत थिएन । शिव पौडेलसँग मेरो चिनजान थियो । रिसइवी, झै-झगडा थिएन । मउपरको जाहेरी दर्खास्त झुट्टा हो । कारागारभित्रको घटना को-को मिली के कसरी भयो सोबारेमा समेत मलाई थाहा भएन भन्नेसमेत बेहोराको प्रतिवादी विनोद तामाङले निवेदनसाथ उपस्थित भई सुरू अदालतमा गरेको बयान ।

सो कारागार घटनामा मेरो कुनै भूमिका, निर्देशन र संलग्नता छैन । घटना को-को मिली के कसरी गराए, मलाई थाहा छैन । कारागारको सुरक्षा घेराभित्रको घटना भएको हुँदा मलाई जानकारी हुने कुरा पनि भएन र शिव पौडेलसँग सामान्य चिनजान मात्र थियो रिसइवी झैझगडा नभएको व्यक्तिलाई मसमेत मिली षड्यन्त्र गरी निर्देशन दिई मार्नुपर्ने कुनै कारण छैन । मेराउपरको जाहेरी दरखास्त झुट्टा हो भन्नेसमेत बेहोराको प्रतिवादी हिते भन्ने हितमान गुरूङले निवेदनसाथ उपस्थित भई सुरू अदालतमा गरेको बयान ।

सो घटना घटेको कुरा मलाई २०६८।८।२० गते बिहान ७:३० बजेको समयमा खरिदार रामबाबु श्रेष्ठले फोन गरेर जानकारी दिएपछि थाहा भएको हो । मिति २०६८।८।१९ गतेका दिन दिउसो कार्यालयबाट म आफ्नो घरमा गई बसेको र भोलिपल्ट बिहान राम बाबुले फोन गर्दा म आफ्नै घरमा थिएँ । उक्त घटनामा मेरो कुनै संलग्नता छैन, मेरो मिलेमतो, षड्यन्त्र, निर्देशन योजनामा घटना भएको भन्ने जाहेरी दरखास्तको बेहोरा झुट्टा हो भन्नेसमेत बेहोराको प्रतिवादी फणिन्द्रप्रसाद खनालले निवेदनसाथ उपस्थित भई सुरू अदालतमा गरेको बयान ।

सो घटनाको बारेमा मलाई केही थाहा छैन । उक्त मिति, समयमा म काठमाडौंस्थित महानगरीय प्रहरी वृत्त बौद्धमा हिरासतमा थिएँ । मलाई सञ्जिव लामाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी मसमेत भएको ज्यान मार्ने उद्योग मुद्दामा काठमाडौंमा प्रहरीले मिति २०६८।८।११ गते पक्राउ

गरी मुद्दा चलाएको र काठमाडौं जिल्ला अदालतको मिति २०६८।९।६ को आदेशबमोजिम धरौट बुझाई हिरासतबाट मुक्त भएको हुँदा मिति २०६८।८।२० को चितवन कारागारको घटना बारेमा मलाई केही थाहा जानकारी छैन। म प्रहरी हिरासतमा काठमाडौंमा रहेको अवस्थामा मैले घटना घटाउन मिलेमतो गरेको मेरो संलग्नता रहेको भन्ने कुरा सरासर झुट्टा हो भन्नेसमेत बेहोराको प्रतिवादी विष्णु पाण्डेले निवेदनसाथ उपस्थित भई सुरू अदालतमा गरेको बयान।

मिति २०६८।८।२० गतेका दिन आफू सुत्ने गरेको "क" ब्लकमा सुतिरहेकोमा बिहान करिब ६:३० बजेको समयमा फायरिङको आवाज आएपछि ब्युझिएँ। प्रहरीहरू आएपछि हल्ला भएर घटना घटेको भन्ने थाहा पाएँ। कसले को-कसलाई कुटपिट गरे मलाई थाहा भएन। पछि समाचार सुनेपछि शिवप्रसाद पौडेल घाइते भएको भन्ने सुनेको हुँ। म कुटपिट गर्न गएको छैन। म, गोपी परियार भाइ नाइके भएको कारण मलाई आरोप लगाएका होलान्। मैले प्रहार गरेको छैन। म घटना हुँदा “क” ब्लकबाट बाहिर निस्केकै छैन। मैले मृतक शिवलाई पनि चिन्दिन, अभियोग दाबीबमोजिमको कसुर अपराध गरेको छैन। मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी राजकुमार घलानले सुरू अदालतमा गरेको बयान।

मिति २०६८।८।२० गतेका दिन म “क” ब्लकको ठुलो हलभित्र सुतिरहेको थिएँ। बिहान ७:०० बजेतिर बाहिर फायरिङ भएपछि बिउँझिएको हुँ, त्यहाँ झगडा भयो भन्ने सुनेँ, बाहिर निस्किइन, सुतेकै ठाउँमा बसिरहेको हुँ। के कसरी घटना घट्यो, को कसले प्रहार गरे, मलाई थाहा भएन, म घटनामा संलग्न छैन। विक्रमले किन मेरो नाम उल्लेख गरे थाहा भएन। मैले छेकी कुटेको भन्ने कुरा झुट्टा हो। मैले कसुर अपराध गरेको छैन, मलाई सजाय हुनुपर्ने होइन, म निर्दोष छु भन्नेसमेत बेहोराको प्रतिवादी अमित तामाङ लामाले सुरू अदालतमा गरेको बयान।

मिति २०६८।८।२० गतेका दिन बिहान अं.६:०० बजेको समयमा म आफू सुत्ने कोठा "क" ब्लकको ठुलो हलमा बिउँझिएर गफ गरिरहेको थिएँ। म, उदय राना मगर, बुद्धि बि. क., सुनिल लामा भई सँगै सुतेको ठाउँमा गफ गरिरहेकोमा बाहिर झगडा भयो भन्ने सुनेको र बन्दुक पड्केको थाहा पाएपछि बाहिर जान खोज्दा कसैलाई पनि बाहिर जान दिइएको थिएन। पछि बाहिर घटना भएर शिव पौडेल घाइते भएको भन्ने सुनेको हो। चन्द्रप्रसाद थनेत र मेरोबिचमा त्यही भलिवल खेल्दा रिसइवी भएकोले तलाई पख भनेका थिए। निजले सोही कारणले मेरो नाम उल्लेख गरी घटनामा मुछेका होलान्। म घटनामा संलग्न छैन। मैले अभियोग दाबीअनुसारको कसुर अपराध गरेको छैन,मलाई सजाय हुनु पर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी भिमकुमार पाख्रिनले सुरू अदालतमा गरेको बयान।

बिहान करिब ६:०० बजेतिर प्रहरीले गोली पड्काएको हल्ला सुनेपछि मात्र ब्युझिएको हुँ। म "क" ब्लकको च्यानल गेटनिर सुतेको थिएँ। सो गेटभन्दा अगाडि कमान्डरहरू छिर्ने च्यानल गेट छ। गोलीको आवाज आएपछि ब्युझिएँ, बाहिर “ग” ब्लकमा झगडा भएको भन्ने सुने। त्यसपछि प्रहरीहरू आई शिव पौडेलको भाइको मुद्दामा मसमेत प्रतिवादी भएकोले मलाई पनि नाम बोलाएर “घ” ब्लकमा लगेर थुनेर राखेका हुन्। को-को भई शिव पौडेलसमेतलाई प्रहार गरे मलाई थाहा भएन। म घटनामा संलग्न छैन। पुरानो मुद्दाको रिसइवीका कारण र म पनि “क” ब्लकमा रहेको कारणले मेरो नाम उल्लेख गरेका होलान्। मैले घटना घटाएको होइन, म निर्दोष छु, मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी सुरज श्रेष्ठ छोइलाले सुरू अदालतमा गरेको बयान।

सो दिन म कारागार कार्यालय भरतपुरको “क” ब्लकमा थिएँ। बिहान ६:१० बजेतिर बन्दुकको आवाज आयो। बाहिर आएर हेर्दा हानाहान भएको

रहेछ । को कसले हानाहान गरे थाहा पाइन । शिव पौडेललाई “ग” ब्लककै कैदी बन्दीले कुटेका हुन् भन्ने कुरामा म विश्वस्त छु किनकि “ग” ब्लकको च्यानल गेटको ताला तोडिएको थियो । चन्द्रबहादुर थापा मगर र दिपक साहलाई “ग” ब्लकबाट आउँदै गर्दा देखेको हुँ । शिवप्रसाद पौडेलको भाइ गोविन्द मरेको ज्यान मुद्दामा म पनि थुनामा रहेको हुँदा पूर्वरिसइवी लिएर मसमेतउपर पोल गरेको हुन सक्छ । अभियोग दाबीबमोजिम मैले कसुर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी शरणकुमार गुरूङले सुरू अदालतमा गरेको बयान ।

मिति २०६८।८।१९ गते बेलुका ६:३० बजेतिर कारागारको थुनुवा कमान्डर सूर्य पुनलाई कान्छी भन्ने हेमबहादुर कार्की, वजनी भन्ने प्रदिप भट्ट, मुसे साजन गुरूङसमेतले पिट्न भनी धाराको पछाडिपट्टि लगेका थिए । सो समयमा म धारामा मुख धोइरहेको थिएँ । मैले निजहरू उभिएको ठाउँमा गई किन नाइकेलाई पिट्न खोजेको हो भनेपछि मसँग प्रदिप भट्ट, साजन गुरूङसमेतले मुखामुख गरी फोहर शब्दहरू बोले । म नबोलीकन जाँदा प्रमिश राईसमेतले चप्पलले झटारो छाडेका थिए । सूर्य लामा मेरो कमान्डर हो, म निजको पछि जानुपर्छ भनेपछि प्रमिश राई, प्रदिप भट्टसमेतले सर्टको कठालो ताने, त्यसपछि सूर्य लामा र म आफ्नो “क” ब्लकमा गएर सुत्यौं । निज प्रमिश राईसमेत "ग" ब्लकमा गएका हुन् । भोलिपल्ट बिहान ६:१० बजेको समयमा कारागारको पियन र हवल्दार चाबी खोल्न आई चाबी खोल्न लाग्दा मैले निजहरूलाई हातले पिटेपछि चाबी खोसेँ। पियन र हवलदार गेटबाट बाहिर भागे। राति नै मेरो गल्ती नहुँदा नहुँदै प्रदिप भट्टसमेतले मलाई कठालो समातेको र चप्पलले झटारो हानेको हुँदा निजहरूलाई मैले पिट्छु भन्ने सोच बनाएको थिएँ। च्यानल गेटको चाबी खोलेपछि “ख” ब्लकमा गएँ। त्यसपछि “ग” ब्लक जाने च्यानल गेटको पनि मैले चाबी खोलेँ। त्यसपछि धाराको ह्याण्डिल खोलेर एक्लै ल्याएँ, "ग" ब्लकको ढोकाको चाबी हाण्डिलले फोरेपछि शिव पौडेल सुतेका थिए, मैले "ग" ब्लकको कोठामा प्रवेश गरी बत्ती बालेँ। शिव पौडेल पहिला उठी रोके, मैले शिव पौडेल उठेको बेलामा पछाडि टाउकोमा २ पटक धाराको ह्याण्डिलले हिर्काएपछि निज शिव पौडेल कोठा बाहिर निस्किए, निज सुत्ने साइडमा ३ जना थुनुवामध्येकै बडिगार्ड प्रदिप भट्ट, हरि गुरूङ र गोपी परियार उठे । उनीहरू बाहिर आउन थालेपछि सूर्य पुन, चन्द्रबहादुर थापासमेतका करिब २० जनाजति "क" ब्लकका साथीहरू आएर कसैले तावा, कसैले रडले, कसैले लट्ठीले प्रदिप भट्ट, गोपी परियार, हरि गुरूङहरूलाई हाने । शिव पौडेलको दाहिने साइडमा मैले २ चोटी हानेपछि लडेको थियो । मैले तानेर “क” ब्लक र “ख” ब्लकको च्यानल गेटमा लगेर फाली दिएको हो । अरू प्रतिवादीहरूले शिव पौडेललाई हानेका होइनन् । लडेपछि मैले धाराको ह्याण्डिलले ४/५ चोटी हाने । निधारमा र पेटमा गरी ९ चोटि “ख” ब्लक र “ग” ब्लकको बिचमा गएर हानेको हुँ । शिव पौडेललाई धाराको ह्याण्डिलले हानेको हो कानूनबमोजिम होस् भन्नेसमेत बेहोराको प्रतिवादी सुनिल गुरूङले सुरू अदालतमा गरेको बयान ।

मिति २०६८।८।२० गते म कारागार कार्यालयको "क" ब्लकमा थिएँ । बिहानीपख गोली पड्किएपछि ब्युझिएको हो। म उठ्दा घटना घटिसकेको रहेछ । मैले घटना देखिन र कसैलाई कुटपिट गरेको छैन । म उठ्दा “ग” ब्लकतिरबाट प्रतिवादीमध्येका सुनिल गुरूङ, सानु लामा, सूर्य पुन, चन्द्र थापा मगर र दिपक साह “क" ब्लकतर्फ आउँदै गरेको देखेको हुँ। सुनिल गुरूङले धाराको ह्याण्डिलले शिव पौडेललाई हानेको भन्ने सुनेको हुँ । मउपरको जाहेरी दरखास्त, पोल उजुरी सबै झुट्ठा हो । म सो घटनामा संलग्न छैन । अभियोग दाबीबमोजिमको कसुर मैले नगरेको हुँदा मलाई सोबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी प्रकाश तामाङले सुरू अदालतमा

गरेको बयान।

म मिति २०६७।५।२९ गतेदेखि पदम दाहालको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी मसमेत भएको ज्यान मार्ने उद्योग मुद्दामा कारागार कार्यालय चितवनमा थुनामा रहेको थिएँ। उक्त दिन बिहान म कारागारमा गोली चलेपछि मात्र उठेको हुँ। त्यसपछि म बिहान ६:२० बजेतिर ट्वाइलेट गई फर्की आई पुनः क ब्लकमा आई सुतेको हुँ। उक्त घटनामा को कसको संलग्नता छ मलाई थाहा छैन। मिति २०६८।८।२० गते बिहान करिब ६:३० बजे प्रहरी म सुतेको ठाउँमा आई बोलाई अर्को कोठामा लगि राखेको हो। मेरो उक्त घटनामा संलग्नता छैन। पूर्वयोजनाबमोजिम शिव पौडेललाई कुटपिट गर्ने कार्य गरेको होइन। मैले आरोपित कसुर नगरेको हुँदा मलाई दाबीबमोजिम सजाय हुनु पर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी दिलबहादुर लामा तामाङले सुरू अदालतमा गरेको बयान।

म कारागार कार्यालय भरतपुरको “क” ब्लकमा पब्लिक कोठामा ठुलो हलमा सुत्ने गरेको थिएँ। त्यो दिन पनि म बिहान करिब ६:०५ बजेको समयमा उठेर ट्वाइलेट गई फर्किन लाग्दा करिब ६:१० बजेको थियो। मूल गेट खोलेर नाइकेहरू बाहिर गएका थिए। बाहिर गएका व्यक्तिहरूमा सुनिल गुरूङ, चन्द्रबहादुर थापा मगर, दिपक साह, सानु लामासहितका अन्य आन्तरिक प्रशासनका स्टाफहरू बाहिर निस्केका थिए। किन बाहिर निस्किए मलाई थाहा भएन। त्यसपछि “क” ब्लक को च्यानल गेट बन्द गरी आज जेल चलानी गर्दैछ, सबै जना आ-आफ्नो बेडमा बस्नु होला भने, म आफ्नो बेडमा गई भुवन न्यौपाने, सागरबाबु पाण्डे, दिपक पुन, मुक्ति गुरूङलगायतका साथीहरूसँग गएर बसेँ। त्यसपश्चात् ढोका खोलेको ५ मिनेटपछि गोली पड्केको आवाज सुनियो। त्यसपछि मात्र मलाई घटनाको बारेमा बाहिर झगडा भएछ भन्ने थाहा भयो। त्यसपछि प्रहरीहरू आई मलगायत ३०/३५ जना जतिलाई बोलाएर "घ" ब्लकमा राखियो। किन राखियो थाहा भएन। पछि समाचारमा भरतपुर कारागारमा झडप हुँदा "ग" ब्लकमा सुत्ने मानिसहरू घाइते भए भन्ने सुनेर थाहा पाएको हो। मेरो शिव पौडेलसँग राम्रो सम्बन्ध थियो। म घटना हुँदा “क” ब्लकबाट बाहिर निस्केको छैन। मेरो नामसमेत किन उल्लेख गरे त्यो मलाई थाहा भएन। म घटनामा संलग्न छैन, मैले आरोपित कसुर अपराध गरेको छैन। मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी सुजेन्द्र राई भन्ने सोचेन्द्र राईले सुरू अदालतमा गरेको बयान।

मिति २०६८।८।२० गते बिहान ७:०० बजेतिर गोली चलेको आवाज सुनेपछि उठेको हुँ। म कारागारको “क” ब्लकमा सतिश लामा, विशाल लामा तामाङलगायत ५०/६० जना सुतेका थियौं। “क” ब्लकभित्रबाटै मसमेतले प्रहरी हिँडेको र हल्लाखल्ला भएको सुनेको हो, मान्छेहरूको भिड भएको र गोली चलेको हुँदा डरको कारणले म बाहिर निस्किनँ। मेरो उक्त घटनामा कुनै संलग्नता छैन। मेरो जन्म दिवस भएको कुरा ठिक हो, तर शिवे बढ्ता भएको छ, ठिक पार्नु पर्छ भनी हामीहरूको बिच कुनै सरसल्लाह भएको थिएन। मैले उक्त घटना नघटाएको र मेरो कुनै संलग्नता नहुँदा सजाय हुनु पर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी अमिर गुरूङले सुरू अदालतमा गरेको बयान।

मिति २०६८।८।२० गतेका दिन बिहान "क" ब्लकभित्रको आफ्नो बेडमा सुनिल के. सी. सँगै सुतिरहेको थिएँ। बिहानपख ६:१५ बजेको समयमा बाहिर गोली पड्क्यो, झ्यालको पर्दा उचालेर बाहिर हेर्दा प्रहरीहरू, सरसफाइ नाइके गोपी गुरूङ, अमर तामाङलाई बाहिर देखेँ। त्यसपछि "ग" ब्लकमा झगडा भयो भन्ने हल्ला आयो। प्रहरीहरू त्यहाँ भएकाले हामीहरूलाई बाहिर निस्कन दिएन। प्रहरीले घाइतेहरू निकालेपछि बद्री ढुङ्गाना, प्रदिप भट्ट, शिवप्रसाद

पौडेल, मदन परियार, हरि गुरूङ घाइते भएको भन्ने सुनियो र प्रहरीले घाइतेलाई हस्पिटल लगेको हो । करिब २ घण्टापछि प्रहरीहरू आई नाम बोलाएर मलगायत २४ जना जातिलाई “ग” ब्लकमा लगेर थुनी दिएको हो । म घटना हुँदा घटनास्थलमा गएकै छैन । को कसले हाने मलाई थाहा भएन । शिव पौडेलको भाइको केसमा हामीलाई आरोप लागेकोले मेरो नाम लिएका होलान् । डोलनाथ र रामबालकले किन मेरोसमेत नाम लेखाए थाहा भएन । म घटनामा संलग्न छैन । मैले कुनै कसुर अपराध गरेको नहुँदा मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी फणिन्द्र श्रेष्ठले सुरू अदालतमा गरेको बयान ।

मिति २०६८।८।२० गतेका दिन बिहान कारागार कार्यालय चितवनको “क” ब्लकमा प्रतिवादीमध्येका फणिन्द्र, सुरज र म एकै ठाउँमा सुतेका थियौं । ६:०० बजेदेखि ६:३० बजेको समय हुँदो हो, बन्दुक पड्कियो । बन्दुकको आवाजले हामी ब्युँझियौं । च्यानल गेटको पर्दा खोलेर हेर्दा प्रहरी र आन्तरिक प्रशासनका नाइकेहरूलाई देख्यौं । त्यहाँ "घ" ब्लकका कैदीहरूसँग झडप भयो भन्ने सुनियो । त्यसको लगभग ३ घण्टापछि मलगायत फणिन्द्र श्रेष्ठलाई अर्को भवनको “ग” ब्लकमा लगेर राखेपछि अनुसन्धान टोलीले छानबिन गर्‍यो । त्यसमा मसमेतको नाम आयो । म ब्युझिँदा मेरो ब्लकको च्यानल गेटको चाबी खोलिएको थियो । सो ब्लकमा भएकामध्ये अमरबहादुर तामाङ, हवल्दार बा भन्ने, सुनिल गुरूङ, चन्द्र थापा मगरलगायतका मानिसहरू त्यहाँ थिएनन् । मसमेतका माथि उल्लेख गरेका तीनजना हामी सोही ब्लकमा थियौं, अर्को ब्लकमा गएनौं । प्रदिप भट्ट पनि शिवकै मेसमा खाने मान्छे हुन्, निजले मेरो नाम पोल गरेको बेहोरा झुट्टा हो । रामबालकले मेरो नाम किन पोल गरे, त्यो म जान्दिन । मेरै ब्लकका मान्छेले शिव पौडेललाई कुटपिट गरेको भन्ने कुरामा विवाद देखिँदैन । तर को कसले कुटपिट गरे आफूले नदेखेको हुँदा भन्न सक्दिन । मैले कुटपिट गरेको छैन । म सो घटनामा संलग्न छैन । अभियोग दाबीबमोजिमको कसुर अपराध नगरेको हुँदा मलाई सजाय हुनु पर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी सुनिल के. सी. ले सुरू अदालतमा गरेको बयान ।

मिति २०६८।८।२० गते बिहान ६ बजे दुवै पक्षका मानिसहरू एकै ठाउँमा भएकाले झगडा भएको हो । मैले शिव पौडेललाई पिटेको होइन । म "क" ब्लकमा थिएँ । "ग" ब्लकमा गइन । "क" ब्लकका सुनिल गुरूङ, शरण गुरूङ, फणिन्द्र श्रेष्ठ, सुनिल के. सी. “ग” ब्लकमा गई शिव पौडेललगायतका मानिसलाई कुटेको भन्ने थाहा पाएको हो । बन्दुकको आवाजले ब्युझिएको र कुटपिट गरी निस्केपछि के भएको रहेछ भनी म पनि “ग” ब्लकमा पुगी सुनिल गुरूङको हातबाट फलामको खानेपानीको पाइप मैले खोसी फालिदिएको हुँ । मेरो हातमा पाइप देखेको कारण मउपर जाहेरी परेको हुन सक्छ । सो पाइपले मैले कसैलाई पनि पिटेको होइन । अभियोग दाबीबमोजिमको कसुर मैले नगरेको हुँदा मलाई दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी चन्द्रबहादुर थापा मगरले सुरू अदालतमा गरेको बयान ।

मिति २०६८।८।२० गतेका दिन बिहान “क” ब्लकको लाइब्रेरी कोठाको छेउमा म र अरू ४/५ जना सुतेका थियौं । बिहान करिब ६:२० बजे बाहिर गोली पड्केको आवाज सुनेपछि म उठेर बाहिर निस्कँ । म बिजुली बनाउने नाइके भएकोले बाहिर आएर हेर्दा शिव पौडेललाई प्रहरीहरू आई बोकेर बाहिर लाँदै थिए । सो दिनभन्दा अघिल्लो दिन बेलुका ६/७ बजेको समयमा शिव पौडेलसँग शरण गुरूङको झै-झगडा भएको थियो । कान्छी भन्ने र फणिन्द्र पनि सो झगडामा सामेल थिए । म “ग” ब्लकमा उक्त दिन बिहान गएकै छैन । म उठ्दाखेरी घटना घटिसकेको थियो । मलाई अमरबहादुर तामाङले भनेअनुसार सुनिल गुरूङ र अमिर गुरूङले हानेको भन्ने सुनेको थिएँ । मैले घटना

देखिन। मैले घटना घटाएको भन्ने कुरा सरासर झुट्टा हो। म उक्त घटनामा संलग्न भएको छैन। सो घटनामा को-को संलग्न थिए मलाई थाहा भएन। मैले कुनै कसुर अपराध गरेको नहुँदा मलाई सजाय हुनुपर्ने होइन। म निर्दोष छु भन्नेसमेत बेहोराको प्रतिवादी दिपक साहले सुरू अदालतमा गरेको बयान।

म उक्त दिन मेरै कोठामा सुतेको थिएँ। मानिसहरूको आवाजले बिउझिएँ। म चौकीदार हुँदा ब्लकमै सुतेको थिएँ। म "क" ब्लकबाट "ग" ब्लकमा गएको छैन। "क" ब्लककै मान्छेले "ग" ब्लकमा गई शिव पौडेललगायत अन्यलाई कुटपिट गरेको भन्ने पछि थाहा पाएको हो। मैले कसैलाई कुटपिट गरेको छैन, कसले कुटे मैले देखिन। म जेल प्रशासनको सहयोगी हो। सो घटना घटेपछि जेलरलाई सो घटनाको बारेमा जेलको फोनबाटै जानकारी गराएको हुँ। अभियोग दाबीबमोजिमको कसुर अपराध नगरेकाले मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी सानु तामाङ भन्ने सुरेन्द्र सिंतानले सुरू अदालतमा गरेको बयान।

म उक्त कारागारको दाइ नाइके हुँ। मलाई चौकीदार कमान्डर पनि भन्छन्। “क” ब्लकको दोकानको छेउको कोठामा म, किसन पुन, रामबहादुर तामाङ, रतिया चौधरी, राजकुमार प्रजासँग सुतेको थिएँ। बिहान बाहिर हल्ला सुनेर ब्युझिएपछि बाहिर जानकारी गराउन निस्के। “ग” ब्लकतिर मारपिट भएको हल्ला सुनेपछि जानकारी गराउन सुरक्षाकर्मी बस्ने कोठामा गई असई सन्तबहादुर तमाङलाई घटना भएको जानकारी गराएँ। त्यहीँ रामबालक अरू प्रहरी पनि थिए। वहाँहरू भित्र जानु भई पिटाई खाने मान्छेहरूलाई बाहिर निकालेका हुन्। म त्यहीँ बाहिर बसेर प्रहरीलाई मान्छे मार्‍यो मार्‍यो भनी कराएँ। “क” ब्लकबाट को-को गएर मारपिट गरे त्यो मलाई थाहा भएन। म “ग” ब्लकमा गएकै छैन। म घटनामा संलग्न छैन। मैले अभियोग दाबीबमोजिम कसुर अपराध गरेको छैन। मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी सूर्यबहादुर पुनले सुरू अदालतमा गरेको बयान।

मिति २०६८।८।१९ गते १०:०० बजे कारागार कार्यालय चितवनमा लेखासम्बन्धी काम गरी साँझ ४:०० बजे फणिन्द्र खनाल आफ्नो घर जानु भएको हो। म पनि सोही कार्यालयमा १०:०० आई ४:०० घर फर्केको हुँ। मिति २०६८।८।२० गते ५:४५ बजे उक्त कार्यालयमा कुटपिट घटना घटेको रहेछ। सो घटना घट्दा फणिन्द्र खनाल आफ्नो घरमा भएकोले कुटपिटमा सहयोग गर्ने कुरै आउँदैन। उक्त कुटपिटमा फणिन्द्र खनालको मिलोमतो छैन भन्नेसमेत बेहोराको प्रतिवादी फणिन्द्र खनालका साक्षी प्रेमप्रसाद सुवेदीले सुरू अदालतसमक्ष गरेको बकपत्र।

म लागु औषध मुद्दामा मिति २०६८।८।१७ गते कारागार कार्यालय चितवनको “क” ब्लकमा थिए। म, भिम र अमित सँगै सुतेका थियौं। शिवप्रसाद पौडेल उक्त कारागारको “ग” ब्लकमा सुतेका थिए। एक्कासी टिन बजेको आवाज आयो। हाम्रो कोठाको ब्लक खोलेको थिएन। को कसले “क” ब्लकमा कुटपिट गरे देख्न पाइएन। हाम्रो ब्लकको ढोका लगाई दिएका थिए। हामीले ढोकाबाट घाइतेलाई घिसारेको देखेका हौं। उक्त कुटपिट गर्न भिमकुमार पाख्रिन र अमित तामाङ नगएको हुँदा सफाइ पाउनुपर्छ भन्नेसमेत बेहोराको भिमकुमार पाख्रिन र अमित तामाङका साक्षी उदय राना मगरले सुरू अदालतसमक्ष गरेको बकपत्र।

मैले उक्त मितिमा भएको घटना प्रत्यक्ष देखेको होइन। को कसले घटना घटायो थाहा भएन। पछि सुरक्षाकर्मीलाई बुझ्दा शिव पौडेलको भाइ गोपी पौडेलको घटनाका विपक्षीहरूले उक्त घटना घटाएको हो भन्ने बुझैँ। घटना घटाउनेहरूको नाम मलाई याद छैन भन्नेसमेत बेहोराको घटना विवरणका साक्षी प्र.ना.नि. शिवराज क्षेत्रीले सुरू अदालतसमक्ष गरेको बकपत्र।

मैले एक्कासी आवाज आएको सुनी हेर्दा मान्छेहरू भागाभाग गर्दै थिए । हुस्सु लागेकोले मान्छे चिन्न सकिनँ । कसले कसलाई हान्यो थाहा भएन । त्यो देखेपछि मैले सिठ्ठी बजाएँ । थप सुरक्षा टोली आए र हेर्दा "घ" ब्लकको अगाडि एकजना ढलेको र शरण गुरूङले बासको लाठीले प्रहार गरेको देखेँ भन्नेसमेत बेहोराको घटना विवरणका साक्षी प्र.ज. पशुपति खतिवडाले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

म पति शिव पौडेललाई भेट्न जाँदा मेरो स्कुटर कोरेर अगाडि टुटी फुटाई दिएका थिए । कारागारमा रहेका प्रमिस राईसमेतका घटना देख्ने मान्छेहरूले भनेका आधारमा जाहेरी दिएको हुँ । मैले श्रीमान्लाई लगेको खाने कुरा चाख्ने, एक एक गरी देखाउनु पर्ने, कारागार प्रशासनको मेरो पतिलाई हत्या गर्नुमा मिलेमतो रहेको छ भन्नेसमेत बेहोराको जाहेरवाला बिनु रायमाझी पौडेलले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

मैले कसैलाई पनि नचिनेकोले नाम उल्लेख गरेको छैन । घटना मैले प्रत्यक्ष देखेको होइन । घटना कसरी घटेको मलाई थाहा भएन । कसले कसलाई मारेको हो मैले नदेखे पनि शिव पौडेललगायतका मान्छेहरू घाइते भएका र शिव पौडेलको उपचारको क्रममा मृत्यु भएको हो भन्नेसमेत बेहोराको बुझिएका साक्षी प्र.ज. विष्णुराम सार्कीले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

उक्त घटना घटेका दिन हुस्सु लागी अँध्यारो भएको थियो । म दुईतले घरको छतमा थिएँ । म ड्युटी बसेको स्थानबाट घटना देख्ने अवस्थामा थिइन । हवल्दार सावले भनेपछि मलाई थाहा भयो भन्नेसमेत बेहोराको प्र.ज.फे लामा तामाङले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

उक्त घटना घटेको दिन प्रतिवादी कुमार देउजा भारतमा थिए । मैले मिति २०६८।८।१० गते पुलचोकमा लगेर छोडेको हुँ । उनीहरू मेडिसिन सप्लाई गर्ने क्रममा डिल्ली जाने भनेका थिए । मिति २०६८।८।२० गते दिउसो १२:०० बजे निजलाई घरमा भेटेको हुँ भन्नेसमेत बेहोराको प्रतिवादी कुमार देउजाको साक्षी मानबहादुर कुमालले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

प्रतिवादी सुरजकुमार शाही घटना घटेको समयमा काठमाडौंमा श्रीमतीको उपचारको लागि टिचिङ हस्पिटलमा गएका थिए । निज मङ्सिर २० गते पनि सोही हस्पिटलमा थिए भन्नेसमेत बेहोराको प्रतिवादी सुरजकुमार शाहीको साक्षी अरमेन्द्रबहादुर साहले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

उक्त घटना घटेका दिन निज शिव पौडेललाई सुजेन्द्र राईसमेतका व्यक्तिहरूले मुख्य रूपमा प्रहार गरेको देखेँ । घाइतेहरू दिलबहादुर तामाङ, राजकुमार घलान, सुरज श्रेष्ठ हुन् । प्रतिवादी शरण गुरूङले "क" ब्लकको गेटबाट मतर्फ फर्केर अब तेरो पाली भनेको थियो भन्नेसमेत बेहोराको बुझिएका मानिस प्रमिस राईले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

सुसिल के.सी. मेरो छिमेकी भएकोले राम्रोसँग चिन्दछु । निजको चालचलन सरल थियो । प्रस्तुत घटनामा यी प्रतिवादीको योजना संलग्नता छैन भन्नेसमेत बेहोराको सुसिल के.सी.का साक्षी क्रमल श्रेष्ठले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

उक्त घटना घटेका दिन बिहान म मर्निङवाक गर्न जाँदा बिहान ५:३० बजेको समयमा हितमानको घरमा पुगेको थिए । हितमान मिल्ने साथी भएकोले ऊ बिरामी भएको भन्ने कुरा सुनेकोले सो दिन भेट्न गएको हुँ । म त्यहाँबाट करिब ६:१५ बजे फर्केको हुँ । उक्त घटनामा निजको संलग्नता छैन । निजउपर लागेको आरोप झुट्टा हो भन्नेसमेत बेहोराको प्रतिवादी हितमान गुरूङका साक्षी भोजबहादुर खड्काले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

उक्त कारागारको "क" ब्लकमा १० जना सुत्ने गर्थ्यौं । म र सूर्यबहादुर पुन उक्त दिन ६:१० बजेसम्म

सुतिरहेको समयमा मान्छे कराएको आवाज आई के भयो भनी हेर्दा सूर्यबहादुर पुनसमेत सुरक्षाकर्मीलाई जानकारी गराउन गए । सुरक्षाकर्मी आई दुई राउन्ड गोली पड्काएर थप घटना हुन दिएनन् । निज सूर्यबहादुर पुनको उक्त घटनामा संलग्नता छैन । निजउपरको आरोप गलत हो भन्नेसमेत बेहोराको प्रतिवादी सूर्यबहादुर पुनका साक्षी किसन पुनले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

म सुरेन्द्र सिंतान "क" ब्लकमा सुत्ने गर्थ्यौं । उक्त घटनामा सुरेन्द्र सिंतानको संलग्नता छैन भन्नेसमेत बेहोराको प्रतिवादी सुरेन्द्र सिंतानका साक्षी रामबहादुर तामाङले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

सूर्य पुन “क” ब्लकमा सुतेका थिए । घटना घट्दा सूर्य पुन, सुरेन्द्र सिंतान “क” ब्लकभित्र हामीहरूसँगै भएकोले निजहरूको कसुरमा संलग्नता छैन भन्नेसमेत बेहोराको प्रतिवादी सूर्यबहादुर पुनका साक्षी राजु भन्ने राजेश्वर खतिवडाले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

अभियोग पत्र झुट्टा हो । उक्त घटना हुँदा सुनिल के. सी. र फणिन्द्र श्रेष्ठसमेत एउटै कोठामा सुतेकाले निजहरूको घटनामा संलग्नता छैन भन्नेसमेत बेहोराको प्रतिवादी बिक्रम लामाका साक्षी नहकुल श्रेष्ठले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

प्रतिवादी राजकुमार घलानमाथि लगाएको आरोप झुट्टा हो । उक्त घटना मैले सुरूदेखि अन्तिमसम्म देखेको हुँदा राजकुमार घलान, प्रकाश तामाङ र सुजेन्द्र राईको उक्त घटनामा संलग्नता थिएन भन्नेसमेत बेहोराको प्रतिवादी राजकुमार घलानका साक्षी जितबहादुर तामाङले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

उक्त घटना घट्दा म कारागारभित्रको “क” ब्लकमा बस्ने गरेको थिएँ । सुतिरहेको अवस्थामा बन्दुकको आवाज आयो । सोकोठामा दिपक साह पनि थिए । निजको शिव पौडेलसँग कुनै दुस्मनी छैन । निजको प्रस्तुत घटनामा संलग्नता छैन । निजलाई लागेको आरोप सत्य होइन भन्नेसमेत बेहोराको प्रतिवादी दिपक साहका साक्षी संजय गुरूङले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

उक्त घटना घट्दा म कारागारभित्रको “ख” ब्लकमा थिएँ । उक्त घटनामा को-को थिए । मलाई थाहा भएन । हाम्रो ब्लक बन्द थियो । चन्द्रबहादुर थापा मगर राम्रो चालचलन भएका व्यक्ति हुँदा निजउपरको आरोप सत्य होइन भन्नेसमेत बेहोराको प्रतिवादी चन्द्रबहादुर थापा मगरको साक्षी मानबहादुर वि.क. ले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

उक्त घटना घट्दा को कसले घटाए देखिन । चन्द्रबहादुर जेलका नाइके हुन् । चन्द्रबहादुरको बानी व्यवहार राम्रो भएकोले सो घटना निजको सहयोगमा घट्यो भन्ने कुरामा म विश्वास गर्दिन भन्नेसमेत बेहोराको प्रतिवादी चन्द्रबहादुर थापाको साक्षी सूर्यबहादुर सुनारी मगरले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

उक्त दिन मेरो ड्युटी कारागारमा थियो । शरण गुरूङ, सुनिल गुरूङ, अमिर गुरूङ, फणिन्द्र श्रेष्ठ, सुनिल केसी, सुरज श्रेष्ठ, सुजेन्द्र राई, चन्द्रबहादुर थापा मगरलगायतले मलाई मुड्कीले हानेर भुइँमा लडाई दिए र मेरो साथमा भएको चाबीको झुप्पा थुते । कुटपिट भएको त मैले देखिनँ । मसँग चाबी लगेपछि कहाँ गए, के गरे मैले देखिनँ । हामीले हवाई फाइरिङ गरेपछि उनीहरू भागेका हुन् भन्नेसमेत बेहोराको बुझिएका साक्षी प्रहरी हवल्दार रामबालक यादवले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

उक्त घटनामा शिव पौडेल गम्भीर घाइते थिए । हरि गुरूङ र गोपी परियार पनि घाइते नै थिए । अरूलाई सामान्य चोट लागेको थियो । फणिन्द्र श्रेष्ठ र सुनिल के.सी.को संलग्नता थियो, थिएन मलाई थाहा भएन भन्नेसमेत बेहोराको बुझिएको मानिस डोलनाथ सुवेदीले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

मलाई चन्द्रबहादुर थापा मगरले पहिलो प्रहार गरेको हो । घटना विवरण कागजमा प्रहरीले सही गरिदिनु भनेकोले सही गरिदिएको हो । मैले भनेको, बोलेको कुरा लेखेको होइन । कुटपिट भएपछि छुट्याउन जाँदा टाउकोमा चोट लागेकोले बेहोस भएँ । त्यसपछि केही थाहा भएन भन्नेसमेत बेहोराको बुझिएका मानिस हरिबहादुर गुरूङले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

उक्त घटना भएको दिन "क" ब्लकमा रामबहादुर तामाङ, किसन पुन, मलगायतका थियौँ । बिहान ६:१५ बजे चाबी खोल्ने टोलीले गरेको हल्लाले बिउझिएँ । त्यसपछि बाहिर झडप भयो भन्ने सुनेँ । कसले हान्यो त्यो मैले देखिन भन्नेसमेत बेहोराको बुझिएका मानिस अमरबहादुर तामाङले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

उक्त घटना भएको दिन म, पूर्णबहादुर राई, दिलबहादुर थापा, सूर्यबहादुर राईसमेतका कैदीहरू सँगै थियौँ । बाहिर हल्ला भएकोले के भएको भनी हेर्दा कुटपिट भएको भन्ने सुने । "क" ब्लकका बन्दीहरूले "ग" ब्लकका बन्दीहरूलाई हानेको भन्ने सुनेको हो । देखेको होइन भन्नेसमेत बेहोराको बुझिएका मानिस चन्द्रबहादुर प्रजाले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

उक्त घटना घट्दा म "क" ब्लकको छेउमा बसेको थिएँ । हवल्दारले चाबी दिएपछि चाबी लिएर गेट खोले । शरण गरूङले मेरो हातबाट चाबी खोसी लिएर कता गए, के के गरे मलाई थाहा भएन । फाइरिङ गरेको सुनी हेर्दा "ग" ब्लकका बन्दीहरू घाइते भई बाहिर निकालेको मैले देखेको हो भन्नेसमेत बेहोराको बुझिएका मानिस गोपीलाल गुरूङले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

म "ग" ब्लकको नाइके हुँ । उक्त कोठामा म, रणबहादुर मगर, बुद्धी नेपाली, चन्द्र प्रजा, डिलबहादुरसमेतका मानिसहरू बसेका थियौँ । मुखमा माक्स लगाएका ६/७ जना र अरू पनि "क" ब्लकतिरबाट "ग" ब्लकमा गएका थिए । ति मान्छेहरू मैले चिन्न सकिन । उनीहरूले ग ब्लकमा के के गरे थाहा भएन । लट्ठी लिएर गएकोसम्म हो । अइया अइया भन्ने आवाज ग ब्लकबाट आएको थियो भन्नेसमेत बेहोराको बुझिएका मानिस चन्द्रप्रसाद थनेतले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

घटना भएको सत्य हो । "ग" ब्लकभित्र आएका ४/५ जनामध्ये २ जना दिलबहादुर तामाङ र चन्द्रबहादुर हुन् । अरू मैले चिनिनँ भन्नेसमेत बेहोराको बुझिएका मानिस तिलबहादुर गुरूङले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

शरण गुरूङले उत्तरतर्फको कोठामा चुक्कुल लगाए भन्ने कुरो गलत हो । नहान् नहान् भन्ने आवाज बाहिरबाट आएको थियो । मैले अनुसन्धानको क्रममा केही पनि भनेको छैन । प्रहरीले बेहोरा लेखेर सही गर्नु भनेकोले मैले ठिकै होला भनेर सही गरिदिएको हुँ भन्नेसमेत बेहोराको बुझिएका मानिस ढिडरा चौधरीले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

उक्त दिन बिहान म "ग" ब्लकभित्र ७/८ जना बन्दीहरू सँगै सुतेको थिएँ । माक्स लगाएर आएका मान्छेहरूले मारपिट गर्न थाले मलाई पनि लौराले हाने । सो कोठामा बिरामीहरू पनि थिए । कुटपिट गर्नेहरूलाई मैले चिनिनँ । मारपिट हुँदा घाइतेहरू कराएका थिए । लौरो दाउराहरू लिएर त आए होलान् । कोठाभित्र बत्ती नभएको र मारपिट गर्नेले माक्स लगाएकोले मैले चिनिन भन्नेसमेत बेहोराको बुझिएका मानिस शिवनारायण महतोले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

उक्त घटनामा को-को कुटपिट गर्न आए मलाई थाहा भएन । घटनास्थल मुचुल्काको बेहोरा ठिकै हो । सहीछाप पनि मेरै हो भन्नेसमेत बेहोराको बुझिएका मानिस सोमलाल चौधरीले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

उक्त घटना को कसले, के कसरी घटाए मलाई थाहा भएन । प्रहरीले सही गरिदिनुस् भनी दिएकोले सही गरेको हुँ भन्नेसमेत बेहोराको बुझिएका

मानिस राजकुमार तामाङले सुरू अदालतसमक्ष गरेको बकपत्र।

उक्त घटनामा शिव पौडेल, प्रदिप भट्ट, हरि गुरूङसमेत घाइते भएको भन्ने सुने । को-को आएर कुटपिट गरे त्यो हेर्न नै सकिएन । मुखमा माक्स लगाएकोले मान्छे चिनिएन भन्नेसमेत बेहोराको बुझिएका मानिस मिनबहादुर लामाले सुरू अदालतसमक्ष गरेको बकपत्र।

उक्त घटनामा प्रतिवेदनमा उल्लेख भएका व्यक्तिहरू संलग्न भएका हुन् । सबै प्रतिवादीहरूको नाम सम्झना छैन। मिति २०६८।८।३० को प्रतिवेदन सत्य हो । उक्त प्रतिवेदन मैले नै लेखी सहीछाप गरी पेस गरेको हो भन्नेसमेत बेहोराको बुझिएका मानिस प्रतिवेदक प्र.स.नि. सन्तबहादुर थापाले सुरू अदालतसमक्ष गरेको बकपत्र।

को कसको प्रहारबाट शिव पौडेलको मृत्यु भएको हो थाहा भएन । घटनाबारे मलाई जानकारी छैन । प्रहरीले लेखी सहीछापसम्म गराएको हो भन्नेसमेत बेहोराको मौकामा बुझिएका बन्दी गोपी भन्ने मदन परियारको बन्द सवाल।

मिति २०६८।९।५ को घटना विवरणको कागजमा भएको सहीछाप र बेहोरा मेरो होइन। कसले प्रहार गर्‍यो त्यो पनि थाहा भएन । शिव पौडेललाई कसले कुटेर घाइते बनाएका हुन् मलाई थाहा भएन । किनकी म बेहोस भएको थिएँ भन्नेसमेत बेहोराको मौकामा बुझिएका बद्रीप्रसाद ढुंगानाको बन्द सवाल।

मिति २०६८।९।१ गतेको कागज सुनाउँदा सुनिपाएँ । सो कागजमा लेखाएको बेहोरा मेरो होइन। कागजमा परेको सहीछाप मेरो होइन। उक्त दिन शिव पौडेल सुतिरहेको अवस्थामा धाराको चापाकल हेन्डिल, जिआइ पाइप, तावा, डाडु, पन्यू लिएर आइ पहिला मलाई सरण गुरूङले टाउकोमा हान्यो, चन्द्रबहादुर थापा मगर, रणबहादुर कुमाललगायतले शिव पौडेल माथि हानी निजलाई समाती कोठा बाहिर ल्याई कुटपिट गरेका हुन् भन्नेसमेत बेहोराको मौकामा बुझिएका प्रदिप भट्टको बन्द सवाल।

प्रतिवादीहरू सुनिल गुरूङ, सुनिल के.सी., शरण गुरूङ, सुरज श्रेष्ठ छोइला, फणिन्द्र श्रेष्ठ, दिलबहादुर लामा, सोचेन्द्र राई, अमिर गुरूङ जना आठउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३ (३) नं. बमोजिमको कसुरमा सोही १३ (३) नं. बमोजिम जनही जन्मकैदको सजाय हुने, प्रतिवादीहरूमध्येका प्रकाश तामाङ, अमित लामा तामाङ, विक्रम लामा, चन्द्रबहादुर थापा, भिमकुमार पाख्रिन, राजकुमार घलानका हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिमको कसुरमा सोही १७(२) नं. बमोजिम जनही ५(पाँच) वर्ष कैदको सजाय हुने, प्रतिवादीहरूमध्येका सानु तामाङ भन्ने सुरेन्द्र स्याङ्गतान, सूर्यबहादुर पुन र दिपक साहका हकमा सफाइ पाउने, उल्लिखित १७ जना प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ज्यान मार्ने उद्योगतर्फ सजाय गर्न अभियोग दाबी नपुग्ने, प्रतिवादीहरू प्रकाश रेग्मी, सुरजकुमार शाही, फणिन्द्र खनाल, विनोद तामाङ, हाकु भन्ने कुमार देउजा, बाबुराम भण्डारी, शुशिल के. सी., निति भन्ने नितिन राई, विष्णु पाण्डे र हिते भन्ने हितमान गुरूङसमेत जना १० का हकमा ज्यानसम्बन्धी महलको १६ नं. बमोजिमको कसुरमा सोही १६ नं. बमोजिम सजायको मागदाबी रहेकोमा दाबी नपुगी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने भन्नेसमेत बेहोराको सुरू **चितवन जिल्ला अदालतबाट मिति २०७०।१२।२० मा भएको फैसला।**

मैले अदालतमा बयान गर्दा आफू घटनामा संलग्न नभएको भनी आरोपित कसुरमा इन्कार रहेको छु। मौकाको बयान मेरो स्वेच्छाविपरीतको हो। कागज गर्ने मानिसहरूले पनि घटना अपराधमा मेरो संलग्नता देखाउन सकेका छैनन् । मउपरको अभियोग दाबी

शङ्कारहित तवरले पुष्टि हुन सकेको छैन। म पुनरावेदक प्रतिवादी मृतक शिव पौडेललाई मार्न घटनास्थलमा उपस्थित भएको वा मृतकसँग पूर्वरिसइवी झै-झगडा भएको भन्नेसमेत नदेखिएकोले मलाई कसुरदार ठहर गर्न मिल्ने होइन। घेरा हाल्ने, बाटो गौंडा छेक्ने वा भाग्न उम्कन नपाउनेसमेत गैह्र काम गर्नेलाई मार्ने कार्यमा संयोग पारिदिएबापत पाँच वर्ष कैद हुने भन्ने कानूनी व्यवस्थाबमोजिम मलाई सुरू अदालतले उक्त सजाय हुने ठहर गरे पनि अनुमानको भरमा मलाई दोषी ठहर गरी सो सजाय गर्न मिल्ने होइन। सहप्रतिवादीको पोल अन्य प्रमाणबाट पुष्टि नभएसम्म दोषी ठहर गर्न मिल्दैन। मुद्दामा अभियोग दाबीअनुसार प्रतिवादीले कसुर गरेको नदेखिएपछि सोबाहेक अन्य प्रकारको कसुर अपराध गरेको देखिन्छ भनी मलाई पाँच वर्ष कैद हुने ठहर गरेको सुरू अदालतको फैसला मेरो हकमा त्रुटिपूर्ण हुँदा सो हदसम्म उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी विक्रम लामाको पुनरावेदन अदालत हेटौंडामा परेको पुनरावेदन।

अदालतमा बयान गर्दा मैले आफू घटनामा संलग्न नभएको भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको छु। मौकाको बयान मेरो स्वेच्छाविपरीतको हो। प्रहरीमा कागज गर्ने मानिसहरूले पनि घटना अपराधमा मेरो संलग्नता देखाउन सकेका छैनन्। मउपरको अभियोग दाबी शङ्कारहित तवरले पुष्टि हुन सकेको छैन। म पुनरावेदक प्रतिवादी मृतक शिव पौडेललाई मार्न घटनास्थलमा उपस्थित भएको वा मृतकसँग पूर्वरिसइवी झै-झगडा भएको भन्नेसमेत नदेखिएकोले मलाई कसुरदार ठहर गर्न मिल्ने होइन। घेरा हाल्ने, बाटो गौंडा छेक्ने वा भाग्न उम्कन नपाउनेसमेत गैह्र काम गर्नेलाई मार्ने कार्यमा संयोग पारिदिएबापत पाँच वर्ष कैद हुने भन्ने कानूनी व्यवस्थाबमोजिम मलाई सुरू अदालतले उक्त सजाय हुने ठहर गरे पनि अनुमानको भरमा मलाई दोषी ठहर गरी सो सजाय गर्न मिल्ने होइन। सहप्रतिवादीको पोल अन्य प्रमाणबाट पुष्टि नभएसम्म दोषी ठहर गर्न मिल्दैन। मुद्दामा अभियोग दाबीअनुसार प्रतिवादीले कसुर गरेको नदेखिएपछि सोबाहेक अन्य प्रकारको कसुर अपराध गरेको देखिन्छ भनी मलाई पाँच वर्ष कैद हुने ठहर गरेको सुरू अदालतको फैसला मेरो हकमा त्रुटिपूर्ण हुँदा सो हदसम्म उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी राजकुमार घलान तामाङको पुनरावेदनपत्र।

मिति २०६८।८।२० को कारागारभित्रको कुटपिट काण्डमा घाइते व्यक्ति पीडित मात्र नभई प्रत्यक्षदर्शी साक्षीसमेत हुन्। सो कुटपिटमा घाइते गोपी भन्ने मदन परियार, प्रदीप भट्ट, हरिबहादुर गुरूङसमेतले अनुसन्धानमा बयान गर्दा मलाई दोषी देखाएका छैनन्। जाहेरवालीले बकपत्र गर्दा गोविन्दप्रसादको हत्या गर्नेले नै शिवप्रसादलाई कुटपिट गरेका हुन् भनी उल्लेख गरेकी छन्। म (क) ब्लकको बन्दी भएको नाताले प्रतिवेदनमा मेरो नाम लेखाएका मात्र हुन्। मलाई जबरजस्ती अभियोग लगाएको भन्ने मिसिल प्रमाणबाट देखिएको छ। मिसिल हेर्दा शिवप्रसादलाई (ग) ब्लकमा बस्ने व्यक्तिले कुटपिट गरेको देखिन्छ। सो ब्लकबाहिर कसैले कसैलाई कुटपिट गरेको वा बाटो छेकेकोसमेत देखिन आएको छैन। अनुसन्धान अधिकारीले (क) ब्लकका बन्दीलाई पनि फसाउने नियत राखेको देखिन्छ। अदालतमा बकपत्र गर्ने साक्षीहरूले अनुसन्धान अधिकारीले आफैँ कागज लेखी सही गर्न लगाएका हुन् भनी उल्लेख गरेको पाइन्छ। सुरू अदालतले फैसला गर्दा प्रतिवादीहरूले एकापसमा परस्पर पोल गरेको भन्ने निर्णयाधार उल्लेख गरे पनि क-कस्ले क-कस्लाई पोल गरेका छन् सो खुलाइएको छैन। वारदात घटनाको समयमा म सुतेको थिएँ। मेरो मृतकसँग रिसइवी छैन। मलाई कसैले दोषी नबनाएको अवस्था हुँदाहुँदै प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादीलाई कसुर प्रमाणित गर्ने दायित्व नदिई

केबल अभियोगपत्रको आधारमा मलाई पाँच वर्ष कैदको सजाय हुने ठहर गरेको सुरू फैसला मेरो हकमा उल्टी गरी, सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी भीमकुमार पाख्रिनको पुनरावेदनपत्र।

प्रतिवादीहरूले परस्पर पोल गरेको आधारमा मलाई कसुरदार ठहर गरी फैसला भएको छ। घटनाको बिहान म सुतिरहेको थिएँ। मृतकलाई अपरिचित व्यक्तिहरूले प्रहार गरेको कारण मृत्यु भएकोले प्रहरी प्रशासनले मलाई कब्जामा लिई जबरजस्ती कागज गराइएको हो। अनुसन्धानमा भएको कागजलाई स्वतन्त्र प्रमाणको रूपमा लिन मिल्दैन। मैले अदालतमा इन्कारी बयान गर्दै प्रहरीमा भएको बयान मेरो स्वेच्छा विरूद्धको भएको भन्ने उल्लेख गरेको छु। कर्तव्य ज्यानजस्तो गम्भीर कसुरमा शङ्कारहित तवरबाट वादी पक्षले कसुर प्रमाणित गर्न सकेको अवस्था छैन। प्रस्तुत मुद्दामा मलाई कसुरदार ठहर गर्न मिल्ने अवस्था छैन। साक्षीको बकपत्रको अध्ययनबाट समेत म निर्दोष रहेको पुष्टि भइराखेको छ। यदि मैले मृतकलाई चोट छोडेको भए मेरो शरीर वा कपडामा रगत लाग्ने थियो। अर्कै ब्लकमा सुतिरहेको व्यक्तिलाई अभियोग लगाएको अवस्था छ। कारागारमा घटना भएको तथ्यमा विवाद नभए पनि कसको कर्तव्यले मृतकको मृत्यु भएको हो सोको वस्तुनिष्ठ प्रमाण पेस गर्न सक्नुपर्नेमा शङ्कास्पद एवं विरोधाभाषयुक्त कथनलाई प्रमाण मानेर कसैलाई दोषी ठहर गर्न मिल्दैन। त्यसैले कर्तव्य ज्यानमा मलाई कसुरदार ठहर गरेको सुरू फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी फणिन्द्र श्रेष्ठको पुनरावेदनपत्र।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूले परस्पर पोल गरेको आधारमा मलाई कसुरदार ठहर गरी फैसला भएको छ। घटनाको बिहान म सुतिरहेको थिएँ। मृतकलाई अपरिचित व्यक्तिहरूले प्रहार गरेको कारण मृत्यु भएकोले प्रहरी प्रशासनले मलाई कब्जामा लिई जबरजस्ती कागज गराइएको हो। अनुसन्धानमा भएको कागजलाई स्वतन्त्र प्रमाणको रूपमा लिन मिल्दैन। मैले अदालतमा इन्कारी बयान गर्दै प्रहरीमा भएको बयान मेरो स्वेच्छा विरूद्धको भएको भन्ने उल्लेख गरेको छु। कर्तव्य ज्यानजस्तो गम्भीर कसुरमा शङ्कारहित तवरबाट वादी पक्षले कसुर प्रमाणित गर्न सकेको अवस्था छैन। प्रस्तुत मुद्दामा मलाई कसुरदार ठहर गर्न मिल्ने अवस्था छैन। साक्षीको बकपत्रको अध्ययनबाट समेत म निर्दोष रहेको पुष्टि भइराखेको छ। यदि मैले मृतकलाई चोट छोडेको भए मेरो शरीर वा कपडामा रगत लाग्ने थियो। अर्को ब्लकमा सुतिरहेको व्यक्तिलाई अभियोग लगाएको अवस्था छ। कारागारमा घटना भएको तथ्यमा विवाद नभए पनि कसको कर्तव्यले मृतकको मृत्यु भएको हो सोको वस्तुनिष्ठ प्रमाण पेस गर्न सक्नुपर्नेमा शङ्कास्पद एवं विरोधाभाषयुक्त कथनलाई प्रमाण मानेर कसैलाई दोषी ठहर गर्न मिल्दैन। त्यसैले कर्तव्य ज्यानमा मलाई कसुरदार ठहर गरेको सुरू फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी सुनिल के.सी. को पुनरावेदनपत्र।

कारागारमा घटना घटेको दिनमा म आफ्नै ब्लकमा सुतिरहेको थिएँ। सो ब्लकमा रहेकै कारण मलाई कसुरदार ठहर गर्न मिल्दैन। जाहेरवालीले मलाई पोल उजुर गरी जाहेरी परेको अवस्था छैन। प्रत्यक्षदर्शी घाइतेहरूले मलाई पोल गरी कागज गरिदिएको अवस्थासमेत छैन। सहप्रतिवादीहरूले पनि मलाई पोल गरेका छैनन्। मैले अदालतमा कसुरमा इन्कार रही बयान गरेको छु। मैले मृतकलाई हानेको, चोट छोडेको वा मार्ने योजनामा संलग्न भएको भन्ने कहीँबाट पुष्टि हुन सकेको छैन। यस्तो अवस्थामा मलाई कर्तव्य ज्यानजस्तो गम्भीर अपराधमा कसुरदार ठहर गर्न मिल्ने होइन। चश्मदिद गवाहको अभावमा केबल शङ्काको भरमा कसैलाई अपराधी मान्नु न्यायसङ्गत हुँदैन। फौजदारी मुद्दामा जाहेरी दरखास्त आफैँ प्रमाण होइन। सहअभियुक्तको बयानबाहेक अन्य प्रमाणबाट

पनि कसुर प्रमाणित हुनुपर्छ । प्रमाणको मूल्याङ्कन नगरी जाहेरी र प्रहरीमा भएको साबिती बयानको आधारमा कसुरदार ठहर गर्न मिल्दैन । त्यसैले कर्तव्य ज्यान मुद्दामा मलाई कसुरदार ठहर गरेको सुरू फैसला त्रुटिपूर्ण हुँदा मेरो हकमा उक्त फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी डिलबहादुर लामा तामाङको पुनरावेदनपत्र ।

प्रतिवादीहरूले परस्पर पोल गरेको आधारमा मलाई कसुरदार ठहर गरी फैसला भएको छ । घटनाको बिहान म सुतिरहेको थिएँ । मृतकलाई अपरिचित व्यक्तिहरूले प्रहार गरेको कारण मृत्यु भएकोले प्रहरी प्रशासनले मलाई कब्जामा लिई जबरजस्ती कागज गराइएको हो । अनुसन्धानमा भएको कागजलाई स्वतन्त्र प्रमाणको रूपमा लिन मिल्दैन । मैले अदालतमा इन्कारी बयान गर्दै प्रहरीमा भएको बयान मेरो स्वेच्छा विरूद्धको भएको भन्ने उल्लेख गरेको छु । कर्तव्य ज्यानजस्तो गम्भीर कसुरमा शङ्कारहित तवरबाट वादी पक्षले कसुर प्रमाणित गर्न सकेको अवस्था छैन । प्रस्तुत मुद्दामा मलाई कसुरदार ठहर गर्न मिल्ने अवस्था छैन । साक्षीको बकपत्रको अध्ययनबाट समेत म निर्दोष रहेको पुष्टि भइराखेको छ । यदि मैले मृतकलाई चोट छोडेको भए मेरो शरीर वा कपडामा रगत लाग्ने थियो । अर्को ब्लकमा सुतिरहेको व्यक्तिलाई अभियोग लगाएको अवस्था छ । कारागारमा घटना भएको तथ्यमा विवाद नभए पनि कसको कर्तव्यले मृतकको मृत्यु भएको हो सोको वस्तुनिष्ठ प्रमाण पेस गर्न सक्नुपर्नेमा शङ्कास्पद एवं विरोधाभाषयुक्त कथनलाई प्रमाण मानेर कसैलाई दोषी ठहर गर्न मिल्दैन । त्यसैले कर्तव्य ज्यानमा मलाई कसुरदार ठहर गरेको सुरू फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी प्रकाश तामाङको पुनरावेदनपत्र ।

जाहेरवालीले जाहेरी दिँदा मउपर किटानी जाहेरी गर्नुभएको छैन । निजले अदालतमा बकपत्र गर्दासमेत मलाई गढाउ गरेको देखिँदैन । म पुनरावेदक प्रतिवादी उक्त वारदातमा संलग्न छैन । धेरैजना भई वारदात भएकै कारण निर्दोष व्यक्तिको पनि संलग्नता हुन्छ भन्न मिल्दैन । म मृतक बस्ने ब्लकमा नबसी छुट्टै ब्लकमा बस्ने मानिस भएको र निजसँग चिनजान रिसइवी केही नभएकोले मैले मृतकलाई कुटपिट गर्ने प्रश्न नै आउँदैन । घाइतेहरूले कागज गर्दा वारदातमा मेरो उपस्थिति र संलग्नता देखाउन सकेका छैनन् । न त कसैको बकपत्रबाट मेरो कसुर पुष्टि हुन सकेको छ । अन्य प्रतिवादीहरूले पनि मलाई पोल गर्न सकेका छैनन् । मैले मृतकलाई मार्न संयोग पारेको भन्ने देखिने कुनै वस्तुनिष्ट प्रमाण मिसिलमा नदेखिएको हुँदा मलाई अभियोग दाबीबमोजिम सजाय गर्न मिल्ने होइन । यसरी म प्रतिवादी उक्त वारदातमा संलग्न नभएको निर्दोष व्यक्ति भएको कुरा देखिँदादेखिँदै मलाई पाँच वर्ष कैद हुने ठहर गरेको सुरूको फैसला त्रुटिपूर्ण छ । त्यसैले उक्त फैसला मेरो हकमा उल्टी गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी अमित तामाङको पुनरावेदनपत्र ।

प्रतिवादीहरू सुनिल गुरूङ, सुनिल के. सी., शरण गुरूङ, सुरज श्रेष्ठ छोइला, फणिन्द्र श्रेष्ठ, दिलबहादुर लामा, सुजेन्द्र राई र अमिर गुरूङलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्मकैदको सजाय हुने ठहर भएको हुँदा निजहरूको हकमा कर्तव्य ज्यानतर्फ केही बोलिरहनु परेन । प्रतिवादीहरू प्रकाश तामाङ, अमित लामा, बिक्रम लामा, चन्द्रबहादुर थापा, भीमकुमार पाख्रिन, राजकुमार घलानलाई ऐ. को १३(३) नं. को सजायको दाबी लिइएकोमा निजहरूलाई सोही महलको १७(२) नं. बमोजिम सजाय गरी ऐ. १३(३) को दाबी नपुग्ने ठहर गरेको फैसला मिलेको छैन । जबकि प्रतिवादीहरूले प्रहरी हवलदार रामबालक यादवको हातबाट चाबी खोसी (ग) ब्लकमा सुतेका शिवप्रसादलाई ज्यान मार्ने उद्देश्यले चापाकलको

हेण्डिल, तावा, रड, पाइप प्रहार गरी कुटपिट गरेको भन्ने कुरा निज प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको बयान तथा जाहेरी, बकपत्रसमेतका कागज प्रमाणहरूबाट पुष्टि भएको छ। यस्तो अवस्थामा ती छ जना प्रतिवादीहरूलाई उक्त ऐनको १३(३) नं. बमोजिम सजाय नगरी ऐ. १७(२) नं. अनुसार सजाय गरेको फैसला सो हदसम्म त्रुटिपूर्ण छ। प्रतिवादीहरू सानु तामाङ भन्ने सुरेन्द्र स्याङ्तान, सूर्यबहादुर पुन र दीपक साहलाई सफाइ दिएको पनि मिलेको छैन। किनभने कसुर ठहर भएका प्रतिवादीहरूको पोलबाट निजहरूको कसुर पुष्टि भएकै अवस्था छ। त्यसैगरी प्रकाश रेग्मीसमेतका १० जनाउपर ज्यानसम्बन्धी महलको १६ नं. बमोजिम सजायको दाबी लिइएकोमा सुरू अदालतबाट निजहरूले सफाइ पाउने गरी फैसला भएको छ। निजहरूलाई सफाइ दिँदा प्रमाणको समुचित मूल्याङ्कन नै गरिएको छैन। त्यस्तै प्रतिवादी सुनिल गुरूङसमेतका १७ जनाउपर ऐ. को १५ नं. को अभियोग दाबीबाट पनि सुरूले सफाइ दिएको पाइन्छ। प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको बयान एवं अनुसन्धानमा खडा भएका कागज तथा बकपत्रसमेतबाट अभियोग दाबीबमोजिम निजहरूलाई उक्त १५ नं. को सजायसमेत हुने देखिँदादेखिँदै सोको अभियोग दाबी नपुग्ने ठहर गरेको सुरू फैसला त्रुटिपूर्ण छ। त्यसकारण सुरू फैसला उल्टी गरी विरूद्ध खण्डमा उल्लिखित सबै प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदनपत्र।

सुरू अदालतले फैसला गर्दा अनुसन्धानमा भएको कागजलाई मात्र आधार लिई मलाई सजाय गरेको देखिन्छ। मैले अदालतमा इन्कारी बयान गरेको छु। प्रस्तुत वारदातमा मृतकको मृत्यु कुटपिटबाट भएको देखिए पनि कसको कुटाइबाट मृत्यु भएको हो सो खुल्न सकेको छैन। त्यसैले गोश्वारा रूपमा कसुरदार ठहर गर्न मिल्ने अवस्था हुँदैन। केबल मृतक पक्षका मानिसहरूको भनाइलाई आधार लिई घटनालाई प्रमाणित गर्ने प्रयास गरिएको छ। कारागार कार्यालयका सहयोगी डोलनाथ सुवेदीले घटना आफ्नो आँखाले नदेखेको, पछि बुझ्दा सुनेको भनी भनेका छन्। प्रतिवादीहरूको बयानबाट समेत घटनामा म प्रतिवादी संलग्न रहेको भन्ने खुल्न आएको छैन। फौजदारी कसुरमा वादी दाबी शङ्कारहित तवरले पुष्टि हुनुपर्छ भन्ने मान्य सिद्धान्त रही आएको छ। कसुरदार हो भन्ने कुरा वादी पक्षले प्रमाणित गर्नु पर्दछ। घटनामा मेरो संलग्नता र भूमिका कतैबाट खुल्न सकेको छैन। प्रहरीमा भएको मेरो साबितीलाई मात्र आधार लिई सुरू फैसलाले मलाई कसुरदार ठहर गरेको छ। वादीका साक्षीहरू कोही प्रत्यक्षदर्शी नभएको, जाहेरी दरखास्त आफैँमा प्रमाण नभएको र मैले कसुरमा इन्कार रही बयान गरेको अवस्थामा शङ्काको आधारमा मलाई कसुरदार ठहर गरेको सुरूको फैसला त्रुटिपूर्ण हुँदा मेरो हकमा सो फैसला उल्टी गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी छोइला भन्ने सुरज श्रेष्ठको पुनरावेदनपत्र।

घटना घटेको दिनमा म आफ्नै ब्लकमा छु। गोली चलेपछि मात्र घटनाबारे थाहा पाएको हुँ। कसुरमा साबिती भएको भन्ने आधारमा मलाई कसुरदार ठहर गरेको सुरू फैसला मिलेको छैन। मृतकलाई मार्नमा मेरो कुनै संलग्नता छैन। न त निजसँग मेरो पूर्वरिसइवी नै छ। मैले मौकामा साबिती बयान गरेको नभई सो बयान प्रहरीले जबरजस्ती गराएको हो। जबरजस्ती गराइएको स्वेच्छाविपरीतको बयानलाई प्रमाणमा लिन मिल्दैन। घटनाका चश्मदिद भनिएका घाइते तथा बुझिएका व्यक्तिहरूले घटनामा मेरो नाम उल्लेख गर्न सकेका छैनन्। जाहेरी दरखास्त र प्रहरीमा भएको साबिती बयानको आधारमा मात्र कसैलाई कसुरदार ठहर गर्न मिल्दैन। शङ्काको भरमा कसुरदार ठहर गर्न मिल्दैन र स्वतन्त्र प्रमाणहरूको विवेचना गरेर

मात्र निष्कर्षमा पुग्नु पर्दछ । त्यसैले सुरू अदालतबाट मलाई कसुरदार ठहर गरी कर्तव्य ज्यानजस्तो गम्भीर कसुरमा जन्मकैदको सजाय हुने ठहर गरेको सुरू फैसला त्रुटिपूर्ण हुँदा मेरो हकमा सो फैसला उल्टी गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी सोचेन्द्र राईको पुनरावेदनपत्र ।

सुरू अदालतले मलाई हराई फैसला गर्दा प्रतिवादी आठै जनाले परस्पर पोल गर्दै साबित भएको भन्ने आधार लिएको पाइन्छ । मलाई प्रहरीले आफ्नो कब्जामा राखी जबरजस्ती साबिती बयान गर्न लगाएका हुन् । त्यस्तो कोरा बयानलाई प्रमाणमा लिन मिल्ने होइन । फौजदारी कसुर हुनलाई कार्य भएर मात्र हुँदैन नियतको पनि पुष्टि हुनुपर्दछ । मौकामा सङ्कलित प्रमाणबाट मैले अपराध गरेको देखिने अवस्था छैन । वादीले पेस गरेका बुझिएका मानिसहरूको कागजसमेतले मलाई पूरा सजाय गर्न मिल्ने अवस्था छैन । कारागारभित्र घटना घटेको तथ्यमा विवाद नभए पनि वारदात भएको तथ्य स्थापित हुनु र कसुर प्रमाणित हुनु भनेको अलग-अलग विषय हुन् । घटना भएको पुष्टि हुँदैमा अभियुक्तको कसुर पुष्टि हुने होइन । फौजदारी मुद्दामा जाहेरी दरखास्त आफैँमा प्रमाण होइन । यसलाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुनुपर्दछ । प्रहरीले आफ्नो नियन्त्रणमा राखी स्वेच्छा विरूद्ध गराएको बयानलाई आधार लिई कसुरदार ठहर गर्न मिल्ने नहुँदा मैले अभियोग दाबीबाट सफाइ पाउनु पर्ने अवस्था छ । त्यसैले सुरू अदालतबाट भएको फैसला मेरो हकमा उल्टी गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी सुनिल गुरूङको पुनरावेदनपत्र ।

आरोपित कसुरमा इन्कार रहे पनि घटना हुँदा वारदातस्थलमा लाठी रड लिई गएको भनी मौकामा लेखाएको भन्ने आधारमा सुरू अदालतले मलाई सजाय हुने ठहर गरेको छ । उक्त दिन म सुतिरहेको अवस्थामा शिव पौडेललाई अपरिचित व्यक्तिहरूले कुटपिट गरेको कारण मृत्यु भएको घटनामा मलाई जबरजस्ती कागज गराइएकोले त्यस्तो इच्छाविपरीतको मेरो साबितीलाई प्रमाणमा लिन मिल्दैन । वादी पक्षले साक्षीको रूपमा पेस गरेका मानिसहरूले प्रहरीमा गरेको कागज बेहोरा खण्डन गरी बकपत्र गरेका छन् । निजहरूले घटनामा मेरो संलग्नतालाई देखाउन सकेका छैनन् । मैले अदालतमा गरेको इन्कारी बयानलाई प्रमाणमा नलिई मेरो इच्छा विरूद्धको अनुसन्धानमा भएको बयानलाई प्रमाणमा लिन मिल्दैन । कसैउपर कसुर प्रमाणित गर्दा वादी पक्षले शङ्कारहित तवरले पुष्टि गर्न सक्नु पर्दछ । वादी पक्षले निर्विवाद रूपमा कसुर प्रमाणित गर्न नसकेको यस्तो अवस्थामा मलाई कसुरदार ठहर गरेको सुरू फैसला त्रुटिपूर्ण छ । साक्षीको बकपत्रको अध्ययनबाट समेत म कसुरदार नभएको प्रस्ट छ । जाहेरवाला चश्मदिद व्यक्ति होइनन् । मानिसहरूले भनेको आधारमा जाहेरी दिएको हुँ भनी निजले बकपत्र गरेको देखिन्छ । घटना वारदातमा मृतकको मृत्यु भएकोमा विवाद नभए पनि कसको कर्तव्यले घटना भएको हो सो कुराको पुष्टि हुने वस्तुनिष्ठ प्रमाण पेस हुन नसकेकोले मलाई कसुरदार ठहर गरेको फैसला त्रुटिपूर्ण छ । त्यसैले मेरो हकमा सुरू फैसला उल्टी गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी चन्द्रबहादुर थापा मगरको पुनरावेदनपत्र ।

प्रतिवादी आरोपित कसुरमा इन्कार रहे पनि घटना हुँदा वारदातस्थलमा लाठी रड लिई गएको भनी मौकामा लेखाएको भन्ने आधारमा सुरू अदालतले मलाई सजाय हुने ठहर गरेको छ । उक्त दिन म सुतिरहेको अवस्थामा शिव पौडेललाई अपरिचित व्यक्तिहरूले कुटपिट गरेको कारण मृत्यु भएको घटनामा मलाई जबरजस्ती कागज गराइएकोले त्यस्तो इच्छाविपरीतको मेरो साबितीलाई प्रमाणमा लिन मिल्दैन । वादी पक्षले साक्षीको रूपमा पेस गरेका मानिसहरूले प्रहरीमा गरेको कागज बेहोरा खण्डन गरी बकपत्र गरेका छन् । निजहरूले घटनामा मेरो

संलग्नतालाई देखाउन सकेका छैनन्। मैले अदालतमा गरेको इन्कारी बयानलाई प्रमाणमा नलिई मेरो इच्छा विरूद्धको अनुसन्धानमा भएको बयानलाई प्रमाणमा लिन मिल्दैन। कसैउपर कसुर प्रमाणित गर्दा वादी पक्षले शङ्कारहित तवरले पुष्टि गर्न सक्नु पर्दछ। वादी पक्षले निर्विवाद रूपमा कसुर प्रमाणित गर्न नसकेको यस्तो अवस्थामा मलाई कसुरदार ठहर गरेको सुरू फैसला त्रुटिपूर्ण छ। साक्षीको बकपत्रको अध्ययनबाट समेत म कसुरदार नभएको प्रस्ट छ। जाहेरवाला चश्मदिद व्यक्ति होइनन्। मानिसहरूले भनेको आधारमा जाहेरी दिएको हुँ भनी निजले बकपत्र गरेको देखिन्छ। घटना वारदातमा मृतकको मृत्यु भएकोमा विवाद नभए पनि कसको कर्तव्यले घटना भएको हो सो कुराको पुष्टि हुने वस्तुनिष्ट प्रमाण पेस हुन नसकेकोले मलाई कसुरदार ठहर गरेको सुरू फैसला त्रुटिपूर्ण छ। त्यसैले मेरो हकमा सुरू फैसला उल्टी गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी शरण गुरूङको पुनरावेदनपत्र।

मृतक शिवप्रसादको मृत्यु कर्तव्यबाट भएको कुरामा विवाद नभए पनि कुन प्रतिवादीको कस्तो संलग्नता थियो सो खुलाउन नसकेको र मिसिलबाट घटनाको कारण खुलिरहेको परिप्रेक्ष्यमा फैसलामा त्यसलाई केलाउन नसकी हचुवा पारामा म निर्दोष व्यक्तिलाई समेत जन्मकैद हुने ठहर गरेको सुरू फैसला त्रुटिपूर्ण छ। मौकाको प्रतिवेदनबाट घटनामा धेरैको संलग्नता देखिए पनि को-को थिए खुल्न सकेको छैन। किटानी जाहेरीबाट मात्र अपराधको पुष्टि हुने होइन। मृतकसँग दुश्मनी हो भने पनि मैले के दुश्मनीले कुटपिट गरेको हुँ सो मिसिलबाट खुल्न आएको छैन। अदालतमा गरेको बयान र साक्षीको बकपत्रसमेतलाई नजरअन्दाज गरी मलाई कसुरदार ठहर गरेको सुरू फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी अमिर गुरूङको पुनरावेदनपत्र।

यसमा प्रतिवादी सुनिल गुरूङबाहेकका अन्य प्रतिवादीहरू अदालतसमक्षको बयानमा आफूहरूले आरोपित कसुर गरेकोमा इन्कार रहेका, वादी पक्षले पेस गरेका साक्षीहरूको भनाइमा विविधता रहेको, यस अवस्थामा प्रतिवादीहरू सुनिल के. सी. समेतका ८ जनालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्ने गरी र सो १३(३) नं. बमोजिमको दाबी प्रतिवादी प्रकाश तामाङसमेतका ६ जनालाई १७(२) नं. बमोजिम सजाय गर्ने गरी तथा ऐ. १६ नं. बमोजिम कसुर गरेको भनी अभियोग लगाइएका प्रतिवादी प्रकाश रेग्मीसमेतका १० जनालाई सफाइ दिने एवं ज्यान मार्ने उद्योगतर्फ अभियोग दाबी नपुग्ने गरी भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ प्रयोजनार्थ प्रत्यर्थी झिकाई आएपछि वा अवधि व्यतीत भएपछि नियमानुसार गरी पेस गर्नुहोला भन्ने **पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।११।१२ को आदेश।**

यसमा प्रतिवादीमध्येका अमिर गुरूङको पुनरावेदन परेको देखिँदा निजको हकमा मुलुकी ऐन, अ.बं. २०२ नं. को प्रयोजनार्थ पुनरावेदन सरकारी वकिलको कार्यालय हेटौंडालाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने **पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।३।२९ को आदेश।**

प्रतिवादीहरू सुनिल गुरूङ, सुनिल के.सी., शरण गुरूङ, सुरज श्रेष्ठ छोइला, फणिन्द्र श्रेष्ठ, दिलबहादुर लामा, सोचेन्द्र राई, अमिर गुरूङ जना आठउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३ (३) नं. बमोजिमको कसुरमा सोही १३ (३) नं. बमोजिम जनही जन्म कैदको सजाय हुने, प्रतिवादीहरूमध्येका प्रकाश तामाङ, अमित लामा तामाङ, विक्रम लामा, चन्द्रबहादुर थापा, भिमकुमार पाख्रिन, राजकुमार घलानका हकमा मुलुकी ऐन ज्यानसम्बन्धी महलको

१७(२) नं. बमोजिमको कसुरमा सोही १७(२) नं. बमोजिम जनही ५(पाँच) वर्ष कैदको सजाय हुने, प्रतिवादीहरूमध्येका सानु तामाङ भन्ने सुरेन्द्र स्याङ्गतान, सूर्यबहादुर पुन र दिपक साहका हकमा सफाइ पाउने, उल्लिखित १७ जना प्रतिवादीहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ज्यान मार्ने उद्योगतर्फ सजाय गर्न अभियोग दाबी नपुग्ने, प्रतिवादीहरू प्रकाश रेग्मी, सुरजकुमार शाही, फणिन्द्र खनाल, विनोद तामाङ, हाकु भन्ने कुमार देउजा, बाबुराम भण्डारी, शुशिल के. सी., निति भन्ने नितिन राई, विष्णु पाण्डे र हिते भन्ने हितमान गुरूङसमेत जना १० का हकमा ज्यानसम्बन्धी महलको १६ नं. बमोजिमको कसुरमा सोही १६ नं. बमोजिम सजायको मागदाबी रहेकोमा दाबी नपुगी प्रतिवादीहरूले सफाइ पाउने ठहरी भएको सुरू चितवन जिल्ला अदालतको फैसला सदर हुने गरी भएको **पुनरावेदन अदालत हेटौंडाको मिति ०७२।८।८ को फैसला।**

म पुनरावेदक प्रतिवादीको मृतक शिवप्रसाद पौडेलसँग कुनै रिसइवी रहेको छैन। मृतक शिवप्रसाद पौडेलका भाइ गोविन्द पौडेललाई कर्तव्य गरी मारेको ज्यान मुद्दामा म प्रतिवादीसमेत रहेको छैन । वादी नेपाल सरकारले आफ्नो अभियोगपत्रमा म पुनरावेदक प्रतिवादीको के कुन भूमिका रहेको थियो भनी उल्लेख गरी प्रतिव्यक्ति प्रतिप्रमाण भन्ने फौजदारी न्याय सिद्धान्तविपरीत मलाई गोलमटोल रूपमा अभियोजन गरिएको छ। उक्त वारदातको घाइते भनिएका बद्रीप्रसाद ढुंगाना, भिमबहादुर लामा, प्रदिप भट्ट, प्रमिश राईले अदालतमा बकपत्र गर्दा म पुनरावेदक प्रतिवादीको नाम कहीँकतै पनि उल्लेख गर्न सकेको अवस्था छैन । अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले गरिएको भनिएको साबिती बयानलाई मात्र मूल आधार लिई सजाय गर्न मिल्ने हुँदैन । यसैगरी केवल अभियोग लगाउनु मात्र कसुर स्थापित गर्ने आधार हुन सक्दैन, अभियोग प्रमाणित गर्ने दायित्व पनि वादी पक्षले वहन गर्नु पर्छ। फौजदारी मुद्दामा शंकाको भरमा कसैलाई कसुरदार ठहऱ्याउन नमिल्ने भनी सर्वोच्च अदालतबाट नजिर सिद्धान्त प्रतिपादन भएको छ । म पुनरावेदक प्रतिवादीले मृतकलाई मार्ने पूर्वयोजना, तयारी, षड्यन्त्र र मनसाय रहेको भन्ने मिसिलमा कुनै पनि कागज प्रमाणबाट देखिन आएको भनी वादी नेपाल सरकारले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वस्तुनिष्ठ ठोस प्रमाणबाट निर्विवाद रूपमा प्रमाणित गराउन सकेको छैन्। तसर्थ, मउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुरमा सोही १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने गरी भएको सुरू चितवन जिल्ला अदालतको फैसला सदर गरी श्री पुनरावेदन अदालत हेटौंडाबाट भएको मिति २०७२।०८।०८ को फैसला त्रुटिपूर्ण रहेको हुँदा उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने बेहोराको पुनरावेदक **दिलबहादुर लामा मोक्तानको यस अदालतमा परेको पुनरावेदन।**

प्रतिवादीहरू सुनिल गुरूङसमेतका १७ जना प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) र १५ नं बमोजिम सजायको मागदाबी लिइएकोमा ८ जनालाई १३(३) नं. ठहर भए पनि सबै प्रतिवादीहरूलाई ऐ. १५ नं. बमोजिमको सजायको मागदाबीबाट पुनरावेदन अदालत हेटौंडाले प्रतिवादीहरूलाई सफाइ दिएको छ। यी प्रतिवादीहरूले कारागारमा 'ग' ब्लकमा रहेका शिव पौडेललाई कुटपिट गर्दा शिव पौडेलसँगै रहेका निज शिव पौडेलकै समूहका प्रदिप भट्ट, गोपी भन्ने मदन परियार, हरिबहादुर गुरूङ र बद्री ढुङ्गानालाई पनि चापाकलको हेण्डिल, तावा, पन्यु, लाठीसमेतले कुटपिट गरेका हुन् । हरिबहादुर गुरूङको टाउकोमा गम्भीर चोट रहेको घा केस फारामले देखाउँछ । प्रहरीले स्थिति नियन्त्रण गर्न हवाई फायर गरेपछि प्रतिवादीहरू तितरवितर भई घाइतेहरूलाई उपचार गराई ज्यान बचाएको अवस्था हुँदा ज्यान मार्ने उद्योगको कसुरसमेत पुष्टि भएको छ। घाइतेहरूको घा

जाँच केस फाराम, घाइतेहरूको कागज तथा बकपत्र तथा प्र.स.नि. सन्तबहादुर थापाको मौकाको प्रतिवेदन तथा बकपत्र बेहोरा, बुझिएका व्यक्तिहरू प्र.ह. रामबालक यादव, का.स. डोलनाथ सुवेदी, सुरक्षागार्ड पशुपति खतिवडा, मिनबहादुर लामा, चन्द्रबहादुर प्रजासमेतको मौकाको कागज र बकपत्र, बिनु पौडेल रायमाझीको जाहेरी तथा बकपत्र एवं अनुसन्धानको क्रममा पक्राउ परेका प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिती बयानलगायतबाट पुष्टि भएको छ। अतः प्रतिवादीहरू जना १७ लाई ज्यानसम्बन्धी महलको १५ नं. को अभियोजित दाबीबाट सफाइ दिने गरी भएको उक्त फैसलामा प्रमाण ऐन, २०३१ को दफा ९, १०, १८ र ५४ को गम्भीर कानुनी त्रुटि विद्यमान छ।

प्रतिवादीहरू प्रकाश तामाङ, अमित लामा, विक्रम लामा, चन्द्रबहादुर थापा, भिमकुमार पाख्रिन, राजकुमार घलानलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं बमोजिम सजाय हुन मागदाबी लिइएकोमा निजहरूलाई सोही महलको १७(२) नं बमोजिम सजाय हुने ठहर गरी फैसला भएको देखिन्छ। मृतकलगायत अन्य घाइतेहरूलाई कुटपिट गर्ने व्यक्तिहरू चन्द्रबहादुर थापामगर, भिमकुमार पाख्रिन, अमित लामा, प्रकाश तामाङसमेत रहेको भन्ने प्र.स.नि. सन्तबहादुर थापाको मौकाको जाहेरी प्रतिवेदन तथा बकपत्रबाट देखिन्छ। घटनाको प्रत्यक्षदर्शी प्र.ज. पशुपति खड्काको कागजबाट समेत भिमकुमार पाख्रिन, चन्द्रबहादुर थापासमेतका व्यक्तिहरूले हात हातमा फलामको पाइप, चापाकल, रडसमेत बोकी गई 'ग' ब्लकमा प्रवेश गरी शिवप्रसाद पौडेलउपर प्रहार गरेको भन्ने कुरा प्रस्ट रूपमा खुल्न आएको पाइन्छ। त्यस्तै घाइते हरिबहादुर गुरूङको कागज, बुझिएका खगराज शर्माले गरेको कागजबाट समेत प्रकाश तामाङ, चन्द्रबहादुर थापामगरसमेतले हातमा रहेको रड, तावासमेतले शिवप्रसाद पौडेलसमेतलाई टाउकोमा अन्धाधुन्ध प्रहार गरेका हुन् भन्ने देखिन आउँछ। प्रतिवादी अमित तामाङ, भिमकुमार पाख्रिन, राजकुमार घलान, चन्द्रबहादुर थापामगरसमेतको अधिकारप्राप्त अधिकारीसमक्षको बयान, बुझिएका प्रमिश राई, प्र.ना.नि. शिवराज क्षेत्री, राजकुमार तामाङ, डिलबहादुर वि.क.को घटना विवरण कागजसमेतबाट यी प्रतिवादीहरूले समेत शिव पौडेललाई मार्ने उद्देश्यले हेण्डिल, तावा, पन्यु, लाठीसमेतका हतियार बोकी गई निजउपर सो हतियार प्रहार गरी कुटपिट गरेका र सोही कुटपिटको चोट पीडाको कारणबाट शिव पौडेलको मृत्यु भएको तथ्य पुष्टि हुन आएको छ। यी प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुनुपर्नेमा सो नगरी सोही महलको १७(२) नं बमोजिम कम सजाय गरेको फैसला त्रुटिपूर्ण रहेको छ।

प्रतिवादीहरू सानु तामाङ भन्ने सुरेन्द्र स्याङ्तान, सुर्यबहादुर पुन र दिपक शाहको हकमा प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको उक्त फैसला पूर्ण सफाइ दिएको हदसम्म मिलेको छैन। प्रतिवादी प्रकाश रेग्मीसमेतका १० जनाउपर ज्यानसम्बन्धी महलको १६ नं बमोजिम सजाय हुन मागदाबी लिइएकोमा प्रतिवादीहरूले सफाइ पाउने ठहरी फैसला भएको छ। जाहेरवाला बिनु रायमाझीको जाहेरी तथा बकपत्र तथा बुझिएका अन्य साक्षीहरूको बकपत्र बेहोरा तथा मिसिल संलग्न प्रमाण कागजसमेतबाट यी प्रतिवादीहरूको घटनामा संलग्नता पुष्टि भइरहेको अवस्थामा आरोपित कसुरमा सफाइ दिनु त्रुटिपूर्ण छ। अतः सुरू चितवन जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाको त्रुटिपूर्ण फैसलालाई बदर गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने बेहोराको पुनरावेदक **नेपाल सरकारको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदन।**

मृतक शिव पौडेल र प्रतिवादीहरूबिच झगडा, वैमनस्यता तथा मार्नेसम्मको पूर्वरिसइवीको कारण मृतक शिव पौडेलका भाइ गोविन्द पौडेललाई कर्तव्य

गरी मारेको ज्यान मुद्दा रहेको भन्ने फैसलाले लिएको आधारलाई हेर्दा म अमिर गुरूङ सुकबहादुर वि.क.को जाहेरीले चलेको कर्तव्य ज्यान मुद्दामा थुनामा बसेको कारण मेरो मृतक शिवप्रसाद पौडेलबिच कुनै दुस्मनी रहेको भन्ने अवस्था नै आउँदैन । प्रहरीमा कागज गर्ने घाइते प्रदिप भट्टले गरेको कागजमा पनि प्रतिवादी अमिर गुरूङले मृतक शिवप्रसाद पौडेललाई कुटपिट गरेको भन्ने छैन । मौकामा कुटपिट गरी डर त्रासमा पारी घटनामा संलग्न भएको भनी कथित बयान गरे तापनि अदालतमा बयान गर्दा आफूउपरको अभियोग दाबी झुठा हो भनी गरेको बयानलाई प्रमाणमा नलगाई हचुवा पारामा भएको फैसला त्रुटिपूर्ण छ । सुनिल गुरूङले अनुसन्धानको क्रममा बयान गर्दा अमिर गुरूङलाई पोल गरेको भन्ने फैसलाले लिएको आधारलाई हेर्दा निज प्रतिवादी सुनिल गुरूङले अदालतमा बयान गर्दा वारदात आफूले घटाएको र अन्य कसैको संलग्नता नरहेको भनी बयान बेहोरा लेखाएका छन् । फैसलामा आरोपित कसुरमा साबित हुने सुनिल गुरूङलाई सर्वोत्तम साक्षी पनि मान्ने निजले अदालतमा गरेको बयानलाई फैसलामा स्वीकार पनि नगर्ने द्वैयत किसिमको फैसलालाई कानूनसम्मत मान्न मिल्दैन। प्रमाणको भार दाबी गर्नेले पुऱ्याउनु पर्दछ, भन्ने न्यायिक सूत्र छ। प्रमाणको भार वादीमा रहन्छ। प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा आफूले लगाएको आरोप प्रमाणित गर्ने मुख्य दायित्व वादीकै हो । प्रतिवादीउपर लगाएको आरोप पुष्टि गर्ने प्रमाण के कस्तो छ जस्ता मूल विषयमा प्रवेश गरी त्यसलाई उचित र मनासिब विवेचना गरी निचोड निकाल्नु पर्नेमा प्रस्तुत मुद्दामा सुरू तथा पुनरावेदन अदालत हेटौडाको फैसलामा उल्लिखित तत्त्वको अभाव भएकाले उल्टी गरिपाउँ भन्ने बेहोराको पुनरावेदक **अमिर गुरूङको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदन ।**

मृतक शिवप्रसाद पौडेलका भाइ गोविन्द पौडेललाई कर्तव्य गरी मारेको ज्यान मुद्दाका प्रतिवादी अमृत गुरूङसमेत सोही कारागारमा थुनामा परेको र मृतक शिव पौडेलसमेत सोही कारागारमा रहेको हुँदा एक पक्षले अर्को पक्षलाई नटेर्ने र दुवै पक्षले कारागारभित्र आफ्नो प्रभुत्व जमाउन प्रतिस्पर्धा गरेको कारण नै प्रतिशोधको भावना पैदा भई मार्नु पर्नेसम्मको दुराशय जागृत भएको देखिन्छ भन्ने फैसला आधार मिलेको छैन किनभने म पुनरावेदक प्रतिवादी सो मुद्दाको प्रतिवादी रहेको कारणले यस मुद्दाको वारदातमा संलग्न हुनुपर्ने अवस्था हुँदैन । म पुनरावेदक प्रतिवादी शरणकुमार गुरूङको मृतक शिवप्रसाद पौडेलसँग कुनै रिसइवी रहेको छैन। मैले मृतकलाई मार्नुपर्ने कुनै कारण रहेको छैन। म पुनरावेदक प्रतिवादीको मृतकलाई मार्ने कार्यमा संलग्नता रहेको कुरा वस्तुनिष्ठ रूपमा देखिई प्रमाणित भएको हुनु पर्दछ। मृतक शिवप्रसाद पौडेलको मृत्यु मेरो प्रहार वा कर्तव्यबाट नै मरेको हो भन्ने कुरा कुनै मिसिल संलग्न सबुद प्रमाणबाट देखिएको अवस्था छैन। मृतकलाई मार्नमा मेरो संलग्नता रहेको भन्ने कुरा कुनै पनि प्रमाणबाट प्रमाणित भएको छैन । प्रहरीमा भएको साबिती बयानको आधारमा मात्र कसुर ठहर गर्न न्याय कानूनसमेतबाट नमिल्ने । केवल शंकाको भरमा प्रतिवादीलाई कसुरदार ठहऱ्याउन मिल्ने नदेखिने । फौजदारी मुद्दामा शंकाको सुविधा अभियुक्तले पाउने भन्ने नजिर सिद्धान्त प्रतिपादन भएको छ । कसुर प्रमाणित गर्ने भार वादीको हो। मिसिल संलग्न कुनै पनि प्रमाणबाट मउपरको वादी नेपाल सरकारको अभियोग दाबी वस्तुनिष्ठ रूपमा प्रमाणित रहेको अवस्था छैन । मौकामा कागज गर्ने कुनै पनि मानिसले मलाई अभियोग दाबीबमोजिमको कसुरदार हो भनी भन्न लेखाउन सकेको अवस्था छैन । यस्तो अवस्थामा मलाई अभियोग दाबीबमोजिम सजाय हुने अवस्था हुँदैन । मेरो कसुर स्थापित भएको छैन। तसर्थ सुरू चितवन जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको श्री पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।०८।०८ मा भएको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ

पाउँ भन्ने बेहोरा पुनरावेदक प्रतिवादी **शरणकुमार गुरूङको तर्फबाट यस अदालतमा परेको पुनरावेदन।**

म लामो समयदेखि कारागारभित्र रहेको व्यक्ति हुँ । कारागारको ऐन, नियम, आन्तरिक प्रशासनले तय गरेको नियमसमेत पालन गर्दै आएको व्यक्ति हुँ । मिति २०६८।०८।२० गते बिहान म सुतिरहेका अवस्थामा शिव पौडेलउपर अपरिचित व्यक्तिहरूले प्रहार गरी निजको देहान्त भएकोले प्रहरी प्रशासनले मलाई आफ्नो कब्जामा राखी मसँग कुनै कुरासमेत नसोधी कागज बनाई जबरजस्ती सहीछाप गराइएको हो । उक्त कागज प्रमाण ऐन, २०३१ को दफा ९ समेतले प्रमाणयोग्य कागजको रूपमा मान्न मिल्दैन । अनुसन्धान अधिकारीसमक्ष भएको भन्ने कागज मेरो स्वेच्छाले स्वतन्त्रपूर्वक तरिकाबाट गरिएको होइन भन्ने स्पष्ट हुँदाहुँदै अनुसन्धानमा साबिती भई गरेको भन्ने बयानलाई आधार लिई गरेको फैसला त्रुटिपूर्ण छ । कर्तव्य ज्यान मुद्दा गम्भीर प्रकृतिको फौजदारी मुद्दा हो। यसमा शंकारहित तवरबाट वादी पक्षले कसुर प्रमाणित गराउनु पर्दछ। प्रमाण ऐन, २०३१ को दफा २५ ले कसुर प्रमाणित गर्ने भार वादी पक्षमा तोकेकोमा वादी पक्षले पेस गरेका साक्षीहरूले नै मेरो सो घटनामा संलग्नता छैन निजलाई घटनास्थलमा देखिन भनी बकपत्र गरेका छन्। वादीले साक्षीको रूपमा पेस गरेका मानिस हरिबहादुर गुरूङसमेतले मलाई घटनास्थलमा देखिन भन्दै बेहोरा लेखाइदिएबाट मेरो मौकाको भनिएको स्वीकारोक्ति बयान मेरो स्वइच्छाको होइन भन्ने स्पष्ट हुन्छ। वस्तुनिष्ठ प्रमाण नहुँदानहुँदै भावनामा बगी गरेको चितवन जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाले गरेको फैसला बदरभागी छ भन्ने बेहोराको पुनरावेदक प्रतिवादी **सुरज श्रेष्ठको यस अदालतमा परेको पुनरावेदन।**

अनुसन्धान अधिकारीसमक्ष भएको भन्ने कागज मेरो स्वेच्छाले स्वतन्त्रपूर्वक तरिकाबाट गरिएको होइन भन्ने स्पष्ट हुँदाहुँदै अनुसन्धानमा साबिती भई गरेको भन्ने बयानलाई आधार लिई गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण छ। मैले सम्मानित अदालतसमक्ष लिएको इन्कारी जिकिरलाई फैसलाले प्रमाणमा नलिई अनुसन्धानको बयानलाई मात्र आधार बनाउनु त्रुटिपूर्ण छ । मेरो अदालतको इन्कारी बयानलाई वादी पक्षका साक्षीहरू हरिबहादुर गुरूङ, प्रदिप भट्ट, बद्रीप्रसाद ढुङ्गाना, प्रमिश राई, मिनबहादुर लामा, राजकुमार तमाङ, सोमलाल चौधरी, शिवनारायण महतो, ठिउरा चौधरी, तिलबहादुर गुरूङ, चन्द्रप्रसाद थनेतसमेतले अदालतमा आई बकपत्र गरी समर्थन गरिरहेको अवस्था छ। प्रहरी प्रशासनले मलाई आफ्नो कब्जामा राखी मसँग कुनै कुरासमेत नसोधी कागज बनाई जबरजस्ती सहीछाप गराइएको हो । उक्त कागज प्रमाण ऐन, २०३१ को दफा ९ समेतले प्रमाणयोग्य कागजको रूपमा मान्न मिल्दैन । कर्तव्य ज्यान मुद्दा गम्भीर प्रकृतिको फौजदारी मुद्दा हो। यसमा शंकारहित तवरबाट वादी पक्षले कसुर प्रमाणित गराउनु पर्दछ । प्रमाण ऐन, २०३१ को दफा २५ ले कसुर प्रमाणित गर्ने भार वादी पक्षमा तोकेकोमा वादी पक्षले पेस गरेका साक्षीहरूले नै मेरो सो घटनामा संलग्नता छैन निजलाई घटनास्थलमा देखिन भन्ने भनाइ रहेको छ । यसले मेरो मौकाको भनिएको स्वीकारोक्ति मेरो स्वेच्छाको होइन भन्ने स्पष्ट हुन्छ। कारागारभित्रै भएको व्यक्तिलाई त्यहीँबाटै प्रहरीको कब्जा नियन्त्रणमा लिई मानसिक एवं शारीरिक यातनासमेत दिई गरेको बयान मेरो विरूद्धमा प्रमाण बन्न सक्दैन। वस्तुनिष्ठ प्रमाण नहुँदा नहुँदै भावनामा बगी गरेको चितवन जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाले गरेको फैसला बदरभागी छ भन्ने बेहोराको **पुनरावेदक प्रतिवादी सुनिल के.सी.को यस अदालतमा परेको पुनरावेदन।**

मौकाको स्वीकारोक्ति र मौकामा सङ्कलित

भौतिक प्रमाण मालाकार कडीको रूपमा समर्थित हुन आएको भन्नेसमेत आधारमा मलाई दोषी ठहर गरिएको छ । मिति २०६८।०८।२० गते बिहान म सुतिरहेका अवस्थामा शिव पौडेलउपर अपरिचित व्यक्तिहरूले प्रहार गरी निजको देहान्त भएकोले प्रहरी प्रशासनले मलाई आफ्नो कब्जामा राखी मसँग कुनै कुरासमेत नसोधी कागज बनाई जबरजस्ती सहीछाप गराइएको हो । उक्त कागज प्रमाण ऐन, २०३१ को दफा ९ समेतले प्रमाणयोग्य कागजको रूपमा मान्न मिल्दैन । मैले सम्मानित अदालतमा बयान गर्दा कसुरमा इन्कार रही यथार्थ बयान गरेको छु । मेरो इन्कारी बयानलाई वादी पक्षका साक्षीहरूले बकपत्र गर्दा समर्थन गरिदिएका छन् । अनुसन्धान अधिकारीसमक्ष भएको भन्ने बयान कागज मेरो स्वच्छाले स्वतन्त्रपूर्वक तरिकाबाट गरिएको होइन भन्ने स्पष्ट हुँदाहुँदै अनुसन्धानमा साबिती भई बयान गरेको भन्ने आधार लिई गरेको फैसला त्रुटिपूर्ण छ । प्रमाण ऐन, २०३१ को दफा २५ ले कसुर प्रमाणित गर्ने भार वादी पक्षमा तोकेको छ । मौकामा सङ्कलित सबुत प्रमाणबाट मैले अपराध गरेको देखिने अवस्था छैन । वादीले साक्षीको रूपमा पेस गरेका हरिबहादुर गुरूङ, प्रदिप भट्ट, बद्रीप्रसाद ढुङ्गाना, गोपी भन्ने मदन परियार, प्रमिश राई, विनु रायमाझी, मिनबहादुर लामा, राजकुमार तमाङ, सोमलाल चौधरी, शिवनारायण महतो, ठिउरा चौधरी, तिलबहादुर गुरूङ, चन्द्रप्रसाद थनेतसमेतले मलाई घटनास्थलमा देखिन भन्दै अनुसन्धानमा भएको बेहोरा आफूले लेखाएको होइन भनी अदालतसमक्ष बकपत्र गरी राखेको अवस्थामा मैले आफू उक्त घटनामा छैन भनी गरेको जिकिरलाई खम्बिर बनाएको अवस्था छ । यसले मेरो मौकाको भनिएको स्वीकारोक्ति मेरो स्वइच्छाको होइन भन्ने स्पष्ट हुन्छ । कारागारभित्रै भएको व्यक्तिलाई त्यहीँबाटै प्रहरीको कब्जा नियन्त्रणमा लिई मानसिक एवं शारीरिक यातनासमेत दिई गरेको बयान मेरो विरूद्धमा प्रमाण बन्न सक्दैन । वस्तुनिष्ठ प्रमाण नहुँदानहुँदै भावनामा बगी गरेको चितवन जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाले गरेको फैसला बदरभागी छ भन्ने बेहोराको **पुनरावेदक प्रतिवादी फणिन्द्र श्रेष्ठको यस अदालतमा परेको पुनरावेदन ।**

प्रमाण मूल्याङ्कन गर्दा प्रतिवादी सुनिल गुरूङको हकमा जसरी प्रमाणको मूल्याङ्कन, विश्लेषण गरिएको छ, त्यसरी नै मेरो हकमा पनि छुट्टै प्रमाण मूल्याङ्कन गर्नुपर्नेमा सो नगरी सुनिल गुरूङबाहेकका अन्य प्रतिवादीहरू सँगै राखी सामूहिक रूपमा एकै ठाउँमा र एकै घानमा राखी सुरू अदालतले गरेकै त्रुटिपूर्ण तरिका पुनरावेदन अदालतबाट अवलम्बन गरी हचुवाको भरमा अन्यायपूर्ण ढङ्गबाट प्रमाण मूल्याङ्कन गर्दा मेरो निर्दोषिताको तथ्य र प्रमाण लोप हुन गएको, मेरो हकमा नजिरको रूपमा लागु हुन सक्ने सान्दर्भिक कानूनी सिद्धान्तहरूको बेवास्ता गरी वा अन्यथा तर्क गरी प्रमाणहीन बनाएको, मेरो साक्षी परीक्षण (बकपत्र) गर्न पाउनु पर्ने प्राकृतिक न्यायको सिद्धान्त र प्रमाण ऐन, २०३१ को दफा ४८, ४९ र ५० बमोजिमको कानूनी हकबाट वञ्चित गरेको, तथ्यको विश्लेषणमा विभेद र पक्षपात गरेको, प्रमाण ऐन, २०३१ को दफा ८, १८ र दफा १० (क) र (ख) को कानूनी व्यवस्था मेरो हकमा लागु नगरेको र सफाइ पाउने दिपक शाहसमेतका ३ जना प्रतिवादीको हकमा लिएका समान तथ्य र आधारहरूको विश्लेषण मेरो हकमा नलिएको, नगरेको जस्ता व्यापक कारणहरूसहितको गम्भीर कानूनी त्रुटिहरू फैसलामा विद्यमान रहेको छ । मलाई के कुन आधार प्रमाणबाट कसुरदार ठहर गरेको हो भन्ने यथेष्ट कारण र सबुद प्रमाणको आधार नै नदेखाई मेरो हकमा समेत सो कसुरमा साबित भएको भनी केवल हचुवाको भरमा मलाई कसुरदार ठहर गरेको देखिन्छ । म उक्त दिन समयमा उक्त कारागारको 'क' ब्लकमा नै रही मेरो बयानमा उल्लिखित साक्षी साथीहरू भुवन न्यौपाने, सागर बाबु पाण्डे, दिपक पुन

र मुक्ति गुरौं सँगै बसी साथै रहेको अवस्थामा बाहिर गोली पड्केको आवाज आएपछि मात्र उक्त घटनाबारे जानकारी भएको हो र पछि प्रहरीहरू आई मसमेतलाई अर्के 'घ' ब्लकमा लगी थुनी राखेको हो । सो कुरा मैले अदालतमा गरेको बयानमा पनि व्यक्त गरेकै छु। उक्त दिनको बिहान 'क' ब्लकबाट बाहिर निस्कँदै ननिस्केको अवस्थामा पनि उक्त कसुरमा मेरो संलग्नता रहेको र त्यसमा म साबिती भएको भन्ने प्रमाणरहित विश्लेषण पूर्णरूपमा असत्य र आधारहीन रहेका छन्। मलाई चरम यातनापूर्वक अनुसन्धानको कथित बयान गराएकोसमेतको वास्तविक तथ्य र यथार्थ अवस्था भएको हुँदा मलाई अनाहकमा शंका, अनुमान र हचुवाकै भरमा कसुरदार ठहर गरी जन्मकैदको सजाय गर्ने गरी भएको फैसला पूर्णरूपमा बदरभागी रहेको छ। अतः सुरू चितवन जिल्ला अदालतको अन्यायपूर्ण र विभेदकारी फैसलालाई नै सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।८।८ को फैसला बदर गरी उक्त झुट्ठा अभियोग दाबीबाट सफाइ दिई न्याय इन्साफ गरिपाउँ भन्ने बेहोराको पुनरावेदक प्रतिवादी **सोचेन्द्र राईको यस अदालतमा परेको पुनरावेदन।**

यसमा प्रतिवादीहरू सुनिल गुरूङ, शरण गुरूङ र सुजेन्द्र राईलाई कर्तव्य ज्यान मुद्दामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर भई मिति २०७०/१२/२० मा चितवन जिल्ला अदालतबाट फैसला भएकोमा पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।०८।०८ मा सुरू फैसला सदर भएकोमा सो फैसलाउपर प्रतिवादीहरू सुनिल गुरूङ, शरण गुरूङ र सुजेन्द्र राईको म्यादभित्र पुनरावेदन नपरेकोले प्रतिवादीहरू सुनिल गुरूङ, शरण गुरूङ र सुजेन्द्र राईको हकमा साधक दायरीमा दर्ता गर्नु भन्नेसमेत मिति २०७४।०३।१८ को टिप्पणी आदेशअनुसार साधक दायरीमा दर्ता गरी नियमानुसार इजलाससमक्ष पेस गर्न सम्बन्धित मुद्दा शाखामा बुझाइदिनु भन्ने बेहोराको मिति २०७४।३।१८ को **यस अदालतबाट भएको साधक दर्ता आदेश।**

यसमा प्रतिवादीहरू र वादी नेपाल सरकारको तर्फबाट समेत पुनरावेदन परेको देखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. को प्रयोजनार्थ उल्लिखित पुनरावेदन परस्पर सुनाई, अनुपस्थित प्रतिवादीको हकमा अ.बं. २०२ नं. बमोजिम झिकाई नियमानुसार गरी पेस गर्नु भन्ने बेहोराको यस अदालतबाट मिति २०७४।७।२१ मा भएको आदेश।

ठहर खण्ड

नियमबमोजिम पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो । नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री शंकर खत्रीले मृतक शिव पौडेलका भाइ गोविन्द पौडेलको कर्तव्य गरी मारेको मुद्दामा प्रतिवादी बनाइएका सुरज श्रेष्ठसमेतका प्रतिवादीहरूको मृतक शिव पौडेलसमेतका व्यक्तिहरूसँग पूर्वरिसइवी रहेको र सोही रिसइवीका कारण प्रकाश रेग्मीसमेतका १० जना प्रतिवादीहरूले कारागार बाहिर बसी षड्यन्त्र गरेको र सोहीबमोजिम चितवन कारागारभित्रका साथीहरू सुनिल गुरूङसमेतका १७ जना प्रतिवादीहरूले सोही कारागारभित्र 'ग' ब्लकमा रहेका शिव पौडेललगायत प्रदिप भट्ट, गोपी भन्ने मदन परियार, हरिबहादुर गुरूङ र बद्री ढुङ्गानालाई चापाकलको हेण्डिल, तावा, पन्यु, लाठीसमेतले कुटपिट गरेका हुन् । उक्त कुटपिटबाट घाइते शिव पौडेलको मृत्यु भएको र अन्य घाइतेहरू मर्नसमेत सक्ने अवस्थामा पुगेका हुन्। प्रतिवादीहरूले योजना बनाई मृतकसमेतलाई कुटपिट गरी मारेको कुरा जाहेरवालालगायत कारागारभित्र डिउटीमा रहेका प्र.ह. रामबालक यादव तथा अन्य साक्षीहरू र प्रत्यक्षदर्शीहरूसमेतको भनाइ बेहोराबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई सुरू अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो।

प्रतिवादी अमिर गुरूङको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री कमल नयन पन्त र श्री मोहनबहादुर बन्जारा क्षेत्रीले सहप्रतिवादी सुनिल गुरूङले अदालतमा बयान गर्दा वारदात आफूले घटाएको र अन्य कसैको संलग्नता नरहेको भनी बयान बेहोरा लेखाएका छन्। प्रतिवादी अमिर गुरूङले मौकामा बयान गर्दा कसुरमा साबित रहेको भए तापनि अनुसन्धानको बयान स्वतन्त्ररूपले भएको होइन भनी कसुरमा इन्कार रही अदालतमा बयान गर्ने क्रममा लेखाइदिएका छन्। वादीले पेस गरेका साक्षीहरू कसैले पनि प्रतिवादी अमिर गुरूङ मृतकलाई मार्ने कार्यमा संलग्न रहेका थिए भनी खुलाउन सकेका छैनन्। अतः यी प्रतिवादीका हकमा कसुर शंकारहित तवरले पुष्टि भएको नदेखिँदा यी प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउनु पर्ने हुन्छ भनी बहस गर्नुभयो।

प्रतिवादी छोयला भन्ने सुरज श्रेष्ठको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री मनोज दुवाडी र विद्वान् अधिवक्ता श्री कमल नयन पन्तले कर्तव्य ज्यान मुद्दा गम्भीर प्रकृतिको फौजदारी मुद्दा हो। यसमा शंकारहित तवरबाट वादी पक्षले कसुर प्रमाणित गराउनु पर्दछ। प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार कसुर प्रमाणित गर्ने दायित्व वादीको रहन्छ। वादी पक्षका साक्षीहरूले यी प्रतिवादीलाई कसुरमा किटान गरी पोल गरेको अवस्था छैन भने प्रतिवादीले अदालतमा बयान गर्दा कसुरमा इन्कार रहेका छन्। प्रतिवादीको अनुसन्धानको क्रममा भएको स्वेच्छा विरूद्ध गराइएको बयानलाई आधार बनाई जन्मकैदजस्तो सजाय गर्नु उचित नहुने हुँदा प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिलाइ पाउँ भनी बहस जिकिर प्रस्तुत गर्नुभयो।

प्रतिवादी सुनिल के.सी. का तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री हरिहर दाहाल र श्री शम्भु थापाले प्रतिवादीको मौकाको भनिएको स्वीकारोक्ति बयान प्रहरीको कब्जा नियन्त्रणमा लिई मानसिक एवं शारीरिक यातनासमेत दिई गराइएको हो र स्वतन्त्रपूर्वक आफ्नो स्वेच्छाले गरिएको बयान होइन भनी प्रतिवादी सुनिल के. सी. ले अदालतमा बयान गर्दा खुलाएका छन्। वादी पक्षबाट पेस भएका साक्षीहरूले समेत यी प्रतिवादीलाई पोल गरेको अवस्था छैन। केवल अनुसन्धानमा भएको भनिएको साबिती बयानलाई मात्र आधार बनाई प्रतिवादीलाई कर्तव्य ज्यानको कसुर ठहर गर्नु न्यायसङ्गत हुँदैन। प्रतिवादीको कसुर ठहर हुन आवश्यक प्रमाणको अभावमा प्रतिवादीले सफाइ पाउनु पर्छ भनी बहस जिकिर पेस गर्नुभयो।

प्रतिवादी फणिन्द्र श्रेष्ठका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहालले प्रतिवादीले सुरू अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेका छन्। वादी पक्षका साक्षीहरूले समेत बकपत्र गर्दा यी प्रतिवादीलाई पोल गर्न सकेका छैनन्। कारागारभित्र रहेका प्रतिवादीलाई त्यहीँबाट नियन्त्रणमा लिई निजको स्वेच्छाविपरीत गराइएको अनुसन्धानको बयान प्रमाणमा ग्राह्य हुन सक्दैन। प्रमाण ऐन, २०३१ को दफा ९ समेतले प्रतिवादीको स्वेच्छाविपरीत भएको अनुसन्धानको बयान प्रमाणयोग्य कागजको रूपमा मान्न मिल्दैन। सो हुँदा यी प्रतिवादीका हकमा वस्तुनिष्ठ प्रमाणबाट कसुर पुष्टि हुन नसकेको अवस्थामा यी प्रतिवादीलाई कर्तव्य ज्यानजस्तो गम्भीर फौजदारी मुद्दामा कसुर ठहर गरी सजाय गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण रहेको हुँदा यी प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउनु पर्छ भनी बहस जिकिर प्रस्तुत गर्नुभयो।

प्रतिवादी सुजेन्द्र राईको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री राम गोपाल श्रेष्ठ र श्री दिर्घलाल गिरीले यी प्रतिवादीको हकमा सुरू तथा पुनरावेदन अदालतबाट प्रमाणको यथोचित मूल्याङ्कन हुन सकेको छैन। अन्य प्रतिवादीहरूसँग राखी सामूहिक रूपमा गरिएको प्रमाणको मूल्याङ्कन न्यायपूर्ण हुन सक्दैन। वारदात हुँदा यी प्रतिवादी कारागारभित्र हुनु मात्र कसुर कायम गर्न पर्याप्त हुँदैन। वादीका साक्षीहरू कसैले पनि

यी प्रतिवादीको कसुरमा संलग्नता देखाउन सकेका छैनन् । अनुसन्धानमा भएको भनिएको साबिती बयान स्वेच्छाले गरिएको होइन भनी प्रतिवादीले अदालतमा लेखाइदिएको बयानलाई अदालतले प्रमाणमा नलिई केबल अनुसन्धानको साबिती बयानलाई मात्र आधार लिई प्रतिवादीलाई कसुर ठहर गर्ने गरी भएको सुरू तथा पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण रहेको हुँदा प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिलाई पाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

यसमा प्रतिवादीहरू सुरज श्रेष्ठ छोइला, सुनिल गुरूङ, शरणकुमार गुरूङ, अमिर गुरूङ, सुजेन्द्र राई, दिलबहादुर लामा तामाङ, सुनिल के.सी., फणिन्द्र श्रेष्ठ, भीमकुमार पाख्रिन तामाङ, अमित तामाङ लामा, प्रकाश तामाङ, विक्रम लामा, राजकुमार घलान, चन्द्रबहादुर थापा मगर, दिपक साह, सूर्यबहादुर पुन, सानु तामाङ भन्ने सुरेन्द्र सिन्तानसमेत जना १७ उपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १, १३(३) र १५ नं. बमोजिमको कसुरमा सोही महलको १३(३) र १५ नं. बमोजिम सजाय हुन र प्रतिवादीहरू प्रकाश रेग्मी, सुरजकुमार शाही, फणिन्द्र खनाल, विनोद तामाङ, हाकु भन्ने कुमार देउजा, वावुराम भण्डारी, सुशिल के. सी., निति भन्ने नितिन राई, विष्णु पाण्डे, हिते भन्ने हितमान गुरूङसमेत जना १० उपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६ नं. बमोजिमको कसुरमा सोही १६ नं. बमोजिम सजाय हुन अभियोग मागदाबी रहेकोमा सुरू चितवन जिल्ला अदालतबाट प्रतिवादीहरू सुनिल गुरूङ, सुनिल के.सी., शरण गुरूङ, सुरज श्रेष्ठ छोइला, फणिन्द्र श्रेष्ठ, दिलवहादुर लामा, सुजेन्द्र राई र अमिर गुरूङ जना आठउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३ (३) नं. बमोजिमको कसुरमा सोही १३ (३) नं. बमोजिम जनही जन्मकैदको सजाय हुने, प्रतिवादीहरूमध्येका प्रकाश तामाङ, अमित लामा तामाङ, विक्रम लामा, चन्द्रबहादुर थापा, भिमकुमार पाख्रिन, राजकुमार घलानका हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिमको कसुरमा सोही १७(२) नं. बमोजिम जनही ५(पाँच) वर्ष कैदको सजाय हुने, प्रतिवादीहरूमध्येका सानु तामाङ भन्ने सुरेन्द्र स्याङ्गतान, सूर्यबहादुर पुन र दिपक साहका हकमा आरोपित कसुरमा सफाइ पाउने, उल्लिखित १७ जना प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ज्यान मार्ने उद्योगतर्फ सजाय गर्न अभियोग दाबी नपुग्ने, प्रतिवादीहरू प्रकाश रेग्मी, सुरजकुमार शाही, फणिन्द्र खनाल, विनोद तामाङ, हाकु भन्ने कुमार देउजा, बाबुराम भण्डारी, शुशिल के. सी., निति भन्ने नितिन राई, विष्णु पाण्डे र हिते भन्ने हितमान गुरूङसमेत जना १० का हकमा ज्यानसम्बन्धी महलको १६ नं. बमोजिमको कसुरमा सोही १६ नं. बमोजिम सजायको मागदाबी रहेकोमा दाबी नपुगी प्रतिवादीहरूले सफाइ पाउने गरी फैसला भएको र सो फैसलाउपर वादी नेपाल सरकार र प्रतिवादीहरू बिक्रम लामा, राजकुमार घलान, भिमकुमार पाख्रिन, फणिन्द्र श्रेष्ठ, सुनिल के.सी., दिलबहादुर लामा मोक्तान, प्रकाश तामाङ, अमित तामाङ, सुरज श्रेष्ठ छोइला, सोचेन्द्र राई, सुनिल गुरूङ, चन्द्रबहादुर थापा मगर, शरणकुमार गुरूङ र अमिर गुरूङको पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन परेकोमा सो अदालतबाट सुरू फैसला सदर हुने गरी फैसला भएको र सोउपर वादी नेपाल सरकार र प्रतिवादीहरू दिलबहादुर लामा, अमिर गुरूङ, शरण गुरूङ, सुरज श्रेष्ठ, सुनिल के.सी, फणिन्द्र श्रेष्ठ र सोचेन्द्र राईको यस अदालतमा पुनरावेदन परी तथा प्रतिवादी सुनिल गुरूङको हकमा साधक जाँचको रोहमा दर्ता भई इजलाससमक्ष पेस हुन आएको देखियो ।

यसमा प्रतिवादीहरू सुनिल गुरूङसमेत जना आठउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम जनही जन्मकैदको सजाय हुने, प्रतिवादीहरूमध्येका प्रकाश तामाङ, अमित लामा तामाङ, विक्रम लामा, चन्द्रबहादुर थापा, भिमकुमार

पाख्रिन, राजकुमार घलानका हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम जनही ५(पाँच) वर्ष कैदको सजाय हुने र अन्य प्रतिवादीहरूले आरोपित कसुरमा सफाइ पाउने गरी भएको सुरू चितवन जिल्ला अदालतको फैसला सदर हुने गरी भएको पुनरावेदन अदालत हेटौंडाको फैसला, वादी प्रतिवादीहरूको पुनरावेदन जिकिर, उपस्थित विद्वान् सहन्यायाधिवक्ता, वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूको बहस जिकिर तथा मिसिल संलग्न कागज प्रमाणको अध्ययन विश्लेषणसमेतको आधारमा हेर्दा मूल रूपमा पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको छ छैन ? र पुनरावेदक वादी प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. प्रतिवादीहरू प्रकाश रेग्मीलगायतका १० जनाले मृतक शिव पौडेललाई मार्ने षड्यन्त्र गरी उक्त षड्यन्त्रमा चितवन कारागारभित्रका अन्य प्रतिवादीहरूलाई संलग्न गराई सोहीबमोजिम कारागारभित्रका प्रतिवादीहरू १७ जनाले मृतक शिवप्रसाद पौडेलसमेत घाइतेहरू गोपी परियार, बद्रिप्रसाद ढुङ्गाना, हरिबहादुर गुरूङ र प्रदिप भट्टलाई फलामे रडलगायतले प्रहार गरेको र सोही कुटपिटका कारण मृतक शिवप्रसाद पौडेलको मृत्यु हुन पुगेको र अन्य घाइतेहरू मर्नसमेत सक्ने अवस्थामा पुगेकोमा तत्काल उपचार पाएका कारण ज्यान बच्न पुगेको तथ्य मिसिल संलग्न कागज प्रमाणहरूले पुष्टि भइरहेको हुँदा अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ।

३. वादी नेपाल सरकारले आफ्नो अभियोगपत्रमा प्रत्येक प्रतिवादीको वारदातमा के कुन भूमिका रहेको थियो भनी खुलाउन सकेको छैन। अभियोग प्रमाणित गर्ने दायित्व वादी पक्षले वहन गर्नुपर्छ। प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा आफूले लगाएको आरोप प्रमाणित गर्ने मुख्य दायित्व वादी पक्षको हुने प्रस्ट नै छ । फौजदारी मुद्दामा शंकाको भरमा कसैलाई कसुरदार ठहर्‍याउन मिल्ने हुँदैन । केवल अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले गरेको भनिएको साबिती बयानलाई मात्र मूल आधार लिई सजाय गरिएको त्रुटिपूर्ण छ । मौकाको साबिती बयान स्वेच्छापूर्वक भएको होइन भनी अदालतमा बयान गर्दा खुलाइएको छ। सरकार पक्षका साक्षीहरूले समेत बकपत्र गर्दा किटान गर्न सकेका छैनन्। मौकामा कुटपिट गरी डर त्रासमा पारी घटनामा संलग्न भएको भनी कथित बयान गरे तापनि अदालतमा बयान गर्दा आफूउपरको अभियोग दाबी झुट्टा हो भनी गरेको बयानलाई प्रमाणमा नलिई हचुवा रूपमा भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण रहेको हुँदा बदर गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीहरूको एकै मिलानको अलग अलग पुनरावेदन जिकिर रहेको देखिन्छ।

४. मिति २०६८।८।२० गते बिहान अं. ६:०० बजेको समयमा चितवन कारागार "क" ब्लकको च्यानलगेट खोलेपछि प्र.ह. रामबालक यादवको हातबाट सुनिल गुरूङसमेतका कैदी बन्दीहरूले चाबी खोसी "ग" ब्लकको ढोका खोली सुतेका शिवप्रसाद पौडेलसमेतलाई फलामे चापाकलको ह्याण्डिल, पन्यु, तावा, रड, पाइपसमेतले प्रहार गरेका हुन् भन्नेसमेत बेहोराको प्र.स.नि. सन्तबहादुर थापाको मौकाको प्रतिवेदन तथा बकपत्र र यी प्रतिवादीहरूले कारागार कार्यालयको "ग" ब्लकमा सुतिरहेका पति शिवप्रसाद पौडेललाई मार्ने मनसायले ह्याण्डिल, रड, पाइप, चिरपटसमेतले प्रहार गर्दा घाइते भएका पतिको उपचारको क्रममा मृत्यु भएको भन्ने बिनु रायमाझी पौडेलको जाहेरी तथा बकपत्र बेहोरा रहेको देखिन्छ।

५. ठाउँ ठाउँमा रगत रहेको, नजिक रगतसमेत लागेका चापाकलको ह्याण्डिल, पाइप, रड, बाँस, काठका टुक्रा, पन्यू, तावा फेला परेको, "ग" ब्लकभित्र

शिवप्रसाद पौडेलसमेत सुतेको कोठामा सिरक, तकिया, तन्ना रगतले भिजेको देखिने घटनास्थल मुचुल्का । दाहिने कानबाट बायाँ कानसम्म २९ वटा टाँका लगाएको घाउ रहेको, टाउको निधार फुटेको चोट रहेको भन्नेसमेत बेहोराको लासजाँच मुचुल्का र गह्रौं वस्तुको प्रहारबाट टाउकोमा लागेको चोटको कारणबाट मृत्यु भएको भन्नेसमेत बेहोराको मृतक शिवप्रसाद पौडेलको शव परीक्षण प्रतिवेदनसमेतले मृतक शिवप्रसाद पौडेलको मृत्यु कर्तव्यबाट भएकोमा विवाद देखिँदैन ।

६. मृतकको मृत्यु कर्तव्यबाट भएकोमा अन्यथा नदेखिएको भए तापनि उक्त घटनामा को कसको के कस्तो संलग्नता रहेको थियो भन्ने सन्दर्भमा विवेचना गर्नुपर्ने देखिन्छ । समूहमा आपराधिक कार्य हुँदा संलग्न प्रत्येक व्यक्तिको के कस्तो भूमिका रहेको थियो सोहीबमोजिम नै आपराधिक दायित्व वहन गर्नुपर्ने हुन्छ । मृतकमाथि समूहमा आई प्रहार गरेको देखिन्छ। घटनास्थलमा चापाकलको ह्याण्डिल, पाइप, रड, बाँस, काठका टुक्रा, पन्यू, तावा आदि फेला परेको र प्रतिवेदक सन्तबहादुर थापाको प्रतिवेदन तथा बकपत्र, प्र. ह. रामबालक यादवको कागज तथा बकपत्र र अन्य साक्षीहरूको बकपत्रसमेतले प्रतिवादीहरू समूहमा मिली योजनाबद्धरूपमा हवल्दारलाई नियन्त्रणमा लिइ चाबी खोसी "ग" ब्लकभित्र गई मृतकलगायत अन्य घाइतेहरूलाई प्रहार गरेको भन्ने देखिन्छ ।

७. यसमा मृतक शिव पौडेलको कर्तव्य तथा कुन कुन प्रतिवादीहरूको के कस्तो संलग्नता थियो भनी विवेचना गरौं । पुनरावेदन अदालतबाट सुरज श्रेष्ठ छोइलासमेत जना आठलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम कर्तव्य ज्यानको कसुर ठहर गरी सजाय गरिएको छ । वादी नेपाल सरकारको अभियोग दाबी तथा पुनरावेदन जिकिर हेर्दा यी आठजनासहित १७ जना प्रतिवादीहरूलाई ऐ. १३ (३) नं. बमोजिम सजाय हुन मागदाबी रहेको देखिन्छ । सोतर्फ विचार गर्दा पुनरावेदन अदालतबाट कसुर ठहर भएका प्रतिवादीहरू सुनिल गुरूङ, फणिन्द्र श्रेष्ठ, सुनिल के. सी., दिलबहादुर लामा, सुरज श्रेष्ठ छोइला, सुजेन्द्र राई, शरणकुमार गुरूङ र अमिर गुरूङले अनुसन्धानको क्रममा बयान गर्दा आफूहरूले सामूहिक रूपमा मृतक र अन्य घाइतेहरूलाई फलामे छडलगायतले प्रहार गरेको कुरामा साबित रही बयान बेहोरा लेखाएका छन् । वारदातका समयमा चितवन कारागारमा शिवप्रसाद पौडेल "ग" ब्लकमा रहेका र निज शिवको भाइलाई मार्ने ग्रुप पनि सोही कारागारमा हुँदा दुई ग्रुपको पूर्वरिसइवी भएकाले मनमुटाव वादविवाद भइरहन्थ्यो । शिवले भित्रको नियम नमान्ने र अरूलाई दादागिरी देखाउने गर्थ्यो, त्यसैले साथीहरूले यसलाई ठिक पार्नु पर्छ भनेका थिए । मिति २०६८।८।२० गते बिहान शरण गुरूङको डिउटी परेको मौका पारी ढोका खोल्नासाथ मलगायतका साथीहरू "ग" ब्लकमा गई अगाडिका साथी सुनिल गुरूङ, शरण गुरूङ, सुनिल के.सी. लगायतले शिवलाई ह्याण्डिल, रडसमेतले प्रहार गरे, उक्त घटनामा मदन परियार गोपीलगायतका व्यक्तिहरू घाइते भएका र घाइतेमध्ये शिवप्रसाद पौडेलको मृत्यु भएको हो भन्नेसमेत बेहोराको प्रतिवादी अमिर गुरूङ र सोही मिलान बेहोराको अन्य प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान रहेको देखिन्छ । प्रतिवादीहरू सुरज श्रेष्ठसमेतले मृतक तथा अन्य घाइतेहरूलाई प्रहार गरेका हुन्, हामी पनि सँगै गएका थियौं भनी भीमबहादुर पाख्रिनसमेतले अनुसन्धानको क्रममा बयान गर्दा खुलाइदिएका छन् ।

८. मिति २०६८।८।२० गते बिहान अं.०६:०० बजेको समयमा कारागार "क" ब्लकको च्यानलगेट खोलेपछि प्र. ह. रामबालक यादवको हातबाट सुनिल गुरूङसमेतका कैदी बन्दीहरूले चाबी खोसी "ग" ब्लकको ढोका खोली सुतेका शिवप्रसाद पौडेलसमेतलाई फलामे चापाकलको ह्याण्डिल, पन्यु, तावा, रड, पाइपसमेतले प्रहार गरी ज्यान मार्न

लागेको हुँदा ताला फोडी स्थितिलाई नियन्त्रणमा लिन २ राउन्ड हवाई फायरसमेत गरिएको हो भन्नेसमेत बेहोराको प्र. स. नि. सन्तबहादुर थापाको प्रतिवेदन तथा प्रतिवेदनमा उल्लेख भएका व्यक्तिहरूले घटना घटाएका हुन् भनी गरेको बकपत्र रहेको देखिन्छ । प्रतिवादीहरू प्रकाश तामाङ, भिमबहादुर पाख्रिन, शरण गुरूङ, फणिन्द्र श्रेष्ठ, सुनिल के.सी., सुरज श्रेष्ठ (छोइला), अमिर गुरूङ, दिलबहादुर लामा, सुजेन्द्र राईसमेतका ३५/४० जना बाहिर निस्की मलाई लडाई चाबी खोसी "ग" ब्लकतर्फ गएकाले मैले अरू प्रहरी कर्मचारीलाई बोलाई हवाई फायर गरी नियन्त्रण गर्दा निजहरूले अगावै "ग" ब्लकका शिवप्रसाद पौडेललाई ह्याण्डिल, रडसमेतका हतियारले प्रहार गरी घाइते बनाइसकेका रहेछन् भन्नेसमेत बेहोराको रामबालक यादवले गरेको मौकाको कागज तथा अदालतमा भएको बकपत्र रहेको देखिन्छ।

९. सुरज श्रेष्ठ, अमिर गुरूङ, फणिन्द्र श्रेष्ठ, शरण गुरूङसमेतका व्यक्तिहरूले फलामको ह्याण्डिल, रड, पाइपसमेतका हतियारले "ग" ब्लकमा बस्ने मृतकलगायतका अन्य घाइतेहरूलाई प्रहार गरेका हुन् भन्ने बेहोरा प्र. ज. पशुपति खतिवडा, घाइते हरिबहादुर गुरूङ, घाइते बद्रीप्रसाद ढुङ्गाना, घाइते प्रदिप भट्ट, गोपीलाल गुरूङ, चन्द्रप्रसाद थनेत, मिनबहादुर लामासमेतका प्रत्यक्षदर्शीलगायतका साक्षीहरूको मौकाको कागज र बकपत्र बेहोराबाट खुली आएको छ।

१०. त्यसैगरी सुरज श्रेष्ठसमेतका केही प्रतिवादीहरू मृतक शिव पौडेलका भाइको कर्तव्य ज्यान मुद्दाका प्रतिवादीहरू रहेको र सोही कारणले सुरज श्रेष्ठ छोइला, शरण गुरूङलगायतका प्रतिवादीहरूको मृतकसँग कारागारभित्र झै-झगडा परिरहने गरेको, कारागारमा प्रतिवादीहरूको समूह र शिव पौडेलको समूहबिच झगडा, विवाद, सङ्घर्ष तथा पूर्वरिसइवीसमेत रहेको अवस्थामा कारागारभित्र एक गुटले अर्को गुटलाई दबाउन तथा नियन्त्रणमा राख्न खोज्ने सिलसिलामा "क" ब्लकमा बस्ने प्रतिवादीहरूले एकआपसमा सल्लाह गरी मृतक शिव पौडेललगायतलाई तह लगाउने भनी योजना बनाई वारदातका दिन प्रहरी हवल्दारको हातबाट चाबी खोसी "ग" ब्लकभित्र गई मृतकलगायत अन्य घाइतेहरूलाई फलामको ह्याण्डिल, रड, पाइप, तावालगायतले कुटपिट गरेका र सोही कुटपिटका कारणले शिव पौडेलको मृत्यु हुन पुगेको भन्ने बेहोरा प्रतिवादीहरू दिपक शाहसमेतको मौकाको र अदालतमा भएको बयान बेहोराबाट खुलिआएको देखिन्छ।

११. प्रतिवादी सुनिल गुरूङले अघिल्लो दिनको रिसइवीका कारण आफूले धाराको ह्याण्डिलले शिव पौडेललाई प्रहार गरेको हो । अन्य साथीहरू कसैले पनि शिव पौडेललाई हानेका होइनन् । निजहरूले प्रदिप भट्ट, गोपी परियारलगायतलाई हानेका हुन् भनी अदालतमा बयान गर्दा बेहोरा उल्लेख गरेको भए तापनि निज प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा वारदातको अघिल्लो दिन अमिर गुरूङको जन्मदिन भएकोले केक खानका लागि मलगायत "क" ब्लकमा सुत्ने फणिन्द्र श्रेष्ठ, सुरज श्रेष्ठ छोइला, शरण गुरूङ, अमिर गुरूङ, दिलबहादुर लामा, सुनिल के.सी., सुजेन्द्र राईसमेतका व्यक्तिहरूले भोलि बिहान शिवेलाई कुटपिट गर्नुपर्छ भनी राय सल्लाह गरेको र सोहीबमोजिम मलगायत सल्लाह गर्ने साथीहरूसमेतले मिली मृतक शिव पौडेललगायतका व्यक्तिहरूलाई कुटपिट गरेको हो भनी बयान गरिदिएको देखिन्छ । त्यसैगरी कसुर ठहर भएका सुरज श्रेष्ठलगायतका अन्य प्रतिवादीहरूले समेत सुरू अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको भए तापनि अनुसन्धानको क्रममा कसुरमा साबित रही निज प्रतिवादीहरूले समूहमा मिली अघिल्लो दिनदेखि योजना बनाई मृतकसमेतलाई कुटपिट गरेको भनी बेहोरा लेखाइदिएका छन्।

१२. प्रतिवादी सुनिल गुरूङको हकमा हेर्दा

निज प्रतिवादीलाई पुनरावेदन अदालत हेटौंडाले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम कसुर ठहर गरी ऐ. १३ (३) नं. बमोजिम जन्मकैदको सजाय गरेको देखिन्छ भने निज प्रतिवादीले सो फैसलाउपर पुनरावेदनसमेत गरेको देखिँदैन। निज प्रतिवादी आफैँले अदालतमा बयान गर्दा कसुरमा साबित रही फलामको ह्याण्डिलले शिव पौडेललाई प्रहार गरेको हुँ भनी बताएको हुँदा निजको स्वीकारोक्ति बयानलाई प्रमाण ऐन, २०३१ को दफा ४ र ९ बमोजिम निज विरूद्ध प्रमाणमा लिन मिल्ने देखिन्छ भने साबित अभियुक्त सर्वोत्तम साक्षी हुन्छ भन्ने न्यायिक मान्यतासमेत रही आएको छ । सहप्रतिवादीहरू तथा साक्षीहरूको भनाइ बेहोरासमेतबाट निजको स्वीकारोक्ति बयान पुष्टि भइरहेको देखिन्छ । अतः यी प्रतिवादी सुनिल गुरूङको मृतक शिव पौडेललाई कर्तव्य गरी मार्ने कार्यमा संलग्नता रहेको पुष्टि हुन आएकोले निजको हकमा पुनरावेदन अदालत हेटौंडाले गरेको फैसला मिलेकै देखिन आयो।

१३. पुनरावेदन अदालतबाट कसुर ठहर भएका अन्य ७ जना प्रतिवादीहरूको हकमा विचार गर्दा यी प्रतिवादीहरू अनुसन्धानको क्रममा बयान गर्दा मृतक शिव पौडेलसमेतका व्यक्तिहरूलाई "ग" ब्लकमा गई फलामको रडसमेतले प्रहार गरेको कसुरमा साबित रहेका छन्। प्रतिवादी सुनिल गुरूङले अदालतसमक्ष बयान गर्दा मृतक शिव पौडेललाई आफूले मात्रै प्रहार गरेको भनी जिकिर लिएको देखिए तापनि मृतकको शरीरमा देखिएका घाउ चोटहरू हेर्दा एकै व्यक्तिले मात्र प्रहार गरेको भन्ने भनाइ विश्वसनीय देखिँदैन । घटनास्थलमा बरामद फलामको ह्याण्डिल, फलामको रड, लाठी, तावा, पन्यू आदि सबै वस्तु एकै प्रतिवादीले मात्रै लिएर गएको तथा मृतकलगायतका अन्य घाइतेहरूलाई एकै जनाले मात्र प्रहार गरेको अवस्था हुन सक्ने विश्वसनीय देखिँदैन । प्रतिवादी सुनिल गुरूङले आफैँले हवल्दार रामबालक यादव तथा सहयोगी डोलनाथ सुवेदीलाई नियन्त्रणमा लिई चाबी खोसी "ग" ब्लकको ढोका खोलेको र आफूले शिवलाई प्रहार गरेपछि मात्र अन्य प्रतिवादीहरू आएको भनी बेहोरा लेखाएको देखिए तापनि निजको भनाइ अन्य साक्षी तथा प्रत्यक्षदर्शीहरूको भनाइ बेहोरासँग मेल खाएको देखिँदैन । कारागारभित्र डिउटीमा रहेका प्र. ह. रामबालकले प्रतिवादीहरू समूहमा आई आफूबाट चाबी खोसी एक हुल व्यक्तिहरू एकै पटक "ग" ब्लकभित्र छिरेका हुन् भनी लेखाइ दिएका र घाइतेलगायत कारागारभित्र रहेका अन्य साक्षीहरूसमेतले समूहमा आएका प्रतिवादीहरूले मृतकलगायत घाइतेहरूलाई प्रहार गरेका हुन् भनी लेखाइदिएकोसमेतबाट प्रतिवादी सुनिल गुरूङको आफूले मात्र मृतकलाई प्रहार गरेको भन्ने जिकिर स्थापित हुन सकेको छैन । यसबाट प्रतिवादीहरूले अनुसन्धानको क्रममा लेखाएको बयानअनुसार नै निजहरूले समूहमा मिली मृतकसमेतलाई प्रहार गरेको र सोही कारणबाट मृतकको मृत्यु भएको भन्ने पुष्टि हुन आएको छ।

१४. यसमा प्रतिवादीहरू दिलबहादुर लामा, अमिर गुरूङ, शरण गुरूङ, सुरज श्रेष्ठ, सुनिल के.सी., फणिन्द्र श्रेष्ठ, सोचेन्द्र राईको अलग अलग पुनरावेदन परेको र उक्त प्रतिवादीहरूले अनुसन्धानका क्रममा गरेको साबिती बयान इच्छाविपरीतको भएकोले प्रमाणमा लिन मिल्ने हुँदैन । अभियोग दाबी प्रमाणित गर्ने दायित्व वादीको भएको र दाबी पुष्टि भएको अवस्था नभएको हुँदा सफाइ पाउनु पर्छ भनी एकै मिलानको जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा विचार गर्दा पुनरावेदक प्रतिवादीहरूले अनुसन्धानको क्रममा बयान गर्दा आफूहरूले समूहमा मिली अघिल्लो दिनदेखि योजना बनाई मृतकलाई प्रहार गरेको भनी साबिती बयान गरेका छन्। कारागारभित्र रहेका अन्य साक्षीहरू तथा सहप्रतिवादीहरूको भनाइ बेहोरासमेतबाट यी प्रतिवादीहरूको संलग्नता रहेको भन्ने देखिन आउँछ । साक्षीहरू तथा सहप्रतिवादीहरूको भनाइ

बेहोरा सम्बन्धमा माथि नै विवेचनासमेत भइसकेको छ । प्रतिवादीहरूको अनुसन्धानको क्रममा भएको बयान स्वतन्त्रपूर्वक नभएको हुँदा प्रमाणमा लिन मिल्ने हुँदैन भन्ने जिकिरतर्फ विचार गर्दा प्रतिवादीहरूलाई आफूविरूद्ध साक्षी हुन कर नलाग्ने भए तापनि प्रतिवादीहरूले दिएको बयान उनीहरू विरूद्ध प्रयोग हुन सक्ने अवस्था प्रमाण ऐन, २०३१ को दफा ९(१) ले देखाउँछ । ऐ. दफा ९(१) को व्यवस्थाबमोजिम मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरूद्ध प्रमाणमा लिन हुन्छ। ऐ. ऐनको दफा ९ (२) ले स्वेच्छाले गरिएको बयान नभएमा प्रमाणमा लिन नमिल्ने व्यवस्था गरेको देखिन्छ। तर उक्त दफाबमोजिम अनुसन्धानको क्रममा गरेको बयान स्वेच्छाले गरिएको थिएन भनी पुष्टि भएको हुनुपर्छ। अतः अन्यथा प्रमाणित नभएको अवस्थामा अनुसन्धानको बयानलाई प्रमाणमा लिन मिल्ने देखिन्छ। अनुसन्धानको क्रममा भएको बयान निरपेक्ष रूपले जुनसुकै अवस्थामा प्रमाणमा ग्राह्य नहुने भनी अर्थ गर्न मिल्ने हुँदैन । प्रतिवादीहरूले प्रमाण ऐन, २०३१ को दफा ९(२) बमोजिम अनुसन्धानको क्रममा भएको बयान स्वेच्छाविपरीत भएको थियो भनी जिकिर लिनु मात्र पर्याप्त हुँदैन, जिकिरलाई पुष्टि गर्ने आधार र प्रमाणसमेत पेस गर्नुपर्ने हुन्छ । घटनाको समग्र परिस्थिति तथा परिस्थितिजन्य प्रमाणहरूले अनुसन्धानको बयानलाई नै पुष्टि गरेको अवस्थामा अनुसन्धानको बयान प्रमाणको रूपमा ग्राह्य हुने नै देखिन्छ।

१५. यसै सन्दर्भमा *अदालतसमक्ष इन्कार रहँदैमा सफाइ पाउने भन्ने हुँदैन । अधिकारप्राप्त अधिकारीसमक्षको बयानलाई समर्थन गर्ने अन्य तथ्यहरू छन् भने ती तथ्यहरूलाई घटनाको समग्रतासँग दाँजेर हेर्नुपर्ने* भन्ने ने. का. प. २०६६, अङ्क ४, नि. नं. ८११५, कर्तव्य ज्यान मुद्दामा, त्यसैगरी *इन्कारीले मात्र कुनै अभियुक्तले आरोपित कसुरबाट फुर्सद पाउन र सजायबाट उन्मुक्ति पाउन सक्दैन। सजायबाट बच्नका लागि अदालतमा सामान्य रूपले इन्कारी बयान गर्नु एउटा कुरा हो र त्यसको पुष्ट्याइँका लागि विश्वसनीय र ठोस आधार, प्रमाण पनि पेस गर्न सक्नु अर्को कुरा हो। अभियोजन पक्षबाट उल्लेख्य प्रमाणहरूको उपस्थितिमा अभियुक्तको अदालतमा इन्कारी मात्र निजको निर्दोषिताको प्रमाण बन्न सक्दैन। किनभने सजायबाट बच्नका लागि मात्र अदालतमा ढाँट्न खोजेको हो वा वास्तवमै अमूक अभियुक्त बेकसुर रहेको छ ? अदालतले उपलब्ध समग्र प्रमाणको विश्लेषण गरी सत्य र तथ्यको निरूपण गरी प्रमाणको आधारमा ठहर इन्साफ गर्नुपर्ने*, भनी ने.का.प. २०६८, नि.नं.८६८७, कर्तव्य ज्यान, मुद्दामा व्याख्या भएको देखिन्छ।

१६. नेपालले अपनाउँदै आएको अभियोजनात्मक पद्धतिमा प्रमाणको भार वादीमा रहने हुन्छ । सोअनुसार अभियोग दाबी प्रमाणित गर्ने प्रारम्भिक दायित्व वादीको हुनेमा विवाद छैन । प्रमाण ऐन, २०३१ को दफा २५ ले *फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ* भन्ने व्यवस्थासमेत गरेको देखिन्छ। त्यसैगरी प्रतिवादीले निर्दोषिताको जिकिर लिएको अवस्थामा आफ्नो जिकिरलाई पुष्टि गर्ने दायित्व जिकिर लिने प्रतिवादीमा समेत रहने हुन्छ। प्रमाण ऐनको दफा २७ मा *प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुने छ* भन्ने व्यवस्था रहेको देखिन्छ। वस्तुतः प्रतिवादीले अदालतमा आरोपित कसुरमा इन्कारी भई निर्दोषिताको जिकिर लिनु मात्र पर्याप्त हुँदैन। आफूले लिएको इन्कारी जिकिरलाई पुष्टि गर्न प्रमाणहरू पेस गर्ने दायित्व प्रतिवादीमा समेत रहने व्यवस्था उल्लिखित कानूनी प्रावधानहरूले गरेको देखिन्छ। वादीले अभियोग दाबी पुष्टि गर्न पेस गरेका साक्षी प्रमाणलाई खण्डन गर्ने तथा आफ्नो निर्दोषिताको जिकिरलाई स्थापित

गर्ने प्रमाणहरू प्रतिवादीहरूबाट पेस हुन नसकेको अवस्थामा अभियोग दाबी प्रमाणित हुने गरी वादी पक्षले पेस गरेका प्रमाणहरू मालाकार कडीका रूपमा एकआपसमा जोडिई स्वाभाविक र सहज जे निष्कर्ष आउँछ त्यसलाई अन्यथा मान्न सकिने हुँदैन । यी प्रतिवादीहरूले वादीका साक्षी प्रमाणलाई खण्डन गरी आफ्नो जिकिर स्थापित गर्ने गरी प्रमाण गुजार्न सकेको देखिँदैन । वादी पक्षले पेस गरेका साक्षी प्रमाणहरूले स्वाभाविक रूपमा यी प्रतिवादीहरूले समूहमा मिली मृतकलाई कुटपिट गरेको र सोही कारणबाट मृतकको मृत्यु हुन पुगेको प्रमाणित भई यी प्रतिवादीहरूको कसुर पुष्टि हुन आएको देखिन्छ । अतः कसुर ठहर भएका सुरज श्रेष्ठलगायतका प्रतिवादीहरू जना ८ (आठ) लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिमको कसुरमा सोही १३ (३) नं. बमोजिम जन्म कैद हुने गरी भएको सुरू फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेकै देखिन्छ ।

१७. पुनरावेदक वादी नेपाल सरकारले प्रतिवादीहरू विक्रम लामा, राजकुमार घलान, भीमकुमार पाख्रिन, प्रकाश तामाङ, अमित लामा तामाङ, चन्द्रबहादुर थापा जना छ का हकमा अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सजाय गरिपाउँ भनी लिएको पुनरावेदन जिकिरको सम्बन्धमा हेर्दा यी प्रतिवादीहरूका हकमा ऐ. महलको १७ (२) नं. बमोजिम ५ वर्ष कैद सजाय हुने गरी भएको सुरू फैसला पुनरावेदन अदालतबाट सदर भएको देखिन्छ । यी प्रतिवादीहरू सबैजनाले सुरू अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेको भए तापनि अनुसन्धानको क्रममा बयान गर्दा प्रतिवादीहरू सुरज श्रेष्ठसमेतले “ग” ब्लकमा प्रवेश गरी मृतकलगायत अन्य घाइतेहरूलाई कुटपिट गर्दा आफूहरू पनि साथै गएको भनी बयान गरेका छन् । निज प्रतिवादीहरूको अनुसन्धानको बयानबाट निजहरू कुनै न कुनै रूपमा वारदातमा संलग्न रहेको कुरा खुली आएको देखिन्छ । वादी पक्षका साक्षीहरू रामबालक यादव, डोलनाथ सुवेदी, गोपीलाल गुरूङसमेत तथा घटनाका प्रत्यक्षदर्शीलगायत घाइतेहरू गोपी परियार, हरिबहादुर गुरूङ, प्रदिप भट्टलगायतले यी प्रतिवादीहरूले मृतक शिव पौडेललाई प्रहार गरेको वा चोट छाडेको भनी प्रस्टरूपमा बकपत्र गर्दा उल्लेख गरेको नदेखिए तापनि समूहमा मिली मृतकलाई कुटपिट गर्ने सुरज श्रेष्ठसमेतका प्रतिवादीहरूसँग साथै "ग" ब्लकभित्र गएको भनी कागज तथा बकपत्र गर्दा खुलाइदिएको देखिन्छ । सहप्रतिवादीहरू सुनिल गुरूङ, शरणकुमार गुरूङ, दिलबहादुर लामा, सुरज श्रेष्ठ छोइलासमेतको अनुसन्धानको क्रममा भएको बयानमा समेत यी प्रतिवादीहरू उनीहरूसँगै समूहमा मिली वारदातस्थलसम्म हातमा लाठीसमेत लिई गएको भन्ने खुलेको देखिँदा यी प्रतिवादीहरू वारदातस्थलमा अन्य कुटपिट गर्ने प्रतिवादीहरूसँग साथमा मिली गएको कुरामा अन्यथा देखिएन ।

१८. समूहमा अपराध गर्ने प्रतिवादीहरूमा सबैको एकनासले समान रूपमा अपराधमा संलग्नता रहेको छ छैन भनी हेर्नुपर्ने हुन्छ । यस्तोमा सबैको समान भूमिका नरहन पनि सक्ने हुनाले सोही रूपमा कसुर कायम गर्नुपर्ने हुन्छ । फौजदारी कानूनको मुख्य अपराधी र सहयोगी (Principal Offender and Accessories) भन्ने अवधारणाले समेत अपराधमा संलग्नताको स्तर तथा निभाएको भूमिकाका आधारमा कसुर कायम गर्नुपर्ने कुरालाई अपनाएको छ । फौजदारी दायित्व वहन गराउने विषयमा शंकारहित तवरबाट अपराधको पुष्टि हुनुपर्ने (crime should be proved beyond the reasonable doubts) भन्ने फौजदारी न्यायको मान्य सिद्धान्तसमेत रहेको छ । समूहमा रही वारदातस्थलसम्म पुगेको भन्ने आधारमा मात्र सबैलाई मुख्य अपराधीसरह व्यवहार गर्नु उचित हुँदैन । समूहमा रहने हरेक प्रतिवादीको अपराधमा संलग्नता

तथा निभाएको भूमिका पुष्टि भई सोही आधारमा मात्र कसुर कायम गरिनुपर्ने हुन्छ। अन्यथा प्रमाणको उचित मूल्याङ्कन हुन नसकी अनुमानका आधारमा कसुर कायम गरेको स्थिति देखापर्ने हुन्छ।

१९. अघिल्लो दिनदेखि समूहमा मिली मृतकहरूलाई तह लगाउने कुरामा समेत सहमति गरी यी प्रतिवादीहरू वारदातस्थलसम्म पुगेको देखिन्छ । मृतकलाई कुटपिट गर्ने कार्यमा कसुरमा इन्कारी रहे पनि घटना हुँदा वारदातस्थलमा लाठी, रड लिई गएको भनी अनुसन्धानको क्रममा बयान गर्दा यी प्रतिवादीहरूले स्वीकार गरेका छन् । यी प्रतिवादीहरू समूहमा आबद्ध भई वारदातस्थलसम्म पुगेको भन्ने देखिए तापनि मृतकलाई चोट छाडेको भन्ने पुष्टि हुन नसकेको अवस्थामा यी प्रतिवादीहरू अन्य प्रतिवादीहरूलाई मृतकमाथि प्रहार गर्ने कार्यमा सहयोगीको रूपमा भूमिका निभाएको देखिन आएको छ। मुलुकी ऐन ज्यानसम्बन्धी महलको १७(२) नं. ले ज्यान मार्नलाई मतलबमा भने पसेको तर मुख्य भई वचन पनि नदिने, हातहतियार पनि नछोड्ने, जिउमा पनि नछुने तर घेरा दिने, बाटो छेक्ने वा भाग्न उम्कन नपाउनेसमेत काम गरी मार्ने संयोग पारिदिनेलाई पाँच वर्ष कैद गर्नुपर्छ भन्ने व्यवस्था गरेको देखिन्छ। अन्य प्रतिवादीहरूको कसुर गर्ने कार्यको योजनामा सरिक भई सल्लाह गरी वारदात हुँदा समूहमा वारदातस्थलसम्म पुगेको हुँदा यी प्रतिवादीहरूले सुरज श्रेष्ठलगायतका प्रतिवादीहरूसँग गई मृतक शिव पौडेललाई मार्नलाई सहज तुल्याइदिएको वा संयोग पारिदिएको देखिन आएको हुँदा ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिमको कसुर गरेको पुष्टि हुन आएको छ। सो हुँदा यी प्रतिवादीहरूलाई ऐ. १७(२) नं. बमोजिम कसुर कायम गरी जनही पाँच वर्ष कैद सजाय हुने गरी भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

२०. प्रतिवादीहरू दिपक शाह, सूर्यबहादुर पुन र सुरेन्द्र सिन्ताङको हकमा वादी नेपाल सरकारको अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने पुनरावेदन जिकिर हेर्दा यी प्रतिवादीहरूउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको सजायको दाबी लिइएको र यी प्रतिवादीहरूले आरोपित कसुरमा सफाइ पाउने गरी सुरू अदालतबाट भएको फैसलालाई पुनरावेदन अदालतले सदर गरेको देखिन्छ। यी प्रतिवादीहरू अनुसन्धानमा र अदालतमा समेत बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान बेहोरा लेखाएका छन् । यी प्रतिवादीहरूको मृतक शिव पौडेलसमेतका व्यक्तिहरूसँग पूर्वरिसइवी रहेको भन्ने पनि देखिन आएको छैन । प्रदिप भट्टसमेतका घाइतेहरूलगायत घटना हुँदा कारागारभित्र रहेका प्रत्यक्षदर्शी साक्षीहरूले समेत मौकाको कागज तथा अदालतमा गरेको बकपत्रमा यी प्रतिवादीहरूको समेत वारदातमा संलग्नता रहेको भन्ने उल्लेख गरेको देखिँदैन । कसुर गढाउ भएका प्रतिवादीहरूले बयान गर्दा पनि यी प्रतिवादीहरूलाई किटान गरी पोल गरेको अवस्था छैन। मृतक वा घाइतेलाई यो यस्तो चिजवस्तुले प्रहार गरे भन्ने कुरा पनि देखिँदैन । यी प्रतिवादीहरू घटना हुँदा कारागारभित्र रहेको विषय अन्यथा नभए तापनि कारागारभित्र रहनु नै कसुर कायम हुनका लागि पर्याप्त हुँदैन । यी प्रतिवादीहरूको घटनामा संलग्नता कहीँकतैबाट पुष्टि हुन आएको देखिँदैन । फौजदारी कसुर प्रमाणित गर्न वस्तुनिष्ठ र भरपर्दो प्रमाणको आवश्यकता रहने हुन्छ । भरपर्दो प्रमाणको अभावमा अनुमान र आशंकाको भरमा फौजदारी कसुरमा कसुरदार कायम गर्नु उचित नहुने र यी प्रतिवादीहरूको हकमा वादी पक्षले शंकारहित तवरले कसुर पुष्टि गर्न प्रमाण प्रस्तुत गर्न सकेको नदेखिँदा यी ३ जना प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने गरी भएको सुरू चितवन जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला

अन्यथा देखिन आएन।

२१. माथि विवेचना भएका मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर भएका सुनिल गुरूङसमेतका ८ जना, सोही महलको १७(२) नं. बमोजिम ५ वर्ष कैद सजाय हुने ठहर भएका बिक्रम लामासमेतका ६ जना र सफाइ पाउने ठहर भएका दिपक साहसमेतका ३ जना गरी कूल १७ जना प्रतिवादीहरूउपर वादी नेपाल सरकारको ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ज्यान मार्ने उद्योगतर्फ समेत सजाय गरी पाउनसमेत पुनरावेदन जिकिर रहेको देखिन्छ। यी प्रतिवादीहरूलाई ऐ. १५ नं. बमोजिमको सजायको अभियोग दाबी रहेको र सोतर्फ सफाइ पाउने गरी सुरू अदालतबाट फैसला भएको र सो फैसलालाई पुनरावेदन अदालतबाट समेत सदर भएको देखिन्छ। यस सम्बन्धमा विवेचना गर्दा गोपी भन्ने मदन परियार, बद्रिप्रसाद ढुङ्गाना, हरिबहादुर गुरूङ र प्रदिप भट्टलाई कुटपिट गरी ज्यान मार्ने उद्योगको कसुर गरेको भन्ने अभियोग दाबी रहेको देखिन्छ। यी व्यक्तिहरूउपर कुटपिट भएको र यिनीहरू घाइते भएकोमा विवाद छैन। निज घाइतेहरूको घाउ जाँच केस फारम हेर्दा निजहरू सबैको शरीरका विभिन्न अङ्गमा विभिन्न घाउ चोट लागेको देखिन्छ। तथापि निज घाइतेहरूको घाउ चोटको अवस्था हेर्दा मर्नसमेत सक्ने अवस्थाको रहेको थियो भन्ने भने देखिँदैन। यी सबै घाइतेहरूको घाउ जाँच केस फाराममा Not fatal भन्ने उल्लेख छ। घाइतेहरू सबैको शरीरका अङ्गमा घाउ चोट देखिए पनि निजहरूलाई मार्ने नै नियतले प्रहार गरिएको भन्ने कुरा मिसिलबाट देखिँदैन। निजहरूलाई मार्नु पर्नेसम्मको पूर्वरिसइवीसमेत प्रतिवादीहरूमा रहेको भन्ने देखिँदैन। निज घाइतेहरूले कागज तथा बकपत्र गर्दासमेत यी यी प्रतिवादीहरूले ज्यान मार्ने नै नियतले आफूमाथि प्रहार गरेका हुन् भनी लेखाउन सकेकोसमेत देखिँदैन। निज घाइतेहरूलाई प्रतिवादीहरूले मार्नेसम्मको कार्य गरेका र कुनै कारणवश वा कुनै तेस्रो पक्षको हस्तक्षेपका कारण निजहरूलाई मार्नसम्म नपाएको वा निजहरूको ज्यानसम्म बच्न गएको भन्ने देखिँदैन भने पुनरावेदक वादीले समेत सो अवस्था थियो भनी दर्साउन सकेको देखिँदैन।

२२. कुटपिटको कसुर र ज्यान मार्ने उद्योगको कसुर पृथक् पृथक् हुन्। कसैले कसैलाई कुटपिट गर्दैमा कानूनतः ज्यान मार्ने कसुर हुन सक्तैन। घाइतेहरूलाई मार्नुपर्नेसम्मको मनसाय प्रतिवादीहरूमा रहेको स्थापित नभएको, घाउ चोटहरू नै पनि मर्नेसम्मका प्रकृतिका नदेखिएको हुँदा निज घाइतेहरूउपर कुटपिट भएकोमा अन्यथा नदेखिए पनि निजहरूलाई मार्ने मनसायले नै कुटपिट भएको र कुनै कारणवश ज्यान मर्न भने नपाएको अवस्था हो भन्ने देखिन आएन। सो हुँदा यी १७ जना प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम कसुर कायम नभई सोबमोजिम सजाय नहुने गरी भएको सुरू फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आयो। तसर्थ निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्तैन।

२३. अब प्रतिवादीहरू प्रकाश रेग्मी, सुरजकुमार साही, फणिन्द्र खनाल, विनोद तामाङ, हाकु भन्ने कुमार देउजा, बाबुराम भण्डारी, सुसिल के. सी., निति भन्ने नितीन राई, विष्णु पाण्डे र हिते भन्ने हितमान गुरूङसमेतका १० जनाको सम्बन्धमा वादी नेपाल सरकारको पुनरावेदन जिकिर हेर्दा यी प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १६ नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोगदाबी रहेकोमा यी प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी भएको सुरू फैसलालाई पुनरावेदन अदालतबाट सदर भएको देखिन्छ। ज्यानसम्बन्धी महलको १६ नं. मा "*ज्यान मार्ने काममा वा ज्यान मर्न*

*सक्ने कुनै कुरामा मुख्य भई षड्यन्त्र गर्ने वा त्यस्तो काम गर्न लगाउनेलाई ज्यान मरेको रहेछ भने दश वर्षदेखि पन्ध्र वर्षसम्म कैदको सजाय गर्नुपर्छ । ज्यान मर्न पाएको रहेनछ भने पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद गर्नु पर्छ"* भन्ने व्यवस्था रहेको देखिन्छ । उक्त कानूनी व्यवस्थाबमोजिम कसुर कायम हुन प्रतिवादीले कसैको ज्यान मार्ने कार्यमा मुख्य भई षड्यन्त्र गरेको र सोही षड्यन्त्रबमोजिम ज्यान मारेको वा ज्यान मार्ने कार्य गरेको पुष्टि हुनु पर्ने हुन्छ । मृतक शिव पौडेलका भाइ गोविन्द पौडेलको हत्या अभियोगमा आफूहरूलाई शिव पौडेलले मुद्दा लगाइदियो भन्ने रिसइवी राखी यी प्रतिवादीहरूले कारागार बाहिरबाटै शिव पौडेललाई मार्ने योजना बनाएको र कारागारभित्र रहेका आफ्ना साथीमार्फत कार्य सम्पन्न गरेको भन्ने वादी नेपाल सरकारको जिकिरलाई हेर्दा सोबमोजिम यी प्रतिवादीहरूले बनाएको षड्यन्त्र र सोहीबमोजिम नै कार्य भएको पुष्टि गर्ने प्रमाणहरू वादी पक्षबाट पेस हुन सकेको देखिँदैन । कारागार बाहिरका र कारागारभित्रका प्रतिवादीहरूमा पुनरावेदक वादीले जिकिर लिएजस्तो षड्यन्त्रका लागि भएको सहमति, सल्लाह वा सम्पर्क तथा संयुक्त रूपमा बनाइएको योजना जस्ता पक्षहरू केही पनि स्थापित भएका छैनन् वा सोबमोजिम भएको पुष्टि गर्ने प्रमाणहरू पेस भएको अवस्थासमेत छैन । यी प्रतिवादीहरू अनुसन्धानमा र अदालतमा समेत बयान गर्दा कसुरमा इन्कार रही बयान बेहोरा लेखाएका छन् । सहप्रतिवादीहरू कसैले यिनीहरूलाई पोल गरी यी प्रतिवादीहरूले षड्यन्त्र गरेको र सोहीबमोजिम नै मृतकलाई कुटपिट गरेको भनी लेखाएको अवस्था देखिँदैन । अन्य कुनै वस्तुनिष्ठ प्रमाणले यी प्रतिवादीहरूको मृतकलाई मार्ने कार्यमा संलग्नता रहेको भन्ने देखिँदैन । जाहेरवाली बिनु रायमाझी र प्रमिश राईले मौकाको कागज र बकपत्र गर्दा यी प्रतिवादीहरूको संलग्नता खुलाएको भन्ने आधारमा वादीले जिकिर लिएको देखिन्छ । यी व्यक्तिहरूको मौकाको कागज तथा बकपत्र बेहोराबाट समेत यी प्रतिवादीहरूले षड्यन्त्र गरेको र सोहीबमोजिम नै कारागारभित्रका व्यक्तिहरूले मार्ने कार्य गरेको भन्ने प्रमाणित हुने कुनै पनि अवस्था देखिँदैन । घटना परिस्थिति र परिस्थितिजन्य प्रमाणहरूको अध्ययन गर्दासमेत यी प्रतिवादीहरूले मार्नका लागि मुख्य भई षड्यन्त्र गरेको वा मार्ने कार्य गर्न लगाएको भन्ने पुष्टि हुन सकेको देखिँदैन तथा वादीका तर्फबाट सोबमोजिम कसुर प्रमाणित गर्न प्रमाण पुऱ्याउन सकेको देखिँदैन । सो हुँदा आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी सुरू चितवन जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला अन्यथा हुने देखिन आएन ।

२४. सुरज श्रेष्ठसमेतका प्रतिवादीहरूले योजनाबद्ध रूपमा समूहमा मिली अघिल्लो दिनदेखि योजना बनाई वारदातका समयमा हवल्दारलाई नियन्त्रणमा लिई चाबी खोसी चितवन कारागारको ग ब्लकको चाबी खोली त्यहाँ बसिरहेका मृतक शिव पौडेलसमेत लाई फलामको ह्याण्डिल, रड, पाइप, लाठी, तावा, पन्युजस्ता गह्रौं वस्तुले प्रहार गरी कुटपिट गरेकोमा सोही कुटपिटका कारण घाइते शिव पौडेलको मृत्यु भएको भन्ने पुष्टि हुन आएको छ । मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. ले *"लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ । सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हात हतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नु पर्छ"* भन्ने व्यवस्था गरेको देखिन्छ । प्रतिवादीहरूमध्ये यो यसैको

चोटबाट मृतकको मृत्यु हुन पुगेको भन्ने खुल्न नसकेको र प्रतिवादीहरूको सामूहिक कुटपिटबाट मृतक शिव पौडेलको मृत्यु भएको भन्ने देखिन आएको हुँदा उक्त वारदातमा मृतकलाई कुटपिट गर्ने प्रतिवादीहरू सुरज श्रेष्ठ छोइला, सुनिल गुरूङ, फणिन्द्र श्रेष्ठ, सुनिल के.सी., दिलबहादुर लामा, सुजेन्द्र राई, शरण गुरूङ, अमिर गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने देखिन आयो । प्रतिवादीहरू राजकुमार घलान, बिक्रम लामा, भीमकुमार पाख्रिन, प्रकाश तामाङ, अमित गुरूङ र चन्द्रबहादुर थापाले मृतकलाई कुटपिट गर्ने प्रतिवादीहरूसँग मतसल्लाहमा पसी निजहरूलाई मृतकउपर कुटपिट गर्ने कार्यमा सहयोग गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादीहरूले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिमको कसुर गरेको देखिन्छ भने अन्य प्रतिवादीहरूको हकमा घटना वारदात घटाउनमा कुनै संलग्नता पुष्टि हुन सकेको देखिन आएन।

२५. अतः प्रतिवादीहरू सुरज श्रेष्ठ छोइला, सुनिल गुरूङ, फणिन्द्र श्रेष्ठ, सुनिल के.सी., दिलबहादुर लामा, सुजेन्द्र राई, शरण गुरूङ, अमिर गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुरमा सोही १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने, प्रतिवादीहरू राजकुमार घलान, बिक्रम लामा, भीमकुमार पाख्रिन, प्रकाश तामाङ, अमित गुरूङ र चन्द्र बहादुर थापाको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिमको कसुरमा सोही १७(२) नं. बमोजिम जनही ५ (पाँच) वर्ष कैद सजाय हुने र अन्य प्रतिवादीहरू दिपक साह, सूर्यबहादुर पुन, सुरेन्द्र सिन्ताङ, प्रकाश रेग्मी, सुरजकुमार साही, फणिन्द्र खनाल, विनोद तामाङ, हाकु भन्ने कुमार देउजा, बाबुराम भण्डारी, सुसिल के.सी., निति भन्ने नितिन राई, विष्णु पाण्डे र हिते भन्ने हितमान गुरूङसमेतका १३ जनाले आरोपित कसुरमा सफाइ पाउने गरी चितवन जिल्ला अदालतबाट भएको मिति २०७०।१२।२० को फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।८।८ को फैसला पुनरावेदन गर्ने वादी प्रतिवादीहरूको हकमा पुनरावेदनको रोहमा र पुनरावेदन नगर्ने प्रतिवादी सुनिल गुरूङको हकमा साधक जाँचको रोहमा मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरू सबैजनालाई सुरू अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकार र आरोपित कसुरमा सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीहरू सुरज श्रेष्ठ छोइला, फणिन्द्र श्रेष्ठ, सुनिल के. सी., दिलबहादुर लामा, सोचेन्द्र राई, शरण गुरूङ र अमिर गुरूङको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी नियमानुसार गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.तेजबहादुर के.सी.

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल
इति सवंत् २०७६ साल भाद्र १५ गते रोज १ शुभम्।

## निर्णय नं. १०५१४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
फैसला मिति : २०७६।७।४
०७५-RB-०५७६

मुद्दाः- बैंकिङ कसुर

पुनरावेदक / प्रतिवादी : जिल्ला बझाङ, कोइरालकोट गाउँ विकास समिति वडा नं.८ थलारा घर भई हाल जिल्ला कैलाली, धनगढी उपमहानगरपालिका वडा नं.४ बसपार्क बस्ने काशीराम उपाध्यायको छोरा गोविन्द उपाध्याय

विरूद्ध

प्रत्यर्थी / वादी : नेपाल इन्भेष्टमेन्ट बैंक लि. धनगढी शाखाको पत्र जाहेरीले नेपाल सरकार

- **अनुसन्धानको सिलसिलामा कुनै एक कसुरमा तहकिकात आरम्भ भएको तर अनुसन्धान तहकिकात गर्दै जाँदा अर्को कसुर हो भन्ने देखिएको अवस्थामा सफाइको मौका दिई आवश्यकताअनुसार थप प्रमाण सङ्कलन गरी सुरूमा आरम्भ गरेको अनुसन्धान तहकिकातभन्दा फरक कसुरमा अभियोजन गर्न प्रचलित नेपाल कानूनले बन्देज लगाएको नदेखिएकोले चोरीको रोहबाट अनुसन्धान आरम्भ भई बैङ्किङ कसुरतर्फ थप अनुसन्धान गरी सोही विषयमा अभियोग लगाउने कार्यलाई अन्यथा भन्न नमिल्ने।**

(प्रकरण नं.५)

पुनरावेदक / प्रतिवादी : विद्वान् वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र विद्वान् अधिवक्ता श्री कृष्णप्रसाद सुवेदी
प्रत्यर्थी / वादी :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- बैंकिङ कसुर तथा सजाय ऐन, २०६४
- सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

सुरू तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री डिल्लीराज आचार्य
माननीय न्यायाधीश श्री नारायणप्रसाद श्रेष्ठ
उच्च अदालत दिपायल, महेन्द्रनगर इजलास

फैसला

**न्या.तेजबहादुर के.सी.:** न्याय प्रशासन ऐन, २०४८ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

तथ्य खण्ड

यस शाखाले सञ्चालन गरेको ATM बाट मिति २०७३।१०।२९ गते ग्राहकले रूपैयाँ नआएको गुनासो गरेपछि ATM मा हेर्दा रू. १०००।– दरका नोट रू. २३,४४,०००।– चोरी भएको थाहा पाई आन्तरिक छानबिन हुँदा मिति २०७३।१०।२८ गते प्रतिवादी गोविन्द उपाध्याय बैंक बन्द भएपश्चात् झोला छुटेको बहानामा बैंकमा छिरेको, सो समयमा सि.सि. टि.भि. फुटेजसमेत बन्द गरेको पाइएको हुँदा निजले नै रूपैयाँ चोरी गरेको प्रस्ट हुन आएकोले कानूनबमोजिम

गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल इन्भेष्टमेन्ट बैंक लि. धनगढी शाखाको पत्र जाहेरी।

जिल्ला कैलाली धनगढी उपमहानगरपालिका वडा नं. ४ स्थित पूर्वमा यज्ञराज भण्डारीको पक्की घर, पश्चिममा दिनेश फर्निचर उद्योग, उत्तरमा धनगढी बजारको मूल सडकखण्ड, उत्तरमा खाली जमिन यति चार किल्लाभित्र रहेको नरेन्द्रबहादुर शाहको ३ तले घरको भुइँ तला भाडामा लिई नेपाल इन्भेष्टमेन्ट बैंक धनगढी शाखा सञ्चालनमा रही आएको, सो शाखाको पश्चिमपट्टि ग्राहकले रूपैयाँ झिक्ने भाग बाहिरपट्टि र लकरको भाग बैंकको भित्रपट्टि रहेको, सोही लकरको पासवर्ड प्रयोग गरी मिति २०७३।१०।२८ गते रू. २३,४४,०००।– चोरी भएको भनिएको स्थानको चार किल्लासहितको घटनास्थल मुचुल्का।

म विगत ३ वर्षदेखि इन्भेस्टमेन्ट बैंक धनगढी शाखामा काम गर्दै आएको छु, म बस्ने काउन्टर र ए.टि. एम. को लकर सामुन्य रहेको छ, ए.टि.एम.मा पैसा राख्दा मैले हेरिरहने भई सो रूपैयाँ चोरी गर्ने योजना पहिलेदेखि बनाई आएको थिए। सोही योजनाका साथ बैंक ए.टि.एम. को लक (पासवर्ड) राख्ने अधिकार पाएकाले पासवर्ड प्रयोग गरी पैसा राख्दा लक (पासवर्ड) याद गरी राखेको थिएँ, मिति २०७३।१०।२८ गते साँझ बैंकमा चोरी गर्ने मनसायका साथ बिहान झोला बोकी गएँ, साँझ बैंक बन्द हुँदाका समयमा जानी बुझी झोला बैंकभित्रै छोडेर रोडसम्म निस्किएँ र पुनः बैंकमा गई त्यस समयमा गार्ड रहेका केशव चन्दलाई मेरो झोला भित्र छुट्यो एकछिन निकाल्नु छ भनी पसे र त्यसै समयमा ए.टि.एम. लाई निगरानी गर्ने सि.सि.टि.भी. बन्द गरी मनमा याद गरी राखेको पासवर्डले लक खोली रूपैयाँ झिकी झोलामा हाली बाहिर निस्केको हुँ। ऐ. २९ गते ग्राहकले ए.टि.एम.बाट रूपैयाँ ननिस्केको भनी बैंकमा जानकारी गराउँदा के भएछ भनी बैंक कर्मचारीले ए.टि.एम. सिस्टम, सि.सि.टि.भी. निगरानी गरी गार्ड र कर्मचारीसमेतलाई सोधपुछको कार्य गर्दा मैले चोरी गरेको शंका पाएको हो, मैले चोरी गरेको रूपैयाँमध्ये रू. २२,७०,०००।– (बाइस लाख सत्तरी हजार) प्रहरीले खान तलासी गर्ने डरले जिल्ला कैलाली, अत्तरिया नगरपालिका वडा नं. १० बाँसखेडास्थित लिला जोशीको घरबाहिरको परालको टौवामा लुकाई छिपाई राखेको छु भने बाँकी रहेको रू. ७४,०००।– (चौहत्तर हजार) मेरो घरको म सुत्ने कोठाभित्र बिग्रेको हिटर तल लुकाई राखेको छु भन्नेसमेत बेहोराको गोविन्द उपाध्यायले गरेको घटना विवरण कागज।

जिल्ला कैलाली, अत्तरिया नगरपालिका वडा नं. १० बाँसखेडास्थित पूर्वमा लक्ष्मी जोशीको पक्की घर, पश्चिममा मदनराज पन्तको पक्की घर, उत्तरमा भीमबहादुर चौधरीको कच्ची घर, दक्षिणमा बाँसखेडाको कच्ची भित्री सडक यति चार किल्लाभित्र रहेको लिला जोशीको घरको पश्चिमपट्टि परालको टौवाहरू रहेका सोही परालको टौवाभित्र प्रतिवादी गोविन्द उपाध्यायले चोरी गरेको रूपैयाँ लुकाएको छु भनी देखाएको स्थानमा हेर्दा डोरी सुर्किने झोलाभित्र रू.२२,७०,०००।– फेला पारी बरामद गरिएको भन्नेसमेत बेहोराको खानतलासी बरामदी मुचुल्का।

जिल्ला कैलाली, धनगढी उपमहानगरपालिका वडा नं. ४ ओमशान्ति टोलस्थित पूर्वमा माधव उपाध्यायको पक्की घर, पश्चिममा खप्तड आलमोनियम उद्योग, उत्तरमा शिव भट्टको पक्की घर, दक्षिणमा अमर चन्दको पक्की घर यति चार किल्लाभित्र रहेको प्रतिवादी गोविन्द उपाध्यायको ३ तला भएको घर सो घरमा खान तलासी गर्दा तेस्रो तलाको पूर्वतर्फको प्रतिवादी गोविन्द उपाध्याय सुत्ने गरी आएको भनिएको कोठाभित्र टेबलुमाथि बिग्रिएको हिटर रहेको, सो हिटरमुनि च्यापी लुकाई राखेको अवस्थामा रू. ७४,०००।– फेला पारी बरामद गरिएको भन्नेसमेत बेहोराको खान तलासी बरामदी मुचुल्का।

म इन्भेस्टमेन्ट बैंक धनगढी शाखामा विगत डेढ वर्षदेखि सुरक्षा गार्डको काम गरी आएको छु, मिति

२०७३।१०।२८ गते साँझ १७:३० देखि ऐ. २९ गते ०९:०० बजेसम्म मेरो बैंकमा गार्ड डिउटी पालोपहरा थियो, डिउटीमा म एक्लै थिएँ, मिति २०७३।१०।२८ गते शुक्रबार भएको हुँदा दिउसो १४:३० बजे बैंक बन्द भइसकेको थियो, म १७:३० बजे डिउटीमा पुगेको हुँ, सोही दिनको साँझ अन्दाजी १८:०० बजेको समयमा बैंकमा टेलर काम गर्ने कर्मचारी गोविन्द उपाध्याय बैंकमा आई मेरो झोला भित्र छुट्यो झोला लिनु छ भन्दा निज बैंककै कर्मचारी भएको हुँदा मैले विश्वासमा परी पछाडिको ढोका खोली दिएँ, निज गोविन्द उपाध्याय पछाडि ढोकाबाट भित्र पसी आफ्नो झोला लिई बाहिर निस्किई मोटरसाइकलमा गएका हुन्, गोविन्द उपाध्याय बैंक कर्मचारी भएको विश्वासले निजको झोला चेक जाँच गरिन, ऐ. २९ गते शनिवारका दिन बैंकको ए.टि.एम. मा ग्राहक रूपैयाँ झिक्न आउँदा रू. १००।– दरका नोट मात्र निस्किन थाले र ग्राहकले यस ए.टि. एम. मा रू. १०००।– दरका नोट रहेनछन् भनी गुनासो गरेका थिए, बैंककै कर्मचारी सिता चौधरीले समेत ए.टि.एम.बाट रूपैयाँ झिक्न खोज्दा रू. १००।– दरकै नोट आएपछि निज सिता चौधरीले बैंकको ए.टि.एम. सम्बन्धी जानकारी भएकालाई खबर गरिन्, निज ए.टि. एम. सम्बन्धी जानकारी भएको कर्मचारी आई रूपैयाँ झिक्न खोज्दासमेत रू. १००।– दरकै नोट आएपछि ए.टि.एम. लकको पासवर्ड भएका कर्मचारीलाई खबर गरी बैंकमा आई लक खोली हेर्दै थिए । मेरो २९ गतेको बिहानको पालो (डिउटी) सकिएको हुँदा म घर आई हालेँ, म घरमा पुगिसकेपछि बैंकबाट फोन आई बैंकमा आउन मलाई जानकारी हुँदा म बैंकमा आएपछि ए.टि.एम. लकबाट पासवर्ड चोरी गरी रू. २३,४४,०००।– चोरी गरेको थाहा हुन आयो, मलाई बैंक म्यानेजरसमेतले चोरीका सम्बन्धमा सोधपुछ गर्दा मैले माथि उल्लिखित बेहोराको जानकारी गराएको हुँ, सि.सि.टि.भी. फुटेज हेर्दासमेत गोविन्द उपाध्याय बैंकमा प्रवेश गरेको समयमा बन्द भएको पाइएकोले निजले चोरी गरेको विश्वास भएको हो, हाल आएर चोरी गरेको रकम प्रतिवादी गोविन्द उपाध्यायले लुकाई राखेको स्थानबाट प्रहरीले बरामद गरिसकेका छन् भन्नेसमेत बेहोराको केशबबहादुर चन्दले गरेको कागज।

म धनगढीस्थित नेपाल इन्भेस्टमेन्ट बैंक शाखामा कार्य गरी आएकोमा म बस्ने कुर्सीको सामुन्ने बैंकको ए.टि.एम. लकर पर्ने भएको हुँदा लकर खोल्न आधिकारिक पासवर्ड भएका बैंक म्यानेजरसमेतले ए.टि.एम. लक खोली रूपैयाँ राख्दा हेर्ने गरी पिनकोड चोरी गर्ने मनसायका साथ याद गरेको थिएँ । मिति २०७३।१०।२८ गते बैंक बन्द भएपश्चात् अन्य कर्मचारी बाहिर निस्कँदा म बाहिर निस्किन, सि.सि.टि.भी. बन्द गरी मनमा याद राखेको पासवर्डले ए.टि.एम. लकर खोली रू.२३,४४,०००।– चोरी गरी झोलामा राखेँ, तत्काल चोरी गरेको रूपैयाँ बैंक बाहिर ल्याउन सकिनँ, घरमा गई पुनः बैंकमा गार्ड केशबबहादुर चन्दसँग झोला छुटेको बहाना गरी रूपैयाँ ल्याई बैंक बाहिर निस्केको हुँ, चोरी गरेको रूपैयाँ प्रहरीले खान तलासी गर्ने डरले अत्तरिया नगरपालिका वडा नं. १० बाँसखेडास्थित लिला जोशीको घरबाहिर रहेको परालको टौवाभित्र रू. २२,७०,०००।– राखेँ र बाँकी ७४,०००।– घरभित्रै राखेको अवस्थामा प्रहरीले बरामद गरेको हो भन्नेसमेत बेहोराको प्रतिवादी गोविन्द उपाध्यायको बयान कागज।

म इन्भेष्टमेन्ट बैंकमा कार्यरत रहेको करिब ८ वर्ष भयो भने धनगढी शाखामा कार्य गरी आएको ४ वर्ष भयो, विगत ३ वर्षदेखि प्रतिवादी गोविन्द उपाध्याय सोही बैंकमा काम गर्दै आएका हुन्, ग्राहक सुविधाका लागि बैंकमा रहेको ए.टि.एम. खोल्न रूपैयाँ पैसा राख्नका लागि प्रयोग गर्नुपर्ने पासवर्ड प्रयोग गर्ने आधिकारिक ४ जनामध्ये म एक हो, ए.टि.एम. खोल्न सुरू ६ अङ्कको पासवर्ड प्रयोग गर्नु पर्ने र दोस्रो ६ अङ्कको पासवर्ड प्रयोग गर्नु पर्ने भई दोस्रो पासवर्ड

११२२३३ नं. मैले र शाखा म्यानेजरले प्रयोग गर्ने गरी आएका थियौं, मिति २०७३।१०।२८ गते अन्दाजी १५:४५ बजेको समयमा बैंकको त्यस दिनको काम सकी घर फर्किएको हुँ, ऐ. २९ गते प्रतिवादी गोविन्द उपाध्यायले नै मलाई फोन गरी ए.टि.एम. बाट रू. १०००।– दरको रूपैयाँ आइरहेको छैन भन्दा जानकारी पाएको करिब १० मिनेटमा म बैंक पुगे, कम्प्युटर रि-स्टार्ट गरे र आफैँले रू. १०००।– निकाल्दासमेत रू. १००।– दरका नोट मात्र आएपछि पासवर्ड प्रयोग गरी ए.टि.एम. खोली हेर्दा रू. १०००।– दरका नोट राखिएको क्यासेट पूरै खाली देखेपछि चोरी भएको थाहा पाएको हुँ र मैले चोरीको जानकारी सिलसिलेवार बैंकको माथिल्लो निकायमा गरेँ, सोधपुछका क्रममा मिति २०७३।१०।२८ गते बैंक बन्द भएपश्चात् साँझको समयमा प्रतिवादी गोविन्द उपाध्याय बाहिर ननिस्केको, बैंकभित्र लुकी बसेको सि.सि.टि.भि. फुटेजबाट देखिएको, पछि झोला छुटेको बाहानामा बैंकमा आई झोला लगी गएको गार्डबाट खुल्न आएको र प्रतिवादी बैंकमा आएको समयमा सि.सि. टि.भी. बन्द भएको पाइएपछि निजले चोरी गरेको यकिन भई बैंकले निजको नाममा किटानी जाहेरी दिएको हो, चोरी गरेको रूपैयाँ प्रतिवादीले लुकाएको स्थानबाट हाल प्रहरीले बरामद गरिसकेको जानकारी छ, प्रतिवादी गोविन्द उपाध्यायले ए.टि.एम. खोल्न मसमेतले पासवर्ड प्रयोग गर्दा गलत नियतले पासवर्ड पहिले नै चोरी गरी आफूसँग राखी मिति २०७३।१०।२८ गते ए.टि.एम. बाट रूपैयाँ चोरी गरेको हो, ए.टि.एम. खोल्ने स्थानको सामुन्ने निज बस्ने कुर्सी एवं काम गर्ने स्थान भएको हुँदा सोही मौका पारी पासवर्ड चोरी गरेको हो भन्नेसमेत बेहोराको निपूर्ण श्रेष्ठले गरेको कागज।

म नेपाल इन्भेस्टमेन्ट बैंक धनगढी शाखामा काम गर्ने भई सो शाखाको ग्राहक सुविधाका लागि राखिएको पासवर्ड प्रयोग गर्ने आधिकारिक व्यक्ति हुँ, मिति २०७३।१०।२८ गते शुक्रबार परेको हुँदा चाँडै बैंक बन्द भएको हो, सोही साँझ गोविन्द उपाध्यायले फोन गरी बैंकको सि.सि.टि.भि. बन्द रहेको फोनमार्फत मलाई जानकारी गराएको हो, मैले अर्का कर्मचारी राजेन्द्र भट्टलाई सि.सि.टि.भी हेर्न पठाएको हुँ, निज बैंक गई गोविन्द उपाध्यायले ठिक बनाइसकेको भनी जानकारी दिएका हुन्, मिति २०७३।१०।२९ गते बैंकका कर्मचारी निपूर्ण श्रेष्ठले बैंकको ए.टि.एम. मा रू.१०००।– दरका नोट छैनन् भनी जानकारी गराएपछि म तत्काल बैंक गई हेर्दा रू.२३,४४,०००।– चोरी भएको पाइएको हो, बैंकको छानबिन हुँदा प्रतिवादी गोविन्द उपाध्याय मिति २०७३।१०।२८ गते बैंकबाट बाहिर ननिस्केको देखिएको, बैंकभित्रै लुकी बसेको पाइएको, पछि बैंकमा झोला छुटेको बहानाले प्रवेश गरेको पाइएपछि निजले रूपैयाँ चोरी गरेको यकिन भई किटानी जाहेरी दिई हाल आएर चोरी गरेको रूपैयाँ प्रतिवादीले लुकाई छिपाई राखेको स्थानबाट प्रहरीले बरामद गरी सकेको भन्ने जानकारी पाएको हुँ भन्नेसमेत बेहोराको लालबहादुर खड्काले गरिदिएको कागज।

म नेपाल इन्भेस्टमेन्ट बैंक धनगढी शाखामा गार्डको काम गरी आएको छु, मिति २०७३।१०।२८ गते १६:०० बजे म बैंक बन्द भएपश्चात् कोठामा गएको हुँ, कोठामा पुग्दा बैंक कर्मचारी लालबहादुर खड्काले बैंकको सि.सि.टी.भि. बिग्रेको छ, हेरेर आउनु भन्दा म बैंकमा गई गार्ड केशव चन्दलाई सोध्दा कसले स्विच अफ गरेको रहेछ, अन गर्दा ठिक भइहाल्यो भनेपछि म कोठामा फर्किएको हुँ, भोलिपल्ट ए.टि.एम.बाट रूपैयाँ चोरी भएको थाहा पाएको हुँ भन्नेसमेत बेहोराको राजेन्द्र भट्टले गरिदिएको कागज।

म इन्भेस्टमेन्ट बैंक धनगढी शाखामा ग्राहक सेवा कक्ष इन्चार्जको काम गरी आएकी छु, मिति २०७३।१०।२९ गते फिजियोथेरापी गरी बैंकमा आउँदा गार्ड केशबबहादुर चन्दले ग्राहकले हजार दरको नोट ए.टि.एम. बाट निस्केको छैन भन्दा सोही समयमा गोविन्द उपाध्यायसमेत नजिक आई एकपटक

तपाईंसमेत विचार गर्नुहोस् भन्दा मैले रू. १०००।– झिक्न खोज्दा रू. १००।– को १० वटा नोट दिएपछि बैंक प्रबन्धकलाई सो कुराको जानकारी गराएकी हुँ, ऐ. भोलिपल्ट बैंकमा आकस्मिक मिटिङ छ भनी गोविन्द उपाध्यायले नै जानकारी गराउँदा म बैंकमा पुगेपछि चोरीको जानकारी पाएकी हुँ हाल आएर रूपैयाँ चोरी गर्ने निज गोविन्द उपाध्याय नै रहेको थाहा हुन आएको छ भन्नेसमेत बेहोराको सीताकुमारी चौधरीले गरिदिएको कागज।

मेरो धनगढी उपमहानगरपालिका वडा नं. १ एल.एन. चोकमा फेन्सी पसल छ, सो पसलमा कपडा किन्न आउँदा जाँदा प्रतिवादी गोविन्दप्रसाद उपाध्यायसँग चिनजान भएको हो, निज गोविन्द उपाध्याय २।३ पटक पहिलेसमेत मेरो घरसम्म गएका थिए, मिति २०७३।११।०२ गते म धनगढीस्थित फेन्सी पसलमा नै भएको बेला प्रतिवादी गोविन्द उपाध्यायले नेपाल इन्भेस्टमेन्ट बैंक धनगढी शाखाबाट चोरी गरेका रूपैयाँमध्ये रू. २२,७०,०००।– मेरो घरबाहिर परालको टौवामा लुकाई राखेको अवस्थामा प्रहरीले फेला पार्‍यो भन्ने खबर पाई म घरमा गएको हुँ, बरामदी रूपैयाँ हेरे देखेकोसमेत हुँ, चोरी गरेको रूपैयाँ के कसो भई प्रतिवादीले मेरो घर बाहिरको परालको टौवामा लुकाएको रहेछ भनी बुझ्दा प्रतिवादी गोविन्द उपाध्यायले बैंकबाट रूपैयाँ चोरी गरेपश्चात् प्रहरीले खान तलासी गर्ने डरले मेरो घरको परालको टौवामा लुकाई छिपाई राखेको रहेछ र पछि प्रहरीले सोधपुछका क्रममा लुकाएको स्थानको बारेमा बताई सो स्थानबाट प्रहरीले बरामद गरेको रहेछ, मेरो घरमा गाई भैंसीका लागि ठुलो परालको खात लगाई राख्ने कुराको जानकारी प्रतिवादी गोविन्द उपाध्यायलाई भई तत्काल सो स्थानमा राख्दा सुरक्षित हुने देखी लुकाएको हुनुपर्छ भन्नेसमेत बेहोराको लिला जोशीले गरेको कागज।

प्रतिवादी गोविन्दप्रसाद उपाध्यायसँग मेरो पूर्वचिनजान होइन, मिति २०७३।१०।२८ गते धनगढीस्थित नेपाल इन्भेस्टमेन्ट बैंक धनगढी शाखाको ए.टि.एम. भित्रैबाट रूपैयाँ चोरी भएको भन्ने सुनी थाहा पाएको हुँ, बैंकभित्रबाटै चोरी भएको हुँदा बैंकका कर्मचारीकै संलग्नता हुनु पर्छ भन्ने लागेको थियो, हाल आएर बैंकमा काम गर्ने प्रतिवादी गोविन्द उपाध्यायले बैंक ए.टि.एम. को पासवर्ड प्रयोगकर्ताबाट चोरी गरी बैंक बन्द भएको समयमा ए.टि.एम. खोली चोरी गरेको भन्ने थाहा पाएको छु, र हाल चोरी गरेको रूपैयाँ प्रतिवादी गोविन्द उपाध्यायले लुकाई छिपाई राखेको स्थानबाट बरामद भइसकेको छ भन्नेसमेत बेहोराको लगभग एकै मिलानको ललितकुमार शाहसमेतले लेखाई दिएको वस्तुस्थिति मुचुल्का।

प्रतिवादी गोविन्द उपाध्याय नेपाल इन्भेस्टमेन्ट शाखा धनगढी, कैलालीको ए.टि.एम. पासवर्ड प्रयोग गर्ने व्यक्ति नरहेको भन्नेसमेत बेहोराको नेपाल इन्भेस्टमेन्ट धनगढी कैलाली शाखाको पत्र।

नेपाल इन्भेस्टमेन्ट बैंक शाखा धनगढीको ए.टि.एम. मेसिन विद्युतीय उपकरण भई सोको पासवर्ड अनधिकृत प्रयोग गरी रू.२३,४४,०००।– झिकेको हुँ भन्नेसमेत बेहोराको प्रतिवादी गोबिन्द उपाध्यायले गरेको ततिम्बा बयान।

म धनगढीस्थित नेपाल इन्भेस्टमेन्ट बैंक धनगढी शाखाको म्यानेजर रहिआएको करिब ५ वर्ष भयो, प्रतिवादी गोविन्द उपाध्याय सोही बैंकमा करिब ३ वर्षदेखि कार्यरत रही आउनु भएको हो, बैंकको ए.टि. एम. को पासवर्ड प्रयोग गर्ने प्रतिवादी गोविन्द उपाध्याय आधिकारिक व्यक्ति होइनन्, ए.टि.एम. लकर खोल्न १२ अङ्कको पासवर्ड आवश्यक पर्ने, ए.टि.एम. विद्युतीय माध्यमबाट सञ्चालन हुने भई रूपैयाँ राख्ने बाकस ए.टि.एम. भित्र राख्न लक खोल्न आधिकारिक पासवर्ड भएका म, बैंकका अन्य कर्मचारी निपुर्ण श्रेष्ठ दोस्रो ६ अङ्कको पासवर्ड प्रयोगकर्ता र बैंक कर्मचारी लालबहादुर खड्का र मिनाक्षी के.सी. पहिलो ६

अङ्कको पासवर्ड प्रयोगकर्ता हुन्, प्रतिवादी गोविन्द उपाध्याय काम गर्ने स्थान ए.टि.एम.लकरनजिक थियो, मिति २०७३।१०।२९ गते म कामको सिलसिलामा काठमाडौं रहेको अवस्थामा धनगढी शाखाको ए.टि. एम. (ग्राहक सेवाका लागि रहेको विद्युतीय मेसिन) बाट पासवर्ड प्रयोग गरी रूपैयाँ झिकिएको भन्ने जानकारी पाई केन्द्रीय बैंकिङ कार्यालयको सि.ओ. समेतलाई सो कुराको जानकारी गराई मसमेत धनगढी आई रूपैयाँका सम्बन्धमा छानबिन गर्दा सि.सि.टि.भी. फुटेजमा मिति २०७३।१०।२८ गते बैंक समयपश्चात् प्रतिवादी गोविन्द उपाध्याय बैंक बाहिर निस्केको नदेखिएको, सो दिनको गार्ड केशबबहादुर चन्दलाई बुझ्दा झोला छुटेको बहानामा गोविन्द उपाध्याय बैंकिङ समयपश्चात् पुनः बैंकमा प्रवेश गरेको पाएपछि निजले नै पासवर्ड दुरूपयोग गरी रूपैयाँ झिकेको यकिन भई किटानी उजुरी गरेका हौं, हाल आएर प्रतिवादी गोविन्द उपाध्यायले झिकेको रूपैयाँ लुकाई छिपाई गरेको स्थानबाट प्रहरीले बरामद गरिसकेको जानकारी छ, ए.टि.एम. को हिसाब किताब कम्प्युटर मनिटरिङ रहने, विद्युतीय साधन भई अनलाइनमार्फत कारोबार हुने हो, प्रतिवादीले हामी आधिकारिक पासवर्ड प्रयोगकर्ताले ए.टि.एम. लक खोल्दा गलत मनसायका साथ पासवर्ड आफूले याद (कण्ठ) गरी मिति २०७३।१०।२८ गते बैंक बन्द भएपश्चात् बैंकभित्र लुकिछिपी बसी आफूसँग राखेको पासवर्डले ए.टि.एम. लक खोली पासवर्डको अनधिकृत प्रयोग गरी रू.२३,४४,०००।– झिकी लगेको हुँदा कानूनबमोजिम हुनपर्छ भन्नेसमेत बेहोराको राजेन्द्रबहादुर सिंहले गरेको कागज।

मिसिल संलग्न नेपाल इन्भेस्टमेन्ट बैंक धनगढी शाखाको पत्र जाहेरी, घटनास्थल मुचुल्का, बरामदी मुचुल्का, प्रतिवादीको बयान कागज, बुझिएका मानिसहरू तथा वस्तुस्थिति मुचुल्कासमेतका आधार प्रमाणहरूबाट मिति २०७३।१०।२८ गते प्रतिवादी गोविन्द उपाध्यायले नेपाल इन्भेस्टमेन्ट बैंक धनगढी शाखाको ATM मेसिनको पासवर्ड अनधिकृत रूपमा प्रयोग गरी रूपैयाँ पैसा लिनेखाने मनसाय र नियतका साथ रू. २३,४४,०००।– झिकेर लगेको अवस्थामा अनुसन्धानको क्रममा उक्त रूपैयाँसमेत निजले निजको घर कोठा तथा निजले बताएको स्थानबाट बरामद भएको अवस्थासमेतलाई हेर्दा बैंकको ATM राख्ने मेसिन एक प्रकारको विद्युतीय साधन भएको, सो मेसिनमा रूपैयाँ राख्न र झिक्नका लागि विद्युतीय साधन पासवर्ड प्रयोग गर्नुपर्ने र सो पासवर्ड प्रयोग गरेपछि उक्त ATM मेसिन खुल्न सक्ने अवस्था देखिएबाट यी प्रतिवादी गोविन्द उपाध्याय उक्त बैंकको ATM मेसिनमा प्रयोग हुने पासवर्ड प्रयोग गर्ने आधिकारिक व्यक्तिसमेत नरहेको अवस्थामा बैंकको मेसिनमा ग्राहकका लागि राखेको रूपैयाँ लिनेखाने नियत र मनसायका साथ पासवर्ड प्रयोग कर्ताहरूले पासवर्ड प्रयोग गर्दा नै उक्त पासवर्ड आफूले हेरी थाहा पाइसकेपछि रूपैयाँ झिकेर लैजाने योजना बनाई उक्त वारदातका दिन बैंकमा आउँदा झोलासमेत लिएर आई बैंक समय समाप्त भएपश्चात् सबै कर्मचारीहरू घर गइसकेपछि सि.सि.टि.भि. बन्द गरी ए.टि.एम. मेसिनमा प्रयोग हुने पासवर्ड अनधिकृत रूपमा प्रयोग गरी रूपैयाँ लगी गएको देखिएबाट यी प्रतिवादीले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ६ ले परिभाषित कसुर अपराध गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई सोही ऐनको दफा १५(२)(ख) बमोजिम सजाय हुन र प्रतिवादीबाट बरामद हुन आएको रू.२३,४४,०००।– समेत सोही ऐनको १५(२) नं. बमोजिम नेपाल इन्भेस्टमेन्ट बैंक धनगढी शाखालाई दिलाई भराई दिन मागदाबी लिई पक्राउ प्रतिवादी गोविन्द उपाध्यायलाई अभियोगपत्रसाथ अदालतसमक्ष पेस गरिएको छ । साथै प्रस्तुत बैंकिङ कसुरको वारदातमा पछि अन्य व्यक्तिहरूको समेत संलग्नता रहेको खुल्न आएमा सोही बखत कानूनबमोजिम छुट्टै पूरक अभियोगपत्र पेस गरिने छ भन्नेसमेत बेहोराको अभियोगपत्र।

मिति २०७३।१०।२९ गते बिहान १०/११ बजेदेखि बेलुकासम्म हामी सबै बैंकका कर्मचारी सँगै थियौं । उक्त दिन शनिबार भए पनि बैंकको रूपैयाँ मिति २०७३।१०।२८ गते नै रू.२३,४४,०००।- चोरी भएको कारणले मिति २०७३।१०।२९ गते साँझसम्म सबै कर्मचारीहरू बैंकमा थिए । पछि मैले मिति २०७३।१०।२९ गते साँझ अन्दाजी ६/७ बजे बैंकका मेनेजर र सम्पूर्ण कर्मचारीहरूको रोहबरमा मैले बैंकको चोरी भएको रू. २३,४४,०००।- चोरी गरेको कुरा स्वीकार गरेपछि बैंकको कुनै कर्मचारीले प्रहरी बोलाई मलाई नियन्त्रणमा लिएका थिए । नेपाल इन्भेस्टमेन्ट बैंकको पत्रमा भएको बेहोरामा मैले पासवर्ड प्रयोग गरेको एकदम गलत हो । मैले पासवर्ड नै प्रयोग नगरी रूपैयाँ निकालेको हुँ । उक्त रूपैयाँ ए.टि.एम. को कोठाको ढोका पछाडि मैले नै लुकाएर राखेको थिएँ । मैले उक्त रूपैयाँ ए.टि.एम. मा हालेकै थिएन । सो रूपैयाँ ए.टि.एम. भएकै कोठाको साइडमा (पछाडि) राखी मैले पूर्वयोजनाअनुसार आफ्नो झोला ४/५ दिनअगावै बैंकमा राखेको थिएँ । सोही झोलामा उक्त रूपैयाँ राखी बैंकबाट निस्कैँ ढोका बन्द गर्नुपर्ने आवश्यकता नै थिएन किनकि त्यहाँ गार्ड पहिलेदेखि नै मौजुद थियो । सि.सि. क्यामराको समयबारे मलाई थाहा भएन तर उक्त सि.सि. क्यामरा मैले स्वयम् नै बन्द गरेको थिए, अरू पत्र बेहोरा ठिकै छ । घटनास्थल मुचुल्कामा लेखिएको सम्पूर्ण कुरा सही छ । तर लक खोली रूपैयाँ झिकेको भनेको गलत हो । किनकि मैले ए.टि.एम. मा पैसा नै नहाली ए.टि.एम. भएको कोठाको ढोकाको पछाडि मिति २०७३।१०।२८ गते दिउसो अन्दाजी ३ बजेतिर नै लुकाएर राखिसकेको थिएँ । मैले जानी-जानी त्यस्तो केही भएको होइन । अकस्मात मेरो मनमा लोभ लालच कहाँबाट आयो । विनासकाल विपरीत बुद्धिवाला काम भयो । त्यसको लागि म स्वयम् आत्मग्लानी र डिप्रेसनमा समेत भएकोले यो मेरो पहिलो गल्तीलाई मध्यनजर राखी मेरो भविष्य अन्धकारमय हुने भएकोले सोसमेत दृष्टिगत गरी हदसम्म कमसेकम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी गोविन्द उपाध्यायले उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासमा गरेको बयान ।

मुलुकी ऐन अ.बं. ११८(५) र (१०) बमोजिम यी प्रतिवादीले नगद रू. १,००,०००।- धरौट वा सो बराबरको बैंक ग्यारेन्टी अथवा जेथा जमानत दिए लिई मुद्दा पुर्पक्षका लागि तारेखमा राख्नु, दिन नसके नियमानुसार थुनामा राख्न कारगार पठाइदिनु भन्नेसमेत बेहोराको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको मिति २०७३।११।२४ को आदेश ।

मैले गरेको घटनाविवरण कागज बेहोरा ठिक छ । त्यसमा लागेको ल्याप्चे सहीछाप मेरो हो । मैलाई मिति २०७३।१०।२९ गते निपूर्ण श्रेष्ठले बोलाएपछि बैंक पुगी सो कुरा थाहा पाएको हुँ । उक्त रकममध्ये ७४०००।- निजको घरमा र अरू रकम लिला जोशीको परालमा लुकाएको बरामद भएको थियो भनी प्रहरीबाट थाहा पाएको हुँ । ए.टि.एम.मा रकम राख्ने कर्मचारी ग्रुप A को निपूर्ण श्रेष्ठ र ग्रुप B को बहादुर खड्का हुन् । पासवर्ड को कसको लापरवाही, हेलचक्र्याइँ र दुरूपयोगले खुल्न गएको मलाई थाहा भएन । ग्रुप A र B को समेत गरी चारजनालाई थाहा हुन्छ । पासवर्ड गोप्य राख्नुपर्छ भन्नेसमेत बेहोराको वादी पक्षका साक्षी राजेन्द्र भट्टले सुरू अदालतमा गरेको बकपत्र ।

यी प्रतिवादीलाई कुनै आधिकारिक रूपमा बैंकले पासवर्ड दिएको थिएन । मिति २०७३।१०।२८ गते यी प्रतिवादी बैंकबाट बाहिर गएको कुरा क्यामेराले नदेखाएकोले शंकाको घेरामा राखी अनुसन्धान गर्दाको क्रममा निजले नै उक्त रकम लिई गएको भन्ने कुरा स्वीकार गरेका थिए । ए.टि.एम. को लकरमा रूपैयाँ राख्दा A ग्रुपको एक जना र B ग्रुपको एक जना उपस्थित भई हामी दुवैले पासवर्ड राखी ए.टि.एम लकर खुल्छ र कैसेट बाहिर आएपछि त्यसमा रूपैयाँ

लोड गरी पुन: कैसेटलाई भित्र राखी लक गर्छौं । लक गरेको छ कि छैन भनेर फेरी हामी दुइटै A र B ग्रुपका कर्मचारीहरूले चेक गर्छौं । लकर हेर्दा बन्द थियो । ए.टि. एम. लकरबाट फिन्गर प्रिन्ट लिएको थिएन भन्नेसमेत बेहोराको वादीका साक्षी लालबहादुर खड्काले सुरू अदालतमा गरेको बकपत्र ।

मिति २०७३।११।२९ गतेका दिन ए.टि. एम. बाट रू. ५००।- झिक्दा रू.१०० का ५ थान नोट बाहिर आयो र मैले पाएँ । ए.टि.एम. बाट १०००।- दरको नोट निस्की नरहेको बेहोरा ग्राहकहरूले मसँग सोधपुछ गर्दैछन् मैले के भन्नु पर्‍यो ? सोही अवस्थामा यी प्रतिवादी स्वयं त्यस ठाउँमा आई १०००।- दरका नोट निकाल्नुस् दिदी अनि कन्फर्म हुन्छ भनी भन्दा मैले मेरो खातामा ८००।- मात्र छ । तपाइँ निकालेर कन्फर्म गर्नुहोस् भनेपछि मैले १०००।- निकाल्ने प्रयास गरे रू.१०००।- दरका नोट नआई रू.१००।- दरका नोट थान १० मात्र मैले ए.टि.एम. बाट पाएँ १०००।- दरका नोट ए.टि.एम. बाट नआएपछि म अचम्म भएँ अनि के भयो होला भनी मैले निज गोविन्दलाई सोध्दा खै दिदी ए.टि.एम. मेसिनमा समस्या भयो होला निपूर्ण श्रेष्ठलाई खबर गरी दिनुस् भन्दा मलाई अस्पताल पुग्न हतार छ तपाइँ आफैँ गरिदिनुस् भन्दा निजले मेरो मोबाइल घरमा छुटेको छ भन्यो । तपाइँको मोबाइलबाट फोन गरिदिनुहोस् भनेपछि मैले मलाई ए.टि.एम.को बारेमा केही थाहा छैन बरू मैले आफ्नो मोबाइलबाट निपूर्ण श्रेष्ठलाई फोन गरी दिन्छु भनेपछि मैले निज दुवैको कुरा गराई दिएँ । त्यसपछि मैले आफ्नो मोबाइल गोविन्दबाट लिई अस्पतालतिर लागेँ । चेक जाँच गराइसकेपछि म आफ्नो घरमा आएकी थिए । सोही दिन गोविन्दले मलाई फोन गरी दिदी अफिसमा इमरजेन्सी काम पर्‍यो बैंकमा आउनु भनेपछि म बैंकमा आएँ । अफिसमा आएपछि ए.टि.एम. को रूपैयाँ गायब भएको कुरा थाहा पाएँ । त्यसपछि त्यस्तो काम कसले गर्‍यो भनी एक आपसमा सरसल्लाह गर्दागर्दै हामी बैंकमै बस्यौं, त्यसपछि हेड अफिसबाट सरहरू आउनु भयो । सबैलाई सोधपुछ गर्दाको क्रममा राति ११ बजिसकेको थियो । सरहरूले लेडिज स्टाफको नाताले राति परेको हुँदा भोलि बिहान ७ बजे आउनु भनी निर्देशन दिई घर पठाई दिनु भएको थियो । त्यति बेलासम्म कुनै समस्या समाधान नभएपछि प्रहरी बोलाई अनुसन्धान सुरू भयो । गोविन्दले उक्त रकम चोरी गरी लिएका हुन् भनी सोमबार मात्र हामीले थाहा पायौं भन्नेसमेत बेहोराको वादी पक्षका साक्षी सीताकुमारी चौधरीले सुरू अदालतमा गरेको बकपत्र ।

यी प्रतिवादीले उक्त रकम के कसरी चोरे मैले सुनेको मात्र हुँ देखेकी छैन । निजलाई मैले देखे जानेसम्म निजको चालचलन बानी बेहोरा ठीकै थियो एक्कासी यो घटना निजले के कसरी बुझी भ्रष्ट भई गरे गराए थाहा भएन निजले आफ्नो अपराध अदालतमा नै आई स्वीकार गरेकाले बेन्चले सकभर एकपटक सुध्रिने मौका दिएको अवस्थामा निजको कल्याण नै हुने छ र छविमा कुनै असर नपर्ने हुँदा बेन्चसमक्ष मेरो पनि अनुरोध स्वीकार होस् भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी सरस्वती ओझाले सुरू अदालतमा गरेको बकपत्र ।

जाहेरवाला इन्भेस्टमेन्ट बैंक लिमिटेडको मिति २०७३।११।१ को पत्रबाट सो बैंकको रू.२३,४४,०००।- चोरी भएको भन्ने दखिन आयो । बरामदी मुचुल्काबाट समेत जम्मा रू.२३,४४,०००।- बरामद भएको भन्ने देखिन आएको । अभियोगपत्र हेर्दा उक्त बरामद रकम बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(२) बमोजिम नेपाल इन्भेस्टमेन्ट बैंक लिमिटेड धनगढी शाखालाई दिलाई भराई दिन दाबी रहेको । प्रतिवादी गोविन्द उपाध्यायले यस अदालतसमक्ष बयान गर्दासमेत बरामद रकम जाहेरवाला बैंकको भएको तथ्यमा साबित रहेको देखिन आएको हुँदा दसीको रूपमा पेस हुन आएको सो रकम सम्बन्धित बैंकलाई फिर्ता दिन बाधा पर्ने देखिएन । जाहेरवाला बैंकको आधिकारिक प्रतिनिधि

उपस्थित भए रीतपूर्वक सो रकम फिर्ता दिई भरपाई गराई सोको निस्सा मिसिल सामेल राख्नु भन्ने उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको मिति २०७३।१२।९ को आदेश।

२०७४।९।२४ मा प्रकाशित नेपाल राजपत्रको सूचनाबाट उल्लिखित मिति २०६५।९।१४ को सूचना खारेज गरी उच्च अदालत दिपायल तथा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको प्रादेशिक क्षेत्राधिकार रहने गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासमा वाणिज्य इजलास गठन गरिएको देखियो । प्रस्तुत मुद्दा उक्त सूचनाले उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको प्रादेशिक क्षेत्राधिकारभित्र पर्ने देखिएकोले यस अदालतको यस इजलासबाट हेर्न नमिल्ने हुँदा तारेखमा रहेका प्रतिवादी गोविन्द उपाध्यायलाई तारेख तोकी प्रस्तुत मुद्दा सोही उच्च अदालत दिपायल, महेन्द्रनगर वाणिज्य इजलासमा पठाइदिने ठहर्छ भन्ने उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको मिति २०७४।११।२ को आदेश।

यी प्रतिवादी गोविन्द उपाध्यायले अभियोग दाबीबमोजिमको कसुरमा साबित भई गरेको बयान सङ्कलित प्रमाणहरूबाट समेत समर्थन हुन आएकोले प्रतिवादी गोविन्द उपाध्यायले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ६ को कसुर गरेको देखिँदा निजलाई सोही ऐनको दफा १५ को उपदफा २(ख) अनुसार हुन सक्ने तजबिजी कैदमध्ये न्यूनतम दुई वर्षको कैद तथा बिगो रू.२३,४४,०००।- (तेइस लाख चौवालिस हजार) बराबरको जरिवाना हुने साथै बरामद भएको नगदबाटै जाहेरवालाको बिगो असुलउपर भइसकेको देखिँदा बिगो भराई दिन नपर्ने ठहर गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७५।२।२ मा भएको फैसला।

चोरी मुद्दामा अनुसन्धान तथा तहकिकात भई अन्तमा बैंकिङ कसुरतर्फ अभियोग दायर गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासले मिति २०७५।२।२ मा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ६ को कसुर स्थापित गरी गरिएको फैसला उक्त ऐनको दफा ६ को परिभाषाविपरीत भएकोले प्रमाण ऐन, २०३१ को दफा ३, २५, ५४ बमोजिम सङ्कलित प्रमाणको उचित मूल्याङ्कन गरी चोरी मुद्दातर्फ अभियोग दाबी लिई कारबाही गर्नुपर्नेमा सोतर्फ कारबाही नगरी अभियोग दाबीको भरमा बैंकिङ कसुर स्थापित गरी गरिएको फैसला त्रुटिपूर्ण भएकोले उक्त फैसला बदर गरी चोरीतर्फ कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी गोविन्द उपाध्यायको यस अदालतमा दायर हुन आएको पुनरावेदन पत्र।

**ठहर खण्ड**

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल कागजात अध्ययन गरियो।

पुनरावेदक प्रतिवादीको तर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र विद्वान् अधिवक्ता श्री कृष्णप्रसाद सुवेदीले चोरीको कसुरमा साबित हुनु र अभियोग दाबीको बैंकिङ कसुरमा साबित हुनु नितान्त फरक विषय र सन्दर्भ भएकोले चोरीको कसुरमा भएको साबिती र सो साबितीलाई समर्थन गर्ने सङ्कलित प्रमाणहरूको समेत समुचित मूल्याङ्कन गरी चोरीतर्फ कारबाही गरी फैसला हुनुपर्नेमा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ६ ले परिभाषित गरेको कसुरअन्तर्गतको अभियोग दाबीमा साबित भएको भनी सोतर्फ कैद सजाय र जरिवाना गर्ने गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी चोरीको कसुरअन्तर्गत कारबाही गरिपाउँ भनी गर्नु भएको बहससमेत सुनियो।

उपरोक्तानुसारको तथ्यगत विषय र बहस जिकिरसमेत भएको प्रस्तुत मुद्दामा उच्च अदालत

दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसला मिलेको छ, छैन ? प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन ? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी गोविन्द उपाध्यायले ए.टि.एम. मेसिन खोल्न प्रयोग हुने पासवर्ड अनधिकृत रूपमा प्रयोग गरी रूपैयाँ झिकी लिई गएको कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ६ ले परिभाषित गरेको कसुर अपराध भएको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई सोही ऐनको दफा १५(२)(ख) बमोजिम सजाय हुन र प्रतिवादीबाट बरामद हुन आएको रू.२३,४४,०००।– समेत सोही ऐनको १५(२) नं. बमोजिम नेपाल इन्भेस्टमेन्ट बैंक धनगढी शाखालाई दिलाई भराई पाउँ भन्ने अभियोग मागदाबी भएकोमा प्रतिवादी गोविन्द उपाध्यायलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ६ को कसुरमा सोही ऐनको दफा १५(२)(ख) बमोजिम दुई वर्ष कैद र बिगो रू.२३,४४,०००।- (तेइस लाख चौवालिस हजार) बमोजिमको जरिवाना हुने साथै बरामद भएको नगदबाटै जाहेरवालाको बिगो असुलउपर भइसकेको देखिँदा बिगो भराई दिन नपर्ने ठहर गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७५।२।२ मा भएको फैसलाउपर चित्त नबुझाई प्रतिवादी गोविन्द उपाध्यायको यस अदालतमा पुनरावेदन पर्न आएको देखियो।

३. चोरीमा अनुसन्धान तथा तहकिकात भएको मुद्दामा सङ्कलित प्रमाणहरूको मूल्याङ्कन गरी चोरीतर्फ कारबाही भई फैसला हुनु पर्नेमा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ६ ले परिभाषित गरेको कसुरअन्तर्गतको अभियोग दाबीमा कारबाही गरी कैद सजाय र जरिवाना गर्ने गरी भएको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी चोरीको कसुरअन्तर्गत कारबाही हुनुपर्ने भन्ने पुनरावेदन र बहस जिकिरतर्फ विचार गर्दा नेपाल इन्भेस्टमेन्ट बैंक लि., धनगढी शाखाको पत्र जाहेरीबाट अनुसन्धान तहकिकात सुरू भएकोमा अनुसन्धान तहकिकातको कार्यका बारेमा सरकारी वकिलसमक्ष अनुसन्धान अधिकारीले प्रतिवेदन गर्दा जिल्ला सरकारी वकिलको कार्यालयको मिति २०७३।११।१९ को पत्रबाट बैंकिङ कसुरजन्य क्रियाकलाप देखिएकोले तत्सम्बन्धी अभियोगको बारेमा पुनः सोधपुछ गराई थप अनुसन्धान गरी अभियोग पत्र तयार गर्न दिएको निर्देशानुसार बैंकिङ कसुरतर्फ अनुसन्धान तथा अभियोजन भएको देखियो।

४. अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिति बयान, बरामदी मुचुल्का र मौकाको कागज बेहोराबाट बरामद भएको रकम अनधिकृत रूपमा ए.टि.एम.को पासवर्ड (लक नं.) प्रयोग गरी खोली रकम झिकेको भन्ने तथ्यलाई समर्थित हुने गरी यी प्रतिवादी गोविन्द उपाध्यायले नेपाल इन्भेस्टमेन्ट बैंक शाखा धनगढीको विद्युतीय माध्यमको ए.टि.एम. मेसिनको पासवर्ड दुरूपयोग गरी रू.२३,४४,०००।– झिकेको हुँ भन्नेसमेत बेहोरा लेखाई अदालतमा बकपत्र गरेको देखियो।

५. अनुसन्धान अधिकारीले पेस गरेको प्रारम्भिक प्रतिवेदनमा देखिएको कारबाही वा त्रुटिका सम्बन्धमा सरकारी वकिलले निर्देशन दिनसक्ने र सो निर्देशानुसार अनुसन्धान अधिकारीले तहकिकात गर्नुपर्ने सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ६(२) ले गरेको व्यवस्थाबमोजिमकै कारबाही देखिँदा अनुसन्धान तहकिकात तथा अभियोजनको त्रुटिको कारणले मात्रै कुनै सरकारवादी मुद्दामा अनुसन्धानको सिलसिलामा कुनै एक कसुरमा तहकिकात आरम्भ भएको तर अनुसन्धान तहकिकात गर्दै जाँदा अर्को कसुर हो भन्ने देखिएको अवस्थामा सफाइको मौका दिई आवश्यकताअनुसार थप प्रमाण सङ्कलन गरी सुरूमा आरम्भ गरेको अनुसन्धान तहकिकातभन्दा फरक कसुरमा अभियोजन गर्न प्रचलित नेपाल कानूनले

बन्देज लगाएको नदेखिएकोले प्रस्तुत मुद्दामा चोरीको रोहबाट अनुसन्धान आरम्भ भई बैंकिङ कसुरतर्फ थप अनुसन्धान गरी सोही विषयमा अभियोग लगाउने कार्यलाई अन्यथा भन्न मिल्ने देखिएन।

६. बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ६ को विद्युतीय माध्यमको दुरूपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिन वा दिन नहुने शीर्षकअन्तर्गत **"कसैले पनि क्रेडिट कार्ड, डेबिट कार्ड, अटोमेटेड टेलर मेसिन (ए.टि.एम.) कार्ड वा अन्य विद्युतीय माध्यमको दुरूपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिन वा दिन हुँदैन"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

७. यी प्रतिवादी गोविन्द उपाध्याय नेपाल इन्भेष्टमेन्ट बैंक धनगढी शाखाले राखेको ए.टि.एम. नजिकै बसेर दैनिक कार्य जिम्मेवारी वहन गर्ने कर्मचारी भई निजको तोकिएको जिम्मेवारीकै रोहमा सम्बन्धित ए.टि.एम.मा बैंकले दैनिक रूपमा रकम राख्दा बैंक म्यानेजर र लेखा प्रमुखसमेतका अधिकारीले ए.टि.एम. खोल्ने प्रयोजनको लागि राखेको लक नं. प्रविष्ट गरेको हेर्ने र सो याद गरी सोही लक नं. प्रयोग गरी ए.टि.एम. खोली त्यसमा भएको रकम झिकेको देखिएको अवस्थामा प्रतिवादीले बैंकको कुनै लकरमा रहेको रकम चोरी गरी लगेको नभई विद्युतीय माध्यमबाट चल्ने ए.टि.एम. (ATM) मेसिनको लक नं. दुरूपयोग गरी रकम झिकेको भन्ने नै देखिन आयो।

८. अरू कसैको ए.टि.एम. प्रयोग गरी वा अन्य कुनै माध्यमले बैंक वा ए.टि.एम. (ATM) मा रहेको रकम लिने वा दिने कार्यमात्र बैंकिङ कसुर हुन सक्ने भन्ने विधायिकी मनसाय होइन। बैंकमा कार्यरत कर्मचारीले अनधिकृत रूपमा बैंकबाट रकम लिने दिने गरी गरेको कार्य र साथै कसैको मन्जुरीबेगर सक्कली ए.टि.एम. वा नक्कली ए.टि.एम. बनाई वा लक नं. दुरुपयोग गरी बैंकबाट रकम झिकेको कार्य बैंकिङ कसुरको दायराभित्र पर्ने देखिएबाट यी प्रतिवादी गोविन्द उपाध्यायले अनधिकृत रूपमा विद्युतीय माध्यमको ए.टि.एम. लक नं. को दुरूपयोग गरी ए.टि.एम. (ATM) मेसिन खोली रकम झिकेको कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ६ ले परिभाषित गरेको कसुरभित्रकै कार्य गरेको देखिन आएकोले चोरीमा अनुसन्धान तथा तहकिकात भएको मुद्दा चोरीतर्फ कारबाही भई फैसला हुनु पर्नेमा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ६ बमोजिमको कसुरअन्तर्गतको अभियोग दाबीमा कारबाही गरी कैद र जरिवाना गरेको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी चोरीको कसुरमा कारबाही हुनुपर्ने भन्ने पुनरावेदन र विद्वान् वरिष्ठ अधिवक्ता र अधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन।

९. तसर्थ, माथि विवेचित आधार र कारणसमेतबाट यी प्रतिवादी गोविन्द उपाध्यायले अभियोग दाबीबमोजिम बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ६ को कसुरमा सोही ऐनको दफा १५(२)(ख) बमोजिम २(दुई) वर्ष कैद तथा बिगो रू.२३,४४,०००।- (तेइस लाख चौवालिस हजार) जरिवाना गरी बरामद भएको नगदबाटै जाहेरवालाको बिगो असुलउपर भइसकेकोले बिगो भराइदिन नपर्नेसमेत ठहऱ्याई उच्च अदालत दिपायल महेन्द्रनगर इजलासबाट मिति २०७५।०२।०२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.पुरूषोत्तम भण्डारी

इजलास अधिकृत : मिनबहादुर कुँवर र माधव भण्डारी
इति संवत् २०७६ साल कार्तिक ४ गते रोज २ शुभम्।

## निर्णय नं. १०५१५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
आदेश मिति : २०७६।७।१४
०६८–WO–०२५४

मुद्दाः उत्प्रेषण

निवेदक : का.जि.का.म.न.पा. वडा नं. ३२ अनामनगरमा रजिस्ट्रर्ड कार्यालय रहेको युनाइटेड बिल्डर्स एन्ड इन्जिनियर्स प्रा. लि.को तर्फबाट अख्तियार प्राप्त वर्ष ३१ को ईश्वरप्रसाद अधिकारी

विरूद्ध

विपक्षी : काठमाडौं महानगरपालिकाको कार्यालय, काठमाडौंसमेत

- **सम्झौताअनुसार घर जग्गा कर तिर्ने, बुझाउने दायित्व निवेदकमा रहेको अवस्थामा सो सर्त प्रतिकूल हुने गरी घर जग्गा कर बुझाउने दायित्व अर्को पक्षमा रहन्छ भनी ठहर गर्न नमिल्ने ।**

(प्रकरण नं.५)

- **कुनै सम्पत्ति लिजको रूपमा लिनुको तात्पर्य अस्थायी रूपमा र सीमित अर्थमा सो सम्पत्तिउपरको स्वामित्व प्राप्त हुने ।**
- **लिजको अवधिमा सो सम्पत्तिको वास्तविक स्वामित्ववाला (दर्तावाला) को हकमा ग्रहण (eclipse) लाग्न पुगेको हुन्छ र लिज लिने पक्षमा अस्थायी रूपमा केही हक र दायित्व सर्न पुग्ने ।**

(प्रकरण नं.६)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री सुशिलकुमार पन्त, विद्वान् अधिवक्ताहरू श्री ईश्वर अधिकारी, श्री विष्णुप्रसाद उपाध्याय, श्री मेघराज पोखरेल

विपक्षीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री चण्डेश्वर श्रेष्ठ, श्री रामप्रसाद भण्डारी, श्री दामोदर खड्का, विद्वान् अधिवक्ताहरू श्री बसन्त आचार्य, श्री टिकाराम भट्टराई, श्री ताराबहादुर सिटौला, श्री प्रकाश रेग्मी, श्री नारायणप्रसाद खनाल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- स्थानीय स्वायत्त शासन ऐन, २०५५
- भूमिसम्बन्धी ऐन, २०२१
- संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४
- घर जग्गा कर ऐन, २०१९
- त्रिभुवन विश्वविद्यालय ऐन, २०४९

आदेश

**न्या.ईश्वरप्रसाद खतिवडा :** नेपालको अन्तरिम संविधान, २०६३को धारा ३२ र १०७(२) बमोजिम यस अदालतमा दर्ता हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छ:

तथ्यगत बेहोरा

युनाइटेड बिल्डर्स एण्ड इन्जिनियर्स प्रा. लि. नेपालको प्रचलित कम्पनी ऐनअनुसार कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भई आन्तरिक राजस्व कार्यालयमा समेत पान तथा भ्याटमा दर्ता भई अन्य स्वीकृति लिनुपर्ने ठाउँमा स्वीकृति लिई पेसा व्यवसाय

गर्दै आएको प्रा.लि. कम्पनी हो । निवेदक कम्पनीले आफ्नो उद्देश्यबमोजिमको काम गर्ने क्रममा त्रिभुवन विश्वविद्यालय, केन्द्रीय कार्यालय कीर्तिपुरको हक स्वामित्वमा रहेको का.जि. का.म.न.पा. वडा नं.११ त्रिपुरेश्वर स्थित कि.नं. ४०२ क्षेत्रफल १०-१३-३-० (दश रोपनी तेह्र आना तीन पैसा) जग्गा दुई वर्ष निर्माणाधीन अवधि र तीस वर्ष लिज अवधि रहने गरी मिति २०५९।१०।२ गते व्यावसायिक कम्प्लेक्स निर्माण गरी भाडामा दिनको लागि सम्झौता गरी लिजमा लिएको छ। विपक्षी काठमाडौं महानगरपालिको नगर परिषद् २०६४/०६५ को निर्णय नं. २४(ङ) र नगर परिषद् २०६५/०६६ को निर्णय नं.१४ मिति २०६८।५।३० को निर्णय, विभिन्न मितिहरूमा घर, जग्गा कर बुझाउन आउनु भनी गरिएको पत्राचार र मिति २०६८।६।१ को नेपाल समाचारपत्र दैनिकमा प्रकाशित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरमा तालाबन्दी गरिने बारेको अत्यन्त जरूरी सूचनासमेतबाट निवेदक कम्पनीलाई ज्यादै नै अन्याय पर्न गएको छ। निवेदकबाट घर जग्गा कर उठाउने गरी भएका निर्णय र काम कारबाहीहरू कानून प्रतिकूल छन्। विपक्षी काठमाडौं महानगरपालिका, नगर परिषद्को २०६४।०६५ को निर्णय नं.२४(ङ) र नगर परिषद् २०६५।०६६ को निर्णय नं. १४ मिति २०६८।५।३० को निर्णय, मिति २०६८।०६।१ को सूचनालगायतका सम्पूर्ण काम कारबाहीहरू नेपालको अन्तरिम सविधान, २०६३, कम्पनी ऐन, २०६३, घर जग्गा कर ऐन, २०१९ को दफा ४(१) घर जग्गा कर नियमहरू, २०२० को नियम ३(१), स्थानीय स्वायत्त शासन ऐन, २०५५ र अन्य प्रचलित ऐन कानून प्रतिकूल हुँदा उत्प्रेषणको आदेशबाट बदर गरी निवेदकबाट गैरसंवैधानिक तथा गैरकानूनी तवरवाट कुनै पनि कर उठाउने वा अन्य कुनै प्रकारका दायित्व बहन गराउने कार्य नगर्नु नगराउनु भनी प्रतिषेधलगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरिपाऊँ । साथै, मिति २०६८।६।१ को सूचनालगायतका सम्पूर्ण कार्यहरू यथास्थितिमा राख्नु भनी अन्तरिम आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदन दाबी।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? जारी हुनु नपर्ने कुनै कारण भए सोको आधार खुलाई आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी निवेदन र आदेशको नक्कल प्रति साथै राखी विपक्षीहरूका नाउँमा सूचना पठाई लिखित जवाफ पेस भएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू । अन्तरिम आदेशको मागतर्फ विचार गर्दा, घर त्रिभुवन विश्वविद्यालयको भएकोमा घरजग्गा कर निवेदकले बुझाउनु पर्ने भएमा सुविधा सन्तुलनको दृष्टिबाट निवेदकलाई बढी मर्का पर्न सक्ने देखिएको, तर कर सम्बन्धमा विपक्षीहरूको के कस्तो भनाइ छ दुवै पक्षलाई राखी सुनी निर्णयमा पुग्न उचित हुने, तर तत्काललाई निर्णय सूचना कार्यान्वयन भएमा निवेदकलाई बढी मर्का पर्ने र लामो समयसम्म अन्तरिम आदेशद्वारा रोकी राख्न अनावश्यक हुने हुँदा तत्काललाई काठमाडौं महानगरपालिकाको मिति २०६८।५।३० को निर्णय र मिति २०६८।६।१ को सूचना मिति २०६८।६।१० सम्मको लागि मात्र कार्यान्वयन नगर्नु, नगराउनु र सोपश्चात् अन्तरिम आदेशले निरन्तरता पाउने नपाउने सम्बन्धमा मिति २०६८।६।१० को छलफलको पेसी तोकी विपक्षीहरूलाई सूचना दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६८।०६।०३ को आदेश।

काठमाडौं महानगरपालिका वडा नं. ११ त्रिपुरेश्वर स्थित कि.नं. ४०२ मा रहेको घर जग्गा त्रिभुवन विश्वविद्यालयको स्वामित्वमा रहेको भन्ने देखिँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२(१) बमोजिम सो विश्वविद्यालयलाई समेत सरिक गराउनु पर्ने देखिँदा यस अदालतबाट मिति २०६८।६।३ मा जारी भएको अन्तरिम आदेशलाई

निरन्तरता दिई उक्त अन्तरिम आदेश कायम रहने नरहने सम्बन्धमा मिति २०६८।६।२९ को छलफलको पेसी तोकी सो विश्वविद्यालय र अन्य विपक्षीहरूलाई समेत सूचना दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६८।०६।१० को आदेश।

करको रकम निर्धारित नगरिएको र अहिलेसम्म रिट निवेदकबाट काठमाडौं महानगरपालिकाले घर जग्गा कर लिने गरेको भन्ने नदेखिएकोले निवेदकले उक्त घर जग्गा कर तिर्नुपर्ने हो, होइन भन्ने कुराको निर्णय सम्बद्ध कानूनको व्याख्यासमेत गरी यस निवेदनको अन्तिम निर्णयबाट हुने स्थिति रहेकोले अहिले नै रिट निवेदकले उपभोग र चलन गरिरहेको व्यापारिक भवनमा ताल्चा लगाउँदा वा त्यहाँको कारोबार रोक्का गर्दा यी निवेदकलाई अपूरणीय क्षति हुने अवस्था रहेको देखिँदा यस रिट निवेदनको अन्तिम निर्णय नभएसम्म निवेदकले उपभोग र प्रयोग गरिरहेको व्यापारिक भवनको व्यापारिक गतिविधि बन्द हुने गरी ताल्चा नलगाउनु र बन्द नगर्नु एवं त्यहाँका व्यापारिक गतिविधिमा असर पर्ने गरी अन्य अवरोध नगर्नु भनी विपक्षी काठमाडौं महानगरपालिकाका नाउँमा यस अदालतबाट जारी भएको अन्तरिम आदेशले निरन्तरता पाउने गरी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। रिट निवेदनमा विवादित घर जग्गा कर लाग्ने भनिएको व्यापारिक भवनको जग्गा र घरको स्वामित्व त्रिभुवन विश्वविद्यालयको हो भन्ने रिट निवेदनमा उल्लेख भई विश्वविद्यालय र रिट निवेदकबिच सम्झौतासमेत भएको अवस्थामा यसमा त्रिभुवन विश्वविद्यालयको समेत हित र सरोकार निहित रहेको भन्ने देखिएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२(१) अनुसार त्रिभुवन विश्वविद्यालयको नाममा लिखित जवाफ दाखिल गर्नु भनी उक्त विश्वविद्यालयलाई सूचना जारी गरी लिखित जवाफ परेपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६८।०६।२९ को आदेश।

लिजमा दिए लिएको जग्गामा भवन निर्माण गरी व्यापारिक प्रयोजनमा प्रयोग भएका जग्गा र घरको कर लिजमा लिने व्यक्ति / कम्पनी / निकायबाट असुलउपर गर्ने गरी का.म.न.पा. नगर परिषद्को आ.व. २०६४/०६५ को निर्णय नं.२४(ङ) र आ.व. ०६५/०६६ को नि.नं.१४ बाट निर्णय गरिएको हो । नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) स्थानीय विकास मन्त्रालयले अर्थ मन्त्रालयलाई मिति २०५७/३/३० मा प.सं. ७२/०५६-०५७ च.नं. ७४८ घरजग्गा कर सम्बन्धमा अर्थ मन्त्रालय, राजस्व महाशाखालाई प्रेषित गरेको पत्रबाट समेत नगरपालिकालाई घरजग्गा कर उठाउने अधिकार रहेको तथ्य स्पष्ट हुन्छ। विपक्षी र त्रिभुवन विश्वविद्यालयबिच मिति २०५९।१०।२ मा त्रिभुवन विश्वविद्यालयको नाममा दर्ता रहेको का.म.न.पा. वडा नं. ११ कि.नं. ४०२ को क्षेत्रफल १०-१३-३ जग्गा लिजमा लिने दिने सम्झौता भएकोमा जग्गा लिजमा लिई भवन / बिजनेस कम्प्लेक्स निर्माण गरी बहालमा दिए / भोगचलन गरेबापत् त्रि.वि.वि. लाई बहाल बुझाउने (सर्त नं.८), लिज अवधि ३० वर्ष हुने (सर्त नं.७), भवन निर्माणपश्चात उक्त भवनमा सञ्चालन गरिने व्यवसायसँग सम्बन्धित सबै किसिमको कर सम्बन्धित निकायमा बुझाउने दायित्व द्वितीय पक्ष (विपक्षी) को हुने, तर दायित्व द्वितीय पक्षले लिजबापत प्रथम पक्ष (त्रि.वि.वि.) लाई बुझाउने बहाल रकमको कर आदि तिर्नुपर्ने भएमा प्रथम पक्षकै दायित्व हुने (सर्त नं.१४.२) भन्नेसमेतका सर्तहरू उल्लेख छ। जसबाट विपक्षीले जग्गा मात्र लिजमा लिई भवन / बिजनेस कम्प्लेक्स निर्माण गरी बहालमा दिएको हुँदा सो भवन र जग्गाको कर तिर्ने दायित्व विपक्षीको भएको तथ्य प्रस्ट हुन्छ । यसरी का.म.न.पा. नगर परिषद्को निर्णयअनुसारको घर जग्गा कर तिर्ने दायित्व विपक्षीको हो भन्ने तथ्य प्रस्ट हुन्छ। नगर परिषद्को

२०६४/०६५ र ०६५/०६६ को निर्णयसमेतउपर चुनौती दिने हक अधिकार विपक्षीमा निहित नभएको र निर्णय भएको चार वर्षपछि प्रस्तुत गरेको निवेदन विलम्ब गरी परेको छ। स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ तथा स्थानीय विकास मन्त्रालयको मिति २०५७।३।३० को पत्रसमेतबाट का.म.न.पा. क्षेत्रभित्रको घरजग्गा कर असुल गर्ने अधिकार का.म.न.पा.मा निहित भएको, का.म.न.पा. नगर परिषद्को निर्णय, विपक्षी र त्रि.वि.वि. बिच भएको मिति २०५९।१०।२ को जग्गा लिजमा दिने लिने सम्झौता, आयकर नियमहरू, २०२० को नियम ९ समेतका व्यवस्थाबमोजिम निजले लिजमा लिई निर्माण गरी बहालमा दिएको घर जग्गाको कर तिर्ने दायित्व विपक्षीमा निहित रहेको अवस्थामा आफ्नो कर्तव्य र दायित्वप्रति विमुख भई बसेकोले करदाताको हैसियतले घर जग्गा कर ऐन, २०१९ को दफा ४(१) बमोजिम घर जग्गाको विवरण दाखेल गर्ने दायित्व वहन गर्न पटक-पटक अनुरोध गर्दासमेत बेवास्ता गरी विवरण पेस दाखेल नगरी बसेकोले आफूमा निहित अधिकार प्रयोग गर्ने गरी का.म.न.पा. बाट मिति २०६८।५।३० मा भएको निर्णय, मिति २०६८।६।१ मा प्रकाशित सूचना, नगर परिषद्को २०६४/०६५ र ०६५/०६६ को निर्णयसमेतका काम कारबाहीहरू बदर गरिपाउँ भनी गरेको रिट निवेदन दूषित, गैरकानूनी, हकदैयाविहीन, क्षेत्राधिकारविहीन तथा वैकल्पिक कानूनी उपचारको मार्ग परित्याग गरी प्रस्तुत गरेको हुँदा निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको काठमाडौं महानगरपालिका र का.म.न.पा. नगरपरिषद्समेतको लिखित जवाफ।

त्रिभुवन विश्वविद्यालयको का.म.न.पा. वडा नं.११ त्रिपुरेश्वर स्थित कि.नं. ४०२ को क्षे.फ. १०-१३-३-० (दश रोपनी तेह्र आना तीन पैसा) जग्गा विपक्षी युनाइटेड विल्डर्स एन्ड इन्जिनियर्स प्रा.लि.का शुकुन्तलाल हिराचनलाई २०५९ साल माघ २ गते २+३० वर्षका लागि लिजमा दिइएको थियो। लिजमा भवन दिएको नभई जग्गा दिइएको हो। लिजमा दिएको जग्गामा २३८४ वर्ग मि. मा कम नहुने गरी भवन निर्माण गर्नु पर्ने, सोको नक्साको ड्रइङ डिजाइन र लागत इष्टमेट त्रि.वि.वि.बाट स्वीकृत हुनुपर्ने, जग्गाको लिज अवधि २+३० वर्षको हुने उल्लेख रहेको र सम्झौताको सर्त नं. ५ मा आर्थिक दायित्वको करबाहेक अन्य प्रयोजनको लागि द्वितीय पक्षले कुनै अनुरोध गरेमा प्रथम पक्षको तर्फबाट पत्राचार गर्नेलगायतका अन्य सहयोग गर्नुपर्ने छ भन्ने रहेको छ। सम्झौताको सर्त नं.१४(२) मा लिजमा लिएको जग्गामा भवन निर्माणपश्चात् उक्त भवनमा सञ्चालन गरिने व्यवसायसँग सम्बन्धित सबै किसिमको कर सम्बन्धित निकायमा बुझाउने दायित्व द्वितीय पक्षको हुने छ; तर द्वितीय पक्षले लिजबापत प्रथम पक्षलाई बुझाउने बहाल रकमको कर आदि तिर्नुपर्ने भएमा प्रथम पक्षकै दायित्व हुने छ भन्ने रहको छ। विपक्षीले त्रि.वि.वि.सँग कुनै सम्पर्कसमेत नगरी घर जग्गा कर सम्बन्धित घर जग्गा स्वामित्व प्राप्त व्यक्ति / निकायले तिर्नुपर्ने भनी एकतर्फी रूपमा गोरखापत्र र नेपाल समाचारपत्र दैनिकमा मिति ०६८।६।२ मा प्रेस-विज्ञप्ति प्रकाशित गरेको हुँदा उक्त भवनमा प्रचलित कानूनबमोजिम कुनै कर लाग्ने भए सम्बन्धित निकायमा कर बुझाउने दायित्व यी निवेदकको हुने भनी त्रि.वि.वि. को तर्फबाट मिति ०६८।६।६ मा सूचना निकालिएको थियो। निवेदकले जग्गा लिजमा लिएको हो भवन होइन। सम्झौताअनुसार निवेदकले जग्गामा निर्मित भवन पूर्णरूपमा निवेदकले नै प्रयोग गर्ने हुँदा त्रि.वि.वि.ले भवनमा लाग्ने कर बुझाउने भन्ने कुरा प्रचलित कानून, सम्झौता एवं न्यायका मान्य सिद्धान्तको प्रतिकूल हुन्छ। त्रि.वि.वि. र निवेदकबिच जग्गा लिजमा दिने लिने गरी सम्झौता भएअनुसार कुनै काम कारबाही गर्दै जाँदा विवाद उत्पन्न भएमा संविधानको धारा १०७(२) अन्तर्गत न्यायिक उपचारको माग लिई सम्मानित अदालतमा आउन मिल्दैन। करारीय विषयवस्तुमा

धारा १०७(२) अन्तर्गत अदालत प्रवेश गर्न पाइँदैन। विश्वविद्यालयले कर तिर्नु पर्दछ भनी निवेदनमा उठाएका कुराहरू पूर्णत: यस विश्वविद्यालयको हित र सरोकारसँग सम्बन्धित रहेका र यस्तो अवस्थामा सम्मानित अदालतबाट ती विषयवस्तुमा बोलिएमा त्यसले त्रि.वि.वि.लाई गम्भीर रूपमा असर पर्ने हुँदा त्रि.वि.वि.को सरोकार र हित गाँसिएको विषयमा सम्बन्धित पक्षलाई विपक्षी नबनाएको कारणले प्रतिपादित सिद्धान्तअनुसार निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको लिखित जवाफ।

ठहर / आदेश खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनको सन्दर्भमा निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री सुशिलकुमार पन्त, विद्वान् अधिवक्ताहरू श्री ईश्वर अधिकारी, श्री विष्णुप्रसाद उपाध्याय, श्री मेघराज पोखरेलले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३६(१) बमोजिम नगरपालिकाले घर जग्गा कर निर्धारण गरी असुल गर्न पाउने भए पनि करको दायित्व घर जग्गाका स्वामित्ववालालाई वहन गराउनु पर्दछ। घर जग्गा कर ऐन, २०१९ को दफा ४ बमोजिम यो दायित्व घर जग्गाको स्वामित्ववालाको हो भन्ने देखिन्छ। घर जग्गा कर बहालमा बस्नेले तिर्ने होइन, घर जग्गाको दर्तावाला स्वामीले तिर्ने हो। स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९४(२) बमोजिम गठित समितिबाट निर्णय गरी कर लगाएको त्रुटिपूर्ण छ। कानूनबमोजिम बाहेक कर उठाउन पाइने छैन भन्ने संविधानमा व्यवस्था छ। गैरसंवैधानिक तथा गैरकानूनी तवरबाट कुनै पनि कर लगाउन वा अन्य कुनै प्रकारका दायित्व वहन गराउन मिल्दैन। तसर्थ आवश्यक रिट आदेश जारी गरी निवेदकलाई विवादित घर जग्गा करको दायित्वबाट मुक्त गरिनु पर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

त्रि.वि.वि.को तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री नारायणप्रसाद खनालले का.म.न.पा. बाट मिति २०६८/६/१ मा रिट निवेदकको करसम्बन्धी दायित्व रहेको कुरा उल्लेख गरी प्रकाशन गरिएको सूचनासहित अन्य प्रसङ्गमा पनि त्रि.वि.वि. उपर दाबी गरिएको छैन। निवेदकले जग्गा लिजमा लिएको हो। भवन लिजमा लिएको नभई सर्तअनुसार आफैँ निर्माण गरेको हो। सम्झौताअनुसार जग्गामा निर्मित भवन पूर्णरूपमा निवेदकले नै प्रयोग गर्ने गरेको हुँदा त्रि.वि.वि. ले भवनमा लाग्ने कर बुझाउनु पर्दछ भन्ने कुरा प्रचलित कानून, सम्झौता एवं न्यायका मान्य सिद्धान्तको प्रतिकूल हुन्छ। रिट निवेदन खारेज गरिनु पर्दछ भनी बहस जिकिर गर्नुभयो।

का.म.न.पा.को तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री चण्डेश्वर श्रेष्ठ, श्री रामप्रसाद भण्डारी, श्री दामोदर खड्का, विद्वान् अधिवक्ताहरू श्री बसन्त आचार्य, श्री टिकाराम भट्टराई, श्री ताराबहादुर सिटौला, श्री प्रकाश रेग्मीसमेतले बहस जिकिर गर्नुभयो। वहाँहरूले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१) को देहाय (४) बमोजिम नगरपालिकाले घर जग्गा कर उठाउन पाउँदछ। रिट निवेदक निजी तवरका व्यापारिक संस्था भएकाले छुट पाउन सक्ने अवस्था छैन। घर जग्गा कर साबिकमा नेपाल सरकारका निकायले असुल गर्ने गरेकोमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ जारी भएपश्चात् २०५७ सालदेखि यो कानूनी अख्तियारी नगरपालिकामा रहेको छ। स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३६(१) बमोजिम नगरपालिकाले कर उठाउन गरेको निर्णय कानूनअनुकूल छ। BOOT Act मा पनि यस प्रकारको लिज लिनेले नै कर तिर्नुपर्ने व्यवस्था रहेको छ। कानूनी अवधारणा विकासको सन्दर्भमा लिज लिने व्यक्तिलाई घर जग्गा कर बुझाउने कर्तव्यवाला व्यक्ति मान्नुपर्ने हुन्छ। तसर्थ का.म.न.पा. बाट कानूनबमोजिम घर जग्गा कर असुल गर्ने गरी

भएको निर्णयसहितका काम कारबाही कानूनसम्मत हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी गर्नुभएको बहस जिकिरसमेत सुनियो।

अब यसमा लिजमा जग्गा प्राप्त गरी सम्झौताअनुसार घर निर्माण गरेर व्यापारिक करोबार गर्ने कम्पनीमा घर जग्गा कर भुक्तान गर्ने दायित्व रहेको छ वा छैन ? निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने हो, होइन ? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखियो।

निर्णयतर्फ विचार गर्दा, प्रस्तुत विवाद करारीय प्रकृतिको सम्झौता कार्यान्वयन गर्ने विषय भएकाले रिट क्षेत्राधिकारबाट सुनुवाइ गर्न मिल्दैन भनी उठाइएको प्रारम्भिक प्रश्नको निरूपण सर्वप्रथम गर्नु आवश्यक देखिन्छ । नि:सन्देह प्रस्तुत विवाद त्रिभुवन विश्वविद्यालय र निवेदक युनाइटेड बिल्डर्स एण्ड इन्जिनियर्स प्रा.लि.बिच मिति २०५९/१०/२ मा भएको सम्झौतासँग सम्बन्धित रहेको देखिन्छ । उल्लिखित सम्झौता करारीय प्रकृतिको सम्झौता हो भन्ने कुरा पनि प्रस्ट नै छ । करारको सर्त पालना वा करारीय सम्बन्ध नियमित गर्ने विषयमा यस अदालतको असाधारण क्षेत्राधिकारबाट उपचार प्रदान गर्न मिल्दैन । यस विषयमा यस अदालतबाट कतिपय विवादका सन्दर्भमा व्याख्या र विवेचना भएका छन् । सो कुरामा अहिले विमति राख्नु पर्ने कुनै कारण छैन। तथापि प्रस्तुत विवादको सन्दर्भ भने फरक किसिमको रहेको छ । रिट निवेदकले करारीय सम्बन्ध नियमित गर्न, गराउन वा करार सम्झौताबाट सिर्जित हकको प्रचलनका लागि उपचार माग गरेको नभएर कानून प्रतिकूल करको दायित्व वहन गराइयो भनी करको दायित्व रहने, नरहनेसम्बन्धी प्रश्न उठाई निवेदन गरेको पाइयो। कानूनविपरीत कर उठाउन हुँदैन। यो संविधान र कानूनी प्रावधानसँग प्रत्यक्ष रूपमा जोडिएको प्रश्न हो। विषयको प्रारम्भ करारीय सम्झौतासँग सम्बन्धित भए पनि निवेदनमा उठाइएका प्रश्नहरू कर असुल गर्ने विषयमा संविधान र कानूनका प्रावधानको प्रयोगसँग सम्बन्धित देखिएको छ । यस अवस्थामा केवल करारीय सम्झौताको कुरालाई मात्र हेरेर प्राविधिक र सतही रूपमा अर्थ ग्रहण गरी यस अदालतमा प्रस्तुत हुन आएको कानूनी प्रश्नको निरूपण गर्नबाट पन्छिनु शोभनीय देखिएन।

२. अब विवादका अन्य प्रश्नहरूतर्फ विचार गर्दा, काठमाडौं महानगरपालिका क्षेत्रभित्रका घर जग्गाको कर उठाउने अधिकार काठमाडौं म.न.पा. मा रहेको कुरामा विवाद गर्नुपर्ने अवस्था देखिँदैन । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३६ को उपदफा (१) मा "नगरपालिकाले आफ्नो क्षेत्रभित्रको प्रत्येक घर जग्गामा नगर परिषद्बाट पारित भएबमोजिम घरको आकार प्रकार, बनौट र सो घरले चर्चेको हाता कम्पाउन्डसमेतको आधारमा तोकिएबमोजिम घर जग्गामा कर लगाउन सक्ने छ" भनी उल्लेख भएको देखिन्छ। यसरी नगरपालिकाले ठेकेको वा लगाएको कर, दस्तुर, शुल्क, महसुल तथा असुल गर्न बाँकी अन्य रकम कुनै व्यक्तिले नबुझाएमा नगरपालिकाले विभिन्न कारबाही र सजाय गर्न सक्ने व्यवस्था दफा १६५ मा रहेको देखिन्छ। स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४० तथा सपठित अनुसूची ८ मा "नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने मालपोत तथा भूमि कर र घर जग्गा करको न्यूनतम तथा अधिकतम दर तोकिएकोसमेत देखियो। कानूनले घर जग्गा कर लगाउने / उठाउने अधिकार सम्बन्धित नगरपालिकालाई प्रदान गरेको देखिन्छ । यसरी लगाइएको घर जग्गा कर बुझाउनु सम्बन्धित व्यक्ति (वा कम्पनी) को कानूनी दायित्व हुने कुरामा समेत थप विवेचना गरी रहनु आवश्यक देखिँदैन। प्रस्तुत विवादको सन्दर्भमा हेर्दा त्रिभुवन विश्वविद्यालयसँग सम्झौता गरी जग्गा लिजमा लिई भवन निर्माण भएको र व्यापारिक प्रयोगमा ल्याइएको अवस्थामा सो घर जग्गाको कर बुझाउने दायित्व जग्गाको दर्तावाला त्रि. वि.वि.मा रहन्छ वा लिजमा लिने पक्ष (रिट निवेदक

कम्पनी) मा रहन्छ भन्ने नै निरूपण गर्नुपर्ने मुख्य विषय देखियो।

३. त्रिभुवन विश्वविद्यालय, केन्द्रीय कार्यालय कीर्तिपुरको हक स्वामित्वमा रहेको का. जि. का.म.न.पा. वडा नं.११ त्रिपुरेश्वर स्थित कि.नं. ४०२ क्षेत्रफल १०-१३-३-० (दस रोपनी तेह्र आना तीन पैसा) जग्गा दुई वर्षको "निर्माणाधीन अवधि" र "३० (तीस) वर्षको लिज अवधि" रहने गरी मिति २०५९।१०।२ मा व्यावसायिक कम्प्लेक्स निर्माण गर्न भाडामा दिने / लिने गरी निवेदक युनाइटेड विल्डर्स एन्ड इन्जिनियर्स प्रा.लि.सँग सम्झौता भएको देखिन्छ। कर रकम भुक्तान गर्ने सम्बन्धमा उल्लिखित सम्झौताको प्रकरण १४(२) मा निम्नानुसारको बेहोरा उल्लेख गरिएको देखियोः

> **"भवन निर्माणपश्चात् उक्त भवनमा सञ्चालन गरिने व्यवसायसँग सम्बन्धित सबै किसिमको कर सम्बन्धित निकायमा बुझाउने दायित्व द्वितीय पक्षको (युनाइटेड विल्डर्स एण्ड इन्जिनियर्स प्रा.लि.को) हुने छ। तर द्वितीय पक्षले लिजबापत प्रथम पक्ष (त्रिभुवन विश्वविद्यालय) लाई बुझाउने बहाल रकमको कर आदि तिर्नुपर्ने भएमा प्रथम पक्षकै दायित्व हुने छ"।**

४. निवेदक र त्रिभुवन विश्वविद्यालयबिच मिति २०५९/१०/२ मा सम्पन्न सम्झौताको प्रकरण १४(२) मा उल्लेख भएको सर्तअनुसार निवेदक प्रा.लि.ले त्रिभुवन विश्वविद्यालयलाई लिजबापत बुझाउने बहाल रकमको कर आदि तिर्नुपर्ने भएमा सो रकमबापतको कर तिर्नु, बुझाउनु पर्ने दायित्वसम्म विश्वविद्यालयमा रहने देखिन्छ। सो बाहेक भवन निर्माणपश्चात् उक्त भवनमा सञ्चालन गरिने व्यवसायसँग सम्बन्धित सबै किसिमको कर सम्बन्धित निकायमा बुझाउने दायित्व युनाइटेड विल्डर्स एण्ड इन्जिनियर्स प्रा.लि.को हुने कुरा सम्झौतामा उल्लेख गरिएको सर्तबाट प्रस्ट देखिन्छ। रिट निवेदकले उल्लेख (दाबी) गरेको रकम निवेदक प्रा. लि.ले त्रिभुवन विश्वविद्यालयलाई लिजबापत बुझाउने बहाल रकमबापतको कर नभएर घर जग्गाबापत कानूनबमोजिम लाग्ने कर हो भन्ने देखिएको छ। घर जग्गा कर तिर्नुपर्ने विषयमा उल्लिखित सम्झौताको प्रकरण १४(२) को पहिलो वाक्यांश नै आकर्षित हुने देखियो। त्रिभुवन विश्वविद्यालयलाई लिजबापत बुझाउने बहाल रकमबापत लाग्ने करबाहेक भवन निर्माणपश्चात् उक्त भवनमा सञ्चालन गरिने व्यवसायसँग सम्बन्धित सबै किसिमको कर सम्बन्धित निकायमा बुझाउने दायित्व युनाइटेड विल्डर्स एण्ड इन्जिनियर्स प्रा. लि.मा नै रहने गरी सम्झौतामा नै सर्त किटान गरिएको देखिन्छ। तसर्थ सम्झौतामा उल्लेख भएको सर्त प्रतिकूल हुने गरी घर जग्गा करको दायित्व त्रिभुवन विश्वविद्यालयमा रहेको छ भनी निवेदकले गरेको दाबी मनासिब देखिएन।

५. घर जग्गा कर ऐन, २०१९ को दफा ४ तथा दफा ६ बमोजिम घर जग्गाको करसम्बन्धी विवरण पेस गर्ने तथा कर चुक्ता गर्ने कानूनी दायित्व सो घर जग्गा जसका नाउँमा कायम रहेको छ सोही दर्तावाला (स्वामित्ववाला) मा रहन्छ भनी निवेदकतर्फबाट कानूनी प्रश्न उठाइएको पाइयो। उल्लिखित तर्क वा जिकिरलाई सतही वा आवरणबाट हेर्ने हो भने कि.नं. ४०२ को १०-१३-३-० क्षेत्रफल जग्गा त्रिभुवन विश्वविद्यालयको नाममा कायम रहेको कारणबाट घर जग्गा करको दायित्व पनि सोही विश्वविद्यालयमा रहने हो कि भनी अलमल हुने स्थिति पनि देखिन सक्तछ। तर विवादित विषयको सन्दर्भलाई यसरी सीमित अर्थमा ग्रहण गर्नु मनासिब देखिँदैन। यो दायित्व करारीय सम्झौताको आधारमा निर्धारण गर्नुपर्ने देखिन्छ। सम्झौताका पक्षहरूले स्वीकार गरेका सर्तहरूको अधीनमा रही सम्झौताको कार्यान्वयन हुने गर्दछ। यसरी हेर्दा निवेदक प्रा.लि. र त्रिभुवन विश्वविद्यालयबिच भएको सम्झौताको प्रकरण १४(२) अनुसार घर जग्गा कर तिर्ने, बुझाउने दायित्व

निवेदक प्रा.लि.मा रहेको देखिँदा सो सर्त प्रतिकूल हुने गरी घर जग्गा कर बुझाउने दायित्व विश्वविद्यालयमा रहन्छ भनी ठहर गर्न मिल्ने देखिँदैन।

६. लिजमा घर जग्गा लिने पक्षको कानूनी हैसियतका दृष्टिले हेर्दा पनि घर जग्गा कर भुक्तान गर्ने दायित्व लिजमा लिने पक्षमा रहने देखिन्छ। कुनै सम्पत्ति लिजको रूपमा लिनुको तात्पर्य अस्थायी रूपमा र सीमित अर्थमा सो सम्पत्तिउपरको स्वामित्व ग्रहण गर्नु हो । लिजको अवधिमा सो सम्पत्तिको वास्तविक स्वामित्ववाला (दर्तावाला) को हकमा ग्रहण (Eclipse) लाग्न पुगेको हुन्छ र लिज लिने पक्षमा अस्थायी रूपमा केही हक र दायित्व सर्न पुग्दछ । यही मान्यतालाई आत्मसात् गरेर केही नेपाल कानूनमा प्रावधानहरूसमेत समावेश भएका देखिन्छन्। भूमिसम्बन्धी ऐन, २०२१ को दफा २ (क) को देहाय (४) मा “जग्गावाला” शब्दको परिभाषाभित्र कुनै “जग्गावालाको हकको जग्गा अरू कसैले भोग वा दृष्टि बन्धकीमा लिई कानूनबमोजिम भोग चलन गरी आएको भए त्यसरी भोग चलन गरून्जेल सो व्यक्ति” लाई पनि जग्गावालाको रूपमा समेटिएको देखिन्छ। यसबाट जग्गाको वास्तविक दर्तावालालाई मात्र “जग्गावाला” वा “स्वामित्ववाला” मान्नु पर्दछ भन्ने तर्क कानूनसङ्गत देखिन आउँदैन। संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा २(घ) मा "आवास इकाइ धनी" भन्नाले यस ऐनबमोजिमको सम्झौतामा उल्लिखित सर्तहरूका अधीनमा रही आवास इकाई खरिद गर्ने, भाडा (लिज) मा लिने वा अन्य कुनै पनि किसिमले भोग गर्ने व्यक्ति वा सङ्गठित संस्था सम्झनु पर्छ” भनी लिजको विषयसमेत उल्लेख भएको देखिन्छ । बहुतल्लाका सामूहिक आवास (Multi-storied Building / Apartment / Flat) को अवधारणा, प्रयोग र तत्सम्बन्धी कानूनका दृष्टिले हेर्दासमेत जग्गाको दर्ता-स्थितिलाई नै एक मात्र निर्णायक आधार मानेर “स्वामित्ववाला” निर्धारण गर्नु तर्कपूर्ण हुने देखिँदैन । तसर्थ पनि प्रस्तुत विवादका सन्दर्भमा जग्गा लिजमा लिने निवेदक प्रा.लि.लाई घर जग्गा कर ऐन, २०१९ को दफा ४, दफा ६ समेतका कानूनको प्रयोजनका लागि “स्वामित्ववाला” भनी मान्नुपर्ने देखिन आयो।

७. छलफलका सन्दर्भमा अन्य केही दृष्टान्त पनि प्रस्तुत हुन आएको पाइयो। काठमाडौं, चाबहिल स्थित तारागाउँ विकास बोर्डले जग्गा लिजमा लिएको र घर जग्गाको कर तिर्ने गरेको छ भनी विद्वान् अधिवक्ता श्री बसन्त आचार्यले बहसका क्रममा उल्लेख गर्नुभएको छ। यसैगरी, विद्वान् वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठले ह्रास (Depreciation) कट्टीको सुविधा सम्पत्तिको स्वामित्ववालाले पाउने हो; निवेदक कम्पनीले आफूलाई स्वामित्ववालाको रूपमा प्रस्तुत गरी उल्लिखित भवनको ह्रासकट्टी दाबी गरी २०७५ साल असार मसान्तसम्मको आय-व्यय विवरण (Balance-sheet) कर कार्यालयमा पेस गरेको छ; यसरी एकातर्फ घरको ह्रासकट्टी दाबी गर्ने र अर्कोतर्फ घर जग्गा करको दायित्व रहँदैन भनी दाबी गर्ने कुरा विरोधाभाषपूर्ण छन् भनी जिकिर गर्दै बहसका क्रममा आय-व्यय विवरणको प्रतिसमेत इजलाससमक्ष पेस गर्नुभएको पाइयो । यसरी प्रस्तुत हुन आएका जिकिरहरूका सन्दर्भमा विचार गर्दासमेत निवेदक प्रा.लि.ले विवादित घर जग्गा करबाट उन्मुक्ति पाउने अवस्था देखिन आएन।

८. रिट निवेदकका पक्षबाट त्रिभुवन विश्वविद्यालय एक सेवा प्रदायक शैक्षिक संस्था भएकाले सो विश्वविद्यालयको जग्गामा कर लगाउन हुँदैन भनी जिकिर गरिएकोसमेत पाइयो । त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ जारी हुँदा सो ऐनको दफा ३३ को उपदफा (२) मा “विश्वविद्यालयले प्राप्त गरेको दान, दातव्य, अनुदान तथा अन्य आयस्रोत र विश्वविद्यालयको सम्पत्तिमा कुनै किसिमको कर लाग्ने छैन” भन्ने प्रावधान रहेकोसमेत थियो। तर उक्त प्रावधान आयकर ऐन, २०५८ द्वारा मिति २०५८/१२/१९ मा झिकिएको

(खारेज भएको) पाइयो । खारेज भइसकेको ऐनको प्रावधानलाई आधार बनाएर सुविधा प्राप्त हुन सक्तैन । त्यसमा थप के कुरा पनि विचारणीय देखिन्छ भने यदि विश्वविद्यालयबाट नै करको असुली गर्ने सन्दर्भ रहेको हुन्थ्यो भने तत् अवस्थामा सुविधाका कुनै सन्दर्भहरू विचारणीय पनि बन्ने अवस्था रहन सक्तथ्यो । यस अवस्थामा पनि कुनै शैक्षिक संस्थालाई कर लगाउने वा नलगाउने भन्ने कुरा कानूनी अख्तियारीभित्र रहेर तत्सम्बन्धी निर्धारित कानूनी प्रक्रियाअनुसार छुट वा मिनाहा दिने वा नदिने भनी सम्बन्धित निकायबाट निरूपण गरिनु पर्ने विषय देखिन्छ । केवल शैक्षिक संस्थासँग भएको सम्झौतालाई आधार मानेर घर जग्गा कर छुट हुनुपर्दछ भन्ने जिकिर उचित देखिँदैन । यसका अतिरिक्त प्रस्तुत विवादको स्थितिसमेत फरक किसिमको देखिन्छ । विवादित घर जग्गा कर विश्वविद्यालयबाट असुल गरिने नभएर विश्वविद्यालयको जग्गा लिजमा लिई भवन निर्माण गरी व्यापारिक कार्य सञ्चालन गरी आएको प्रा.लि.बाट असुल गर्नेसम्बन्धी विषय भएकाले शैक्षिक संस्थाको जग्गा हो भन्ने तर्कको आधारमा घर जग्गा करको दायित्वबाट निवेदक प्रा.लि.ले फुर्सद पाउने अवस्था देखिएन।

९. अतः निवेदक युनाइटेड विल्डर्स एण्ड इन्जिनियर्स प्रा.लि.ले त्रिभुवन विश्वविद्यालयको कि.नं. ४०२ क्षे.फ.१०-१३-३-० जग्गा लिजमा लिई भवन निर्माण गरी व्यापारिक कारोबार गरेको सन्दर्भमा निवेदक प्रा.लि.बाट घर जग्गा कर असुल गर्ने भनी काठमाडौं म.न.पा.बाट विधिसम्मत रूपमा निर्णय भएको देखिएको र सो निर्णय एवम् काम कारबाहीको कारणबाट निवेदकको कुनै पनि हक अधिकारमा आघात पुगेको नदेखिएको हुँदा निवेदन मागबमोजिम रिट आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ठहर्छ । साथै, यस अदालतबाट मिति २०६८/६/२९ मा जारी गरिएको अन्तरिम आदेशसमेत रद्द हुन्छ । दायरीको लगत कट्टा गरी, आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.सुष्मालता माथेमा

इजलास अधिकृत : सृजना गौतम
इति संवत् २०७६ साल कार्तिक १४ गते रोज ५ शुभम्।

## निर्णय नं. १०५१६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीरा खडका
माननीय न्यायाधीश श्री डम्बरबहादुर शाही
फैसला मिति : २०७६।८।८
०७१-CI-१११६

मुद्दा:- निषेधाज्ञा / परमादेश

पुनरावेदक / लिखित जवाफकर्ता : जिल्ला पर्सा, गा.वि.स. बिजबनिया वडा नं. ३ स्थित श्री नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालयसमेत

विरूद्ध

प्रत्यर्थी / निवेदिका : जिल्ला पर्सा, गा.वि.स. बिजबनिया वडा नं. ३ मा घर भई हाल जिल्ला पर्सास्थित श्री नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय, बिजबनियाको स्थायी प्राथमिक शिक्षक असमुन्ना खातुन

- **शिक्षा ऐन तथा शिक्षा नियमावली, २०५९ को दफा ३० ले अधिकार प्रदान नै नगरेको विषयमा अभिभावक भेलाको सर्वसम्मत निर्णय आधार देखाई शिक्षक सेवा आयोगको सिफारिसबमोजिम स्थायी नियुक्ति प्राप्त शिक्षकलाई पटकपटक हाजिर हुन जाँदा विद्यालयमा हाजिर नगराई फर्काउने कार्य कानूनसम्मत नदेखिने ।**

(प्रकरण नं.३)

पुनरावेदकका तर्फबाट :
निवेदिकाका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने :-
माननीय न्यायाधीश श्री कुलरत्न भुर्तेल
माननीय न्यायाधीश श्री डिल्लीराज आचार्य
पुनरावेदन अदालत हेटौंडा

आदेश

**न्या.मीरा खडका :** तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतमा पुनरावेदन परेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

तथ्य खण्ड

पर्सा जिल्ला, गा.वि.स. बिजबनिया वडा नं. ३ स्थित श्री नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय बिजबनिया शिक्षा ऐनद्वारा वर्णित एक सामुदायिक विद्यालय हो । उक्त विद्यालयको रिक्त रहेको प्राथमिक शिक्षक पदमा शिक्षक सेवा आयोग सानोठिमी भक्तपुरको च.नं. १५०२, मिति २०७१।३।२४ को सिफारिसअनुसार विपक्षी जिल्ला शिक्षा कार्यालय, पर्साबाट शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को परिच्छेद १७ नियम ९५ बमोजिम मैले स्थायी नियुक्ति पत्रसमेत मिति २०७१।६।६ मा बुझिसकेको छु। उक्त नियुक्तिपत्र लिई मिति २०७१।६।७ गते विपक्षी विद्यालयमा हाजिर हुन जाँदा विपक्षी प्रधानाध्यापकले मलाई शिक्षक हाजिरी कापीमा हाजिर नगराई जिल्ला शिक्षा कार्यालय, पर्सामा जानु भनी फिर्ता पठाई दिएबाट मैले मिति २०७१।६।८ मा विपक्षी जिल्ला शिक्षा कार्यालय, पर्सामा सो बेहोरा लिखित जानकारी गराएको हुँ ।

जिल्ला शिक्षा कार्यालयले तोकिएको विद्यालयमा नै हाजिर हुन जानु भनेकोले पुनः मिति २०७१।६।२४ गते विपक्षी विद्यालयमा स्थायी नियुक्ति पत्रसहित हाजिर हुन जाँदा विद्यालयका प्रधानाध्यापकले उक्त स्थायी नियुक्ति पत्रको पछाडि हाजिर नगराउने बेहोरा जनाई दरपिठ गरी सो नियुक्ति पत्रसहित पुनः फिर्ता पठाई दिनुभयो । त्यसपछि मैले अन्य कुनै सहारा नपाई जिल्ला प्रशासन कार्यालय, पर्सामा गई हाजिर गराई पाउँ भन्नेबारे निवेदन दिएको थिएँ ।

जिल्ला प्रशासन कार्यालय, पर्साबाट हाजिर गराउने सम्बन्धमा च.नं. ७६०, मिति २०७१।६।२८ को पत्र विपक्षी जिल्ला शिक्षा कार्यालयमा पठाई विद्यालयमा जानु भनी मौखिक निर्देशन दिएको हुँदा मैले सोही दिन विद्यालयमा हाजिर हुन जाँदा विपक्षी प्रधानाध्यापकले झन् आक्रोषित भई विद्यालयमा हाजिर नगराउनेसमेतको ठाडो जवाफ दिई विद्यालय हाताभित्रबाट प्रवेशमा रोक लगाउनु भयो । मलाई जिल्ला शिक्षा कार्यालय, पर्साको पत्रानुसार विद्यालयमा हाजिर गराउने दायित्व शिक्षा नियमावली, २०५९ को नियम ९४ को देहाय (व) बमोजिम विपक्षी विद्यालयका प्रधानाध्यापकको हो । अतः विपक्षीहरूले कानूनी दायित्व पूरा नगरेबाट निवेदिकाको नागरिक

अधिकार ऐन, २०१२ को दफा ३, ४, ५(क), ६(७), १२, १३, १७ द्वारा प्रदत्त अधिकारसमेत कुण्ठित हुन जाने भएकोले स्थायी नियुक्ति पत्रसहित प्रवेश गर्नमा बाधा अवरोध नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेशसहितको निषेधाज्ञाको आदेश जारी गरिपाऊँ । साथै नियुक्ति पत्रबमोजिम मलाई विद्यालयमा हाजिरी गराई शिक्षण पेसा रोजगार गर्न दिनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदिका असमुन्ना खातुनको निवेदनपत्र।

यसमा के कसो भएको हो ? निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन ? त्यस्तो आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए सोसमेत उल्लेख गरी कानूनबमोजिम सूचना म्याद तामेल भएको मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १ र २ को हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत र विपक्षी नं. ३ र ४ को हकमा पुनरावेदन सरकारी वकिल कार्यालय, हेटौंडामार्फत लिखित जवाफ पेस गर्नु होला भनी विपक्षीहरूका नाममा यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी सूचना म्याद जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। यसमा निवेदिकाले अन्तरिम आदेश जारी गरिपाउँ भनी माग गर्नुभएको सम्बन्धमा विचार गर्दा अन्तरिम आदेश जारी नगर्दा निवेदिकालाई अपूरणीय क्षति हुन सक्ने अवस्था निवेदनको बेहोराबाट देखिन नआएकोले हाललाई निवेदिकाको मागबमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने देखिन आएन। कानूनबमोजिम गर्नु भन्ने पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।७।३ मा भएको आदेश।

जिल्ला पर्सा, गा.वि.स. बिजबनिया वडा नं. ३ स्थित श्री नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय, बिजबनिया सञ्चालन गर्न गाउँ घरका जनताहरू र अभिभावकहरूको सहयोगमा निज अभिभावकहरूको केटाकेटीहरूलाई पठन पाठन गराउने उद्देश्यले अभिभावकहरूको सर्वसहमतिबाट नै सञ्चालन गरिएको हो । अभिभावकहरूको दबाबको कारणबाट निवेदिकालाई विद्यालयमा हाजिर नगराएको हो। उक्त विद्यालयका अभिभावकहरूको मिति २०७१।६।२६ मा भेला बसेकोमा सो भेलाबाट निवेदिकालाई यस विद्यालयमा हाजिर नगराउने सर्वसहमतिबाट निर्णय भएको हुँदा सोही निर्णयअनुसार नै निवेदिकालाई हाजिर नगराइएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको श्री नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय बिजबनिया तथा उक्त विद्यालयका प्रधानाध्यापकसमेतको लिखित जवाफ।

जिल्ला प्रशासन कार्यालय, पर्साको च.नं. ७६०, मिति २०७१।६।२८ को पत्रबाट निजलाई हाजिर गराउन पत्र लेखिआएकोमा निजलाई नियुक्ति प्रदान गरिएको विद्यालयमा मिति २०७१।७।२६ गतेका दिन विद्यालयसँग आबद्ध भएका केही अभिभावकहरू भेला भई हाजिर नगराउन सर्वसम्मत निर्णय गरेको र निर्णय प्रतिलिपि कार्यालयमा प्राप्त भएकोमा वातावरण सामान्य बनाई निजलाई हाजिर हुन पठाउन कार्यालयले पहल गरिरहेको बेला निज विपक्षी असमुन्ना खातुनले सम्मानित अदालतमा रिट दायर गरेको हुनाले विद्यालयसँग आबद्ध अभिभावक (समुदाय) बिच तनाव बढ्ने अवस्था देखिएकोमा समुदायबिचको तनावलाई सामान्य बनाउन कार्यालयले समय नभ्याएकोले कार्यालयबाट ताकेता गर्दा अभिभावक (समुदाय) बिच तनाव बढ्ने अवस्था देखिएकोले निजलाई पुनः सम्झाई बुझाई सहज वातावरण कायम गरी हाजिर हुन पठाइएको हो। निजले लगाएको आरोप कपोलकल्पित र झुठ्ठा भएकोले बदर गरिपाउँ भन्नेसमेत बेहोराको जिल्ला शिक्षा कार्यालय, पर्सा तथा आफ्नो हकमा समेत जिल्ला शिक्षा अधिकारी बरखुप्रसाद रजकको लिखित जवाफ।

शिक्षा आयोगको प्रतिस्पर्धात्मक परीक्षाद्वारा

छनौट भई जिल्ला शिक्षा कार्यालय, पर्साको च.नं. ८६६, मिति २०७१।६।५ को नियुक्ति पत्र प्राप्त गरी नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय, बिजबनियाको प्राथमिक शिक्षक पदमा नियुक्त भएकी निवेदिका असमुन्ना खातुनलाई उक्त नियुक्ति पत्रसहित विद्यालयमा प्रवेश गर्न कुनै बाधा अवरोध नगर्नु, नगराउनु भनी न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) बमोजिम विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेशसहित निवेदिकालाई प्रस्तुत आदेशको प्रतिलिपि प्राप्त मितिले २४ घण्टाभित्र विद्यालयमा हाजिर गराई नियुक्तिबमोजिमको अध्यापन गर्ने गराउने पेसा रोजगार दिनु दिलाउनु भनी विपक्षी नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय, बिजबनिया एवं प्रधानाध्यापक विपक्षी सराजुल मिया गदीसमेतका नाउँमा न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) बमोजिम नै परमादेशको आदेशसमेत जारी गरिदिएको छ । साथै अभिभावक भेलाको गैरकानूनी निर्णयको बहानामा स्थायी शिक्षिका निवेदिकालाई विद्यालयमा हाजिर गराई अध्यापन गर्ने गराउने कार्यमा प्रत्यक्ष रूपमा अवरोध गर्ने नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय, बिजबनियाका प्रधानाध्यापक सदाजुल मिया गदीलाई प्रचलित शिक्षा ऐन तथा नियमावलीसहितको सम्बद्ध सेवा सर्तसम्बन्धी कानूनअनुसार जो जे कारबाही गर्नुपर्ने हो यो आदेश प्रतिलिपि प्राप्त भएको मितिले एकमहिनाभित्र कारबाही गरी गराई सोको लिखित जानकारीसमेत यस अदालतलाई दिनु र अब उप्रान्त यसप्रकारका अवस्थाहरू देखिन आएमा तत्काल जिल्ला शिक्षा कार्यालयमा काज हाजिरका रूपमा राखी कानूनबमोजिम गरी समस्या समाधान गर्नु गराउनु भनी जिल्ला शिक्षा कार्यालय, पर्सा एवम् सम्बन्धित जिल्ला शिक्षा अधिकारीका नाउँमा निर्देशनात्मक आदेशसमेत जारी गरिएको छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।९।३० मा भएको आदेश।

नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय, बिजबनियामा एक जना शिक्षिका दिपमाला कुमारीको दरबन्दी रही कार्यरत रहकोमा निजको अन्यत्र सरूवा भएको सम्बन्धमा मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयलमा निवेदन परी कारबाही अगाडि बढाई अब उपरान्त यस्तो सरूवा नगर्नु नगराउनु भनी जिल्ला शिक्षा कार्यालयलाई निर्देशनसमेत जारी गरेको अवस्थामा उक्त ठाउँमा निवेदिकालाई दरबन्दीसहित नियुक्त गरेकोले निजलाई हाजिर गराउने सम्बन्धमा जिल्ला शिक्षा कार्यालय, पर्सासँग समन्वय गरी आवश्यक निकासा दिन आग्रह गरी आएको थिएँ। सोही समयमा विपक्षीले रिट निवेदन दायर गर्नुभएको रहेछ। म पुनरावेदकले जिल्ला शिक्षा कार्यालयको निर्देशनको कुनै अवज्ञा गरेको पनि होइन । शिक्षा नियमावली, २०५९ को नियम ९४ मा विद्यालयको शैक्षिक वातावरण गुणस्तर कायम राख्ने विद्यालयको शिक्षक कर्मचारीसमेतसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरूबिच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने काम, कर्तव्य प्रधानाध्यापकको हुने भन्ने व्यवस्था छ । म पुनरावेदकले निवेदिकाको नियुक्ति र पदस्थापन सम्बन्धमा जिल्ला शिक्षा कार्यालयको सम्पर्कमा रही निकासा माग गरिरहेको अवस्थामा विद्यालयको विषम परिस्थितिउपर कुनै विचार नै नगरी मलाई कारबाहीसमेत गर्नु भनी जारी भएको आदेश कानूनसङ्गत नभएको हुँदा पुनरावेदन अदालत हेटौंडाको फैसला उल्टी गरी विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको सराजुल मिया राउत गदीले यस अदालतमा दायर गरेको पुनरावेदनपत्र।

ठहर खण्ड

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्रसहितको सम्पूर्ण मिसिल अध्ययन गरी विचार गर्दा, यसमा पुनरावेदन अदालत हेटौंडाबाट

मिति २०७१।९।३० मा भएको आदेश मिलेको छ वा छैन ? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

निर्णयतर्फ विचार गर्दा, पर्सा जिल्ला, गा.वि.स. बिजबनिया वडा नं. ३ स्थित श्री नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालयमा रिक्त रहेको प्राथमिक शिक्षक पदमा शिक्षक सेवा आयोगको सिफारिसअनुसार विपक्षी जिल्ला शिक्षा कार्यालय, पर्साबाट मैले स्थायी नियुक्ति लिई विपक्षी विद्यालयमा हाजिर हुन जाँदा विपक्षी विद्यालयसमेतले हाजिर नगराएकोले निवेदिकालाई विद्यालयमा हाजिरी गराई शिक्षण पेसा रोजगार गर्न दिनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञासहितको परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत निवेदन दाबी रहेको देखियो । उक्त विद्यालयका अभिभावकहरूको मिति २०७१।६।२६ मा बसेको भेलाबाट निवेदिकालाई उक्त विद्यालयमा हाजिर नगराउने सर्वसम्मत निर्णय भएको हुँदा सोही निर्णयअनुसार नै निवेदिकालाई हाजिर नगराइएको हो भन्नेसमेत बेहोराको विपक्षी विद्यालयसमेतको लिखित जवाफ रहेकोमा तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट निवेदन मागबमोजिम निर्देशनात्मक आदेशसहित परमादेश जारी गरेको देखियो । उक्त आदेशउपर चित्त नबुझाई विपक्षी सराजुल मियासमेतको प्रस्तुत पुनरावेदन पर्न आएको रहेछ।

पुनरावेदकको पुनरावेदनपत्रमा मूलतः म पुनरावेदकले निवेदिकाको नियुक्ति र पदस्थापन सम्बन्धमा जिल्ला शिक्षा कार्यालयको सम्पर्कमा रही निकासा माग गरिरहेको अवस्थामा विद्यालयको विषम परिस्थितिउपर कुनै विचार नै नगरी मलाई कारबाहीसमेत गर्नु भनी जारी भएको आदेश कानूनसङ्गत नभएको हुँदा पुनरावेदन अदालत हेटौंडाको फैसला उल्टी गरी विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत जिकिर लिएको देखियो।

२. अब उपर्युक्त पुनरावेदन जिकिरतर्फ विचार गर्दा शिक्षक सेवा आयोगको प्रतिस्पर्धात्मक परीक्षाबाट सफल भएकी निवेदिकालाई रिक्त रहेको प्राथमिक स्तरको शिक्षिका पदमा स्थायी नियुक्ति दिएको भन्ने निवेदनसाथ संलग्न जिल्ला शिक्षा कार्यालयको च.नं. ८६६ मिति २०७०।०६।०५ को नियुक्ति पत्रको प्रतिलिपिबाट देखिन्छ । विपक्षी नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय, बिजबनियामा प्रा.वि. स्तरको शिक्षक पद रिक्त रहेको भन्ने तथ्यलाई यी पुनरावेदकले इन्कार गर्न सकेको देखिँदैन । अभिभावकहरूको भेलाबाट निवेदिकालाई उक्त विद्यालयमा हाजिर नगराउने सर्वसम्मत निर्णय भएको हुँदा सोही निर्णयअनुसार नै निवेदिकालाई हाजिर नगराइएको हो भन्ने कुरा यी पुनरावेदकले पेस गरेको लिखित जवाफमा उल्लेख गरेको देखियो। यसै सन्दर्भमा उक्त अभिभावकको भेलाबाट भएको उपर्युक्त निर्णयको वैधानिकता सम्बन्धमा सोसँग सम्बन्धित कानूनी व्यवस्था यहाँ उल्लेख गर्न सान्दर्भिक हुने देखियो।

३. शिक्षा नियमावली, २०५९ नियम ३० मा रहेको "शिक्षक अभिभावक सङ्घ" सम्बन्धी व्यवस्थाले विद्यालयमा "शिक्षक अभिभावक सङ्घ" रहने र सो सङ्घको कार्य समितिले विद्यालय शिक्षाको गुणस्तर कायम गर्ने गराउनेसमेतका कार्यहरूमा विद्यालयलाई आवश्यक सहयोग गर्ने र सुझाव दिनेसम्मको अधिकार प्रदान गरेको भए पनि अभिभावकको भेलाले शिक्षक सेवा आयोगबाट सिफारिस भई स्थायी नियुक्ति प्राप्त गरी विद्यालयमा हाजिर हुन आएको कुनै शिक्षिकालाई हाजिर गराउने वा नगराउने निर्णय गर्ने वा प्रधानाध्यापकलाई सो सम्बन्धमा निर्देशन दिने अधिकार दिएको देखिँदैन । यसरी शिक्षा ऐन तथा नियमावलीले अधिकार प्रदान नै नगरेको विषयमा अभिभावक भेलाको सर्वसम्मत निर्णय आधार देखाई शिक्षक सेवा आयोगको सिफारिसबमोजिम स्थायी नियुक्ति प्राप्त शिक्षक निवेदिकालाई पटकपटक हाजिर

हुन जाँदा विद्यालयमा हाजिर नगराई फर्काउने यी पुनरावेदकसमेतको कार्य कानूनसम्मत देखिन आएन।

४. तत्काल बहाल रहेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ को उपधारा (३) को खण्ड (च) ले नेपाली नागरिकलाई कुनै पेसा, रोजगार उद्योग र व्यापार गर्ने स्वतन्त्रताको हक प्रत्याभूत गरेको देखिन्छ भने शिक्षा नियमावली, २०५९ को नियम ९५ को उपनियम (१) मा *आयोगबाट नियुक्तिको लागि सिफारिस भएको उम्मेदवारलाई जिल्ला शिक्षा अधिकारीले सिफारिस प्राप्त भएको मितिले तीस दिनभित्र नियुक्ति दिनुपर्ने र त्यसरी नियुक्त शिक्षकले नियुक्ति पत्र बुझेको मितिले पन्ध्र दिनभित्र सम्बन्धित विद्यालयमा हाजिर हुनुपर्ने* गरी स्पष्ट कानूनी व्यवस्था गरेकोसमेत देखिन्छ । यसरी कानूनबमोजिम नियुक्ति पत्र प्राप्त गरेको शिक्षकलाई पदस्थापन गरिएको विद्यालय वा सो विद्यालयको प्रधानाध्यापकले कानूनी अधिकारबिना स्वेच्छाचारी रूपमा हाजिर नगराउने हो भने नागरिकको उक्त पेसा, रोजगार उद्योग र व्यापार गर्ने मौलिक हकबाट वञ्चित हुनाको साथै शिक्षा ऐन र नियमावलीले गरेको कानूनी व्यवस्थासमेत औचित्यहीन हुन पुग्ने देखिन्छ।

५. कुनै सार्वजनिक निकाय वा पदाधिकारीले कानूनबमोजिम आफूलाई तोकिएको दायित्व र जिम्मेवारी पूरा नगरेको कारणबाट कसैको कानून प्रदत्त हक अधिकारमा आघात पुगेको अवस्थामा त्यस्तो सार्वजनिक निकाय वा पदाधिकारीलाई कानूनबमोजिमको दायित्व पूरा गर्न लगाई व्यक्तिको त्यस्तो कानून प्रदत्त हक अधिकारको प्रचलन गराउन परमादेशको आदेश जारी गर्ने गरिन्छ । त्यसैगरी कुनै पनि व्यक्तिको कानून प्रदत्त हक अधिकारमा आघात पुग्ने प्रबल आशंकाको विद्यमानता रहेको अवस्थामा त्यसलाई रोक्न निषेधाज्ञाको आदेश जारी गरी व्यक्तिको त्यस्तो कानून प्रदत्त हक अधिकारउपर आघात पुग्न नदिनु निषेधाज्ञाको मूल उद्देश्य हो । प्रस्तुत मुद्दाको सन्दर्भमा प्रत्यर्थी निवेदिका शिक्षक सेवा आयोगबाट कानूनबमोजिम लिइएको प्राथमिक विद्यालयको शिक्षकको परीक्षा उत्तीर्ण भई जिल्ला शिक्षा कार्यालयबाट मिति २०७१।६।५ को नियुक्ति पत्रसमेत प्राप्त गरी नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय बिजबनियामा प्रा.वि. स्तरको तृतीय श्रेणीको शिक्षक पदमा पदस्थापना भइसकेको अवस्थामा कानूनबमोजिमको अवधिभित्र विद्यालयमा हाजिर हुन गएकी निवेदिकालाई हाजिर गराई अध्यापनको कार्यमा लगाउने कानूनी कर्तव्य सो विद्यालयका प्रधानाध्यापक यी पुनरावेदकको हो । निवेदिका स्थायी नियुक्तिपत्र लिई सो विद्यालयमा हाजिर हुन जाँदा यी पुनरावेदकले सो नियुक्तिपत्रको पछाडि हाजिर नगराउने बेहोरा जनाई नियुक्तिपत्र नै फिर्ता गरेको भन्ने निवेदिकाले निवेदनसाथ पेस गरेको नियुक्तिपत्रको पछाडि उल्लिखित बेहोराबाट देखिन्छ भने यी पुनरावेदक स्वयंले स्थायी नियुक्ति प्राप्त निवेदिकालाई हाजिर गर्न र अध्यापन गर्न नदिएको कुरालाई पुनरावेदनपत्र तथा लिखित जवाफमा समेत स्वीकारेकै पाइन्छ । यसरी प्रधानाध्यापक जस्तो पदमा आसीन व्यक्तिले शिक्षा ऐन तथा नियमावलीबमोजिम आफूलाई सुम्पेको कर्तव्य र दायित्वको पालना गरी आफ्नो पदीय मर्यादामा रहनुपर्ने व्यक्तिले कानूनले सुम्पेको कर्तव्य तथा दायित्व पूरा नगरेबाट निवेदिकाको संविधान तथा नागरिक अधिकार ऐनद्वारा प्रदत्त पेसा रोजगार गर्न पाउने हक अधिकारमा आघात पुग्न जाने स्थिति रहन गएको देखिन्छ । यस्तो अवस्थामा निवेदिकाको उक्त हक अधिकार संरक्षण गर्न तथा कानूनले सुम्पेको कर्तव्य पूरा नगरी आफ्नो पदीय मर्यादासमेत कायम नगर्ने यी पुनरावेदकलाई शिक्षा ऐन तथा नियमावली शिक्षा ऐन तथा नियमावलीसहितको सम्बद्ध सेवा सर्तसम्बन्धी कानूनअनुसार जो जे कारबाही गर्नुपर्ने हो कारबाही गरी गराई सोको लिखित जानकारीसमेत अदालतलाई दिनु भन्नेसमेत बेहोराको निर्देशनात्मक आदेशसहितको

निषेधाज्ञायुक्त परमादेश जारी गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको फैसला कानूनसम्मत नै देखिन आयो ।

६. अतः माथि विवेचित तथ्य, आधार र कारणसमेतबाट यी पुनरावेदकसमेतको गैरकानूनी कार्य र गैरजिम्मेवारपूर्ण व्यवहारले निवेदिकाको पेसा रोजगार गर्नेलगायतका हक अधिकार हनन हुन गएको र निवेदिकालाई हाजिर नगर्ने नगराउने आशंकाको स्थितिसमेत विद्यमान रही रहेको अवस्थामा तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।९।३० मा निर्देशनात्मक आदेशसहितको निषेधाज्ञायुक्त परमादेश जारी गर्ने गरी भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक सराजुल मिया राउत गदीसमेतको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. डम्बरबहादुर शाही

इजलास अधिकृत : भगवती शर्मा ढुंगाना
इति संवत् २०७६ साल मङ्सिर ८ गते रोज १ शुभम् ।

## निर्णय नं. १०५१७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
फैसला मिति : २०७६।९।९

मुद्दा : ठगी

०७०-CR-०२९३

पुनरावेदक / वादी : जिल्ला रौतहट, पिपरिया दोस्तिया गाउँ विकास समिति, वडा नं. ६ स्थित श्री शिवशंकर प्रा.वि.का प्रधानाध्यापक जगतकिशोर मल्लिकसमेतको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला रौतहट, गौर नगरपालिका वडा नं. ९ बस्ने विन्देश्वरप्रसाद केशरीसमेत

०७१-CR-०४१६

पुनरावेदक / प्रतिवादी : जिल्ला रौतहट, गौर नगरपालिका, वडा नं. २ घर भई राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय गौरका खजान्ची राजेशप्रसाद जैसवाल

विरूद्ध

प्रत्यर्थी / वादी : जिल्ला रौतहट, पिपरिया दोस्तिया गाउँ विकास समिति, वडा नं. ६ स्थित श्री शिवशंकर प्रा.वि.का प्रधानाध्यापक जगतकिशोर मल्लिकसमेतको जाहेरीले नेपाल सरकार

- **ठगीको महलअन्तर्गतको कसुर सरकारवादी भई चल्ने मुद्दासमेत हुँदा**

**उक्त महलअन्तर्गत सरकारले अभियोगपत्र दायर गरेको स्थितिमा सो ठगीको महलको १ नं. अनुसार मुद्दा चलाउन मिल्दैन; बैंकिङ (कसुर र सजाय) ऐन, २०६४ अन्तर्गत मुद्दा चलाउनु पर्छ भनी मुद्दा नै खारेज गर्न नमिल्ने।**

(प्रकरण नं.२)

- **अपराधको मात्रानुसार सजायको निर्धारण गर्नुपर्दछ। ठूलो अपराध गर्ने र तुलनात्मक रूपमा सानु अपराध गर्ने अपराधीलाई एउटै सजाय गर्नु न्यायसङ्गत हुँदैन। त्यसकारण सजाय निर्धारण गर्दा अपराधको गम्भीर्य, अपराध गर्दाको परिस्थिति र प्रचलित कानूनी व्यवस्था हेर्नुपर्ने।**

(प्रकरण नं.७)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री राजेन्द्र सिंह भण्डारी

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री रामप्रसाद भट्टराई, विद्वान् अधिवक्ता श्री सतिश झा, श्री प्रसन्न कृष्णदास

अवलम्बित नजिर :

- ने.का.प.२०७१, अङ्क १२, नि.नं.९३१०

सम्बद्ध कानून :

- फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- बैंकिङ (कसुर र सजाय) ऐन, २०६४

सुरू तहमा फैसला गर्नेः

मा. जिल्ला न्यायाधीश श्री गिरिराज गौतम

रौतहट जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी

मा. न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

पुनरावेदन अदालत हेटौंडा

फैसला

**न्या.हरिप्रसाद फुयाल :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

शिवशंकर प्रा.वि. भिमडावर, वडा नं. ६ को नाउँमा राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय गौरमा म प्रधानाध्यापक जगतकिशोर मल्लिक र समितिका सदस्य गोपाल साहको संयुक्त हस्ताक्षरबाट खा.नं. ९५८(ख) को खाता सञ्चालन भई सो खाताबाट विद्यालयले सम्पूर्ण आर्थिक कारोबार गर्दै आइरहेको क्रममा बैंकबाट मिति २०६६।२।२५ गतेका दिन २०३३१३५१ देखि ०३३१३७५ नं. सम्मको २५ थान चेकबुक विद्यालयले प्राप्त गरेकोमा सोही चेकमध्येका चेक नं. ०१३३१३५९ बाट रू. १२,५००।- हामी निवेदकमध्येका म प्र.अ. जगतकिशोर मल्लिकले मिति २०६६।४।२२ गतेका दिन बैंकबाट भुक्तानी लिएको, राजदेव राय यादवलाई चेक नं. ०३३१३६१ को चेकबाट रू. १,५२,०००।- भुक्तानी बुझी लिई मिति २०६६।५।१ गतेका दिन बैंकमा पठाउँदा खातामा रू. ८,०००।- घटी रहेको कुरा टोकन दिने विपक्षी बैंकको कर्मचारीबाट बुझ्न आएकोले सोही समय घटी रकम विद्यालयको खातामा म प्र.अ. जगतकिशोर मल्लिकले जम्मा गरेपछि राजदेव राय यादवलाई चेक नं. ०३३१३६१ को भुक्तानी भएको र सोही मिति २०६६।५।१ गतेमा नं. ०६६ श्रावण महिनामा बैंकबाट विद्यालयले गरेको आर्थिक कारोबार बैंक स्टेटमेन्ट लिँदा सोही स्टेटमेन्टमा मिति २०६६।४।१२ गतेका दिन चेक नं. ०३२८३५२ बाट मोहनकुमारले विद्यालयको खाताबाट रू. २,५०,०००।- भुक्तानी लिएको हो। उक्त श्री शिवशंकर प्रा.वि. भिमडावर वडा नं. ६ को राष्ट्रिय वाणिज्य बैंक

गौर शाखामा सञ्चालन चल्ती हिसाब नं. ९५८/२(ख) को खाताको सरकारी रकम झिक्ने खाने मनसायले विपक्षी बैंकका कर्मचारीहरू मिली फर्जी लेटरप्याड किर्ते छाप मोहर किर्ते हस्ताक्षरको आधारमा आफ्नो गुटमेलका व्यक्तिलाई विद्यालयको चेक प्रदान गरी सो चेकबाट किर्ते छाप मोहर किर्ते हस्ताक्षर सबै बैंक कर्मचारीहरूले सदर गरी विद्यालयको खाताबाट त्यति ठुलो रकम रू. २,५०,०००।- रूपैयाँ झिकी झिकाई बाँडी चुँडी खाएकोले विपक्षीहरूउपर कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको प्र.अ. जगतकिशोर मल्लिकसमेतको जाहेरी दरखास्त।

राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, गौरले जिल्ला प्रशासन कार्यालय, रौतहटलाई पत्राचार गर्दा रू.२,५०,०००।- रकम भुक्तानी भएको चेक सम्बन्धमा उक्त चेक मोहनकिशोर मल्लिकको नाउँमा खिचिएको र सो चेक बैंकमा अनिल यादव चेकपछाडि लेखी टोकन लगेको र सो टोकनको आधारमा टोकन लिने व्यक्तिले भुक्तानी दिई गएको, उक्त चेकको दस्तखत जाँच गर्ने कर्मचारी स. पाँचौं ओमप्रसाद खनाल रहनु भएको तथा रकम भुक्तानी दिने कर्मचारी खजान्ची राजेशप्रसाद जयसवाल रहनु भएको भन्नेसमेत बेहोराको च.नं. २१७, मिति २०६६।५।१२ को पत्र।

जिल्ला रौतहट, गा.वि.स. पिपरिया (दो.) भीमडावर, वडा नं. ६ स्थित शिवशंकर प्राथमिक विद्यालयलाई विद्यालय भवन निर्माणका लागि जिल्ला शिक्षा कार्यालयमार्फत स्वीकृत बजेट करिब रू. ५,५०,०००।- मध्ये दोस्रो किस्तामा प्राप्त रकमबाट सो रकम अनियमित तवरले निकाली भ्रष्टाचार गरेको भन्ने विद्यालयको दाबी रहेको बैंकमा हस्ताक्षर गर्नेमा सहायक पाँचौं ओमप्रसाद खनाल (५५३६), चेकवुक ISSUE गर्नेमा सहायक पाँचौं विन्देश्वरीप्रसाद केशरी (५३४३), रकम भुक्तानी दिने खजान्ची राजेशप्रसाद जयसवाल (५१७०) रहेको भनी बैंकबाट लेखी आएको छ। प्रस्तुत केशमा विद्यालयको लेटरप्याड, छाप र प्रकृति हेर्दा जे जुन प्रकारले भए पनि सार्वजनिक संस्थाको रू. २,५०,०००।- रकम निकाली हिनामिना गरी भ्रष्टाचारजन्य कार्य गरेको देखिन आएकोले निजहरूउपर कानूनी कारबाहीको लागि सक्कलै केस फायल पठाएको छ भन्नेसमेत बेहोराको जिल्ला प्रशासन कार्यालय, रौतहट गौरको पत्र।

प्रतिवादी ओमप्रसाद खनालले दस्तखत नमुना कार्डमा चेक नं. C/४३ ०३२८३५२ नं. को चेकबाट रू. २,५०,०००।- रूपैयाँ झिकेको तर चेक र दस्तखत नमुनासमेतको हस्ताक्षर एक आपसमा मेल नखाएको भए तापनि निज प्रतिवादीले चेक ठीक छ भनी दस्तखत गरी दिएको।

किर्ते ठगीको वारदात मैले गरेको छैन। तर मैले चेकमा भएको दस्तखत र उक्त हिसाब नं. को नमुना कार्ड भएको हस्ताक्षर जाँच गर्दा ठीक होला भनी मैले चेकमा सही गरी भुक्तानी दिनु भनी पठाएको हुँ। सो चेक तथा दस्तखत नमुना कार्डमा भएको सहीछाप एक आपसमा मेल नखाएकोले आषाढ महिनाको भिड भएको कारणबाट ठीकै छ भनी सहीछाप गरी पठाएको हुँ। सो भुक्तानी खजान्ची राजेशप्रसाद जयसवालले नै दिएको हुनुपर्छ। मेरो अधिकारक्षेत्र रू.५०,०००।- देखि रू.१,००,०००।- सम्म मात्र दिने हो। उक्त चेकमा ठीक छ भनी मैले सही गरेको हुँदा उक्त सही हेरी पहिचान गरी सनाखत गरी दिएँ भन्नेसमेत बेहोराको प्रतिवादी ओमप्रसाद खनालले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

किर्ते ठगीको वारदात मैले गरेको होइन, छैन। प्रतिवादी मोहनप्रसाद केशरी गा.वि.स. सचिव पैसा निकाल्न आउँदा मैले राम्रैसँग चिन्दछु। चेक लिन आउने मानिसलाई मैले चिन्दिन भन्नेसमेत बेहोराको प्रतिवादी विन्देश्वरीप्रसाद केशरीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

म पिपरिया दोस्तीया गा.वि.स. मा कार्यरत रहेको अवस्थामा सोही गाउँका नेपाली कांग्रेसका

हृदयनारायण यादवले मसँग बचेको रकमबाट रू. ५,००,०००।- जबरजस्ती माग गर्दै आएकोमा मैले उक्त रकम नदिएको कारणले मलाई बारम्बार धम्काउने डर त्रास देखाउँदै आउनु भएको थियो। मैले किर्ते गरी ठगी गरेको होइन छैन भन्नेसमेत बेहोराको प्रतिवादी मोहनप्रसाद केशरीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

जिल्ला शिक्षा कार्यालय रौतहट गौरबाट यस श्री शिवशंकर प्रा.वि. भिमडावर, वडा नं. ६ को लागि परियोजनाबाट निर्माणको लागि दोस्रो पटक जम्मा रू. २,५०,०००।- र ऐ. गा.वि.स. बाट विद्यालयको खातामा रहेको रकमसमेतबाट ऐ. गा.वि.स. का तत्कालीन सचिव प्रतिवादी मोहनप्रसाद केशरीले राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय गौरका कर्मचारी राजेशप्रसाद जयसवाल, ओमप्रसाद खनाल, विन्देश्वरीप्रसाद केशरीसमेतका कर्मचारीहरू मिलोमतो गरी चेक हराएको भनी किर्ते पत्र बनाई अर्को नयाँ चेकबुक निकाली नयाँ चेक C/४३०३२८३५२ नं. को चेकबाट खाता नं. ९५८/२ ख बाट मिति २०६६।३।१९ गते किर्ते सहीछाप गरी उक्त रकम नगद रू. २,५०,०००।- रूपैयाँ निकाली ठगी गरेका हुन्। म मिति २०६६।४।१२ गतेका दिन बिहान ११:३० बजेको समयमा राष्ट्रिय वाणिज्य बैंक गौरमा नै थिएँ। यी प्रतिवादी सचिव मोहनप्रसाद केशरीले प्रतिवादी राजेशप्रसाद जयसवाल, ओमप्रसाद खनाल र विन्देश्वरीप्रसाद केशरीसमेतले मिलोमतोमा किर्ते सहीछाप गरी ठगी गरी बैंकबाट रूपैयाँ निकालेको म आफ्नै आँखाले नै देखेको हुँ। यी प्रतिवादीहरूले किर्ते गरी पैसा बैंकबाट निकाली ठगी गरेको ठीक साँचो हो भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्काका मानिसहरू तथा कागज गर्ने हरिनारायणप्रसाद यादवसमेतका मानिसहरूले गरिदिएका एकै मिलानको कागज।

मिति २०६६।४।१२ गते अं. ११:३० बजेको समयमा म राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय गौरमा काम विशेषले गएको थिएँ। पक्राउमा परी आएका प्रतिवादी मोहनप्रसाद केशरी, विन्देश्वरीप्रसाद केशरी, ओमप्रकाश खनाल र हालसम्म फरार रहेका प्रतिवादी राजेशप्रसाद जयसवालसमेतका प्रतिवादीहरूले एकआपसमा कुराकानी गरी रकम निकाल्ने सल्लाह गरेको मैले प्रत्यक्ष रूपमा देखेको हुँ। त्यसपश्चात् प्रतिवादी मोहनप्रसाद केशरीले मलगायतका मेरै गाउँका मानिसहरूलाई देख्नासाथ किन बैंकमा आउनु भएको छ भनी मलाई सोध्दा मैले काम विशेषले आएको हुँ भनी प्रतिवादीलाई भनेको थिएँ। यी प्रतिवादीले नै चेकबुक हराएको भन्ने किर्ते पत्र बनाई नयाँ चेकबुक निकाली चेक नं. C/४३०३२८३५२ नं. को खाता नं. ९५८/२ ख बाट नगद रू. २,५०,०००।- चेकसमेतमा किर्ते गरी सबै प्रतिवादीहरू मिली उक्त रूपैयाँ झिकी ठगी गरी रूपैयाँ निकालेका हुन्। निज प्रतिवादी मोहनप्रसाद केशरीसँग मैले कुनै प्रकारको रूपैयाँ माग गरेको थिइनँ। निज प्रतिवादीसँग कुनै रिसइवी, चिनजान थिएन, छैन। निज प्रतिवादी मेरै गा.वि.स. को सचिव भएकोले म राम्रोसँग चिन्दछु। म नेपाली कांग्रेस पार्टीको कार्यकर्ता हुँ। यी प्रतिवादीहरू मिली ठगी गरेको ठीक साँचो हो भन्नेसमेत बेहोराको पूर्व गा.वि.स. अध्यक्ष हृदयनारायण यादवले गरेको कागज।

मिति २०६६।३।१९ गतेका दिन बिहान ५.०० बजेको समयमा म जग्गा जमिनको प्रमाणित गराउने उद्देश्यले गा.वि.स. का सचिव मोहनप्रसाद केशरीको घर आउने क्रममा गरूडा बजारमा आई बस गाडी समाती गौरमा आइसकेपछि निज प्रतिवादी मोहनप्रसाद केशरीको घरमा आइपुग्दा घरको ढोकाबाट बोलाउँदा पूर्व मोहडाको ढोकानिर दक्षिण साइडमा रहेका कोठाबाट सचिव साहेबले को हो, किन आएको हो भन्दा मैले जग्गा जमिनसम्बन्धी प्रमाणित गराउनु पर्ने छ त्यसैको लागि आएको हुँ भन्दा तिमी बाहिर बस मेरो बैंकका गेष्टहरू आउनु भएको छ वहाँसँगै कुराकानी

गरी बसिरहेको छु भनी मलाई भनेकोमा म सोही घरदेखि बाहिर उभिई रहेको थिएँ। कोठाका झ्यालहरू खुल्ला थियो। सोही झ्यालबाट हेर्दा मैले पहिलादेखि नै चिनी राखेको पक्राउमा परी आएका बैंकका कर्मचारी विन्देश्वरीप्रसाद केशरी, ओमप्रसाद खनाल तथा फरार रहेका बैंक कर्मचारी प्रतिवादी राजेशप्रसाद जयसवाल तथा प्रतिवादी सचिव मोहनप्रसाद केशरीसमेतले चिया खाँदै गफ गरी बसिरहेका थिए। प्रतिवादी सचिव मोहनप्रसाद केशरीले यिनीहरूलाई मैले आफ्नो गा.वि.स.मा रहेको शिवशंकर प्रा.वि. मा गा.वि.स. बाट पनि पैसा दिएको छु र जिल्ला शिक्षा कार्यालय, रौतहटबाट निर्माणको लागि पैसा निकासा भई आएको छ स्कुलको खाता नं. मलाई थाहा छ। चेकबुक हराएको भनी लेटरपैड बनाई अर्को चेकबुक निकाली रू.२,५०,०००।- निकाल्नु पर्छ सोबाट आउने अर्थात् रू.२,५०,०००।- बाट हामी सबैले भागबन्डा गरी खानुपर्छ भन्दा अन्य प्रतिवादीहरूले हुन्छ भनी सबै प्रतिवादीहरूबिच सहमति भएको कुरा मैले आफ्नै आँखाले देखेको हुँ। सो रकम प्रतिवादी विन्देश्वरीप्रसाद केशरीले रू.५०,०००।-, प्रतिवादी ओमप्रसाद खनालले रू.५०,०००।-, प्रतिवादी मोहनप्रसाद केशरीले रू.१,००,०००।- र प्रतिवादी राजेशप्रसाद जयसवालले रू.५०,०००।- लिने सहमति भएको भन्नेसमेत बेहोराको राजेन्द्र राय यादव तथा रामविश्वास राय यादवको कागज।

मैले बैंकअगाडि नास्ता पसलमा नास्ता खाइरहेको थिएँ। सोही समयमा बैंकका कर्मचारीहरू र गा.वि.स. सचिव मोहनप्रसाद केशरी हामी बसेकै होटलमा चारैजना प्रतिवादीहरूले फ्रुटी खाइसकेपछि मोहनप्रसाद केशरीले हाम्रो सहमतिअनुसारको ठगी गरेको पैसा बाँडिहालौं भनी मोहनप्रसाद केशरीले आफ्नो साथमा बोकेको हजार हजारको नोट निकाली बैंकका कर्मचारी तीनै जनाले ५०,०००।- हजारका दरले र गा.वि.स. सचिव मोहनप्रसाद केशरीले १,००,०००।- बाँडेको मैले प्रत्यक्षरूपमा देखेको हुँ भन्नेसमेत बेहोराको एकै मिलान हुने गरी रामदेव राय यादवसमेतका ३ जनाले गरी दिएको कागज।

अनुसन्धानको क्रममा उपस्थित नभई भागी फरार रहेकोसमेतका आधार प्रमाणहरूबाट राहत शिक्षक अनिल कुमार र हाल पक्राउ परेका गा.वि.स. सचिव मोहनप्रसाद केशरीले नक्कली लेटरप्याड र छाप बनाई नयाँ चेकबुक निकाली सोही चेकबुकको ०३२८३५२ नं. को चेकमा प्रतिवादी जगतकिशोर मल्लिक र गोपाल साहको किर्ते दस्तखत र किर्ते छाप लगाई शिवशंकर प्रा.वि. भीमडावरको नामको राष्ट्रिय वाणिज्य बैंक गौरमा रहेको चल्ती हिसाब नं. ९५८/२ ख नं. को खाताबाट रू. २,५०,०००।- निकाली शिवशंकर प्रा.वि. भिमडावरलाई नोक्सान आफूहरूलाई फाइदा हुने कार्य गरी ठगी गरेको देखिनाले प्रतिवादी मोहनप्रसाद केशरी, अनिलकुमार यादव, राजेशप्रसाद जयसवाल, ओमप्रसाद खनाल र विन्देश्वरीप्रसाद केशरीलाई ठगीको १ र २ नं. को कसुरमा सोही महलको ४ नं. बमोजिम सजाय गरी र बिगोसमेत भराई पाउँ भन्नेसमेत बेहोराको अभियोगपत्र।

अरूको बयानको बारेमा मलाई जानकारी छैन। मैले प्रमुख जिल्ला अधिकारीसमक्ष मिति २०६६।५।४ गते इन्कारी बयान गरेको छु। उल्लिखित जाहेरी पत्रमा उल्लिखित वारदात घटनामा मेरो कुनै संलग्नता छैन। मैले कुनै कसुर गरेको छैन। मेरो घर खानतलास हुँदा प्रस्तुत मुद्दामा प्रमाण लाग्ने कुनै चिज प्रमाण बरामद भएको होइन, छैन भन्नेसमेत बेहोराको प्रतिवादी मोहनप्रसाद केशरीले सुरू अदालतमा गरेको बयान।

मैले तिनीहरूलाई चिन्दिनँ। त्यतिखेर असार महिनामा खाता बन्दी भिडभाडमा मैले भुलवश सही गरेको हो। मैले किर्ते गरेको नहुँदा झुट्टा दाबीबाट फुर्सद पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी ओमप्रसाद

खनालले सुरू अदालतमा गरेको बयान।

उक्त मितिमा खिचिएको चेकमा मैले सहीछाप गरेको होइन। उक्त दिन मैले कुनै किसिमको चेकमा सहीछाप गरेको छैन। मेरो काम अड्डाको लेखापाल र सरकारी कर्मचारीलाई स्टेटमेन्ट दिने सरकारी अड्डा खाताको हिसाबको डेबिट क्रेडिट गर्ने गरेको छु भन्नेसमेत बेहोराको प्रतिवादी विन्देश्वरीप्रसादले सुरू अदालतमा गरेको बयान।

उक्त कार्यमा मेरो कुनै पनि संलग्नता छैन। किनभने यसभन्दा पहिला कुनै पनि व्यक्ति चेक लिएर आएपछि टोकन फाँटमा टोकन दिन्छ। त्यस पछाडि चेक हस्ताक्षर जाँच परीक्षणको लागि म्यानेजर वा म्यानेजरले अधिकार दिएको व्यक्तिकहाँ जान्छ। हस्ताक्षर मिलिसकेपछि अधिकारीसमक्ष भुक्तानीको नगद दिनु भनी सम्पूर्ण आदेश भइसकेपछि मात्र मकहाँ ल्याई चेक भुक्तानी हुने गर्दछ र मैले टोकन भिडाई नगद भुक्तानी दिने गर्दछु भन्नेसमेत बेहोराको प्रतिवादी राजेशप्रसाद जैसवालले सुरू अदालतमा गरेको बयान।

के-कसो गरी को-कसले किर्ते ठगी गर्‍यो र रूपैयाँ भाग बन्डा गरे नगरे सम्बन्धमा मलाई केही जानकारी छैन भन्नेसमेत बेहोराको प्रतिवादी अनिलकुमार यादवले सुरू अदालतमा गरेको बयान।

प्रतिवादी विन्देश्वरीप्रसाद केशरी, ओमप्रसाद खनाल, राजेशप्रसाद जैसवाललाई चिन्दिन। प्रतिवादीहरूले हाम्रो गाउँको स्कुलको रकम किर्ते गरी ठगी गरे गराएको होइन, छैन भन्नेसमेत बेहोराको सरकारी गवाह रामअश्रे राय यादवले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरूले हाम्रो गाउँको स्कुलको रकम किर्ते गरी ठगी गरे गराएको होइन छैन। प्रतिवादीहरूउपरको अभियोग दाबी निराधार रहेको हुँदा अभियोग दाबीअनुसार कुनै पनि प्रतिवादीहरूलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको सरकारी गवाह राजेन्द्र राय यादवले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरू निर्दोष भएकोले आरोपित कसुरबाट सफाइ पाउनु पर्ने हो भन्नेसमेत बेहोराको सरकारी गवाह अकलु रायको छोरा रामविश्वाश राय यादवले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरूले अभियोग दाबीबमीजिमको कसुर गरेका होइनन् भन्नेसमेत बेहोराको सरकारी गवाह रामबालक राय यादवले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरूउपरको अभियोग दाबी निराधार हो भन्नेसमेत बेहोराको सरकारी गवाह राम प्रवेश राय यादवले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरूले हाम्रो गाउँको स्कुलको रकम किर्ते गरी ठगी गरे गराएको होइन छैन। प्रतिवादीहरूउपरको अभियोग दाबी निराधार रहेको हुँदा अभियोग दाबीअनुसार कुनै पनि प्रतिवादीहरूलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको सरकारी गवाह राधेश्याम राय यादवले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरू निर्दोष भएकोले आरोपित कसुरबाट सफाइ पाउनु पर्ने हो भन्नेसमेत बेहोराको सरकारी गवाह हरिनारायण प्रसाद राय यादवले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरूउपरको अभियोग दाबी झुट्ठा हो भन्नेसमेत बेहोराको सरकारी गवाह जयराम साहले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरूले अभियोग दाबीबमीजिमको कसुर गरेका होइनन् भन्नेसमेत बेहोराको सरकारी गवाह राजेन्द्र राय यादवले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरू निर्दोष भएकोले आरोपित कसुरबाट सफाइ पाउनु पर्ने हो भन्नेसमेत बेहोराको सरकारी गवाह मोहन राय यादवले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरूले हाम्रो गाउँको स्कुलको रकम किर्ते गरी ठगी गरे गराएको होइन छैन । प्रतिवादीहरूउपरको अभियोग दाबी निराधार रहेको हुँदा अभियोग दाबीअनुसार कुनै पनि प्रतिवादीहरूलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको सरकारी गवाह गगनदेव राय यादवले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरूउपरको अभियोग दाबी निराधार हो भन्नेसमेत बेहोराको सरकारी गवाह फेकु रायको छोरा रामविश्वास राय यादवले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेका होइनन् भन्नेसमेत बेहोराको सरकारी गवाह गोविन्द राय यादवले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादी विन्देश्वरीप्रसाद केशरी, ओमप्रसाद खनाल, राजेशप्रसाद जैसवाललाई चिन्दिन । प्रतिवादीहरूले हाम्रो गाउँको स्कुलको रकम किर्ते गरी ठगी गरे गराएको होइन छैन भन्नेसमेत बेहोराको सरकारी गवाह रामदेव राय यादवले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरूले आरोपित कसुर गरेका होइनन् भन्नेसमेत बेहोराको सरकारी गवाह शिवबालक राय यादवले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरू निर्दोष हुँदा आरोपित कसुरबाट सफाइ पाउनु पर्ने हो भन्नेसमेत बेहोराको सरकारी गवाह हृदयनारायण राय यादवले सुरू अदालतमा गरेको बकपत्र।

सुरूमा प्रतिवादीहरूउपर शंका लागी उजुरी दर्ता गराए पनि पछि पत्ता लगाउँदा निजहरूले विद्यालयको पैसा बैंकबाट झिकी किर्ते ठगीको कार्य नगरेको थाहा हुन आयो । निज प्रतिवादीहरूले किर्ते ठगी गरेका होइनन्, अभियोग दाबीबाट सफाइ पाउनु पर्ने हो भन्नेसमेत बेहोराको जाहेरवाला जगतकिशोर मल्लिकले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरूले विद्यालयको खातामा रहेको रकम झिकी किर्ते ठगी गरेका होइनन् । उक्त रकम कसले झिक्यो थाहा छैन । निजहरूले सफाइ पाउनु पर्ने हो भन्नेसमेत बेहोराको जाहेरवाला गोपाल साहले सुरू अदालत गरेको बकपत्र।

प्रतिवादी अनिलकुमार यादवले अभियोग दाबीअनुसार किर्ते र ठगीको अपराध गरेको होइन । निजउपर लगाइएको अभियोग दाबी झुट्टा भएकोले अभियोग दाबीबाट सफाइ पाउनु पर्ने हो भन्नेसमेत बेहोराको प्रतिवादी अनिलकुमार यादवको साक्षी रामानन्दी राय यादवले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादी ओमप्रसाद खनाल तथा विन्देश्वरीप्रसाद केशरीसमेतले अभियोग दाबीअनुसार किर्ते गरी ठगी गरेको होइन छैन। यी प्रतिवादीहरूको कुनै किसिमको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै सहभागिता र संलग्नता छैन । निजहरू निर्दोष रहेकोले आरोपित कसुरबाट सफाइ पाउनु पर्ने हो भन्नेसमेत बेहोराको प्रतिवादी ओमप्रसाद खनाल तथा विन्देश्वरीप्रसाद केशरीसमेतको साक्षी वसन्त अर्यालले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरू मिली शिवशंकर प्रा.वि. को खाताबाट मिलोमतोसाथ किर्ते गरी रूपैयाँ निकाली ठगी गरेको होइन । निजउपरको अभियोग दाबी झुट्टा रहेकोले अभियोग दाबीबाट सफाइ पाउनु पर्ने हो भन्नेसमेत बेहोराको प्रतिवादी मोहनप्रसाद केशरीको साक्षी अनिलकुमार गिरीले सुरू अदालतमा गरेको बकपत्र।

अभियोग दाबीबमोजिम प्रतिवादीले कुनै किसिमको किर्ते वा ठगीको कुनै कसुर अपराध गरेको होइन । निजउपरको अभियोग दाबी झुट्टा रहेकोले आरोपित कसुरबाट सफाइ पाउनु पर्ने हो भन्नेसमेत बेहोराको प्रतिवादी राजेशप्रसाद जैसवालको साक्षी

तेजनारायण राय यादवले सुरू अदालतमा गरेको बकपत्र।

यसमा मुलुकी ऐन, २०२० को प्रारम्भिक कथनको महलको दफा ४ मा "विषय विषयमा छुटाछुट्टै बनेका कानूनमा लेखिएजतिका सोही कानूनबमोजिम र सो कानूनमा नलेखिएकोमा यही मुलुकी ऐनबमोजिम गर्नुपर्दछ" भन्ने उल्लेख भएको र २०६४ सालको बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ ले बैंकको खाता खोल्दा निक्षेप जम्मा र भुक्तानी र ऋण कर्जा प्रवाह गर्दा हुने अपराधलाई रोक्ने भन्ने ऐनको प्रस्तावनासमेतलाई मध्यनजर गर्दा किर्तेमा दाबी लिन नसकेको र उक्त ऐनअनुसारको कसुर अपराधलाई मुलुकी ऐनअन्तर्गत ठगीको महलबमोजिम कारबाही चलाई दायर गरेको प्रस्तुत अभियोग मुलुकी ऐन प्रारम्भिक कथनको ४ नं. बमोजिम खारेज हुने ठहर्छ भन्नेसमेत बेहोराको सुरू रौतहट जिल्ला अदालतबाट मिति २०६७।११।९ गते भएको फैसला।

यसमा चेकबुक हराएकोले नयाँ चेकबुक पाउँ भन्ने निवेदन र चेक नं ०३२८३५२ को भुक्तानी ठगी गर्ने प्रयोजनको लागि प्रतिवादीहरू सबैजनाको मिलोमतोबाट किर्ते रूपमा तयार गरिएको भन्ने अभियोग दाबी रहेकोले जुन कागजात सद्दे थियो भन्ने प्रतिवादीहरू कसैको पनि जिकिर नरहेको र अनुसन्धानमा सङ्कलित प्रमाणबाट किर्ते देखिएको कागजातको आधारमा ठगी गरेको भन्ने अभियोग दाबी हुँदा उक्त कागजातहरू निर्विवाद रूपमा किर्ते पुष्टि भएको आधारमा ठूलो कसुर ठगीमा सजायको मागदाबी लिइएकाले किर्तेतर्फको दाबी नभएकै आधारमा ठगीको कसुरबाट उन्मुक्ति हुन नसक्ने हुँदा किर्तेतर्फबाट दाबी नभएको र बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसुर भनी खारेज गर्ने गरेको सुरू फैसला त्रुटिपूर्ण भएकाले बदर गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन अदालत हेटौंडामा परेको पुनरावेदनपत्र।

यसमा प्रस्तुत मुद्दाको विवादमा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ आकर्षित हुने नहुने भन्ने सम्बन्धमा कानूनको व्याख्यात्मक प्रश्न विद्यमान देखिँदा सुरू फैसला विचारणीय भएकोले मुलुकी ऐन, अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम छलफलको लागि प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत हेटौंडाको आदेश।

यसमा शिवशंकर प्राथमिक विद्यालय भीमडाबर-६, रौतहटबाट विद्यालयको खातामा रकम जम्मा भएको भनी पत्र लेखेको पाइयो। रकम कहिले, कोबाट, कसरी जम्मा भएको रहेछ त्यस सम्बन्धमा स्पष्ट जवाफ शिवशंकर प्राथमिक विद्यालय, भीमडावरबाट पुनरावेदन सरकारी वकिल कार्यालय, हेटौंडामार्फत मगाई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत हेटौंडाको आदेश।

यस विद्यालयका प्र.अ. जगतकिशोर मल्लिकले रा.वा. बैंक, रौतहट, गौरबाट स्टेटमेन्ट लिँदा त्यस स्टेटमेन्टमा मिति २०६७।८।१२ मा CASH मात्र उल्लेख भएकोले सो स्टेटमेन्टको प्रतिलिपिसाथ बेहोरा जानकारी अनुरोध छ भन्नेसमेत बेहोराको शिवशंकर प्राथमिक विद्यालयको मिति २०६९।८।१५ गतेको पत्र।

यसमा शिवशंकर प्राथमिक विद्यालय भिमडावर वडा नं. ६ रौतहटको मिति २०६९।८।१५ को पत्रमा उल्लिखित मिति २०६७।८।१२ मा सो विद्यालयको खातामा जम्मा भएको रकम कोबाट कसरी जम्मा भएको हो ? विवरण खुलाएको नदेखिँदा सो रकम कोबाट कसरी जम्मा भएको हो ? सोको विवरण र रकम जम्मा भएको भौचरको प्रतिलिपिसमेत राष्ट्रिय वाणिज्य बैंक, गौर, रौतहटबाट पुनरावेदन सरकारी वकिल कार्यालय हेटौंडामार्फत झिकाई प्राप्त भएपछि नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत

हेटौंडाको मिति २०६९।९।२४ को आदेश।

मेरो श्रीमान् प्रतिवादी ओमप्रसाद खनालको मिति २०६९।८।२४ गतेका दिन आफ्नो कालगतिले मृत्यु भएकोले जानकारी गराएको छु भन्ने निजकी श्रीमती निर्मलादेवी खनालले मिति २०६९।१०।१४ मा दिएको निवेदन मिसिल सामेल रहेको।

रा.बा. बैंक शाखा कार्यालय रौतहटको च.नं. ६०५, मिति २०६९।११।१३ को सक्कलै पत्र र भौचरको प्रतिलिपि यसै पत्रसाथ पठाइएको भन्ने पुनरावेदन सरकारी वकिल कार्यालय, हेटौंडाको मिति २०६९।११।१४ गतेको पत्र।

यसमा दुवै पक्षको तर्फबाट बहसनोट पेस गर्न लगाई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।१२।४ को आदेश।

अनिल यादव र अनिल कुमार एकै व्यक्ति होइन कारण मेरो पक्ष अपराध अनुसन्धान क्रममा जिल्ला प्रशासन कार्यालय रौतहटमा उपस्थित भएको छ र मेरो पक्षले दस्तखत नमुना पनि गरिदिएको छ। मेरो पक्षको नाम मिल्दैन दस्तखत मिल्यो भनी प्रमाण दिन सकिँदैन। मेरो पक्षको नाममा काटिएको चेक होइन भुक्तानी दिने बैंक र कर्मचारीबाट रकम लिने व्यक्ति मेरो पक्ष हो भन्न सकिएको छैन। अनिल यादव भन्ने को व्यक्ति, कहाँ ठेगाना, के पेसा आदि अनुसन्धानबाट खुल्दैन केवल नामको पहिलो शब्द र जात मेरो पक्षसँग मिल्दैमा अभियोग पुष्टि हुने होइन। सफाइ पाउँ भन्नेसमेत बेहोराको विद्वान् अधिवक्ता श्री शिवबहादुर कोइरालाको पुनरावेदन अदालत हेटौंडामा पेस भएको बहसनोट।

प्रस्तुत मुद्दामा विद्यालयको खाताबाट ठगी गरी खाएको भनिएको रू. २,५०,०००।- हाल विद्यालयको खातामा नै जम्मा भइसकेको देखिएको अवस्था रहेबाट ठगी भएको होइन छैन भन्ने सम्भावनातर्फ हेर्दा मिति २०६६।४।१२ मा रू. २,५०,०००।- ठगी गरी झिकिएकोबाट कसुर भइसकेको भन्ने देखिन्छ भने अदालतमा मुद्दा चलिरहेको समयमा मुद्दालाई प्रभावित पार्ने अभिप्रायले मिति २०६७।८।१२ मा असम्बन्धित व्यक्तिको नाम उल्लेख गरी कुनै प्रयोजन उल्लेख नगरी विद्यालयको खातामा रकम जम्मा गरिएबाट पनि प्रतिवादीहरूको कसुर स्थापित भएको छ र अपराध गरिसकेपछि त्यसलाई ढाकछोप गर्ने कार्यले अपराधीलाई उन्मुक्ति दिन मिल्दैन। फौजदारी अपराधमा उन्मुक्ति वा छुट दिने कार्य कानूनअनुरूप नै हुनुपर्दछ। अतः यी प्रतिवादीहरूलाई सजाय हुनुपर्दछ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालत हेटौंडामा पेस भएको बहसनोट।

अभियोग दाबी खारेज गरी सुरू रौतहट जिल्ला अदालतबाट मिति २०६७।११।९ मा भएको फैसला नमिलेकोले उल्टी भई प्रतिवादीमध्येका ओमप्रसाद खनाल र प्रतिवादी राजेशप्रसाद जयसवालले मुलुकी ऐन, ठगीको १ नं. को कसुर गरेको देखिँदा प्रतिवादी राजेशप्रसाद जयसवालको हकमा सोही महलको ४ नं. बमोजिम बिगो दाखिल भइसकेकोले ६ महिना कैद र रू २,५०,०००।- (दुई लाख पचास हजार रुपैयाँ) जरिवाना हुने ठहर्छ। प्रतिवादी ओमप्रसाद खनालको हकमा निजको मिति २०६९।८।२४ मा मृत्यु भइसकेको हुँदा मुलुकी ऐन, दण्ड सजायको ३ नं. बमोजिम सजाय माफी हुने भएबाट केही गरिरहनु परेन। अन्य प्रतिवादीमध्ये प्रतिवादी विन्देश्वरीप्रसाद केशरी, प्रतिवादी अनिलकुमार यादव तथा प्रतिवादी मोहनप्रसाद केशरीको हकमा अभियोग दाबीको कसुर गरेको भन्ने शंकारहित रूपमा पुष्टि हुन नआएकोले निजहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भन्नेसमेत मिति २०६९।१२।२६ मा पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला।

श्री शिवशंकर प्रा.वि. भिमडावर वडा नं. ६ को नाउँमा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, रौतहट गौरमा प्र.अ. जगतकिशोर मल्लिक र विद्यालय व्यवस्थापन समितिका सदस्य गोपाल साहको संयुक्त

हस्ताक्षरबाट च.हि.नं. ९५८/२ख को खाता सञ्चालन भएकोमा मिति २०६६।५।१ मा ०३३१३६१ को चेक भुक्तानी लिँदा रकम घटिरहेको जानकारी भई विद्यालयको खाताबाट रू. २,५०,०००।- लिएको देखिएकोले उक्त सरकारी रकम झिक्ने खाने गाउँ विकास समिति सचिव मोहनप्रसाद केशरी र बैंक कर्मचारीसमेतको मिलेमतो गर्ने व्यक्तिहरू पत्ता लगाई कारबाही गरिपाउँ भन्ने मिति २०६६।५।२ गते जिल्ला प्रशासन कार्यालय, रौतहटमा जाहेरी परी उक्त कार्यालयबाट बुझी कारबाहीको लागि लेखी आएको प्रस्तुत मुद्दामा मुख्यतः विवादास्पद मिति २०६६।४।१२ मा शिवशंकर प्रा.वि. भिमडावरको च.हि.नं. ९६८/२ख खाताबाट चेक नं. ०३२८३५२ बाट भुक्तानी भएको रू. २,५०,०००।– रकम यी प्रतिवादीहरूले मिलेमतो गरी किर्ते दस्तखत छाप लगाई ठगी गरेकोले ठगीको १ र २ नं. को कसुरमा ऐ. को ४ नं. बमोजिमको सजायको मागदाबी लिई अभियोग पत्र पेस भएको अवस्था छ । अभियोगपत्रमा ठगीको १ र २ नं. को कसुरमा ४ नं. बमोजिमको सजायको मागदाबी लिँदा उक्त रकम झिक्ने प्रयोग गरिएका चेकबुक विद्यालयको वास्तविक चेकबुक, चेकबुक हरायो भनी पेस गरेको निवेदन, बैंकबाट नयाँ चेकबुक लिँदा भएको कारबाहीसहितको कागजात पेस भएका छन् । यी प्रमाण र तथ्यले यो ठगी कार्यमा चेक काट्ने निवेदन दिने र चेक तथा नगद भुक्तानी गर्ने कार्यमा संलग्न सबै व्यक्ति तथा बैंक कर्मचारीको संलग्नता रहेको भनी अभियोग पत्र पेस भएको छ । अभियोग पत्रमा बैंकका कर्मचारीसमेतको मिलोमतोमा ठगी भएको र ठगिनेमा सम्बन्धित खातावाला विद्यालय रहेको छ र ठगीको कसुर भएकोमा अदालत सहमत भई दुई जनालाई सजायसमेत गरेकोबाट त्यसतर्फ थप बोलिरहनु पर्ने देखिँदैन ।

प्रतिवादीहरूले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दा कसुर गरेकोमा इन्कारी भएको देखिए तापनि जाहेरवालाले जाहेरी दिँदा आफू कार्यरत रहेको उक्त स्कुलको रकम कागज किर्ते गरी बैंकबाट रकम निकाली ठगी गर्ने कार्यमा गा.वि.स. का सचिव मोहनप्रसाद केशरी, बैंकका कर्मचारी विन्देश्वरप्रसाद केशरी तथा उक्त स्कुलका राहत शिक्षक अनिलकुमार यादवसमेतमा व्यक्तिहरूको संलग्नता रहेको भनी सो बेहोरा जाहेरीमा उल्लेख गरेका छन् भने किर्ते गरी रकम निकालिएको चेकको पछाडि अनिल यादव लेखी टोकन लगेको र सो टोकनको आधारमा टोकन लिने अनिल यादवले रकम भुक्तानी लिई गएको र बैंकको चेक Issue गर्ने बैंकका कर्मचारी विन्देश्वरप्रसाद केशरी रहन गएको भनी राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, गौरको पत्रमा उल्लेख भएको देखिँदा सो कसुरमा निज प्रतिवादीहरूको संलग्नता रहेछ भन्ने पुष्टि भएको देखिन्छ । अनुसन्धानको क्रममा बुझिएका हरिनारायण प्रसाद यादव, हृदयनारायण यादवसमेतका व्यक्तिहरूले शिवशंकर प्रा.वि. भिमडावरको नाउँमा रहेको बैंकको खाताबाट प्रतिवादी मोहनप्रसाद केशरीसमेतले बैंकका कर्मचारी विन्देश्वरप्रसाद केशरीसमेतका व्यक्तिहरूसँग मिलेमतो गरी चेक हराएको भनी किर्ते पत्र बनाई अर्को नयाँ चेकबुक निकाली उक्त चेकबुकको चेकमा किर्ते सहीछाप गरी स्कुलको खातामा रहेको रू. २,५०,०००।- निकाली ठगी गरी उक्त रूपैयाँ एक आपसमा बाँडी लिएको आफूहरूले देखी थाहा पाएका हौं भनी आ-आफ्नो भनाइ लेखाई दिएको देखिँदा र किर्ते गरी निकालिएको चेकबुकको प्रतिलिपिसमेतका कागजातहरू मिसिल संलग्न रहेको देखिँदा सो कसुरमा निज प्रतिवादीहरूको संलग्नता नभएको भनी गरिएको उक्त फैसला त्रुटिपूर्ण छ । प्रतिवादीमध्येका विन्देश्वरप्रसाद केशरी बैंकको सहायक दर्जाको कर्मचारी रही निजले चेकबुक जारी गरेको देखिएकोमा अनिलकुमार यादव उक्त शिवशंकर प्रा.वि.मा कार्यरत राहत शिक्षक भई किर्ते गरिएका चेकको पछाडि निजको नाम लेखिएको रही निजले नै रूपैयाँ भुक्तानी पाएको

देखिएको र मोहनप्रसाद केशरीले नक्कली लेटरप्याड र छाप बनाई बैंकबाट नयाँ चेकबुक निकाली सोही चेकमा जाहेरवालाहरूको किर्ते दस्तखत र किर्ते छाप लगाई शिवशंकर प्रा.वि.को राष्ट्रिय वाणिज्य बैंक गौरमा रहेको चल्ती हिसाब नं. ९५८।२ ख नं. को खाताबाट रू. २,५०,०००।- निकाली उक्त स्कुललाई हानि नोक्सानी पुऱ्याई ठगी गरेको प्रमाणित भएको देखिँदा केवल प्रतिवादीहरूको इन्कारी बयान र पछि सरकारी गवाहहरूलाई अनुचित प्रभावमा पारी Hostile भएको बकपत्रसमेतलाई आधार मानी निज प्रतिवादीहरूलाई अभियोग दाबीबाट उन्मुक्ति दिने गरी भएको उक्त फैसलामा गम्भीर त्रुटि भएको देखिँदा निज प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय नगरी गरिएको उक्त त्रुटिपूर्ण फैसला बदर गरी अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदनपत्र।

ठगी गरिएको भनिएको विद्यालयको रकम रू. २,५०,०००।- मबाट बरामद भएको होइन, उक्त रकम विद्यालयमा जम्मा भइसकेको भनिए तापनि उक्त रू. २,५०,०००।- मैले जम्मा गरेको होइन । रू.२,५०,०००।- मैले नझिकेको, रू.२,५०,०००।- विद्यालयमा मैले जम्मा नगरेको र उक्त रकमका सम्बन्धमा मेरो कुनै सरोकार नरहेको अवस्था प्रमाणित हुँदाहुँदै पनि मेरो हकमा ठगीको १,२ को कसुर कायम गर्न मिल्दैन। बैंकभित्र अनियमित कार्य भएको, बदनियत तरिकाबाट भुक्तानी भएको भनी आरोप लगाउँदाको अवस्थामा विशेष ऐनको व्यवस्था आकर्षित हुने भई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ५ अन्तर्गत मुद्दा दायर हुने स्थिति रहन्छ, ठगीको १,२ का आधारमा सामान्य ऐनको व्यवस्था लागु गर्न कानूनले मिल्दैन । असम्बद्ध र साधारण ऐनको व्यवस्थालाई टेकी दायर भएको मुद्दाबाट विशेष ऐनले तोकेको, लागु गरेको क्षेत्रभित्रका कसुर कायम गर्न र अपराध ठहर गर्न मुलुकी ऐन प्रारम्भिक कथनको ४ नं. ले नमिल्ने हुँदा सुरू अदालतले अभियोग पत्र नै खारेज हुने ठहऱ्याई गरेको फैसलालाई उल्टयाउन ठहऱ्याई भएको प्रस्तुत फैसला उल्लिखित कानूनको प्रतिकूल गैरकानूनी हुँदा बदरभागी छ। बैंक तथा वित्तीय संस्थाको कारोबारमा हुन सक्ने कसुरजन्य कार्यबाट बैंक तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गरी बैंक तथा वित्तीय प्रणालीप्रति विश्वसनीयता अभिवृद्धि गर्न बैंकिङ कसुर तथा सजायका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएको कारण देखाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ मिति २०६४।१०।२३ देखि लागु भएको देखिन्छ । ऐ. ऐनको दफा २८ बमोजिम यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनबमोजिम सार्वजनिक पद धारण गरेको व्यक्ति वा राष्ट्रसेवक संलग्न रहेको कसुरमा अ.दु.अ.आ. ऐन, २०४८ र भ्र.नि. ऐन, २०५९ बमोजिम कारबाही र सजाय हुने रहेछ भने सोही ऐनहरूबमोजिम कारबाही र सजाय हुने छ भनी उल्लेख रहेको तर अन्य को हकमा विशेष ऐनको रूपमा यसै बैंकिङ कसुर तथा सजाय ऐनबमोजिम हुने कुरा प्रारम्भिक कथनको ४ नं. ले प्रस्ट गरेको छ। विषय विषयमा छुट्टाछुट्टै बनेका कानूनमा लेखिएजतिमा सोही कानूनबमोजिम र सो कानूनमा नलेखिएकोमा मात्र मुलुकी ऐन आकर्षित हुने भएकोले नक्कली चेक, विनिमय पत्र साट्ने अनधिकृत रूपमा अन्य व्यक्तिको खाताबाट रकम निकाल्ने जस्ता कसुरजन्य कार्यलाई ऐ. बैंकिङ कसुर तथा सजाय ऐन,२०६४ को दफा ५ ले बैंकिङ कसुरको रूपमा कायम गरी सोही ऐनको दफा १५ मा सजाय एवं ऐ. ऐनको परिच्छेद ४ मा त्यस्त मुद्दाको कारबाहीको किनारासम्बन्धी व्यवस्था तोकिएको प्रस्ट देख्दादेख्दै पनि मिति २०६७।१।१५ मा विशेष ऐनलाई अनुशरण नगरी सामान्य कानूनको रूपमा रहेको ठगीको महलअन्तर्गत दायर हुन आएको प्रस्तुत मुद्दाको सुरू अभियोग पत्र सुनुवाइयोग्य, विचारयोग्य नरहेकोले

सुरू अदालतबाट भएको खारेजी फैसला सदर नगरी सोलाई उल्टी हुने ठहऱ्याई भएको प्रस्तुत फैसला यस दृष्टिकोणले समेत त्रुटिपूर्ण छ।

मेरो विरूद्ध अवलम्बित निर्णयाधारको सन्दर्भमा हेर्दा नयाँ चेकबुक दिएको र पुरानो चेकबुक रोक्का नगरेको व्यक्ति म नभई सहप्रतिवादी विन्देश्वरीप्रसाद केशरी हो । सर्वप्रथम विवादित चेक प्रस्तुत भएपछि सुरेन्द्र शाह (स.पाँचौं) ले पटकपटक टोकन दिएको त्यसपछि त्यो चेक हस्ताक्षर रूजु ओमप्रसाद खनालले गरेको देखिन्छ। प्रचलनअनुसार सही नमिले टोकन फिर्ता लिई चेक फिर्ता दिइन्थ्यो । सही भिडेपछि चेक कम्प्युटर पोस्टिङमा पठाइन्थ्यो जसअनुसार उक्त चेक बसन्तकुमार श्रीवास्तवले पोस्टिङ गरेको छ र उक्त चेकको रकम भुक्तानी दिनु भनी मैनेजर वा अधिकारप्राप्त अधिकारी अर्थात् बालमुकुन्द ठाकुरले आदेश दिएपछि सो चेक म पुनरावेदकको जिम्मामा आई मैले नाम बोलाई टोकन नं. र टोकन भिडाई चेकको पछाडि सही गराई भुक्तानी दिने काम भएको छ । आदेशानुसार चेकको भुक्तानी दिएन भने म स्वयं विभागीय कारबाहीमा पर्ने भएकोले असल नियतले कानूनबमोजिको कर्तव्य पूरा गरेको कारणले अनाहकमा दोषी करार गर्न मिल्दैन । अतः पुनरावेदन अदालत हेटौंडाले सुरू रौतहट जिल्ला अदालतले गरेको फैसला उल्टी गरी मलाई कैद र जरिवानासमेत गरेको उक्त फैसला बदर उल्टी गरी मलाई अभियोग दाबीबाट सफाइ दिई न्याय इन्साफ पाउँ भन्नेसमेत बेहोराको राजेशप्रसाद जैसवालको यस अदालतमा पर्न आएको पुनरावेदनपत्र।

यसमा पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।१२।२६ को फैसलाउपर वादी नेपाल सरकारको तथा प्रतिवादी राजेशप्रसाद जैसवाल दुवैको पुनरावेदन परेको देखिएको हुँदा मुलुकी ऐन, अ.बं. २०२ नं. को प्रयोजनार्थ प्रतिवादी राजेशप्रसाद जैसवालको पुनरावेदनको हकमा महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको सूचना दिनु र नेपाल सरकारको पुनरावेदन परेको हकमा प्रतिवादी राजेशप्रसाद जैसवाललाई सुनाई अन्य प्रतिवादीहरू विन्देश्वरप्रसाद केशरी, मोहनप्रसाद केशरी, अनिलकुमार यादवलाई झिकाई आएपछि नियमानुसार पेस गर्नु भन्ने मिति २०७४।२।८ मा यस अदालतबाट भएको आदेश।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातहरूको अध्ययन गरियो । वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान् उपन्यायाधिवक्ता श्री राजेन्द्र सिंह भण्डारीले किर्ते गरी निकालिएको चेकबुकको प्रतिलिपिसमेतका कागजातहरू मिसिल संलग्न रहेको देखिँदा सो कसुरमा निज प्रतिवादीहरूको संलग्नता नभएको भनी गरिएको उक्त फैसला त्रुटिपूर्ण छ । प्रतिवादीमध्येका विन्देश्वरप्रसाद केशरी बैंकको सहायक दर्जाको कर्मचारी रही निजले चेकबुक जारी गरेको देखिएकोमा अनिलकुमार यादव उक्त शिवशंकर प्रा.वि.मा कार्यरत राहत शिक्षक भई किर्ते गरिएका चेकको पछाडि निजको नाम लेखिएको रही निजले नै रूपैयाँ भुक्तानी पाएको देखिएको र मोहनप्रसाद केशरीले नक्कली लेटरप्याड र छाप बनाई बैंकबाट नयाँ चेकबुक निकाली सोही चेकमा जाहेरवालाहरूको किर्ते दस्तखत र किर्ते छाप लगाई शिवशंकर प्रा.वि.को राष्ट्रिय वाणिज्य बैंक गौरमा रहेको चल्ती हिसाब नं. ९५८।२ ख नं. को खाताबाट रू.२,५०,०००।- निकाली सरकारी रकम ठगी खाने उद्देश्यले उक्त स्कुललाई हानि नोक्सानी पुऱ्याई ठगी गरेको प्रमाणित भएको देखिँदा, केवल प्रतिवादीहरूको इन्कारी बयान र पछि सरकारी गवाहहरूलाई अनुचित प्रभावमा पारी Hostile भएको बकपत्रसमेतलाई आधार मानी निज प्रतिवादीहरूलाई अभियोग दाबीबाट उन्मुक्ति दिने गरी भएको पुनरावेदन अदालत हेटौंडाको फैसलामा गम्भीर त्रुटि भएको देखिँदा उक्त त्रुटिपूर्ण फैसला बदर गरी निज प्रतिवादीहरूलाई अभियोग

मागदाबीबमोजिम सजाय हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

प्रतिवादीहरू विन्देश्वरप्रसाद केशरी, मोहनप्रसाद केशरी र अनिलकुमार यादवको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री प्रसन्न कृष्णदासले प्रतिवादी विन्देश्वरीप्रसाद केशरीको निज राष्ट्रिय वाणिज्य बैंकको सहायक दर्जाका कर्मचारी देखिई नयाँ चेकबुकसम्म जारी गरेको हुन सो गर्दा दस्तखत ओमप्रसाद खनालले प्रमाणित गरेपछि मात्र जारी गरेको र अन्य कार्यमा निजको संलग्नता नदेखिँदा निजलाई दोषी करार गर्न मिल्दैन भनी बहस प्रस्तुत गर्नुभयो। त्यस्तै प्रतिवादी मोहनप्रसाद केशरी र अनिलकुमार यादवको हकमा हेर्दा निजहरूले आरोपित कसुरमा इन्कार रही अनुसन्धान अधिकारी र अदालतमा बयान गरेको र मौकामा कागज गर्ने तथा जाहेरवालासमेतले अदालतमा बकपत्र गर्दा निजहरूलाई निर्दोष देखाई बकपत्र गरेको हुँदा निजहरूउपरको आरोप शंकारहित तवरबाट पुष्टि हुन नसक्ने देखिँदा यी प्रतिवादीहरूलाई दोषी करार गर्न मिल्दैन। तसर्थ निजहरूलाई सफाइ दिएको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको हुँदा सदर हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

त्यसैगरी पुनरावेदक प्रतिवादी राजेशप्रसाद जैसवालको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री रामप्रसाद भट्टराई, विद्वान् अधिवक्ता श्री सतिश झाले सर्वप्रथम विवादित चेक प्रस्तुत भएपछि सुरेन्द्र शाह (स.पाँचौं) ले पटकपटक टोकन दिएको त्यसपछि त्यो चेक हस्ताक्षर रूजु ओमप्रसाद खनालले गरेको देखिन्छ। प्रचलनअनुसार सही नमिले टोकन फिर्ता लिई चेक फिर्ता दिइन्थ्यो। सही भिडेपछि चेक कम्प्युटर पोस्टिङमा पठाइन्थ्यो जसअनुसार उक्त चेक बसन्तकुमार श्रीवास्तवले पोस्टिङ गरेको छ र उक्त चेकको रकम भुक्तानी दिनु भनी मैनेजर वा अधिकारप्राप्त अधिकारी अर्थात् बालमुकुन्द ठाकुरले आदेश दिएपछि मात्र मेरो पक्ष राजेशप्रसाद जैसवालले सो चेक जिम्मामा लिई नाम बोलाई टोकन नं. र टोकन भिडाई चेकको पछाडि सही गराई भुक्तानी दिने काम भएको छ। आदेशानुसार चेकको भुक्तानी नदिएमा स्वयं यी प्रतिवादी विभागीय कारबाहीमा पर्ने भएकोले असल नियतले कानूनबमोजिको कर्तव्य पूरा गरेको कारणले अनाहकमा निजलाई दोषी करार गर्न मिल्दैन। ठगी खाए भन्ने गोश्वारा जाहेरी छ, सुरूमा कसैको नाम खेलेको छैन, पछि झिकाई बयान गराइएको अवस्था छ। जाहेरवाला स्वयं अदालतमा प्रतिकूल (Hostile) भई बकपत्र भएको छ। मेरो पक्षउपर अभियोजन पक्षले खम्बिर हुने गरी बकपत्र गरेको अवस्था छैन। तसर्थ पुनरावेदन अदालत हेटौंडाले सुरू रौतहट जिल्ला अदालतले गरेको फैसला उल्टी गरी कैद र जरिवानासमेत हुने ठहऱ्याई गरेको फैसला त्रुटिपूर्ण हुदाँ बदर हुनुपर्दछ र यी पुनरावेदक प्रतिवादी राजेशप्रसाद जयसवाले अभियोग दाबीबाट सफाइ पाउनु पर्दछ भनी गर्नुभएको तर्कपूर्ण बहससमेत सुनियो।

२. अब पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको छ, छैन ? पुनरावेदक वादी नेपाल सरकार तथा पुनरावेदक प्रतिवादी राजेशप्रसाद जयसवालको पुनरावेदन जिकिर पुग्ने हो, होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने भई त्यसतर्फ विचार गर्दा, अनधिकृत व्यक्तिले शिवशंकर प्राथमिक विद्यालयको चेकबुक हराएको भन्दै सो चेकबुक रोक्का राखी नयाँ चेकबुक उपलब्ध गराउन विद्यालयको प्रधानाध्यापक जगतकिशोर मल्लिक र व्यवस्थापन समितिको सदस्य गोपाल साहको तर्फबाट किर्ते सही गरी मिति २०६६।३।८ मा दरखास्तपत्र लेखी नयाँ चेकबुक लिएपछि चेक नं. ०३२८३५२ बाट रू २,५०,०००।- खातावालाको किर्ते सही गरी झिकी विद्यालयको रकम ठगी गरेकाले प्रतिवादीहरू मोहनप्रसाद केशरी, अनिलकुमार यादव, राजेशप्रसाद जयसवाल, ओमप्रसाद खनाल र विन्देश्वरीप्रसाद कोइरीलाई ठगीको १ र २ नं. को

कसुरमा सोही महलको ४ नं. बमोजिम सजाय हुनुपर्ने माग दाबी लिई अभियोगपत्र पेस भएकोमा सुरू जिल्ला अदालतबाट यो विषयमा ठगीको महल आकर्षित हुने नभई बैंकिङ (कसुर र सजाय) ऐन, २०६४ आकर्षित हुने भन्दै अभियोग खारेज हुने ठहऱ्याई फैसला भएकोमा, सोउपर वादी नेपाल सरकारको पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन परेकोमा उक्त अदालतबाट चेकबुक अनधिकृत रूपबाट झिकी खातावालाको किर्ते सही गरी रकम झिकेको विषयलाई बैंकिङ (कसुर र सजाय) ऐन, २०६४ को कसुर दफा ५ (क) र (ख) अन्तर्गत कसुर कायम गरिएको भए पनि उक्त ऐनले मुलुकी ऐन, ठगीको महल खारेज गरेको अवस्था छैन। ठगीको महल खारेज नभएको स्थितिमा उक्त ठगीको महलको १ नं. मा परिभाषा गरिएबमोजिम ***कसैले आफ्नो हक नपुग्ने अर्काको हकको चल–अचल धनमाल जाल परिपञ्च गरी वा आफ्नो हक नभएको सम्पत्तिमा आफ्नो हक पुग्ने किर्ते कागज बनाई, दिई वा पेस गरी वा झुठो कुरालाई सद्दे हो भनी झुक्याई वा अरू जुनसुकै बेहोरासँग धोका दिई गफलतमा पारी आफ्नो हक नपुग्ने अर्काको हकको चल–अचल धनमाल लिए दिए दिलाएमा त्यस्तो कार्यलाई ठगी भनी परिभाषित गरेको पाइन्छ।*** विद्यालयको रकम बैंकबाट झिकी खाए मासेको भन्ने आरोप यहाँ भएको र ठगीको महलअन्तर्गतको कसुर सरकारवादी भई चल्ने मुद्दासमेत हुँदा सोअन्तर्गत सरकारले अभियोगपत्र लिएर आएको स्थितिमा उक्त १ नं. अनुसार मुद्दा चलाउन मिल्दैन बैंकिङ (कसुर र सजाय) ऐन, २०६४ अन्तर्गत मुद्दा चलाउनु पर्छ भनी मुद्दा नै खारेज गर्न मिल्ने देखिँदैन।

३. जाहेरीको बेहोरा र वारदातको प्रकृति हेर्दा विद्यालयको लेटर प्याडमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका सदस्यको किर्ते सही गरी नयाँ चेकबुक प्राप्त गरिएको र किर्ते सही गरी चेकबाट रकम निकाली ठगी गरी खाएको पाइएबाट किर्तेतर्फ अनुसन्धान भई दाबी लिइनुपर्ने अवस्था स्वाभाविक नै देखिन्छ। तर ठगीको १ नं. मा "किर्ते कागज बनाई" अर्काको सम्पत्ति लिने खाने कार्यलाई ठगीको परिभाषाभित्र पारिएको स्थितिमा ठगीको कसुर कायम हुन्छ वा हुँदैन भन्ने हेर्नको लागि पनि किर्तेको कार्यलाई अदालतले मध्यनजर गर्नुपर्ने हुन्छ। अर्को शब्दमा भन्दा किर्तेतर्फ दाबी नलिइएको स्थितिमा पनि ठगीतर्फको अभियोग दाबी पुग्छ वा पुग्दैन भन्ने यकिन गर्न किर्ते कार्य भएको छ, छैन भनी हेर्नुपर्ने हुन्छ। तसर्थ यहाँ किर्ते कार्यको दाबी वाञ्छित भए पनि किर्तेको वारदात स्थापित भएको स्थितिमा सो दाबी नलिइएको कारणले मात्र ठगीमा दाबी लिन नमिल्ने हुँदैन। तसर्थ ठगीको १ र २ नं. अन्तर्गत दाबी लिइएको स्थितिमा किर्ते कागजको महलअन्तर्गत दाबी नलिइएको वा बैंकिङ (कसुर र सजाय) ऐन, २०६४ अन्तर्गत अभियोग दाबी नलिइएको भनी अभियोग खारेज गर्न मिल्दैन। विद्यालयको खाताबाट रकम निकालिएको र सो गर्ने क्रममा विद्यालयको प्रधानाध्यापक जगतकिशोर मल्लिक र विद्यालय व्यवस्थापन समितिका सदस्य गोपाल साहको किर्ते दस्तखत गरिएको भन्ने किटानी जाहेरी, सो कुरालाई समर्थन गर्ने बकपत्र र नभिडेको दस्तखतबाट चेकबुक जारी गर्ने, चेकको दस्तखतहरू भिड्छ भनी प्रमाणित गर्ने ओमप्रसाद खनालको साबिती बयानसमेत कागजातबाट प्रतिवादीहरूले मिलेमतो गरी किर्ते चेकबुक बनाई खातावालको किर्ते दस्तखत गरी रकम झिकी लिए खाए मासेकोमा विवाद देखिएन। सो कार्य ठगीको १ नं. अन्तर्गत परिभाषित कसुरभित्र पर्ने हुँदा ठगीको कसुर भएको देखिन ठहर्न आउँछ। तसर्थ अभियोग दाबी खारेज गरेको सुरू रौतहट जिल्ला अदालतको मिति २०६७।११।९ मा भएको फैसला नमिलेकोले उल्टी हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको देखियो।

४. अब वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, प्रतिवादीहरूमध्येका

विन्देश्वरीप्रसाद केशरीको उपर ठगीमा सजाय गरिपाउँ भन्ने अभियोग दाबी पुग्न सक्छ वा सक्दैन भन्ने प्रश्नतर्फ हेर्दा आरोपित व्यक्तिहरूको के कस्तो संलग्नता रहेको पुष्टि हुन्छ सोबारेमा हेरी निर्णय निष्कर्षमा पुग्नुपर्ने हुन्छ। सो सन्दर्भमा यी प्रतिवादी राष्ट्रिय वाणिज्य बैंकको सहायक दर्जाका कर्मचारी देखिई नयाँ चेकबुकसम्म जारी गरेको पाइएको र किर्ते ठगीको वारदात मैले गरेको होइन, छैन । प्रतिवादी मोहनप्रसाद केशरी गा.वि.स. सचिव पैसा निकाल्न आउँदा मैले राम्रैसँग चिन्दछु। चेक लिन आउने मानिसलाई मैले चिन्दिन भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिन्छ । प्रतिवादी विन्देश्वरी प्रसादले सुरू अदालतमा गरेको बयानमा उक्त मितिमा खिचिएको चेकमा मैले सहीछाप गरेको होइन । उक्त दिन मैले कुनै किसिमको चेकमा सहीछाप गरेको छैन भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । सो कार्य गर्दा ओमप्रसाद खनालले प्रमाणित दस्तखत गरेपछि मात्र जारी गरेको देखिएको, अन्य कार्यमा निजको संलग्नता नदेखिँदा निजलाई दोषी करार गर्न मिलेन। त्यस्तै गरी प्रतिवादीहरूमध्येको प्रतिवादी मोहनप्रसाद केशरी र अनिलकुमार यादवको हकमा हेर्दा निजहरूले पनि आरोपित कसुरमा इन्कार रही अनुसन्धान अधिकारी र अदालतमा बयान गरेको पाइयो। उल्लिखित जाहेरी पत्रमा उल्लिखित वारदात घटनामा मेरो कुनै संलग्नता छैन । मैले कुनै कसुर गरेको छैन। मेरो घर खानतलास हुँदा प्रस्तुत मुद्दामा प्रमाण लाग्ने कुनै चिज प्रमाण बरामद भएको होइन, भनी प्रतिवादी मोहनप्रसाद केशरीले सुरू अदालतमा बयान गरेको देखिन्छ । अर्का प्रतिवादी अनिलकुमार यादवले सुरू अदालतमा गरेको बयानमा के-कसो गरी को-कसले किर्ते ठगी गऱ्यो र रूपैयाँ भाग बन्डा गरे नगरे सम्बन्धमा मलाई केही जानकारी छैन भनी बयान गरेको देखियो । निजहरूले दस्तखत गरेको भन्ने प्रमाणित नभएको र मौकामा कागज गर्ने तथा जाहेरवालासमेतले अदालतमा बकपत्र गर्दा निजहरूलाई निर्दोष देखाई बकपत्र गरेको पाइयो । "ने.काप. २०७१, अङ्क १२, नि.नं. ९३१०, मा कसैउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन सो प्रमाणित हुनुपर्ने प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादी पक्षमा रहेको हुन्छ । प्रतिवादीहरूले आरोपित कसुर गरेकै हुन् भनी शङ्कारहित तथ्ययुक्त सबुद प्रमाण वादी पक्षले पेस गर्न नसकेको अवस्थामा शङ्का र अनुमानको भरमा मात्र प्रतिवादीहरूलाई सजाय गरिनु प्रचलित फौजदारी न्याय सिद्धान्तसमेतको विपरीत हुने" भनी प्रतिपादित नजिरसमेतका आधारमा उपर्युक्त प्रतिवादीहरूउपरको आरोप शंकारहित तवरबाट पुष्टि नभएकोले दोषी करार गर्न मिल्ने देखिएन। अतः यी माथि उल्लिखित प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन।

५. पुनरावेदक / प्रतिवादी राजेशप्रसाद जयसवालको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, दस्तखत मिल्छ भनी प्रमाणित भएपछि रकम दिने मात्र आफ्नो जिम्मा हुँदा रकम ठगी गर्ने कार्यमा आफ्नो संलग्नता नरहेको भनी जिकिर लिएको देखिए पनि विवादित चेक नं. ०३२८३५२ को चेक मिति २०६६।३।१९ मा काटिएको र भुक्तानीको लागि कम्तीमा पनि तीनपटक पेस भई तीनपटक टोकन लगेको देखिएको र अन्त्यमा मिति २०६६।४।१२ मा मात्र भुक्तानी भएको देखियो । यसरी पटक-पटक भुक्तानीको लागि पेस भएको स्थितिमा किन त्यसरी पेस भएको हो भनी निजले जान्नु बुझ्नुपर्ने हुन्छ । सेवाग्राहीलाई नयाँ चेक प्रदान गरेपछि पनि पुरानो चेकबाट समेत भुक्तानी माग गरिएको स्थितिमा निजले सो कार्यलाई रोक्नुपर्नेमा र निजसमेत बैंकको कर्मचारी हुँदा आफ्नो ग्राहक को हो चिनी जानी वास्तविक ग्राहकको रक्षा गर्नुपर्नेमा सो गरेको देखिन आएन । यस सिद्धान्तमा चेक रूजु ओमप्रकाश खनाले गरेपछि

आफूले भुक्तानी दिएको र आफू निर्दोष रहेको भन्ने जिकिर पत्यारलायक देखिएन। माथि विवेचित तथ्य र प्रमाण एवं निजउपरको किटानी जाहेरीसमेतबाट यी प्रतिवादी राजेशप्रसाद जयसवाल निर्दोष रहेछन् भन्न सकिने स्थिति देखिएन। अतः मलाई सजाय गर्ने गरी भएको उच्च अदालत हेटौंडाको फैसला बदर गरी सफाइ पाउँ भन्ने निजको पुनरावेदन जिकिर पुग्न सक्तैन।

६. यसरी माथि विवेचित आधार, कारण र तथ्यहरूबाट विद्यालयको खाताबाट रकम निकालिएको र सो कार्य गर्ने क्रममा विद्यालयको प्रधानाध्यापक जगत किशोर मल्लिक र विद्यालय व्यवस्थापन समितिका सदस्य गोपाल साहको किर्ते दस्तखत गरिएको भन्ने किटानी जाहेरी सो कुरालाई समर्थन गर्ने बकपत्र र नभिडेको दस्तखतबाट चेकबुक जारी गर्ने चेकको दस्तखत भिड्छ भनी प्रमाणित गर्ने ओमप्रकाश खनालको साबिती बयान र नाङ्गो आँखाले हेर्दा पनि दस्तखत नमिलेको स्थितिसमेत देखिँदा किर्ते चेकबुक बनाई खातावालाको किर्ते दस्तखत गरी रकम लिई खाई मासेकोमा विवाद देखिएन, सो कार्य मुलुकी ऐन ठगीको महल खारेज नभएको स्थितिमा उक्त *ठगीको महलको १ नं.* मा परिभाषा गरिएबमोजिम कसैले आफनो हक नपुग्ने अर्काको हकको चल–अचल धनमाल जाल परिपञ्च गरी वा आफ्नो हक नभएको सम्पत्तिमा आफ्नो हक पुग्ने किर्ते कागज बनाई, दिई वा पेस गरी वा झुठो कुरालाई सद्दे हो भनी झुक्याई वा अरू जुनसुकै बेहोरासँग धोका दिई गफलतमा पारी आफ्नो हक नपुग्ने अर्काको हकको चल–अचल धनमाल लिए दिए दिलाएमा त्यस्तो कार्यलाई ठगी भनी परिभाषित भएबमोजिमको देखिन आयो। विद्यालयको रकम बैंकबाट झिकी खाए मासेको भन्ने आरोप यहाँ भएको र ठगीको महलअन्तर्गतको कसुर सरकारवादी भई चल्ने मुद्दासमेत हुँदा सोअन्तर्गत सरकारले अभियोगपत्र लिएर आएको स्थितिमा उक्त १ नं. अनुसार मुद्दा चलाउन मिल्दैन बैंकिङ (कसुर र सजाय) ऐन, २०६४ अन्तर्गत मुद्दा चलाउनु पर्छ भन्ने पुनरावेदक राजेशप्रसाद जयसवाल जिकिर पुग्न सक्तैन।

७. यसरी ठगीको कसुर गरेको ठहर भइसकेपछि सजायतर्फ विचार गर्दा, प्रतिवादीमध्येको ओमप्रकाश खनालको मिति २०६९।८।२४ मा मृत्यु भइसकेको भन्ने निजको श्रीमती निर्मलादेवी खनालको निवेदनबाट देखिएको र "Crime Dies with Criminal" अपराधीसँगै अपराध मर्दछ भन्ने फौजदारी न्यायको सिद्धान्त रहेकोले प्रतिवादीमध्येका ओमप्रकाश खनालले फौजदारी दायित्वबाट उन्मुक्ति पाउने देखियो। अपराधको मात्रानुसार सजायको निर्धारण गर्नु पर्दछ। ठुलो अपराध गर्ने र तुलनात्मक रूपमा सानु अपराध गर्ने अपराधीलाई एउटै सजाय गर्नु न्यायसङ्गत हुँदैन। त्यसकारण सजाय निर्धारण गर्दा अपराधको गाम्भीर्य अपराध गर्दाको परिस्थिति र प्रचलित कानूनी व्यवस्था हेर्नुपर्ने हुन्छ। प्रचलित कानूनी व्यवस्था हेर्दा, फौजदारी कसुर (निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुन रहेछ भन्ने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ।

८. मुलुकी ऐन ठगीको महलको ४ नं. मा "ठगी गर्नेलाई ठगी लिएको बिगो कायम भएमा हक पुग्नेलाई बिगो भराई बिगोबमोजिम र बिगो कायम नभएका पाँच हजार रूपैयाँसम्म जरिवाना र पाँच वर्षसम्म कैद हुने छ" भन्ने व्यवस्था रहेको देखिन्छ। यस स्थितिमा प्रतिवादी ओमप्रसाद खनाल र राजेशप्रसाद जयसवाललाई मुलुकी ऐन, ठगीको (१) र (४) नं. को कसुरमा बिगो दाखिला भइसकेकोले ६(छ) महिना कैद र रू.२,५०,०००।– (दुई लाख पचास हजार) जरिवाना हुने ठहऱ्याएको उच्च अदालत हेटौंडाको मिति २०६९।१२।२६ को फैसला केही उल्टी भई

प्रतिवादी ओमप्रसाद खनालको हकमा मृत्युपछि फौजदारी कसुरको सजाय पनि समाप्त हुने हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ मा दुनियाँवादी ठगीमा मिलापत्र हुने मनसाय राखेको र ठगीको बिगो फिर्ता गरी वा नगरी मिलापत्र हुने देखिन्छ । तसर्थ बिगो रकम असुल भइसकेकोले बिगोबमोजिम जरिवाना गरी राख्नु परेन तर विद्यालय सरकारी निकाय भएको र वारदात स्थापित भएको देखिँदा कैद र जरिवाना गर्नु मनासिब देखिएकोले प्रतिवादी ओमप्रसाद खनालको मृत्यु भइसकेको हुनाले निजबाट कैद असुल गर्नु परेन । निजलाई रू.२,०००।– जरिवाना हुन्छ । जरिवाना निजको घर घरानाबाट असुल गर्नेसमेत ठहर्छ । अर्का प्रतिवादी राजेशप्रसाद जयसवाललाई मुलुकी ऐन, ठगीको १ र ४ नं. को कसुरमा मुलुकी फौजदारी कसुर निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा ५ अनुसार २(दुई) महिना कैद र रू. २,०००।– (दुई हजार) जरिवाना हुने ठहर्छ । अरू तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम पुनरावेदन अदालत हेटौंडाको फैसला केही उल्टी हुने ठहरेकोले पुनरावेदन अदालतको फैसलाबमोजिमको कायम रहेको प्रतिवादीका नाउँको लगत कट्टा गरी प्रतिवादी ओमप्रसाद खनालको हकमा रू.२,०००।– जरिवानाको लगत कायम राख्नु र प्रतिवादी राजेशप्रसाद जयसवालको हकमा २(दुई) महिना कैद र रू. २,०००।– जरिवाना हुने ठहरेकोले सोहीअनुरूप लगत कायम गरी निजहरूको नाउँको जरिवाना र कैद असुलउपर गर्नु भनी सुरू रौतहट जिल्ला अदालतमा लेखी पठाई दिनू -------------------------------------१

प्रस्तुत मुद्दाको फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालय र प्रतिवादी राजेशप्रसाद जयसवाललाई दिनू ----------------------------------२

प्रस्तुत मुद्दाको नक्कल माग गर्ने सरोकारवालालाई नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू --------३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ---------४

उक्त रायमा सहमत छु ।
न्या.तेजबहादुर के.सी.

इजलास अधिकृत : मुकुन्द आचार्य
इति संवत् २०७६ साल पुस ९ गते रोज ४ शुभम् ।

## निर्णय नं. १०५१८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
फैसला मिति : २०७६।९।२९
०७४-CR-१२९२

मुद्दाः- भ्रष्टाचार (घुस / रिसवत)

पुनरावेदक / वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृतद्वय बाबुराम पौडेल र नविनराजा बुढाथोकीको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : नरनाथ वाग्लेको नाति गोपालप्रसाद वाग्लेको छोरा जिल्ला भक्तपुर चाँगुनारायण नगरपालिका वडा नं.९ बस्ने ध्रुवप्रसाद वाग्ले

- **कसैको दबाब, प्रभावमा परी वा आफ्नो घोषित, अघोषित राजनीतिक वा अन्य आस्थाको कारण माथिल्लो तहमा हुने**

**संस्थागत भ्रष्टाचारलाई लुकाउन दबाउन वा प्रकाशमा ल्याउन नदिन अनुसन्धानकर्ताले कुनै प्रकारको भूमिका खेल्दछ भने त्यस्ता अनुसन्धानकर्ता स्वतन्त्र अनुसन्धान गर्न असक्षम हुने ।**

- **केही तल्लो तह वा स्तरमा काम गर्ने राष्ट्रसेवकउपर मुद्दा चलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्य प्रगति देखाउने तर संस्थागत रूपमा भएका भ्रष्टाचारलाई उजागर नगरी वा कुनै प्रकारले प्रभावित भई वा कसैप्रति सहानुभूति राखी अनुसन्धानको कोण नै बदली कसैलाई बचाव र प्रमाणित हुन नसक्ने प्रकृतिको आरोप लगाउँछ वा लगाउने गर्दछ भने त्यस्ता अनुसन्धानकर्ताले नेपालको संविधानको धारा २३८ र २३९ ले अख्तियार दुरूपयोग अनुसन्धान आयोग सम्बन्धमा गरेको प्रबन्ध, अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को मर्म र मनसायप्रति छलकपट वा खेलवाड गरेको मान्नुपर्ने ।**
- **अनुसन्धानमा संलग्न निकाय र अधिकारीहरू आफ्नो कर्तव्य र जिम्मेवारीप्रति संवेदनशील र सजग भएनन्, आफ्नो अनुसन्धानको जिम्मेवारी लिनुपरेन, गलत वा अपूर्ण वा पूर्वाग्रहयुक्त वा प्रायोजित अनुसन्धान गरियो भने वास्तवमा आपराधिक जिम्मेवारी लिनुपर्ने राष्ट्रसेवक गलत काम गरे पनि उन्मुक्ति पाई बस्ने र निर्दोष वा कसुरको मात्राअनुसार तल्लो वर्गमा पर्ने राष्ट्रसेवकले आफ्नो कसुरको मात्राभन्दा बढी सजाय भोग्नुपर्ने भन्ने नेपालको संविधान र भ्रष्टाचारसँग सम्बन्धित प्रचलित कानूनहरूमा विधायिकाको मनसाय नहुने ।**

(प्रकरण नं.६)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री राजेन्द्रसिंह भण्डारी

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपालको संविधान
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचार निवारण ऐन, २०५९

सुरू तहमा फैसला गर्नेः

अध्यक्ष माननीय न्यायाधीश श्री बाबुराम रेग्मी
सदस्य मा. न्या. श्री प्रमोदकुमार श्रेष्ठ वैद्य
विशेष अदालत काठमाडौं

फैसला

**न्या.अनिलकुमार सिन्हा :** विशेष अदालत काठमाडौंको मिति २०७४।९।६ को फैसलाउपर पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन परी न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम पुनरावेदनको रोहबाट पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

तथ्य खण्ड

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.३५, तिनकुने स्थित मेरो घरमा खानेपानी कार्यालयद्वारा जडित धाराको पानी प्रयोग गर्दै आएकोमा सडकमा ढल निकासको काम भइरहेकोले डोजरले खन्दा मेरो घरमा पानी आउने पाइप भाँचिन गई बिगत केही दिनदेखि धारामा पानी आउन छाडेको हुँदा काठमाडौं उपत्यका खानेपानी लिमिटेड शाखा

कार्यालय बानेश्वर, मिनभवनमा गई बुझ्दा उक्त कार्यालयका कर्मचारीले सडक विभागले बिगारेको हो, हाम्रो काम होइन, त्यहीँ गएर भन्नु भनेकोले सडक विभागमा गई भन्दा हुन्छ, सहयोग गरिदिन्छौं तर धारा जोड्न खानेपानीको मानिस बोलाउनुस् भनेकोले मिति २०७३।१०।१८ गते पुनः खानेपानी कार्यालयमा गई कुरा गर्दा ध्रुवप्रसाद वाग्ले भन्ने कर्मचारीसँग सम्पर्क गर्नु भनेकोले निजसँग सम्पर्क गर्दा निजले अर्को प्वाइन्टबाट धारा जडान गरिदिउँला तर खर्च लाग्छ, मैले हाकिमहरूलाई पनि बुझाउनुपर्छ, तपाईँले सात हजार दिनुस्, त्यसपछि काम गरिदिउँला भनेको र पानीको समस्या भएकोले पटक-पटक सम्पर्क गर्दासमेत पैसा नभई काम हुँदैन भनी आलटाल गरेको र मेरो घुस / रिसवत दिई काम गराउने उद्देश्य नभएको हुँदा निज ध्रुवप्रसाद वाग्लेलाई दिनका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट नगद रू.७,०००।- (सात हजार) उपलब्ध गराई पाउँ भनी निवेदन दिई मबाट निजले घुस / रिसवत लिएको अवस्थामा फेला पारेमा निजलाई दशी प्रमाणसहित पक्राउ गरी भ्रष्टाचार निवारण ऐन तथा प्रचलित कानूनअनुसार कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०७३।१०।२३ को उजुरी निवेदन।

उजुरवालाले अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंबाट भरपाई कागजमा उल्लिखित दर र नम्बरका थान-७ (सात) नोटको हुने जम्मा रू.७,०००।- (सात हजार) बुझिलिई गरिदिएको मिति २०७३।१०।२३ को भरपाई कागज।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड, शाखा कार्यालय बानेश्वर, मिनभवनका कुल्ली (पाँचौं तह) ध्रुवप्रसाद वाग्लेले घुस / रिसवत स्वरूप रू.७,०००।- (सात हजार) माग गरेको भन्ने उजुरीकर्ता सन्दिप पराजुलीको निवेदनको आधारमा निजलाई भरपाई गरी रकम उपलब्ध गराइएको हुँदा ध्रुवप्रसाद वाग्लेउपर निगरानी राखी निजले घुस / रिसवत लिएको पाइएमा दसी प्रमाणसहित पक्राउ गरी यस आयोगमा दाखिला गर्ने प्रयोजनको लागि निवेदकलाई उपलब्ध गराइएको रकमको फोटोकपीसहित प्र.ना.उ. हेमकुमार थापासहितलाई खटाई पठाइएको भन्नेसमेत बेहोराको अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंको च.नं.१२०२, मिति २०७३।१०।२३ को पत्र।

जिल्ला भक्तपुर, चाँगुनारायण नगरपालिका, वडा नं.९ स्थायी घर भई हाल काठमाडौं उपत्यका खानेपानी लिमिटेड, शाखा कार्यालय, बानेश्वर, मिनभवनका कुल्ली (पाँचौं तह) ध्रुवप्रसाद वाग्लेलाई दिइएको मिति २०७३।१०।२३ को खानतलासी पुर्जी।

मिति २०७३।१०।२३ गते दिउसो १२:३० बजेको समयमा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.३४ स्थित नेपाल कमर्स क्याम्पसको उत्तरतर्फ रहेको हिमगंगा मःमः हाउसमा जिल्ला भक्तपुर, चाँगुनारायण नगरपालिका वडा नं.९ घर भई हाल काठमाडौं उपत्यका खानेपानी लिमिटेड, शाखा कार्यालय बानेश्वर, मिनभवनका कुल्ली (पाँचौं तह) मा काम गर्ने ध्रुवप्रसाद वाग्लेले सेवाग्राहीसँग घुस / रिसवत लिई अफिसतर्फ फर्कंदै गर्दा निज ध्रुवप्रसाद वाग्लेलाई नियन्त्रणमा लिई काठमाडौं उपत्यका खानेपानी लिमिटेड शाखा कार्यालयको कार्यालय प्रमुखको कार्यकक्षमा लगी निजको शरीर तलासी गर्ने क्रममा निजले लगाएको खैरो (खरानी) रङको ज्याकेटको बायाँतर्फको बाहिरी खल्तीमा राखेको अवस्थामा रू.७,०००।- (सात हजार) बरामद गरिएको भन्नेसमेत बेहोराको मिति २०७३।१०।२३ को खानतलासी / बरामदी मुचुल्का।

मिति २०७३।१०।२३ गते उजुरी निवेदक सन्दिप पराजुलीलाई यस आयोगबाट उपलब्ध गराइएको रू.१,०००।- दरका थान-७ नोटहरूको हुने रू.७,०००।- (सात हजार)

रकममा Phenolphthalein नामक पाउडर लगाई पठाइएकोमा उक्त घुस रकमसहित कुल्ली ध्रुवप्रसाद वाग्लेलाई नियन्त्रणमा लिई खानतलासी गर्ने क्रममा निज ध्रुवप्रसाद वाग्ले र काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.३४ कार्यालयका प्रतिनिधि गजेन्द्रबहादुर कार्कीसमेतलाई Sodium Carbonate मिसाइएको २ वटा गिलासमा रहेको पानीमा हात धुन लगाउँदा कुल्ली ध्रुवप्रसाद वाग्लेले हात धोएको पानीको रङ्ग बैजनी रातो (Light Pink to Violet Red) भएको, स्थानीय प्रतिनिधि गजेन्द्रबहादुर कार्कीले हात धोएको पानीको रङ्ग परिवर्तन नभएको र २ वटै हात धोएको पानीको नमुनाहरू छुट्टाछुट्टै २ वटा बोतलमा नाम उल्लेख गरी नमुना सङ्कलन गरी सिलबन्दी गरिएको भन्नेसमेत बेहोराको मिति २०७३।१०।२३ को रङ्गे हात परीक्षण तथा नमुना सङ्कलन मुचुल्का।

कुल्ली ध्रुवप्रसाद वाग्लेलाई घुस / रिसवतको रकमसहित पक्राउ गरी दाखिला गरेको भन्नेसमेत बेहोराको प्र.ना.उ. हेमकुमार थापासहितको टोलीले पेस गरेको मिति २०७३।१०।२३ को दाखिला प्रतिवेदन।

मिति २०७३।१०।२३ गते यस आयोगबाट खटिएको प्र.ना.उ. हेमकुमार थापासमेतको टोलीद्वारा खानतलासी / बरामदी तथा नमुना सङ्कलन कार्य गर्दा खिचिएको श्रव्य दृश्यसहितको सि.डी. थान-१(एक)।

उजुरीमा उल्लिखित कामको सम्बन्धमा निज कुल्ली ध्रुवप्रसाद वाग्लेसँग रू.७,०००।- (सात हजार) घुस / रिसवत रकम लेनदेन हुँदा खिचिएको वार्तालाप तथा श्रव्यदृश्य रेकर्ड गरिएको सि.डी. थान-१(एक) यसै निवेदनसाथ पेस गरेको छ भन्नेसमेत बेहोराको मिति २०७३।८।७ को निवेदन तथा श्रव्यदृश्य वार्तालाप रेकर्ड गरिएको सि.डी. थान-१(एक)।

निवेदक सन्दिप पराजुलीको सुरूमा पहिला भइरहेको मेनरोडमा रहेको १२" बाट आएको १/२" धारा राति ढल खन्दा सडक विभागले भाँचिदिएको हुँदा म सोही धारा मर्मत गर्न भनेर जाँदा निज ग्राहकले मैले सडकबाट धारा बनाउँदा पटक-पटक दुःख पाइरहेको छु। मलाई सो लाइन बन्द गराई फुटपाथमा रहेको ४" बाट दिनुस् भनेको हुँदा मैले निज ग्राहकलाई त्यस फुटपाथमा होलचेञ्ज गर्न उपभोक्ता सिफारिस चाहिन्छ भन्दा निजले उपभोक्ता विघटन भइसक्यो भनेपछि मैले सो १२" बाट आएको पुरानो प्वाइन्ट बन्द गर्नुपर्छ भन्दा राति बस्नुपर्छ भनेकोले म राति बस्न सक्दिन भनेँ र उहाँले म राति खनेर बन्द गर्छु भन्नुभयो। त्यसमा मैले मानवताको नाताले बिहान हेर्ने गरी मन्जुर भए। पछि उहाँले मलाई कति पैसा लाग्छ, म भ्याउँदिन गरिदिनुस् भन्दा मैले सबै खर्च हिसाब गरेर मानवीय नाताले खन्ने ठाउँमा नपुग खन्नुपर्छ। इस्टिमेट गर्नुपर्छ, धारा जडान गर्ने मेसिन साइडसम्म ट्याक्सीमा लानुपर्छ । गरिब भएकोले मैले पनि अलिकति रकम चिया खर्च पाउनुपर्छ भनी मैले खाल्डो खन्दा पुग नपुग, सामान किन्दा पुग नपुग, कार्यालयमा तिर्नुपर्ने राजस्व रू.२,०००।- सहित रू.७,०००।- (सात हजार रूपैयाँ) मागेको हुँ तर मलाई कुल्ली त हो नि भनी ललाइफकाई कुनै पनि रकम नदिई कार्यालयमा फाइलसमेत अगाडि बढाउन, राजस्व तिर्नसम्म नपाई बिच बाटोबाट नै पक्रन लगाइएको हो। धारा जडान गर्न भनी उजुरी निवेदकसँग रू.७,०००।– (सात हजार रूपैयाँ) लिएको ठिक साँचो हो भन्नेसमेत बेहोराको प्रतिवादी ध्रुवप्रसाद वाग्लेले मुद्दा अनुसन्धानको क्रममा मिति २०७३।१०।२५ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा गरेको बयान कागज।

उजुरी निवेदन मैले स्वेच्छाले दिएको हो र उजुरीमा भएको सहीछाप मेरो हो। रकम बुझेको भरपाई कागजमा गरिएको सहीछाप मेरो हो । खानतलासी / बरामदी मुचुल्का र नमुना सङ्कलन मुचुल्कामा उल्लिखित सम्पूर्ण बेहोरा ठीक साँचो हो । उक्त मुचुल्काहरूमा गरिएको मेरो नामको सहीछाप मेरो हो। मैले पेस गरेको निज कुल्ली ध्रुवप्रसाद वाग्लेसँग रकम लेनदेन गर्दाको श्रव्यदृश्य कैद भएको सि.डी. तथा

निवेदनको बेहोरा ठीक हो । भेटघाट तथा फोन सम्पर्क (४ पटक भएको) हुँदा निज कुल्ली ध्रुवप्रसाद वाग्लेले मसँग रू.७,०००।- घुस मागेको थियो । मैले काठमाडौं उपत्यका खानेपानी लिमिटेड, बानेश्वरमा माघ १८ गते पाइप मर्मतको लागि र माघ १९ गते होलचेन्जको लागि मेरो आमा बिना पराजुलीको नाममा निवेदन दिएको थिएँ । निवेदन दिएपछि उक्त कार्यालयका दामोदर भन्ने कर्मचारीले उक्त पाइप हेर्न ध्रुवप्रसाद वाग्लेलाई पठाए र सोही क्रममा ध्रुवप्रसाद वाग्लेले रू.७,०००।- चाहिन्छ, नत्र काम अघि बढ्दैन, ढिलो हुन्छ भनी फोनसमेत गरी उक्त रकम माग गरेको थियो । त्यसपछि मिति २०७३।१०।२३ गते निवेदन दिई भरपाई गरी लिएको रू.७,०००।- रकम हिमगंगा मःम सेन्टरमा गई निज ध्रुवप्रसाद वाग्लेलाई दिएको हो र सोही रकम नै बरामद भएको हो भन्नेसमेत बेहोराको उजुरी निवेदक सन्दीप पराजुलीले मिति २०७३।१०।२५ मा अनुसन्धानको क्रममा गरेको बयान कागज ।

होलचेन्ज, नयाँ धारा जडान, पाइप मर्मतलगायतका काम गर्ने जिम्मेवारी ध्रुवप्रसाद वाग्लेको हो । खानतलासी / बरामदी मुचुल्का र नमुना सङ्कलन मुचुल्काको बेहोरा सत्य हो । ध्रुवप्रसाद वाग्ले र वडा कार्यालयका प्रतिनिधिको Sodium Carbonate मिसाइएको दुईवटा ग्लासमा भएको पानीमा छुट्टाछुट्टै हात धुन लगाई सङ्कलित नमुनामध्ये ध्रुवप्रसाद वाग्लेले धोएको पानीको नमुना रातो भयो र वडा कार्यालयका प्रतिनिधिले धोएको पानीको रङ्ग परिवर्तन भएन । ध्रुवप्रसाद वाग्लेको साथबाट बरामद रकमहरू र फोटोकपी कागजमा भएको रकमहरूको नम्बर मिलान भएको ठीक हो भन्नेसमेत बेहोराको काठमाडौं उपत्यका खानेपानी लिमिटेड, शाखा कार्यालय, बानेश्वरका कार्यालय प्रमुख सतिसकुमार दत्तले मिति २०७३।१०।२५ मा गरेको घटना विवरण कागज ।

खानतलासी / बरामदी मुचुल्का र नमुना सङ्कलन मुचुल्काको बेहोरा ठीक हो र मेरो नाममा भएको सहीछाप मेरो हो । खानतलासी लिँदा ध्रुवप्रसाद वाग्लेको साथबाट रू.७,०००।- बरामद भएको र सो नोटहरू फोटोकपी कागजमा भएको नोटहरूको नम्बरहरूसँग म्याच भएको हो । आरोपित ध्रुवप्रसाद वाग्ले र वडा कार्यालयका प्रतिनिधिको Sodium Carbonate मिसाइएको दुईवटा ग्लासमा भएको पानीमा छुट्टाछुट्टै हात धुन लगाई सङ्कलित नमुनामध्ये ध्रुवप्रसाद वाग्लेले धोएको पानीको नमुना रातो भयो र वडा कार्यालयका प्रतिनिधिले धोएको पानीको रंग परिवर्तन भएन भन्नेसमेत बेहोराको मुद्दा अनुसन्धानको क्रममा काठमाडौं उपत्यका खानेपानी लिमिटेड, शाखा कार्यालय, बानेश्वरका प्रशासन प्रमुख प्रमोदनाथ रिमालले मिति २०७३।१०।२५ मा गरेको घटना विवरण कागज ।

खानतलासी / बरामदी मुचुल्का र नमुना सङ्कलन मुचुल्काको बेहोरा ठीक हो र मेरो नाममा भएको सहीछाप मेरो हो । खानतलासी लिँदा ध्रुवप्रसाद वाग्लेले लगाएको ज्याकेटको बायाँ खल्तीबाट रू.७,०००।- रकम बरामद भएको र सो नोटहरू टोलीले लिई आएको रूपैयाँहरूको फोटोकपी कागजमा भिडाउँदा भिडेको थियो । ध्रुवप्रसाद वाग्ले र मसमेतलाई Sodium Carbonate मिसाइएको दुईवटा ग्लासमा भएको पानीमा छुट्टाछुट्टै हात धुन लगाउँदा ध्रुवप्रसाद वाग्लेले धोएको पानीको नमुना रातो भएको थियो र मैले धोएको पानीको रंग परिवर्तन भएन भन्नेसमेत बेहोराको हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका ३४ नं. वडा कार्यालयका ना.सु. गजेन्द्रबहादुर कार्कीले मुद्दा अनुसन्धानको क्रममा गरेको मिति २०७३।१०।२५ को घटना विवरण कागज ।

परीक्षणको लागि प्राप्त नमुनाहरूमध्ये गजेन्द्रबहादुर कार्कीले हात धोएको नमुना (नमुना नं.२) बाहेक ध्रुवप्रसाद वाग्लेले हात धोएको नमुना (नमुना नं.१) र बरामद रू.१,०००।- दरका उल्लिखित नं.का

थान-७ नोटहरू (नमुना नं.३) मा Phenolphthalein पाइएको भन्ने रायसहितको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, सामाखुशी, काठमाडौंको मिति २०७३।१०।२६ को परीक्षण प्रतिवेदन।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड, शाखा कार्यालय, बानेश्वरका राष्ट्रसेवक कुल्ली (पाँचौं तह) ध्रुवप्रसाद वाग्लेले आफ्नो कार्यालय र आफ्नो ओहोदाले गर्नुपर्ने काम गर्नका लागि अर्को प्वाइन्टबाट धारा जडान गरिदिउँला तर खर्च लाग्छ, तपाइँले सात हजार दिनुस्, त्यसपछि काम गरिदिउँला भनेको र पानीको समस्या भएकोले पटक-पटक सम्पर्क गर्दासमेत पैसा नभई काम हुँदैन भनी आलटाल गरी उजुरी निवेदक सन्दिप पराजुलीसँग आफ्नो लागि रू.७,०००।- (सात हजार) घुस / रिसवतको रकम माग गरेको र उक्त रिसवत रकम लिन मन्जुर गरी भरपाई कागज एवं बरामदी मुचुल्कामा उल्लिखित दर र नम्बरको रू.७,०००।- (सात हजार) मिति २०७३।१०।२३ गतेका दिन बरामदी मुचुल्कामा उल्लिखित समय र स्थानमा राष्ट्रसेवक कुल्ली (पाँचौं तह) ध्रुवप्रसाद वाग्लेले लिएको र सो घुस रकम निज ध्रुवप्रसाद वाग्लेको सँगसाथबाट बरामद भएको पुष्टि हुन आई राष्ट्रसेवक कुल्ली (पाँचौं तह) ध्रुवप्रसाद वाग्लेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज कुल्ली (पाँचौं तह) ध्रुवप्रसाद वाग्लेलाई बिगो रू.७,०००।- (सात हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०७३।११।१ को आरोपपत्र।

उजुरीकर्ताको पुरानो धारा बन्द गर्नुपर्ने र नयाँ धारा जडान गर्नुपर्ने भएकोले पुरानो धारा बन्द गर्न र नयाँ धारा जडान गर्नको लागि पनि सडक खन्नुपर्ने भएकोले म एक्लैले नभ्याउने भएको हुँदा निज उजुरीकर्तालाई मानिस बोलाउनुहोस् भन्दा म मानिस खोज्न सक्दिन कति पैसा लाग्छ म तपाइँलाई दिन्छु, मानिस तपाइँ नै खोज्नुहोस् भनेकाले पुरानो धारा बन्द गर्न सडकमा भएकाले दिउसो काम गर्न मिल्दैन, रातमा गर्नुपर्छ, नयाँ धारा जोड्न पनि धेरै खाल्डो खन्नु छ, सामान पनि ट्याक्सीमा ल्याउनुपर्छ, दुई हजार रूपैयाँ राजस्व नै लाग्छ, कति रूपैयाँ दिनुहुन्छ भनेर भन्दा निजले रू.५,०००।- दिन्छु भनेका थिए, मैले सबै हिसाब गर्दा सो रकमले नपुग्ने भएकोले रू.७,०००।- दिए सकिन्छ, नत्र काम गर्न सकिँदैन भनेपछि निजले नै सो रू.७,०००।- रकम दिने र ज्यामीलगायतका सम्पूर्ण काम म आफैँले गर्नुपर्ने सर्तमा उजुरीकर्ताले उक्त रकम मलाई दिएको हो। सोही रकम अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोलीले बरामद गरेको हो भन्नेसमेत बेहोराको प्रतिवादी ध्रुवप्रसाद वाग्लेले सुरू विशेष अदालतमा मिति २०७४।१।२० मा गरेको बयान।

थुनछेक प्रयोजनको लागि प्रतिवादी ध्रुवप्रसाद वाग्लेबाट रू.७,०००।- धरौटी माग भई उक्त रकम निजले र.नं.२७५ मिति २०७३।११।२ मा धरौटी राखी तारेखमा बसेको।

वादी पक्षका साक्षीहरू पुरूषोत्तम महत, गजेन्द्रबहादुर कार्की, रश्मी सिलवाल, स्वास अधिकारी, प्रमोदनाथ रिमाल, पुश्कर राना, सतिषकुमार दत्तले निज प्रतिवादीको साथबाट रू.७,०००।- समेतका रकम बरामद भएको हो भनी तथा उजुरवाला सन्दीप पराजुलीले प्रतिवादीले घुस रकम माग गरेको र अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा दिएको निवेदन बेहोरा मेरो हो भनी गरेको बकपत्र मिसिल सामेल रहेको। प्रतिवादीका साक्षीहरू भरतबहादुर कार्की र प्रमोद वाग्लेले यी प्रतिवादीले घुस रकम माग गरेको र लिएका छैनन् भनी गरेको बकपत्र मिसिल सामेल रहेको।

यस अदालतको आदेशानुसार सि.डी. लिपिबद्ध गरी मिसिल सामेल रहेको।

प्रतिवादी कुल्लीस्तरको कर्मचारी देखिएको र निजले घुस रिसवत लिने मनसायका साथ नभई राजस्व र खन्नेसमेतको कार्यको लागि रू.७,०००।- लाग्ने भनेकोमा त्यसरी प्रयोजन खुलाएर माग भएको रकम अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भरपाई गरी लिएर प्रतिवादीलाई दिएको र सोही रकम प्रतिवादीको साथबाट बरामद भएको मात्र कारणले निज प्रतिवादीलाई आरोप दाबीबमोजिमको कसुर ठहर गर्न नमिल्ने हुँदा प्रतिवादी ध्रुवप्रसाद वाग्लेले आरोप दाबीबाट सफाइ पाउने ठहर्छ भनी मिति २०७४।९।६ मा विशेष अदालत काठमाडौंबाट भएको फैसला।

उजुरकर्ता सन्दिप पराजुलीको घरमा बिग्रिएको धारा जडान गर्न कार्यालयबाट कर्मचारी खटिइसकेको कुरा प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयानमा उल्लेख भएको, काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट प्राप्त कागजातबाट निवेदकबिना पराजुलीले दिएको निवेदनसम्बन्धी काममा प्रतिवादी ध्रुवप्रसाद वाग्ले फिल्डमा खटिई निजले सडकले ढल खनेको ठाउँको पुरानो धारा ब्लक गरेको देखिएको, निवेदकको घर रहेको वडामा धाराको काम गर्न कार्यालयले प्रतिवादीलाई स्थायी रूपमा जिम्मेवारी तोकेको देखिएको, नयाँ धारा जडान गर्नको लागि घुस रिसवत मागेको भनी सन्दिप पराजुलीले आयोगमा निवेदन दिई घुस रिसवतबापत उपलब्ध गराइएको रकम नै प्रतिवादीको साथबाट बरामद भएको, रङ्गे हात नमुना परीक्षण प्रतिवेदनले प्रतिवादीको साथबाट घुस रिसवतको रकम बरामद भएको प्रमाणित गरेको, बरामदी मुचुल्काका गजेन्द्रबहादुर कार्की, रश्मी सिलवाल, सुवास अधिकारी, पुष्कर राना र प्रतिवादीकै कार्यालयका प्रमोदनाथ रिमाल, कार्यालय प्रमुख सतिषकुमार दत्तसमेतले बकपत्र गरी बरामदी मुचुल्कालाई समर्थन गरी दसी प्रमाणसहित रङ्गेहात पक्राउ परेको प्रतिवादीलाई सफाइ दिने ठहर गरेको फैसला प्रमाण मूल्याङ्कनको रोहबाट खण्डनीय रहेको छ । उजुरकर्ता सन्दिप पराजुलीले मौकाको उजुरी बेहोरामा र बकपत्र गर्दा प्रतिवादीले हाकिम, सुपरभाइजर र इन्जिनियरसमेतलाई अलिअलि खर्च मिलाउन चाहिन्छ भनी रकम माग गरेको थियो भनी व्यक्त गरेको, म आफैँ चाँडो काम गरिदिन्छु, राजस्वसमेत मै तिरीदिन्छु भनी रकम माग गरेको अवस्थामा प्रतिवादीले घुस रिसवतबापत नै रकम माग गरेको तथ्य प्रमाणित भइरहेको छ । प्रतिवादीले मागेको रकम आफूले लिने खाने बदनियतले काम गर्न आलटाल गरी पटक-पटक फोन गरी बार्गेनिङ गरी माग गरेको उनीहरूबिच भएको वार्तालापको सि.डी. बाट स्पष्ट हुने भएकोले प्रतिवादीलाई सफाइ दिने गरी भएको विशेष अदालत काठमाडौंको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी आरोपपत्र मागदाबीबमोजिम प्रत्यर्थी / प्रतिवादीलाई सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदन ।

ठहर खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री राजेन्द्रसिंह भण्डारीले उजुरीकर्ता सन्दिप पराजुलीकी आमा बिनाकुमारीको नाममा रहेको पानीको धारो जडान गर्ने सिलसिलामा प्रतिवादीले रकम मागेको अवस्था छ । प्रतिवादीलाई निवेदकको धारा जडान गर्ने काममा खटाइएको हो । प्रतिवादीका साथबाट बरामद भएको रकम अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्रमाणित गरेर दिइएका नोट भएको कुरा बरामदी मुचुल्काबाट पुष्टि भएको छ । निवेदकसँग रकम लिएको भन्ने कुरा प्रतिवादी आफैँले स्वीकार गरेको र उजुरीकर्ताले अदालतसमक्ष आई आफ्नो उजुरी बेहोरालाई पुष्टि गरेर बकपत्र गरिदिएको अवस्था हुँदा प्रतिवादीलाई आरोप दाबीबमोजिमकै सजाय हुनुपर्दछ भनी बहस गर्नुभयो ।

उपर्युक्तानुसारको आरोपपत्र, पुनरावेदन जिकिर, विशेष अदालतको फैसला र बहस जिकिर रहेको प्रस्तुत मुद्दामा प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिएको सुरूको फैसला मिलेको छ वा छैन ? र पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा, सडक निर्माणको सिलसिलामा बिग्रिएको खानेपानीको धारा जडान गर्ने प्रयोजनका लागि भनी प्रतिवादी ध्रुवप्रसाद वाग्लेलाई खटाइएको देखिन्छ । प्रतिवादी काठमाडौं उपत्यका खानेपानी लिमिटेडका कुल्ली स्तरका कर्मचारी हुन् । निज प्रतिवादी कुल्ली (पाँचौं) स्तरका कर्मचारी रहेको र निजले उजुरीकर्तासँग रू.७,०००।– घुस / रिसवत मागे भन्नेसमेत बेहोराको सन्दिप पराजुलीको उजुरी परेको पाइयो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उजुरीकर्तालाई उक्त रकम प्रदान गरेको र सोही रकम उजुरीकर्ताले प्रतिवादीलाई दिएपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट खटिएको टोलीले सो रकम प्रतिवादीबाट बरामद गरी थप अनुसन्धानको कार्य अगाडि बढाएको देखिन्छ । निज प्रतिवादीलाई उजुरीकर्ता सन्दिप पराजुलीको आमा बिनाकुमारीको नाममा जडान भएको खानेपानीको धारा बिग्रिएको हुँदा खानेपानीको धारा जडान गर्नुपर्ने स्थलसम्म गएर स्थलगत निरीक्षण गरी पुरानो बिग्रिएको धारालाई प्रतिस्थापन गरी नयाँ धारो जडान गर्नका लागि खटाइएको देखिन्छ । निज प्रतिवादीले निवेदकसँग खानेपानीको सडक बनाउँदा बिग्रिएको धारा मिलाएर जडान गर्दा लाग्ने राजस्व, उक्त कार्यको लागि सामग्रीहरू ल्याउन ट्याक्सी खर्च र रातिमा काम गर्नुपर्ने हुँदा खन्दाखेरिको ज्यालासमेत हिसाब गरेर रू.७,०००।- लाग्छ भनेको पाइयो ।

३. उजुरीकर्ताको धारा जडान गर्ने कार्यका लागि राजस्वबापतको रकम रू.२,०००।-, खन्दा लाग्ने कुल्लीको ज्याला, सामान ट्याक्सीमा ल्याउन लाग्ने खर्च र रातिमा काम गर्नुपर्ने हुँदा चिया खर्चसमेत गरी रू.७,०००।- लाग्छ भन्ने कुरासम्म प्रतिवादीले उजुरीकर्तालाई भनेको हो भनी प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा उल्लेख गरेको पाइन्छ । निज प्रतिवादीको अदालतसमक्षको बयानमा उजुरीकर्ताले राजस्वबापतको रकम रू.२,०००।- र कुल्ली खर्चसमेत गरी रू.५,०००।- दिन मन्जुर भएका हुन् भनी भनेको पाइयो । साथै रातिमा काम गर्नुपर्ने र केही सामान ट्याक्सीबाट पुऱ्याउनुपर्ने हुँदा रू.७,०००।- लाग्छ भनी आफूले भनेकोमा सो खर्चको रकमका सम्बन्धमा कुरा नमिलेपछि उजुरीकर्ताले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा गएको हुनुपर्दछ भनी आफ्नो बयान बेहोरामा लेखाएको पाइन्छ । उजुरीकर्ता र प्रतिवादीका बिचमा खानेपानीको धारा जडान गर्दा लाग्ने राजस्वको रकम र कुल्ली खर्चबापतको रकमको सम्बन्धमा समेत वार्तालाप भएको देखिन्छ ।

४. त्यस्तै, उजुरीकर्ता सन्दिप पराजुलीले अदालतसमक्ष बकपत्र गर्दा सवाल ६ को जवाफमा धारा जडान गर्ने सिलसिलामा रू.२,०००।- राजस्व लाग्ने भन्ने कुरा प्रतिवादीले भनेका थिए भनी स्वीकार गरेको पाइन्छ । त्यसैगरी खन्ने ज्याला पनि सेवाग्राहीले नै बेहोर्नुपर्ने कुरा पनि बकपत्र गर्ने सिलसिलामा स्वीकार गरेको पाइन्छ । उजुरीकर्ताले अदालतसमक्ष बकपत्र गर्दा यी प्रतिवादीलाई फसाउने उद्देश्य थिएन, निजको माध्यमबाट खानेपानी कार्यालयमा हुने भ्रष्टाचारको पर्दाफास गर्ने आफ्नो उद्देश्य रहेको आशय व्यक्त गरेको पाइयो ।

५. एउटा कुल्ली स्तरको कर्मचारीले राजस्व, आवश्यक मालसामान र खन्दा लाग्ने ज्यालासमेत हिसाब गरेर माग गरेको रकमका सम्बन्धमा कुनै द्विविधा भए सम्बन्धित खानेपानी कार्यालयमा गएर निधो गर्न सकिने र लाग्नेभन्दा बढी रकम माग गरिएको भएमा सम्बन्धित अधिकारीसमक्ष उजुरी गरी वास्तविक

रूपमा लाग्ने खर्च तिरेर धारा जडान गर्न सकिनेमा उजुरीकर्ताले आफूले के-कति राजस्व लाग्दछ, सडक खन्न र पुर्न कति शुल्क दस्तुर लाग्छ, एउटा स्थानबाट पुरानो धारा बन्द गर्न र नयाँ स्थानमा धाराको लागि बाटो खन्न पाइपमा प्वाल गरी धारा जोड्न, पुन: सडक पुर्नको लागि के-कस्तो प्रक्रिया अपनाउनुपर्ने थियो, कति रकमको इस्टिमेट थियो, त्यसमा आवश्यक सामग्रीको के-कति मूल्य थियो, श्रम कति आवश्यक थियो भन्ने सम्बन्धमा आफूले कुनै विचार गरेको अवस्था देखिँदैन। अख्तियार दुरूपयोग अनुसन्धान आयोगका सम्बन्धित कर्मचारीले पनि उजुरीकर्ताले माग गरेबमोजिमको रकम उपलब्ध गराएर सो रकम प्रतिवादीलाई दिई निजको साथबाट सोही रकम बरामद गराएको पाइन्छ। तर अनुसन्धानकर्ताले समेत यी उजुरकर्ताले निवेदन दिँदा लागेको राजस्व आदि जो-जो बुझाउनुपर्ने थियो सो बुझाएको रसिद र आवश्यक सामानको विवरण प्रमाणको रूपमा सङ्कलन गरी मिसिल संलग्न राखेको देखिँदैन। अभियोजन पक्षले उजुरी लिई रकम उपलब्ध गराउनुअघि निज उजुरकर्ताले धारा परिवर्तनको लागि आवश्यक राजस्व बुझाई निवेदन दिएको, आवश्यक सामग्री आफैँले खरिद गरेको तथा जमिन खन्न र पुर्न आवश्यक पर्ने श्रमिक आफैँले व्यवस्था गरेको हो, होइन र ती आफूले गरिसकेको कामबापत पनि छुट्टै रकम माग गरेको हो, होइन भन्नेबारे प्रश्न गरेको र प्रमाण सङ्कलन गरेको पाइँदैन। कसैको उजुरी परेपछि प्रारम्भिक रूपमा बुझ्नुपर्ने कुराहरू र तत्काल सङ्कलन गर्नुपर्ने प्रमाण केही पनि नबुझी, नहेरी रकम हस्तान्तरण गरी कारबाही उठान गर्नु कमजोर अनुसन्धानको उदाहरण हो। अनुसन्धानमा टड्कारो रूपमा देखिने कमीकमजोरी, गल्ती, लापरवाही, बदनियत आदि स्वीकार्य हुँदैन, जिम्मेवारी नै लिनु नपर्ने गरी गरिएका त्यस्ता कार्यले अनुसन्धान गर्ने निकाय, अभियोजन पक्ष, अदालतको स्रोत, साधन र समय बर्बाद हुन्छ, अर्कोतर्फ आरोपित व्यक्तिले भोग्नुपर्ने दु:ख, हैरानी, सामाजिक र पारिवारिक प्रभाव, प्रतिकूल मनोवैज्ञानिक असरहरू मूल्याङ्कन गर्न सकिने विषय होइनन्।

६. अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १४ मा कुनै उजुरी वा प्रतिवेदन परी वा अन्य कुनै स्रोतबाट कुनै जानकारी प्राप्त भई सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचारको अपराध गरेको छ भन्ने विश्वास गर्नुपर्ने मनासिब कारण भएमा आयोगले त्यसको प्रारम्भिक छानबिन गोप्य रूपमा गर्ने बाध्यात्मक व्यवस्था छ। आफ्नो स्वतन्त्र अस्तित्व र हैसियतलाई अक्षुण्ण राखी निष्पक्ष सोचबाट प्रारम्भिक छानबिन नै नगरी उजुरवालाबाट बुझ्नुपर्ने र प्रमाण सङ्कलन गर्नुपर्ने विषयमा ध्यान नै नपुऱ्याई प्रारम्भदेखि नै निष्कर्षमा पुगी सुरू गरेको अनुसन्धानले न्याय सम्पादनमा सहयोग गर्दैन। कुनै पनि उजुरी, जानकारी वा सूचना पाएपछि प्रारम्भिक छानबिनपश्चात् थप अनुसन्धान गर्नु तथा कसुरको मात्राअनुसार अभियोजन गर्नु भ्रष्टाचार निवारण ऐन, २०५९ को मर्म र मनसाय हो। उजुरकर्ताले व्यक्त गरेबमोजिम यी प्रतिवादीले **"मैले हाकिमहरूलाई पनि बुझाउनुपर्छ"** भनेको कुरामा सत्यता छ, छैन ? वास्तवमा यसरी तल्लो तहको कर्मचारीलाई प्रयोग गरी सङ्कलित रकमको कुनै अंश संस्थागत रूपमा माथिल्लो तहसम्म पुऱ्याइने गरिएको हो, होइन ? त्यसतर्फ अनुसन्धानकर्ता मौन बसेको देखिन्छ। यदि यो संस्थागत प्रवृत्तिबारे कतैबाट खुल्न आउँछ भने अनुसन्धानकर्ताले सूक्ष्म अनुसन्धान बाध्यात्मक रूपमा त्यसतर्फ गर्नेपर्छ। कसैको दबाब, प्रभावमा परी वा आफ्नो घोषित, अघोषित राजनीतिक वा अन्य आस्थाको कारण माथिल्लो तहमा हुने संस्थागत भ्रष्टाचारलाई लुकाउन दबाउन वा प्रकाशमा ल्याउन नदिन अनुसन्धानकर्ताले कुनै प्रकारको भूमिका खेल्दछ भने त्यस्ता अनुसन्धानकर्ता कुनै पनि स्वतन्त्र अनुसन्धान गर्न असक्षम रहेको स्वत: प्रमाणित हुन जान्छ। केही तल्लो तह वा स्तरमा काम गर्ने राष्ट्रसेवकउपर मुद्दा चलाई अख्तियार दुरूपयोग

अनुसन्धान आयोगको कार्य प्रगति देखाउने तर संस्थागत रूपमा भएका भ्रष्टाचारलाई उजागर नगरी वा कुनै प्रकारले प्रभावित भई वा कसैप्रति सहानुभूति राखी अनुसन्धानको कोण नै बदली कसैलाई बचाव र प्रमाणित हुन नसक्ने प्रकृतिको आरोप लगाउँछ वा लगाउने गर्दछ भने त्यस्ता अनुसन्धानकर्ताले नेपालको संविधानको धारा २३८ र २३९ ले अख्तियार दुरूपयोग अनुसन्धान आयोग सम्बन्धमा गरेको प्रबन्ध, अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को मर्म र मनसायप्रति छलकपट वा खेलवाड गरेको मान्नुपर्दछ। **"सानालाई ऐन र ठुलालाई चैन"** भन्ने समाजमा व्याप्त सोचलाई वास्तविकतामा चरितार्थ हुन दिनु भनेको न्यायप्रति जनताको आस्था र विश्वासमा ठेस पुर्‍याउनु हो। अत: अनुसन्धानमा संलग्न निकाय र अधिकारीहरू आफ्नो कर्तव्य र जिम्मेवारीप्रति संवेदनशील र सजग भएनन्, आफ्नो अनुसन्धानको जिम्मेवारी लिनुपरेन, गलत वा अपूर्ण वा पूर्वाग्रहयुक्त वा प्रायोजित अनुसन्धान गरियो भने वास्तवमा आपराधिक जिम्मेवारी लिनुपर्ने राष्ट्रसेवक गलत काम गरे पनि उन्मुक्ति पाई बस्ने र निर्दोष वा कसुरको मात्राअनुसार तल्लो वर्गमा पर्ने राष्ट्रसेवकले आफ्नो कसुरको मात्राभन्दा बढी सजाय भोग्नुपर्ने हुन्छ । नेपालको संविधान र भ्रष्टाचारसँग सम्बन्धित प्रचलित कानूनहरूमा विधायिकाको मनसाय त्यस्तो होइन।

७. भ्रष्टाचारको कसुर हुनका लागि घुस / रिसवत लिने मनसाय र तैयारी थियो भन्ने कुरा स्थापित हुनुपर्दछ । प्रस्तुत मुद्दाका कुल्लीस्तरका प्रतिवादी ध्रुवप्रसाद वाग्लेको घुस / रिसवत लिने नै मनसाय थियो भन्ने कुरा स्थापित हुन सकेको छैन। उजुरीमा माथिसम्म रकम पुर्‍याउनुपर्छ भनी रू.७,०००।- माग गरेको भन्ने बेहोरा उल्लेख गरिएको भए पनि त्यसतर्फ अनुसन्धान भएको देखिँदैन । उक्त रू.७,०००।- मध्ये रू.२,०००।- राजस्वबापतको रकम भन्ने कुरा उजुरीकर्ताले नै स्वीकार गरेका छन् । उजुरीकर्ताले खन्ने मानिसको व्यवस्था आफूले गर्न नसक्ने भएकोले खन्नेलगायतका कार्य गर्न भनेको र आवश्यक सामग्री आफूले खरिद गरेको देखाउन सकेको पाइँदैन । यसरी सामान सङ्कलन, सामानको ढुवानी, रातिको समयमा खन्ने ज्याला र राजस्व रकमसमेत कटाएर बाँकी रहेको रकम कति तहसम्म र कतिका दरले यी प्रतिवादीले बाँड्न सक्ने होलान् भन्ने कुरा विचारणीय देखिन आउँछ।

८. तसर्थ, माथि विवेचित आधार र कारणबाट प्रतिवादी ध्रुवप्रसाद वाग्लेले सेवाग्राही उजुरकर्ताबाट लाग्ने राजस्व रकम तिर्न रातिको समयमा बाटो खन्ने, पुर्ने कामबापत श्रम खर्च, एक स्थानमा पाइपको प्वाल टाली अर्को स्थानमा प्वाल बनाई धारा जोड्ने कार्यमा प्रयोग र खपत हुने मालसामानहरूको मूल्य तथा ती सामानहरू रातिका समय ढुवानी गर्न ट्याक्सी खर्चबापत रू.७,०००।- माग गरेको विषयलाई भ्रष्टाचारजस्तो गम्भीर कसुरको संज्ञा दिई आरोपपत्र दायर गरेको देखिएकोमा आरोप दाबीबाट सफाइ पाउने ठहर्‍याई भएको विशेष अदालत काठमाडौंको मिति २०७४।९।६ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । आरोप मागदाबीबमोजिम प्रतिवादीलाई सजाय हुनुपर्छ भनी लिएको पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाई दिनू होला।

उक्त रायमा सहमत छु।
न्या.हरिप्रसाद फुयाल

इजलास अधिकृत: सीता अधिकारी
इति संवत् २०७६ साल पुस २९ रोज ३ शुभम्।

## निर्णय नं. १०५१९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
माननीय न्यायाधीश डा.श्री मनोजकुमार शर्मा
आदेश मिति : २०७६।१०।८
०७६-WO-०३०५

मुद्दा:– उत्प्रेषण / परमादेश

निवेदक : काठमाडौं जिल्ला, धापासी गा.वि.स वडा नं.९ को परिवर्तित ऐ. टोखा नगरपालिका वडा नं. ५ को बसोबास भई हाल केन्द्रीय कारागार कार्यालय जगन्नाथ देवल काठमाडौंमा बस्ने प्रमोदकुमार खड्का

विरूद्ध

विपक्षी : प्रशान्त जयसवालको जाहेरीले नेपाल सरकारसमेत

- **रीतपूर्वक तामेल भएका म्यादलाई सुनुवाइको मौका दिने नाउँमा बदर गर्दै जाने हो भने अदालतका काम कारबाहीहरू अन्तहीन रूपमा रहिरहने, दण्डहीनता बढ्ने, न्यायिक प्रक्रिया अवरूद्ध भई समाजमा अशान्ति बढ्न जानेसमेत देखिएकोले यस्ता रीतपूर्वक भएका काम कारबाहीहरूलाई समर्थन गर्दै न्यायिक मार्ग अवरूद्ध हुनबाट जोगाउने दायित्वसमेत अदालतको हुने।**

(प्रकरण नं.८)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री प्रेमबहादुर खड्का तथा विद्वान् अधिवक्ताद्वय श्री लक्ष्मी खड्का थापा र श्री सन्तोष भण्डारी

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री टेकराज भुषाल

अवलम्बित नजिर :

- ने.का.प.२०७५, अङ्क ५, नि.नं.१०००४

सम्बद्ध कानून :

- फौजदारी कार्यविधि संहिता, २०७४
- बैंकिङ कसुर तथा सजाय ऐन, २०६४

आदेश

**न्या.सुष्मालता माथेमा** : नेपालको संविधानको धारा ४६ र १३३ को उपधारा (२) र (३) बमोजिम दायर भई पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त बेहोरा र निर्णय यसप्रकार छ:-

तथ्य खण्ड

निवेदक म विगत ४ वर्षअघिदेखि काठमाडौं जिल्ला, टोखा नगरपालिका वडा नं. ५ (साबिक धापासी गा.वि.स. वडा नं. ९) मा बस्दै आएको व्यक्तिलाई बैंकिङ कसुरसम्बन्धी झुट्टा मुद्दा लगाई बस्दै नबस्ने गरेको अर्थात् काठमाडौं जिल्ला, तारकेश्वर नगरपालिका वडा नं. ९ मा बस्ने भनी गलत ठेगाना देखाई म्यादवालाको घर दैलोमा टाँस भएको भन्दै मेरो नाउँको म्याद बेपत्ते टाँस गरी म निवेदकले उक्त बेपत्ते म्यादको जानकारी पाउन नसकी प्रतिवाद बयान दिन नपाई म्याद गुज्रन गई फैसला भएको मिति २०७६।१।१६ बाट ६ महिनाभित्र अर्थात् मैले थाहा जानकारी पाएको मिति २०७६।४।३ गतेबाट म्यादैभित्र उजुरी प्रतिवाद लेखी दर्ता गर्न सम्मानित उच्च अदालतसमक्ष उपस्थित भएकोमा मिति २०७६।०४।०६ गते रजिस्ट्रारज्यू आफैँले मेरो निवेदनमा दर्ता गर्न मिल्ने भनी तोक लगाई मेरो प्रतिउत्तरपत्र (बयान) दर्ता भएकोमा मेरो निवेदन दर्तापश्चात् मैले पेस गरेको प्रमाण र मिसिल संलग्न प्रमाणको मूल्याङ्कन गरी मेरो निवेदनबमोजिमको आदेश भई मेरो नाउँमा जारी भएको बेरितको पुर्जी

(म्याद) बदर गरी मेरो प्रतिउत्तरसरहको (बयान) गराई तारेखमा रही मुद्दाको पुर्पक्ष गर्ने गरी रजिस्ट्रारज्यूबाट आदेश गर्नुपर्नेमा सुरू म्याद मिति २०७५।६।७ मा घर दैलोमा टाँस भएको देखिँदा निवेदकको मागबमोजिम गर्न मिलेन । सोको जानकारी निजलाई दिनू" भन्ने रजिस्ट्रारज्यूबाट आदेश भएको हुँदा सो दरपिठ आदेश र फैसलासमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी मलाई प्रतिवाद गर्ने मौका पाउँ भन्नेसमेत आदेश गरिपाउँ भन्नेसमेत बेहोराको निवेदन बेहोरा ।

यसमा के कसो भएको ? निवेदन मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार, कारणसहित यो आदेशप्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू । साथै प्रस्तुत रिट निवेदनको पेटबोली हेर्दा उत्प्रेषण परमादेशको निवेदन रहेकोमा आजको पेसी सूचीमा बन्दीप्रत्यक्षीकरण जनिई रिट नं. ०७६-WH-००९६ उल्लेख भएको देखिँदा रिट निवेदनको नाम तथा रिट नं. समेत सच्याई नियमानुसार पेस गर्नु भनी मिति २०७६।६।१० मा यस अदालतबाट भएको आदेश ।

प्रतिवादीउपर किटानी जाहेरी परेको, निजको नाउँको म्याद रीतपूर्वक घर दैलोमा टाँसिएको देखिएको र निजले अभियोग दाबीबमोजिम कसुर गरेको देखिँदा प्रतिवादी प्रमोदकुमार खड्कालाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(१) बमोजिम रू. २३,००,०००।- (तेइस लाख) जरिवाना र १ (एक) महिना कैद सजाय र जाहेरवालाले प्रतिवादीबाट बिगो भरी लिन पाउने ठहर्छ साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) बमोजिम रू.२३,००,०००।- (तेइस लाख) को ४% ले हुन आउने रू.९२,०००।- (बयानब्बे हजार) प्रतिवादीबाट दाखिल गराउने गरी क्षतिपूर्ति निर्धारण गरिदिएको छ, भनी कानूनबमोजिम फैसला भएको हुँदा निवेदन जिकिर खारेज गरिपाउँ भन्नेसमेत बेहोराको उच्च अदालत पाटनको यस अदालतमा परेको लिखित जवाफ ।

ठहर खण्ड

नियमबमोजिम आजको दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री प्रेमबहादुर खड्का तथा विद्वान् अधिवक्ताद्वय श्री लक्ष्मी खड्का थापा र श्री सन्तोष भण्डारीले यी निवेदकलाई प्रतिवादी बनाई चलाइरहेको बैंकिङ कसुर मुद्दामा काठमाडौं जिल्ला, साबिक मनमैजु गा.वि.स वडा नं. ३ हाल तारकेश्वर नगरपालिका वडा नं. ९ भनी यी निवेदकको स्थायी वतन भनी म्याद तामेल गरिएको र सोही तामेलीको आधारमा फैसला भएकोमा विगत ४ वर्षदेखि यी निवेदक उक्त तारकेश्वर नगरपालिकाबाट परिवारसहित टोखा नगरपालिका वडा नं. ५ साबिक धापासी गा.वि.स वडा नं. ९ मा देवीबहादुर लिम्बुको घरमा अस्थायी रूपमा बसोबास गरिरहेको भनी टोखा नगरपालिका वडा नं. ५ को मिति २०७६।४।३ को पत्रमा उल्लेख भएको देखिएकोले यी निवेदकउपर बैंकिङ कसुर मुद्दा दर्ता हुनुभन्दा अगाडिदेखि आफ्नो स्थायी ठेगानामा रहेबसेको देखिन नआएको र सोभन्दा बाहिरको टोखा नगरपालिका ५ मा अस्थायी बसोबास गरिरहेको देखिएकोले निजको उक्त स्थायी वतन भनी तारकेश्वर -९ मा निवेदकको नाउँको म्याद तामेल गरी उक्त म्यादलाई रीतपूर्वक मानी यी निवेदकलाई सजाय गर्ने गरेको उक्त फैसला प्राकृतिक न्यायको सिद्धान्तविपरीत अर्थात् सुनुवाइको मौकासमेत नदिई सजाय गर्ने गरी गरिएको फैसला र सोको आधारमा पुनरावेदन अदालत पाटनबाट भए गरेका सम्पूर्ण आदेशहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी मेरो

पक्षलाई उक्त बैंकिङ कसुर मुद्दामा प्रतिवादीसरहको बयान गर्ने मौका दिई कानूनबमोजिम गर्नु भन्ने परमादेश आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको बहस गर्नुभयो । विपक्षी उच्च अदालत पाटनको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री टेकराज भुषालले यी निवेदकका नाउँमा बैंकिङ कसुर मुद्दामा जारी भएको म्याद निजको स्थायी ठेगाना रहेको जिल्ला काठमाडौं साबिक मनमैजु गा.वि.स. वडा नं.३ हाल परिवर्तित तारकेश्वर नगरपालिका वडा नं. ९ मा वडा कार्यालयको प्रतिनिधिसमेत राखी उक्त म्याद रीतपूर्वक तामेल भएको र उक्त रीतपूर्वकको तामेलीकै आधारमा उच्च अदालत पाटनबाट बैंकिङ कसुर मुद्दामा फैसलासमेत भइसकेको स्थितिमा केवल फैसला कार्यान्वयनमा अवरोध गर्ने हेतुले मात्र यी निवेदकको निवेदन दिएकोले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको बहस गर्नुभयो ।

उपर्युक्तबमोजिम दुवै पक्ष विपक्षको कानून व्यवसायीहरूको बहस जिकिरसमेत सुनी प्रस्तुत रिट निवेदनको मिसिल कागजातहरूको अध्ययन गरी निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन ? सो सम्बन्धमा नै निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा म साबिकको मेरो ठेगाना मनमैजु गा.वि.स वडा नं.३ हाल तारकेश्वर नगरपालिका वडा नं. ९ बाट ४ वर्षअगाडि नै काठमाडौं साबिक धापासी गा.वि.स. वडा नं.९ हाल टोखा नगरपालिका ५ अस्थायी रूपमा बसोबास गरिरहेकोमा मेरो नाउँमा बैंकिङ कसुर मुद्दा उच्च अदालत पाटनमा चली उक्त अदालतबाट मेरो नाउँमा साबिककै मैले बसोबास नगरेको तारकेश्वर नगरपालिका वडा नं. ९ मा म्याद तामेल भएको र मैले म्याद सूचना नै नपाई उच्च अदालत पाटनबाट मलाई प्राकृतिक न्यायको सिद्धान्तविपरीत सुनुवाइको मौका नदिई मुद्दा फैसलासमेत भएकोले उक्त मेरो नाउँमा तामेल भएको बेरितको म्याद बदर गरी मलाई प्रतिवादीसरहको बयान गराई मुद्दाको पुर्पक्षमा सहभागी हुन पाउँ भन्नेसमेत बेहोराको मुख्य निवेदन जिकिर रहेको पाइयो ।

३. विपक्षीको लिखित जवाफ हेर्दा यी निवेदकको खातामा पर्याप्त रकम नभई चेक काटेकाले कारबाही गरिपाउँ भनी प्रशान्त जयसवालको जाहेरी परी उच्च अदालत पाटनमा यी प्रतिवादी उपर बैंकिङ कसुर मुद्दा दर्ता भएको र यी निवेदकको नाउँको म्याद निजकै स्थायी ठेगाना रहेको साबिक मनमैजु गा.वि.स वडा नं ३ हाल तारकेश्वर नगरपालिका वडा नं. ९ मा रीतपूर्वको म्याद तामेल भएको र सो तामेलीकै आधारमा अन्य न्यायिक प्रक्रियाहरू अगाडि बढी फैसला भइसकेकोले परमादेश आदेशसमेत जारी हुनुपर्ने होइन रिट निवेदन खारेज हुनुपर्ने हो भन्ने बेहोराको रहेको पाइयो ।

४. यी निवेदक प्रमोदकुमार खड्काले खातामा पर्याप्त रकम मौज्दात नभएको जानी जानी नेपाल एस.वि.आई बैंक लिमिटेडमा रहेको खाताबाट जाहेरवाला प्रशान्त जयसवालले भुक्तानी पाउने गरी रू.२३,०००,००।- को चेक काटी बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसुर गरेको देखिएकोले निजलाई उक्त ऐनको दफा १५(१) बमोजिम सजाय गरी बिगो जाहेरवालालाई दिलाई भराई पाउँ भन्ने दाबी लिई अभियोग दर्ता भएको देखियो । उक्त मुद्दामा यी निवेदकका नाउँको म्याद मिति २०७५।६।७ मा म्यादवाला मानिससमेत घरमा फेला नपरेकोले निजको नाउँको म्याद निजको घर दैलोमा सबैले देख्ने गरी टाँस गरिएको भन्ने बेहोरा जनाई उक्त वडाका वडा अध्यक्ष र अन्य दुईजना साक्षीसमेत राखेको मिसिल संलग्न रहेको म्यादको प्रतिलिपिबाट देखिन्छ ।

५. निवेदक प्रतिवादीका नाममा तामेल भएको म्याद रीतपूर्वक तामेल भएको छ छैन भन्ने सम्बन्धमा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ मा भएको कानूनी व्यवस्था हेर्दा "जुन व्यक्तिको नाममा

जारी भएको हो यथासम्मव सोही व्यक्तिलाई बुझाउनु पर्ने छ । सम्बन्धित व्यक्ति फेला नपरेमा वा फेला परे पनि निजले बुझी नलिएमा निजको एकाघरको कम्तीमा अठार वर्ष उमेर पुगी सकेको कुनै व्यक्तिलाई बुझाउन सकिने छ । सम्बन्धित व्यक्ति वा एकाघरका व्यक्तिले समेत बुझी नलिएमा स्थानीय तहको सम्बन्धित वडाको सदस्य एक जना र कम्तीमा दुईजना स्थानीय व्यक्तिसमेत राखी आफ्नो तथा निजहरूको सहीछापसमेत गराई एकप्रति निजको घर दैलामा टाँसी एकप्रति म्याद सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा समितिमा बुझाई एकप्रति तामेली समाह्वान अदालतमा दाखिला गर्नुपर्ने छ । र समाह्वानबमोजिमको सूचना स्थानीय तहको सम्बन्धित वडा कार्यालयको आफ्नो सूचना पाटीमा टाँस गर्नुपर्ने छ । समाह्वान जारी गरिएको व्यक्तिको समाह्वान उल्लिखित ठेगानामा बसोबास नभएको भन्ने कुरा स्थानीय तहको सम्बन्धित वडा समितिको कम्तीमा १ जना सदस्य र कम्तीमा २ जना स्थानीय व्यक्तिहरूले प्रमाणित गरेमा निजको बसोबास रहेको ठेगाना खुल्न सक्ने भए खुलाई र खुल्न नसक्ने भए सोही बेहोरा जनाई समाह्वान अदालतमा फिर्ता बुझाई दिनुपर्दछ" भन्ने व्यवस्था रहेको पाइन्छ ।

६. उक्त बैंकिङ कसुर मुद्दामा यी निवेदकको नाउँको समाह्वान म्याद तामेली हेर्दा सम्बन्धित व्यक्ति र एकाघर सगोलका १८ वर्ष उमेर पुगेका मानिस फेला नपरेको भनी सम्बन्धित स्थानीय तहको अर्थात् तारकेश्वर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष बलराम सिटौलाले २ जना स्थानीय व्यक्ति वर्ष २५ को राजु महर्जन र वर्ष ३१ को कृष्ण के.सी.को रोहवरमा एकप्रति म्यादसमेत वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने गरी बुझी लिई सहीछापसमेत गरिदिएको देखियो । यसरी कानूनले तोकिदिएको रीत / प्रक्रिया पुर्‍याई समाह्वान तामेल भएको देखिँदा सोबमोजिम भए गरेका काम कारबाहीहरूलाई अन्यथा भन्न मिल्ने देखिएन । साथै म्यादवाला मानिसको उक्त ठेगानामा बसोबास नभएको भन्ने बेहोरा पनि निज वडा अध्यक्षले प्रमाणित गरिदिएको अवस्थासमेत छैन । यस सम्बन्धमा निवेदक सुनिल तामाङ विरूद्ध उच्च अदालत पाटन ललितपुरसमेत भएको (ने.का.प. २०७५, अङ्क ५, नि.नं १०००४) को बन्दीप्रत्यक्षीकरण मुद्दामा "कानूनबमोजिम जारी गरिएको म्यादका सम्बन्धमा झिना मसिना र असङ्गत तर्क अगाडि सारेर फैसला कार्यान्वयनका क्रममा पक्राउ परी कैदमा रहेका कसुरदारलाई उन्मुक्ति प्रदान गर्नु उचित हुँदैन । यदि त्यस प्रकारका उन्मुक्ति प्रदान गर्ने गरियो भने निर्णयको अन्तिमता (Finality of judgement ) सिद्धान्तको पालना गर्ने कुरामा गम्भीर विचलन आउने अवस्था हुने" भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ ।

७. यी निवेदकले आफ्नो स्थायी ठेगाना काठमाडौं साबिक मनमैजु गा.वि.स ३ हाल तारकेश्वर नगरपालिका वडा नं.९ बाट अन्यत्र बसाइँसराइँ गरेको भन्ने भरपर्दो प्रमाण पेस गर्न सकेको पाइँदैन भने काठमाडौं जिल्ला तारकेश्वर वडा नं. १० मा स्थायी घर भएको प्रमोदकुमार खड्का परिवारसहित विगत ४ वर्षदेखि टोखा नगरपालिका वडा नं. ५ (साबिक धापासी गा.वि.स. वडा नं.९) अन्तर्गत देवीबहादुर लिम्बुको घरमा अस्थायी बसोबास गरिरहेको भनी मिति २०७६।४।३ को सिफारिस पत्र मिसिलसाथ रहेको र सोलाई अन्य कुनै प्रमाणबाट पुष्टि तथा समर्थित भएको देखिँदैन भने यी निवेदकको स्थायी वतन तारकेश्वर नगरपालिका ९ हुनुपर्नेमा उक्त टोखा नगरपालिका वडा नं. ५ को उक्त सिफारिस पत्रमा यी निवेदकको स्थायी वतन तारकेश्वर नगरपालिका १० भनी उल्लेख गरिएबाट प्रस्तुत सिफारिस पत्रसमेत विश्वसनीय देखिन आएन ।

८. यसर्थ यी निवेदकउपर उच्च अदालत पाटनमा चलेको बैंकिङ कसुर मुद्दामा जारी भएको समाह्वान म्याद यी निवेदकको स्थायी ठेगाना काठमाडौं साबिक मनमैजु गा.वि.स. ३ हाल तारकेश्वर

नगरपालिका वडा नं.९ मा रीतपूर्वक तामेल भएको देखिएको र उक्त म्यादका आधारमा तत्पश्चात्का न्यायिक काम कारबाहीहरू अगाडि बढी फैसलासमेत भइसकेको परिप्रेक्ष्यमा यी निवेदकलाई सुनुवाइको मौका नै नदिई फैसला गरियो भन्ने निवेदन जिकिरसँग सहमत हुन सकिएन । एउटा साधिकार निकायबाट कानूनको उचित प्रक्रिया पुऱ्याई, कानूनको रीत ढाँचा पुऱ्याई काम कारबाही गरेको देखिएको र सोही वैधानिक आधारमा बाँकी कामहरू भएको पाइयो । यदि यस्ता रीतपूर्वक तामेल भएका म्यादलाई सुनुवाइको मौका दिने नाउँमा बदर गर्दै जाने हो भने अदालतका काम कारबाहीहरू अन्तहीन रूपमा रहिरहने, दण्डहीनता बढ्ने, न्यायिक प्रक्रिया अवरूद्ध भई समाजमा अशान्ति बढ्न जानेसमेत देखिएकोले यस्ता रीतपूर्वक भएका काम कारबाहीहरूलाई समर्थित गर्दै जाने र न्यायिक मार्ग अवरूद्ध हुनबाट जोगाउने दायित्वसमेत अदालतको हुन आउने देखिन आउँछ ।

९. अत: माथि विवेचित आधार कारणहरूबाट यी निवेदकको नाउँमा बैंकिङ कसुर मुद्दामा जारी भएको म्याद रीतपूर्वक तामेल भएको देखिएको त्यसपछिका काम कारबाहीसमेत सम्पन्न भई फैसलासमेत भइसकेको परिदृष्यमा यी निवेदकको उक्त बैंकिङ कसुर मुद्दामा प्रतिवादीसरहको बयान लिई मुद्दा सुनुवाइ प्रक्रियामा सहभागी हुन पाउँ भन्ने निवेदन जिकिरसँग सहमत हुन सकिएन । निवेदन जिकिर खारेज हुने ठहर्छ । प्रस्तुत रिट निवेदनको दर्ता लगत कट्टा गरी फैसलाको विद्युतीय प्रति अपलोड गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.डा.मनोजकुमार शर्मा

इजलास अधिकृतः नरेन्द्रबहादुर बुढा
इति संवत् २०७६ साल माघ ८ गते रोज ४ शुभम् ।

## निर्णय नं. १०५२०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा
फैसला मिति : २०७६।११।७
०७५-CR- १६३६

मुद्दा : जबरजस्ती करणी

पुनरावेदक / प्रतिवादी : संकेत नं.६३ झापा (ज) को जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / वादी : जिल्ला बाँके, कोहलपुर नगरपालिका (साबिक वडा नं.४) वडा नं.१२ घर भई हाल जिल्ला जाजरकोट भेरी नगरपालिका वडा नं.४ स्थित आयुष होटल एन्ड लज सञ्चालन गरी बस्ने प्रेमबहादुर खड्काको छोरा हेमराज भन्ने हिमराज खड्का

- **स्वास्थ्य परीक्षण तथा अन्य सबुद प्रमाणबाट प्रमाणित नभएको तथा पीडित र जाहेरवाली दुवैजनाले अदालतमा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको होइन भनी प्रतिकूल बकपत्र गरेको अवस्थामा वस्तुनिष्ठ ठोस प्रमाणको अभावमा केवल किटानी जाहेरी दरखास्तको आधारमा मात्रै प्रतिवादीले आरोपित जबरजस्ती करणीको कसुर गरेका हुन् भनी विश्वास गर्न नसकिने ।**

(प्रकरण नं.६)

- **जबरजस्ती करणीको आरोपलाई हलुका तरिकाबाट हेर्न मिल्ने हुँदैन । यस्तो**

**कार्यले गलत प्रवृत्ति पनि सिर्जना गर्ने हुन्छ । आरोपित व्यक्ति निर्दोष रहेको प्रमाणित भएको अवस्थामा निजको अमूल्य जीवनको लामो अवधि निष्क्रिय मात्र नभई प्रतिकूल परिस्थितिमा पुगेको अवस्थामा समय, सामाजिक व्यवहार र दृष्टिकोण एवं कतिपय वृत्ति विकासका सम्भावनामा अपूरणीय क्षति हुने हुन्छ । कुनै व्यक्तिगत रिस वा कसैको उक्साहटमा आरोप लगाएबापत कुनै जिम्मेवारी लिनु नपर्ने वा दायित्व बेहोर्नु नपर्ने प्रवृत्तिलाई निरूत्साहित गर्नु वाञ्छनीय देखिने ।**

(प्रकरण नं.८)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री राधिका सुवाल

प्रत्यर्थी / वादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१
- सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

सुरू तहमा फैसला गर्नेः

मा. जिल्ला न्या. श्री उमेशप्रसाद लुइँटेल
जाजरकोट जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री हरिकुमार पोखरेल
माननीय न्यायाधीश श्री नारायणप्रसाद श्रेष्ठ
उच्च अदालत सुर्खेत

## फैसला

**न्या.अनिलकुमार सिन्हा :** पुनरावेदन अदालत सुर्खेतको मिति २०७५।८।२६ को फैसलाउपर न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) अन्तर्गत यस अदालतमा प्रतिवादीको पुनरावेदन परेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

### तथ्य खण्ड

म जाहेरवाला संकेत नं.६३ झापा "ज" को छोरी संकेत नं.६३ झापा “झ” पढ्न भनी खलंगा आई मितेरी नाताको नन्दे भाइ हेमराज खड्काले सञ्चालन गरेको आयुष होटल एण्ड लजमा बसी पढ्ने र सो होटलको कामकाजमा समेत सघाउँदै आएकोमा मिति २०७४।१०।१६ गते बिहान ९:०० बजे मेरो छोरी संकेत नं.६३ झापा "झ" ले फोन गरी फुपूले मलाई कुटेकी छन् भनी खबर गरेकोले म सोही बेलुका ५:०० बजे जिल्ला जाजरकोट भेरी नगरपालिका वडा नं.४ गैरीखाली पुगी बुझ्दा पढ्नको लागि बसेकी मेरी छोरीलाई विपक्षी हेमराज खड्काले ललाइफकाई डर त्रास देखाई आफ्नो श्रीमती घरमा नभएको मौकामा पटक-पटक यौन शोषण गरेको र सो कुरा कोही कसैलाई भनेमा कि तँलाई मारिदिन्छु कि म मर्छु भनी डर त्रास देखाउने गरेका रहेछन्। सोही क्रममा मिति २०७४।१०।१ गते निज प्रतिवादीको श्रीमती हिरा खड्का माइतीघरमा गएको अवसर पारी सोही राति १०:०० बजे पनि निज विपक्षी हेमराज खड्का आफ्नो कोठाबाट मेरी छोरी सुत्ने कोठामा आई मेरो छोरीको इच्छाविपरीत पहिलेकै जस्तै डर धाकधम्की देखाई मेरो छोरीलाई जबरजस्ती करणी गरेकोले निज प्रतिवादी हेमराज खड्कालाई कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०७४।१०।१७ को जाहेरी दरखास्त।

जिल्ला जाजरकोट भेरी नगरपालिका वडा नं.४ गैरीखालीस्थित पूर्वमा लिला खड्काको घर, पश्चिममा उत्तम के.सी.को घर, उत्तरमा कोइरेली जंगल तथा भिर र दक्षिणमा गैरीखालीदेखि जिल्ला प्रशासन कार्यालय जाजरकोट जाने पक्की सडक बाटो यति चार किल्लाभित्र बन्दै गरेको दक्षिण मोहडा

भएको पाँच तले मानबहादुर खड्काको घर सो घरको अगाडिबाट जिल्ला प्रशासन कार्यालय जाजरकोट जाने आउने पक्की सडक बाटोदेखि मुनि तीन तला पाँच कोठा, सो तीन तला पाँच कोठामा जिल्ला बाँके कोहलपुर न.पा.१२ बस्ने हेमराज खड्काले सञ्चालन गर्दै आएको आयुष होटल एण्ड लज रहेकोमा सो आयुष होटल एण्ड लज रहेको तेस्रो तलामा काउन्टर रहेको र सो काउन्टरदेखि पछाडि पीडित सुत्ने कोठा रहेकोमा सो कोठाको ढोका खोली भित्र प्रवेश गरी हेर्दा पश्चिम दिवालमा बिस्तरासहितको खाट रहेको सो खाट तथा कोठामा होटल सञ्चालक हेमराज खड्काले पीडित परिवर्तित नाम संकेत नं.६३ झापा "झ" लाई पटक-पटक जबरजस्ती करणी गर्दै आई मिति २०७४।१०।१ गते राति अन्तिम पटक जबरजस्ती करणी गरेको भनिएको घटनास्थल चार किल्लासहितको विवरण ठिक छ भन्ने बेहोराको मिति २०७४।१०।१७ को घटनास्थल मुचुल्का।

प्रतिवादी हेमराज खड्काले खोलेको जिल्ला जाजरकोट भेरी नगरपालिका वडा नं.४ स्थित आयुष होटेलमा म साँझ बिहान होटेलको काम गर्ने र दिनमा स्कुल जाने गर्थें । सोही क्रममा मिति २०७३ साल भाद्र महिनाको अन्तिमतिर प्रतिवादीको श्रीमती काम विशेषले माइतीघरतिर गएकी थिइन् होटेलमा प्रतिवादी र म मात्रै थियौं । रातिमा म आफ्नै कोठामा सुतिरहेको अवस्थामा प्रतिवादी हेमराज खड्का म सुतेको कोठामा आई मलाई ललाईफकाई मलाई एक्लै भएको मौका छोपी मेरो इच्छाविपरीत पहिलो पटक जबरजस्ती करणी गरी यो कुरा कोही कसैलाई भनिस् भने तँलाई काटी मारी फाल्छु भनी मलाई डर त्रासमा पारेकोले मैले उक्त कुरा कसैलाई जानकारी गराइन । त्यसपछि पनि प्रतिवादीले श्रीमती नभएको मौका छोपी पटक-पटक जबरजस्ती करणी गर्दै आएको र अन्तिम पटक मिति २०७४।१०।१ गते प्रतिवादीको श्रीमती हिरा खड्का आफ्नो माइतीघर गएको बेला राति १०:०० बजे म सुतिरहेको कोठामा आई मलाई जबरजस्ती करणी गरेका हुन् । सोही कुरा प्रतिवादीको श्रीमतीले थाहा जानकारी पाई मलाई गालीगलौज र कुटपिटसमेत गरी डर त्रास देखाउन थालेपछि मैले घरमा आमा (जाहेरवाला) लाई जानकारी गराएकी हुँ । मलाई जबरजस्ती करणी गर्ने प्रतिवादी हेमराज खड्कालाई कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने बेहोराको पीडित संकेत नं.६३ झापा "झ" ले मिति २०७४।१०।१८ मा गरेको घटना विवरण कागज।

जाहेरवालीको घरपरिवार आर्थिक हिसाबले केही कमजोर भएकाले मैले पीडितको घरमा गई पीडितको आमाबुबालाई भेट गरी भतिजीलाई मसँग पठाउनुहोस् । मैले जाजरकोट खलंगामा होटेल खोल्न थालेको छु । तपाइँको छोरी (पीडित) लाई पालनपोषण तथा पढाई लेखाई दिन्छु । फुर्सदको समयमा मेरो होटेलको काममा सहयोग गरी दिन्छिन् भन्ने कुराकानी गरी निज पीडितलाई मिति २०७३ साल वैशाखतिर साथमा ल्याई जिल्ला जाजरकोट भेरी नगरपालिका-४ स्थित आयुष होटेल एण्ड लज खोली मैले सञ्चालन गर्दै आएको थिएँ । मेरो श्रीमती हिरा खड्का पनि मसँगै बस्दै आएकी थिइन् । माइतीघर यतै जाजरकोट भएकाले कहिलेकाहीँ श्रीमती माइतीघरतिर भेटघाट गर्न गएको बखत होटेलमा म र पीडित बस्दै आएका थियौं । तर मैले पीडित संकेत ६३ झापा "झ" लाई कुनै नराम्रो कार्य गरेको थिइनँ । निज पीडित स्कुल पढ्न नजाने र होटेलमा पनि राम्रोसँग काम नगर्ने, मसँग जिस्किरहने र मेरो श्रीमती हिरा खड्काले भनेका कुरा नमान्न थालेपछि मेरो श्रीमतीले संकेत नं.६३ झापा "झ" लाई मिति २०७४।१०।१३ गते एक दुई थप्पड हातले हानेपछि पीडित रिसाई आफ्नो घरमा आमा हाल (जाहेरवाली) लाई खबर गरी जाहेरवाली गाउँबाट खलंगा आई पीडित र जाहेरवालीबिच एकआपसमा कुराकानी भई जिल्ला प्रहरी कार्यालय जाजरकोटमा मेरो नाममा जबरजस्ती करणी गरेको

भनी जाहेरी दरखास्त दिएकी हुन् । मैले निज पीडित संकेत नं.६३ झापा "झ" लाई कुनै पनि मिति समयमा डर, त्रास तथा प्रलोभनमा पारी जबरजस्ती करणी गरेको छैन भन्नेसमेत बेहोराको प्रतिवादी हेमराज भन्ने हिमराज खड्काले अधिकारप्राप्त अधिकारीसमक्ष मिति २०७४।१०।१९ मा गरेको बयान।

पीडितको स्वास्थ्य परीक्षण गर्दा No significant injuries seen भन्नेसमेत बेहोराको मिति २०७४।१०।२१ को स्वास्थ्य परीक्षण प्रतिवेदन।

जाहेरवाली र प्रतिवादीबिच एकआपसमा सहमति भई पीडितलाई पालनपोषण र स्कुल पठाउने, फुर्सदको समयमा होटेलमा पनि काममा सघाइदिने भनी मिति २०७३ सालतिर निज प्रतिवादीले पीडितलाई आफैँले सञ्चालन गर्दै आइरहेको आयुष होटेल एण्ड लजमा सँगै बसाई राखेका थिए । यसै क्रममा मिति २०७४।१०।१७ गते अं.१३:०० बजेको समयमा हाल जाहेरवाली पीडितकी आमा मेरो कान्छी बहिनीले मलाई फोन गरी तपाइँको भान्जी पीडित संकेत नं.६३ झापा "झ" ले जिल्ला प्रहरी कार्यालय, जाजरकोटमा रिपोर्ट गरेकी छन् तपाइँ यहाँ आइदिनुपर्‍यो भनी भनेकाले म जाजरकोट खलंगा आएपश्चात् निज प्रतिवादी हिमराज खड्काले भान्जी पीडित संकेत नं.६३ झापा "झ" लाई जबरजस्ती करणी गरी जिल्ला प्रहरी कार्यालयमा थुनामा छ भनी सुनी थाहा पाएको हुँ भन्ने बेहोराको मनोहरसिंह ठकुरीले मिति २०७४।१०।२५ मा गरेको घटना विवरण कागज।

मिति २०७४।१०।१ गते वारदातको समयमा म आफ्नै घरमा थिएँ । प्रतिवादी हेमराज खड्काले जाहेरवालाको घरमा गई पीडित संकेत नं.६३ झापा “झ” लाई आफ्नो होटेलमा राखी पढाई लेखाई दिने र फुर्सदको समयमा होटेलमा सहयोग गरी दिन्छन् भनी पीडितलाई साथमा ल्याई होटेलमा राखी पालनपोषण गर्दै आएका थिए । निज प्रतिवादी हेमराज खड्काले आफ्नै होटेलमा पीडितलाई पटक-पटक जबरजस्ती करणी गर्दै आई अन्तिम पटक मिति २०७४।१०।१ गते राति जबरजस्ती करणी गरेको कुरा मिति २०७४।१०।१६ गते घर टोलमा होहल्ला चलेपछि सुनी थाहा पाएको हुँ भन्ने बेहोराको सूर्यबहादुर रोकायले मिति २०७४।१०।२५ मा गरेको घटना विवरण कागज।

प्रतिवादी हिमराज खड्काले दुई वर्ष पहिले पीडित संकेत नं.६३ झापा "झ" लाई आफ्नो होटेलमा राखी पालनपोषण गर्ने र पढाई लेखाई दिने फुर्सदको समयमा होटेलमा सहयोग गर्नका लागि भनी घरपरिवारसँग सरसल्लाह गरी साथमा ल्याई आफ्नो गैरीखालीस्थित आयुष होटेलमा राखी पालनपोषण गर्दै आएका थिए । निज प्रतिवादी हिमराज खड्काले पीडितलाई विभिन्न प्रलोभन तथा डर त्रासमा पारी आफ्नै होटेलमा पटक-पटक जबरजस्ती करणी गर्दै आई अन्तिम पटक मिति २०७४।१०।१ गते राति जबरजस्ती करणी गरेको कुरा मिति २०७४।१०।१६ गते सदरमुकाम खलंगा आएपछि जाहेरवालीबाट सुनी थाहा पाएको हुँ भन्ने बेहोराको दिपबहादुर सिंहले मिति २०७४।११।६ मा गरेको घटना विवरण कागज।

मिति २०७४।१०।१ गते म आफ्नै होटेलमै बसिरहेकी थिएँ, कहीँ गएको थिइनँ । मिति २०७४।१०।१२ गते बिहान १०:०० बजेको समयमा पीडित संकेत नं.६३ झापा “झ” स्कुल गइसकेकी होलिन् भन्ने सोचेकी थिएँ तर निज स्कुल नगई घरको छतमा गई मोबाइल खेलाई बसिरहेको देखेपछि मलाई रिस उठी किन स्कुल नगएको भनी गाली गर्दै धकेल्दै तल होटेलसम्म ल्याई मैले भनेको मान्दिनस् भने तँ आफ्नो घरमा जा भनी धकेली दिँदा निज रूँदै कोठाभित्र गइन् । मैले निजसँग अरू केही बोलिन । त्यसबेला प्रतिवादी हेमराज खड्का पनि होटेलमा नै थिए। पीडित संकेत नं.६३ झापा “झ” ले आफ्नी आमा जाहेरवालीलाई फोन गरी निज जाहेरवाली खलंगा आई

दुवै आमा छोरी भेट गरी आमा छोरीको सल्लाहअनुसार जिल्ला प्रहरी कार्यालयमा आई मेरो श्रीमान हेमराज खड्काले पीडित संकेत नं.६३ झापा "झ" लाई आफ्नो होटेलमा राखी पटक-पटक जबरजस्ती करणी गरेको भनी जाहेरी दरखास्त दिएपश्चात् प्रहरी टोली मेरो होटेलमा गई श्रीमान्लाई तपाइँले पीडित संकेत नं.६३ झापा "झ" लाई पटक-पटक जबरजस्ती करणी गर्दै आई अन्तिम पटक मिति २०७४।१०।१ गते राति जबरजस्ती करणी गर्नुभएको रहेछ तपाइँ हाम्रो साथमा जानुपर्‍यो भनी प्रहरी कर्मचारीले भनेपछि सो कुरा सुनी थाहा पाएकी हुँ भन्ने बेहोराको मिराकुमारी खड्काले मिति २०७४।११।६ मा गरेको घटना विवरण कागज।

मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, प्रतिवादीको बयान तथा मौकामा बुझिएका संकेत नं.६३ झापा "झ", मनोहरसिंह ठकुरी, दिपबहादुर सिंह, सुर्यबहादुर रोकाय र हिराकुमारी खड्कासमेतका मानिसले घटनालाई पुष्टि हुने गरी गरेको छुट्टाछुट्टै घटना विवरण कागजसमेतका आधार प्रमाणबाट प्रतिवादी हेमराज भन्ने हिमराज खड्काले संकेत नं.६३ झापा "झ" लाई आफ्नी श्रीमती घरमा नभएको मौका छोपी पीडितलाई विभिन्न प्रलोभन तथा डर त्रास देखाई पटक-पटक जबरजस्ती करणी गरेकोमा पुन: मिति २०७४।१०।१ गते रातमा डर धाकधम्की देखाई जबरजस्ती करणी गरेको वारदात पुष्टि भएको हुँदा निज प्रतिवादी हिमराज खड्कालाई मुलुकी ऐन जबरजस्ती करणीको ३(४) नं. बमोजिम सजाय गरी ऐ.१०(ग) नं. बमोजिम पीडितलाई महिला तथा बालबालिका कार्यालय जाजरकोटबाट उचित क्षतिपूर्ति दिलाई भराई पाउँ भन्ने बेहोराको वादी नेपाल सरकारको तर्फबाट सुरू जाजरकोट जिल्ला अदालतमा दायर भएको मिति २०७४।११।१३ को अभियोगपत्र।

मिति २०७४।१०।१३ गते मेरो श्रीमती हिरा खड्काले पीडितलाई सम्झाउने मनसायले तिमी दिनभरी मोबाइल नचलाउ, राम्रोसँग पढ्ने गर, होटलमा केही परेको काममा कहिलेकाहीँ सघाउने गर, ट्युसन पढ्न पनि जाँदिनौ भनी सम्झाउन खोज्दा पीडित उल्टै मेरो श्रीमतीसँग मुखामुख गरी बोलेपछि मेरो श्रीमतीले पीडितलाई १।२ झापड गालामा हानेकी हुन् भने मैले पनि निजलाई सम्झाउँदा निजले म पढे पनि नपढे पनि तपाइँलाई के मतलब भनेपछि निज पीडितलाई मैले पनि १।२ झापड हानेर सम्झाएको थिएँ। मैले झापड हानेकोले पीडितले जाहेरवालीलाई बोलाई उक्त जाहेरी दिएको हुनुपर्छ। पीडितले भनेको मितिमा मेरो श्रीमती माइतमा नगई घरमै थिइन्। मैले पीडित झापा "झ" लाई जबरजस्ती करणी गरेको होइन भन्ने बेहोराको प्रतिवादी हिमराज खड्काले मिति २०७४।११।१३ मा सुरू अदालतमा गरेको बयान।

मेरो आमा घरबाट आएको भनी मिति २०७४।१०।१ मा बेलुका ४:०० बजे म प्रतिवादीको होटलमा गएको थिएँ। उक्त मितिमा पीडितलाई सो होटलमा सामान्य अवस्थामा देखेको थिएँ। सो दिन प्रतिवादीको श्रीमतीसमेत सोही होटलमा थिइन्। त्यस्तो अवस्थामा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गर्न सक्ने अवस्था हुँदैन। प्रतिवादी र निजको श्रीमतीले पीडितलाई कुटपिट गर्ने भएकाले जबरजस्ती करणीको झुट्टा जाहेरी परेको हो। प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको होइन भन्ने बेहोराको प्रतिवादीको साक्षी धर्मशिला खत्री बस्नेतले मिति २०७४।११।२३ मा सुरू अदालतमा गरेको बकपत्र।

मिति २०७४।१०।१ मा म आफ्नै पसलमा थिएँ। उक्त दिन पीडित झापा "झ" लाई कसैले जबरजस्ती करणी गरेको थाहा भएन। प्रतिवादी निजको श्रीमती र पीडितबिच झगडा हुने भएको कारणले पीडित झापा "झ" ले आफ्नो आमालाई बोलाई झुट्टा जाहेरी दिएकी हुन्। प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेका होइनन् भन्नेसमेत बेहोराको घटना विवरण कागज गर्ने सूर्यबहादुर रोकायले मिति २०७४।११।२३ मा सुरू

अदालतमा गरेको बकपत्र ।

प्रतिवादी मेरो छिमेकी हुन् । पीडित प्रतिवादीको होटलमा पढ्नको लागि आएकोमा विद्यालयमा नगई मोबाइल चलाएर बस्ने, ट्युसन पढ्न पनि नजाने र होटलको काममा पनि नसघाउने गरेकोले प्रतिवादीको श्रीमतीले पीडितलाई कुटपिट गरेकी थिइन् । कुटपिट गरेको भरमा प्रतिवादी विरूद्ध झुट्टा जाहेरी दिइएको हो । प्रतिवादीको र मेरो होटल नजिकै भएकोले पीडितउपर जबरजस्ती करणी भएको भए हामीलाई थाहा हुने थियो । प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेका होइनन् भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी मुकुन्दप्रसाद शर्माले सुरू अदालतमा मिति २०७४।११।२३ मा गरेको बकपत्र ।

मिति २०७४।१०।१ मा प्रतिवादीले सञ्चालन गरेको होटलमा म, प्रतिवादी र निजको श्रीमती थियौं । मलाई उक्त मितिमा कसैले जबरजस्ती करणी गरेको होइन । मौकामा गरेको घटना विवरणको बेहोरा मेरो होइन । मलाई प्रतिवादी र निजको श्रीमतीले कुटपिट गरेकोले मैले आमालाई बोलाएकी हुँ । प्रतिवादीले मलाई जबरजस्ती करणी गरेका होइनन् भन्ने बेहोराको पीडित संकेत नं.६३ झापा "झ" ले सुरू अदालतमा मिति २०७४।११।२३ मा गरेको बकपत्र ।

प्रतिवादी हिमराज खड्काको बच्चालाई हेरचाह गर्न तथा पढ्नको लागि मेरो मन्जुरीमा पीडित प्रतिवादीको होटलमा आएकी हुन् । मेरो छोरी संकेत नं.६३ झापा "झ" लाई कोही कसैले जबरजस्ती करणी गरेका होइनन् । प्रतिवादी र निजको श्रीमतीले मेरो छोरीलाई नपढ्ने, मोबाइल खेलाउने, जथाभावी डुल्ने भनी कुटपिट गरेको भनी छोरीले भनेकोले सोही रिसले मैले झुट्टा जाहेरी दिएकी हुँ भन्नेसमेत बेहोराको जाहेरवाली संकेत नं.६३ झापा "ज" ले मिति २०७४।११।२३ मा सुरू अदालतमा गरेको बकपत्र ।

पीडित संकेत नं.६३ झापा "झ" को बाह्य शरीरको परीक्षण गर्दा सामान्य अवस्था थियो । पीडितको बाह्य योनिको जाँच गर्दा कुनै घाउ चोटपटक लागेको देखिएन । भित्री योनि पनि सामान्य अवस्थामा रहेको र कन्याजाली च्यातिएको अवस्थामा थियो भन्नेसमेत बेहोराको पीडितको स्वास्थ्य परीक्षण गर्ने डा. अमिन शाहले मिति २०७४।१२।२० मा सुरू अदालतमा गरेको बकपत्र ।

प्रतिवादी हिमराज खड्काले पीडित संकेत नं.६३ झापा "झ" लाई एक वर्षअगाडिदेखि पटक-पटक जबरजस्ती करणी गर्दै आएको र अन्तिम पटक मिति २०७४।१०।१ मा जबरजस्ती करणी गरेको भनी लिखित जाहेरी परेकोमा सोहीअनुरूप पीडितसँग सोधपुछ गर्दा जाहेरीलाई समर्थन हुने गरी घटना विवरण कागज लेखाएकी थिइन् भन्नेसमेत बेहोराको घटनास्थलमा मुचुल्काको काम तामेल गर्ने प्र.ह. तेजेन्द्र घर्तीले मिति २०७५।२।३ मा सुरू अदालतमा गरेको बकपत्र ।

प्रतिवादी हिमराज खड्काले पीडितलाई मिति २०७४।१०।१ मा जबरजस्ती करणी गरे नगरेको सम्बन्धमा मलाई केही थाहा छैन भन्नेसमेत बेहोराको घटना विवरण कागज गर्ने संगिता श्रेष्ठले मिति २०७५।२।३ मा सुरू अदालतमा गरेको बकपत्र ।

जाहेरी परेपछि जिल्ला प्रहरी कार्यालयमा पीडित झापा "झ" मिति २०७४।१०।१६ मा आएको बखत प्रतिवादी हिमराज खड्काले आफूलाई पटक-पटक जबरजस्ती करणी गरेका हुन् । अन्तिम पटक २०७४।१०।१ मा जबरजस्ती करणी गरेका हुन् भनी भनेकी थिइन् भन्नेसमेत बेहोराको घटनास्थलको काम तामेल गर्ने प्र.नि. रमेशदत्त अवस्थीले मिति २०७५।२।३ मा सुरू अदालतमा गरेको बकपत्र ।

मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादी हेमराज खड्काले अभियोग दाबीबमोजिम कसुर गरेको ठहर्छ । सो ठहर्नाले निज प्रतिवादी हिमराज खड्कालाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ५(पाँच) वर्ष कैद हुने साथै

अभियोगपत्र पेस हुँदा प्रतिवादी हिमराज खड्का तथा निजको परिवारको नाममा कुनै जग्गा जमिनसमेत नभएको भनी उल्लेख भई आएको देखिँदा ऐ.ऐनको १०(ग) नं. बमोजिम पीडित झापा "झ" लाई महिला तथा बालबालिका कार्यालयबाट क्षतिपूर्ति स्वरूप रू.२५,०००।- (पच्चिस हजार रूपैयाँ) भराइदिनेसमेत ठहर्छ भन्नेसमेत बेहोराको सुरू जाजरकोट जिल्ला अदालतको मिति २०७५।३।१७ को फैसला।

वस्तुनिष्ठ प्रमाणबाट बहकिएर सत्य र तथ्य अवस्थाबाट विचलित हुँदै ग्रहण गर्नुपर्ने, प्रमाण ग्रहण नगरी ग्रहण गर्न नहुने र हुँदै नभएको आधार लगाई अन्यायपूर्ण तरिकाले मलाई कसुरदार ठहर गर्ने गरेको सुरू जाजरकोट जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी हेमराज भन्ने हिमराज खड्काको उच्च अदालत सुर्खेतमा मिति २०७५।५।५ मा दायर पुनरावेदन पत्र।

यसमा प्रतिवादीको इन्कारी बयान तथा जाहेरवाला र पीडितको बकपत्रसमेतका प्रमाण मूल्याङ्कनको रोहमा सुरू जाजरकोट जिल्ला अदालतको मिति २०७५।३।१७ को फैसला विचारणीय देखिँदा मुलुकी ऐन अ.बं.२०२ नं. र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ वादी नेपाल सरकारलाई पेसीको जानकारी दिई नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको उच्च अदालत सुर्खेतको मिति २०७५।६।२२ को आदेश।

यसमा प्रतिवादीले आरोपित कसुर गरेको देखिने र फौजदारी मुद्दामा कसुर ठहर गर्न आवश्यक पर्ने प्रमाणको अभाव देखिएको अवस्था हुँदा प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिनुपर्नेमा निजलाई कसुरदार ठहर गरी उपर्युक्त सजाय गर्ने ठहर गरी जाजरकोट जिल्ला अदालतबाट मिति २०७५।३।१७ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक प्रतिवादी होमराज भन्ने हिमराज खड्काले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ। साथै प्रस्तुत मुद्दामा जाहेरवालीले प्रतिवादीका विरूद्धमा किटानी रूपमा जाहेरी दरखास्त दिएकी छन्। अपराध अनुसन्धानमा संलग्न हुने प्रहरी कार्यालय सो जाहेरी दरखास्तबमोजिम क्रियाशील भएको छ । प्रतिवादी मिति २०७४।१०।१७ देखि सुरू जिल्ला अदालतले फैसला गर्दाको मिति २०७५।३।१७ सम्म र आजपर्यन्त थुनामा बसेका छन् । प्रहरी कार्यालय, सरकारी वकिल र अदालतको श्रम र समय खेर फाल्ने अभिप्राय पनि Hostile भई जाहेरवालीले गरेको सो बकपत्रमा रहेको देखिँदा यस मुद्दाकी जाहेरवाली परिवर्तित नाम झापा "ज" लाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८(२)(क) बमोजिम झुट्टा बकपत्र गरेबापत रू.२,०००।- (दुई हजार रूपैयाँ) जरिवाना हुने ठहर्छ भन्नेसमेत बेहोराको उच्च अदालत सुर्खेतको मिति २०७५।८।२६ को फैसला।

प्रस्तुत मुद्दाका प्रतिवादी होटल मालिक र पीडित नोकरको हैसियतका मानिस भएको देखिन्छ। प्रतिवादीले पीडितलाई दबाब र प्रलोभनमा परी जाहेरवालीसमेतले मौकाको भनाइ प्रतिकूल बकपत्र गरेको भन्ने देखिन्छ । मिसिल संलग्न अन्य प्रमाणहरूबाट प्रतिवादीले पीडित सुत्ने कोठामा गई डरसमेत देखाई जबरजस्ती करणी गरेको कुरा स्पष्ट भइरहेको छ । महिलाको अस्मितालाई संवेदनशील रूपमा लिइने हाम्रो समाजमा आफूलाई जबरजस्ती करणी गरेको भनी आमालाई भनी आमाले जाहेरी दिएको र जाहेरी समर्थन गरी पीडित स्वयम्ले कागज गरी लेखाई दिएको तथ्यलाई सामान्य रूपमा लिन मिल्दैन। वारदातको वास्तविक तथ्यलाई जाहेर गरी घटनाबाट पीडितले वारदातको तत्कालै वास्तविकता लेखाइदिएकोमा समयको अन्तरालमा जबरजस्ती करणीजस्तो कार्यले समाजबाट बहिष्कृत र घृणित हुने डरले, सो घटनाबाट आफ्नो परिवार र आफूमाथि भएको सामाजिक बेइज्जती, पीडा र दागलाई कम गर्नुपर्ने,

अन्य किसिमका दबाब र प्रलोभनमा परी अदालतमा आई प्रतिकूल बकपत्र गर्नुपर्ने बाध्यात्मक अवस्था पनि हुन्छ। प्रस्तुत मुद्दामा पनि आफूलाई जबरजस्ती करणी गरेको भनी घटनाबाट पीडितले वास्तविकता लेखाई दिएकोमा समयको अन्तरालमा अन्य किसिमका दबाब प्रभावमा परी अदालतमा आई बकपत्र गर्दा आफ्नो पहिलेको भनाइ विरूद्ध हुने गरी बकी लेखाइदिएको भन्ने देखिएको छ । तसर्थ जबरजस्ती करणीजस्तो अपराधमा अन्य मुद्दामा जस्तो अङ्कगणितीय हिसाबबाट हेर्नुभन्दा पनि नारीको अस्मितामा गम्भीर आँच आउने विषय भएकाले अदालतले संवेदनशील रूपमा विचार गर्नुपर्छ । पीडितले यी प्रतिवादीलाई पोल्नुपर्ने कुनै कारण नदेखिँदा प्रतिवादीले आरोपित कसुर गरेको देखिँदादेखिँदै प्रतिवादीलाई कसुरबाट उन्मुक्ति दिने गरी भएको पुनरावेदन अदालत सुर्खेतको फैसला त्रुटिपूर्ण रहेकोले बदर गरी सुरू अभियोग मागदाबीबमोजिम सजाय गरी पाउन सादर अनुरोध गरिन्छ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा मिति २०७५।११।२ मा दायर पुनरावेदनपत्र।

ठहर-खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री राधिका सुवालले प्रस्तुत मुद्दाका प्रतिवादी होटल मालिक र पीडित नोकरको हैसियतका मानिस भएको देखिन्छ। प्रतिवादीले पीडितलाई दबाब र प्रलोभनमा परी जाहेरवालीसमेतले मौकाको भनाइ प्रतिकूल बकपत्र गरेको भन्ने पुष्टि हुन्छ । यसबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको वारदात स्थापित हुँदाहुँदै प्रतिवादीलाई कसुरबाट उन्मुक्ति दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको हुँदा प्रत्यर्थीलाई झिकाई मुद्दाको पुर्पक्ष गराई पाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

विद्वान् उपन्यायाधिवक्ताको बहससमेत सुनी पुनरावेदनसमेतको सक्कल मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा उच्च अदालत सुर्खेतबाट भएको फैसला मिलेको छ कि छैन ? पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दछ कि सक्दैन ? भन्ने यिनै विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. प्रस्तुत मुद्दामा प्रतिवादी हेमराज भन्ने हिमराज खड्काउपर मुलुकी ऐन जबरजस्ती करणी महलको १ नं. विपरीत ३(४) नं.को कसुरमा सोही महलको ३(४) नं. बमोजिम सजाय हुन र सोही महलको १०(ग) नं. बमोजिम पीडितलाई महिला तथा बालबालिका कार्यालयबाट क्षतिपूर्ति दिलाई भराई पाउन मागदाबी लिई श्री जाजरकोट जिल्ला अदालतमा अभियोगपत्र दायर गरिएकोमा सो अदालतबाट प्रतिवादी हेमराज भन्ने हिमराज खड्कालाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ५(पाँच) वर्ष कैद हुने ठहर्छ साथै अभियोगपत्र पेस हुँदा प्रतिवादी हिमराज खड्का तथा निजको परिवारको नाममा कुनै जग्गा जमिनसमेत नभएको भनी उल्लेख भई आएको देखिँदा ऐ. ऐनको १०(ग) नं. बमोजिम पीडित संकेत नं.६३ झापा "झ" लाई महिला तथा बालबालिका कार्यालयबाट क्षतिपूर्ति स्वरूप रू.२५,०००।- (पच्चिस हजार रूपैयाँ) भराइदिने ठहऱ्याई फैसला भएकोउपर प्रतिवादीका तर्फबाट श्री उच्च अदालत सुर्खेतमा पुनरावेदन परी उक्त अदालतबाट सुरू फैसला उल्टी गरी जाहेरवाली संकेत नं.६३ झापा "ज" ले झुट्टा बकपत्र गरेबापत सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८(२)(क) बमोजिम रू.२,०००।- (दुई हजार रूपैयाँ) जरिवाना र पुनरावेदक प्रतिवादी होमराज भन्ने हिमराज खड्काले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई फैसला भएको देखिन्छ।

३. मेरी छोरी परिवर्तित नाम झापा (झ) हेमराज खड्काले खलंगा जाजरकोटमा सञ्चालन गरेको आयुष होटलमा काममा सहयोग गर्ने र पढ्ने

गरी बसेकी थिइन् । हेमराज खड्काको श्रीमती माइत गएको मौका पारी मिति २०७४।१०।१ गते रातको १:०० बजे मेरो छोरीको कोठामा पसी डर धाकधम्की दिई करणी गरेको भनी छोरीले जानकारी गराएको भनी पीडितको आमाको प्रतिवादीउपर किटानी जाहेरी रहेकोमा मिति २०७४।१०।१३ गते मेरो श्रीमती हिरा खड्काले पीडितलाई सम्झाउने मनसायले तिमी दिनभरी मोबाइल नचलाउ, राम्रोसँग पढ्ने गर, होटलमा केही परेको काममा कहिलेकाहीँ सघाउने गर, ट्युसन पढ्न पनि जाँदिनौ भनी सम्झाउन खोज्दा पीडित उल्टै मेरो श्रीमतीसँग मुखामुख गरी बोलेपछि मेरो श्रीमतीले पीडितलाई १।२ झापड गालामा हानेकी हुन् भने मैले पनि निजलाई सम्झाउँदा निजले म पढे पनि नपढे पनि तपाईँलाई के मतलब भनेपछि निज पीडितलाई मैले पनि १।२ झापड हानेर सम्झाएको थिएँ । मैले झापड हानेकोले पीडितले जाहेरवालीलाई बोलाई उक्त जाहेरी दिएको हुनुपर्छ । पीडितले भनेको मितिमा मेरो श्रीमती माइतमा नगई घरमै थिइन् । मैले पीडित झापा "झ" लाई जबरजस्ती करणी गरेको होइन भन्ने प्रतिवादीको अनुसन्धान र सुरू अदालतमा बयान रहेको देखिन्छ। यस्तै पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा “no significant injuries seen” भन्ने उल्लेख भएको छ। पीडितको स्वास्थ्य परीक्षण गर्ने डा. अमिन शाहले पीडितको बाह्य शरीरको परीक्षण गर्दा सामान्य अवस्था थियो । पीडितको बाह्य योनिको जाँच गर्दा कुनै घाउ चोटपटक लागेको देखिएन। भित्री योनि पनि सामान्य अवस्थामा थियो र कन्याजाली च्यातिएको अवस्थामा थियो भन्ने बेहोरा खुलाई सुरू अदालतमा बकपत्र गरिदिएको देखिन्छ।

४. मिति २०७४।१०।१ मा प्रतिवादीले सञ्चालन गरेको होटलमा म प्रतिवादी र निजको श्रीमती थियौं। मलाई उक्त मितिमा कसैले जबरजस्ती करणी गरेको होइन। मौकामा गरेको घटना विवरणको बेहोरा मेरो होइन । मलाई प्रतिवादी र निजको श्रीमतीले कुटपिट गरेकोले मैले आमालाई बोलाएकी हुँ । प्रतिवादीले मलाई जबरजस्ती करणी गरेका होइनन् भन्ने बेहोराको पीडित संकेत नं.६३ झापा "झ" ले सुरू अदालतमा बकपत्र गरेको देखिन्छ भने प्रतिवादी हिमराज खड्काको बच्चालाई हेरचाह गर्न तथा पढ्नको लागि मेरो मन्जुरीमा पीडित प्रतिवादीको होटलमा आएकी हुन्। मेरो छोरी परिवर्तित नाम झापा "झ" लाई कोही कसैले जबरजस्ती करणी गरेका होइनन्। प्रतिवादी र निजको श्रीमतीले मेरो छोरीलाई नपढ्ने, मोबाइल खेलाउने, जथाभावी डुल्ने भनी कुटपिट गरेको भनी छोरीले भनेकोले सोही रिसले मैले झुट्टा जाहेरी दिएकी हुँ भन्नेसमेत बेहोराको जाहेरवाली परिवर्तित नाम झापा "ज" ले सुरू अदालतमा बकपत्र गरेको अवस्था छ।

५. यसमा मिति २०७४ साल माघ १ गते प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भनी पीडितको आमाले किटानी रूपमा उल्लेख गरी जाहेरी दरखास्त दिएको देखिन्छ । तर सो कसुर गरेकोमा इन्कार रही प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गरेको अवस्था छ । मिसिल संलग्न रहेको पीडितको स्वास्थ परीक्षण प्रतिवेदन हेर्दा निजको गुप्ताङ्गलगायत शरीरका अन्य भागमा कुनै घाटचोट देखिँदैन भने अदालतमा जाहेरवाली, पीडित, अनुसन्धानको क्रममा बुझिएका मानिस तथा प्रतिवादीका साक्षीहरूले प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेका होइनन् भनी बकपत्र गरेको अवस्था छ।

६. पीडित तथा जाहेरवाला आफूले गरेको दाबी परिवर्तन गरी विपरीत बकपत्र गर्न सक्ने अवस्था कतिपय बाह्य दबाब, प्रभाव, डर, धाकधम्की, लोभलालच आदिका कारण एवं घटनाको लामो अन्तरालपछि नयाँ परिस्थिति सिर्जना हुन सक्ने अवस्था नकार्न सकिँदैन । यदाकदा वास्तविकता लुकाउन पनि यसरी बेहोरा परिवर्तन गर्ने गरिएको

व्यवहारमा देखिन्छ । पीडित कसैमाथि आश्रित भएको अवस्थामा यस्तो अवस्था सिर्जना हुन नसक्ने भन्ने हुँदैन । त्यस अवस्थामा अन्य वस्तुनिष्ठ प्रमाणबाट घटना भएको र घटनामा आरोपित व्यक्तिको संलग्नता पुष्टि हुने प्रत्यक्ष वा परोक्ष प्रमाण छन् भने जाहेरवाला वा पीडितको प्रतिकूल बकपत्रलाई अस्वीकार गर्न सकिने हुन्छ । तर प्रस्तुत मुद्दामा जाहेरी दरखास्तका पीडितलाई प्रतिवादीले बारम्बार जबरजस्ती करणी गरेको हो भनी किटानी रूपले उल्लेख भए पनि पीडितको शारीरिक परीक्षण प्रतिवेदनमा पीडितको शरीरमा कुनै चोटपटक वा करणीको लक्षण नदेखिएको अवस्थामा आफूमा आश्रित रहेको व्यक्तिले लगाए अह्राएको काम नगरी मोबाइल खेलाई बसेको कारण गाली गरेको वा एक दुई थप्पड हिर्काएको अवस्था हुन सक्ने र त्यसबापत केही रिस आवेगमा आई यदाकदा यौन हिंसाको आरोप लगाउन सक्ने सम्भावनालाई सबै अवस्थामा इन्कार गर्न सकिने हुँदैन । यसरी स्वास्थ्य परीक्षण तथा अन्य सबुद प्रमाणबाट प्रमाणित नभएको तथा पीडित र जाहेरवाली दुवैजनाले अदालतमा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको होइन भनी प्रतिकूल बकपत्र गरेको अवस्थामा वस्तुनिष्ठ ठोस प्रमाणको अभावमा केवल किटानी जाहेरी दरखास्तको आधारमा मात्रै प्रतिवादीले आरोपित जबरजस्ती करणीको कसुर गरेका हुन् भनी विश्वास गर्न सकिने अवस्था नरहँदा प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्दछ भन्ने वादी पक्षको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

७. प्रमाणको भार इन्कार गर्नेले होइन, दाबी गर्नेले पुऱ्याउनुपर्दछ भन्ने कानूनी मान्यतालाई प्रमाण ऐन, २०३१ को दफा २५ मा पनि स्वीकार गरिएको छ । जाहेरी दरखास्तलाई अन्य तथ्ययुक्त सबुद, प्रमाणबाट समर्थन गराउन सक्नुपर्दछ । यस मुद्दामा किटानी जाहेरी दरखास्त बाहेक प्रतिवादीले आरोपित कसुर गरेको देखिने र फौजदारी मुद्दामा कसुर ठहर गर्न आवश्यक पर्ने कुनै ठोस प्रमाण वादी पक्षले पेस गर्न नसकेको हुँदा वारदात नै वास्तवमा घटेको हो, होइन भन्ने विषय विवादित देखिएको अवस्थामा प्रतिवादीलाई कसुरदार ठहर गरी अभियोग मागदाबीबमोजिम सजाय गर्ने गरी जाजरकोट जिल्ला अदालतबाट मिति २०७५।३।१७ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक प्रतिवादी होमराज भन्ने हिमराज खड्काले आरोपित कसुरबाट सफाइ पाउने गरी भएको उच्च अदालत सुर्खेतको फैसलालाई अन्यथा मान्नुपर्ने देखिएन ।

८. अबः सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८(२)(क) बमोजिम जाहेरवालीलाई झुट्टा बकपत्र गरेबापत रू.२,०००।- (दुई हजार रूपैयाँ) जरिवाना भएकोतर्फ विचार गर्दा जाहेरवालीले जबरजस्ती करणी भएको भनी किटानी जाहेरी दरखास्त दिएकोबाट मुद्दा उठान भएको र सो कारण प्रतिवादी थुनामै बस्नु परेको देखिन्छ । जबरजस्ती करणीको आरोपलाई यस प्रकृतिबाट हलुका तरिकाबाट हेर्न मिल्ने हुँदैन । यस्तो कार्यलाई गलत प्रवृत्ति पनि सिर्जना गर्ने हुन्छ । आरोपित व्यक्ति निर्दोष रहेको प्रमाणित भएको अवस्थामा निजको अमूल्य जीवनको लामो अवधि निष्क्रिय मात्र नभई प्रतिकूल परस्थितिमा पुगेको अवस्थामा समय, सामाजिक व्यवहार र दृष्टिकोण एवं कतिपय वृत्ति विकासका सम्भावनामा अपूरणीय क्षति हुने हुन्छ । कुनै व्यक्तिगत रिस वा कसैको उक्साहटमा आरोप लगाएबापत कुनै जिम्मेवारी लिनु नपर्ने वा दायित्व बेहोर्नु नपर्ने प्रवृत्तिलाई निरूत्साहित गर्नु वाञ्छनीय देखिन्छ । यसै मुद्दाको कारण प्रतिवादीको वैयक्तिक स्वतन्त्रता लामो समयसम्म हरण भएको छ । अनुसन्धानकर्ता प्रहरी, अभियोजनकर्ता सरकारी वकिल र अदालतको समेत श्रम र समय खर्च भएको छ । अन्य कुनै कारणले आवेशमा आई हुँदै नभएको विषयलाई उठाई फौजदारी कसुरमा जाहेरी दिने कार्यलाई प्रोत्साहन दिँदा राज्य व्यवस्था र न्यायिक

प्रणालीप्रति नागरिकको विश्वासमा पनि नकारात्मक असर पर्न जाने हुँदा निज जाहेरवाली परिवर्तित नाम झापा "ज" लाई झुट्टा बकपत्र गरेबापत उच्च अदालत सुर्खेतले गरेको जरिवानालाई अन्यथा भन्न मिलेन।

९. अतः माथि विवेचित आधार र कारणहरूबाट प्रतिवादी हेमराज भन्ने हिमराज खड्कालाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ५(पाँच) वर्ष कैद र ऐ.को १०(ग) नं. बमोजिम पीडित झापा “झ” लाई महिला तथा बालबालिका कार्यालयबाट रू.२५,०००।- (पच्चिस हजार रूपैयाँ) भराइदिने गरी भएको सुरू जाजरकोट जिल्ला अदालतको मिति २०७५।३।१७ को फैसला उल्टी भई निज प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने र जाहेरवाली परिवर्तित नाम झापा “ज” ले झुट्टा बकपत्र गरेबापत साबिक सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८(२)(क) बमोजिम रू.२,०००।- (दुई हजार रूपैयाँ) जरिवाना हुने गरी भएको उच्च अदालत सुर्खेतको मिति २०७५।८।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.मनोजकुमार शर्मा

इजलास अधिकृत : अञ्चन भट्टराई
इति संवत् २०७६ साल फागुन ७ गते रोज ४ शुभम्।

## निर्णय नं. १०५२१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री कुमार रेग्मी
फैसला मिति : २०७६।११।२९
०६८-WO-१००६

मुद्दा : उत्प्रेषण / परमादेश

निवेदक : बारा जिल्ला, मोतिसर गा.वि.स. वडा नं. ५ बस्ने इसराइल मिया धुनियाको श्रीमती बहिरी धुनियायीसमेत

विरूद्ध

प्रत्यर्थी : बारा जिल्ला, कलैया नगरपालिका वडा नं. ८ मा अवस्थित क्रिएटिभ नेपाल बचत तथा ऋण सहकारी संस्था लि. प्रधान कार्यालय, कलैया बारासमेत

- **लिलाम सकार गरेका कित्ताहरूमा सोही सकार मितिबाट नै हक सिर्जना भइसकेको मान्नुपर्ने । हक सिर्जना भइसकेको जग्गालाई कसैले आपसी सहमति गरेर कानूनबमोजिम सिर्जित भइसकेको तेस्रो पक्षको हक मेट्ने गरी करारनामाको विषयवस्तु बनाउन कानूनतः नमिल्ने ।**

(प्रकरण नं.१२)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री श्याम खरेल तथा श्री हरिहर दाहाल र विद्वान् अधिवक्ताहरू श्री मेघराज पोख्रेल तथा श्री ज्योति बानिया

प्रत्यर्थीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री बालकृष्ण न्यौपाने तथा विद्वान् अधिवक्ता श्री अरूण ज्ञवाली, श्री रामकृष्ण काफ्ले

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- सहकारी ऐन, २०४८

आदेश

**न्या.विश्वम्भरप्रसाद श्रेष्ठ :** साबिक नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७ (२) तथा नेपालको संविधानको धारा ४६ तथा धारा १३३ (२) र (३) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

तथ्य खण्ड

हामी निवेदकहरूको छोरा तथा भतिजा महमजान मिया धुनिया तत्कालीन अवस्थामा प्रत्यर्थी क्रियटिभ नेपाल सेभिङ एण्ड लोन को-अपरेटिभ लि. को अध्यक्ष भई उक्त संस्था सञ्चालन गरे तापनि मिति २०५८।११।१७ गते आफूसँग जिम्मा भए रहेको संस्थाको रकम तथा सरसामानहरू नयाँ अध्यक्षलाई बरबुझारथसमेत गरी पदबाट राजीनामा दिएका थिए। महमजान मियाले संस्था छाडेपश्चात् नियुक्त अध्यक्ष जावेद मोहमदले महमजानले संस्थामा रहँदाको समयमा रकम हिनामिना गरेको भनी हामी निवेदकहरूको नाममा दर्ता रहेको निम्नलिखित जग्गाहरू रोक्का राखेको र सो रकम नतिरेको कारणले जग्गाहरू लिलाम गरेकोले सम्बन्धित कामकारबाही उत्प्रेषणको आदेशले बदर गरिपाउँ भनी मिति २०६०।०५।२६ को रिट नं. २९६८ को निवेदन सर्वोच्च अदालतमा दायर गरेकोमा विपक्षीहरूको उल्लिखित कार्य कानूनविपरीतको भएकोले मिति २०६०।०५।१२ को लिलामीको काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरी जो जसको नाममा उक्त धितो राखिएको सम्पत्ति दर्ता छ निजलाई समेत सूचना दिई बुझी कानूनबमोजिम कारबाही गर्नु भनी विपक्षीहरूका नाममा मिति २०६३।१२।०६ मा परमादेशको आदेशसमेत जारी भएको थियो।

जग्गाको विवरण

| जग्गाधनी | जिल्ला | गा.वि.स. / न.पा | वडा नं. | कि.नं. | क्षे.फ. |
|---|---|---|---|---|---|
| बहिरी धुनियाइन | बारा | बरेखा | ५ क | १५१ | ०-०-५ |
| इसराइल मिया धुनियाइन | बारा | बरेखा | ५ क | २३५ | ०-०-१० |
| इसराइल मिया धुनिया | बारा | मोतिसर | ६ | २१० | ०-२-१० (नामसारी बाँकी) |
| इसराइल मिया धुनिया | बारा | मोतिसर | ६ | ३८३ | ०-२-१५ |
| जोखन मिया धुनिया | बारा | मोतिसर | ६ | ३९ | ०-२-८ (नामसारी बाँकी) |
| इसराइल मिया धुनिया | बारा | मोतिसर | ६ | ८८ | ०-३-१० |
| इसराइल मिया धुनिया | बारा | मोतिसर | ६ ग | १०५ | ०-०-१० |
| इसराइल मिया धुनिया | बारा | मोतिसर | ६ | ३३३ | ०-१-५ |
| इसराइल मिया धुनिया | बारा | मोतिसर | ६ | २५३ | ०-२-० |

उक्त सर्वोच्च अदालतबाट भएको आदेशको जानकारी विपक्षीसमेतलाई भए तापनि विपक्षीले मिति २०६४।१०।२४

गते उक्त जग्गाहरूको लिलामको सूचना जारी गरेकोले सो कार्य रोकी पाउँ भनी पुनरावेदन अदालत हेटौंडामा निषेधाज्ञाको लागि मिति २०६४।११।०५ मा रिट निवेदन दायर गरेकोमा मिति २०६४।११।०६ मा मागदाबीको सम्बन्धमा अन्तरिम आदेश भए तापनि मिति २०६६।०७।०४ मा निवेदन खारेज भएको थियो । यसबिचमा विपक्षीहरूले हामीलाई जानकारी नदिई मिलेमतो गरी सम्मानित सर्वोच्च अदालत तथा पुनरावेदन अदालतबाट भएको आदेशविपरीत हाम्रो नाउँको उल्लिखित जग्गाहरू गैरकानूनी रूपमा मालपोत कार्यालय र नगरपालिकासमेतलाई रोहवरमा नराखी एकतर्फी रूपमा निर्णय गरी विपक्षीहरूमध्येको राजेशकुमार साहको नाममा मिति २०६४।११।१० मा लिलाम सकार गरेकोले उक्त बदनियतपूर्ण कार्य उत्प्रेषणको आदेशले बदर गरी पाउन माग गरी सर्वोच्च अदालतमा मिति २०६४।११।२९ गते रिट नं. ८०२ दायर गरेका थियौं । उक्त रिट निवेदनमा उल्लिखित जग्गाहरू कुनै पनि बेहोराले हक हस्तान्तरण नगर्नु भनी अन्तरिम आदेश भई कारबाहीको क्रममा विपक्षीमध्येको सहकारीका अध्यक्ष धिरेन्द्रकुमार सिंहले हामी निवेदकहरूसँग संस्थाले जे जति रकम तपाईंको छोरासँग लिनुपर्ने भए पनि संस्थालाई रू.४,२५,०००/- दिनुहोस् हामी तपाइँहरूको जग्गा कोही कसैको नाममा दा.खा. गर्दैनौं तपाइँहरूकै नाममा नै फिर्ता दिनेछौं भनी प्रस्ताव गरेको र सो कार्य गर्नको लागि अध्यक्षले सहकारीको अख्तियारी नै लिई आएकोले सोहीबमोजिम लिखत तयार गरी हामीले सो मितिभन्दा अगाडि रू. १,१०,०००/- दिइसकेकोले बाँकी रकम जग्गा फुकुवा भएपछि मात्र सहकारीलाई तिर्ने बुझाउने, त्यस बारेमा कुनै मुद्दा मामिला नगर्ने भनी मिति २०६७।०२।२६ गते लिखत गरी जग्गा फिर्ता गर्न दुवै पक्षका बिचमा सहमति भएबमोजिम हामी निवेदकहरूले सम्मानित अदालतमा दायर गरेको रिट नं. ८०२ र अदालतको अपहेलना निवेदन फिर्ता लिएका थियौं । तर विपक्षीहरूले उक्त सहमतिबमोजिम जग्गा फुकुवा नगरेकाले बुझ्दा विपक्षी सहकारी संस्थाले धेरै पछाडिको मिति अर्थात् २०६४।११।१० गतेको मिति कायम गरी पहिले नै लिलाम मुचुल्का भएको र सोहीबमोजिम गरीपाउने राजेशकुमार साहले मिति २०६७।०४।११ मा विपक्षी मालपोत कार्यालयमा निवेदन दिई र मिति २०६७।०४।१३ गते नै मालपोत कार्यालय बाराबाट आफ्नो नाउँमा उक्त जग्गाहरू दा. खा. गराएको भनी जानकारी पाएकोले विपक्षी राजेशकुमार साहको नाममा दा.खा. गर्ने लिलामको निर्णय तथा दा.खा. दर्ता बदर गरिपाउँ र विपक्षीहरूको सो कार्यहरू जालसाजी घोषित गरी पाउन विपक्षीहरू विरूद्धमा श्री बारा जिल्ला अदालतमा तीन थान मुद्दाहरू दायर गरेका थियौं ।

बारा जिल्ला अदालतबाट हाम्रो फिराद दाबी नपुग्ने ठहराई फैसला भएकोले सो फैसलाउपर पुनरावेदन गरेकोमा सुरू फैसला नै सदर भएकोले उक्त फैसलाउपर यस सम्मानित अदालतको साधारण अधिकारक्षेत्रअन्तर्गत मुद्दा दोहोऱ्याई हेरिपाउँ निवेदन दर्ता गरेको अवस्था छ । विपक्षीहरूले माथि उल्लेख गरेबमोजिम यस अदालतबाट विभिन्न मितिमा भएका आदेशहरू र मिति २०६७।०२।२६ को लिखतको पालना नगरी हामीहरूलाई कुनै जानकारी नगराई, कुनै सूचना प्रकाशित नगरी गैरकानूनी तवरले एकतर्फी रूपमा भए गरेका बदनियतपूर्ण तथा गैरकानूनी निर्णय तथा कार्यहरूले हामी निवेदकहरू घरबारविहीन भई हामी निवेदकहरूलाई नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त मौलिक हक अधिकार तथा मुलुकी ऐन, अंशबन्डाको १ नं. दण्ड सजायको २६ नं. विपरीत भएको र सो कार्य बदर गराई न्याय पाउने अन्य प्रभावकारी वैकल्पिक उपचारको अभाव भएको हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७ (२) अन्तर्गत अन्तिम आश्रयको रूपमा यस सम्मानित अदालतसमक्ष उपस्थित भएका

छौं । अतः हामी निवेदकहरूको तल उल्लिखित विभिन्न कित्ता जग्गाहरू गैरकानूनी रूपमा मिति २०६४।११।१० मा लिलाम गरी विपक्षी राजेशकुमार साहको नाममा मिति २०६७।४।१३ मा भएको दा.खा. को निर्णयलगायत विभिन्न मितिका गैरकानूनी निर्णय, समाचार, टिप्पणीहरू उत्प्रेषणको आदेशले बदर गरी उल्लिखित जग्गाहरू जो जसको नाममा रहेको थियो सोहीबमोजिम यथावत् रूपमा निवेदकहरूकै नाममा कायम गर्न गराउने भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी गरिपाऊँ। यो निवदनको अन्तिम टुङ्गो नलाग्दै विपक्षीहरू एक आपसमा मिली दा.खा. गरी अन्यत्र बेचविखनसमेत गर्ने प्रबल सम्भावना भएको हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उल्लिखित जग्गाहरू कोही कसैलाई कुनै पनि बेहोराले हक हस्तान्तरण नगर्नु नगराउनु, यथास्थितिमा राख्नु भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको इसराइल मिया धुनियासमेतले यस अदालतमा दर्ता गराएको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र सम्बन्धित कागजात साथै राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एक प्रति नक्कल साथै राखी विपक्षी नं. ३ लाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई पठाई लिखित जवाफ प्राप्त भए वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र सम्बन्धित कागजात साथै राखी आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एक प्रति नक्कल साथै राखी विपक्षीहरू १, २ र ४ लाई सम्बन्धित जिल्ला अदालतमार्फत सूचना पठाई लिखित जवाफ प्राप्त भए वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

माग गरिएको अन्तरिम आदेशको सम्बन्धमा विचार गर्दा, मिति २०६४।११।१० मा लिलाम गरिएको भनिएको जग्गा दर्तावाला यी निवेदकहरू आफूले लिएको कर्जाबापत वा अरूले लिएको कर्जाको सुरक्षणबापत सहकारी संस्थालाई धितो बन्धकी राखेको अवस्था छैन। निवेदकहरूको छोरासमेत भएका महमजान पहिला सहकारी संस्थाका पदाधिकारी रहँदा निजसँगको लेना हिसाबको सम्बन्धमा यी निवेदकहरूको नामको जग्गा निजहरूलाई कुनै जानकारी नदिई मिति २०६०।०५।१२ मा लिलाम गरिएउपर यिनै निवेदकहरूको तर्फबाट यस अदालतमा परेको २०६० को रिट नं २९६८ को रिट निवेदनमा उक्त मितिको लिलाम बदरसमेत भएको र त्यसपछि गरिएको कारबाहीउपर पनि यस अदालतमा रिट निवेदन दायर भएकोमा यी निवेदकहरू तथा विपक्षी क्रिएटिभ नेपाल बचत तथा ऋण सहकारी संस्थाबिच मिति २०६७।०२।२६।४ मा भएको सहमतिपत्रसमेत विपरीत विपक्षी संस्थाले यी निवेदकलाई जग्गा फिर्ता नगरेको अवस्था देखिँदा मिति २०६४।११।१० को लिलामी र मिति २०६७।०४।१३ मा नामसारी भएको जग्गाको स्थिति र रूप परिर्वतन भएमा पुनः मुद्दा मामिला पर्न सक्ने र त्यसबाट यी निवेदकहरूलाई अपूरणीय क्षति पुग्न सक्ने देखिएकोले मिति २०६४।११।१० मा विपक्षी संस्थाले लिलाम गरी मिति २०६७।०४।१३ मा विपक्षी राजेशकुमार साहको नाममा नामसारी गरिएका यी रिट निवेदकहरूको घर जग्गा जुन अवस्थामा छन् सोही अवस्थामा यस रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म अरू कुसैलाई हक हस्तान्तरणसमेत नगरी यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत

नियमावली, २०४९ को नियम ४१(१) अनुसार विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिएको छ । यसको जानकारी विपक्षीहरूलाई दिनु भन्ने यस अदालतको मिति २०६९।०१।२५ को आदेश।

क्रिएटिभ नेपालले आफ्नो लेनाका सन्दर्भमा कानूनबमोजिम रोक्का गरिएको सम्पत्ति लिलाम गरी असुलउपर गर्न पाउने कानून प्रदत्त हक अधिकार रहे भएबाट सो अधिकारका आधारमा ऐन कानूनबमोजिम भए गरेको लिलाम कारबाहीबाट विपक्षीको संवैधानिक तथा कानूनी हकमा कुनै किसिमको आघात नपुगेबाट रिट निवेदकहरूको गैरकानूनी रिट निवेदन खारेज भागी छ । मिति २०६४।११।१० को लिलामी तथा मिति २०६७।०४।१३ गते मालपोत कार्यालय बाराबाट भएको दा. खा. सम्बन्धी निर्णय, दर्ता बदर, जालसाजी तथा करार सहमतिबमोजिम जग्गा फुकुवा गरिपाउँ भनी रिट निवेदकले बारा जिल्ला अदालतमा यसै विवादका सन्दर्भमा मुद्दा दिनुभएकोमा वादी दाबी नपुग्ने ठहरी बारा जिल्ला अदालतबाट मिति ०६८।२।२३ मा फैसला भएकोमा उक्त फैसलाउपर निवेदकहरूले पुनरावेदन अदालतमा पुनरावेदन दिँदा सुरू इन्साफ नै सदर हुने ठहरी मिति ०६८।०९।०१ मा फैसला भई अन्तिम भइसकेको हुँदा एकपटक तह-तह भई साधारण तहबाट विचार भई अन्तिम भइसकेका मुद्दाका हकमा असाधारण क्षेत्रअन्तर्गत पर्न आएको रिट क्षेत्रबाट मूल्याङ्कन गरी फैसला गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ । मिति ०६४।११।१० को लिलामीबाट नै उक्त जग्गा राजेशकुमार साहको हक स्थापित भइसकेको अवस्थामा हामीले रिट निवेदकहरूसँग कुनै प्रकारको करार गरे गराएको छैन । यस संस्थाले लिनुपर्ने लेना रू.११,९९,७५२।- भएकोमा लिलामीबाट रू.९,२५,०००।- असुल भई बाँकी रहेको लेनाका सन्दर्भमा यस संस्थाले विपक्षीहरूउपर समेत ताकेता गरी कारबाही गर्ने चेतावनी दिएबाट उक्त बाँकी रकमका सन्दर्भमा उक्त कागज भएको हो । करारका आधारमा सिर्जित हकमा रिट जारी हुन सक्दैन । तथ्यको निरूपण तथा प्रमाणको मूल्याङ्कन रिट क्षेत्रबाट नहुने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको क्रिएटिभ नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड र ऐ.का अध्यक्ष धिरेन्द्रकुमार सिंहको यस अदालतमा पर्न आएको संयुक्त लिखित जवाफ ।

कानूनबमोजिम सम्पत्ति आर्जन गर्ने, भोग चलन गर्ने, बेचविखन गर्न पाउने कानूनी तथा संवैधानिक हक अधिकारअनुरूप क्रिएटिभ नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट ऐनबमोजिम भएको डाँक बढाबढमा सहभागी भई सबैभन्दा बढी रकममा उक्त जग्गा लिलाम सकार गरी आफ्नो नाममा दा. खा. दर्तासमेत गरी भोगी आएकोमा ऐन कानूनबमोजिम कानूनसम्मत रूपमा भएको मिति २०६४।११।१० को लिलामी तथा उक्त लिलामीका आधारमा मिति २०६७।०४।१३ को दा.खा. निर्णयको आधारमा मेरो नाउँमा दर्ता भएका उक्त जग्गाको लिलामीमा दर्ता बदरका लागि चुनौती दिने गरी दायर गरिएको प्रस्तुत रिट निवेदन गैरकानूनी हुँदा खारेजभागी छ । साथै, यसै विषयमा अदालतको साधारण अधिकारक्षेत्रअन्तर्गत मुद्दाहरू परी तहतहगत रूपमा फैसलासमेत भइसकेको अवस्थामा अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोग गरी दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको राजेशकुमार साहको तर्फबाट यस अदालतमा दर्ता हुन आएको लिखित जवाफ ।

यसमा श्री क्रियटिभ नेपाल सेभिङ लोन को-अपरेटिभ लिमिटेडको मिति २०६४।११।१० को लिलाम सकार मचुल्का र च.नं. ७ मिति २०६७।०४।१० को दा.खा. गरिदिने पत्र तथा सर्वोच्च अदालतको मुद्दा फिर्ता प्रमाणपत्रसमेतको आधारमा नै यस कार्यालयबाट दा. खा. हुन गएकोमा कानूनबमोजिम नै गरिएको हो । सम्मानित अदालतको आदेशबमोजिम

जग्गाहरू यथास्थितिमा नै रहने हुँदा विपक्षीको माग दाबीबाट इन्साफ गरी फुर्सद पाउँ भन्नेसमेत बेहोराको मालपोत कार्यालय बाराको तर्फबाट यस अदालतमा दर्ता हुन आएको लिखित जवाफ।

निवेदन दाबीका जग्गाहरू रिट निवेदकका नाम दर्ताका जग्गा नभई मेरो नाम दर्ताका जग्गाहरू हुन्। उक्त जग्गाहरू मालपोत कार्यालय बाराको मिति २०६७।०४।१३ को टिप्पणी आदेशबमोजिम मेरो नाममा दर्ता भएका हुन्। यसरी मेरो हक स्थापित भइसकेको समपत्तिमा रिट निवेदक र उक्त क्रिएटिभ सहकारीले अनधिकृत रूपमा मिति २०६७।०२।२६ मा कुनै प्रकारको सहमति सम्झौता गर्दैमा कानूनबमोजिम प्राप्त गरिसकेको मेरो सम्पत्तिसम्बन्धी हकलाई निष्क्रिय गर्न मिल्दैन। मेरो नाममा दर्ताको उक्त जग्गाहरू यथास्थितिमा राख्न भनी मिति २०६९।०१।२५ मा भएको अन्तरिम आदेश रद्द गरिपाउँ भन्नेसमेत बेहोराको राजेशकुमार साहको यस अदालतमा परेको निवेदन।

यसमा रिट निवेदन नै मिति २०६९।११।०३ मा पेसीमा चढिसकेको अवस्था मिसिलबाट देखिएको र निवेदकले माग गरेको विषयमा रिटको अन्तिम निरूपण हुँदा ठहरेबमोजिम हुने नै भएकोले अन्तरिम आदेशको खारेजीको सम्बन्धमा विचार गरी रहन परेन, नियमानुसार गर्नु भन्ने यस अदालतको मिति २०६९।०९।०२ को आदेश।

यसमा प्रस्तुत रिट निवेदनको लगाउको निवेदन नं. ०६८-RI-१४०६, ०६८-RI-१४०७ र ०६८-RI-१४०८ का मुद्दा दोहोर्‍याई पाउँ भन्ने निवेदनहरू साथै राखी नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७२।०७।१६ को आदेश।

यसमा मिति २०७४।०९।२४ मा भएको आदेशानुसार रिट निवेदक इसराइल मिया धुनियासमेतका नामका जग्गाहरू मिति २०६४।१०।१० मा लिलाम भएको सक्कल मिसिल प्राप्त भएको नदेखिँदा सो लिलाम तथा लिलामसम्बन्धी कारबाहीको मिसिल विपक्षीमध्येका क्रिएटिभ बचत तथा ऋण सहकारी संस्थाबाट र निवेदक इसाइल मिया धुनिया वादी र प्रतिवादी जोखन मिया धुनिया भई बारा जिल्ला अदालतमा चलेको दे.नं. २४६५ को अंश मुद्दाको सक्कल मिसिल बारा जिल्ला अदालतबाट १५ दिनभित्र झिकाई पुरानो मुद्दा हुँदा छिटो पेसी तोकी लगाउका मुद्दाहरूसमेत साथै राखी नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतको मिति २०७५।१२।२८ को आदेश।

आदेश खण्ड

नियमबमोजिम आजको दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनलगायत यसै निवेदनको लगाउका मुद्दाहरूको मिसिलसमेत अध्ययन गरी हेरियो। निवेदक तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री श्याम खरेल तथा श्री हरिहर दाहाल र विद्वान् अधिवक्ताहरू श्री मेघराज पोख्रेल तथा श्री ज्योति बानियाले, प्रत्यर्थी सहकारी संस्थाले निवेदकहरूको उल्लिखित जग्गाहरू निजहरूलाई सूचना नदिई लिलामी गरेको अवस्था छ। मिति २०६७।०२।२६ मा निवेदकहरू र प्रत्यर्थी सहकारी संस्थाका बिचमा उल्लिखित जग्गाहरू फुकुवा गर्ने विषयमा भएको सहमतिसमेत विपरीत धेरै अगाडिको मिति कायम गरी भएको लिलामी मुचुल्का र सो लिलामीको आधारमा भएको दा. खा. को कार्यबाट निवेदकहरूको संविधान तथा कानून प्रदत्त हक अधिकार हनन भएको हुँदा निवेदन दाबीबमोजिम उक्त लिलामी र दा. खा. निर्णय बदर गरी निवेदकहरूको जग्गा यथावत् निजहरूको नाउँमा गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

प्रत्यर्थी राजेशकुमार साहको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री बालकृष्ण न्यौपाने तथा विद्वान् अधिवक्ता श्री अरूण ज्ञवालीले नागरिकलाई सम्पत्ति आर्जन गर्ने हक संविधान र कानूनले नै प्रदान गरेको

छ । मेरो पक्षले सहकारी संस्थाबाट उल्लिखित कित्ता जग्गाहरू मिति २०६४।११।१० मा लिलाम बढाबढको प्रक्रिया हुँदा कानूनबमोजिम नै डाँक बढाबढमा सबैभन्दा उच्च मूल्यमा लिलाम सकार गरेका हुन् । सोहीबमोजिम मालपोत कार्यालय बारामा उक्त जग्गाहरू दा. खा. को लागि निवेदन दिई निजको नाउँमा दा. खा. हुने निर्णयसमेत भएको हुँदा मेरो पक्षको कुनै पनि कामकारबाहीबाट निवेदकको हकमा असर पुगेको छैन भन्नेसमेत बहस गर्नुभयो । प्रत्यर्थी सहकारी संस्थाको तर्फबाट विद्वान् अधिवक्ता श्री रामकृष्ण काफ्लेले, निवेदकहरूलाई बेरूजु रकमको बक्यौता बुझाउन पटक-पटक सूचना दिँदासमेत निजहरूले नबुझाएकाले सहकारी संस्थाले कानूनबमोजिमको सम्पूर्ण प्रक्रियाहरू पूरा गरी उल्लिखित जग्गाहरूको लिलाम कार्य सम्पन्न गरी लिलाम सकार गर्ने व्यक्ति राजेशकुमार साहको नाउँमा दा.खा. गर्न सिफारिससमेत गरेको हुँदा सहकारीबाट भए गरेका कामकारबाही वैधानिक तवरबाट सम्पन्न भएको छ, तसर्थ प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

उपर्युक्त बहससमेत सुनी निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश जारी हुनुपर्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, हामी निवेदकहरूका नाउँमा दर्ता रहेका तथ्य खण्डमा उल्लिखित कित्ताका जग्गाहरू प्रत्यर्थी सहकारी संस्थाले मिति २०६७।०२।२६ मा भएको करार सहमतिविपरीत मिति २०६४।११।१० मा लिलाम गरी सोही मितिमा प्रत्यर्थी राजेशकुमार साहले लिलाम सकार गरेको मुचुल्का तयार गरेको र प्रत्यर्थी मालपोत कार्यालयबाट सोहीबमोजिम उल्लिखित जग्गाहरू मिति २०६७।०४।१३ मा निज राजेशकुमार साहको नाउँमा दा.खा. हुने निर्णय गरेको कार्य संविधान तथा कानूनविपरीत हुनुका साथै प्राकृतिक न्यायको सिद्धान्त र सम्मानित सर्वोच्च अदालतबाट मिति २०६३।१२।०६ मा भएको आदेशविपरीत भएको हुँदा मिति २०६४।११।१० मा भएको लिलामीको निर्णय तथा सोसँग सम्बन्धित सम्पूर्ण निर्णय तथा कार्यहरू उत्प्रेषणको आदेशले बदर गरी उक्त जग्गाहरू हाम्रो नाउँमा यथावत् कायम गरिपाउँ भन्ने मुख्य रिट निवेदन दाबी रहेछ । निवेदकले संस्थाको अध्यक्ष भएर काम गर्दाको समयमा रकम हिनामिना गरेको कारण संस्थाले कानूनबमोजिम असुल गर्नुपर्ने बक्यौताको सम्बन्धमा निवेदकहरूलाई पटक-पटक सूचना दिँदासमेत निजहरूले बेवास्ता गरी बसेको कारण कानूनबमोजिम नै सुरक्षण राखिएको धितोको जग्गाहरू लिलाम बिक्री गरेर रकम असुल गरेको हो । कानूनबमोजिम रोक्का गरिएको सम्पत्ति कानूनी प्रक्रिया पूरा गरी लिलाम गरेको र अधिकतम रकम कबोली लिलाम सकार गरेका व्यक्तिकै नाममा सोहीबमोजिम मालपोत कार्यालयबाट दा.खा. को निर्णय भएको कार्यबाट निवेदकहरूको संवैधानिक तथा कानूनी हकमा कुनै किसिमको आघात नपुगेको हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्नेसमेत प्रत्यर्थीहरूको छुट्टाछुट्टै लिखित जवाफबाट देखियो ।

३. यसै विषयवस्तुमा यिनै निवेदकहरू र प्रत्यर्थीहरूबिचमा सुरू जिल्ला अदालत बारादेखि नै विभिन्न मुद्दाहरू चली तहतह हुँदै यस अदालतको साधारण अधिकारक्षेत्रअन्तर्गत दोहोऱ्याई पाउँ भन्ने निवेदन परेकोमा निस्सा प्रदान भई पुनरावेदनको रोहमा ०७२-CI-१२३३, ०७२-CI-१२३४ र ०७२-CR-१२५९ नं. का मुद्दाहरूसमेत यसै निवेदनको लगाउमा राखी निर्णयार्थ पेस भएको देखियो । अब प्रत्यर्थी सहकारी संस्थाबाट मिति २०६४।११।१० मा निवेदकहरूको नाउँमा दर्ता रहेका उल्लिखित कित्ता जग्गाहरू लिलाम गरेको कार्य र सोहीबमोजिम मिति २०६७।०२।१३ मा मालपोत कार्यालय बाराबाट राजेशकुमार साहको नाममा दा. खा. हुने गरी भएको

निर्णय र सोसँग सम्बन्धित अन्य कार्यहरू निवेदन मागबमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गर्नुपर्ने हो वा होइन भन्ने विषयवस्तुमा नै मुख्य विवेचना गर्नुपर्ने देखियो।

४. प्रस्तुत रिट निवेदनमा उल्लिखित कित्ता जग्गाहरू विपक्षी क्रियटिभ नेपाल बचत तथा ऋण सहकारी संस्थाले निवेदकहरूबाट आफ्नो रकम असुलउपर गर्न मिति २०६०।०५।१२ मा लिलाम गरेको विषयलाई लिएर उक्त लिलाम बदर गरी पाउन यस अदालतसमक्ष मिति २०६०।०५।२६ मा रिट नं. २९६८ मा उत्प्रेषणको निवेदन दिएको देखियो। उक्त लिलामीको काम कारबाही प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएकोले बदर गरी निवेदकहरूलाई सूचना दिई बुझी कानूनबमोजिम कारबाही गर्नु भनी यस अदालतबाट मिति २०६३।१२।०६ मा आदेश भएको भन्ने बेहोरा उक्त रिट निवेदनको मिसिलबाट देखियो।

५. मिसिल संलग्न रहेको यसै अदालतबाट रिट नं. २९६८ मा मिति २०६३।१२।०६ मा भएको आदेशलगायत रिट निवेदन तथा लिखित जवाफ बेहोरासमेतबाट रिट निवेदकहरू इसराइल मिया धुनिया र जोखम मिया धुनिया नसुदिन मिया धुनियाका छोराहरू भन्ने देखिन्छ। बहिरी धुनियायी र इसराइल मिया पति पत्नी नाताका व्यक्तिहरू भएको देखिन्छ। महमजान मिया निवेदकहरू इसराइल मिया र बहिरी धुनियायीका छोरा भएको भन्ने देखिन्छ। त्यसैगरी, निज महमजान मिया मंसुर विपक्षी क्रियटिभ नेपाल सेभिङ एण्ड लोन को-अपरेटिभ संस्थामा मिति २०५७।०३।१५ गतेदेखि मिति २०५८।११।१७ सम्म संस्थापक अध्यक्षको रूपमा कार्यरत रहेको भन्ने देखिन्छ। निज महमजानले मिति २०५८।११।१७ मा अध्यक्ष पदबाट राजीनामा दिएपश्चात् नयाँ अध्यक्षको रूपमा जावेद अहमद नियुक्त भएकोमा उक्त संस्थाको अडिटबाट महमजान मियाको कार्यकालमा सहकारी संस्थाको रकम हिनामिना भएको र उक्त हिनामिनाबापतको रकम बुझाउन निवेदन दाबीको सम्पत्ति सुरक्षणमा राखेको भन्ने देखिन्छ। निवेदकहरूले महमजान मिया मन्सुर मिति २०५५।०१।१० मा नै छुट्टी भिन्न भएको भन्ने जिकिर लिए तापनि उक्त जिकिर प्रमाणित हुन नसकेको हुँदा निजहरू एकासगोलकै अंशियार नै मान्नुपर्ने भन्ने देखिन्छ। यसरी निज निवेदकहरूको निवेदन जिकिर हेर्दा, प्रत्यर्थी सहकारी संस्थाको रकम बुझाउन पर्ने भन्ने बेहोरालाई स्वीकार गरेको तर सहकारी संस्थाबाट निजहरूलाई सूचना नदिई गैरकानूनी तवरबाट निजहरूको जग्गा लिलाम गरी दा. खा. भएको कारण निजहरूको हक अधिकारमा आघात पुग्न गएको भन्ने दाबी लिएको देखिन्छ। यस अवस्थामा सहकारी संस्थाबाट भएको उल्लिखित जग्गाहरूको लिलामको निर्णय तथा दा. खा. दर्ताको निर्णय कानूनबमोजिमको भए नभएकोतर्फ पनि विचार गर्नुपर्ने देखियो।

६. सोतर्फ विचार गर्दा, यस अदालतबाट रिट नं.२९६८, मिति २०६३।१२।०६ मा भएको आदेशपश्चात् विपक्षी क्रियटिभ नेपाल सेभिङ एण्ड लोन को-अपरेटिभ लि. ले मिति ०६४।०७।२२ मा यी निवेदकहरूलाई सहकारीको बेरूजु तिर्ने सम्बन्धमा, आ.व. ०५९/०६० को लेखा परीक्षण प्रतिवेदनअनुसार भू.पू.अध्यक्ष महमजान मिया मंसुरबाट रू.७,५६,९४२/- (सात लाख छपन्न हजार नौ सय बयालिस मात्र) को बेरूजु कायम भएको हुँदा संस्थाको सञ्चालक समितिको बैठक मिति २०६४।०७।१५ मा बसी सर्वसहमतिले पारित गरेको निर्णयबमोजिम दिनुपर्ने १०% क्षतिपूर्ति तथा ३% हर्जानासमेत रकम रू. ४,४२,८१०/- मात्र गरी जम्मा रू. ११,९९,७५२/- (एघार लाख उनान्नब्बे हजार सात सय बाउन्न मात्र) को असुलउपर गर्नुपर्ने भएको हुँदा सहकारी ऐन, २०४८ को दफा ३९ तथा ऐ. को नियमावली, २०४९ को नियम २५ अनुरूप सुरक्षाका लागि धितो राखिएको अचल सम्पत्ति लिलाम बिक्री गर्ने सिलसिलामा निवेदकहरूका नाममा रहेका उल्लिखित

जग्गाहरू लिलाम बिक्री हुन लागेकाले बेरूजु रकम तिर्न वा बुझाउन आउन भनी निवेदकहरूलाई पत्राचार गरी प्रथम पटक ३५ दिनको म्याद दिएको देखिन्छ । साथै, उक्त बेरूजु रकम बुझाउन आउने सम्बन्धमा विपक्षी सहकारी संस्थाले पुनः मिति ०६४।०९।०१ र मिति २०६४।११।०१ मा क्रमशः १५ दिन र ७ दिनको म्याद दिई निवेदकहरू बहिरी धुनियाइन, महमजान मिया मंसुर, इसराइल मिया धुनियालाई भिन्नाभिन्नै पत्राचार गरेको तथ्य लिलामसम्बन्धी मिसिलबाट देखिन्छ ।

७. अब यस अवस्थामा प्रत्यर्थी सहकारी संस्थाले संस्थाको बेरूजु रकम निवेदकको जायजेथा तथा सुरक्षणबाट असुलउपर गर्न पाउने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्नुपर्ने देखियो । सो सम्बन्धमा विचार गर्दा, प्रत्यर्थी सहकारी संस्था तत्काल प्रचलित सहकारी ऐन, २०४८ बमोजिम स्थापित अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था भएको हुँदा यसले सोही ऐन तथा सोअन्तर्गत बनेका नियमावली र विनियमहरू निर्धारित कार्यविधिबमोजिम कार्य सञ्चालन गर्नुपर्ने भन्ने देखिन्छ । सो सम्बन्धमा ***सहकारी ऐन, २०४८ को दफा ३९ ले "कुनै व्यक्तिले संस्था वा सङ्घबाट प्राप्त गरेको ऋण वा संस्था वा सङ्घलाई तिर्नु पर्ने बाँकी बक्यौता, संस्था वा सङ्घको हिनामिना गरेको सम्पत्तिको बिगो र सो रकमहरूमा लागेको ब्याजसमेत सस्था वा सङ्घले आफैँ वा संस्था वा सङ्घको सिफारिसमा रजिस्ट्रारले निजको जाय जेथाबाट तोकिएबमोजिमको कार्यविधि अपनाई लिलाम बिक्री गरी असुलउपर गर्न सक्ने छ"*** भन्ने कानूनी व्यवस्था गरेको देखियो । त्यसैगरी, ***सहकारी नियमावली, २०४९ को नियम २५ ले लिलाम बिक्री गर्ने कार्यविधिको सम्बन्धमा उपनियम १(क) "बाँकी बक्यौता तिर्नु बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्यादबाहेक पैंतिस दिनभित्र तिर्न बुझाउनु पर्ने रकम तिर्न बुझाउनु आउनु भनी...पुर्जी पठाउनुपर्छ । यसरी म्याद पूर्जी जारी गरिएकोमा उक्त म्यादभित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन नआएमा...निजको नाउँमा लिलाम बिक्री गर्ने सूचना प्रकाशित गर्नुपर्ने छ । (ग) धितो राखेको चल अचल सम्पत्तिको लिलाम बिक्रीको सूचना प्रकाशित गर्नुपर्दा धितोको विवरण, निजले बुझाउनु पर्ने साँवा, ब्याज र हर्जानाको रकमसमेत उल्लेख गरी सूचना प्रकाशित गरेको मितिले चल सम्पत्ति भए पन्ध्र दिनभित्र र अचल सम्पत्ति भए पैंतिस दिनभित्र लिलाम बिक्री गरी साँवा, ब्याज र हर्जानाको रकम असुलउपर गरिने बारेको सूचना स्थानीय गाउँ विकास समिति वा नगरपालिका र सार्वजनिक स्थानमा टाँस गरी स्थानीय वा राष्ट्रिय स्तरको कुनै एक पत्रपत्रिकामा प्रकाशित गर्नुपर्ने छ । उपनियम २ मा लिलाम बिक्री गर्दा जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र लिलाम बिक्री हुने ठाउँनजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय र स्थानीय गाउँ विकास समिति वा नगरपालिकाको प्रतिनिधिलाई साक्षी राखी मुचुल्का गराई लिलाम बिक्री गर्नुपर्ने छ"*** भन्नेसमेतका विभिन्न व्यवस्थाहरू गरेको देखिन्छ ।

८. विपक्षी सहकारी संस्थाबाट निवेदकहरूलाई बेरूजु रकम बुझाउने सम्बन्धमा पटक-पटक पत्राचार गरी जानकारी दिएको भन्ने तथ्य मिसिल संलग्न रहेका उल्लिखित मितिका पत्रहरूबाट देखिन्छ । मिति २०६४।११।०१ गते क्रियटिभ नेपाल सेभिङ एण्ड लोन को-अपरेटिभ लिमिटेड बाराका अध्यक्ष धिरेन्द्रकुमार सिंह र इसराइल मिया धुनियाबिच बेरूजु ९ दिनभित्र तिर्छु भनी जिल्ला प्रशासन कार्यालय बाराको कार्यालयमा मौखिक सहमति भएको भन्ने पनि जिल्ला प्रशासन कार्यालयको पत्रबाट देखिन्छ । तर निवेदकहरूले सहकारीको बेरूजु रकम बुझाउनेतर्फ चासो नदेखाई प्रत्यर्थी सहकारी संस्थाबाट भएको

पत्राचारलाई बेवास्ता गरी आफ्नो कानूनी दायित्व पूरा नगरी प्रत्यर्थी सहकारी संस्थाले मिति २०६४।१०।२४ मा उल्लिखित जग्गाहरू निजहरूलाई जानकारी नदिई विपक्षीहरूबाट डाँक बढाबढ लिलामी सूचना प्रकाशित भएकाले विपक्षीहरूको गैरकानूनी रोक्का फुकुवा गरिदिनु भनी परमादेशको आदेश तथा लिलामी प्रक्रिया नगर्नु नगराउनु भनी अन्तरिम आदेशको माग गरी तत्कालीन पुनरावेदन अदालत हेटौंडामा मिति २०६४।११।५ मा रिट निवेदन दर्ता गराएको देखिन्छ । उक्त निवेदनमा अन्तरिम आदेश जारी भएकोमा निवेदकले तारेख गुजारेकाले मिति २०६६।७।४ मा तामेलीमा राखिदिने भन्ने आदेश भएको देखिन्छ ।

९. साथै, २०६४।११।१० मा भएको लिलाम हेर्दा, विपक्षी क्रियटिभ नेपाल सेभिङ एण्ड लोन को-अपरेटिभ लि. ले आफ्नो रकम असुलउपर गर्नेतर्फ लिलाम प्रक्रियाको लागि मिति २०६४।१०।२४ मा पहिलो पटक सूचना प्रकाशन गरी मिति २०६४।११।०१ मा लिलामी हुने भनेकोमा सो लिलामी स्थगित गरेको भन्ने देखिन्छ । विपक्षी महमजान मिया मंसुरबाट लेखा परीक्षण प्रतिवेदनअनुसार पेस्की बेरूजु तथा टुटफुट सामानसमेत रकम असुलउपर गर्नुपर्ने भई पटक-पटक ताकेता गर्दा पनि बुझाउन नल्याएका कारण निवेदकहरूले उल्लिखित कित्ता जग्गाहरू मिति २०६४।११।१० मा लिलाम बढाबढ गरी असुलउपर गरिने भनी स्थानीय पत्रिकामार्फत मिति २०६४।११।०८ मा पुनः सूचना प्रकाशित गरेको पनि देखिन्छ । उक्त मिति २०६४।११।०८ मा प्रकाशित सूचनाबमोजिम नै मिति २०६४।११।१० गतेका दिन निवेदकहरूका नाउँमा दर्ता रहेका उल्लिखित कित्ता जग्गाहरूको जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नापी शाखा कार्यालय, बारा कलैयाका प्रतिनिधिहरूको रोहवरमा लिलाम बढाबढ हुँदा उक्त जग्गाहरू विपक्षी राजेशकुमार साहले रू. ९,२५,०००/- (नौ लाख पच्चिस हजार मात्र) मा सकार गरेको भन्ने बेहोरा लिलामसम्बन्धी कारबाही भएको सहकारी कार्यालयको रेकर्डबाट देखियो । साथै, मालपोत कार्यालय, बारा, कलैयाबाट प्राप्त रेकर्ड मिसिलबाट निज राजेशकुमार साहले उक्त मिति २०६४।११।१० मा गरेको लिलाम सकारबमोजिमको निवेदकहरूको नाउँमा दर्ता रहेका उल्लिखित कित्ता जग्गाहरू आफ्नो नाउँमा दा.खा. गरी जग्गाधनी प्रमाणपुर्जासमेत दिलाई पाउन मिति २०६७।०४।११ मा मालपोत कार्यालय बारामा निवेदन दिएकोमा मिति २०६७।०४।१३ मा निवेदन मागबमोजिम निवेदकको नाउँमा दा.खा. हुने भनी निर्णय भएको भन्ने देखियो ।

१०. यिनै निवेदकहरू बहिरी धुनियायीसमेतले प्रत्यर्थी क्रियटिभ नेपाल सेभिङ एण्ड लोन को-अपरेटिभ लि. ले मिति २०६४।१०।२४ मा निजहरूको उल्लिखित जग्गाहरू लिलाम गर्ने सम्बन्धमा प्रकाशित भएको सूचना र सोबमोजिम मिति २०६४।११।१० मा विपक्षी राजेशकुमार साहले सकार गरेको कार्यसमेत उत्प्रेषणको आदेशले बदर गरी पाउन माग गरी मिति २०६४।११।२९ (रिट नं. २०६४-WO-०८०२) यस अदालतमा रिट निवेदन दर्ता गरेको पनि देखियो । निज निवेदकहरूले उक्त रिट निवेदनमा लिएको दाबी प्रमाणित गर्न नसक्ने भएकाले तत्कालीन मुलुकी ऐन, अ. वं. ९२ बमोजिम रिट निवेदन फिर्ता गरी पाउन निवेदन दिई सनाखतसमेत गरेकोले यस अदालतबाट मागबमोजिम रिट निवेदन फिर्ता लिन अनुमति दिने गरी मिति २०६७।०२।२८ मा आदेश भएको देखियो । विवादित मिति २०६४।११।१० को लिलाम सम्बन्धमा यी निवेदकले यस अदालतबाट दाबी प्रमाणित गर्न सक्तिन भनी मिति २०६७।०२।२८ मा नै यही विषयलाई अन्त्य गरिसकेको देखिन्छ ।

११. तत्पश्चात् प्रस्तुत विवाद समाधान गर्ने भनी सहकारीका अध्यक्ष धिरेन्द्रकुमार सिंह र निवेदकहरूका बिचमा छलफल भई निवेदकहरूले जे

जति रकम बुझाउनुपर्ने भए तापनि रू. ४,२५,०००/- (चार लाख पच्चिस हजार मात्र) निवेदकले विपक्षी सहकारीलाई तिर्नु बुझाउनु पर्नेमा रू. १,१०,०००/- (एक लाख दश हजार मात्र) बुझाइसकेको रकम कट्टा गरी बाँकी रकम सहकारी संस्थाको अध्यक्षलाई बुझाउनु पर्ने र निवेदकहरूले सर्वोच्च अदालतमा दायर गरेको उत्प्रेषण र अवहेलना मुद्दा फिर्ता लिने भन्नेसमेत सहमति बेहोरा उल्लेख गरी मिति २०६७।०२।२६ मा कागज गरेको भन्ने देखिन्छ। उक्त करारनामामा भएको सहमतिबमोजिम निवेदकहरूले मिति २०६७।०२।२८ मा मुद्दा फिर्ता लिएको तर प्रत्यर्थी सहकारी संस्थाबाट भने सो सहमतिविपरीत उक्त जग्गाहरू राजेशकुमार साहको नाउँमा दा. खा. गर्न सिफारिस गरी मिति २०२६।०४।१३ मा निजको नाउँमा दा.खा. भएको हुँदा उक्त दा.खा. निर्णयसमेत गैरकानूनी रहेको भन्ने निवेदन जिकिर देखिन्छ।

१२. उक्त निवेदन जिकिरतर्फ विचार गर्दा, प्रत्यर्थी सहकारी संस्थाले मिति २०६४।११।१० मा कानूनबमोजिमको प्रक्रिया पूरा गरी गरेको लिलाम अर्का प्रत्यर्थी राजेशकुमार साहले उच्च मूल्यमा सकार गरी रकमसमेत बुझाइसकेको अवस्थामा उक्त लिलाम सकार गरेका उल्लिखित कित्ताहरूमा सोही सकार मितिबाट नै निजको हक सिर्जना भइसकेको मान्नुपर्ने देखियो। यसरी मिति २०६४।११।१० बाट नै निज राजेशकुमार साहको हक सिर्जना भइसकेको जग्गाहरूलाई निवेदकहरू र प्रत्यर्थी धिरेन्द्रकुमार सिंहले आपसी सहमति गरेर कानूनबमोजिम सिर्जित भइसकेको तेस्रो पक्षको हक मेट्ने गरी करारनामाको विषयवस्तु बनाउन कानूनतः मिल्ने पनि देखिएन। एकातर्फ, निज धिरेन्द्रकुमार सिंहले उक्त करारनामा प्रत्यर्थी सहकारी संस्थाको अख्तियारनामा लिई संस्थाको तर्फबाट आधिकारिक रूपमा गरेको भन्ने पनि देखिन आएन। अर्कोतर्फ, लिलाम भई तेस्रो पक्षले रकम बुझाई लिलाम सकार गरिसकेका व्यक्ति राजेशकुमार साहलाई उक्त सहमतिको लिखतमा सहभागी गराएको भन्ने पनि देखिएन। एकपटक कानूनबमोजिम सिर्जित भइसकेको हकलाई कानूनबमोजिम बाहेक कोही कसैले करार सहमति गरी बेहक गर्न सक्ने हुँदैन। यसरी आफूलाई अधिकार नै नभएको व्यक्तिहरूले तेस्रो व्यक्तिको कानूनबमोजिम स्थापित हकमा निजसमेतको स्वीकृतिबिना असर गर्ने गरी भएको करार तथा सहमतिले तेस्रो व्यक्तिको हकाधिकारमा बाधा पुऱ्याउनु कानूनतः मिल्ने देखिएन।

१३. त्यसैगरी, धेरै पहिलेको मिति २०६४।११।१० गतेको मिति कायम गरी पहिले नै लिलाम मुचुल्का भएको र सोहीबमोजिम गरी पाउने राजेशकुमार साहले मिति २०६७।०४।११ मा विपक्षी मालपोत कार्यालयमा निवेदन दिई र मिति २०६७।०४।१३ गते नै मालपोत कार्यालय बाराबाट आफ्नो नाउँमा उक्त जग्गाहरू दा. खा. भएको कार्यमाथि निवेदकहरूले प्रश्न उठाएको देखिन्छ। सोतर्फ विचार गर्दा, **साबिक मुलुकी ऐन, २०२० को जग्गा पजनीको मलहको २ नं. ले आफ्नो हक हुन आई दाखिल खारिज गर्नुपर्नेमा ३५ दिनभित्र दाखिल खारिज गराई आफ्ना नाउँमा दर्ता गराउनुपर्छ भन्ने व्यवस्था गरेको छ। सोही महलको २क. नं. मा "आफ्नो हक हुन आई दाखिल खारिज गर्नुपर्ने भएको...३५ दिनभित्र दाखिल दर्ता नगराई म्याद गुजारी बसेकोमा पछि दाखिल दर्ता गराउन दरखास्त दिएमा जतिसुकै अवधि व्यतीत भए पनि नामसारी दाखिल खारेज गरिदिनुपर्छ"** भन्ने व्यवस्था गरेको देखिन्छ। प्रस्तुत कानूनी व्यवस्थाको आधारमा समेत निज राजेशकुमार साहले उल्लिखित जग्गाहरूको लिलाम सकार गरी रकमसमेत बुझाई निजको हक कायम भइसकेको देखिँदा निजले मिति २०६७।४।११ मा दा. खा. को निवेदन दिई मिति २०६७।४।१३ मा निजको नाउँमा दा. खा. हुने गरी भएको मालपोत कार्यालय, बाराको निर्णयलाई अन्यथा भन्न मिल्ने देखिन आएन।

१४. वस्तुतः कानूनबमोजिम संस्थापित सहकारी संस्थाको अध्यक्षले आफ्नो कार्यकालमा संस्थाको रकम हिनामिना गरी संस्थालाई हानि पुऱ्याएको अवस्थामा संस्थाले उक्त हिनामिना गरेको रकम बक्यौता बुझाउन पटक-पटक पत्राचार गरेकोमा सोलाई बेवास्ता गरी आफ्नो दायित्व पूरा गर्नेतर्फ तत्परता देखाएको देखिँदैन । तत्पश्चात् ऐन र कानून निर्धारित प्रक्रियाहरू पूरा गरी सुरक्षणमा राखिएका जग्गाहरूको लिलामीको सार्वजनिक सूचना प्रकाशित गरी सूचनामा प्रकाशित मितिमा लिलाम बढाबढको प्रक्रिया पूरा गरी उक्त जग्गाहरू लिलाम भएको भन्ने देखिन्छ । अधिकतम मूल्यमा लिलाम सकार गरेका व्यक्तिले सकार गरेबमोजिम सहकारीमा रकम बुझाई निजले सो जग्गा प्राप्त गरिसकेको देखिन्छ । निवेदकहरूले लिलामीको सूचना र निर्णय बदर गरी पाउन एक पटक दिएको रिट निवेदन पनि प्रमाणित गर्न सक्दिन भनी अदालतमा कारबाही भइरहेको निवेदन पनि फिर्ता लिएको अवस्था देखिन्छ । यसरी कानूनबमोजिम भएको लिलाम सकार गरी तेस्रो पक्षको हक कायम भइसकेको उक्त विवादित जग्गाहरूको विषयमा हक कायम भइसकेका व्यक्तिलाई नै सहभागी नगराई निवेदक र प्रत्यर्थी संस्थाका व्यक्तिबिच तेस्रो पक्षको हकमा असर गर्ने गरी भएको सहमतिको बेहोरालाई आधार बनाई पुनः सोही विषयमा यिनै निवेदकहरू यस अदालतमा प्रवेश गरेको देखिँदा निवेदकहरू सफाहात लिएर प्रस्तुत निवेदन गरेको देखिन आएन ।

१५. अतः माथिका प्रकरणहरूमा वर्णित तथ्य तथा कानूनी व्यवस्थाहरूको आधार कारणबाट प्रत्यर्थी क्रियटिभ नेपाल सेभिङ एण्ड लोन को-अपरेटिभ लि.बाट मिति २०६४।११।१० मा भएको लिलामी र सोबमोजिम मालपोत कार्यालय बाराबाट मिति २०६७।०४।१३ मा भएको दा.खा. निर्णय कानूनबमोजिम नै भएको देखिँदा उत्प्रेषणको आदेशले बदर गरी पाउन परेको प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । मिति २०६९।०१।२५ मा निवेदन दाबीको सम्बन्धमा जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने ठहर्छ । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरू तथा रेकर्ड मिसिल तत् तत् अदालत तथा निकायमा पठाई यस अदालतको मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.कुमार रेग्मी

इजलास अधिकृतः- हेमा पाण्डे
इति संवत् २०७६ साल फाल्गुन २९ गते रोज ५ शुभम् ।

## निर्णय नं. १०५२२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
फैसला मिति : २०७७।२।१८
०७५-CR-०१२९

मुद्दा : सवारी ज्यान

पुनरावेदक / वादी : गुणराज निरौलाको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : भारत, सिवान जिल्ला, महादेव ब्लक नं. ६ घर भएका WB 47 AF 9448 नं. को गाडीका चालक मनोजकुमार साह

- **मृतकसँग प्रतिवादीको पूर्वचिनजान रिसइवी नहुनु नै लापरवाही नहुने भन्ने होइन, सवारी चलाउँदा चालकले गाडी कत्तिको होसियारीपूर्वक चलाएको थियो र निजले चलाएको सवारी साधन निजको नियन्त्रणमा थियो थिएन भन्ने कुरा लापरवाहीको लागि महत्त्वपूर्ण विषय हुने।**

(प्रकरण नं.७)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री संजिवकुमार रेग्मी

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९

सुरू तहमा फैसला गर्ने :

मा.जि.न्या.श्री गोपालप्रसाद बास्तोला

सर्लाही जिल्ला अदालत

उच्च तहमा फैसला गर्ने :

मा.न्या.श्री सत्यमोहन जोशी थारू

मा.न्या.श्री हरिप्रताप के.सी.

उच्च अदालत जनकपुर

फैसला

**न्या.बमकुमार श्रेष्ठ :** न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ग) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य खण्ड

जिल्ला सर्लाही, लालबन्दी नगरपालिका वडा नं.७ स्थित पूर्व-पश्चिम लोकमार्ग सडक खण्ड, उत्तरमा खाली जग्गा, दक्षिणमा खाली जग्गा यति चार किलाभित्र पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको WB 47 AF 9448 नं. को भारतीय स्कारपियो गाडीले विपरीत दिशातर्फबाट आइरहेको ना.३६ प ५२६७ नं. को मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार गर्ने चालक जिल्ला सर्लाही, जानकीनगर गा.वि.स.वडा नं.२ बस्ने वर्ष ३० को नारायणप्रसाद निरौला, पछाडि सवार गर्ने निजको श्रीमती वर्ष २७ की उर्मिला निरौला र निजकै छोरी वर्ष डेढकी श्रीतृक निरौलासमेत घाइते भई तत्काल उपचारको लागि स्थानीय मोडल अस्पताल लालबन्दी सर्लाहीमा लगिएको, उक्त सडकको चौडाई २९ फिट रहेकोमा सडकको २ मिटर उत्तर छेउमा उल्लिखित नं. को मो.सा.को अगाडिको भाग कुच्ची पल्टिएको अवस्थामा रहेको, उक्त मो.सा.देखि १७ मिटर उत्तरपट्टि उल्लिखित नं. को भारतीय स्कारपियो गाडी दक्षिण मोहडा भई रोकिएको अवस्थामा रहेको घटनास्थल चार किलासहितको विवरण ठीक रहेको भन्ने बेहोराको घटनास्थल मुचुल्का।

जिल्ला सर्लाही, हरिवन नगरपालिका वडा नं.११ स्थित नमुना अस्पतालको प्राङ्गणमा रहेको स्ट्रेचरमा रहेको मृतक लासको नाकमा चोट लागेको र रगतजस्तो रातो पदार्थ लत्पतिएको, दुवै खुट्टामा चोट लागी बेन्डेज बाँधिएको अवस्थामा रहेको, दुवै खुट्टासमेतमा घाउचोट रहेको भन्ने बेहोराको नारायणप्रसाद निरौलाको लास जाँच मुचुल्का।

मिति २०७२।११।२९ गते बिहान मेरो छोरा वर्ष ३० को नारायणप्रसाद निरौला, बुहारी वर्ष २७ की उर्मिला निरौला र १८ महिनाको नातिनीसमेत ना.३६ प ५२६६ नं. को मो.सा.मा लालबन्दीतर्फ पूर्व-पश्चिम लोकमार्ग हुँदै आफ्नै साइडमा गइरहेको अवस्थामा बिहान १०:४० बजेको समयमा जिल्ला सर्लाही, लालबन्दी नगरपालिका वडा नं. ७ स्थित लोकमार्गको सडक खण्डमा मनोजकुमार साहले आफ्नो साइड छाडी उत्तरतर्फको साइड चापी तीव्र गतिमा पूर्वतर्फबाट पश्चिमतर्फ लापरवाहीपूर्वक चलाई आएको WB 47

AF 9448 नं. को भारतीय स्कारपियो चारचक्के गाडीले जानी-जानी ब्रेक नलगाई छोराले चलाई आएको मो.सा. लाई ठक्कर दिई उछिट्याई दुर्घटना गराउँदा निज छोरा, बुहारी तथा नातिनी मरणासन्न अवस्थामा पुऱ्याएको स्थानीय मानिसहरूबाट स्थानीय अस्पतालमा पठाउँदा प्राथमिक उपचार गरी थप उपचारको लागि रेफर गरिदिँदा नमुना अस्पताल हरिवनमा लगी उपचार हुँदाहुँदै छोराको सोही दिन ११ बजेको समयमा मृत्यु भएको र बुहारी तथा नातिनीलाई थप उपचारको लागि भरतपूरतर्फ लैजाँदै गरेकोमा बाटैमा निज बुहारी सकासक भई चुरेहिल अस्पताल मकवानपुरमा लगी उपचार गराउँदा गराउँदै सोही दिन बुहारीको मृत्यु भएको र नातिनीलाई भरतपुर लगी उपचार गराई रहेको छु । चालकलाई कानूनबमोजिम कारबाही गरी किरिया खर्च तथा क्षतिपूर्ति उपचार खर्च तथा मोटरसाइकलको क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको गुणराज निरौलाको जाहेरी दरखास्त ।

WB 47 AF 9448 नं. को भारतीय स्कारपियो गाडीको मेकानिकल परीक्षण गर्दा दुवैतर्फको हेडलाइट फुटेको, बम्फर गार्ड र बोनट कुच्चिएको र अगाडिको सिसा फुटेको, बायाँतर्फको अगाडिको टायर पन्चर भएको, स्टेरिङ नकाटिने, अगाडिको बम्फर नभएको, हर्न नबज्ने र एस्लेटर, क्लज, गेयरलगायतको अन्य पार्टपुर्जाहरू ठीक दुरूस्त रहेको भन्नेसमेत बेहोराको मेकानिकल जाँच प्रतिवेदन ।

मिति २०७२।११।२९ गते १०:४० बजेको समयमा जिल्ला सर्लाही, लालबन्दी नगरपालिका वडा नं.७ स्थित पूर्व-पश्चिम लोकमार्गमा पूर्वबाट पश्चिमतर्फ आइरहेको WB 47 AF 9448 नं. को भारतीय स्कारपियो गाडीले विपरीत दिशातर्फबाट गइरहेको नारायणप्रसाद निरौलाले चलाई आएको ना.३६ प ५२६६ नं. को मो.सा.मा ठक्कर दिँदा चालक नारायणप्रसाद निरौला, निजको श्रीमती उर्मिला निरौलासमेतको मृत्यु भएको र निजको छोरी डेढ वर्षकी श्रीतृका निरौला घाइते भएको भन्ने बेहोराको ट्राफिक दुर्घटना प्रतिवेदन ।

WB 47 AF 9448 नं. को भारतीय स्कारपियो गाडी मेरो नाउँमा दर्ता रहेको र म आफैँ चलाउँदै आएको थिएँ । नेपालको पोखराको फेवाताल घुम्न हेर्न विचार गरी मिति २०७२।११।२८ गते नेपालको वीरगन्ज आई मिति २०७२।११।२८ गते सिराहा गई सो रात त्यहीँ बसी भोलिपल्ट मिति २०७२।११।२९ गते बिहान ७:३० बजेको समयमा त्यहाँबाट वीरगन्जतर्फ फर्किने क्रममा जिल्ला सर्लाही, लालबन्दी नगरपालिका वडा नं. ७ स्थित पूर्व-पश्चिम लोकमार्ग सडक खण्डमा बिहान १०:४० बजेको समयमा म आफ्नै साइडमा WB 74 AF 9448 नं. को स्कारपियो गाडी चलाई आइरहेको अवस्थामा अचानक खाँसी लाग्यो त्यसबेला मैले आँखा चिम्ली जोरजोरले खोक्दा मैले सडकमा अन्य सवारी साधनहरू केही पनि देखिनँ, साथै मैले आफूले चलाई रहेको उक्त गाडीसमेत के कुन अवस्थामा कता चलाई रहेको छु भन्नेसमेत तत्काल सोच्न देख्नसमेत नपाइरहेकै अवस्थामा मैले सो बखत चलाई रहेको गाडी आफ्नो साइडबाट विपरीत साइडमा पुगी विपरीत दिशाबाट आइरहेको ना.३६ प ५२६७ नं. को मोटरसाइकललाई अचानक ठक्कर दिएको हो । मो.सा.मा ठक्कर दिएपश्चात् मो.सा.मा सवार एक जना महिला, एक पुरूष र सानो नानी सडकबाट उछिट्टिएर रगताम्य अवस्थामा घाइते भई लडिरहेको मैले देखेको हुँ । उक्त दुर्घटना हुनासाथ स्थानीय मानिसहरूले निज घाइतेहरूलाई उपचारको लागि लगेको देखेको हुँ । प्रहरी आई मलाई घटनास्थलबाट पक्राउ गरी ल्याएको हो । उपचारको क्रममा मो.सा. चालक नारायणप्रसाद निरौलाको हरिवन स्थित नमुना अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु भएको र निजकै श्रीमती उर्मिला निरौलाको सोही दिन थप उपचारको लागि चितवनतर्फ लैजाने क्रममा

मकवानपुरस्थित चुरेहिल अस्पतालमा लगी उपचार गराउँदा सोही दिन १५ बजेको समयमा मृत्यु भएको सुनी थाहा पाएको हुँ। मसँग भारतबाट लिएको सवारी चालक अनुमतिपत्र छ भन्नेसमेत बेहोराको प्रतिवादी मनोजकुमार साहले गरेको बयान कागज।

रोड ट्राफिक एक्सिडेन्टबाट टाउकोमा चोट लागी नारायणप्रसाद निरौलाको मृत्यु भएको भन्ने बेहोराको शव परीक्षण प्रतिवेदन।

मृतकहरूको नजिकको हकदार निजको बुबा गुणराज निरौलाले सवारी पक्षबाट क्रिया खर्चबापत २ जनाको रू.२५,०००।- हजारका दरले नगदै रू. ५०,०००।- बुझेको भरपाई कागज।

Swelling and abrarion in left leg, RT frontal bone fracture with small undelyry contusion भन्ने र घाइतेको अवस्थामा Stable at present, At moment not fatal भन्नेसमेत बेहोराको घाइते श्रीतृका भन्ने मिरा निरौलाको घाउ जाँच केस फाराम।

मिति २०७२।११।२९ गते घटनास्थलदेखि २० मिटर पर आफ्नो घरमा थिएँ। पूर्व-पश्चिम लोकमार्ग सडक खण्डमा कुनै चिजवस्तु एकआपसमा ठोक्किएको ठुलो आवाज सुनी हेर्दा, पूर्वबाट पश्चिमतर्फ गइरहेको WB 47 AF 9448 नं. भारतीय स्कारपियो गाडीले पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको ना.३६ प ५२६७ नं. को मोटरसाइकलमा विपरीत दिशामा गई ठक्कर दिई दुर्घटना गराउँदा मोटरसाइकल चालक नारायणप्रसाद निरौला र सोही मोटरसाइकलमा सवार उर्मिला भन्ने मिना भट्टराई र डेढ वर्षकी श्रीतृका भन्ने मिरा निरौलासमेत सख्त घाइते रोडमा छटपटाई रहेको देखी मसमेत तत्कालै घटनास्थलमा गई घाइतेहरूलाई उपचारको लागि पठाई हेर्दा मोटरसाइकल क्षतिग्रस्त अवस्थामा थियो। सोही दिन ११ बजे नमुना अस्पताल हरिवनमा नारायणप्रसाद निरौलाको उपचारको क्रममा मृत्यु भएको र थप उपचारको लागि भरतपुरतर्फ उर्मिला भन्ने मिना भट्टराईसमेतलाई लगिरहेको अवस्थामा बाटैमा बिरामी सिरियस भएकोले चुरेहिल अस्पताल मकवानपुरमा लगी उपचार गराउँदा उर्मिला भन्ने मिना भट्टराईको मृत्यु भएको र डेढ वर्षकी श्रीतृका भन्ने मिरा निरौला उपचारकै क्रममा रहेकोले भारतीय नं. को गाडी चालक मनोजकुमार साहलाई कानूनबमोजिम कारबाही होस् भन्नेसमेत बेहोराको पुरूषोत्तम बरालले गरिदिएको कागज।

मिति २०७२।११।२९ गते घटनास्थलदेखि ५० मिटरको दुरीमा आफ्नो घरमा बसी लोकमार्गतर्फ हेरिरहेको थिएँ। सोही दिन अं.१०:४० बजेको समयमा पूर्व-पश्चिम लोकमार्ग सडक खण्डमा कुनै चिजवस्तु एक आपसमा ठोकिएको ठुलो आवाज आएको सुनी हेर्दा पूर्वबाट पश्चिमतर्फ गइरहेको WB 47 AF 9448 नं. को भारतीय गाडी अनियन्त्रित भई पश्चिमबाट पूर्वतर्फ गइरहेको ना.३६ प ५२६७ नं. को मोटरसाइकलमा सवार उर्मिला भन्ने मिना भट्टराई र डेढ वर्षको श्रीतृका भन्ने मिरा निरौला सख्त घाइते भएको देखी मसमेत घटनास्थलमा गई घाइतेहरूलाई उपचारको लागि पठाइएको, सोही दिन ११ बजे नमुना अस्पताल हरिवनमा नारायणप्रसाद निरौलाको उपचारकै क्रममा र उर्मिला भन्ने मिना भट्टराईलाई चुरेहिल अस्पताल मकवानपुरमा लगी उपचार गराउँदा सोही दिन १५ बजेको समयमा निजको मृत्यु भएको र डेढ वर्षकी श्रीतृका भन्ने मिरा निरौला उपचारकै क्रममा रहेको भारतीय नं. को गाडी चालक मनोजकुमार साहलाई कानूनबमोजिम कारबाही होस् भन्नेसमेत बेहोराको लिलामणी पोख्रेलले गरेको कागज।

जिल्ला मकवानपुर, हेटौंडा उपमहानगरपालिका वडा नं.११ स्थित चुरेहिल अस्पताल भवनको पछाडिपट्टि रहेको लास घरभन्दा बाहिर रहेको मृतक लासको बायाँ हत्केलामाथिको भाग घिस्रिएको घाउ, बायाँ घुँडामा घाउ भई तिनवटा टाँका लगाइएको, बायाँ खुट्टाको कान्छी माइली र बुढी

औंलामा घस्रिएको घाउ, बायाँ तिघ्रामा घाउ, दाहिने खुट्टाको गोलीगाँठामा घाउ, बायाँ कोखमा चार इन्च चौडाई ८ इन्च लम्बाईको घिस्रिएको घाउ रहेको भन्ने बेहोराको उर्मिला निरौलाको लास जाँच मुचुल्का।

म जाहेरवालाको भान्जीज्वाइँ नारायणप्रसाद निरौला, भान्जी उर्मिला निरौला र नातिनी मिरा निरौला ना.३६ प ५२६७ नं. को मोटरसाइकलमा लालबन्दीतर्फ जाँदै गरेको अवस्थामा मिति २०७२।११।२९ गते बिहान १०:४० बजेको समयमा जिल्ला सर्लाही, लालबन्दी नगरपालिका वडा नं.७ स्थित जनज्योति क्याम्पसअगाडि सडक खण्डमा पूर्वबाट पश्चिमतर्फ गइरहेको WB 47 AF 9448 नं. को भारतीय गाडीको चालकले लापरवाहीपूर्वक सवारी हाँकी ल्याई मोटरसाइकलमा ठक्कर दिई दुर्घटना गराउँदा तिनै जना सख्त घाइते भएकोमा तत्कालै नमुना अस्पताल हरिवनमा लाने क्रममा नारायणप्रसाद निरौलाको मृत्यु भएको र थप उपचारको लागि उर्मिला निरौलालाई चुरेहिल अस्पताल मकवानपुरमा लगी उपचार गराउँदा दिनको ३ तिर निजको मृत्यु भएको हुँदा कानूनबमोजिम गरी लास जिम्मा पाउँ भन्नेसमेत बेहोराको विक्रमबहादुर थापाको जाहेरी दरखास्त।

Blunt traum to anterior aspect of chest भन्ने बेहोराको उर्मिला निरौलाको शव परीक्षण प्रतिवेदन।

घाइते श्रीतृका भन्ने मिरा निरौलालाई लागेको सम्पूर्ण उपचार खर्च रू.८१,४९०।- सवारीधनीका प्रतिनिधिमार्फत बुझिलिएको छु । दुर्घटना भएको ना.३६ प ५२६७ नं. को मोटरसाइकल मर्मतपश्चात् बुझी लिई उपचार खर्च क्षतिपूर्ति र मोटरसाइकल मर्मत खर्च सम्बन्धमा मेरो कुनै माग दाबी नरहेको भन्नेसमेत बेहोराको जाहेरवाला गुणराज निरौलाले गरेको भरपाई कागज।

वारदात मिति समयमा हामी आ-आफ्नो घरमा थियौं । मिति २०७२।११।२९ गते बिहान १०:४० बजेको समयमा जिल्ला सर्लाही, लालबन्दी नगरपालिका वडा नं.७ स्थित पूर्व पश्चिम लोकमार्ग सडक खण्डमा नारायणप्रसाद निरौलाले ना.३६ प ५२६७ नं. मोटरसाइकल चलाई सोही मोटरसाइकलमा आफ्नो श्रीमती उर्मिला भन्ने मिना भट्टराई र छोरी डेढ वर्षकी श्रीतृका भन्ने मिरा निरौलालाई राखी पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको र विपरीत दिशाबाट प्रतिवादी मनोजकुमार साहले चलाई आएको WB 47 AF 9448 नं. भारतीय स्कारपियो गाडी आफ्नो साइड छाडी मोटरसाइकल आइरहेको साइडमा गई ठक्कर दिँदा मोटरसाइकल चालक नारायणप्रसाद निरौला र सोही मोटरसाइकलमा सवार उर्मिला भन्ने मिना भट्टराई र डेढ वर्षको श्रीतृका भन्ने मिरा निरौला सख्त घाइते भई मसमेत घटनास्थलमा गई घाइतेहरूलाई उपचारको लागि पठाइएकोमा सोही दिन ११ बजे नमुना अस्पताल हरिवनमा नारायणप्रसाद निरौलाको मृत्यु भएको र थप उपचारको लागि भरतपुरतर्फ उर्मिला भन्ने मिना भट्टराईको चुरेहिल अस्पताल मकवानपुरमा मृत्यु भएको र डेढ वर्षकी श्रीतृका भन्ने मिरा निरौला उपचार गराई डिस्चार्ज भई घरमा आएको हो । मृतकहरूको नजिकको हकदार जाहेरवालाले क्रिया खर्च तथा क्षतिपूर्तिबापतको रकमसमेत सवारी पक्षबाट पाइसकेको हुँदा कानूनबमोजिम होस् भन्ने बेहोराको विनोदकुमार चालिसे, कुन्जमणी भट्टराई, भावना थापासमेतले गरिदिएको घटना विवरण कागज।

मृतकहरूको नजिकको हकदार निजको बुबा गुणराज निरौलाले सवारी पक्षबाट क्षतिपूर्तिबापतको रकम २ जनाको रू.५,००,०००।- को दरले जम्मा नगदै रू.१०,००,०००।- बुझेको भरपाई कागज।

जाहेरवालाहरूको जाहेरी दरखास्त, मौकाको रेखाचित्रसहितको घटनास्थल प्रकृति मुचुल्का, प्रहरी प्रतिवेदन, मृतकहरूको लास जाँच मुचुल्का, जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट प्राप्त सडक दुर्घटना प्रतिवेदनमा उल्लिखित त्रुटिहरूमा ओभरस्पिड,

चालकको गल्ती अति छिटो र सवारीको गतिविधिमा उछिन्ने कार्य भन्नेसमेत बेहोराहरू, प्रतिवादीले गरेको साबिती बयान कागज, मृतकहरूको पोष्टमार्टम रिपोर्ट, बुझिएका मानिसहरू पुरूषोत्तम बराल, लिलामणी पोखरेल, कुन्जमणी भट्टराई, विनोदकुमार चालिसे, भावना थापाले गरिदिएको घटना विवरण कागज बेहोराहरूसमेतका कागज आधार प्रमाणहरूबाट मिति २०७२।११।२९ गते अं. १०:४० बजेको समयमा जिल्ला सर्लाही, लालबन्दी नगरपालिका वडा नं.७ स्थित जनज्योति बहुमुखी क्याम्पस अगाडि प्रतिवादीले दुर्घटनास्थल बजार क्षेत्रमा अनियन्त्रित तवरले तीव्र गतिमा लापरवाहीपूर्वक WB 47 AF 9448 नं. को स्कारपियो गाडी चलाई विपरीत दिशामा गई आफ्नै साइडमा चलिरहेको मोटरसाइकललाई ठक्कर दिई दुर्घटना गराएको कारण लागेको घाउ चोट पीडाले मोटरसाइकल चालक नारायणप्रसाद निरौला र उक्त मोटरसाइलकमा सवार उर्मिला निरौलाको मृत्यु भएको पुष्टि हुन आएकोले प्रतिवादी मनोजकुमार साहलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १३५, १४७ र दफा १६१(२) नं. अन्तर्गत कसुरजन्य अपराधमा सोही ऐनको दफा १६१(२) नं. बमोजिम सजाय गरिपाउँ भन्ने माग दाबीसहितको अभियोग पत्र।

मिति २०७२।१२।२९ गते वीरगन्जतर्फ साथी, म र अन्य २ गरी ४ जना फर्किरहेको अवस्थामा लालबन्दी ७ मा आई पुग्दा मलाई एक्कासी खाँसी (हाछ्युँ) आएकोले मेरो आँखा बन्द भई टाउको स्टेरिङमा ठोक्किन पुग्यो । सो समयमा मैले गाडी रोक्न खोज्दा गाडी विपरीत दिशामा पुगिसकेको थियो त्यति नै खेर उक्त मोटरसाइकल मेरो गाडीमा ठक्कर खान गयो र मैले गाडी स्लो गर्दै रोकेको हुँ । मेरो गाडी विपरीत दिशातर्फ गई ठक्कर लागेको हो । मैले जानाजानी दुर्घटना गराएको होइन र मलाई दुर्घटना गराउनु पर्ने कुनै कारण छैन । मैले मृतक, घाइते र मोटरसाइकलसमेतको क्षतिपूर्तिबापतको सम्पूर्ण रकम दिइसकेको छु भन्नेसमेत बेहोराको प्रतिवादी मनोजकुमार साहले अदालतमा गरेको बयान।

तत्काल प्राप्त प्रमाणका आधारमा अ.वं.११८ को देहाय २ र ३ को परिधिभित्रको देखिन आई प्रतिवादी मनोजकुमार साहलाई मुद्दा पुर्पक्षका लागि थुनामा राख्न कारागार कार्यालयमा पठाईदिनू। प्रतिवादी चुक्ता भइसकेको अवस्था हुँदा जाहेरवाला, मौकामा कागज गर्ने व्यक्तिहरूलाई बकपत्रका लागि जि.स.व.का.मार्फत उपस्थित गराउन प्रहरी कार्यालयमा लेखी सोही मिलान मितिमा प्रतिवादीका साक्षी बकपत्रका लागि तोक्नु भन्ने सुरू अदालतको मिति २०७२।१२।२५ को आदेश।

गाडी ५०/६० को स्पिडमा थियो, चालकको लापरवाहीबाट उक्त दुर्घटना भएको छैन, दुर्घटना अचानक भएको हो भन्नेसमेत बेहोराको घटना विवरणका साक्षी कुन्जमणी भट्टराईले गरेको बकपत्र।

मोटरसाइकल पश्चिमबाट पूर्वतर्फ जीप पूर्वबाट पश्चिमतर्फ गई रहेकोले ट्र्याक्टरलाई छल्न खोज्दा उक्त दुर्घटना भएको हुन सक्छ भन्नेसमेत बेहोराको घटना विवरणका साक्षी विनोदकुमार चालिसेले गरेको बकपत्र।

घटना अचानक भएको हो, दुर्घटना ड्राइभरको लापरवाहीबाट भएको हो भनी मेरो छोरा बुहारी मरेको हुँदा सोही आक्रोश (रिस) थाम्न नसकी त्यसरी लेखाएको हुँ। ड्राइभरले जानी जानी दुर्घटना गराएको होइन, क्षतिपूर्ति पनि मैले पाइसकेको छु भन्नेसमेत बेहोराको जाहेरवाला गुणराज निरौलाले गरेको बकपत्र।

यी प्रतिवादीले कुनै लापरवाही गरेको छैन, घटना अचानक भएको हो भन्नेसमेत बेहोराको प्रतिवादीको साक्षी सूर्यप्रसाद कानुले गरेको बकपत्र।

मृतकका परिवारले क्षतिपूर्ति पाएका छन्, अभियोग दाबी झुट्टा हो, निज चालकले अभियोग दाबीबाट फुर्सद पाउनु पर्दछ भन्नेसमेत बेहोराको प्रतिवादीको साक्षी सन्देश साहले गरेको बकपत्र।

गाडीको ब्रेक कल्ज दुरूस्त रहेको अवस्थामा ब्यस्त बजार एरियामा तीव्र गतिमा सवारी चलाई आफ्नो साइड छोडी अर्को साइडतर्फ गाडी पुऱ्याई लापरवाहीपूर्ण तवरले गाडी चलाएकै कारणबाट ठक्कर लागी मृतकको ज्यान गएको देखिन आएकोले यी प्रतिवादीले दाबीको कसुर गरेको ठहर्छ। सो ठहर्नाले प्रतिवादी मनोजकुमार साहलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम ४ (चार) वर्ष कैदको सजाय हुने ठहर्छ भन्नेसमेत बेहोराको सुरू सर्लाही जिल्ला अदालतबाट मिति २०७३।३।२८ मा भएको फैसला।

घटना वारदात ब्यस्त बजारमा भएको होइन। वारदात भनिएको दिन शनिबार सार्वजनिक बिदा परेको र जनज्योति विद्यालयअगाडि विद्यार्थीसमेत उक्त दिन नभएको अवस्था एकातिर छ भने पूर्व-पश्चिम लोकमार्गमा ५०/५५ कि.मि. गतिमा आफ्नो साइडबाट गाडी चलाएको अवस्थामा अचानक खाँसी आएका कारण आँखा बन्द हुन गई काबुभन्दा बाहिरको परिस्थिति पर्न गई अर्को साइडमा गाडी पुग्न जाँदा भएको दुर्घटना हुँदा सो परिस्थितिलाई लापरवाहीपूर्वक भएको भन्न नमिल्ने हुँदा समग्र घटना, वारदात, सवारीको अवस्था र घटनाको परिस्थितिलाई उचित मूल्याङ्कन नगरी भएको फैसला बदर गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी मनोजकुमार साहको उच्च अदालत जनकपुरमा परेको पुनरावेदनपत्र।

प्रतिवादी मनोजकुमार साहले मृतकहरूको मृत्यु हुनसक्छ भन्ने जानी-जानी लापरवाही गरी सवारी चलाएको कारणबाट दुर्घटना भएको हो भन्ने सबुद प्रमाणको अभावमा निज प्रतिवादीलाई यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (२) बमोजिम ४ वर्ष कैद सजाय हुने ठहऱ्याएको सुरू सर्लाही जिल्ला अदालतको फैसला फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अ.बं.२०२ तथा उच्च अदालत नियमावली, २०७३ को निमय ६४ बमोजिम प्रत्यर्थी झिकाई आए वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने बेहोराको उच्च अदालत जनकपुरको मिति २०७३।११।११ को आदेश।

प्रतिवादीले लापरवाहीपूर्वक WB 47 AF 9448 नं. को स्कारपियो गाडी चलाई विपरीत दिशाबाट आफ्नै साइडमा आइरहेको मृतकले चलाएको ना.३६प ५२६७ नं. को मोटरसाइकललाई विपरीत दिसामा गई ठक्कर दिँदा मोटरसाइकल चालक नारायणप्रसाद निरौला एवं निजको श्रीमती उर्मिला निरौलाको मृत्यु हुन गएको देखिँदा दुर्घटना हुँदाको अवस्थासमेतलाई विचार गर्दा प्रतिवादीलाई ४ वर्ष कैद सजाय गर्ने ठहऱ्याएको सुरू सर्लाही जिल्ला अदालतको फैसला केही उल्टी गरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम २ वर्ष कैद सजाय हुने ठहऱ्याई उच्च अदालत जनकपुरबाट मिति २०७४।१।२० मा भएको फैसला।

प्रतिवादी मनोजकुमार साहले चलाएको WB 47 AF 9448 नं. को भारतीय स्कर्पियो गाडीले विपरीत दिशाबाट आइरहेको ना. ३६ प ५२६७ नं. को मोटरसाइकललाई सर्लाही जिल्ला, लालबन्दी नगरपालिका, वडा नं.७ स्थित पूर्व-पश्चिम लोकमार्गको सडकखण्डमा गलत साइडमा गई ठक्कर दिँदा मोटरसाइकल चालक नारायणप्रसाद निरौला, निजकी श्रीमती उर्मिला निरौला र डेढ वर्षकी छोरी श्रीतिका निरौला घाइते भएकोमा उपचारका क्रममा नारायणप्रसाद निरौला र उर्मिला निरौलाको दुखान्त मृत्यु भएको छ। यस्तो वियोगान्त (Tragic) तर पन्छाउन सकिने घटना (Avoidable incident) का सूत्रधार यी प्रतिवादीप्रति अनावश्यक सहानुभूति राख्दै निजलाई सुरू अदालतले गरेको पर्याप्त सजायलाई घटाउँदै न्यूनतम २ वर्षको कैद सजाय गर्ने गरी उच्च अदालत जनकपुरबाट भएको फैसलामा तजबिजको विवेकसम्मत र जिम्मेवारपूर्ण उपयोग गर्नुपर्छ भन्ने स्थापित न्यायिक मान्यताको अवलम्बन हुनसकेको

छैन । प्रतिवादी चालकको यस्तो हँकाइलाई चरम अक्षमता र गैरजिम्मेवारीपूर्ण हँकाइ भन्नुपर्छ । यसबाट निजको हँकाइको स्तर सक्षम र सतर्क चालकको हँकाइको स्तरभन्दा निकै तल्लो रहेको मान्नुपर्ने (ने.का.प.२०७१, अङ्क ७, नि.नं. ९२०७) भन्ने प्रतिपादित नजिरसमेतको पालन नभई सुरू अदालतले गरेभन्दा घटी सजाय गरेको हदसम्म उच्च अदालत जनकपुरको फैसला त्रुटिपूर्ण रहेकोले बदर गरी निज प्रतिवादीलाई कसुरको गम्भीरता र निजले गरेको लापरवाहीको मात्रानुसार सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा दायर हुन आएको पुनरावेदनपत्र ।

ठहर खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल कागजात अध्ययन गरियो ।

पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संजिवकुमार रेग्मीले यी प्रतिवादी चालक मनोजकुमार साहको अधिक गतिको चरम अक्षमता र गैरजिम्मेवारीपूर्ण सवारी हँकाइकै कारण दुईजनाले अकालमै ज्यान गुमाउनु परेको अवस्थामा सुरू अदालतले गरेको सजायलाई घटी गरी २ वर्ष मात्र कैद सजाय हुने गरी उच्च अदालतले गरेको सजाय कसुर र घटनाको अवस्थानुसार त्रुटिपूर्ण रहेकोले बदर गरी उचित सजाय गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

उपर्युक्तानुसारको तथ्यगत विषय र बहस जिकिरसमेत भएको प्रस्तुत मुद्दामा पुनरावेदनसहितका मिसिल संलग्न प्रमाणहरूको अध्ययन गरी हेर्दा उच्च अदालत जनकपुरबाट भएको फैसला मिलेको छ, छैन ? वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन ? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा, मिति २०७२।११।२९ गते बिहान अं. १०:४० बजेको समयमा जिल्ला सर्लाही, लालबन्दी नगरपालिका वडा नं.७ स्थित जनज्योति बहुमुखी क्याम्पस अगाडिको वजार क्षेत्रमा अनियन्त्रित तवरले तीव्र गतिमा लापरवाहीपूर्वक WB 47 AF 9448 नं. को स्कारपियो गाडी चलाई विपरीत दिशामा गई आफ्नै साइडमा चलिरहेको मोटरसाइकललाई ठक्कर दिँदा भएको दुर्घटनामा लागेको घाउ चोट पीडाको कारण मोटरसाइकल चालक नारायणप्रसाद निरौला र उक्त मोटरसाइकलमा सवार उर्मिला निरौलाको मृत्यु भएको पुष्टि भएकोले प्रतिवादी सवारी चालक मनोजकुमार साहलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १३५, १४७ र दफा १६१(२) नं. अन्तर्गतको कसुरजन्य अपराधमा सोही ऐनको दफा १६१(२) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग माग दाबी भएकोमा प्रतिवादीलाई ४ वर्ष कैद सजाय गर्ने ठहऱ्याएको सुरू सर्लाही जिल्ला अदालतको फैसला केही उल्टी गरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम २ वर्ष कैद सजाय हुने ठहऱ्याई उच्च अदालत जनकपुरबाट भएको फैसलामा चित्त नबुझाई वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पुनरावेदन पर्न आएको देखियो ।

३. अब दुई जनाको ज्यानै जाने गरी लापरवाहीपूर्वक भएको सवारी दुर्घटनामा सुरू अदालतबाट भएको सजाय कम हुने गरी उच्च अदालत जनकपुरबाट भएको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी सुरू फैसला सदर गरी यी प्रतिवादीलाई निजको कसुरअनुसारको सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको जिकिरतर्फ विचार गर्दा, यी प्रतिवादी सवारी चालक मनोजकुमार साहले चलाएको WB 47 AF 9448 नं. को गाडीले मोटरसाइकललाई ठक्कर दिँदा लागेको चोटपटकको पीडाको कारण

मोटरसाइकलमा सवार नारायणप्रसाद निरौला र उर्मिला निरौलाको मृत्यु हुन गएको हो भन्ने जाहेरी, लास जाँच र शव परीक्षण तथा सवारी दुर्घटना प्रतिवेदनहरू एवं प्रतिवादीको बयानसमेतबाट देखिँदा सवारी दुर्घटनाकै कारण निजहरूको ज्यान गएको भन्ने विषयमा विवाद देखिएन।

४. प्रतिवादी सवारी चालक मनोजकुमार साहले चलाएको WB 47 AF 9448 नं. को स्कारपियो जिप दुर्घटना भएको पूर्व पश्चिम राजमार्गको सर्लाही जिल्लाको लालबन्दी बजार क्षेत्रको सडकको चौडाई २९ फिट रहेको, उक्त गाडी देब्रे साइडबाट पश्चिमतर्फ जाँदै गर्दा विपरीत दिशाबाट आई रहेको मोटरसाइकललाई ठक्कर दिँदा उक्त दुर्घटना हुन गएको भन्ने सवारी दुर्घटना प्रतिवेदनबाट देखियो।

५. दुर्घटनाग्रस्त गाडीको अगाडिको सिसा फुटेको, बाँयातर्फको अगाडिको टायर पन्चर भएको, स्टेरिङ नकाटिने, एक्सिलेटर, ब्रेक, क्लज ठीक रहेको अवस्था भए तापनि गाडी तीव्र गतिमा रहेको भन्ने मेकानिकल एवं घटनास्थल स्केच प्रतिवेदनसमेतबाट पूर्व पश्चिम राजमार्गको ब्यस्त बजार चोकमा यी प्रतिवादीले आफूले हाँकी ल्याएको गाडी सन्तुलन हुने गरी चलाएको भन्ने देखिएन।

६. घटना वारदात आफूलाई शारीरिक प्रतिकूलता अर्थात् एक्कासी शरीरमा आएको खाँसीले आँखा बन्द हुँदा गाडी विपरीत दिशातर्फ गई मोटरसाइकलमा ठक्कर लाग्न गएको हो, मोटरसाइकलमा यात्रारत यात्रुहरूप्रति मेरो कुनै चिनजान, रिसइवी, गलत नियत केही छैन, लापरवाहीपूर्वक दुर्घटना गराएको हैन भनी यी प्रतिवादीले उल्लेख गरे तापनि दुर्घटना भएको अवस्था र २९ फिट चौडा बजार क्षेत्रको सडकमा बिहानको समय आफ्नो विपरीत दिशाबाट आफ्नै साइडमा आइरहेको सवारीलाई प्रतिवादीले आफूलाई खोकी लागेकै कारण नदेखेको अवस्थामा अचानक दुर्घटना हुन गएको हो भनी मान्न मिल्ने विश्वासिलो आधार मिसिल संलग्न प्रमाण कागजातहरूबाट देखिन आएन।

७. आफूलाई खोकी लागेका कारण आँखा चिम्लन पुग्दा सो दुर्घटना भएको भनी प्रतिवादीले बयान गरेको देखिए तापनि गाडी चलाउँदा सावधानीपूर्वक गाडी चलाउनु पर्ने कर्तव्य र दायित्व सवारी चालकको नै हो । आफूलाई खोकी लागेपछि गाडीको स्पिड कम गरी ब्रेक लगाएको भन्ने पनि निज प्रतिवादीको बयानसमेतबाट खुल्दैन भने गाडीमा एक्कासी आएको कुनै प्राविधिक गडबडीका कारणबाट सो दुर्घटना हुन गएको भन्ने नदेखिएको अवस्थामा गाडी चलाउने क्रममा केवल खोकी लागेकै कारणले आफूले चलाएको गाडी विपरीत दिशामा गई अचानक दुर्घटना हुन गएको हो भन्ने भनाइ विश्वासलायक देखिँदैन । मृतकसँग प्रतिवादीको पूर्वचिनजान रिसइवी नहुनु नै लापरवाही नहुने भन्ने होइन, सवारी चलाउँदा चालकले गाडी कत्तिको होसियारीपूर्वक चलाएको थियो र निजले चलाएको सवारी साधन निजको नियन्त्रणमा थियो थिएन भन्ने कुरा लापरवाहीको लागि महत्त्वपूर्ण विषय हुने देखिन्छ।

८. यसरी प्रतिवादीले आफूले चलाएको सवारीलाई नियन्त्रण गर्न सक्ने गरी सावधानीपूर्वक चलाएका थिए भन्ने अवस्था मिसिलबाट नदेखिए पनि मृतकहरूसँग प्रतिवादीको पूर्वचिनजान र रिसइवी केही भएको भन्ने नदेखिएको र खाँसीको कारण अकस्मात दुर्घटना हुन गएको भन्ने प्रतिवादीको भनाइ रहेकोसमेत देखिँदा सुरू अदालतको फैसला केही उल्टी गरी यी प्रतिवादी सवारी चालक मनोजकुमार साहलाई घटी सजाय गर्ने गरी उच्च अदालत जनकपुरबाट भएको फैसला मनासिब नै देखिँदा सो फैसला बदर गरी सुरू अदालतको फैसला सदर गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन र पुनरावेदन जिकिरलाई समर्थन गर्दै विद्वान् सहन्यायाधिवक्ताले प्रस्तुत गर्नु भएको बहस जिकिरसँग सहमत हुन सकिएन।

९. तसर्थ, माथि विवेचित तथ्यगत आधार र कारण एवं दुर्घटना हुँदाको अवस्थासमेतबाट यी प्रतिवादी मनोजकुमार साहलाई ४ वर्ष कैद सजाय गर्ने ठहर गरेको सुरू सर्लाही जिल्ला अदालतको फैसला केही उल्टी गरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम २ (दुई) वर्ष कैद सजाय हुने ठहऱ्याई उच्च अदालत जनकपुरबाट मिति २०७४।१।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.तेजबहादुर के.सी.

इजलास अधिकृत : माधव भण्डारी
इति संवत् २०७७ साल जेठ १८ गते रोज १ शुभम् ।

## निर्णय नं. १०५२३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
फैसला मिति : २०७७।३।२
०७५-CR-१०९३

मुद्दाः राज्य विरूद्धको अपराध

पुनरावेदक / वादी : प्रहरी प्रतिवेदनको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका-१३ एकान्तकुना बस्ने दिलबहादुर के.सी.को छोरा राष्ट्रिय फुटबल टिमको पूर्वखेलाडी हाल प्रशिक्षक अन्जन के.सी.समेत

- **कानूनले स्पष्ट रूपमा परिभाषित गरी कसुर मानेको विषयमा त्यस्तो कानूनको स्पष्ट उल्लङ्घन गरेको भनी स्थापित नभएसम्म अर्कै प्रयोजनलाई बनेको विद्यमान कुनै कानूनी प्रावधानलाई तानतुन पारेर व्याख्या गरी कसुर कायम गर्न (NULLUM CRIMEN SINE LEGE) र सजाय गर्न (nulla poena sine lege) नहुने ।**
- **मानव अधिकार कानूनको व्याख्याले उदारवादी र समावेशी धारलाई अनुशरण गर्छ; अधिकार छ वा छैन भन्ने प्रश्न उठेमा सकेसम्म र मिलेसम्म अधिकार छ भन्नेतर्फ अदालतले व्याख्या गर्दै मानव**

**अधिकारको संरक्षण गर्छ भने फौजदारी कानूनले व्यक्तिगत स्वतन्त्रताको अपहरण गर्ने र जथाभावी प्रयोगले निरङ्कुशतालाई प्रश्रय दिने हुँदा यसको कठोर व्याख्या गरिनुपर्छ; कुनै कानूनी प्रावधान आकर्षित हुन्छ वा हुँदैन भन्ने द्विविधाको स्थितिमा आकर्षित हुँदैन भन्ने व्याख्या गरिनुपर्छ । यस्तो व्याख्या लोकतन्त्र, विधिको शासन र सीमित सरकारको अवधारणाअनुकूल हुने ।**

(प्रकरण नं.११)

- **संविधानको धारा २०(४) र मुलुकी अपराध संहिता, २०७४ को दफा ७ को प्रतिबन्धात्मक व्यवस्थाले देवानी कानून निर्माण गरी देवानी दायित्व (civil liability) थप्ने, अनुशासनात्मक कारबाही (disciplinary action) गर्ने प्रबन्ध गर्ने, कुनै कार्य गरेबापत अयोग्यता (disqualification) कायम गर्ने वा निश्चित अवधिसम्म व्यावसायिक कार्य गर्न रोक्ने (suspension) वा विदेशी नागरिकको हकमा निजलाई देश निकाला (deportation) गर्ने जस्ता कार्यहरू गर्नलाई प्रतिबन्ध लगाउँदैन । अर्थात् पश्चात्दर्शी कानून निर्माण गरी वा कानूनी प्रबन्ध गरी त्यस्ता कार्यहरू गर्न सकिन्छ; त्यसो गर्न संविधान वा कानूनको व्यवस्थाले नरोक्ने ।**

(प्रकरण नं.१४)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री अर्जुनप्रसाद कोइराला

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

- ने.का.प.२०४५, नि.नं.३६०३
- ने.का.प.२०६१, नि.नं.७४३२, पृ.११०३
- ने.का.प.२०६४, नि.नं.७८६६, पृ.८२७
- ने.का.प.२०६६, नि.नं.८२००, पृ.१२३५
- ने.का.प.२०६९, नि.नं.८८६०, पृ.१०९६

सम्बद्ध कानून :

- नेपालको संविधान
- मुलुकी अपराध संहिता, २०७४
- राज्य विरूद्धको (अपराध र सजाय) ऐन, २०४६

फैसला

**न्या.आनन्दमोहन भट्टराई :** विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम पुनरावेदनको रोहमा यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार रहेको छः-

तथ्य खण्ड

छिमेकी राष्ट्र एवं मित्रराष्ट्रहरूमा विभिन्न समयमा आयोजना गरिएका अन्तर्राष्ट्रिय फुटबल खेलहरूमा नेपालले भाग लिई अन्तर्राष्ट्रिय फुटबल खेल खेल्नका लागि आबद्ध रहेको नेपाली राष्ट्रिय फुटबल टिमका खेलाडीहरू खेल्न गएकोमा सन् २००८ मा भएको मर्डेका कप (MORDEKA CUP), सन् २००९ को साफ च्याम्पियनसिप (SAAF CHAMPIONSHIP), सन् २०११ मा मलेसियामा भएको मैत्रीपूर्ण खेल, सन् २०११ मा फिलिपिन्समा भएको मैत्रीपूर्ण खेल, सन् २०१२ मा भारतमा भएको नेहरू कप, सन् २०१४ मा कोरियामा भएको खेलसमेतका अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिताहरूमा नेपालको प्रतिनिधित्व गरी गएका नेपाली राष्ट्रिय फुटबल टिमका खेलाडीहरूले अवैध रुपमा अन्तर्राष्ट्रिय एजेन्टहरूसँग सम्पर्क गरी विदेशी भूमिमा नेपालको राष्ट्रिय झण्डा लिई सपथ खाई

राष्ट्रिय गानको धज्जी उडाई राष्ट्रिय एकता तथा नेपाली जनताहरूको स्वाभिमान र आत्मसम्मानमा चोट पुऱ्याउने उद्देश्यले म्याच फिक्सिङ (MATCH FIXING) गरी अन्तर्राष्ट्रिय फुलबल खेल हार्ने योजना बनाई मोटो रकम लिई खेल खेली हार्ने गरेको भन्ने गोप्य सूचनाको आधारमा अनुसन्धान गर्दा नेपाली राष्ट्रिय फुटबल टिमका पूर्वखेलाडीहरू विकास सिंह क्षेत्री र अन्जन के.सी. का साथै नेपाली राष्ट्रिय फुटबल टिमका क्याप्टेन सागर थापा, सोही टिमका खेलाडीहरू सन्दिप राई र रितेश थापासमेतको मिलेमतोबाट कुख्यात एजेन्टहरूसँग सम्पर्क गरी म्याच फिक्सिङ (MATCH FIXING) गरी खेल हारेबापतमा विभिन्न माध्यमबाट नेपालमा रकम पठाउने एजेन्टहरू सिंगापुरका नागरिक विलसन् राज (WILLSON RAJ), टिटानी परियासामी (TITANI PERIASAMY) र केसवन पट्टान (KESAVAN PATTAN) लाई काठमाडौं उपत्यकाभित्र रहेका वेस्टर्न युनियन मनि ट्रान्सफर (WESTERN UNION MONEY TRANSFER) र साइबर मनि ट्रान्सफर (CYBER MONEY TRANSFER) समेतमा रकम आफूहरूको नाममा हाल्न लगाई सोमार्फत आएको रकम अन्जन के.सी. र रितेश थापासमेतले लिई निज खेलाडीहरूले एक आपसमा भागबन्डा लगाई नेपालको राष्ट्रिय झण्डा, राष्ट्रिय गानको धज्जी उडाई राष्ट्रिय एकता तथा नेपाली जनताहरूको स्वाभिमान र आत्मसम्मानमा चोट पुऱ्याउने उद्देश्यले खेल हारी राज्य विरूद्धको कसुर अपराध गरेको देखिएको हुँदा नेपाली राष्ट्रिय फुटबल टिमका पूर्वखेलाडीहरू विकास सिंह क्षेत्री, अन्जन के.सी. तथा नेपाली राष्ट्रिय फुटबल टिमका क्याप्टेन सागर थापा, खेलाडीहरू सन्दिप राई र रितेश थापालाई अनुसन्धान कारबाहीको लागि यसै प्रतिवेदनसाथ दाखिला गरेका छौं। उक्त कार्यमा अन्य संलग्न व्यक्तिहरू भएमा निजहरूबाट खुलाई निजहरूसमेतउपर राज्य विरूद्धको कसुर अपराधमा अनुसन्धान गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०७२।०६।२७ को प्रहरी प्रतिवेदन।

म नेपालको राष्ट्रिय फुटबल टिममा सन् २००७ अन्तिमदेखि नियुक्त भई कहिले खेलमा सहभागी हुने, कहिले घाइते भएको कारण खेलमा सहभागी हुन नपाएको हुँ। मैले खेलेको खेलहरूमा सागर थापा, रितेश थापा, अन्जन के.सी., सन्दिप राईसमेत भई सहभागी भएको हो। म सन् २००८ मा भएको मर्डेका कप (MORDEKA CUP), सन् २०११ मा मलेसियामा तथा फिलिपिन्समा भएको मैत्रीपूर्ण खेल र सन् २०१२ मा भारतमा भएको नेहरू कपमा सहभागी छु। उक्त खेलहरूमा म, सागर थापा, रितेश थापा, सन्दिप राई, बिराज महर्जन, भरत खवास, रबिन श्रेष्ठ, राजु तामाङ, जुमानु राई, भोला सिलवाल, निराजन खड्का, अनिल गुरूङ र अन्य नाम याद नभएका २० जनाको संख्याको खेलाडीहरू जाने गरेका थियौं। मसमेतका खेलाडीहरूले विदेशी राष्ट्रहरूमा हुने विभिन्न खेलहरूमा रकम लिई नेपालको स्वाभिमान बिक्री गरेका छैनौं। विदेशी एजेन्टबाट क्लबमा खेलाउने भनी आश्वासन आएको थिएन। मैले व्यापार व्यवसाय केही गरेको छैन। खेल खेल्दा एन्फाले प्रतिमहिना रू.१०,०००।- दिन्थ्यो भन्नेसमेत बेहोराको प्रतिवादी विकास सिंह क्षेत्रीले अनुसन्धानको क्रममा अख्तियारप्राप्त अधिकारीसमक्ष गरेको मिति २०७२।७।१२ को बयान।

म नेपालको राष्ट्रिय फुटबल टिममा सन् २००७ देखि नियुक्त भई हालसम्म खेल खेल्दै आएको थिएँ। सन् २००७ मा ओमनमा ओमनसँग खेल्दा २/० मा हारेको, नेपालमै ओमनसँग खेल्दा २/० मा हारेको, भुटानसँग खेल्दा २/१ मा जितेको, पुनः भुटानसँग खेल्दा १/० ले जितेको हो। सन् २००८ मा कम्बोडियामा मकाउसँग खेल्दा ३/२ ले जितेको, माल्दिभ्समा इन्डियासँग ४/० ले हारेको, माल्दिभ्ससँग ३/१ ले हारेको, पाकिस्तानलाई ४/१ ले जितेको, मर्डेका

कप (MORDEKA CUP) मा मलेसियासँग ४/० ले हारेको हो। सन् २००९ को साफ गेममा माल्दिभ्ससँग १/१ गोल बराबरमा, भारतसँग १/० ले हारेको र अफगानिस्तानसँग ३/० गोलमा विजयी भएको हो। सन् २०१० मा कोरियासँग १/० ले हारेको र श्रीलंकासँग १/० ले हारेको हो। सन् २०११ मा फिलिपिन्ससँग ४/० ले हारेको, मलेसियामा २/० ले हारेको, कम्बोडियासँग १/० ले जितेको हो। सन् २०११ को साफ च्याम्पियनसिप (SAAF CHAMPIONSHIP) मा मालदिभ्ससँग १/१ मा, सन् २०१२ मा भारतमा भएको नेहरू कप हारेको र सन् २०१४ मा इराकसँग ४/० ले हारेको हो। उक्त खेलहरूमा म, सागर थापा, रितेश थापा, विकास सिंह क्षेत्री, अन्जन के.सी., बिराज महर्जन, रबिन श्रेष्ठ, चुनबहादुर थापा, राजु तामाङ, निराजन रायमाझी, जुमानु राई, भोला सिलवाल, युगल किशोर राई, निराजन खड्का, अनिल गुरूङ, सन्तोष साउखल र अन्य नाम याद नभएका २० जनाको संख्याको खेलाडीहरू जाने गरेका थियौं। म विगत सन् २००७ देखि राष्ट्रिय फुटबल टिममा सहभागी भई उल्लिखित खेलहरूमा सहभागी भएको हुँ। अन्य कुरा मलाई थाहा छैन। मलाई खेल खेल्दा रकम दिएर आउ भनी कसैले अफर गरेका थिएनन्। मैले २०६७ सालमा १० महिनाको अन्दाजी १० लाख नेपाली रूपैयाँ लिई भारतको कलकत्ताको मोहमडन स्पोर्टिङ क्लबमा व्यावसायिक खेल खेलेको थिएँ। म, अन्जन के.सी., रितेश थापासमेतले सञ्चालन गरेको ललितपुर झम्सिखेलस्थित एफ. फोर. ग्यारेजको मेनेजमेन्टसम्म हेरेको थिएँ जुन हाल सञ्चालनमा छैन। मैले एन्फाबाट कार र बाइक पाएको छु र मासिक तलब १५ हजार दिने गरेको छ। मसमेतका खेलाडीहरूले विदेशी राष्ट्रहरूमा हुने विभिन्न खेलहरूमा रकम लिई नेपालको स्वाभिमान बिक्री गरेका छैनौं भन्नेसमेत बेहोराको प्रतिवादी सन्दिप राईले अनुसन्धानको क्रममा अख्तियारप्राप्त अधिकारीसमक्ष गरेको मिति २०७२।०७।१२ को बयान।

म नेपालको राष्ट्रिय फुटबल टिममा २०६० सालदेखि नियुक्त भई खेल खेल्न थालेको हुँ। सन् २००५ मा साफ गेम कराँचीमा, सन् २००५ मा च्यालेन्जकप बंगलादेशमा, सन् २००६ मा साफ गेम श्रीलंकामा, सन् २००७ मा वर्ल्ड कप क्वालिफाइङ ओमनमा, सन् २००७ मा च्यालेन्ज कप कम्बोडियामा, साफ गेम माल्दिभ्समा, ए.एफ.सि. च्यालेन्जकप हैदराबादमा खेलेको हुँ। खेलेको खेलहरूमध्ये सन् २००८ मा मर्डेका कपमा मलेसियासँग ४/० गोलमा हारेको, अफगानिस्तानसँग २/२ गोल बराबरमा, सेरालियोनसँग ३/१ गोलमा हारेको, सन् २००९ को साफ गेममा माल्दिभ्ससँग ४/० ले हारेको, भारतसँग ४/० गोलमा हारेको, पाकिस्तानसँग ४/० गोलमा विजयी भएको हो। सन् २०११ मा मलेसियासँग २/० गोलमा हारेको, फिलिपिन्ससँग ४/० गोलमा हारेको र सन् २०१२ मा क्यामरूनसँग ५/० गोलले हारेको हो। सन् २०१४ मा कोरियामा अन्डर एसिया च्याम्पियनसिप खेलमा सहभागी भएको हुँ। खेल खेल्दा सेन्टर डिफेन्सको भूमिका निर्वाह गर्थें। प्रायः हामीहरूले खेलेको खेलहरूमध्ये सन् २००८ देखि रितेश थापा, सन्दिप राई, अन्जन के.सी., विकाससिंह क्षेत्रीसहित अन्य खेलाडीहरूसमेत सहभागी भएर खेल खेलेका हौं। सो खेलहरूमध्ये सन् २००८ देखिको खेलमा म (डिफेन्स), सन्दिप राई (डिफेन्स), रितेश थापा (गोलकिपर), विकाससिंह क्षेत्री, बिराज महर्जन, रबिन श्रेष्ठ, राजु तामाङ, जुमानु राई, भोला सिलवाल, रन्जित श्रेष्ठ, निराजन खड्का, अनिल गुरूङ र अन्य नाम याद नभएका २० जनाको सख्याको खेलाडीहरू जाने गरेका थियौं। म २०६० सालदेखि नेपालको राष्ट्रिय फुटबल टिममा सहभागी भई फुटबल खेलेको र सन् २००९ देखि क्याप्टेनको भूमिका निर्वाह गरी विभिन्न अन्तर्राष्ट्रिय स्तरमा भएका खेलहरूमा सहभागी भई खेल खेलेको हुँ। खेलचाहिँ राम्रै खेलेको हो। अन्य

कुरा थाहा भएन । विभिन्न विदेशी क्लबमा खेलाई दिन्छु भनी आश्वासन आउने गरेको थियो तर रकम मैले लिइनँ । म राष्ट्रिय फुटबल टिमको टिम क्याप्टेन भइसकेपछि मलाई नेपाल सरकारले एन्फामार्फत हात्तीवनमा रहेको मेरो सिटी नामक अपार्टमेन्टमा बस्ने व्यवस्था गराई दिएकोमा अहिलेसम्म नपाएको र एन्फाले हरेक महिना रू.१५,०००।- दिने गरेको थियो भन्नेसमेत बेहोराको प्रतिवादी सागर थापाले अनुसन्धानको क्रममा अख्तियारप्राप्त अधिकारीसमक्ष गरेको मिति २०७२।०७।१२ को बयान ।

म सन् २००३ देखि हालसम्म राष्ट्रिय फुटबल टिममा सहभागी भई सन् २०१५ मा भारतको पुणेमा सञ्चालन भएको फ्रेन्डसिप म्याचसमेतमा सहभागी भएको हुँ । मैले फुटबल खेलको गोलकिपरमा खेल खेल्दै आएको छु । मैले हालसम्ममा सन् २००३ मा कोरियामा ओमन विरूद्ध पहिलो म्याच हुँदा ६/० गोलले हारेको, सोहीबेला नै कोरियासँग १६/० गोलले हारेको, सन् २००६ मा बंगलादेशमा श्रीलंका विरूद्धमा खेल खेल्दा १/१ को बराबरीमा खेल टुङ्गिएको, सन् २००८ मा मलेसियामा भएको मर्डेका कपमा अफगानिस्तान विरूद्ध २/२ गोल बराबरी, मलेसियासँग ४/० गोलले हारेको, सन् २००९ मा कम्बोडियामा मकाउ विरूद्ध ३/० ले खेल जितेको, कम्बोडियासँग १/० ले खेल जितेको, ओमनसँग २/० ले हारेको, साफ च्याम्पियनसिप (SAAF CHAMPIONSHIP) मा माल्दिभ्समा भएको खेलमा इन्डियासँग ४/० ले हारेको, पाकिस्तानसँग खेल खेल्दा १/० ले जितेको हो । सन् २०१२ मा दिल्लीमा नेहरू कपमा माल्दिभ्ससँग २/१ ले हारेको, क्यामरूनसँग ५/० ले हारेको हो । उल्लिखित खेलहरूमा सन् २००८ देखिको खेलहरूमा गोलकिपरमा म, सागर थापा, सन्दिप राई, विकाससिंह क्षेत्री, अन्जन के.सी., जुमानु राई, अनिल गुरूङ, राजु तामाङ, निराजन रायमाझी, राकेश श्रेष्ठ, अनन्त थापा, पर्वत पाण्डे, चुनबहादुर थापा, भरत खवास, रोहित चन्द, जगदिश श्रेष्ठ, सन्तोष साहुखल, निराजन खड्का, सुमन सुवेदी, विराज महर्जन, रविन श्रेष्ठ, विशाल श्रेष्ठ, विकेश कुत्थु, सुजल श्रेष्ठसमेत भई खेलहरू खेलेका हौं । एक पटक खेल खेल्न जाँदा कम्तीमा २० जना खेलाडी सहभागी भई जाने गरेका थियौं । सन् २००८ मा भएको मर्डेका कप (MORDEKA CUP), सन् २००९ को साफ च्याम्पियनसिप (SAAF CHAMPIONSHIP) र सन् २०१२ मा भारतमा भएको नेहरू कपसमेतमा मैले गोलकिपरको रूपमा खेल खेलेको हुँ । सन् २०११ मा मलेसियामा र फिलिपिन्समा भएको मैत्रीपूर्ण खेल तथा सन् २०१४ मा कोरियामा भएको खेलमा सहभागी भई गएकोमा खेल मैदानमा सहभागी भइन । सो बेला सहायक कोचको रूपमा सामेल भएको हो । म्याच फिक्सिङको बारेमा थाहा भएन । मसमेतले म्याच फिक्सिङ (MATCH FIXING) गरी खेलेको र रकम लिएको होइन । मलाई इन्डिया, कम्बोडिया, बंगलादेश र मलेसियासमेतको क्लबमा आबद्ध हुन कुरा आएको थियो तर रकमको बारेमा कुरा भएन । नेपाल प्रहरीको तर्फबाट असई पदको तलबभत्ता र एन्फाबाट हात्तीवनमा अपार्टमेन्ट र मासिक रू.१५,०००।- भत्ता पाउँदै आएको छु भन्नेसमेत बेहोराको प्रतिवादी रितेश थापाले अनुसन्धानको क्रममा अख्तियारप्राप्त अधिकारीसमक्ष गरेको मिति २०७२।०७।१२ को बयान ।

सिंगापुरका टिटानी एस.व.परियासामी (TITANI SO PERIASAMY) ले पठाएको रकम रू.२,२०,१७५।६८ मेरो सवारी चालक अनुमतिपत्र प्रयोग गरी बुझिलिएको सम्बन्धमा मेरो भन्नु केही छैन । सिकन्दर थापा मेरो आफ्नै भाइ हुन् । शोभा के.सी. अन्जन के.सी.को आमा रहेको कुरा हाल थाहा पाएको हुँ । भाइ सिकन्दर थापालाई उल्लिखित रकम लिन मैले पठाएको हुँ । रकम ल्याई मलाई भाइले दिएका हुन् । रकम के कहाँबाट आएको हो सो कुरा

भाइलाई थाहा थिएन । मलेसियन नागरिक केसवन पट्टान (KESAVAN PATTAN) ले विभिन्न मितिमा नबिन कार्की र डेजिब थापासमेतका व्यक्तिहरूलाई पठाएको भनिएको रकम निजहरूले मलाई दिएका छैनन् भन्नेसमेत बेहोराको प्रतिवादी रितेश थापाले अनुसन्धानको क्रममा अख्तियारप्राप्त अधिकारीसमक्ष गरेको मिति २०७२।०७।१७ को ततिम्बा बयान ।

म नेपालको राष्ट्रिय फुटबल टिममा सन् २००५ देखि नियुक्त भई सन् २००५ मा साफ गेम कराँची, च्यालेन्जकप बंगलादेशमा, सन् २००६ मा साफ गेम श्रीलंकामा, सन् २००७ मा वर्ल्डकप क्वालिफाइङ राउन्डको लागि ओमनमा, सन् २००७ मा च्यालेन्ज कप कम्बोडियामा, साफ गेम माल्दिभ्समा, ए.एफ.सि च्यालेन्ज कप हैदराबादमा, सन् २००८ मा मर्डेका कप, सन् २००९ मा साफ च्याम्पियनसिप खेलमा सहभागी भएको थिएँ । सहभागी खेलहरूमध्ये सन् २००८ मा मर्डेका कपमा मलेसियासँग ४/० गोलमा हारेको, अफगानिस्तानसँग २/२ गोल बराबरमा, सेरालियोनसँग ३/१ गोलमा हारेको, सन् २००९ को साफ गेममा माल्दिभ्ससँग १/१ गोल बराबरमा, भारतसँग १/० गोलमा हारेको र अफगानिस्तानसँग ३/० गोलमा विजयी भएको हो । उक्त मितिमा म डिफेन्स, सागर थापा डिफेन्स, रितेश थापा गोलकिपर, सन्दिप राई डिफेन्स, विराज महर्जन, रविन श्रेष्ठ, चुनबहादुर थापा, राजु तामाङ, विकाससिंह क्षेत्री, निराजन रायमाझी, जुमानु राई, भोला सिलवाल, युगल किशोर राई, रन्जित श्रेष्ठ, निराजन खड्का, अनिल गुरूङ र अन्य नाम याद नभएका २० जनाको संख्याको खेलाडीहरू खेल्न जाने गरेका थियौं । मैले ललितपुर ग्यालेक्सी पब्लिक स्कुलमा अध्ययन गरेको हुँ । बच्चादेखि नै फुटबल खेल खेल्न थालेको हुँ । फुटबल खेल खेल्दाको अवस्थामा सबैभन्दा पहिला एन्फा एकाडेमीमा छनौट भई गेम खेल्न थालेकोमा २०६० सालमा फ्रेन्ड्स क्लब कुपण्डोलबाट राष्ट्रिय लिगको गेम खेल्न सुरू गरेँ । यसरी गेम खेल्दै जाँदा सन् २००५ मा राष्ट्रिय टिममा छनौट भई फुटबल खेलको लागि छिमेकी राष्ट्र तथा मित्र राष्ट्रहरूमा विभिन्न समयमा आयोजना गरिएका अन्तर्राष्ट्रिय फुटबल खेलहरूमा नेपालको तर्फबाट भाग लिई अन्तर्राष्ट्रिय फुटबल खेलमा सन् २००५ देखि सन् २०१० सम्मका खेलहरूमा सहभागी भई खेलहरू खेलेको हुँ । यसरी खेल खेल्न जाँदाका समयमा सन् २००८ मा मर्डेका कप मलेसियामा हुँदा म टिमको सदस्य थिएँ । सो बेला मलेसियामै विदेशी एजेन्टहरूले विभिन्न आश्वासन दिई राम्रो क्लबमा राखिदिन्छौं भन्नेसम्मको कुरा आएको थियो । सो कपमा म्याच फिक्सिङ भएको थाहा भएन । सन् २००९ मा साफ गेममा अफगानिस्तानसँग खेल्दा विदेशी एजेन्टहरूले विभिन्न आश्वासन् देखाएका थिए । सो गेममा हामीले ३/० गोलको अन्तरले विजयी भएका थियौं । मैले सन् २००५ देखि सन् २००९ सम्मको फुटबल गेममा सहभागी भई गेम खेलेको हुँ । सो गेमहरू खेल्ने क्रममा विभिन्न प्लेयर एजेन्टहरूसँग चिनजान भएको थियो । सो बेला खेलाडीहरूलाई विभिन्न विदेशी क्लबहरूमा ट्रायल गर्नको लागि मेरो नाममा वेस्टर्न युनियन मनि ट्रान्सफरमार्फत रकम पठाएकोसम्म हो । कुनै रकम व्यक्तिगत प्रयोजनको लागि पनि पठाएका थिए । म्याच फिक्सिङको लागि लिएको होइन । निजहरूमध्ये केसवन पट्टानले प्लेयर एजेन्ट बनाएको हुँदा खेल खेल्दाका अवस्थामा चिनजान भएको र खेलाडी भएको कारणले गर्दा नै विदेशी क्लबमा ट्रायल गर्नको लागि रकम दिएका हुन् भन्नेसमेत बेहोराको प्रतिवादी अन्जन के.सी.ले अनुसन्धानको क्रममा अख्तियारप्राप्त अधिकारीसमक्ष गरेको मिति २०७२।०७।१२ को बयान ।

विदेशी नागरिकहरू आवादैयाप्पान पालानियाप्पान (AVADAIYAPPAN PALNIAPPAN) ले सन् ०५।१३।२०१० मा पठाएको रू.१,७५,५५६।९५, जिवानान्थन सुपरामनि

(JIVANANTHAN SUPERAMANI) ले सन् ०५/०३/२०१२ मा पठाएको रू.८३,१६३।२३ र मनिमुथु अरूमुगम (MANIMUTHU ARUMUGAM) ले सन् १०।०४।२०१३ मा पठाएको रू.३०,१११।१७ रकम मैले बुझी लिएको हुँ । निज विदेशी नागरिकहरूसँग चिनजान छैन । के कुनबापत पठाए थाहा भएन । मलेसियन नागरिक केसवन पट्टान (KESAVAN PATTAN) ले सन् १९।१०।२०११ मा पठाएको मलेसियन रिंगेट १४,९४५ रकम मैले मेरो आमा शोभा के.सी.लाई साथमा लिई गई रकम लिएको हुँ। रकम लिँदा आमा शोभा के.सी.को नामको ६६५९५ नम्बरको नागरिकता प्रमाण पत्र पेस गरी रकम लिएको हो । रकम के कहाँबाट आएको सोबारे आमालाई जानकारी थिएन । मलेसियन नागरिक केसवन पट्टान (KESAVAN PATTAN) ले विभिन्न मितिमा नबिन कार्की र डेजिब थापासमेतका व्यक्तिहरूलाई पठाएको भनिएको रकम मैले पाएको छैन भन्नेसमेत बेहोराको प्रतिवादी अन्जन के.सी.ले अनुसन्धानको क्रममा अख्तियारप्राप्त अधिकारीसमक्ष गरेको मिति २०७२।०७।१७ को ततिम्बा बयान।

त्यहाँको च.नं. १३२० मिति २०७२।०७।०१ को पत्र मागबमोजिम प्रशिक्षक तथा खेलाडीहरूलाई मिति २०७२।०६।२८ देखि लागु हुने गरी निजहरूलाई अनुसन्धानको अन्तिम किनारा नलागेसम्म फुटबलको कुनै पनि गतिविधिहरूमा संलग्न नगराइने गरी कारबाही गरिएको भन्ने बेहोराको अखिल नेपाल फुटबल सङ्घको च.नं.१६७/०७२/०७३ मिति २०७२।०७।१३ को पत्र।

"IN THE MEANTIME WE WOULD LIKE TO REQUEST TO SEND FURTHER DETAILS ABOUT THE FOLLOWING ISSUES: (A) DETAILS OF SUSPICIOUS MATCH (MATCH FIXING) THAT AFC HAS NOTICED. (B) DETAILS OF THREE FOREIGNERS' INDIVIDUALS WHO HAD SENT MONEY TO NEPALI SUSPECTS PLAYERS AND OFFICIAL. (C) ANY OTHER SUSPICIOUS AND MANIPULATION DETAILS THAT YOU OBSERVED DURING THE NEPALESE FOOTBALL MATCHES." भन्नेसमेत बेहोराको च.नं. ०७२/७३-१०११ मिति २५ अक्टोबर २०१५ को महानगरीय अपराध शाखा (METROPOLITAN CRIME DIVISION), काठमाडौंले एसियन फुटबल कन्फिडरेसन (ASIAN FOOTBAL CONFIDERATION-AFC) लाई लेखेको पत्र र "THE AFC INTEGRITY UNIT IN COLLABORATION WITH ITS KEY PARTNERS HAS CONSOLIDATED INFORMATION WHICH STRONGLY SUGGESTS THAT NEPALI FOOTBALL PLAYERS AND OFFICIALS HAVE UNDERTAKEN ACTIVITIES RELATED TO MATCH-FIXING." भन्नेसमेत बेहोराको एसियन फुटबल कन्फिडरेसन (ASIAN FOOTBAL CONFIDERATION-AFC) को २८ अक्टोबर २०१५ को पत्र जवाफ।

अन्जन के.सी. मेरो छोरा हुन् । मेरो मलेसियन नागरिक केसवन पट्टान (KESAVAN PATTAN) सँग चिनजान छैन । छोरा अन्जन के.सी.ले विदेशबाट साथीले मलेसियन रिंगेट पठाएको छ लिन जाउँ भनी करिब ४ वर्षअघि जावलाखेलस्थित वेस्टर्न युनियन मनि ट्रान्सफर (WESTERN UNION MONEY TRANSFER) मा मलाई साथमा लिई गई मेरो नागरिकता प्रमाण पत्र पेस गरी छोराले रकम बुझी लिएका हुन् । उक्त रकम के-कसरी, को कसले, केबापत पठाए छोरालाई थाहा छ । मलाई अन्य कुरा थाहा भएन भन्नेसमेत बेहोराको अनुसन्धानको क्रममा बुझिएकी शोभा के.सी.को मिति २०७२।०७।१७ को कागज।

हाल पक्राउमा परेका पूर्वखेलाडी तथा कोच अन्जन के.सी., विकाससिंह क्षेत्री र हालका खेलाडी सागर थापा, सन्दिप राई र रितेश थापासहित अन्य खेलाडीहरू तथा सो समयमा खटिई जाने आधिकारिक पदाधिकारीसमेतले विदेशी एजेन्टहरूसँग सम्पर्क गरी विदेशी भूमिमा नेपालको राष्ट्रिय झण्डा लिई सपथ खाई राष्ट्रिय गानको धज्जी उडाई राष्ट्रिय एकता तथा नेपाली जनताहरूप्रति घृणा, द्वेष फैलाई विदेशी एजेन्टबाट रकम लिई राष्ट्रिय स्वाभिमान र आत्मसम्मानमा चोट पुऱ्याएको हुँदा निज पक्राउमा परेका खेलाडीहरूउपर कानूनबमोजिम कारबाही गरी निज खेलाडीहरूसँग संलग्न अन्य खेलाडी तथा आधिकारिक पदाधिकारीहरूउपर कानूनबमोजिम कारबाही हुनुपर्छ । हाल पक्राउमा परेका खेलाडीहरूले उल्लिखित खेलहरूमा म्याच फिक्सिङ गरी खेल खेलेको कुरा नेपालको फुटबल खेलको हालको वरियताक्रमले स्पष्ट पार्ने हुँदा निजहरूउपर कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको अनुसन्धानको क्रममा बुझिएका पूर्व राष्ट्रिय फुटबल टिम क्याप्टेन मणि शाहको मिति २०७२।०७।१७ को कागज।

खेलाडीहरूले खेलमा राम्रो खेल प्रदर्शन नगर्नु खेलमा सधैँ विजय हात पार्नुको सट्टा हार खानुमा एन्फाका आधिकारिक पदाधिकारीहरू, टिम लिडर, टिम व्यवस्थापक तथा एन्फाका उच्च पदाधिकारीसमेतको संलग्नता हुनुपर्छ । कतिपय स्थानमा खेलाडीहरूले मात्र नभई एन्फामा उच्च पदाधिकारीको हात नरहेसम्म खेलाडीहरूले म्याच फिक्सिङ गर्ने अवस्था नआउने हुँदा निज पक्राउमा परेका खेलाडीहरूसमेत भई खेलहरूमा के-कसरी, को-को संलग्न रही के-कसरी म्याच फिक्सिङ गरी खेलमा सहभागी भई विदेशीबाट रकम लिए सोतर्फसमेत निज पूर्व खेलाडी तथा हाल प्रशिक्षक अन्जन के.सी., विकाससिंह क्षेत्री तथा हाल खेलाडी फुटबल टिमका क्याप्टेन सागर थापा, सन्दिप राई र रितेश थापासमेतबाट सो कार्य गर्न को-को खेलाडी तथा एन्फाका उच्च पदाधिकारी संलग्न छन्, निजहरूबाटै खुलाई निज पक्राउमा परेका खेलाडीहरूसमेतले विदेशी एजेन्टहरूसँग सम्पर्क गरी विदेशी भूमिमा नेपालको राष्ट्रिय झण्डा लिई सपथ खाई राष्ट्रिय गानको धज्जी उडाई राष्ट्रिय एकता तथा नेपाली जनताहरूप्रति घृणा, द्वेष फैलाई विदेशी एजेन्टबाट रकम लिई राष्ट्रिय स्वाभिमान र आत्मसम्मानमा चोट पुऱ्याएको हुँदा निज पक्राउमा परेका खेलाडीहरूउपर कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको अनुसन्धानको क्रममा बुझिएका पूर्वराष्ट्रिय फुटबल टिमका व्यवस्थापक कृष्णभक्त मानन्धरको मिति २०७२।०७।१७ को कागज।

खेलाडीहरूले खेलमा राम्रो खेल प्रदर्शन नगर्नु, खेलमा सधैँ विजय हात पार्नुको सट्टा हार खानुमा एन्फाका आधिकारिक पदाधिकारीहरू, टिमलिडर, टिम व्यवस्थापक तथा एन्फाका उच्च पदाधिकारीसमेतको संलग्नता हुनुपर्छ । कतिपय स्थानमा खेलाडीहरूले मात्र नभई एन्फाका उच्च पदाधिकारीको हात नरहेसम्म खेलाडीहरूले म्याच फिक्सिङ गर्ने अवस्था नआउने हुँदा पक्राउमा परेका खेलाडीहरूसमेत भई खेलहरूमा के-कसरी, को-को संलग्न रही के-कसरी म्याच फिक्सिङ गरी खेलमा सहभागी भई विदेशीबाट रकम लिए सोतर्फसमेत निज पूर्वखेलाडी तथा हाल प्रशिक्षक अन्जन के.सी, विकाससिंह क्षेत्री तथा हाल खेलाडी फुटबल टिमका क्याप्टेन सागर थापा, सन्दिप राई र रितेश थापासमेतबाट सो कार्य गर्न को-को खेलाडी तथा एन्फाका उच्च पदाधिकारी संलग्न छन् निजहरूबाटै खुलाई निज पक्राउमा परेका खेलाडीहरूसमेतले विदेशी एजेन्टहरूसँग सम्पर्क गरी विदेशी भूमिमा नेपालको राष्ट्रिय झण्डा लिई सपथ खाई राष्ट्रिय गानको धज्जी उडाई राष्ट्रिय एकता तथा नेपाली जनताहरूप्रति घृणा, द्वेष फैलाई विदेशी एजेन्टबाट रकम लिई राष्ट्रिय स्वाभिमान र आत्मसम्मानमा चोट

पुऱ्याएको हुँदा निज पक्राउमा परेका खेलाडीहरूउपर कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको अनुसन्धानको क्रममा बुझिएका एन्फाका उपाध्याक्ष विजय नारायण मानन्धरको मिति २०७२।०७।१७ को कागज।

नेपालको फुटबल टिमका खेलाडीहरूले विदेशमा गई खेल खेल्दा प्रायः खेलमा हार खाने र फुटबल खेलको नेपालको गिर्दो वरियताक्रमको नतिजाको आधारमा हाल पक्राउमा परी आएका खेलाडीहरूले विभिन्न खेलहरूमा म्याच फिक्सिङ गरी विदेशी कुख्यात एजेन्टहरूसँगको मिलोमतोमा रकम लिई नेपालको स्वाभिमानलाई विदेशी मुद्रासँग दाँजी खेलहरूमा हार खाएको कुरामा विश्वास लाग्छ । उक्त खेलाडीहरू सहभागी भई खेलबाट लज्जास्पद तरिकाले खेलहरूमा हार्दासमेत एन्फाबाट कुनै कारबाही नहुनुमा उल्लिखित खेलाडीहरूले एन्फाका उच्च पदाधिकारीसमेतको मिलोमतो र संलग्नतामा खेलहरूमा म्याच फिक्सिङ गरी खेल खेलेको हुनुपर्छ । यसरी म्याच फिक्सिङ गरी खेल खेल्नुमा खेलाडीहरू, एन्फाका पदाधिकारी, व्यवस्थापनसमेतको जिम्मेवारी रहन्छ किनकि सम्बन्धित निकायबाट सही मार्गनिर्देशन नभई गलत मार्गनिर्देशनको आधारमा विदेशी एजेन्टहरूसँग मिलोमतो गरी खेलमा फिक्सिङ्ग गरी खेल खेलेको कुरा प्रस्ट हुन आएको र कतिपय स्थानमा खेलाडीहरूले मात्र नभई एन्फाका उच्च पदाधिकारीको हात नरहेसम्म खेलाडीहरूले म्याच फिक्सिङ गर्ने अवस्था नआउने हुँदा निज पक्राउमा परेका खेलाडीहरूसमेत भई खेलहरूमा के-कसरी, को-को संलग्न रही के-कसरी म्याच फिक्सिङ गरी खेलमा सहभागी भई विदेशीबाट रकम लिए सोतर्फसमेत निज पूर्वखेलाडी तथा हाल प्रशिक्षक अन्जन के.सी, विकाससिंह क्षेत्री तथा हाल खेलाडी फुटबल टिमका क्याप्टेन सागर थापा, सन्दिप राई र रितेश थापासमेतबाट सो कार्य गर्न को को खेलाडी तथा एन्फाका उच्च पदाधिकारी संलग्न छन् निजहरूबाटै खुलाई निज पक्राउमा परेका खेलाडीहरूउपर कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको अनुसन्धानको क्रममा बुझिएका राष्ट्रिय फुटबल टिमका पूर्वखेलाडी मुकेश शाहीको मिति २०७२।०७।१७ को कागज।

नेपालको फुटबल टिमका खेलाडीहरूले विदेशमा गई खेल खेल्दा प्रायः हार खाने र फुटबल खेलको नेपालको गिर्दो वरियताक्रमको नतिजाको आधारमा हाल पक्राउमा परी आएका खेलाडीहरूले विभिन्न खेलहरूमा म्याच फिक्सिङ गरी विदेशी कुख्यात एजेन्टहरूसँगको मिलोमतोमा रकम लिई नेपालको स्वाभिमानलाई विदेशी मुद्रासँग दाँजी खेलहरूमा हार खाएको कुरामा विश्वास लाग्छ । उक्त खेलाडीहरू सहभागी भई खेलबाट लज्जास्पद तरिकाले खेलहरूमा हार्दासमेत एन्फाबाट कुनै कारबाही नहुनु, नेपालमा पनि शहिद स्मारक लिग प्रतियोगिताहरूमा पनि म्याच फिक्सिङका कुराहरू सञ्चार माध्यमहरूमा आउँदा पनि एन्फा मौन बसेको कारण उल्लिखित खेलाडीहरूले एन्फाका उच्च पदाधिकारीसमेतको मिलोमतो र संलग्नतामा खेलहरूमा म्याच फिक्सिङ गरी खेल खेलेको हुनुपर्छ । यसरी म्याच फिक्सिङ गरी खेल खेल्नुमा खेलाडीहरू, एन्फाका पदाधिकारी, व्यवस्थापनसमेतको जिम्मेवारी रहन्छ किनकि सम्बन्धित निकायबाट सही मार्ग निर्देशन नभई गलत मार्गनिर्देशनको आधारमा विदेशी एजेन्टहरूसँग मिलोमतो गरी खेलमा फिक्सिङ गरी खेल खेलेको कुरा प्रस्ट हुन आएको र कतिपय स्थानमा खेलाडीहरूले मात्र नभई एन्फाका उच्च पदाधिकारीको हात नरहेसम्म खेलाडीहरूले म्याच फिक्सिङ गर्ने अवस्था नआउने हुँदा पक्राउमा परेका खेलाडीहरूसमेत भई खेलहरूमा के-कसरी, को-को संलग्न रही के-कसरी म्याच फिक्सिङ गरी खेलमा सहभागी भई विदेशीबाट रकम लिए सोतर्फसमेत निज पूर्वखेलाडी

तथा हाल प्रशिक्षक अन्जन के.सी., विकाससिंह क्षेत्री तथा हाल खेलाडी फुटबल टिमका क्याप्टेन सागर थापा, सन्दिप राई र रितेश थापासमेतबाट सो कार्य गर्न को-को खेलाडी तथा एन्फाका उच्च पदाधिकारी संलग्न छन् निजहरूबाटै खुलाई निज पक्राउमा परेका खेलाडीहरूउपर कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको अनुसन्धानको क्रममा बुझिएका सरस्वती क्लब कोटेश्वरका उपाध्यक्ष उत्तम राजभण्डारीको मिति २०७२।०७।१७ को कागज।

रितेश थापा मेरो आफ्नो दाइ हुन् । मेरो दाइ रितेश थापाले मलेसियाबाट पैसा आउँदै छ भनी वेस्टर्न युनियन मनि ट्रान्सफर (WESTERN UNION MONEY TRANSFER) को कन्ट्रोल नम्बर दिएपछि मैले इटहरीस्थित वेस्टर्न युनियन मनि ट्रान्सफर (WESTERN UNION MONEY TRANSFER) बाट उल्लिखित रकम आफ्नो नामको सवारी चालक अनुमति पत्र पेस गरी रकम बुझी लिई उक्त रकम दाइ रितेश थापालाई दिएको हुँ। उक्त रकम के-कसरी, को कसले केबापत पठाइदिए दाइ रितेश थापालाई थाहा होला। मलाई दाइले विदेशी क्लबसँग सम्झौता गरी आएको पैसा हो भनी जानकारीसम्म गराएका थिए । अन्य कुरा थाहा भएन भन्नेसमेत बेहोराको अनुसन्धानको क्रममा बुझिएका सिकन्दर थापाको मिति २०७२।०७।१८ को कागज।

प्रहरी प्रतिवेदन: प्रहरी प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी अन्जन के.सी. समेत भएको राज्य विरूद्धको अपराध मुद्दाको अनुसन्धानको क्रममा नेपालको राष्ट्रिय फुटबल टिमको फिजियो थेरापिष्ट पदमा कार्यरत डेजिब थापाले विदेशी कुख्यात एजेन्ट मलेसियन नागरिक केसवन पट्टान (KESAVAN PATTAN) ले मनि ट्रान्सफर कन्ट्रोल नम्बर ३९१७०३९३०४ बाट सन् १०/०६/२०१२ मा पठाएको रकम डेजिब थापाले सन् २१/०९/२०१२ मा रू.१,४०,३९७।२६ आफ्नो ०६-१६१४५९ को सवारी चालक अनुमतिपत्र प्रयोग गरी वेस्टर्न युनियन मनि ट्रान्सफर (WESTERN UNION MONEY TRANSFER) मार्फत बुझेको देखिँदा निज डेजिब थापासमेत संलग्न रही म्याच फिक्सिङ (MATCH FIXING) गरी खेलमा सहभागी भएको मिसिल कागजातबाट देखिन आएको हुँदा निजउपर राज्य विरूद्धको अपराधअन्तर्गत कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०७२।०७।१८ को प्रहरी प्रतिवेदन।

प्रस्तुत मुद्दाको अनुसन्धानको सिलसिलामा संकलन भई आएका प्रहरी प्रतिवेदन, प्रतिवादीहरूको तत्काल लिइएको अडियो/भिडियो रेकर्ड, वेस्टर्न युनियन मनि ट्रान्सफर (WESTERN UNION MONEY TRANSFER) र साइबर मनि ट्रान्सफर (CYBER MONEY TRANSFER) बाट रकम प्राप्त गरेको विवरण, प्रतिवादीहरूको बयान, महानगरीय अपराध शाखा (METROPOLITAN CRIME DIVISION), काठमाडौंले एसियन फुटबल कन्फिडरेसन (ASIAN FOOTBAL CONFIDERATION-AFC) लाई लेखेको पत्र र एसियन फुटबल कन्फिडरेसन (ASIAN FOOTBAL CONFIDERATION-AFC) को पत्र जवाफसमेत, विल्सन राज पेरूमलले सेरालियोन विरूद्ध नेपालले खेल खेल्दा म्याच फिक्सिङ गरी खेल खेलेको भन्नेसमेत बेहोरा प्रकाशित भएको केलङ्ग किङ्गस (KLONG KINGS) नामक पुस्तकको अंशभाग, बुझिएका पूर्वखेलाडीसमेत रहेका मणी साह, मुकेश शाही तथा राष्ट्रिय फुटबल टिमका तत्कालीन व्यवस्थापक कृष्णभक्त मानन्धर, एन्फाका उपाध्यक्ष विजय नारायण मानन्धर एवं उत्तम राजभण्डारीसमेतको घटना विवरण कागजलगायतका प्रमाणबाट विरूद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूले राज्य विरूद्धको कसुर / अपराध गरेको वारदात स्थापित हुन आयो। अनुसन्धानबाट देखिएअनुसार सन् २००९ को १३ डिसेम्बरमा बंगलादेशको ढाकामा सम्पन्न भएको साफ

च्याम्पियनसिप (२०६६।०८।२९ देखि २८ सम्म भएको) को समयमा पक्राउमा परेका प्रतिवादीहरू रितेश थापा, सागर थापा, सन्दिप राई, अन्जन के.सी. समेतका खेलाडीहरू सहभागी भएको देखिएको सो समयमा मलेसियन नागरिक केसवन पट्टान (KESAVAN PATTAN) ले सन् २००९।१२।१३ गतेका दिन अन्जन के.सी.को नाममा रू.३,६७,५९६।३४ र रितेश थापाको नाममा रू.२,२०,१७५।६८ पठाएको देखिएको अवस्थामा उल्लिखित खेलाडीहरूले म्याच फिक्सिङ गरी खेलमा सहभागी भएको कुरालाई प्रस्ट पार्दछ । सन् २०११।१०।११ तदनुसार २०६८ असोज २४ गते फिलिपिन्समा फिलिपिन्स र नेपालबिच भएको मैत्रीपूर्ण खेलमा फिलिपिन्सले नेपालउपर ४/० गोलले विजय हात पारेको अवस्थामा प्रतिवादी विकाससिंह क्षेत्री, रितेश थापा, सागर थापा, सन्दिप राईसमेत खेलमा सहभागी भएको र सो समयमा मलेसियन नागरिक केसवन पट्टान (KESAVAN PATTAN) ले सन् २०११।१०।१९ मा बिनोद खड्काको नाममा रू.१,४०,३९७।२६, बबिता विष्टको नाममा रू.१,७४,३९०।२३, उत्सव पौडेलको नाममा रू.१,७४,३९०।२३, प्रतिवादी अन्जन के.सी.को आमा शोभा के.सी.को नाममा रू. ३,७४,७३२।१४, सन् २०११।१०।१३ गते विनोद खड्काको नाममा रू.७,४०,२४८।८५ र सन् २०११।१०।१४ मा नविन कार्कीको नाममा रू.९,३०,०३५।८५ पठाएको देखिन आएको अवस्थामा निज प्रतिवादीहरूले उल्लिखित व्यक्तिहरूको नाममा रकम लिन लगाई म्याच फिक्सिङ गरी खेलमा सहभागी भएको देखिन्छ। त्यसैगरी सन् २०१२ मा भारतको दिल्लीमा अगस्ट २२ देखि सेप्टेम्बर २ सम्म सञ्चालन भएको नेहरू गोल्ड कपमा प्रतिवादी रितेश थापा, सागर थापा, विकाससिंह क्षेत्री, सन्दिप राईसमेतका खेलाडीहरू सहभागी भएको देखिएको र सो समयमा मलेसियन नागरिक केसवन पट्टान (KESAVAN PATTAN) ले अन्जन के.सी.को नाममा सन् २०१२।०९।०३ मा रू.७०,३४४।८१ र सन् २०१२।०३।०५ मा रू.८३,१६३।२३, सन् २०१२।०९।२९ मा नविन कार्कीको नाममा रू. १,०४,३७१।१९, डेजिव थापाको नाममा सन् २०१२।०६।१० मा रू.१,४०,३९७।२६ र सन् २०१२।०९।२० मा रू.१,०८,३६६।२५, सन् २०१२।०६।१० मा प्रतिवादी रितेश थापाको भाइ सिकन्दर थापाको नाममा रू.१,०४,३७१।१९ र विदेशी जिवन्थन सुपरामनि (JIVANTHAN SUPERAMANI) ले सन् २०१२।०३।०५ मा अन्जन के.सी. को नाममा रू.८३,१६३।२३ समेतका रकमहरू पठाएको देखिँदा उल्लिखित प्रतिवादीहरूले आफ्नो तथा अन्य व्यक्तिहरूको नाममा रकम राख्न लगाई म्याच फिक्सिङ गरी खेलमा सहभागी भएको अवस्थालाई पुष्टि गर्छ। साथै सन् २०१४ मा कोरियामा भएको अण्डर ट्वेन्टी थ्री एसियन च्याम्पियनसिप गेममा प्रतिवादी सागर थापा, सन्दिप राईसमेतका खेलाडीहरू सहभागी भएको र सो समयमा मलेसियन नागरिक केसवन पट्टान (KESAVAN PATTAN) ले सन् २०१३।०८।२६ मा अन्जन के.सी.को नाममा रू.३०,३८५।५८, सन् २०१३।०२।२४ मा अन्जन के.सी. को नाममा रू.२७,८२३।०३, सन् २०१३।०९।०३ मा अन्जन के.सी.को नाममा रू.७०,३४४।८१, विदेशी मनिमुथु अरूमुङ्गम (MANIMUTHU ARUMUNGAM) ले सन् २०१३।०४।१० मा रू.३०,१११।१७ रकम अन्जन के.सी.को नाममा पठाएको देखिनुले उल्लिखित प्रतिवादीहरूले म्याच फिक्सिङ गरी खेल खेलेको कुरालाई प्रस्ट गर्दछ । प्रतिवादी खेलाडीहरूमध्ये अन्जन के.सी. डिफेन्डर तथा प्रशिक्षक रहेको, खेलमा प्रतिवादी सागर थापा डिफेन्डर, विकाससिंह क्षेत्री डिफेन्डर, सन्दिप राई मिड फिल्डर तथा रितेश थापा गोलकिपरको भूमिकामा खेलमा सहभागी रहेको अवस्थामा प्रतिवादी सागर थापा, विकाससिंह

क्षेत्रीसमेतले विपक्षीलाई गोल हान्न दिनमा सहयोग पुऱ्याउने, सन्दिप राईले गोल नहान्ने, रितेश थापाले गोल खाने गरी मिलोमतोमा म्याच फिक्सिङ गरी खेल खेलेको प्रस्ट हुन आउँछ । प्रतिवादी डेजिब थापा सन् २००९ मा बंगलादेशको ढाकामा भएको साफ च्याम्पियनसिप र सन् २०१२ मा भारतमा भएको नेहरू गोल्ड कप फुटबल प्रतियोगितामा नेपाली राष्ट्रिय टिमको फिजियो थेरापिष्ट रहेको र रकम बुझेको देखिएको छ । प्रतिवादीहरू नेपाली राष्ट्रिय फुटबल टिमका पूर्वखेलाडीहरू विकाससिंह क्षेत्री र अन्जन के.सी.का साथै नेपाली राष्ट्रिय फुटबल टिमका क्याप्टेन सागर थापा, खेलाडीहरू सन्दिप राई र रितेश थापा एवं फिजियो थेरापिष्ट डेजिव थापाले छिमेकी राष्ट्र एवं मित्र राष्ट्रहरूमा आयोजना भएका अन्तर्राष्ट्रिय फुटबल तथा मैत्रीपूर्ण फुटबल खेलहरूमा नेपाली राष्ट्रिय फुटबल टिमबाट नेपाल राष्ट्रको प्रतिनिधित्व गरी खेल खेल्दा अवैध अन्तर्राष्ट्रिय कुख्यात एजेन्टहरू सिंगापुरका नागरिक विल्सन राज (WILLSON RAJ) र टिटानी परियासामी (TITANI PERIASAMY) एवं मलेसियन नागरिक केसवन पट्टान (KESAVAN PATTAN) समेतसँग सम्पर्क र साँठगाँठ गरी म्याच फिक्सिङ (MATCH FIXING) गरी नेपाल राष्ट्रको तर्फबाट खेल हार्ने योजना बनाई खेल हारेबापतमा विभिन्न माध्यमबाट नेपालमा रकम पठाउने एजेन्टहरूसँग रकम लिनु खानु गरी फुटबल खेल खेली पटक-पटक विदेशी भूमिमा नेपाल राष्ट्र र नेपालीको प्रतिष्ठाको रूपमा रहेको अन्तर्राष्ट्रिय तथा मैत्रीपूर्ण फुटबल खेल हारी नेपालको राष्ट्रिय झण्डा, राष्ट्रिय गान, राष्ट्रिय एकताको प्रतिकको रूपमा रहेको फुटबल खेल प्रेमी आम नेपाली जनताको स्वाभिमान र आत्मसम्मानमा चोट पुऱ्याई अन्तर्राष्ट्रिय फुटबलप्रति जनताहरूमा घृणा, द्वेष फैलाएको स्थापित हुन आएको हुँदा प्रतिवादीहरू सागर थापा, अन्जन के.सी., सन्दिप राई, विकाससिंह क्षेत्री, रितेश थापा र डेजिब थापाले गरेको उक्त कसुर / अपराध राज्य विरूद्धको (अपराध र सजाय) ऐन, २०४६ को दफा ३ को उपदफा ३.१ अनुसार राष्ट्र विप्लपको कसुर / अपराध गरेको पुष्टि भएको देखिँदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ३.१ बमोजिम जन्मकैदको सजाय गरिपाऊँ । फरार प्रतिवादी डेजिव थापाको हकमा सम्मानित अदालतबाटै कानूनबमोजिम समाह्वान म्याद जारी गरी पाउन अनुरोध छ। प्रस्तुत मुद्दामा अन्य खेलाडीहरूको म्याच फिक्सिङ (MATCH FIXING) गरी पाएको रकम बाँडफाँड गरी लिने कार्यमा संलग्नता रहे नरहेको अनुसन्धानबाट खुली नआएको, विदेशी एजेन्टहरू विल्सन राज (WILLSON RAJ PERUMAL), टिटानी परियासामी (TITANI PERIASAMY) एवम् केसवन पट्टान (KESAVAN PATTAN) ले पठाएको रकम लिने विनोद खड्का, बविता विष्ट, उत्सव पौडेल, नविन कार्की, शोभा के.सी. र सिकन्दर थापासमेतको हकमा प्रस्तुत मुद्दामा संलग्न रहेको भन्ने अवस्था हालको अनुसन्धानबाट नदेखिएको हुँदा निजहरूको हकमा पछि कहिँकतैबाट संलग्न रहेको भनी खुली आएका बखत कानूनबमोजिम गरिने बेहोरासमेत अनुरोध छ। नेपाली खेलाडीहरूलाई म्याच फिक्सिङ (MATCH FIXING) गराई खेलमा सहभागी गराउने कार्यमा संलग्न विदेशी एजेन्टहरू विल्सन राज (WILLSON RAJ), टिटानी परियासामी (TITANI PERIASAMY) र केसवन पट्टान (KESAVAN PATTAN) समेतको हकमा निजहरू नेपाल सरहदभित्र फेला परी पक्राउ भई आएका बखत कानूनबमोजिम गरिने बेहोरासमेत अनुरोध छ भन्नेसमेत बेहोराको अभियोग मागदाबी।

म सन् २००३ देखि राष्ट्रिय फुटबल टिममा रही खेल्न थालेको हुँ। सन् २००९ देखि हालसम्म उक्त टिमको कप्तानको रूपमा जिम्मेवारी सम्हाल्दै आएको छु । सन् २००३ मा एसियन क्वालिफाइङ राउन्ड दक्षिण कोरिया, यसैको सेकेन्ड राउन्ड

ओमानमा, वर्ल्डकप क्वालिफाइङ राउन्ड जोर्डन, नेपाल र ओमानमा, साफ च्याम्पियनसिप पाकिस्तान, भारत, बंगलादेश, माल्दिभ्स र नेपाललगायतका देशमा विभिन्न मितिमा खेलेको छु । सन् २००३ मा भएको एसियन क्वालिफाइङ राउन्डमा ओमानसँग ७/०, भियतनामसँग ५/०, दक्षिण कोरियासँग १६/० गोलले पराजित भएका हौं भने यसैको सेकेण्ड म्याचमा ओमानसँग ६/०, दक्षिण कोरियासँग ७/० र भियतनामसँग २/० गोलले पराजित भएको हौं। त्यस्तै साफ च्याम्पियनसिपमा भारतसँग २/१ र बंगलादेशसँग २/० ले पराजित भएका हौं भने सन् २००५ मा भुटानलाई ३/० ले पराजित गरेको हो । अहिले याद भएका खेलहरू यिनै हुन् । विदेशमा खेल खेल्न जाँदा प्रशिक्षक, सहायक प्रशिक्षक र म्यानेजर पनि हाम्रो टिममा हामीसँगै हुनुहुन्थ्यो। हामी खेल्दादेखि कमजोर रहेको नेपाली फुटबल टिमलाई फिफाको वरियतामा १३४ औं स्थानमा ल्याई सार्क क्षेत्रमै पहिलो नम्बरमा ल्याएका हौं । हामीले म्याच फिक्सिङ (MATCH FIXING) गरेको होइनौं र रकम लिएको भनेर स्वीकार गरेका छैनौं । मैले विल्सन राज (WILLSON RAJ) नामका व्यक्तिलाई चिनेको पनि छैन र भेटेको पनि छैन। अडियो तथा भिडियो रेकर्ड गर्दा डर त्रास देखाई धम्काएर गराइएको हो । आफ्नो स्वेच्छाले भनेको होइन । मैले म्याच फिक्सिङ (MATCH FIXING) गर्ने, रकम लिने, विदेशी एजेन्टसँग साँठगाँठ गर्ने कुनै काम गरेको छैन। म निर्दोष हुँदा सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी सागर थापाले विशेष अदालत काठमाडौंमा मिति २०७२।०७।२३ मा गरेको बयान।

म सन् २००७ देखि राष्ट्रिय फुटबल टिममा रही खेल सुरूवात गरेको हुँ । वर्ल्डकप क्वालिफाइङ राउन्ड ओमानअन्तर्गत २००७ र २००८ मा कम्बोडियामा च्यालेन्ज कप खेलेको, २००८ मै माल्दिभ्समा साफ च्याम्पियनसिप, हैदरावादमा २००८ मा च्यालेन्ज कपको फाइनल राउन्ड, २००९ मा बंगलादेशमा साफ च्याम्पियनसिप र २०१० मा च्यालेन्ज कप, २०११ मा नयाँ दिल्लीमा साफ च्याम्पियनसिपलगायतका विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेल खेलेको छु । राष्ट्रिय टिमको खेलाडीको हैसियतमा खेल खेल्दा देशलाई जिताउन शतप्रतिशत प्रयत्न गरेको थिएँ । वर्ल्डकप क्वालिफाइङअन्तर्गतको ओमानसँगको दुवै म्याचमा ०/२ को अन्तरले खेल हारेको, कम्बोडियामा भएको खेलमा मकाओलाई ३/२ को अन्तरले खेल जितेको, कम्बोडियालाई १/० अन्तरले जितेको, २००८ मा माल्दिभ्समा भारतसँग ०/४ ले र माल्दिभ्ससँग १/३ ले हारेको, पाकिस्तानसँग ४/० ले जितेको र हैदरावादमा म्यानमारसँग ०/३ ले हारेको, उत्तर कोरियासँग १/० ले हारेको र श्रीलंकालाई ३/० ले जितेको हो। २००९ मा साफ च्याम्पियनसिपमा माल्दिभ्ससँग १/१ ले बराबरी, भारतसँग १/० ले हारेको र अफगानिस्तानलाई ३/० ले जितेको हो । २०११ मा साफ च्याम्पियनसिपमा माल्दिभ्ससँग १/१ ले बराबरी भएको, बंगलादेशसँग १/० ले जितेको, पाकिस्तानसँग १/१ ले बराबरी भएको र सेमिफाइनलमा अफगानिस्तानसँग ०/१ ले हारेको हो। मैले म्याच फिक्सिङ (MATCH FIXING) गरी कुनै रकम लिई खेल खेलेको छैन। आफूले सक्दो राम्रो खेल खेलेको छु। अनुसन्धानको क्रममा लिइएको अडियो तथा भिडियो रेकर्डको सि.डि.मा भएको बेहोरा मलाई देखाएको थिएन। केलङ्ग किङ्स (KELONG KINGS) नामक पुस्तकमा सन् २००८ मा नेपाल र सेरालियोन बिचको खेलमा म्याच फिक्सिङ (MATCH FIXING) गरी खेलेको भनेर लेखिएको सम्बन्धमा मलाई थाहा छैन। मैले विदेशी एजेन्टसँग मिली म्याच फिक्सिङ (MATCH FIXING) गर्ने काम गरेको छैन। राष्ट्रको गौरव र स्वाभिमानको लागि दिलोज्यान दिएको र कुनै कसुर नगरेको हुँदा अभियोगदाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी सन्दिप राईले विशेष अदालत काठमाडौंमा मिति २०७२।०७।२३

गरेको बयान।

म सन् २००७ को अन्तिमतिरबाट राष्ट्रिय फुटबल टिममा छनौट भई खेल्न सुरू गरेको हुँ। सो समयदेखि मैले मलेसिया, फिलिपिन्स, माल्दिभ्सको साफ च्याम्पियनसिप, कम्बोडियामा ए.एफ.सि. च्यालेन्ज कप (A.F.C. CHALLENGE CUP), वर्ल्डकप क्वालिफाइङ जोर्डनमा, भारतमा नेहरू कप र साफ च्याम्पियनसिप, नेपालमा टिमोर, उत्तर कोरिया र भुटान विरूद्धका खेलहरू खेलेको छु। अनुसन्धान अधिकृतसमक्ष भएको मेरो बयान बेहोरा मैले भनेबमोजिम लेखिएको हो। मलाई म्याच फिक्सिङ (MATCH FIXING) को बारेमा धेरै जानकारी छैन तर २ वटा टिम मिलेर खेल्नुलाई म्याच फिक्सिङ (MATCH FIXING) भनिन्छ। मैले कोही कतैबाट केही रकम पाएको छैन र अरू साथीहरूले के-कति रकम पाए सो बारेमा मलाई थाहा भएन। हालको नेपालको फिफा वरियताक्रम तल झर्नुको कारण नेपाल जहिले पनि आफूभन्दा फिफा वरियताको राम्रो टिमहरूसँग खेलेर हो कि जस्तो लाग्छ। म नेपालको खेलाडी भएर खेल्दा सधैँ राष्ट्रिय झण्डा छातीमा राखेर खेल्नुपर्दा मलाई गर्व लाग्दथ्यो। मैले आजसम्म नेपालको प्रतिनिधित्व गरी खेलेजतिका खेलहरूमा मेरो मन, वचन र कर्मले राष्ट्रप्रति जिम्मेवार भई खेलेको हुनाले झुट्टा आरोप दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी विकाससिंह क्षेत्रीले विशेष अदालत काठमाडौंमा मिति २०७२।०७।२३ मा गरेको बयान।

म सन् २००५ देखि २००९ सम्म खेलाडीको रूपमा कार्यरत थिएँ। त्यसपछि स्थानीय थ्रीस्टार क्लबमा प्रशिक्षकको रूपमा कार्यरत छु। सन् २००५ मा कराँचीमा भएको साफ च्याम्पियनसिपमा सुरू खेल भुटानसँग खेलेकोमा ३/० ले जितेको, बंगलादेशमा खेलेको ए.एफ.सि. च्यालेन्ज कप (A.F.C. CHALLENGE CUP) मा भारतलाई जितेको, श्रीलंकासँग बराबरी भएको, ब्रुनाइसँग २/१ ले हारेको हो। २००६ मा श्रीलंकामा खेलेको साफ गेममा भारतलाई जिती तेस्रो स्थानमा रहेको हो। २००७ मा जोर्डनमा भएको वर्ल्डकप क्वालिफाइङमा २/० ले ओमानसँग हारेको हो। सन् २००९ मा बंगलादेशमा भएको साफ गेममा अफगानिस्तानलाई ३/० ले जितेको, माल्दिभ्ससँग बराबरी (१/१) मा रहेको र भारतसँग १/० ले हारेको हो। सन् २००८ मा मरडेका कप फुटबलमा क्वालिफाई हुन नसकेको हो। मैले फुटबल खेल्ने समयमा विदेशी क्लबमा ट्रायल गर्नको लागि बोलाएको थियो। त्यसै क्रममा मलाई पैसा पठाएको हो। तर म चोट (INJURY) को कारणले सन् २०१० देखि खेल खेल्न सकिन। जुन मानिसले मलाई पैसा पठाएको थियो त्यो मानिस केसभनसँग राम्रो मित्रता भएको कारणले कहिलेकाहीँ मैले उसलाई पस्मिना, हस्तकलाका सामान (HANDICRAFT) र ग्रीन टी आदि सामान पठाइदिन्थेँ र त्यसबापत उसले पैसा पठाइदिन्थ्यो। वेस्टर्न युनियन मनि ट्रान्सफर (WESTERN UNION MONEY TRANSFER) र साइबर मनि ट्रान्सफर (CYBER MONEY TRANSFER) बाट आएको रकम त्यसरी नै आएको हो। सन् २००९ पछि मैले कुनै गेम खेलेको छैन, राष्ट्रिय टिममा आबद्ध पनि छैन र राष्ट्रिय टिमको प्रशिक्षकको हैसियतले कतै गएको पनि छैन। सन् २००८ मा मर्डेका कप खेलमा अमेरिकी डलर ५,००० (पाँच हजार) लिई २/२ को बराबरीमा खेल हारेको भन्ने आरोप झुट्टा हो। प्रहरीले सोधपुछको क्रममा मलाई सुतिरहेको बेलामा उठाई महेन्द्र पुलिस क्लबमा लागि रितेश थापाको भिडियो देखाएर मलाई पनि जबरजस्ती बोल्न लगाई भिडियो लिएको हो। केलङ किङ्स (KELONG KINGS) नामक पुस्तकमा नेपाल र सेरालियोनबिचको खेलमा ३/१ को म्याच फिक्सिङ (MATCH FIXING) गरी खेलेको भनी लेखिएको पुस्तकको बारेमा मलाई केही थाहा छैन। मैले आफ्नो पढाई, परिवार, करिअर त्यागेर सानैदेखि देशकै लागि केही योगदान गर्न

फुटबलको क्षेत्रमा लागी आफ्नो तर्फबाट सक्दो प्रयास गरी विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा जितसमेत हासिल गरी राष्ट्रको गौरव बढाउने काम गरेकोमा राष्ट्रहितविपरीतको आरोपले मेरो मन पनि छियाछिया पारेको छ । राष्ट्रका लागि खेल खेलेको र राष्ट्रघात नगरेको हुँदा झुट्टा आरोपबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी अन्जन के.सी.ले विशेष अदालत काठमाडौंमा मिति २०७२।०७।२३ मा गरेको बयान।

म वि.सं. २०६० अर्थात् सन् २००३ मा थ्रीस्टार क्लबबाट उत्कृष्ट गोलकिपरको पुरस्कार पाएपछि प्रहरी क्लबले बोलाएकोले खेलाडीको हैसियतमा प्रहरी सेवामा प्रवेश गरी प्रहरीकै रूपमा देशको सेवा गरेको छु । खेलाडीको रूपमा प्रवेश गरेपश्चात् हालसम्म १५/१६ वटा जति अन्तर्राष्ट्रिय खेल खेलेको छु। जसमा एसियन क्वालिफाइङअन्तर्गत ओमान र कोरियासँग खेलेको हुँ । सो खेलमा ओमनसँग ६/० ले खेल हारेको हो । सन् २००५ मा पाकिस्तानमा भएको साफ च्याम्पियनसिप (SAAF CHAMPIONSHIP) मा भुटानलाई ३/० ले जितेको हो । सन् २००६ मा श्रीलंकामा भएको साफ गेम (SAAF GAME) मा मेरो कप्तानीमा नेपालले कास्य पदक प्राप्त गरेको थियो। सन् २००८ मा मलेसियामा भएको मर्डेका कपमा अफगानिस्तानसँग २/२ को बराबरी र मलेसियासँग ०/४ गोल अन्तरले खेल हारेको थियो। सन् २००७ मा कम्बोडियामा भएको ए.एफ.सि. च्यालेन्ज कप (A.F.C. CHALLENGE CUP) मा मकाओलाई ३/२ र कम्बोडियालाई १/० ले हराएको, माल्दिभ्समा भएको साफ च्याम्पियनसिप (SAAF CHAMPIONSHIP) मा भारतसँग हारेको, पाकिस्तानलाई ४/० ले जितेको हो । सन् २०१२ मा भारतमा भएको नेहरू कपमा माल्दिभ्ससँग २/१ ले हारेको र क्यामरूनसँग ५/० ले खेल हारेको हो । त्यसपछि वैकल्पिक खेलाडीको रूपमा मात्र टिममा छु । राष्ट्रिय खेल खेलेको छैन । मसमेतले विभिन्न देशमा भएका अन्तर्राष्ट्रिय स्तरका फुटबल खेलमा म्याच फिक्सिङ (MATCH FIXING) गरी टिमलाई हराई रकम खाने गरेको भन्ने आरोप सरासर झुट्टा हो। म एउटा राष्ट्रसेवक प्रहरी कर्मचारीसमेत भएकोले नेपाली जनता, नेपाली फुटबल समर्थक र नेपालको राष्ट्रिय स्वाभिमान र गौरव बढाउने उद्देश्यले प्रत्येक खेलमा आफ्नो शतप्रतिशत प्रयत्न लगाएको छु। कुनै धन आर्जन गर्नको लागि राष्ट्रद्रोही काम गरेको छैन। मलाई वेस्टर्न युनियन मनि ट्रान्सफर (WESTERN UNION MONEY TRANSFER) बाट आएको पैसा म्याच फिक्सिङ (MATCH FIXING) को लागि आएको होइन। उक्त पैसा कम्बोडियामा भएको ए.एफ. सि. च्यालेन्ज कप (A.F.C. CHALLENGE CUP) खेल्ने क्रममा कम्बोडिया विरूद्ध उत्कृष्ट खेलेर १/० ले जितेपश्चात् त्यहाँको स्थानीय क्लबबाट कम्बोडियाको फुटबल लिग खेल्नको लागि अफर गरेकोले सोबापत विदेशी एजेन्टमार्फत मलाई पठाइदिएको हो । जुन खबर नेपाली सञ्चार माध्यममा पनि प्रकाशित भएको थियो । म र मेरो भाइले बुझेको भन्ने सिंगापुरका नागरिक TITANI PERIASAMY ले पठाएको रकम अन्तर्राष्ट्रिय क्लबहरूमा खेल्नको लागि आएको अफरबमोजिम टिकट र एड्भान्सको रूपमा आएको रकम हो। सन् २००८ मा मर्डेका कप खेलमा अमेरिकी डलर ५,००० (पाँच हजार) लिई २/२ को बराबरीमा खेलेर म्याच फिक्सिङ (MATCH FIXING) भन्ने आरोप झुट्टा हो । अनुसन्धानको क्रममा बयान गर्दा म्याच फिक्सिङ (MATCH FIXING) गरेको भनी स्वीकारेको छैन । जबरजस्ती मानसिक तनाव दिई भन्न लगाएको हो । मैले कुनै कसुर नगरेकोले झुट्टा आरोप दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी रितेश थापाले विशेष अदालत काठमाडौंमा मिति २०७२।०७।२३ मा गरेको बयान।

विशेष अदालत ऐन, २०५९ को दफा ७ (घ) बमोजिम प्रतिवादीहरू अन्जन के.सी., रितेश

थापा, सन्दिप राई र विकास सिंह क्षेत्रीबाट जनही रू.५,००,०००।- (पाँच लाख रूपैयाँ) र प्रतिवादी सागर थापाबाट रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) धरौटी माग गरिएको छ । सो धरौटी नगदै वा सो खाम्ने जेथा जमानत वा बैंक ग्यारेन्टी दिए लिई तारेखमा राख्नु र सो दिन नसके कानूनबमोजिम सिधा खान पाउने गरी मुलुकी ऐन अ.बं.१२१ नं. बमोजिम थुनुवा पुर्जी दिई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्नेसमेत बेहोराको विशेष अदालत काठमाडौंबाट मिति २०७२।०७।२४ मा भएको थुनछेक आदेश।

विशेष अदालतको आदेशबमोजिम प्रतिवादीहरू अन्जन के.सी., रितेश थापा, सन्दिप राई र विकाससिंह क्षेत्रीबाट जनही रू.५,००,०००।- (पाँच लाख रूपैयाँ) र प्रतिवादी सागर थापाबाट रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) का दरले माग भएको धरौटी निज प्रतवादीहरूले क्रमशः विशेष अदालतको र.नं. ३२७६, ३२७७, ३२७९, ३२८० र ३२७८ मिति २०७२।०७।२४ का धरौटी रसिदबाट दाखिल गरी अदालतले तोकेको तारेखमा रूजु हाजिर हुने छु नभई तारेख गुजारेमा धरौटी रकम जफत भएमा मन्जुरी छ भनी मुलुकी ऐन, अ.बं. १२४ क नं. बमोजिम कागज गरी तारेखमा रही मुद्दाको पुर्पक्ष गरी आएको।

अभियोगपत्र मागबमोजिम प्रतिवादी डेजिब थापाका नाममा विशेष अदालतबाट जारी भएको समाह्वान म्याद मिति २०७२।१०।११ मा निज प्रतिवादीको घरदैलोमा टाँस भई रीतपूर्वक तामेल भएकोमा निज प्रतिवादीले सो सुरू म्यादै गुजारी प्रतिवाद नगरी बसेको।

वादी पक्षका साक्षीहरू विशेष सरकारी वकिल कार्यालयमार्फत र प्रतिवादीका साक्षीहरू प्रतिवादीहरूमार्फत उपस्थित गराई उपस्थित भएपछि बकपत्रको लागि पेस गर्नु भन्ने विशेष अदालत काठमाडौंबाट मिति २०७२।१२।१२ मा भएको आदेश।

मिति २०७२।०६।२७ मा मसमेतले चढाएको प्रहरी प्रतिवेदनको बेहोरा ठीक साँचो हो। सो प्रतिवेदनमा भएको सहीछाप हामीहरूको हो भन्नेसमेत बेहोराको एकै मत मिलानको दिपेश कौशिक, रञ्जित लामा, सुदीपराज पाठक, बालकृष्ण सञ्जेल र केशवबहादुर गुरूङका बकपत्रहरू तथा अनुसन्धानको क्रममा मिति २०७२।०६।१७ मा भएको मेरो बयान कागजमा भएको बेहोरा गलत छन् भने सहीछाप भने मेरो आफ्नै हो भन्नेसमेत बेहोराको शोभा के.सी.को बकपत्र।

प्रतिवादीले पैसाको लागि म्याच फिक्सिङ गरे भन्ने कुरामा विश्वास लाग्दैन। यो कुरा आरोप मात्र हो भन्नेसमेत बेहोराको करिब एकै मत मिलानको प्रतिवादी रितेश थापाको साक्षी सुजन कार्की, प्रतिवादी सन्दिप राईको साक्षी उत्तमराज थापा, प्रतिवादी विकास सिंह क्षेत्रीको साक्षी किरण खड्का, प्रतिवादी सागर थापाको साक्षी सुरज फुयाँल क्षेत्री र प्रतिवादी अन्जन के.सी.को साक्षी उमेश नकर्मीले गरेका बकपत्रहरू मिसिल सामेल रहेका।

अभियोगपत्रको सबुद प्रमाण खण्डको दसी प्रमाण खण्डमा उल्लिखित सि.डि. थान-३ समेत मिसिल साथै रहेका।

अभियोग दाबीमा वि.सं.२०६५ देखि २०७१ सम्मको अवधिमा यी प्रतिवादीहरूको मिलोमतोमा अन्तर्राष्ट्रिय कुख्यात व्यक्तिहरूसँग साँठगाँठ गरी मोटो रकम लिई म्याच फिक्सिङ (Match fixing) गरी नेपाल र नेपाली जनतालाई धोका दिई नेपालको बेइज्जत गरेको भन्ने मुख्य आरोप गरेको पाइन्छ। तर सो अवधिमा नेपालमा फुटबल खेलमा हुने म्याच फिक्सिङ (Match fixing) लाई कसुर कायम गर्ने कुनै कानून प्रचलनमा रहेको पाइएन। मूलतः स्वच्छ प्रतिस्पर्धामा खेलिने खेलको नतिजा अनिश्चित हुने र म्याच फिक्सिङ (Match fixing) भएको खण्डमा

चाहेअनुसारको खेलको नतिजा निकाल्नका लागि विभिन्न अनियमित किसिमका व्यवस्था गर्ने, खेल कुन टिमले जित्छ भन्ने बाजी राखी बाजी जिताउन वा हराउन सहयोग पुऱ्याउने र अन्ततः गैरकानूनी किसिमबाट रकम आर्जनको चाँजोपाँजो मिलाउने कार्य हो । यी सबै गैरकानूनी कार्य रोक्ने कुनै कानून सो अवधिमा प्रचलनमा रहेको पाइएन । २०७५ साल भाद्र १ गतेदेखि प्रारम्भ भएको मुलुकी अपराध संहिता, २०७४ मा म्याच फिक्सिङ (Match fixing) लाई कसुर कायम गरेर सजायको व्यवस्थासमेत गरिएको तथ्यले पनि यसभन्दा अगाडि यस किसिमको कानूनी व्यवस्था नरहेको भन्ने कुराको थप पुष्टि भएको छ । प्रतिवादीहरूले म्याच फिक्सिङ (Match fixing) गरी आरोप पत्रमा दाबी लिइएको जस्तो मोटो रकम प्राप्त गरेकै भए पनि उक्त रकम आफूलाई गैरकानूनी फाइदा पुऱ्याउने नियतबाट प्राप्त गरेको हुनुपर्दछ । अभियोजन पक्षले त्यस किसिमको दाबी लिएको पाइँदैन । यसरी प्रतिवादीहरूले म्याच फिक्सिङ (Match fixing) गरी राज्य विरूद्ध अपराध गरे भनिएको समयमा म्याच फिक्सिङ (Match fixing) लाई कसुर कायम गरेको कानून प्रचलनमा नै नभएको, नेपालको संविधानको धारा २० को उपधारा (४) मा तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी हुने छैन भन्ने व्यवस्था भएअनुसार प्रतिवादीहरूउपरको आरोप दाबी पुग्न सक्ने देखिएन । त्यसैगरी राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३.१ को कसुर अर्थात् राष्ट्र विप्लवको कसुरअन्तर्गतको कसुर पनि प्रतिवादीहरूले गरे भनिएको कार्य पर्नसक्ने अवस्था नदेखिएको हुँदा आरोपित दाबीबाट प्रतिवादीहरूले सफाइ पाउने ठहर्छ भन्नेसमेत बेहोराको विशेष अदालत काठमाडौंको मिति २०७५।०२।२४ को फैसला ।

प्रतिवादीहरू अन्जन के.सी., सन्दिप राई, सागर थापा, विकाससिंह क्षेत्री, रितेश थापा र डेजिब थापाले विभिन्न मित्र राष्ट्रहरूमा आयोजना भएका मैत्रीपूर्ण एवं अन्तर्राष्ट्रिय फुटबल खेलहरूमा नेपाल र नेपाली जनताको तर्फबाट नेपाल राष्ट्रको प्रतिनिधित्व गरी नेपालको झण्डा र राष्ट्रिय गानको सपथ खाई फुटबल खेल खेल्दा प्रतिवादीहरूले अवैध अन्तर्राष्ट्रिय एजेन्ट Titani periasamy Wilsonraj Perumal र Kesavan Pattan सँग साँठगाँठ गरी म्याच फिक्सिङ गरी नेपाल राष्ट्रको तर्फबाट खेल हार्ने योजना बनाई रकम लिनुखानु गरी फुटबल खेल खेली पटक-पटक विदेशी भूमिमा नेपाल र नेपालीको प्रतिष्ठाको रूपमा रहेको मैत्रीपूर्ण तथा अन्तर्राष्ट्रिय खेल हारी विदेशी भूमिमा राष्ट्रिय झण्डा, राष्ट्रिय गान, राष्ट्रको स्वाभिमानको रूपमा रहेको फुटबल खेलप्रति नै जनतामा घृणा द्वेष फैलाएको कार्य स्थापित हुन आएको हुँदा प्रतिवादीहरूले गरेको उक्त कसुर अपराध राज्य विरूद्धको (अपराध र सजाय) ऐन, २०४६ को दफा ३ को उपदफा (१) अनुसार राष्ट्र विरूद्धको कसुर अपराध गरेको पुष्टि भएकोले विशेष अदालतबाट मिति २०७५।०२।२४ मा भएको फैसला त्रुटिपूर्ण भई बदरभागी भएकाले उक्त फैसला बदर गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा दायर भएको पुनरावेदन ।

यस अदालतको ठहर

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री अर्जुनप्रसाद कोइरालाले प्रतिवादीहरूले नेपालको राष्ट्रिय फुटबल टिमबाट विभिन्न अन्तर्राष्ट्रिय तथा मैत्रीपूर्ण फुटबल खेल खेल्दा राष्ट्रको प्रतिनिधित्व गर्दै खेल्न गएको, त्यसरी प्रतिनिधित्व गर्दा राष्ट्रिय झण्डा फहराइने, राष्ट्रिय गीत बजाइने र गाउने हुन्छ । यस्तोमा विभिन्न व्यक्तिहरूसँग साँठगाँठ गरी निश्चित परिणाम आउने र

फुटबल खेल हार्ने गरी म्याच फिक्सिङमा संलग्न रही रकम लिएको र यसरी खेल हारी राज्यको प्रतिष्ठामा आँच पुग्ने गरी राज्य विरूद्धको अपराध गरेकाले विशेष अदालतको फैसला उल्टी गरी अभियोग दाबीबमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाउँ भनी बहस गर्नुभयो।

पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताले गर्नु भएको बहस सुनी सम्बन्धित मिसिल अध्ययन गरी हेर्दा देहायका विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१. प्रतिवादीहरूले के-कस्तो कार्य गरेको भन्ने आरोप छ ?
२. प्रतिवादीहरूले गरेको भनिएको उल्लिखित कार्यमा अभियोग पत्रमा उल्लेख भए जस्तो राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३(१) आकर्षित हुन सक्ने हो वा होइन।
३. प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरेको विशेष अदालतको फैसला मिलेको छ वा छैन र नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन।

२. सर्वप्रथम **प्रतिवादीहरूले के-कस्तो कार्य गरेको भन्ने आरोप छ** भन्ने प्रश्नतर्फ हेर्दा, नेपालको राष्ट्रिय फुटबल टिमका खेलाडीहरूले सन् २००८ देखि २०१४ सम्मको अवधिमा छिमेकी मित्रराष्ट्रहरूमा तथा अन्तर्राष्ट्रिय स्तरमा फुटबल खेल्दा राष्ट्रिय स्वाभिमान र आत्मसम्मानमा चोट पुऱ्याउने उद्देश्यले म्याच फिक्सिङमा संलग्न रहेको भन्ने गोप्य सूचनाको आधारमा अनुसन्धान गर्दा त्यसो गरेको देखिएको भन्दै केही खेलाडीहरूलाई पक्राउसमेत गरी मिति २०७२।६।२७ मा पेस गरेको प्रतिवेदनबाट प्रस्तुत मुद्दाको अनुसन्धान सुरू भएको देखिन्छ । सोही अनुसन्धान अघि बढी प्रतिवादीहरू अर्थात् नेपाली राष्ट्रिय फुटबल टिमका पूर्वखेलाडीहरू विकाससिंह क्षेत्री र अन्जन के.सी.का साथै नेपाली राष्ट्रिय फुटबल टिमका क्याप्टेन सागर थापा, खेलाडीहरू सन्दिप राई र रितेश थापा एवं फिजियो थेरापिष्ट डेजिब थापाले छिमेकी राष्ट्र एवं मित्र राष्ट्रहरूमा आयोजना भएका अन्तर्राष्ट्रिय फुटबल तथा मैत्रीपूर्ण फुटबल खेलहरूमा नेपाली राष्ट्रिय फुटबल टिमबाट नेपाल राष्ट्रको प्रतिनिधित्व गरी खेल खेल्दा अवैध अन्तर्राष्ट्रिय कुख्यात एजेन्टहरू सिंगापुरका नागरिक विल्सन राज (WILLSON RAJ) र टिटानी पेरियासामी (TITANI PERIASAMY) एवं मलेसियन नागरिक केसवन पट्टान (KESAVAN PATTAN) समेतसँग सम्पर्क र साँठगाँठ गरी म्याच फिक्सिङ (MATCH FIXING) गरी नेपाल राष्ट्रको तर्फबाट खेल हार्ने योजना बनाई खेल हारेबापतमा विभिन्न माध्यमबाट नेपालमा रकम पठाउने एजेन्टहरूसँग रकम लिनु खानु गरी फुटबल खेल खेली पटक-पटक विदेशी भूमिमा नेपाल राष्ट्र र नेपालीको प्रतिष्ठाको रूपमा रहेको अन्तर्राष्ट्रिय तथा मैत्रीपूर्ण फुटबल खेल हारी नेपालको राष्ट्रिय झण्डा, राष्ट्रिय गान, राष्ट्रिय एकताको प्रतीकको रूपमा रहेको फुटबल खेल प्रेमी आम नेपाली जनताको स्वाभिमान र आत्मसम्मानमा चोट पुऱ्याई अन्तर्राष्ट्रिय फुटबलप्रति जनताहरूमा घृणा, द्वेष फैलाएको स्थापित हुन आएको हुँदा प्रतिवादीहरू सागर थापा, अन्जन के.सी., सन्दिप राई, विकाससिंह क्षेत्री, रितेश थापा र डेजिब थापाले गरेको उक्त कसुर राज्य विरूद्धको (अपराध र सजाय) ऐन, २०४६ को दफा ३ को उपदफा (१) अनुसार राष्ट्र विप्लवको कसुर गरेको पुष्टि भएको देखिँदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ३.१ बमोजिम जन्मकैदको सजाय गरिपाउँ भन्ने अभियोगपत्र विशेष अदालतसमक्ष पेस भएको देखिन्छ। प्रतिवादीहरूउपर सो आरोप लगाउँदा अभियोजन पक्षले प्रतिवादीहरूको तत्काल लिइएको अडियो / भिडियो रेकर्ड, सन् २००९ को डिसेम्बर १३ देखि २०१३ को अप्रिल १० सम्म (वि.सं. २०६६ साल मङ्सिर १३ देखि २०६९

साल चैत्र २८ सम्म) विभिन्न मितिमा वेस्टर्न युनियन मनि ट्रान्सफर (WESTERN UNION MONEY TRANSFER) र साइबर मनि ट्रान्सफर (CYBER MONEY TRANSFER) बाट रकम प्राप्त गरेको विवरण, प्रतिवादीहरूको बयान, महानगरीय अपराध शाखा (METROPOLITAN CRIME DIVISION), काठमाडौंले एसियन फुटबल कन्फेडरेसन (ASIAN FOOTBAL CONFIDERATION-AFC) लाई लेखेको पत्र र एसियन फुटबल कन्फेडरेसन (ASIAN FOOTBAL CONFIDERATION-AFC) को पत्र जवाफसमेत, विल्सन राज पेरूमलले सेरालियोन विरूद्ध नेपालले खेल खेल्दा म्याच फिक्सिङ गरी खेल खेलेको भन्नेसमेत बेहोरा प्रकाशित भएको केलङ किङ्गस (KLONG KINGS) नामक पुस्तकको अंशभागसमेतलाई आधार लिएको देखिन्छ।

३. माथि उल्लिखित माध्यमबाट रकम ट्रान्सफर भएको र सो रकम आफूहरूले बुझेको कुरालाई प्रतिवादीमध्येका अन्जन के.सी. र रितेश थापाले अदालतमा समेत स्वीकार गरेको पाइन्छ भने रकम बुझेको कुरा स्वीकार्दै रितेशका भाइ सिकन्दर के.सी. र अन्जनकी आमा सोभा के.सी. समेतले कागज गरेको देखिन्छ। रकम आफैँले बुझ्नेमा अन्जन के.सी., रितेश थापा, डेजिब थापाको नाम छ भने यिनै खेलाडीका नातेदार र सम्पर्कका अन्य व्यक्तिहरू विनोद खड्का, बविता विष्ट, उत्सव पौडेल, नविन कार्कीसमेतले रकम बुझेको भन्ने पनि अभियोग पत्रमा उल्लेख भएको छ। मिसिलमा यी सबै कुरा देखिने अभिलेखहरू संलग्न छन्। यिनै आधारमा **"विदेशी भूमिमा नेपाल राष्ट्र र नेपालीको प्रतिष्ठाको रूपमा रहेको अन्तर्राष्ट्रिय तथा मैत्रीपूर्ण फुटबल खेल हारी नेपालको राष्ट्रिय झण्डा, राष्ट्रिय गान, राष्ट्रिय एकताको प्रतीकको रूपमा रहेको फुटबल खेलप्रेमी आम नेपाली जनताको स्वाभिमान र आत्मसम्मानमा चोट पुऱ्याई अन्तर्राष्ट्रिय फुटबलप्रति जनताहरूमा घृणा, द्वेष फैलाएको"** बाट यी प्रतिवादीहरूले राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ को ३.१ को कसुर गरेकोले सोही दफाअन्तर्गत सजाय हुनुपर्ने भन्ने माग अभियोजन पक्षले लिएको देखिन्छ।

४. अभियोजन पक्षको यो दाबीलाई विशेष अदालतले अस्वीकार गर्दै सो दफाअन्तर्गत प्रतिवादीहरूलाई सजाय गर्न नमिल्ने ठहराउँदै आरोपित दाबीबाट सफाइ पाउने फैसला गरेकोमा नेपाल सरकारको पुनरावेदन पर्न आएकोबाट **प्रतिवादीहरूले गरेको भनिएको उल्लिखित कार्यमा अभियोग पत्रमा उल्लेख भएजस्तो राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३(१) आकर्षित हुन सक्ने हो वा होइन** भन्ने दोस्रो प्रश्नतर्फ हेरौं। राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३ मा "राष्ट्र विप्लव" बारे व्यवस्था गर्दै सो दफाको उपदफा (१) मा देहायको व्यवस्था गरिएको छः

> **"कसैले नेपालको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गरेमा वा सो गर्ने उद्योग गरेमा निजलाई जन्मकैद हुने छ"।**

५. ऐनको नाम र प्रस्तावनाबाट नै स्पष्ट हुन्छ कि उल्लिखित ऐन राज्य विरूद्ध गरिने अपराध र सजायका सम्बन्धमा समयानुकूल व्यवस्था गर्न बनेको ऐन हो। वस्तुतः राज्य विरूद्धको कसुर राज्यको अस्तित्वसँग जोडिने हुँदा यो अत्यन्त गम्भीर प्रकृतिको कसुर हो। कुनै पनि राज्यको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने जस्ता कार्य अत्यन्त गम्भीर कार्य मानिन्छन्। कुनै पनि राष्ट्रले राष्ट्रद्रोहलाई सहँदैन। राष्ट्रद्रोह अर्थात् नियतपूर्वक राज्यको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने कार्यहरूलाई रोक्न र त्यस्तो अपराधमा संलग्न राष्ट्रद्रोहीलाई सजाय गर्न सकिएन भने राष्ट्रको

अस्तित्वमा नै सङ्कट पर्न जाने हुन्छ ।

६. यहाँ प्रतिवादीहरूउपर जुन दफा प्रयोग हुनुपर्ने दाबी गरिएको छ सो **"राष्ट्र विप्लव"** सँग सम्बन्धित दफा हो । सामान्य भाषामा **"विप्लव"** भन्नाले उत्पात, उपद्रव वा हलचल भन्ने बुझिन्छ। राष्ट्र विप्लव/राष्ट्रद्रोहलाई संकेत गर्न अंग्रेजीमा मिल्दाजुल्दा शब्दहरू SEDITION, UPRISING, INSURGENCY, INSURRECTION, REBILLION, PANDEMONIUM, आदि प्रयोग गरिन्छन् । यी सबै कार्यहरू अत्यन्त गम्भीर कार्यहरू हुन् । ऐनको दफा ३.१ ले "राष्ट्र विप्लव" अन्तर्गत **सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने** कार्यलाई कसुर कायम गरेको छ । यस्तो कार्य "नियतपूर्वक" गरिएको हुनुपर्ने ऐनको पहिलो सर्त हो भने त्यस्तो कार्यले राज्यमा "अव्यवस्था" को सिर्जना गरेको वा अव्यवस्था सिर्जना गर्ने उद्योग गरेको हुनुपर्ने ऐनको दोस्रो सर्त हो। दफा ३.१ मा प्रयुक्त "अव्यवस्था" शब्दले शान्ति र व्यवस्थामा खलल पार्ने कार्यलाई जनाउँछ । अव्यवस्था (DISORDER) सिर्जना हुँदा राष्ट्र वा त्यसको कुनै भागको नियमित व्यवहार, शान्ति र अमन चयन खलबलिन पुग्छ; अराजकताको स्थिति पनि सिर्जना हुन सक्छ । अव्यवस्था शब्दले कम्तीमा पनि कुनै न कुनै रूपको हिंसाजन्य वा उपद्रवी कार्य वा त्यसको परिणामलाई नै संकेत गर्छ।

७. अब प्रश्न उठ्छ, के प्रतिवादीहरूका कार्य "राष्ट्र विप्लव" का कार्यहरू हुन् त ? यसको उत्तर अवश्य पनि होइन भन्ने नै निस्कन्छ । हो, राष्ट्रलाई प्रतिनिधित्व गरेर विदेशमा खेल खेल्न जाने व्यक्तिहरूले राष्ट्रको भावनात्मक प्रतिनिधित्व गरेका हुन्छन् । उनीहरूले गर्ने कुनै गलत तथा अनुचित कार्यले अभियोग पत्रमा भने जस्तो **"नेपाली जनताको स्वाभिमान र आत्मसम्मान"** मा चोट पुग्छ । यहाँ रकम लेनदेनको जुन कुरा उठेको छ, रकम ट्रान्सफर भएको र बुझेको जुन प्रमाण जुटाइएको छ, जसरी केही खेलाडीहरूले रकम बुझेको कुरा अदालतमा समेत गरेका छन्, मिसिलमा जुन कुरा उठाइएको छ सो राष्ट्रिय लज्जाको विषय हो र यस्तो कार्यबाट राष्ट्रको शिर निहुरिन पुग्ने हुँदा यो सर्वथा अनुचित हो, यसमा कुनै द्विविधा छैन । मिसिल हेर्दा यी खेलाडीहरूमध्ये सागर थापालाई विश्व फुटवल सङ्घ (FIFA) ले आजीवन फुटबल खेल र सोसम्बन्धी कार्य गर्न प्रतिबन्ध लगाएको र सबै प्रतिवादीहरूलाई अखिल नेपाल फुटबल सङ्घले २०७२।६।२८ देखि मुद्दाको अनुसन्धान नसकिएसम्म फुटबलसम्बन्धी गतिविधि गर्नबाट रोकेको पनि संलग्न कागजहरूबाट देखिन्छ । फुटबल खेलाडीहरूले गरेका कार्यहरू एकै पटक फौजदारी कसुर र अनुशासन एवं मर्यादासँग सम्बन्धित कारबाही (CONCOURSE ACTION) का विषय हुन सक्छन् । यस्तोमा मिसिलमा उपलब्ध तथ्य प्रमाणको आधारमा सम्बन्धित निकायहरूले कानूनको परिधिभित्र रही आफूलाई प्राप्त अधिकारअन्तर्गत जहिले पनि अनुशासनात्मक कारबाही गर्न सक्छन् । तर कसुरसँग सम्बन्धित कुरा चाहिँ अदालत वा न्यायिक निकायले हेरी निरूपण गर्ने विषय हो । यहाँ स्पष्ट हुनुपर्ने कुरा के छ भने प्रस्तुत मुद्दा अनुशासनात्मक कारबाहीसँग सम्बन्धित मुद्दा होइन । अभियोग पत्रमा यी प्रतिवादीहरूलाई यो यस्तो अनुशासनात्मक कारबाही हुनुपर्ने भनी उल्लेख छैन । यहाँ त यी खेलाडीहरूले राज्य विरूद्धको कसुर अर्थात् "राष्ट्र विप्लव" गरे भन्ने आरोप लगाई जन्मकैदको सजायको माग गरिएको छ । त्यसैले विशेष अदालतमा अभियोग पत्रमा उल्लिखित कानून नै आकर्षित हुन्छ वा हुँदैन भन्ने प्रश्न उठेको र अदालतले मुद्दाको तथ्यभित्र पसी को-कसको हकमा आरोपित कार्य गरेको ठहर्छ र को-कसको हकमा ठहर्दैन भन्नेबारेमा नहेरी जुन कानूनमा आधारित भई सजायको माग गरियो सो कानून नै आकर्षित हुन्छ वा हुँदैन भन्ने प्रारम्भिक प्रश्नमा नै केन्द्रित भई फैसला गरेको देखिन्छ । जुन कानूनमा आधारित भई सरकार वादी बनी मुद्दा दायर गरिएको

छ, सो कानून आकर्षित नहुने भएमा अन्य प्रश्नमा प्रवेश गर्ने कुरा नै हुँदैन । त्यसैले को-कसको हकमा म्याच फिक्सिङ गरेको प्रमाणित हुन्छ र को-कसको हकमा प्रमाणित हुन सक्दैन भनी हेर्ने भन्दा पनि अभियोग पत्रले टेकेको कानून नै आकर्षित हुन्छ वा हुँदैन भन्ने प्रमुख प्रश्न हाम्रो सामुन्ने पनि खडा छ ।

८. यस दृष्टिबाट हेर्दा विवादित कार्य "राष्ट्र विप्लव" को कार्य होइन; यो म्याच फिक्सिङको कार्य हो; यसलाई राष्ट्र विप्लवको कार्य भन्न सकिँदैन भन्ने यस इजलासको पनि ठम्याई छ । विधायिका आफैँले म्याच फिक्सिङ (MACTH FIXING) को कार्य राष्ट्र विप्लवको कार्य हुँदैन भन्ने स्वीकार गरेर नै मुलुकी अपराध संहिता, २०७४ को दफा ५१ मा यसलाई **"राष्ट्र हित प्रतिकूलको कार्य"** भनी सो दफाको उपदफा (३) मा कसुर कायम गर्ने र उपदफा (४)(ख) मा सजायको व्यवस्था गरेको देखिन्छ । यसबाट अब विवादित कार्य **"राष्ट्र विप्लव"** रहेनछ र विवादित कार्य भएको अवधि अर्थात् सन् २००९ देखि २०१३ सम्म (अर्थात् वि.सं. २०६६ मंसिरदेखि २०६९ सालको चैत्रसम्म) सो कार्यलाई कसुर कायम गरी सजाय गर्ने कानून विद्यमान रहेनछ भन्नेमा द्विविधा रहेन ।

९. यसै सन्दर्भमा यी प्रतिवादीहरूले नेपाल र नेपाली जनताको तर्फबाट नेपाल राष्ट्रको प्रतिनिधित्व गरी नेपालको झण्डा र राष्ट्रिय गानको सपथ खाई फुटबल खेल खेल्दा अवैध अन्तर्राष्ट्रिय एजेन्टसँग साँठगाँठ गरी म्याच फिक्सिङ गरी पटक-पटक विदेशी भूमिमा राष्ट्रिय झण्डा, राष्ट्रिय गान, राष्ट्रको स्वाभिमानको रूपमा रहेको फुटबल खेलप्रति नै जनतामा घृणा द्वेष फैलाएको भन्ने जिकिर गर्दै प्रतिवादीहरूलाई सफाइ दिने विशेष अदालतको फैसला उल्टी हुनुपर्ने भन्ने जिकिर नेपाल सरकारको तर्फबाट पुनरावेदनमा लिइएको छ । विद्वान् उपन्यायाधिवक्ताले पनि यसै कुरालाई बहसको क्रममा उठाउनुभएको छ । यद्यपि यी प्रश्नहरूको संक्षिप्त उत्तर माथिल्ला प्रकरणहरूमा दिइसकिएको छ तर यस्तो प्रकृतिको विवाद नेपालमा पहिलो पटक उठेकोले अभियोग पत्रमा उल्लिखित कानून किन आकर्षित हुँदैन भन्ने कुराको सन्दर्भमा फौजदारी कानून र न्यायसँग सम्बन्धित केही सैद्धान्तिक र संवैधानिक प्रश्नहरूबारे विचार गर्नुसमेत वाञ्छनीय देखिन्छ ।

१०. वर्तमान संविधानको प्रस्तावनामा नै **"कानूनी राज्यको अवधारणा"** प्रतिको प्रतिबद्धतालाई स्वीकार गरिएको छ । कानूनी राज्यमा कानून नै सर्वोच्च हुन्छ र कानूनको स्पष्ट उल्लङ्घन गरेमा बाहेक कसैलाई पनि सजाय गरिँदैन । कार्यकारणीको स्वेच्छा, स्वविवेक वा स्वेच्छाचारितालाई कानून अधीनस्थ बनाउनु कानूनको शासनको प्रमुख उद्देश्य हो । कानूनी राज्यमा कानूनले छुट दिएको कुरालाई मात्र अधिकारको रूपमा स्वीकार गरिने नभई कानूनले स्पष्ट रोक लगाएको अवस्थामा बाहेक व्यक्तिले आफ्नो सबै व्यवहार साधिकार सञ्चालन गर्न पाउँछ । अर्को शब्दमा भन्दा, अधिकार कानूनले छुट दिएको विषय मात्र नभई कानूनले निषेध गरेदेखि बाहेकको सबै कुरा हो; यस मानेमा यो कानूनले नबाँधेको खुला संसार हो । कानूनी राज्यको यो अवधारणालाई नै आत्मसात् गर्दै संविधानको धारा २० को उपधारा (४) मा **"तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन"** भन्ने व्यवस्था राखिएको पाइन्छ । चाखलाग्दो कुरा के भने यो व्यवस्था नेपालमा करिब-करिब यही रूपमा २००७ सालदेखिका सबै संविधानहरूमा रहेको पाइन्छ । यसबाट हाम्रो संवैधानिक व्यवस्थामा कानूनको शासनको अवधारणालाई कति महत्त्व दिइएको रहेछ भन्ने सहजै अनुमान गर्न सकिन्छ । यद्यपि कानूनको शासनलाई व्यवहारमा उतार्न भने विभिन्न व्यवधानहरू नआएका होइनन् तर कानूनको

शासन नेपाली जनताको एउटा प्रमुख संवैधानिक अभिष्ट सदा रहिआएको छ । यो कुरालाई संविधानका व्यवस्थाहरूले पटक-पटक पुष्टि गर्दै आएका छन् ।

११. कानूनी शासनको जगमा प्रसिद्ध विधिशास्त्री ए.भि. डायसीको विधिको शासनसम्बन्धी मान्यताहरू रहेका छन् जसलाई आधुनिक लोकतन्त्रमा अत्यन्त महत्त्वका साथ हेरिन्छ । उनी भन्छन् : "... **no man is punishable or can be lawfully made to suffer in body or goods except for a distinct breach of law** established in the ordinary legal manner before the ordinary Courts of the land. In this sense the rule of law is contrasted with every system of government based on the exercise by persons in authority of wide, arbitrary, or discretionary powers of constraint. **कसैलाई पनि सजाय गर्न कानूनको स्पष्टतः उल्लङ्घन (distinct breach of law) गरेको हुनुपर्छ भन्ने कानूनी शासनको मूल मान्यता हो । यसलाई फौजदारी कानून र न्यायको क्षेत्रमा विशेष कडाईका साथ हेरिन्छ । फौजदारी न्याय प्रणालीमा कानूनबेगर कसुर हुँदैन (अर्थात् NULLUM CRIMEN SINE LEGE) भन्ने र कानूनबेगर कसैलाई पनि सजाय गर्नु हुँदैन (अर्थात् nullum poena sine lege) भन्ने मान्यतालाई स्वीकार गरिँदै आएको छ । कानूनबेगर सजाय गर्नु हुँदैन भन्ने मान्यताभित्र चारवटा तत्त्वहरू विद्यमान रहेका हुन्छन् । जसमध्ये पहिलो, कसैलाई पनि कुनै घटना घटिसकेपछि पश्चात्दर्शी कानून निर्माण गरेर सजाय गर्ने होइन कि सजाय गर्नुपूर्व नै सो विषयमा कानून विद्यमान (अर्थात् Nulla poena sine lege praevia) भएमा मात्र सजाय गर्न सकिन्छ । दोस्रो, कसैलाई पनि प्रथा परम्परा आदिको आधारमा होइन कि मुलुकको कानूनी प्रणालीले स्वीकार गरेको मान्यताअनुसार निर्मित लिखित कानूनबमोजिम मात्र सजाय (अर्थात् Nulla poena sine lege scripta) गर्न सकिन्छ । तेस्रो, त्यस्तो सजाय गर्ने कानून निश्चित (अर्थात् Nulla poena sine lege certa) हुनुपर्छ, अर्थात् यस्तो कानूनले स्पष्टरूपमा कसुरको परिभाषा र सजाय दुवै गरेको हुनुपर्छ । त्यसो भएमा मात्र व्यक्तिहरूले के गर्दा कानूनको उल्लङ्घन हुन्छ र के गर्दा हुँदैन भन्ने कुरा स्पष्ट बुझेर सोहीअनुरूप आफ्नो आचरण व्यवहार सञ्चालन गर्न पाउने हुन्छन् । चौथो, फौजदारी कानूनको कठोर व्याख्या गरिनुपर्छ । कानूनले स्पष्ट रूपमा परिभाषित गरी कसुर मानेको विषयमा त्यस्तो कानूनको स्पष्ट उल्लङ्घन गरेको भनी स्थापित नभएसम्म अर्कै प्रयोजनलाई बनेको विद्यमान कुनै कानूनी प्रावधानलाई तानतुन पारेर व्याख्या गरी कसुर कायम गर्न र सजाय (अर्थात् nulla poena sine lege stricta) गर्नु हुँदैन ।** यस मानेमा फौजदारी कानून र मानव अधिकार कानूनको व्याख्याले दुईविपरीत धारलाई पच्छ्याउँछन् । **मानव अधिकार कानूनको व्याख्याले उदारवादी र समावेशी धारलाई अनुसरण गर्छ; अधिकार छ वा छैन भन्ने प्रश्न उठेमा सकेसम्म र मिलेसम्म अधिकार छ भन्नेतर्फ अदालतले व्याख्या गर्दै मानव अधिकारको संरक्षण गर्छ भने फौजदारी कानूनले व्यक्तिगत स्वतन्त्रताको अपहरण गर्ने र जथाभावी प्रयोगले निरङ्कुशतालाई प्रश्रय दिने हुँदा यसको कठोर व्याख्या गरिनुपर्छ; कुनै कानूनी प्रावधान आकर्षित हुन्छ वा हुँदैन भन्ने द्विविधाको स्थितिमा आकर्षित हुँदैन भन्ने व्याख्या गरिनुपर्छ । यस्तो व्याख्या लोकतन्त्र, विधिको शासन र सीमित सरकारको अवधारणाअनुकूल हुन्छ ।**

१२. यी समस्त सैद्धान्तिक सन्दर्भमा अब प्रस्तुत विवादमा यी प्रतिवादीहरूले म्याच फिक्सिङ गरी पटक-पटक विदेशी भूमिमा राष्ट्रिय झण्डा, राष्ट्रिय

गान, राष्ट्रको स्वाभिमानको रूपमा रहेको फुटबल खेलप्रति नै जनतामा घृणा द्वेष फैलाएको भन्ने आधारमा विशेष अदालतको फैसला उल्टी हुनुपर्छ भनी नेपाल सरकारले पुनरावेदनमा लिएको जिकिरको सन्दर्भमा हेर्दा अभियोग पत्रमा उठाइएको विवादित विषय अवश्य पनि गम्भीर हो; यसले समस्त नेपालीको स्वाभिमानमा चोट पुऱ्याएको छ भन्ने कुरा माथि व्यक्त गरिसकिएको छ । तर यति हुँदाहुँदै पनि यो राष्ट्र विप्लवको कार्य चाहिँ होइन । यहाँ नेपालको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने कुनै कार्य भएको छैन, न त प्रतिवादीहरूले मुलुकमा अव्यवस्था फैलाउने कुनै कार्य नै गरेको अवस्था यहाँ छ । यस्तो कुनै कार्य भएको छ भनी अभियोग पत्रमा उल्लेख भएको स्थितिसम्म पनि यो होइन । तसर्थ **राष्ट्र विप्लवमा आकर्षित हुने कानून तानतुन गरेर प्रस्तुत म्याच फिक्सिङको विषयमा प्रयोग गर्न मिल्दैन । यसो गर्नु नेपालको संविधानले अनुशरण गरेको कानूनी राज्यको अवधारणा, विद्यमान कानूनको स्पष्ट उल्लङ्घन गरेमा मात्र सजाय गर्न मिल्छ, कानूनको अभावमा कसुर कायम गर्न र सजाय गर्न मिल्दैन भन्ने धारा २०(४) को मान्यतासमेतको विपरीत हुन जान्छ ।** संविधानको धारा २०(४) ले कानूनबेगर कसुर हुँदैन (NULLUM CRIMEN SINE LEGE) तथा कानूनबेगर कसैलाई पनि सजाय गर्नु हुँदैन (nullum poena sine lege) भन्ने र पश्चात्दर्शी कानूनको प्रयोग गरी अपराध कायम गर्न र सजाय गर्न मिल्दैन भन्ने सिद्धान्तहरूलाई अङ्गीकार गरेको छ, जुन विश्वव्यापी मानव अधिकारको सिद्धान्तअनुकूल समेत छ । त्यसैले **तथ्यगत रूपमा अभियोग पत्र र पुनरावेदन जिकिरमा उठाइएका कुराहरू गम्भीर छन् भन्ने कुरालाई स्वीकारेको अवस्थामा पनि यसो गर्नु राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३.१ अन्तर्गतको कसुर हुन्छ र सो दफाअन्तर्गत प्रतिवादीहरूलाई सजाय गर्न मिल्छ भन्ने निष्कर्ष कतै निस्कँदैन र यस्तो जिकिरलाई स्वीकार गर्न सकिने अवस्था छैन ।**

१३. नेपालको संविधानको धारा २०(४) को व्यवस्थाको सन्दर्भमा पश्चात्दर्शी कानून निर्माणको सीमा के हो भन्ने पनि प्रश्न यदाकदा उठ्छ । यस्तो विवाद अरू मुलुकहरूमा पनि उठेको पाइन्छ । पश्चात्दर्शी कानून (Ex post facto law) मूलतः फौजदारी कानूनको हकमा लागु हुन्छ । तर यसको अपवाद हुँदै हुँदैनन् भन्ने चाहिँ होइन । द्वन्द्वोत्तर परिस्थिति (post-conflict situation) रहेका देशमा अन्तर्राष्ट्रिय मानव अधिकारको गम्भीर उल्लङ्घनका विषयमा पश्चात्दर्शी कानून बन्न सक्ने र बनाइएको अवस्था पनि भेटिन्छ । तर यी अपवादात्मक अवस्था हुन् र पश्चातदर्शी कानूनको आवश्यकता महसुस भएको स्थितिमा सो कुराको स्वीकृति पनि मुलुकको संविधानले नै दिएको हुनुपर्छ । जहाँ संविधानले नै पश्चात्दर्शी कानून निर्माण गर्न रोक लगाएको हुन्छ, पश्चात्दर्शी कानून निर्माण गरी कसुर कायम गर्ने र सजाय गर्ने सम्भावना रहँदैन । हाम्रै आफ्नो अनुभवमा पनि नेपालको संविधान, २०१९ को धारा १७(२) ले अनुमति दिएको भन्दै २०४२ सालमा विध्वंशात्मक अपराध (विशेष नियन्त्रण तथा सजाय) ऐन, २०४२ पश्चात्दर्शी प्रभाव हुने गरी निर्माण गरिएको र ऐन निर्माणपूर्वका घटनामा मुद्दा चलाइएको त थियो तर अब न त संविधानमा त्यस्तो छिद्र छ न त विद्यमान अपराध संहिताले नै पश्चात्दर्शी कानून निर्माण गरी कसुर कायम गर्न र सजाय गर्न अनुमति दिन्छ । पश्चात्दर्शी कानून निर्माण गरी कसुर कायम गर्न सकिँदैन भन्ने कुरालाई यस अदालतले पटक-पटक उद्घोष पनि गरेको छ । हाल आएर मुलुकी अपराध संहिता, २०७४ को दफा ७ मा **"कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा तोकिएभन्दा बढी सजाय हुने छैन"** भन्ने उल्लेख गरिएबाट दफा ५१(३) मा परिभाषित गरिएको

**"नेपालको प्रतिनिधित्व गरी नेपालमा वा विदेशी मुलुकमा कुनै खेलाडी वा खेलाडीसँग प्रतिस्पर्धा गर्न कुनै खेल खेल्ने नेपाली खेलाडी वा खेलाडीहरूको समूहले त्यस्तो खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणामलाई प्रतिकूल हुने गरी मिलोमतोमा वा कसैको प्रलोभनमा वा कुनै बाजी जिताउने वा हराउने गरी त्यस्तो खेल खेल्ने वा खेलाउन हुँदैन र त्यसरी कुनै खेल खेलिएको रहेछ भने राष्ट्रिय हित विरूद्धको कसुर भएको मानिने छ"** भनी गरिएको व्यवस्थाले प्रस्तुत मुद्दामा उठाइएको विवादित कार्यलाई कसुर कायम गरेको देखिए तापनि यहाँ वर्णित घटनाहरू अपराध संहिता लागु भएको मिति अर्थात् २०७५।५।१ भन्दा अघिको घटना हुँदा सो घटनाहरूमा आकर्षित हुन सक्ने देखिएन।

१४. यसै सन्दर्भमा पश्चात्‌दर्शी कानून निर्माण गर्न नेपालको संविधानको धारा २०(४) वा मुलुकी अपराध संहिता, २०७४ को दफा ७ ले प्रतिबन्ध लगाएको अवस्थामा त्यसको तात्पर्य के हुन्छ, त्यसले के-केस्ता कार्य गर्न रोक्छ भन्ने प्रश्नहरू पनि उब्जन्छन् । वस्तुतः यसले **पहिले घटिसकेको घटनामा पछिबाट कानून निर्माण गरी कसुर कायम गर्ने वा विद्यमान कानूनमा भएको कसुरको परिभाषा परिवर्तन गरी कसुर कायम गर्ने वा कसुरको गम्भीरता बढाउने अवस्था थप्ने वा विद्यमान कानूनमा रहेको सजायभन्दा बढी सजाय हुने गरी कानून संशोधन गर्ने, वा प्रमाणसम्बन्धी नियम परिवर्तन गरी कम स्तरको प्रमाण वा कम प्रमाणको आधारमा सजायभागी बनाउने जस्ता कार्य गर्नबाट रोक्छ । अर्थात् यी कुनै कुराहरू पनि पश्चात्‌दर्शी कानूनमार्फत गर्न मिल्दैन। तर संविधान र संहिताको यो प्रतिबन्धात्मक व्यवस्थाले देवानी कानून निर्माण गरी देवानी दायित्व (Civil liability) थप्ने, अनुशासनात्मक कारबाही (Disciplinary action) गर्ने प्रबन्ध गर्ने, कुनै कार्य गरेबापत अयोग्यता (Disqualification) कायम गर्ने वा निश्चित अवधिसम्म व्यावसायिक कार्य गर्न रोक्ने (Suspension) वा विदेशी नागरिकको हकमा निजलाई देश निकाला (Deportation) गर्ने जस्ता कार्यहरू गर्नलाई प्रतिबन्ध लगाउँदैन। अर्थात् पश्चात्‌दर्शी कानून निर्माण गरी वा कानूनी प्रबन्ध गरी त्यस्ता कार्यहरू गर्न सकिन्छ; त्यसो गर्न संविधान वा कानूनको व्यवस्थाले रोक्दैन।** अन्य मुलुकहरूमा त्यस्ता कानून निर्माण गर्न सकिन्छ भन्ने व्याख्याहरू भइसकेको अवस्था पनि छ। विषयवस्तुको गम्भीरताले सो कुरालाई अपरिहार्य मान्छ भने तथ्यको विषयवस्तुमा प्रवेश गरी छानबिन गर्ने र देवानी परिणाम निस्कने कानूनी प्रबन्धमार्फत सो गर्न नमिल्ने कुनै कारण र अवस्था रहँदैन। प्रस्तुत मुद्दामा अभियोगपत्रको विषय सोसँग सम्बन्धित नहुँदा सो बारेमा थप बोल्नु आवश्यक देखिएन।

१५. प्रस्तुत मुद्दामा उठाइएको विवादको सम्बन्धमा, मुद्दाको प्रकृति, विद्यमान संवैधानिक तथा कानूनी व्यवस्था, त्यसको सैद्धान्तिक परिवेश, तुलनात्मक कानूनमा गरिएको व्यवस्थासमेतको चर्चा गरिसकेपछि अब **प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरेको विशेष अदालतको फैसला मिलेको छ वा छैन र नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन** भन्ने अन्तिम प्रश्नतर्फ हेर्दा सङ्क्षेपमा प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले म्याच फिक्सिङको जुन कार्य गरेको भनिएको छ, सो राष्ट्रको स्वाभिमान, प्रतिष्ठा र समस्त नेपालीको भावनासँग जोडिएको विषय हुँदा अत्यन्त गम्भीर छ। तर त्यति हुँदाहुँदै पनि सो कार्य राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३ मा वर्णित राष्ट्र विप्लवको कसुर नहुँदा दफा ३.१ आकर्षित हुने कसुर हो भन्ने देखिँदैन। वारदात सन् २००९ देखि २०१३ साल (वि.सं. २०६६ मंसिरदेखि २०६९ सालको चैत्र) सम्मको अवधिको हुँदा वर्तमान मुलुकी अपराध संहिता, २०७४ प्रयोग गरी कसुर

कायम गर्न र सजाय गर्न नेपालको संविधानको धारा २०(४) र संहिताकै दफा ७ ले रोक्ने देखिन्छ। देवानी दायित्वको विषयवस्तु प्रस्तुत मुद्दाको विषय नभई विवादित कार्यलाई राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३ मा वर्णित राष्ट्र विप्लवको कसुर भन्दै दफा ३.१ बमोजिमको सजायको माग गरिएको अवस्था रहेकोमा सो ऐन नै आकर्षित हुँदैन भन्ने नै यस इजलासको दृष्टिकोण छ । सोबाहेक विवादित विषयको देवानी पाटोमा प्रवेश गर्दै सबुद प्रमाणको मूल्याङ्कन गरी को-कसको हकमा के-कस्तो गल्ती देखिन्छ वा देखिँदैन भन्ने यो मुद्दाको रोहबाट बोल्न मिल्ने देखिएन।

१६. तसर्थ माथि विभिन्न प्रकरणहरूमा उल्लिखित आधार र कारणबाट सङ्क्षेपमा प्रतिवादीहरूले गरेको भनिएको कार्यमा जुन कानूनको प्रयोग हुनुपर्ने भनी अभियोग माग र पुनरावेदनमा समेत जिकिर लिइएको छ सो कानून आकर्षित हुनसक्ने देखिएन। कानून नै आकर्षित नहुने भएपछि तथ्यमा प्रवेश गरी अन्य कुराहरू हेरी न्याय निरूपण गर्न मिल्ने अवस्था भएन। कानूनको अभावमा अभियोग दाबी पुग्न नसक्ने भन्दै प्रतिवादीहरूले नेपाल सरकारले प्रस्तुत मुद्दामा लिएको अभियोग दाबीबाट सफाइ पाउने ठहराई विशेष अदालत काठमाडौँबाट मिति २०७५।०२।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनुहोला।

उक्त रायमा सहमत छु।
न्या.बमकुमार श्रेष्ठ

इजलास अधिकृत: तेजप्रसाद पौडेल
इति संवत् २०७७ साल असार २ गते रोज ३ शुभम्।

## निर्णय नं. १०५२४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
आदेश मिति : २०७७।३।२५
०७६-WO-१०२६

मुद्दा : परमादेश

निवेदक : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१६ बालाजु बस्ने अधिवक्ता कीर्तिनाथ शर्मासमेत

विरूद्ध

विपक्षी : मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **कोभिड १९ जस्तो महामारी परी असहज परिस्थितिमा पनि त्यस्तो अवस्थालाई हेर्न गठित निकाय वा कोषले विधिवत् रूपमा निवेदन दिई कसैले सूचनाको हकअन्तर्गत काम र खर्चको विवरण माग गरेको अवस्थामा प्रक्रिया पुऱ्याई सूचना दिनुपर्ने।**

(प्रकरण नं.८)

- **महामारीको सम्बन्धमा सरकारले कोष वा अन्य माध्यमबाट स्थानीय निकायको खर्च प्रदेश सरकारको सम्बन्धित मन्त्रालय तथा सङ्घीय सरकारको सम्बन्धित मन्त्रालयमा प्राप्त गरी विद्युतीय माध्यम वा वेबसाइटमा एकीकृत रूपमा राखी त्यस्तो सूचना माग गर्न कोही व्यक्तिले निवेदन दिएमा प्रक्रिया पुऱ्याई लिखित सूचना दिनुपर्ने।**

(प्रकरण नं.९)

- **महामारी वा कुनै दैवी प्रकोप परेको अवस्थामा सचेत नागरिकहरूले असल शासन र सरकारी निकायको उत्तरदायित्वको लागि खर्च विवरण माग गर्न पाउने हक संविधानको धारा २७ र सूचनाको हक तथा नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय सन्धिमार्फत नेपाल सरकारअन्तर्गतका निकायलाई बाध्यात्मक भएको विषयमा कुनै विवाद नदेखिने।**

(प्रकरण नं.१०)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू श्री अनन्तराज लुइँटेल, श्री मनिष कुमार श्रेष्ठ, श्री सुरेन्द्र विक्रम के.सी., श्री नवराज पाण्डे, श्री कृतिनाथ पौडेल, श्री विरभद्र जोशी, श्री विशालकुमार उपाध्याय, श्री प्रतिभा उप्रेती, श्री सुजन नेपाल र श्री सन्तोष भण्डारी

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपालको संविधान
- सूचनाको हकसम्बन्धी ऐन, २०६४

आदेश

**न्या.हरिप्रसाद फुयाल** : नेपालको संविधानको धारा ४६ तथा धारा १३३(२)(३) बमोजिम दायर हुन आएको यस अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार रहेको छ:

तथ्य खण्ड

हामी निवेदक अधिवक्ता भई मुलुकमा विधिको शासन हुनुपर्छ भन्ने मान्यतामा विश्वास राख्ने व्यक्तिहरू हौं । संविधानवाद, विधिको शासन तथा लोकतान्त्रिक व्यवस्था मानव अधिकार, व्यक्तिको बाँच्न पाउने अधिकार एवं स्वतन्त्र न्यायपालिका हाम्रा लक्ष्य भएकाले हामी त्यसैका लागि क्रियाशील पनि छौं। मुलुकमा कोरोना भाइरस (कोभिड १९) का कारण लागु भएको लकडाउनले मजदुर, गरिब र दिनदिनै कमाई खाने बर्गका मानिसहरू सबैभन्दा पीडित भई भोकभोकै अवस्थामा छन् । सरकार र सरकारी समन्वयमा रहेका स्थानीय निकायहरूले गरिब र कमाई खाने वर्गका मानिसहरूलाई लामो समयसम्म पनि काम गरी कमाई गर्न नसक्दा भोकभोकै मर्ने अवस्थामा समेत राहत वितरणमा भेदभाव भइरहेकोले आफूहरू काठमाडौंमा बाँच्न नसक्ने भन्दै राजधानी लामो दुरीसमेत हिँडेर पार गरेका समाचारहरू सञ्चार माध्यममा प्रकाशित प्रसारित भइरहेका छन्। राहतका लागि नागरिकता खोजिएको र काठमाडौंमा घर भएका तर खान नपाएका व्यक्तिहरूलाई मात्रै राहत दिने हो हामीले सबैलाई दिने कहाँ भनेका छौं र भनी विभिन्न स्थानीय तहका जनप्रतिनिधिहरूको भनाइसमेत सार्वजनिक हुन थालेपछि झनै राजधानी छाड्नेहरूको लाम लागेको पनि स्पष्ट भएको छ।

यसैबिच विपक्षी प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले हालै सरकारी सञ्चार माध्यमका प्रतिनिधिहरूलाई बोलाई राहत सामग्री वितरण भइरहेको र असी करोड बराबरको राहत बाँडिएको भनी सार्वजनिक रूपमै बताएको कुरा सञ्चार माध्यममा समेत प्रकाशित प्रसारित भएकाले को जनताले कसरी त्यति रकम बराबरको राहत पाएछन् भन्ने कुराको सूचना जानकारी पाउने इच्छा भएकोले सिंहदरबारस्थित विपक्षी उपप्रधानमन्त्री ईश्वर पोखरेलको संयोजकत्वको कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति, सिंहदरबार, काठमाडौंमा निवेदन लिई उपस्थित हुन भनी जाँदा सिंहदरबारको गेटबाटै प्रवेश नदिई कोरोनाले

सङ्क्रमित भइरहेको अवस्थामा यस्ता निवेदनको अर्थ छैन । जीउ रहे घिउ खान पाइन्छ अहिले तपाईँहरू जानुस् र अहिले कोरोना रोक्ने काममा असर पर्ने कुरा नगर्नुहोस् भनी हामीलाई निरूत्साहित पार्ने कार्य गर्नुभएकोले सूचना माग्न सूचना आयोगमा निवेदन दर्ता गराउनसमेत लकडाउनका कारण असम्भव भएकाले बाध्य भई अन्य वैकल्पिक उपचारको व्यवस्थासमेत नभएकोले यो रिट निवेदन लिई उपस्थित हुन बाध्य भएका छौं ।

हाल लकडाउनका कारण सरकारी, अर्धसरकारी तथा गैरसरकारी कार्यालयहरूले आफ्नो जिम्मेवारीमा रहेका काम कारबाही गर्न सक्ने अवस्थामा छैनन्, गर्न सक्नेले पनि कारोना भाइरस सर्ने डरले जिम्मेवारी पन्छाइरहेका छन् । मुलुकमा भइरहेका कार्यको पारदर्शिता कायम गराउने जिम्मा राष्ट्रिय सूचना आयोगको पनि हो । यो आयोग पनि हाल कर्मचारीविहीनको अवस्थामा छ । यसको मतलब यो आयोगले पनि जनतालाई सुसूचित गराउने गरी हाल कार्य गर्न सकेको छैन । राहात वितरणको बारेमा यथार्थ जानकारी माग्ने उद्देश्यले दर्ता गर्न लगेको निवेदन दर्ता हुन नसकेको दृष्टान्तबाट यो कुरा स्पष्ट हुन्छ । यसो भए तापनि नेपालको संविधानको धारा २७ मा मौलिक हकको रूपमा रहेका सूचनाको हक कुण्ठित हुन नदिन हामी कानून व्यवसायीहरू सम्मानित सर्वोच्च अदालत गुहारेका छौं । सो धारामा उल्लेख गरिएको छ–'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने छ । कोरोना भाइरस (कोभिड-१९) का कारण बेरोजगार भएर रहेका र न्यून आय भएकालाई राहत वितरण गर्ने कार्यको यथार्थ विवरण पाउने विषय निश्चय पनि हामी कानून व्यवसायीलगायत आम नेपाली नागरिकको हकअन्तर्गत पर्दछ । हामी कानून व्यवसायीमध्ये धेरैले कोरोना रोकथाम उच्चस्तरीय समितिद्वारा स्थापना गरेको कोषमा रकम सहयोग गरेका छौं । यसका अतिरिक्त सम्माननीय प्रधानन्यायाधीश, माननीय न्यायाधीश तथा अदालतका कर्मचारीलगायत अन्य इच्छुक नेपाली नागरिकले त्यस कोषमा आफ्नो गच्छेअनुसार रकम उपलब्ध गराएका छन् । यस्तो अवस्थामा त्यस कोषमा सहयोग गर्ने / नगर्ने सबै नेपाली नागरिकले हालसम्म कस-कसले के कति सहयोग पाए र के कति खर्च भयो भन्ने बारेमा यथार्थ सूचना पाउने हक हुने स्पष्ट छ । हचुवाको भरमा ८० करोडको राहत वितरण भयो भन्दैमा त्यसले सूचनाको हक परिपूर्ति गरेको भन्न मिल्दैन । हामी रिट निवेदक तथा आम नेपाली नागरिकलाई सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहले कस-कसलाई के कति सहयोग स्वरूप राहातको वितरण गरे भन्ने सम्बन्धमा यथार्थ विवरण सूचनाको हक स्वरूप पाउने अधिकार रहेको छ । यो अधिकार हालको अवस्थामा जिम्मेवार निकायहरूले कुण्ठित गरेका कारण सम्मानित सर्वोच्च अदालतको अधिकार क्षेत्रलाई गुहारेका हौं ।

यसैबिच अधिवक्ता अनन्तराज लुइँटेल विरूद्ध नेपाल सरकार भएको मुद्दामा सर्वोच्च अदालतमा प्रतिवेदन पेस गर्दै विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट खाद्यान्नको अभाव हुन नदिने प्रतिबद्धता जनाएको र ठूलो परिमाणमा खाद्यान्न राहतको रूपमा वितरण भएको समाचारसमेत नागरिक दैनिकमा मिति २०७७ वैशाख १२ को अङ्कमा प्रकाशित भएको रहेछ । समाचारमा जनाइएअनुसार, कोरोना भाइरसका कारण लकडाउनको अवधि थपिदै जाँदा खाद्यान्नको अभाव हुनसक्ने आशंका भइरहेको विषयमा समेत विपक्षी सरकारसँग प्रयाप्त चामल मौज्दात भएकाले खाद्य संकट आउन नदिने, खाद्य सुरक्षाका लागि तीन तहकै सरकारहरू नियमित रूपमा सजगताका साथ काम गरिरहेको प्रतिवेदनमा दिइएको समाचारमा उल्लेख छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा हाल २१,८८५ मेट्रिक टन चामल, साल्ट ट्रेडिङ कर्पोरेसनसँग १.५७.९६५ मेट्रिक टन

नुन मौज्दात रहेको र निजी क्षेत्रका व्यापारीहरूसँग १,०२,५७० मेट्रिक टन चामल मौज्दात रहेको भन्दै कृषक र उद्योगहरूसँग धान मौज्दात रेहेकोले थप चामल उत्पादन हुनसक्ने भई खाद्य सङ्कट नआउने सर्वोच्च अदालतमा पेस गरिएको प्रतिवेदनमा उल्लेख छ । लकडाउनको समयमा विभिन्न घुम्ती पसल (मोबाइल भ्यान) मार्फत खाद्यान्न बिक्री वितरण भइरहेको र **'कोही भोकै पर्दैन, कोही भोकै मर्दैन'** भन्ने नाराका साथ सरकारले काम गरिरहेको उल्लेख छ । प्रतिवेदनमा १७,७९८ मेट्रिक टन चाम लकडाउनको अवधिमा राहतको लागि वितरण गरिसकिएको जनाइएको छ । लकडाउन सुरू भएपछिका तेइस दिनमा ५७,४१२ मेट्रिक टन खाद्यान्न, १७.५३० मेट्रिक टन दलहन, ३१,३०० मेट्रिक टन तरकारी, ७,४८३ मेट्रिक टन फलफूल, १३३ मेट्रिक टन दुग्धजन्य पदार्थ र तेह्र करोड पाँचलाख चौवन्न हजार रूपैयाँ बराबरको औषधी कच्चा पदार्थ र पचहत्तर करोड बाह्र लाख तीस हजार तयारी औषधी आयात गरिएको पनि समाचारमा जनाइएकोले सोबमोजिम को को व्यक्तिलाई राहत उपलब्ध गराइएको हो भन्ने विवरणसमेत जान्न पाउने अधिकार हामी निवेदकलाई सुरक्षित छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ र ४ तथा नेपालको संविधानको धारा २७ बमोजिम हामी निवेदकलाई विपक्षी निकायहरूले सूचना दिनुपर्ने दायित्व हो भने सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ८ बमोजिम मुलुकमा सुशासन कायम गर्ने र सर्वसाधारणलाई समयमा नै त्यसको प्रतिफल उपलब्ध गराउने उद्देश्यले यस ऐन वा अन्य प्रचलित कानूनबमोजिम नेपाल सरकारको प्रशासनिक कार्य छिटो छरितो ढङ्गले सञ्चालन गर्नु गराउनु सम्बन्धित पदाधिकारीको कर्तव्य हुने छ भन्ने व्यवस्थासमेतका आधारमा मुलुकमा राहत वितरणका नाममा अनियमितता हुनबाट रोक्न समयमै सूचना दिई पारदर्शिता कायम गर्नुको विकल्पसमेत छैन।

अतः माथि प्रकरण प्रकरणमा उल्लिखित आधार र कारणसमेतबाट विपक्षी निकायले को कसलाई कति राहत वितरण गरेको हो, कसले त्यसरी राहत पाए र राज्यको सम्पत्तिको सही सदुपयोग भएको छ छैन भन्ने कुरा जान्न पाउने अधिकार हामी निवेदकलगायतका सम्पूर्ण नेपाली नागरिकलाई भएकोले नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम राहत रकम नगद वा खाद्यान्न वितरणको विवरण निवेदकलाई दिनु भनी परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ । साथै मुद्दाको टुङ्गो लाग्नुअगावै विपक्षी निकायलाई यस रिट निवेदनमा उठाइएको विषयसमेतका आधारमा राहत वितरणको विवरण समयमै सार्वजनिक गर्दै नजाने हो भने सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को औचित्यसमेत समाप्त भई हामी निवेदकलगायतका नेपाली जनताको मौलिक अधिकारहरूको गम्भीर उल्लङ्घनसमेत हुने भएकोले सुविधा र सन्तुलनको आधारमा समेत सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(१) बमोजिम प्रत्येक राहत वितरण सार्वजनिक गर्नु गराउनुसमेत भनी विपक्षीका नाममा अन्तरिम आदेश जारी गरिपाउँ भन्नेसमेत **बेहोरा**को अधिवक्ता कीर्तिनाथ शर्मासमेतको यस अदालतमा परेको निवेदन।

यसमा बन्दाबन्दीको समयमा विपक्षीहरूबाट को कसलाई कति राहत वितरण गरेको हो कसले त्यसरी राहत पाएर राज्यको सम्पत्तिको सही सदुपयोग भएको छ छैन भन्ने जान्ने र थाहा पाउने अधिकार निवेदकलगायत सबै नेपाली नागरिकलाई भएको र सो सम्बन्धमा सूचना माग गर्न जाँदा गेटबाटै फर्काइदिएको र बन्दाबन्दीको कारण सूचना आयोगमा जान सम्भव नभएको हुँदा राहत रकम नगद वा खाद्यान्न वितरणको विवरण दिनु भनी विपक्षीहरूको नाममा परमादेशसमेतको आदेश जारी गरिपाउँ भन्ने निवेदन।

यसै विषयसँग सम्बन्धित मुद्दा मिति

२०७७।१।१२ मा दर्ताका लागि यस अदालतमा लिई आएकोमा मुख्य रजिस्ट्रारबाट दरपीठ गरिदिनु भएकोमा सोउपर मिति २०७७।१।१७ मा दरपीठ बदर गरी रिट निवेदन दर्ता गरी पाउन निवेदन गरेकोमा यस अदालतबाट मिति २०५७।२१ मा दर्ता गरिदिनु भनी आदेश भएको र तत्कालीन अवस्थामा विपक्षीबाट ८० करोड राहत वितरण भयो भनी विपक्षीबाट भनिएकोमा उपर्युक्तबमोजिमको राहत कस कसलाई के कति सहयोग स्वरूप वितरण गरियो भनी यकिन नभएको भन्नेसमेतको आधारमा निवेदन दर्ता गरिएको भए पनि हाल विपक्षीबाट कोरोना रोकथाम तथा व्यवस्थापन कार्यक्रमअन्तर्गत १० अर्ब रकम खर्च भएको भनी संसद्मा तथा अन्यत्र भनिएको हुँदा सो रकम के कुन शिर्षकअन्तर्गत खर्च गरियो सो खर्च प्रभावकारी नभएको के कुन शिर्षकअन्तर्गत उपर्युक्त रकम खर्च भयो, नेपालको संविधानबमोजिम सूचना माग्न जाँदा त्यसको यथार्थ विवरण दिन इन्कार गरिएको अवस्था छ । राज्यको सम्पत्ति सही रूपमा सदुपयोग भएको छ कि छैन भन्ने कुरा नेपालको संविधानको धारा २७ बमोजिम जान्न पाउने अधिकार भएकाले उपर्युक्त खर्च विवरण निज निवेदकसमेतलाई दिनु भन्ने परमादेशलगायत उपयुक्त आज्ञा आदेश जारी गरिपाऊँ । यसका अतिरिक्त सुविधा र सन्तुलनको दृष्टिकोणले समेत सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ समेत बमोजिम प्रत्येक खर्च विवरण सार्वजनिक गर्दै जानु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत **बेहोरा**को अधिवक्ता कीर्तिनाथ शर्मा पौडेलको यस अदालतमा परेको पूरक निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षीहरूले महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्ने भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नू । साथै अन्तरिम आदेशको माग गरेतर्फ विचार गर्दा दुवै पक्ष राखी छलफल गराई अन्तरिम आदेश हुने नहुने सम्बन्धमा विचार हुन उपयुक्त हुने देखिएकोले सोको प्रयोजनार्थ मिति २०७७।०३।१० को तारेख तोकी सोको सूचना विपक्षीहरू र महान्यायाधिवक्ताको कार्यालयलाई समेत दिई नियमानुसार पेस गर्नु भन्नेसमेत **बेहोरा**को यस अदालतबाट मिति २०७७।३।७ मा भएको आदेश ।

नेपाल सरकार, गृह मन्त्रालय संविधान तथा कानूनको परिपालना गरी, गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारको सम्मान संरक्षण एवं सम्बर्द्धन गर्ने कुरामा प्रतिबद्ध रहेको छ । गृह मन्त्रालयको के-कस्तो काम कारबाहीबाट रिट निवेदकलाई के कस्तो मर्का पर्न गएको हो भन्ने विषयमा रिट निवेदनमा कुनै पनि आधार र कारण देखाउन सक्नु भएको छैन । राहत वितरणको विवरण सार्वजनिक गर्ने भन्ने रिट निवेदकको मुख्य दाबी रहेको छ । सो सम्बन्धमा राहत वितरणको कार्य प्रचलित कानूनबमोजिमको प्रक्रिया पूरा गरी सम्बन्धित निकायबाट भएको र वितरण गरिएको राहतको विवरण र सो सँग सम्बन्धित अन्य कागजात सम्बन्धित निकायमा सुरक्षित रहने र सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाइ, अन्तिम लेखा परीक्षणको माध्यमबाट परीक्षण पनि हुने व्यवस्था रहेको छ । साथै, खोजीनीति भएको बखत नियमानुसारको प्रक्रिया पूरा गरी सम्बन्धित निकायबाट सार्वजनिक हुने नै हुँदा सो कार्यलाई अन्यथा भन्न सकिने अवस्था भएन । रिट निवेदनमा प्रत्यर्थी बनाइएका अन्य निकायबाट आ-आफ्नो विषयवस्तुसँग सम्बन्धित विषयहरूमा लिखित जवाफ प्रस्तुत हुने नै

हुँदा वस्तुनिष्ठ आधार, कारण तथा प्रमाणबिना यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर भएको रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भन्नेसमेत **बेहोरा**को गृह मन्त्रालयको तर्फबाट ऐ. का सचिव महेश्वर न्यौपानेले पेस भएको लिखित जवाफ।

कोरोना भाइरस (कोभिड १९) का कारण जारी लकडाउनका प्रभावबाट असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूको दैनिक जीवनयापनमा परेका नकारात्मक असर कम गर्न तथा राहत वितरण कार्यलाई व्यवस्थित गर्न भनी स्थानीय तहबाटै राहत उपलब्ध गराउने गरी नेपाल सरकारले नमुना मापदण्ड तयार गरेको थियो । निश्चित मापदण्डको आधारमा राहत वितरणको कार्य गर्दा राहत वितरण कार्यमा प्रभावकारिता आई प्रभावितहरूलाई जीवनयापन गर्न सहज हुने भएकोले उक्त नमुना मापदण्डको आधारमा राहत वितरणको मापदण्ड स्वीकृत गरी राहत वितरण गर्नु, गराउनु हुन भनी यस मन्त्रालयद्वारा सबै स्थानीय तहहरूलाई च.नं. ४३९, मिति २०७६/१२/१९ को पत्रबाट पत्राचार गरिएको थियो । उक्त मापदण्ड तथा "कोभिड-१९ का कारण प्रभावित क्षेत्रहरूको लागि राहत सुविधा प्रदान गर्ने कार्ययोजना, २०७६" को आधारमा मात्र राहत वितरणको व्यवस्था मिलाउने, प्रत्येक वडामा सम्पर्क व्यक्ति तोकी गुनासो सङ्कलन गर्ने तथा वितरण गरिएको राहतको विवरण हरेक दिन website तथा अन्य उपयुक्त माध्यमहरूबाट सार्वजनिक गर्ने व्यवस्था मिलाउने, राहत वितरण कार्यको नियमित अनुगमन गर्ने र वितरित राहतको प्रतिवेदन तोकिएको ढाँचामा यस मन्त्रालयलाई दैनिक रूपमा उपलब्ध गराउनेसमेतका कार्य गर्नु भनी यस मन्त्रालयद्वारा सबै स्थानीय तहहरूलाई गरिएको उक्त पत्राचारमा उल्लिखित थियो । यस मन्त्रालयले राहत वितरणमा पारदर्शिता ल्याउन र त्यसको अभिलेख प्रणालीलाई व्यवस्थित गर्न कोभिड म्यानेजमेन्ट इन्फोर्मेसन सिस्टम (CMIS) को व्यवस्था गरेको छ । उक्त सिस्टममा सम्बन्धित स्थानीय तह आफैँले आफूले वितरण गरेको राहतको विवरण प्रविष्टि गर्ने व्यवस्था गरिएको छ । स्थानीय तहहरूले आफूले वितरण गरेको राहतको विवरण आफ्नो website मा राख्नुपर्नेसमेतका प्रावधान र CMIS ले राहत वितरण प्रणालीलाई व्यवस्थित बनाउँदै स्थानीय तह स्वयंलाई आफूले वितरण गरेको राहतका कार्यमा स्वयं जिम्मेवार बनाएको स्पष्ट छ । यसरी यो मन्त्रालय प्रत्यक्ष रूपमा आफैँ राहत वितरण कार्यमा संलग्न नरही स्थानीय तहबाट वितरण गरिने राहतलाई सहज तथा व्यवस्थित बनाउने भूमिका निर्वाह गर्दै आएको अवस्थामा यस मन्त्रालयलाई विपक्षी बनाई रिट दायर गर्नुपर्ने अवस्था होइन । तसर्थ, रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्ने सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तर्फबाट सचिव सूर्यप्रसाद गौतमको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

विश्वव्यापी महामारी कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि बाध्यताबस गर्नुपरेको बन्दाबन्दी (लकडाउन) को कारण दैनिक श्रम गरी जीवनयापन गर्नुपर्ने परिवारलाई पर्न गएको समस्याप्रति नेपाल सरकार संवेदनशील छ । सोही कारण नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७६।१२।१६ मा बन्दाबन्दीको कारण आयआर्जन गुम्न गई दैनिक जीवनयापनमा समस्यामा परेका परिवारको लागि राहत कार्यक्रम सञ्चालन गर्ने निर्णय भई कार्यान्वयन भइसकेको छ । यसका लागि "कोभिड १९ रोकथाम तथा नियन्त्रणका क्रममा भएको आवागमन निषेधबाट उत्पन्न परिस्थितिमा लक्षित परिवारलाई राहत उपलब्ध गराउनेसम्बन्धी मार्गदर्शन, २०७६" जारी भई कार्यान्वयन गरी सकिएको छ । सोबमोजिम लक्षित परिवारलाई अति विपन्न, दैनिक ज्यालादारी र असहाय गरी तीन किसिमले वर्गीकरण र पहिचान भई सम्बन्धित स्थानीय तहमार्फत राहत वितरण भएको छ। कसलाई के कति राहत वितरण गरियो भन्ने

सम्बन्धमा उक्त राहत वितरण गर्ने काम सम्बन्धित स्थानीय तहबाट भएकोले सोको विवरण सम्बन्धित स्थानीय तहमा नै हुने स्पष्ट छ। राहत वितरणमा भएका खर्चको विवरण र लेखा सम्बन्धित स्थानीय तहमै रहने र प्रचलित कानूनबमोजिम लेखापरीक्षण स्थानीय तहले नै गराउनु पर्ने भएकोले कसलाई कति राहत वितरण गरियो, कसले त्यसरी राहत पाए, राहत रकम नगद वा खाद्यान्न वितरण कसरी गरियो भन्ने कुराको सूचना सम्बन्धित स्थानीय तहबाटै माग्नु र लिनुपर्ने हुन्छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम पनि जुन निकायमा रहेको सूचना हो सोही निकायसँग माग्नुपर्ने हो। कुन सूचना कुन निकायमा रहने हो र कसले उपलब्ध गराउनु पर्ने हो भन्ने आधारभूत कुरामै अस्पष्ट भई गरिएको निवेदन मागदाबी हचुवा छ। विश्वव्यापी रूपमा कोभिड महामारी देखिन थालेपछि नेपालमा यस रोगको रोकथाम र नियन्त्रणको काम समन्वयात्मक र प्रभावकारी रूपमा सञ्चालन गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।११।१८ को निर्णयले उपप्रधान एवं रक्षामन्त्रीको संयोजकत्वमा नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति गठन भई काम भएकोमा यससम्बन्धी कार्य एकै निकायबाट गर्दा अझ प्रभावकारी हुने देखी सो समिति विघटन गरी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।२।२८ को निर्णयबाट COVID-19 Crisis Management Center (CCMC) पुनर्गठन भई सोसम्बन्धी काम कारबाही भइरहेको छ। सो केन्द्रबाट भए गरेका कामहरूको बारेमा सो केन्द्रबाटै सूचनाहरू सम्प्रेषण भएका छन्। कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारको काममा नेपाल सरकार, सम्बद्ध मन्त्रालयहरू, CCMC लगायत नेपाल सरकारका सबै सम्बन्धित निकाय मात्र होइन प्रदेश सरकार तथा स्थानीय तहहरू पनि आ-आफ्नो भूमिकामा पूर्ण रूपमा क्रियाशील छन्। नेपाल सरकार, मन्त्रिपरिषद्बाट यी सबै निकायका काम कारबाहीलाई सहजीकरण तथा सहयोग गर्ने तथा नीतिगत नेतृत्व दिने काम भइरहेको छ। यसबाहेक कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारको काममा व्यक्तिगत तथा संस्थागत रूपमा सहयोग गर्न चाहने दाताहरूबाट प्राप्त रकम जम्मा गर्ने गरी कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष खडा गरिएको छ। सो कोषको व्यवस्थित र पारदर्शी रूपमा सञ्चालन गर्न राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा सञ्चालक समिति गठन भएको छ। सो समितिले उक्त कोषमा जम्मा भएको रकम, कोषबाट निकासा दिइएको रकम र खर्चको विवरण नियमित रूपमा सार्वजनिक गर्दै आएको छ। यति मात्रै होइन, अहिले प्रायः सबै निकायले वेबसाइटमार्फत सबै सूचनाहरू सार्वजनिक गर्ने गरेका छन्। यसरी सबै सूचना पारदर्शी रूपमा सार्वजनिक भइरहेको र स्थानीय तहलगायत सबै निकायबाट भए गरेका कामको बारेमा सम्मानीय प्रधानमन्त्रीज्यूले समग्रमा उल्लेख गरेको विषयलाई अतिरंजित गरी विभिन्न निकायमा रहने र ती निकायबाटै सार्वजनिक भएको सूचना माग गरी दायर भएको निवेदन दाबी अतिरंजित र मनोगत छ। नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने छ भन्ने व्यवस्था रहेको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुने र सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने व्यवस्था रहेको छ। सोहीबमोजिम आफूसँग सार्थक सम्बन्ध भएको सूचना कानूनबमोजिम सम्बन्धित कार्यालयबाट माग गर्न सक्ने र सो नपाएमा राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्ने स्पष्ट कानूनी व्यवस्था छ। यसमा कानूनबाट प्राप्त उपचारको मार्ग अवलम्बन नगरी राष्ट्रिय सूचना आयोगमा निवेदन गर्न नसकेको भन्ने मनोगत दाबी गरिएको छ। बन्दाबन्दीको समयमा पनि सो आयोगको कार्यालय

खुला रहेको थियो र काम कारबाही सञ्चालन भइरहेको थियो । यो रिट निवेदन लिएर सम्मानित अदालतमा उपस्थित हुन सक्ने निवेदकले सो आयोगमा निवेदन दिन नसकेको भन्ने दाबी आफैँमा विरोधाभाषपूर्ण छ । अत: माथि उल्लिखित बुँदाका आधारमा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत **बेहोरा**को अलग अलग एकै मिलानको नेपाल सरकार, मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट नेपाल सरकारको मुख्य सचिव लोकदर्शन रेग्मी र प्रधानमन्त्री केपी शर्मा ओली नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

आदेश खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णायार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदन तथा लिखित जवाफसमेतको मिसिल संलग्न कागजातहरूको अध्ययन गरी निवेदक तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री अनन्तराज लुइँटेल, श्री मनिषकुमार श्रेष्ठ, श्री सुरेन्द्र विक्रम के.सी., श्री नवराज पाण्डे, श्री कृतिनाथ पौडेल, श्री विरभद्र जोशी, श्री विशालकुमार उपाध्याय, श्री प्रतिभा उप्रेती, श्री सुजन नेपाल र श्री सन्तोष भण्डारीले निवेदकहरूलाई संविधान, सूचनाको हकसम्बन्धी ऐन र अन्तर्राष्ट्रिय दस्ताबेजसमेतको आधारमा आफ्नो र सार्वजनिक महत्त्वको विषयमा सूचना माग्ने र पाउने हक छ । विपक्षीहरूले कोरोना कोषको प्रयोग कहाँ कसरी भएको छ सो कोषको कतै दुरूपयोग त भएको छैन भनी सोको सूचना माग्न जाँदा सूचना नदिएको हुँदा उक्त कोषको रकम कहाँ कसरी खर्च भएको छ, सोको सूचना निवेदकहरूलाई दिनु साथै राहत वितरण गर्ने क्रममा सरकारका काम कारबाहीमा पारदर्शिता कायम गर्न स्पष्ट मापदण्ड निर्माण गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशीले राहत वितरणको काममा पारदर्शिता कायम गरिएको छ । उक्त काम कारबाहीलाई व्यवस्थित गर्न उच्च स्तरीय समिति गठन भई राहत वितरण गर्ने निर्णय गरी कार्यान्वयनमा ल्याइएको छ सोलाई व्यवस्थित गर्न राहत उपलब्ध गराउने मार्गदर्शन, २०७६ जारी भएको छ । राहत वितरण गर्ने प्रत्येक निकायले आफ्नो काम कारबाहीको विवरणसहितको सूचना आ-आफ्नो वेबसाइटमा प्रविष्ट गर्नुपर्ने व्यवस्था गरी प्रविष्ट गरी आएको अवस्था छ । व्यवस्थित गरेर खर्च गर्ने प्रयास भएको छ कहाँनिर गल्ती भयो भनी निवेदनमा उल्लेख भएको छैन । विधि प्रक्रिया पूरा गरेर कोष खर्च गरिएको र भएका काम कारबाहीको सूचना वेबसाइटमा राखिएको हुँदा सूचना पाएनौं भन्ने स्थिति छैन रिट निवेदन खारेज हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

मिसिल संलग्न कागजातहरू अध्ययन गरी दुवै पक्षका विद्वान् अधिवक्ताहरू र विद्वान् सहन्यायाधिवक्ताको बहस सुनी निर्णयतर्फ विचार गर्दा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निणर्यतर्फ विचार गर्दा यसमा यी निवेदकहरूले विश्वव्यायी रूपमा फैलिएको कोराना रोगको रोकथाम तथा नियन्त्रणका लागि गरिएको लकडाउनका कारण दैनिक ज्यालादारी गरी जीवनयापन गर्नुपर्ने सर्वसाधारणलाई राहत सामग्री वितरण भइरहेको र असी करोड बराबरको राहत बाँडिएको भनी प्रधानमन्त्रीज्यूबाट सार्वजनिक रूपमै सञ्चार माध्यममा समेत प्रकाशित प्रसारित भएकाले को जनताले कसरी त्यति रकम बराबरको राहत पाएछन् भनी विवरण जान्ने इच्छा भएकोले सिंहदरबारस्थित विपक्षी कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति, सिंहदरबार, काठमाडौंमा निवेदन लिई जाँदा सिंहदरबारको गेटबाटै प्रवेश नदिई सार्वजनिक

सरोकारको विषयको सूचना पाउने हकबाट नै वञ्चित गरेको हुँदा के कसरी, के कति राहत वितरण गरिएको छ सोको सूचना निवेदकहरूलाई दिनुका साथै राहत वितरणको काम कारबाहीलाई स्पष्ट मापदण्ड निर्माण गरी पारदर्शी रूपमा सञ्चालन गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर रहेको प्रस्तुत निवेदनमा राहत वितरणका काम कारबाही प्रक्रिया पूरा गरी पारदर्शी रूपमा भएका छन् सोको लागि विभिन्न संयन्त्र निर्माण भई काम भइरहेको र राहत वितरण गर्ने विभिन्न निकायले गरेका काम कारबाही आ आफ्नो वेबसाइटमा प्रविष्ट गरेको र सो सूचनामा सबैको पहुँच हुँदा सूचना दिएन भन्न मिल्दैन रिट निवेदन खारेज गरिपाउँ भनी प्राय: सबै विपक्षीहरूको एकै मिलानको अलग अलग लिखित जवाफ पर्न आएको देखिन्छ । विपक्षीमध्येको नोभेल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको नामको म्याद उक्त समिति विघटन भइसकेकोले तामेल हुन सकेको देखिँदैन ।

३. यसमा मूलतः निवेदकहरूले कोरोना रोकथाम उच्च स्तरीय समितिद्वारा स्थापित कोषबाट नागरिकहरूले के कति राहत प्राप्त गरे, को कसले कति राहत प्राप्त गरे, त्यस्तो राहत रकम नगद वा खाद्यान्न वितरणको विवरण निवेदकलाई दिनु भन्ने मूल माग र कोरोना रोकथाम तथा व्यवस्थापन र राहत स्वरूप वितरण गरिएको भनिएको रकम के कुन शिर्षकअन्तर्गत खर्च गरिएको हो संविधानको धारा २७ बमोजिम सूचना प्राप्त गर्नु भन्ने पूरक निवेदन देखियो ।

४. प्रत्यर्थीहरूको लिखित जवाफमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रक्रिया नपुर्‍याई सर्वोच्च अदालत प्रवेश गरेको, कोभिड-१९ रोकथाम तथा नियन्त्रणका क्रममा भएको आवागमन निषेधबाट उत्पन्न परिस्थितिमा लक्षित परिवारलाई राहत उपलब्ध गराउने मार्गदर्शन, २०७६ अनुसार राहत वितरण भएको र वितरणको मुख्य जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको र त्यस्तो विवरण स्थानीय तहमै रहने गरेको र त्यस्तो विवरण वेबसाइटमा राखी प्रतिवेदन मन्त्रालमा पठाउने व्यवस्था मिलाएको, मिति २०७६।११।१८ को मन्त्रिपरिषद्को निर्णयले माननीय उपप्रधान तथा रक्षा मन्त्रीलाई संयोजकत्वमा नोबल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समिति बनाई काम भइरहेकोमा अझ प्रभावकारी काम गर्न मन्त्रिपरिषद्को मिति २०७७।२।२८ को निर्णयले Covid-19 Crisis Management Centre (CCMC) भइरहेको र ती निकायका सूचना तत् निकायले सार्वजनिक गरिरहेको, कोरोना भाइरस सङ्क्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष खडा गरी राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा सञ्चालक समिति गठन भएको र उक्त निकायले कोषको रकम निकासा भएको रकमलगायत विवरण सार्वजनिक गरिरहेको भन्ने उल्लेख भएको पाइन्छ । यसमा नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने छ भन्ने प्रावधान उल्लेख भएको पाइन्छ ।

५. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) ले प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुने छ भने उपदफा (२) ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने छ भन्ने व्यवस्था गरेको पाइन्छ । तर केही गोप्य राख्नु पर्ने किसिमको सूचनाहरूलाई आधार र कारणसहित सूचना दिन बाध्य पार्न मिल्दैन । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(३) मा गोप्य राख्नुपर्ने भनी निम्न प्रतिबन्धात्मक वाक्यांश उल्लेख गरेको पाइन्छः

- नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

- अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,
- आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,
- विभिन्न जातजाति वा सम्प्रदायबिचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने,
- व्यक्तिगत गोपनीयता र व्यक्तिको जिउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने।

६. यी उल्लिखित विषयवस्तुमा सार्वजनिक निकायले सूचना दिन बाध्य हुने छैन तर के कुन कारणले सूचना प्रवाह नगर्नु पर्ने उचित र पर्याप्त कारण खुलाउनु पर्छ। त्यसरी उचित र पर्याप्त कारण खुलाउन नसकेको अवस्थामा सूचना दिने दायित्वबाट सार्वजनिक निकाय उन्मुक्ति पाउन सक्दैन। जहाँसम्म प्रस्तुत मुद्दामा माग गरिएको सूचनाको विषयवस्तुको गम्भीरतालाई हेर्दा ऐ. ऐनको दफा ३ (३) बमोजिम सूचना उपलब्ध नगराउने विषयवस्तुअन्तर्गत पर्ने देखिँदैन। प्रत्यर्थीको लिखित जवाफमा पनि राहत वितरणका काम कारबाही प्रक्रिया पूरा गरी पारदर्शी रूपमा भएका छन् र राहत वितरण गर्ने विभिन्न निकायले गरेका काम कारबाही आ-आफ्नो वेबसाइटमा प्रविष्ट गरेको भन्ने उल्लेख गरेको देखिन्छ, साथै सो सूचना दिनु नपर्ने भन्ने कहीँकतै जिकिर लिएको देखिँदैन। अतः माग गरिएको सूचना सार्वजनिक निकायले सार्वजनिक रूपमा प्रकाशन प्रशारण गर्ने गराउने तथा कुनै नेपाली नागरिकले माग गरेको खण्डमा सूचना प्रदान गर्ने प्रकृतिको सूचनाभित्र पर्ने कुरामा विवाद देखिँदैन।

७. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ४ मा प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनु पर्ने सार्वजनिक निकायको दायित्व उल्लेख गरेको पाइन्छ। सार्वजनिक निकायले सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने, आफ्नो काम कारबाही खुला र पारदर्शी रूपमा गर्ने, आफ्ना कर्मचारीको लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने भनी सार्वजनिक निकायको दायित्व रहेको देखिन्छ।

८. निवेदकहरूले कोषले गरेको वितरणको विवरण माग गरेकोमा उक्त कोषको स्थापना मन्त्रिपरिषद्को मिति २०७६।११।१८ निर्णयबाट भएको र सरकारी तथा व्यक्तिगत वा संस्थागत सहायता प्राप्त गरी सञ्चालन भएको कोष भएको हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ बमोजिम सूचना माग्न पाइने र दिनुपर्ने दायित्व भएको निकाय रहेको देखियो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफमा उक्त कोषको रकमको निकासा र खर्चको विवरण सार्वजनिक भइरहेको भन्ने बेहोरा उल्लेख भएको भए तापनि त्यसरी सार्वजनिक गरिएका विवरणलगायतका सूचनाहरू विधिवत् रूपमा निवेदन दिई कसैले सूचना माग गरेको अवस्थामा प्रक्रिया पुऱ्याई सूचना दिनुपर्ने नै देखियो।

९. सम्बन्धित कोष वा नेपाल सरकारको अन्य कुनै प्रक्रियाबाट नेपालको संविधान वा कानूनअनुसार स्थापित निकायले कुनै रकम प्राप्त गरेको भए वा आफ्नै स्रोतबाट कुनै राहत वितरण गरेको भए निवेदकहरू वा अन्य कुनै पनि नेपाली नागरिकले सम्बन्धित निकायमा संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ र ४ अन्तर्गत निवेदन दिएमा प्रक्रिया पुऱ्याई औपचारिक रूपमा सूचना दिनुपर्ने नै देखियो। लिखित जवाफमा लक्षित परिवारलाई राहत उपलब्ध गराउने मार्गदर्शन, २०७६ मार्फत स्थानीय तहबाट खर्चको विवरण प्रक्रिया मिलाइएको भन्ने उल्लेख भएकोमा स्थानीय निकायको खर्च प्रदेश सरकारको सम्बन्धित मन्त्रालय तथा सङ्घीय

सरकारको सम्बन्धित मन्त्रालयमा प्राप्त गरी विद्युतीय माध्यम वा वेबसाइटमा एकीकृत रूपमा राखी त्यस्तो सूचना माग्न कोही व्यक्तिले निवेदन दिएमा प्रक्रिया पुऱ्याई लिखित सूचना दिनुपर्ने नै देखियो।

१०. महामारी भएको अवस्था वा कुनै दैवी प्रकोप परेको अवस्थामा सचेत नागरिकहरूले असल शासन र सरकारी निकायको उत्तरदायित्वको लागि खर्च विवरण माग गर्न पाउने हक संविधानको धारा २७ र सूचनाको हक तथा नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय सन्धिमार्फत नेपाल सरकारअन्तर्गतका निकायलाई बाध्यात्मक भएको विषयमा कुनै विवाद देखिँदैन। कुनै नेपाली नागरिकले जुनसुकै सार्वजनिक निकायहरूमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी सूचना माग्न गएमा औपचारिक प्रक्रिया पुऱ्याइ तत्तत् निकायले सूचना दिनुपर्ने नै देखिन्छ। ती सार्वजनिक निकायले सूचना नदिएको अवस्थामा राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्ने र उपचार खोज्न साधारण क्षेत्राधिकार रहे भएको देखिँदा त्यहाँबाट सूचना पाउने नै देखिन्छ।

११. जहाँसम्म लिखित जवाफमा संविधान प्रदत्त हक प्राप्त गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिमको प्रक्रिया पुऱ्याई आउनु पर्ने र प्राप्त गर्न नसके राष्ट्रिय सूचना आयोगमा पुनरावेदन दिनुपर्ने व्यवस्था भएकोमा निवेदकहरूले सो प्रक्रिया नपुऱ्याएको भन्ने दाबी छ, त्यसलाई अन्यथा भन्न सकिँदैन। निवेदकहरूले राष्ट्रिय सूचना आयोगलाइ विपक्षी नबनाएकोले उक्त आयोगको कुनै धारणा बुझ्न सकिएन। तर कोभिड-१९ भई बन्दाबन्दीको अवस्थामा राष्ट्रिय सूचना आयोग कर्मचारी विहीनताको अवस्थामा रहेकोले निवेदन दर्ता गर्न नसकेको भन्दै यस अदालतमा रिट निवेदन दिन आएका निवेदकहरूको निवेदनलाई यस विशेष परिस्थितिलाई मध्यनजर गर्दा अन्यथा भन्न सक्ने देखिएन। मूलतः सूचना दिनु र प्राप्त गर्नु नेपालको संविधान र कानूनले परिकल्पना गरेको विषय र असमान्य परिस्थिति जनाई यस अदालतमा परेको रिट निवेदनको हकमा अन्यथा भन्न सक्ने अवस्था देखिएन।

१२. यस्तो महामारी वा दैवी प्रकोप भएको अवस्थामा संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रावधानहरू सक्रिय नै रहने हुँदा निवेदकहरूले माग गरेबमोजिम त्यस्तो काममा संलग्न निकायले सम्बन्धित सूचना अधिकारीमार्फत नियमित सूचना प्रवाह गर्ने र यी निवेदक तथा कोही सचेत नागरिकले सूचना माग्न आएमा कानूनको प्रक्रियाअनुसार सूचना दिने दायित्व रहेकै देखिँदा यथोचित व्यवस्था गर्नु पर्ने नै हुन्छ। विपक्षीहरू प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति वा त्यसलाई प्रतिस्थापन गर्न बनेको कुनै निकाय, गृह मन्त्रालय वा सङ्घीय सरकारका कुनै मन्त्रालय, प्रदेश सरकार तथा कुनै मन्त्रालय र स्थानीय तहमा निवेदक तथा अन्य कुनै व्यक्तिले कोभिड-१९ सम्बन्धमा भएका कार्यहरूको विवरण माग्न निवेदनसहित आएमा कानूनको प्रक्रिया पूरा गरी सूचना उपलब्ध गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरिदिएको छ।

१३. साथै माथि उल्लिखित तथ्य, आधार, कारण र कानूनी व्यवस्थालाई समेत मध्यनजर गर्दा नेपालको संविधानको धारा २७, सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा अन्तर्राष्ट्रिय सन्धिबमोजिम सार्वजनिक निकायहरूको कामकारबाही तथा ती निकायले प्रवाह गर्ने सेवासम्बन्धी सूचना पाउने नागरिकको हकलाई प्रत्याभूत हुने र यस्तो महामारी वा दैविक विपद्को अवस्थालाई समेत ध्यानमा राखी देहायका कार्यहरू गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा निर्देशनात्मक आदेशसमेत जारी गरिदिएको छ।

(क) महामारी वा कुनै दैवी प्रकोप परेको अवस्थामा नागरिकले असल शासन र

सरकारी निकायको उत्तरदायित्वको लागि खर्च विवरण सार्वजनिक गर्नुपर्ने दायित्व तीनै तहका सरकारले वहन गर्नुपर्ने हुँदा एकीकृत रूपमा सूचना सङ्कलन गर्ने र सार्वजनिक गर्ने प्रणाली विकास गरी कोही व्यक्तिले सूचना माग्न आएमा कानूनबमोजिमको प्रक्रिया पुर्‍याई सूचना दिने व्यवस्था गर्नु गराउनु र सो निम्ति आवश्यक भए कानूनमा समेत संशोधन गर्नू।

(ख) सङ्क्रामक रोगको महामारी वा कुनै प्राकृतिक प्रकोप वा विपद् परेको अवस्था वा त्यस्तै प्रकृतिको जटिलता भएको अवस्थामा विस्तृत, वस्तुनिष्ठ र यथार्थपरक सूचनाद्वारा नै विपत्तिसँग जुध्न सकिने कुरालाई मध्यनजर गर्दै परमादेश र निर्देशनात्मक आदेश जारी भएको विषयमा सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय गरी संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम नागरिकको सूचना पाउने हकको सुनिश्चितता गर्न आवश्यक कानूनी, सचेतनामूलक कार्यक्रममार्फत पहल गर्नु भनी राष्ट्रिय सूचना आयोगलाई लेखी पठाउने।

१४. प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिनू। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.डा.आनन्दमोहन भट्टराई

इजलास अधिकृतः- ताराकुमारी शर्मा, रक्षाराम चमार (हरिजन) (शा.अ.)
इति संवत् २०७७ साल असार २५ गते रोज ५ शुभम्।

## निर्णय नं. १०५२५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
माननीय न्यायाधीश श्री कुमार रेग्मी
फैसला मिति : २०७७।४।२१
०७५-CR-०८४७

मुद्दाः- कर्तव्य ज्यान

पुनरावेदक / वादी : भोलादास तात्मको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : यदुनन्दन ठाकुरको छोरा विदेश भारत, विहार राज्य मधुवनी जिल्ला थाना जयनगर ग्रामपोष्ट कमलवारी ग्राम घर भई हाल जिल्ला सिराहा, सिराहा नगरपालिका वडा नं.१७ स्थित रामजानकी मन्दिरमा पुजारी भई बस्ने परिक्षण भन्ने रामपरिक्षण ठाकुर

- **मृत्यकालीन घोषणाको सम्बन्धमा मृतकले आफ्नो मृत्युको बारेमा मृत्यु हुनुभन्दा अगाडि आधिकारिक रूपमा आफ्ना भनाइहरू राखेको हुनुपर्ने।**
- **कुनै आधिकारिक व्यक्तिको रोहवरमा मृतकको भनाइ व्यक्त नभएको र त्यसलाई प्रामाणिक मान्यता दिनुपर्ने आवश्यक रोह रीत नपुगेकोमा मृतकले मृत्यु हुनुपूर्व व्यक्त गरेको भनाइले प्रामाणिक मूल्य र मान्यता राख्न नसक्ने।**

(प्रकरण नं.८)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री रिद्धिनाथ निरौला

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१

सुरू तहमा फैसला गर्ने अदालत :

मा.न्या.श्री विनोदकुमार पोखरेल

सिराहा जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्ने अदालत :

मा.न्या.श्री गोपाल भट्टराई

मा.न्या.श्री नसरूल्लाह अन्सारी

उच्च अदालत जनकपुर, राजविराज इजलास

फैसला

**न्या.बमकुमार श्रेष्ठ :** न्याय प्रशासन ऐन,२०७३ को दफा ९(१) बमोजिम दर्ता भई निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

तथ्य खण्ड

जिल्ला स्वास्थ्य कार्यालय, सिराहाको शव गृहमा राखिएको मृतक सुबोधकुमार दासको दायाँ कानको माथिको भागमा २ इन्च काटिएको, माथिपट्टिको एउटा दाँत भाँचिएको, दायाँ गालामा ३ से.मी. गोलो पिल्सिएको घाउ रहेको, दायाँपट्टि निधारदेखि टाउकोसम्म २ इन्च काटी १० वटा टाँका लगाएको, दायाँ कानमाथि टाउकोमा डेढ इन्च काटी ५ वटा टाँका लगाएको र दायाँ आखीभौंमा आधा इन्च काटी एउटा टाँका लगाएको देखिएको भन्ने बेहोराको घटनास्थल लास मुचुल्का।

मिति २०७१।९।१५ गते मेरो दाजु सुबोधकुमार दास काम विशेषले भारतको जयनगर गई सोही दिन फर्की आई जिल्ला सिराहा, सिराहा नगरपालिका वडा नं. १७ माडर स्थित रामजानकी मन्दिरमा बास बस्दा रातको समयमा को-कसले सोही स्थानमा मेरो दाजुलाई धारिलो हतियारले काटी गम्भीर घाइते बनाई उपचारको क्रममा मिति २०७१।९।१६ गते सिराहा जिल्ला अस्पतालमा मृत्यु भएको हुँदा उक्त लास दाह संस्कारको लागि जिम्मा बुझी पाउँ भन्ने बेहोराको प्रमोदकुमार दासको निवेदन।

जिल्ला सिराहा, सिराहा नगरपालिका वडा नं. १७ स्थित रामजानकी मन्दिरमा रहेको पिलरको पूर्व लाइनमा रगत लागी सुकेको देखिएको, सोही मन्दिरको उत्तरपट्टिको कोठामा रहेको कालो झोलाभित्र निलो रङ्गको जिन्स पाइन्ट थान-१, हरियो रङ्गको टिसर्ट थान-१, रातो खैरो रङ्गको तौलिया थान-१, सोही झोलाको अर्कोपट्टि गोजीमा भारतीय नगद रू.६५०।- फेला पारी उक्त कपडा, रकम र झोलासमेत प्रहरीले बरामद गरी लगेको भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्का।

सुबोधकुमार दासको टाउकोमा चोट लागी मृत्यु भएको भन्ने बेहोराको पोष्टमार्टम रिपोर्ट।

मेरो छोरा सुबोधकुमार दास मिति २०७१।९।१५ गते बहिनीको घर भारत जयनगर गई सोही दिन फर्कंदा रात पर्न गएकोले जिल्ला सिराहा, नगरपालिका वडा नं. १७ स्थित रामजानकी मन्दिरमा बास मागी सुतिरहेको अवस्थामा के-कुन रिसइवीको कारण सोही मन्दिरका पुजारी परिक्षण ठाकुरले मेरो छोराको टाउकोमा बन्चरोले प्रहार गर्दा मेरो छोरा छट्पटाई चिच्याएकोले सो आवाज सुनी नजिकका मानिसहरू आएकाले पुजारी सो स्थानबाट भागी गएका हुन्, सोपश्चात् उक्त स्थानबाट मसमेतलाई घटनाको जानकारी गराएकोले म घटनास्थलमा आई मेरो छोरालाई उपचारको लागि लाने क्रममा "कसले यस्तो घटना घटायो ?" भनी सोध्दा मेरो छोराले "सोही मन्दिरका बाबाजीले बन्चरोले हानेको।'' भनी जानकारी गराएपश्चात् मेरो छोरालाई सिराहा अस्पतालमा उपचार

गराउने क्रममा मृत्यु भएको हो । मेरो छोरालाई के कुन रिसइवीको कारण अन्यायी पुजारीले बन्चरोले प्रहार गरी हत्या गरेको हुँदा निज अन्यायीलाई पक्राउ गरी कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने बेहोराको भोला दास तत्माको जाहरी दरखास्त ।

वारदातपश्चात् फरार रहेका प्रतिवादी रामपरिक्षण ठाकुरलाई फेला पारी पक्राउ गरी दाखिला गरेको भन्ने बेहोराको प्रहरी प्रतिवेदन ।

मिति २०७१।९।१५ गते राति २१:३० बजेको समयमा म पुजारी भएको रामजानकी मन्दिरमा म आगो ताप्दै बसिरहेको अवस्थामा हाल नाम थाहा भएका सुबोधकुमार दास तत्मा झोला बोकी सोही स्थानमा आई बास पाइन्छ कि पाइँदैन भनी सोधेकोले मैले हुन्छ भनी सोही मन्दिरको उत्तरपट्टि रहेको कोठा देखाई २ वटा कम्मल दिई फर्की आई आगो ताप्दै गाँजा बनाइरहेको अवस्थामा निज सुबोधकुमार दास तत्मा उठी पिसाब फेरी म भएको स्थानमा आई म पनि गाँजा खान्छु भनेकोले मैले अलिकति तानी निजलाई पनि दिएँ, सोपश्चात् हामी दुवैजना गफ गर्दै बसिरहेको अवस्थामा निजले अघि खाएको गाँजा चित्तै बुझेन, फेरी खानुपर्छ भनेकोले राति अन्दाजी ०१:१५ बजेको समयमा मैले पुन: गाँजा बनाई चिलिममा हाली सल्काउन लाग्दा निज सुबोधकुमार दास तत्माले उक्त चिलिम खोसी आफैँले सल्काई गाँजा खाँदै हो-हल्ला गर्न लाग्दा मैले निजलाई तिमी माती सकेका छौ, अब नखाउ भन्दा निजले अरू दिन ४/४ चक्की नाइट्रोसन खाँदा त केही हुँदैन थियो, आज २ चक्की मात्र खाएको छु, के मात्नु भन्दै अपशब्द बोल्न थालेकोले मैले निजको हातबाट उक्त चिलिम खोस्न लाग्दा निजले सोही चिलिमले मेरो अनुहारमा एक्कासी हिर्काउँदा मैले सोही स्थानमा आगो बाल्न ल्याएको बाँसको भाटा हातमा उठाउँदा निजले मलाई गाली गर्दै बरण्डातिर गएकोले मैले मेरो हातमा भएको उक्त भाटाले निजको टाउकोमा ४/५ पटक हिर्काएपछि निज रगताम्य भई सोही मन्दिरको बरण्डामा लडेकोले म सो स्थानबाट भागी मेरो हातमा भएको बाँसको भाटा खेतमा फाली भारततर्फ गई बसेको थिएँ, पछि निज सुबोधकुमार दास तत्माको उपचारको क्रममा मृत्यु भएको भनी सुनी थाहा पाएको हुँ, म २१/२२ दिन भारतमा बस्दा मेरो खोज खबर नभएकोले फर्की आई सोही मन्दिरतिर हिँड्डुल गरिरहेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो, मैले यसभन्दा अगाडि पनि आफ्नै श्रीमती र भाइलाई कर्तव्य गरी मारी भारतबाट फरार भई नेपालमा आई लुकिछिपी बसेको थिएँ भन्ने बेहोराको प्रतिवादी रामपरिक्षण ठाकुरले साबित भई अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

जिल्ला सिराहा, सिराहा नगरपालिका वडा नं. १७ स्थित रामजानकी मन्दिरको परिसरभित्र बाँसको भाटा ३ थान र माटाको चिलिम १ थान फेला पारी बरामद गरेको भन्ने बेहोराको बरामदी मुचुल्का ।

वारदात मिति, समयमा म आफ्नै घरमा सुतिरहेको थिएँ, सोही समयमा जाहेरवाला मेरो घरमा आई मेरो छोरा सुबोधकुमार दास माडरमा रहेको रामजानकी मन्दिरमा घाइते अवस्थामा छ, उपचारको लागि लानुपर्‍यो, सहयोग गरिदिनु भनेकोले म पनि सो स्थानमा जाँदा जाहेरवालाको छोरालाई घाइते अवस्थामा देखी मसमेत भई निजलाई उपचारको लागि सिराहा अस्पतालमा ल्याउने क्रममा तिमीलाई को, कस्ले कुटपिट गर्‍यो भनी सोध्दा निजले मन्दिरको पुजारी बाबाले मलाई कुटपिट गरेको हो भन्दा मैले सुनी थाहा पाएको हुँ, निज घाइतेको उपचारको क्रममा मृत्यु भएको हो, निज पुजारी रामपरिक्षण ठाकुरलाई कानूनबमोजिम कारबाही होस् भन्ने बेहोराको राजेश्वर दास तत्माले गरिदिएको घटना विवरण कागज ।

मिति २०७१।९।१५ गतेको दिन अन्दाजी १५:०० बजेको समयमा मेरो भाइ सुबोधकुमार दास मेरो घरमा आई म जयनगर बजारमा सामान किन्न आएको हुँ अलिकति पैसा दिनुहोस् भनेकोले मैले भारतीय रू.१,०००।- दिएपश्चात् मेरो भाइ जयनगर

बजारतर्फ गएको थियो, सोको भोलिपल्ट बिहान फोनमार्फत् मेरो भाइ घाइते छ भन्ने जानकारी प्राप्त भएपश्चात म माइतीघर आइपुग्दा मेरो भाइको मृत्यु भइसकेको थियो, पछि बुझ्दा मेरो भाइ जयनगरबाट घर फर्किने क्रममा रात परेकोले सिराहाको माडरमा रहेको रामजानकी मन्दिरमा बास बसेको अवस्थामा सोही मन्दिरमा पुजारी रामपरिक्षण ठाकुरले मेरो भाइलाई कुटपिट गरी घाइते बनाई उपचारको क्रममा मृत्यु भएको भनी सुनी थाहा पाएको हुँ, निज प्रतिवादीलाई कानूनबमोजिम कारबाही हुनुपर्छ भन्ने बेहोराको सुधादेवी दास तत्माले गरिदिएको घटना विवरण कागज।

वारदात मिति, समयमा म आफ्नै घरमा सुतिरहेको अवस्थामा रामजानकी मन्दिरतर्फ हो-हल्ला भएको आवाज सुनी उक्त स्थानमा गई हेर्दा सो मन्दिरको बरण्डामा जाहेरवालाको छोरा सुबोधकुमार दासको टाउकोमा चोट लागी घाइते अवस्थामा लडिरहेको देखी मैले फोनमार्फत जाहेरवालालाई घटनाको जानकारी गराएपश्चात् जाहेरवालासमेतका मानिसहरू आई निज घाइतेलाई उपचारको लागि लगी उपचार गराउने क्रममा निजको मृत्यु भएको हो, पछि बुझ्दा सोही मन्दिरका पुजारी रामपरिक्षण ठाकुरले बाँसको भाटाले निज सुबोधकुमार दासलाई कुटपिट गरी घाइते बनाई उपचारको क्रममा मृत्यु भएको हुँदा निज प्रतिवादीलाई कानूनबमोजिम कारबाही होस् भन्ने बेहोराको महेन्द्र साहले गरिदिएको घटना विवरण कागज।

वारदात मिति, समयमा हामी सुतिरहेको अवस्थामा जाहेरवाला हाम्रो घरमा आई मेरो छोरा सुबोधकुमार दास सिराहाको माडरमा रहेको रामजानकी मन्दिरमा घाइते अवस्थामा छ, भनी मलाई फोन आएको थियो, सहयोग गरिदिनु पर्‍यो भनेकोले हामी उक्त स्थानमा जाँदा जाहेरवालाको छोरा सुबोधकुमार दासको टाउको ३/४ ठाउँमा काटी चोट लागी रगताम्य भई सोही मन्दिरको बरण्डामा लडेको देखी हामीसमेत भई उपचारको लागि सिराहा अस्पताल ल्याउने क्रममा को-कसले कुटपिट गर्‍यो भनी सोध्दा निजले मन्दिरको पुजारी बाबाले कुटपिट गरेको हो भनी बताएका हुन्, निज सुबोधकुमार दासको उपचारको क्रममा मृत्यु भएको हो, पछि बुझ्दा निज सुबोधकुमार दास भारतको जयनगर गई फर्कंदा रात परेकोले सोही मन्दिरमा बास बस्दा सोही मन्दिरका पुजारी र निज सुबोधकुमार दासले राति गाँजा बनाई खाने क्रममा निजहरूबिच वादविवाद हुँदा आगो बाल्न ल्याएको बाँसको भाटाले पुजारी रामपरिक्षण ठाकुरले सुबोधकुमार दासको टाउकोमा प्रहार गरी घाइते बनाई फरार भएको भनी सुनी बुझी थाहा पाएको हुँदा निज राम परिक्षण ठाकुरलाई कानूनबमोजिम सजाय होस् भन्ने बेहोराको रंजनकुमार दास र सेवकलाल दासले एकै मिलान हुने गरी गरिदिएको घटना विवरण कागज।

वारदात मिति, समय, स्थानमा हो-हल्ला भएको सुनी के भएछ भनी उक्त स्थानमा गई हेर्दा जाहेरवालाको छोरा सुबोधकुमार दासको टाउकोमा चोट लागी रगताम्य भई सोही रामजानकी मन्दिरको बरण्डामा लडिरहेको अवस्थामा देखी सो स्थानमा जम्मा भएका मानिसहरूले को-कसले कुटपिट गरेको भनी बताएपश्चात् निज घाइतेका आफन्तहरू आई निजलाई उपचारको लागि सिराहातर्फ लगी उपचार गराउने क्रममा निजको मृत्यु भएको भनी सुनी थाहा पाएका हौं, पछि के कसरी उक्त घटना घट्यो भनी बुझ्दा सोही मन्दिरका पुजारी र निज सुबोधकुमार दासले राति गाँजा बनाई खाने क्रममा निजहरूबिच वादविवाद हुँदा आगो बाल्न ल्याएको बाँसको भाटाले पुजारी रामपरिक्षण ठाकुरले सुबोधकुमार दासको टाउकोमा प्रहार गरी घाइते बनाई फरार भएको भनी सुनी बुझी थाहा पाएका हौं, निज प्रतिवादी रामपरिक्षण ठाकुरलाई कानूनबमोजिम सजाय होस् भन्ने बेहोराको नारायण सिंह, अजयकुमार साह र रामकुमार पासवानसमेतले

गरिदिएको वस्तुस्थिति मुचुल्का।

विदेश भारतमा प्रतिवादी रामपरिक्षण ठाकुरउपर कर्तव्य ज्यान मुद्दा दायर भएको कागजातहरू मिसिल संलग्न रहेको।

संकलित कागजात आधार प्रमाणहरूबाट मिति २०७१।९।१६ गते बिहानको राति अन्दाजी ०१:१५ बजेको समयमा जिल्ला सिराहा, सिराहा नगरपालिका वडा नं. १७ माडर स्थित रामजानकी मन्दिरमा बास बसेको अवस्थामा प्रतिवादी रामपरिक्षण ठाकुरले जोखिमी बाँसको धारिलो भाटाले मृतक सुबोधकुमार दासको टाउकोजस्तो संवेदनशील अङ्गमा प्रहार गर्दा घाइते भई निज सुबोधकुमार दासको उपचारको क्रममा मृत्यु भएको पुष्टि हुन आई प्रतिवादी रामपरिक्षण ठाकुरले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. विपरीतको कसुर अपराध गरेको पुष्टि हुन आएकोले निज भारतीय नागरिक प्रतिवादी रामपरिक्षण ठाकुरलाई सोही महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको अभियोग-पत्र।

म माडरस्थित रामजानकी मन्दिरमा ४ वर्षदेखि पुजारी भई काम गर्दै आएको छु। त्यसभन्दा पहिला जनकपुरको विसरा भन्ने ठाउँमा थिएँ। मिति २०७१।९।१५ गते म मन्दिरमा नै थिए। राति ८:३० बजेको समयमा मृतक सुबोध दाससँग भेट भएको थियो र मैले चिनेकोसमेत थियो। मलाई प्रहरीले मिति २०७१।१०।१२ गतेमा रामजानकी मन्दिरबाट पक्राउ गरी ल्याएको हो। मैले सुबोध दासलाई काटी कर्तव्य गरी मारेको छैन, होइन। विनोद साह तेली, सुरेश साह तेली, श्री किशोर साह सुडीले मलाई कुटेर भागेका हुन् भनी मृतकले मर्नुभन्दा पहिला मलाई भनेको हो। निजलाई उपचारको लागि सिराहा ल्याउँदै गर्दा मृत्यु भएको भन्ने मैले थाहा पाएको छु। अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मैले निज विनोद साह तेलीसमेतको नाम भनेको थिए। यहाँ अहिले बयान सुनाउँदा सो नाम उल्लेख नगरी बयान कागज लेखिएको रहेछ, किन मैले भनेको कुरा नलेखेका हुन्, निज नै जानुन्। मैले सुबोधकुमार दासलाई कुटपिट गरी मारेको छैन, होइन। मलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी परिक्षण भन्ने रामपरिक्षण ठाकुरले मिति २०७१।११।१० गते अदालतमा गरेको बयान।

मेरो छोरालाई प्रतिवादी रामपरिक्षण ठाकुरले कर्तव्य गरी ज्यान मारेको हो। जाहेरी बेहोरा र सहीछाप मेरै हो भन्ने बेहोराको जाहेरवाला भोला दास तत्माले मिति २०७२।१।१७ गतेमा अदालतसमक्ष गरेको बकपत्रको संक्षिप्त बेहोरा।

बेहोरा र सहीछाप मेरै हो। जाहेरवालाको छोरा सुबोध दासलाई प्रतिवादी रामपरिक्षण ठाकुरले बन्चरोले टाउकोमा प्रहार गरी घाइते बनाई उपचारको क्रममा सिराहा अस्पतालमा मृत्यु भएको हो भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्काको मानिस राजेस्वर दासले मिति २०७२।१।१७ गतेमा अदालतसमक्ष गरेको बकपत्रको संक्षिप्त बेहोरा।

घाउ चोटको अवस्था विवादको सुरूवात एवं प्रहार गर्दाको परिस्थिति र साधनसमेतलाई विचार गर्दा, प्रस्तुत वारदात आवेशप्रेरितको कसुर रहेकोमा विवाद देखिन आएन। तसर्थ, प्रतिवादी परिक्षण भन्ने रामपरिक्षण ठाकुरले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर अपराध गरेको देखिन आएकोले प्रतिवादीलाई १०(दश) वर्ष कैद सजाय हुने ठहर्छ भनी सुरू सिराहा जिल्ला अदालतको मिति २०७२।२।४ को फैसला।

घाउचोटको प्रकृति हेर्दा एक ठाउँमा मात्र निज प्रतिवादीले मृतकलाई प्रहार गरेको नदेखिई धेरै पटक र संवेदनशील अङ्गहरूमा चोट प्रहार गरेको देखिन्छ। यस्ता क्रूर र अमानवीय हत्याको वारदातमा आपराधिक कार्यबाट नै मनसाय नि:सृत हुने हुँदा मनसाय तत्त्वको निरपेक्ष खोजी गर्न आवश्यक देखिँदैन। अत: प्रतिवादीको कर्तव्यबाट मृतक

सुवोधकुमार दासको मृत्यु भएको पुष्टि हुँदाहुँदै सुरू जिल्ला अदालतबाट प्रतिवादीलाई आवेशप्रेरित हत्याको कसुर ठहराई भएको उक्त फैसला मौजुदा वस्तुगत प्रमाणको मूल्याङ्कन एवं कानूनको प्रयोग एवं व्याख्या र प्रतिपादित नजिर सिद्धान्तको प्रतिकूलसमेत रही त्रुटिपूर्ण हुँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुन सम्मानित अदालतसमक्ष सादर अनुरोध गरिन्छ भन्ने बेहोराको वादी नेपाल सरकारको उच्च अदालत राजविराजमा परेको पुनरावेदन।

पूर्वइवी परिचय र मार्नुपर्ने कारणसमेत नरहेका मृतकलाई गाँजा खाने निहुँमा पटकपटक विवाद भई पहिले नशा लागेका मृतकले नै प्रतिवादीलाई चिलिमले प्रहार गर्दा आवेशमा बाँसको चिरपट प्रहार भएको भन्ने प्रतिवादीको मौकाको कथन अन्यथा देखिँदैन। तसर्थ सुरू सिराहा जिल्ला अदालतबाट विवादको सुरूवात, घाउचोटको अवस्था, प्रहार गर्दाको परिस्थिति र प्रयुक्त साधनसमेतलाई मध्यनजर गरी प्रस्तुत वारदातलाई आवेशप्रेरित ठहराएको अन्यथा देखिएन । अत: प्रतिवादी परिक्षण भन्ने रामपरिक्षण ठाकुरले मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. अनुसारको कसुर गरेको ठहराई निजलाई कैद वर्ष १०(दश) हुने ठहराएको सुरू सिराहा जिल्ला अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने बेहोराको उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति २०७४।१।८ को फैसला।

प्रतिवादी र मृतकबिच गाँजा खाने विषयमा उठेको विवादका कारण प्रतिवादीले पटकपटक टाउकोजस्तो संवेदनशील भागमा भाटाजस्तो जोखमी हतियारले प्रहार गर्नुले नै तत्काल उठेको रिस थाम्न नसकी लाठी, लात, ढुङ्गा, मुक्का इत्यादिले एकपटक मात्र हानेको अवस्था नदेखिई प्रतिवादी मात्रैले एकोहोरो पटकपटक प्रहार गर्नुले नै आवेशको स्तर र अवस्था नियन्त्रणबाहिर थियो भन्न नसकिने हुँदा मनसाय स्थापित भइरहेको अवस्था छ। यसर्थ उच्च अदालत जनकपुर राजविराज इजलासले तथ्य र प्रमाणको गलत मूल्याङ्कन गरी प्रतिवादीलाई अभियोग मागदाबीभन्दा फरक दफा प्रयोग गरी सुरू अदालतको फैसलाको सदर गरी कम सजाय गर्ने गरी गरेको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी उल्लिखित प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने बेहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदन।

अदालतको ठहर

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ आज यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मिसिल अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट बहसमा उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री रिद्धिनाथ निरौलाले पुनरावेदन जिकिरलाई समर्थन गर्दै आफ्नो बहसको प्रस्तुतिमा भाटाजस्तो वस्तुले मृतकलाई प्रतिवादीले मानव शरीरको टाउकोजस्तो संवेदनशील अङ्गमा पटकपटक प्रहार गरिएको अवस्थामा दाबीबमोजिम नगरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. लगाएको उच्च अदालत जनकपुर, राजविराज इजलासको फैसला त्रुटिपूर्ण हुँदा सो फैसला बदर भई अभियोग दाबीबमोजिम प्रतिवादीलाई सजाय होस् भनी भन्नुभयो।

उपर्युक्तानुसारको तथ्य रहेको प्रस्तुत मिसिलमा विद्वान् उपन्यायाधिवक्ताले राख्नु भएको बहस जिकिरलाई समेत सुनी निर्णयतर्फ विचार गर्दा मूलत घटित वारदात मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. अन्तर्गतको हो वा होइन ? अभियोग मागअनुसार ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्छ, सक्तैन ? र उच्च अदालत जनकपुर, राजविराज इजलासबाट प्रतिवादीले ज्यानसम्बन्धी महलको १४ नं. को कसुर गरेको ठहराई भएको फैसला मिलेको छ छैन ? भनी यसै विषयको निरूपण गरी निर्णय दिनुपर्ने

देखिन आयो ।

२. अब निर्णयतर्फ विचार गरी हेर्दा मिसिल संलग्न प्रमाण कागजात, बकपत्र गर्ने व्यक्तिको बकपत्र बेहोरा, अनुसन्धान अधिकारीसमक्ष प्रतिवादी स्वयंले गरेको बयान बेहोरासमेतबाट मृतक सो रात प्रतिवादी रहेबसेको मन्दिरमा बास बस्न आएको र गाँजा खाने क्रममा एक्कासी विवाद भई सोही क्रममा बिना तयारी एकाएक आवेगमा आई प्रतिवादीले मृतकलाई बाँसको भाटाले हानेको र उपचारको क्रममा मृतकको मृत्यु भएको भन्ने देखिएको छ ।

३. अभियोग दाबीबाट प्रतिवादीले जोखमी बाँसको धारिलो भाटाले मृतक सुबोधकुमार दासको टाउकोजस्तो संवेदनशील अङ्गमा प्रहार गर्दा घाइते भई निजको उपचारको क्रममा मृत्यु भएको प्रमाणद्वारा पुष्टि भएकोले ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय होस् भन्ने दाबी लिएकोमा सुरू जिल्ला अदालतबाट घटित वारदातलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर ठहर गरी फैसला भएको र सोउपर पुनरावेदन परी पुनरावेदन अदालतबाट समेत सुरू जिल्ला अदालतको सोही फैसला सदर हुने ठहऱ्याएको देखिन्छ ।

४. प्रतिवादी र मृतकबिच गाँजा खाने विषयमा सामान्य विवाद भई सोही कारणबाट प्रतिवादीले पटकपटक टाउकोजस्तो संवेदनशील अङ्गमा बाँसको भाटाले प्रहार गर्नुबाट नै प्रतिवादी विरूद्धको आरोप प्रमाणित भइरहेको छ । त्यसैले आवेशमा आई एक्कासी गरेको प्रहारबाट मृतकको मृत्यु भएको भन्ने अवस्था छैन भनी नेपाल सरकारको तर्फबाट लिइएको पुनरावेदन जिकिरको सन्दर्भमा हेर्दा; प्रथमत: पूर्ण अपराध हुनको लागि आवश्यक पर्ने तत्त्वहरूकै बारेमा हेर्नुपर्ने देखियो । सो सम्बन्धमा फौजदारी न्यायका सिद्धान्तअनुसार पूर्ण अपराधको लागि निम्न तत्त्वहरू आवश्यक हुन्छन् :

(क) मनसाय (Mens Rea)

(ख) सोअनुसारको पूर्वतयारी (Premediation)

(ग) तैयारी मुताबिकको कार्य (Actus rea)

(घ) कानूनले निषेध गरेको कार्य (Illegal Act)

५. उल्लखित यी चार चरण वा चार तत्त्व एउटा पूर्ण अपराधको लागि आवश्यक हुने देखिन्छ । हत्याजस्तो अपराधमा समेत यी चरणको पूर्णता: को अवस्था वा अभावको आधारमा त्यसको गम्भीरता निर्धारण गरिन्छ । मनसायप्रेरित अपराध (Premediated Crime) र आवेशप्रेरित अपराध (Prevocational Crime) का बिचको मुख्य फरक भनेकै आवेशप्रेरित अपराधमा मनसाय, पूर्वतयारी बिना नै काम भएको हुन्छ । अर्थात् आवेशप्रेरित हत्या (Prevocational Murder) र आपराधिक हत्या (Premediated Murder) मा मूलत हुने भिन्नता वा फरक यसैलाई मानिन्छ । आपराधिक हत्यामा मनसायपूर्वक तयारीका साथ काम सम्पन्न गरिन्छ भने आवेश प्रेरित हत्यामा मनसाय र पूर्वतयारीको अभावमा तत्काल उठेको रिसको कारणले घटना घटाइएको हुन्छ । त्यसैगरी भवितव्य हत्या (Accidental Murder) मा मनसाय वा आवेश तत्वको विद्यमानता नरही केही गर्दागर्दै अचानक घटना घट्न गई कसैको मृत्यु भएको हुनुपर्दछ ।

६. प्रस्तुत मिसिलको सन्दर्भमा घटित वारदातको अवस्था र प्रकृतिलाई हेर्ने हो भने घटनामा मृतक र प्रतिवादीको मात्र उपस्थिति रहेको देखिन्छ । मृतकको जिउ (शरीर) मा एउटा / दुइटा २" काटिएको घाउ रहेको भन्ने लास जाँच मुचुल्कामा उल्लेख भई आएको र शव परीक्षण प्रतिवेदनबाट मृतकको मृत्यु टाउकोमा चोट लागी भएको भन्ने देखिन्छ । निधारदेखि टाउकोसम्मको चोटको नाप ८" भनी लास प्रकृति मुचुल्कामा उल्लेख भएको पाइन्छ ।

७. मौकामा परेको जाहेरी दरखास्तको बेहोराबाट मृतक चिच्याएको आवाज सुनी नजिकको

मानिसहरू घटनास्थलमा पुग्दा प्रतिवादी (पुजारी) भागी गएका र घटनाबारेमा तत्काल मलाई जानकारी भई घटनास्थलमा म पुग्दा छोराले मन्दिरको पुजारी बाबाजीले बन्चरोले हाने भनी जानकारी गराएका थिए । मृतक छोरालाई सिराहा अस्पतालमा लगी उपचार गराउने क्रममा निजको मृत्यु भएको हो । अन्यायीलाई पक्राउ गरी कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने उल्लेख भएको पाइन्छ ।

८. जाहेरवालाले घटनाबाट पीडित मृतकले आफू घाइते भएपछि उपचारको लागि लाने क्रममा आफूलाई रामजानकी मन्दिरको पुजारीले बन्चरोले हानी यो अवस्थामा पुऱ्याए भनी भनेका थिए भन्दै मृतकले मौकामा भनेको कुरा लेखाए पनि त्यस कुराको प्रामाणिक मूल्यको सन्दर्भमा विचार गर्दा मृतकको सो भनाइले मृत्युकालीन घोषणा (Dying Declaration) को मान्यता पाउने अवस्था छ छैन भन्नेमा विचार गर्नुपर्ने देखियो । प्रमाण ऐन, २०३१ को दफा ११ मा मृत्युकालीन घोषणाबारे "कुनै मरेको व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस छँदै आफ्नो मृत्युको कारणका सम्बन्धमा व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ" भनी उल्लेख भएको पाइन्छ । मृत्यकालीन घोषणाको सम्बन्धमा मृतकले आफ्नो मृत्युको बारेमा मृत्यु हुनुभन्दा अगाडि आधिकारिक रूपमा आफ्ना भनाइहरू राखेको हुनुपर्दछ । तर प्रस्तुत मिसिलमा कुनै आधिकारिक व्यक्तिको रोहवरमा मृतकको सो भनाइ व्यक्त नभएको र त्यसलाई प्रामाणिक मान्यता दिनुपर्ने आवश्यक रोह रीत पुऱ्याएको भन्ने नदेखिएबाट जाहेरीमा उल्लेख भएको मृतकले मृत्यु हुनुपूर्व व्यक्त गरेको भनिएको भनाइले प्रामाणिक मूल्य र मान्यता राख्न सक्ने अवस्था देखिँदैन । यसका साथै मिसिलमा उल्लेख भएअनुसार मृतक र प्रतिवादीबिच गाँजा खाने क्रममा विवाद भएको भन्ने कुराबाट पनि मृतक मातेको (Intoxicated) अवस्थामा रहेको भन्ने कुरा सहजै आँकलन गर्न सकिन्छ । त्यस अवस्थामा मृतकको भनाइअनुसार प्रतिवादीले बन्चरोले प्रहार गरेको भन्ने कुरा विश्वसनीय देखिँदैन । यसै सन्दर्भमा ***Smt. Laxmi v. Om Prakash and others*** को मुद्दामा मृत्युकालीन घोषणाको विश्वसनीयताको बारेमा भारतको सर्वोच्च अदालतबाट *"If the court finds that the capacity of the maker of the statement to narrate the facts was impaired or the court entertains grave doubts whether the deceased was in a fit physical and mental state to make the statement, the court may in the absence of corroborative evidence lending assurance to the contents of the declaration refuse to act on it."* भन्ने विचार व्यक्त भएको पाइन्छ । यस्तो अभ्यास प्रचलनमा रहे भएको अवस्थामा उचित प्रमाणको अभावमा केवल मृतकले मर्नुअगाडि गरेको घोषणाको भरमा मात्र त्यस घोषणालाई मृत्युकालीन घोषणा भन्न मिल्दैन । त्यस घोषणालाई प्रमाणित गर्ने उचित प्रमाण र परिस्थितिसमेत मिसिलबाट देखिनुपर्छ । मृतकलाई बन्चरो प्रहार भएको थियो भन्ने घटनाको सन्दर्भमा घटनामा प्रयोग भएको बन्चरो बरामद भएको भन्ने नदेखिएपछि स्वतन्त्र प्रमाणबाट समर्थित हुन नसकेको व्यक्तिको त्यस्तो भनाइ प्रमाणको लागि ग्रहणयोग्यसमेत देखिँदैन ।

९. प्रतिवादीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मिति २०७१।९।१५ गते राति २१:३० बजेको समयमा म पुजारी भएको रामजानकी मन्दिरमा आगो ताप्दै बसिरहेको अवस्थामा हाल नाम थाहा भएका सुबोधकुमार दास तत्मा झोला बोकी सोही स्थानमा आई बास पाइन्छ कि पाइँदैन भनी सोधेकोले मैले हुन्छ भनी सोही मन्दिरको उत्तरपट्टि रहेको कोठा देखाई २ वटा कम्मल दिई फर्की आई आगो ताप्दै गाँजा बनाइरहेको अवस्थामा निज सुबोधकुमार दास तत्मा उठी पिसाब फेरी म भएको स्थानमा आई

म पनि गाँजा खान्छु भनेकोले मैले अलिकति तानी निजलाई पनि दिएँ, सोपश्चात् हामी दुवैजना गफ गर्दै बसिरहेको अवस्थामा निजले अघि खाएको गाँजा चित्तै बुझेन, फेरी खानुपर्छ भनेकोले राति अन्दाजी ०१:१५ बजेको समयमा मैले पुन: गाँजा बनाई चिलिममा हाली सल्काउन लाग्दा निज सुबोधकुमार दास तत्माले उक्त चिलिम खोसी आफैँले सल्काई गाँजा खाँदै हो-हल्ला गर्न लाग्दा मैले निजलाई तिमी माती सकेका छौं, अब नखाउ भन्दा निजले अरू दिन ४/४ चक्की नाइट्रोसन खाँदा त केही हुँदैन थियो, आज २ चक्की मात्र खाएको छु, के मात्नु भन्दै अपशब्द बोल्न थालेकोले मैले निजको हातबाट उक्त चिलिम खोस्न लाग्दा निजले सोही चिलिमले मेरो अनुहारमा एक्कासी हिर्काउँदा मैले सोही स्थानमा आगो बाल्न ल्याएको बाँसको भाटा हातमा उठाउँदा निजले मलाई गाली गर्दै बरन्डातिर गएकोले मैले मेरो हातमा भएको उक्त भाटाले निजको टाउकोमा ४/५ पटक हिर्काएपछि निज रगताम्य भई सोही मन्दिरको बरन्डामा लडेकोले म सो स्थानबाट भागी मेरो हातमा भएको बाँसको भाटा खेतमा फाली भारततर्फ गई बसेको थिएँ, पछि निज सुबोधकुमार दास तत्माको उपचारको क्रममा मृत्यु भएको भनी सुनी थाहा पाएको हुँ, म २१/२२ दिन भारतमा बस्दा मेरो खोज खबर नभएकोले फर्की आई सोही मन्दिरतिर हिँड्डुल गरिरहेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो भन्ने बेहोरा लेखाएको पाइन्छ भने अदालतमा बयान गर्दा आरोपित कसुरलाई इन्कार गरी बयान गरे पनि मौकाको आफ्नो बयान स्वेच्छाबेगरको हो भनी सो कुरा प्रमाणित गराउन सकेको पाइँदैन।

१०. अब घटनाक्रमको सन्दर्भमा हेर्दा प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष मौकामा "निज सुबोधकुमार दास तत्माले उक्त चिलिम खोसी आफैँले सल्काई गाँजा खाँदै हो-हल्ला गर्न लाग्दा मैले निजलाई तिमी माती सकेका छौ, अब नखाउ भन्दा निजले अरू दिन ४/४ चक्की नाइट्रोसन खाँदा त केही हुँदैन थियो, आज २ चक्की मात्र खाएको छु, के मात्नु भन्दै अपशब्द बोल्न थालेकोले मैले निजको हातबाट चिलिम खोस्न लाग्दा निजले सोही चिलिमले मेरो अनुहारमा एक्कासी हिर्काउँदा मैले सोही स्थानमा आगो बाल्न ल्याएको बाँसको भाटा हातमा उठाउँदा निजले मलाई गाली गर्दै बरन्डातिर गएकोले मैले मेरो हातमा भएको उक्त भाटाले निजको टाउकोमा ४/५ पटक हिर्काएपछि निज रगताम्य भई सोही मन्दिरको बरन्डामा लडेको" भनी बयान गरेको पाइन्छ । सो बयान बेहोरामा बन्चरोले हानेको भन्ने उल्लेख नभई सँगै बसी गाँजा खाने क्रममा मृतकले अपशब्द बोल्न थालेका र तिमी माती सक्यौ अब गाँजा नखाउ भनी चिलिम खोस्न लाग्दा सो चिलिमले नै मृतकले मेरो अनुहारमा एक्कासी हिर्काउँदा मैले पनि आगो बाल्न भनी ल्याएको बाँसको भाटाले निजको टाउकोमा हिर्काएपछि निज रगताम्य भई मन्दिरको बरन्डामा लडेपछि बाँसको भाटा खेतमा फाली गएको हुँ भनी लेखाएको देखिन्छ । सामान्यत: आगो बाल्नको लागि ल्याइएको बाँसको भाटा घातक किसिमको नभई सामान्य नै हुने कुरा सहजै अनुमान गर्नुपर्ने अवस्था भएकोले अन्यथा प्रमाणित नभएको अवस्थामा बाहेक बाँसको भाटा घातक थियो भनी भन्न मिल्ने देखिँदैन । यसै सन्दर्भमा ***नेपाल सरकार विरूद्ध दिपक खत्रीको*** मुद्दामा सर्वोच्च अदालतद्वारा आवेश प्रेरित हत्याको विषयमा ***"आवेश प्रेरित हत्यामा तत्कालै उठेको रिसको कारण मौकामा प्रहार गरी हत्या गरेको हुँदा त्यसमा मनसाय तत्त्वको अभाव रहन्छ । आवेशमा उत्तेजित अवस्था कुन हदसम्म थियो भनी गणितीय हिसाबले यकिन गर्न नसकिने भए पनि प्रतिवादी र मृतकबिचको सम्बन्ध व्यवहार, मानवीय संवेदनशीलता, कुनै खास घटना वा परिस्थिति जस्ता कुरालाई आँकलन गर्न सकिन्छ......आवेशप्रेरित हत्यामा पीडितको कुनै कार्यबाट प्रतिवादी उत्तेजित भई आवेशमा आई आत्मनियन्त्रण गुमाई पीडितको***

***कार्यको प्रतिक्रियाको रूपमा तत्कालीन अवस्थामा नै पीडितउपर हमला गरेको र सोही कारणबाट पीडितको मृत्यु भएको हुन्छ । यस्तो अवस्थामा प्रतिवादीले आंशिक प्रतिरक्षाको जिकिर लिन र प्रमाणित भएमा सो सुविधा प्राप्त हुन सक्ने"*** भनी सिद्धान्त कायम भएको पाइन्छ । प्रस्तुत मिसिलमा मृतक माती सकेकोले अब गाँजा नखाउ भनी प्रतिवादीले सम्झाउने क्रममा उल्टै चिलिमले प्रतिवादीको अनुहारमा हिर्काएको कारणले तत्काल उठेको रिसको आवेगमा बाँसको सामान्य भाटाले प्रतिवादीले मृतकलाई प्रहार गरेको र ८" को काटेको घाउ मृतकको निधारदेखि टाउकोसम्म परेको भन्ने देखिए पनि घटनाको सम्बन्धमा प्रतिवादीको पूर्वयोजना र मनसाय रहेको भन्ने कुरा बास बस्न आएको पाहुना भएको कारण एवं प्रहार गरेको भाटाजस्तो वस्तु प्रयोग भएको अवस्था र तत्काल उठेको रिसको कारणबाट घटना घटेको भन्ने देखिँदा घटना आवेशप्रेरित नभई मनसायप्रेरित थियो भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

११. यस सन्दर्भमा तत्काल प्रचलनमा रहेको मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. को व्यवस्था हेर्दा, "ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरिकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ" भन्ने रहेको पाइन्छ । त्यसैले माथि विवेचना भई विश्लेषण गरिएको आधार प्रमाण एवं कानूनी व्यवस्थासमेतबाट प्रतिवादीबाट भएको कार्य मनसायपूर्वक तयारीका साथ भएको नभई सामान्य विवादको कारण सिर्जित आवेगको कारणबाट सामान्य चोट प्रहार गरेको कारणले घटित हुन गएको भन्ने देखिएकोले उच्च अदालत जनकपुर, राजविराज इजलासबाट भएको प्रतिवादी परिक्षण भन्ने रामपरिक्षण ठाकुरले मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. अनुसारको कसुर गरेको ठहराई निजलाई कैद वर्ष १०(दश) हुने ठहराएको फैसला अन्यथा देखिएन ।

१२. अत: माथि उल्लेख भई विवेचना र विश्लेषण भएको आधार कारण एवं प्रमाणसमेतबाट प्रतिवादीले ज्यानसम्बन्धी महलको १४ नं. अनुसारको कसुर गरेको ठहऱ्याई भएको सुरूको फैसला सदर गरी उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७४।१।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्तैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.कुमार रेग्मी

इजलास अधिकृत : मञ्जु शर्मा, मेजुमी गुरूङ
इति संवत् २०७७ साल साउन २१ गते रोज ४ शुभम् ।

## निर्णय नं. १०५२६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री प्रकाशकुमार ढुंगाना
आदेश मिति : २०७७।४।२१
०७६-WO-०९६२

विषयः उत्प्रेषण / परमादेश

रिट निवेदक : ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं. २ बस्ने अधिवक्ता रोशनी पौड्यालसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय, सिंहदरबार, काठमाडौंसमेत

- **महिलाहरूले भोगेको र भोग्न पर्ने फरक तथा जटिल अनुभवहरूलाई कोभिड-१९ सँग सम्बन्धित योजनाहरूको निर्माण तथा कार्यान्वयन गर्दा अनिवार्य रूपमा ध्यानमा लिनुपर्ने हुन्छ । महिलाहरूमाथि पर्ने प्रतिकूल तथा असमान असरहरू (Adverse and Disproportionate Effects) को प्रभावकारी रूपमा सम्बोधन हुन कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्नको लागि तर्जुमा हुने योजनाहरू महिलामैत्री भई महामारी विरूद्ध 'feminist response' समेत हुन आवश्यक देखिने ।**

(प्रकरण नं.७)

- **लैङ्गिक हिंसा र त्यसमा पनि घरेलु हिंसामा भइरहेको वृद्धिलाई न्यूनीकरण गरी यसको रोकथाम तथा पीडितको न्यायमा पहुँचको सुनिश्चितता गर्न भर्चुअल माध्यमबाट नै घरेलु हिंसालगायतका लैङ्गिक हिंसाका घटनाको उजुरी तथा मुद्दाको सुनुवाइ हुने व्यवस्था अहिलेको परिस्थितिमा अत्यावश्यक देखिन्छ । विभिन्न देशहरूले आजको असामान्य स्थितिमा न्यायको सुनिश्चितताको निम्ति यो पद्दति अपनाइसकेका छन् । नेपालमा पनि सहज रूपमा online case reporting गर्न सकिने व्यवस्था मिलाई तथा online hearing लाई अभ्यासमा ल्याई लैङ्गिक हिंसाबाट महिलाको सुरक्षा र न्यायमा पहुँचको सुनिश्चितता गर्नुपर्ने ।**

(प्रकरण नं.१९)

- **महामारीले गर्दा निश्चित व्यक्ति, परिवार र समुदायका बिचमा लाञ्छना, घृणा द्वेषभाव, बहिष्करण, घृणाजन्य अपराध (hate crime) जस्ता घटनाहरू घटिरहेका छन् । भेदभाव र लाञ्छनाबाट संरक्षण गर्न गोपनीयतासम्बन्धी अधिकारको सुनिश्चितता हुनुपर्ने जरुरी देखिन्छ । व्यक्ति वा नागरिकका अत्यन्त निजी सूचनाहरू कुनै खास उद्देश्य र कानूनी प्रयोजनको लागि बाहेक खुला गर्न लगाइयो भने अनावश्यक रूपमा व्यक्ति वा नागरिकको शोषण विरूद्धको हक, हिंसा विरूद्धको हक, गोपनीयताको हक, आत्मसम्मानका साथ बाँच्न पाउने हक र स्वास्थ्यको आधारमा विभेद नगर्ने हकसम्बन्धी स्थापित विधिशास्त्र, अन्तर्राष्ट्रिय कानून, नेपालको संविधान, वैयक्तिक गोपनीयताको हकसम्बन्धी ऐन, २०७४ को उद्देश्य एवम् ऐ. ऐनको दफा ३ र दफा ७ को समेत उल्लङ्घन हुन जाने ।**

(प्रकरण नं.४७)

- **महामारीको विषयको निश्चित र पहुँचयोग्य सूचना, सम्प्रेषणको जोखिमता घटाउन र समाजमा गलत सूचना जानबाट रोक्न महत्त्वपूर्ण रहेको हुन्छ । तर यस्तो सूचनाले लाञ्छनाको जोखिमतालाई घटाउन, जोखिमतामा रहेको वर्गहरू र सङ्क्रमणमाथि कुनै गलत कार्य (harmful) नहुने कुराको सुनिश्चितता गर्न अत्यन्त आवश्यक रहने ।**

(प्रकरण नं.५०)

रिट निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री राघवलाल वैद्य, श्री रविनारायण खनाल, श्री खगेन्द्रप्रसाद अधिकारी, श्री नारायणप्रसाद अधिकारी, श्री शेरबहादुर के.सी., श्री उषा मल्ल पाठक, डा.श्री चन्द्रकान्त ज्ञवाली, विद्वान् अधिवक्ताहरू श्री टीकाराम भट्टराई, श्री सुनिलकुमार पोखरेल, श्री मेघराज पोखरेल, श्री खम्मबहादुर खाती, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री सरस्वती श्रेष्ठ, श्री विकास भट्टराई, श्री अनन्तराज लुइँटेल, श्री अन्जु कायस्थ, श्री श्रीधरा कुमारी पुडासैनी, श्री मनिषकुमार श्रेष्ठ, श्री रामेश्वर नेउपाने, श्री विष्णु बस्याल, श्री शान्तिदेवी खनाल, श्री विष्णुमाया भुसाल, श्री लक्ष्मीदेवी रावल, श्री शुभास बुढाथोकी, श्री रक्षा बस्याल, श्री लक्ष्मी थापा खड्का, श्री मुकुन्द अधिकारी, श्री रजिता थापा, श्री सन्तोष भण्डारी, श्री इन्दिरा सिलवाल, श्री अमिता गौतम (पौडेल), श्री सुजन नेपाल, श्री लक्ष्मी (नानी) थापा, श्री नवराज पाण्डे, श्री कमल कोइराला, श्री सुभन राज आचार्य, श्री विना पाण्डे, श्री पंकजकुमार कर्ण, श्री जनकराज आचार्य, श्री विशालकुमार उपाध्याय, श्री विरभद्र जोशी, श्री जनक सिंह साउद, श्री फर्शमायादेवी मगर, श्री हसिना प्रधान, श्री सृष्टि न्याछ्यो, श्री रोशनी पौडेल, श्री सरोजकृष्ण घिमिरे

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई

अवलम्बित नजिर :

- ने.का.प. २०६२ नि.नं ७४९८,
- ने.का.प.२०६४, नि.नं.७८८०,
- ने.का.प. २०६५ नि.नं ७९७३,
- ने.का.प. २०६५ नि.नं ८०८३,
- ने.का.प. २०७१, नि.नं.७४४९

सम्बद्ध कानून :

- नेपालको संविधान
- मुलुकी फौजदारी संहिता, २०७४
- मुलुकी अपराध संहिता, २०७४
- सङ्क्रामक रोग ऐन, २०२०
- घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६
- श्रम ऐन, २०७४
- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- सुशासन (व्यवस्था तथा सञ्चालन) ऐन, २०६४

आदेश

**न्या.सपना प्रधान मल्ल :** नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छ :-

तथ्य खण्ड

रिट निवेदन बेहोरा

कोभिड-१९ को महामारीको कारणले नेपाल सरकारबाट घोषणा भएको बन्दाबन्दीको समयमा लैङ्गिक हिंसाबाट प्रभावित विशेषतः महिला तथा बालिकाहरूले आकस्मिक तथा तत्काल उद्धारका

सेवाहरू र अन्य प्रकारका न्यायिक सेवाहरूमा पहुँच नपाई न्यायबाट विमुख हुनपरी नेपालको संविधानले प्रत्याभूत गरेको महिला हकको संरक्षणमा अवरोध उत्पन्न भएको छ भने अन्य कानूनबाट संरक्षित हकमा गम्भीर आघात परेको छ। त्यसैगरी महिलाको प्रजनन स्वास्थ्यमा समेत गम्भीर आघात पुग्नुका साथै राहत वितरण, क्वारेन्टाइन व्यवस्थापन र अत्यावश्यक सेवा सुविधामा महिलाहरूको आवश्यकता र समस्याको उचित सम्बोधन हुन सकेको छैन । यसका साथै विदेशी मुलुक र भारतका विभिन्न नाकाहरूमा रहेका नागरिकहरू नेपाल प्रवेश गर्न महिला तथा बालबालिका बाध्यात्मक रूपमा जोखिमपूर्ण तरिकाले बस्नुपरेको अवस्था विद्यमान छ भने महिला तथा बालबालिका मनोसामाजिक असरबाट गुज्रिरहेका छन् । सङ्घीय सरकारबाट गठित नोबल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समितिमा महिलाको सहभागिता नगराएको हुँदा संविधानले निश्चित गरिसकेको अवस्थामा पनि सरकार महिला सहभागिताको सन्दर्भमा संवेदनशील भएको देखिएन । मिति २०७७ साल जेष्ठ ६ गते राष्ट्रिय सूचना आयोगबाट प्रेषित प्रेस विज्ञप्तिले कोभिड-१९ को सङ्क्रमण वा त्यसैको कारणबाट मृत्यु भएका व्यक्तिहरूको विवरण सार्वजनिक गर्दा सङ्क्रमण वा मृत्यु हुँदाका बखत बसोबास गरेको स्थान स्थायी ठेगानासमेत उल्लेख गर्न आदेश गरेकोमा सो विज्ञप्तिको आदेशले व्यक्तिको संवैधानिक तथा कानूनले प्रत्याभूत गरेको गोपनीयताको हकमा समेत गम्भीर असर परेको छ।

**संवैधानिक तथा कानूनी प्रश्नः** संविधानको प्रस्तावना तथा धारा १६, २८, ३५(१)(३), ३८(२)(३)(४)(५) र ४२(२) ले प्रदत्त गरेको सम्मानपूर्वक बाँच्न पाउने हक, गोपनीयताको हक, निःशुल्क, आकस्मिक र स्वास्थ्य सेवामा समान पहुँचको हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक, हिंसाजन्य कार्य वा शोषण विरूद्धको हक, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने मौलिक हकमा आघात पर्न गएको छ । त्यस्तै घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ६, जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३(१), ४, सुरक्षित मातृत्व प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा ३, ५, ७, ८, १५, २० ले प्रत्याभूत गरेको कानूनी हकमा समेत आघात परेको छ । साथै मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १२, नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १७, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १२ र महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि,१९७९ को धारा ७(ख), १२, १४(२)(ख) बाट सुनिश्चित हकमा समेत आघात परेको छ।

**माग गरिएको उपचारः** कोभिड-१९ र बन्दाबन्दीको अवस्थामा राज्यले महिलाका अधिकारको प्रत्याभूत, प्रचलन संरक्षण तथा प्रवर्द्धन गर्न विपक्षीहरूका नाउँमा परमादेश, उत्प्रेषणलगायत उपयुक्त आज्ञा आदेश जारी गरिपाऊँ।

१. मिति २०७७।०२।०६ मा राष्ट्रिय सूचना आयोगबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई कोभिड-१९ बाट सङ्क्रमण वा त्यसैको कारण मृत्यु भएका व्यक्तिहरूको विवरण सार्वजनिक गर्दा सङ्क्रमण वा मृत्यु हुँदाका बखत बसोबास गरेको स्थान र स्थायी ठेगानासमेत उल्लेख गर्न जारी गरेको आदेशयुक्त प्रेस विज्ञप्तिले व्यक्तिको गोपनीयताको हक उल्लङ्घन हुने र सामाजिक विभेदसमेत हुन जान सक्ने हुँदा उक्त आदेशयुक्त प्रेस विज्ञप्ति उत्प्रेषणको आदेशले बदर गरी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी गरिपाऊँ।
२. मिति २०७६।११।१७ मा सङ्घीय सरकारले बनाएको उच्च स्तरीय समितिमा एकजना पनि महिला सहभागिता नहुनुले समानुपातिक

समावेशी सिद्धान्तको आधारमा नीति निर्माण प्रक्रियामा सहभागी हुने हकलाई लत्याएको हुँदा महिला सहभागिता गर्नु गराउनु भनी परमादेशको आदेश जारी गरिपाऊँ।

३. कोभिड-१९ को सङ्क्रमण, यसबाट सिर्जित बन्दाबन्दीलगायतका अवस्थामा लैङ्गिक हिंसाबाट प्रभावित विशेषत: महिलाहरूका लागि उचित आकस्मिक तथा तत्काल उद्धारका सेवाहरूलगायत न्यायिक सेवाको पहुँचमा प्राथमिकताका साथ उचित, पर्याप्त र प्रभावकारी रूपमा उपलब्ध हुने कुराको सुनिश्चित गरी महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक सुनिश्चित गरी पाउन परमादेशको आदेश जारी पाऊँ।

४. स्वास्थ्य क्षेत्रमा अग्रपङ्क्तिमा रहेर आफ्नो भूमिका निर्वाह गरिरहेका महिला स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, पत्रकार तथा अत्यावश्यक सेवामा खटिएका महिलाहरूको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न PPE लगायत स्वास्थ्य सुरक्षाका आवश्यक सरसामान तथा उपकरणहरू तत्काल उपलब्ध गर्नु गराउनु भन्ने परमादेशको आदेश गरिपाऊँ।

५. वैदेशिक रोजगार, अध्ययनलगायत अन्य विविध कारणले भारत तथा अन्य विभिन्न विदेशी मुलुक र विभिन्न नाकाहरूमा रहेका नागरिकहरूलाई नेपाल प्रवेश गराउँदा महिला तथा बालबालिकालाई प्राथमिकताका साथ प्रवेश गराउने र लैङ्गिकमैत्री क्वारेन्टाइनको व्यवस्था गर्नसमेत परमादेशको आदेश जारी गरिपाऊँ।

६. महिलाहरूमा पर्न गएका असर, प्रभाव र न्यूनीकरण तथा समाधानका लागि प्रभावकारी मनोसामाजिक सेवा प्रवाह प्राथमिकताका साथ गर्न गराउन र नेपाल सरकारले गर्ने हरेक नीति निर्माण प्रक्रियामा महिलाको सहभागिता सुनिश्चित गर्नु गराउनु भन्ने उपयुक्त आदेश गरिपाऊँ।

७. कोभिड-१९ जस्ता स्वास्थ्य महामारी, अन्य प्रकारका प्राकृतिक वा मानव निर्मित प्रकोप वा विपत्को अवस्थामा सबैभन्दा बढी महिला तथा बालबालिका पीडित र प्रभावित हुने भएकोले त्यस्ता विपत्, प्रकोप वा महामारीका अवस्थामा लैङ्गिकमैत्री व्यवस्थापन तथा न्यायोचित सम्बोधन र न्यायमा पहुँच सुनिश्चित गर्न महामारी तथा प्रकोपसम्बन्धी एकीकृत कानून (Pandemic Law) को आवश्यकता भएकोले सोबमोजिमको कानूनको तर्जुमा गर्न गराउन परमादेशसहितको उपयुक्त अन्य आदेश जारी गरिपाऊँ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार, कारणसहित यो आदेश प्राप्त भएको मितिले १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू । अन्तरिम आदेशको मागको सम्बन्धमा विषयवस्तुको प्रकृति र महत्त्वलाई विचार गर्दा, दुवै पक्षको छलफलपश्चात् निर्णयमा पुग्दा मनासिब हुने भएकोले मिति २०७७।०२।२० गते अन्तरिम आदेश जारी गर्ने नगर्ने विषयमा हुने छलफलमा उपस्थित हुनु भनी विपक्षीलाई सूचनाको म्यादसमेत दिनु भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७७।२।१६ को आदेश।

**<u>गृह मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ</u>**

नेपालको संविधानले स्वास्थ्यलाई जनताको मौलिक हकको रूपमा स्थापित गरिसकेको सन्दर्भमा कुनै पनि बेला हुनसक्ने स्वास्थ्यसम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्न, जनउत्तरदायी एवं कुशल

व्यवस्थापनको माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम परिचालन गरी प्राप्त भएका उपलब्धिको रक्षा गर्दै नागरिकको जिउ ज्यान स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुनर्स्थापना गर्न यस मन्त्रालयसमेतको सक्रियता रहने छ। नेपाल सरकार, गृह मन्त्रालय संविधान तथा कानूनको परिपालना गरी, गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारको सम्मान संरक्षण एवं संवर्द्धन गर्ने कुरामा प्रतिवद्ध रहेको छ। गृह मन्त्रालयको के-कस्तो काम कारबाहीबाट रिट निवेदकलाई के कस्तो मर्का पर्न गएको हो भन्ने विषयमा रिट निवेदनमा कुनै पनि आधार र कारण देखाउन नसकेकाले रिट निवेदन खारेज गरिपाऊँ।

**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ**

सर्वप्रथमतः यस मन्त्रालयको के कस्तो कामकारबाही वा निर्णयबाट निवेदकको के कस्तो कानूनी तथा संवैधानिक अधिकारमा आघात पुग्न गएको हो ? सो सम्बन्धमा रिट निवेदन जिकिरमा कुनै कुरा उल्लेखसम्म गर्न नसकेको हुँदा विनाआधार र कारण यस मन्त्रालयलाई विपक्षी कायम गरी रिट निवेदन दायर गर्न मिल्ने पनि होइन। नोबल कोरोना रोगको सङ्क्रमण (कोभिड-१९) विश्वव्यापीरूपमा फैलिँदो क्रममा रहेको र छिमेकी मुलुकहरूसमेत यसबाट प्रभावित भएको तत्कालीन अवस्थामा सम्भावित सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।११।१८ को निर्णयानुसार माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीको संयोजकत्वमा **"नोबल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति"** गठन भई क्रियाशील रहेको विशिष्ट अवस्था हो। साथै यस सङ्क्रामक रोगलाई फैलनबाट रोक्नको लागि सङ्क्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम नेपाल सरकारले मिति २०७६ चैत्र ९ मा जारी गरेको आदेश नेपाल राजपत्रमा प्रकाशित भई पटक पटक थपिँदै आएको छ। कोरोना महामारीको विषम परिस्थितिमा समेत महिला तथा बालबालिकाउपर हुनसक्ने हिंसा नियन्त्रण गर्ने तथा राज्यका संयन्त्रमा महिलाको सहभागिता गराउनेसम्बन्धी विषय छ, तत्सम्बन्धमा नेपाल सरकारले महिलाउपर हुन सक्ने हिंसा नियन्त्रण गर्ने सम्बन्धमा महिला हिंसा विरूद्ध शून्य सहिष्णुताको नीति अवलम्बन गर्दै नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यान्वयन गर्दै आएको छ। जहाँसम्म महामारी तथा प्रकोपसम्बन्धी एकीकृत कानूनको तर्जुमा गराउनु भन्ने निवेदन जिकिर छ, तत्सम्बन्धमा मुलुकमा के कस्तो नयाँ कानून बनाउने वा भइरहेको कानूनमा के कस्तो संशोधन वा परिमार्जन गर्ने भन्ने विषय विद्यायिकी बुद्धिमता एवम् क्षेत्राधिकार (Legislative Wisdom or Exclusive Legislative Competence) को विषय भएकोले यस मन्त्रालयको नाममा आदेश जारी हुनुपर्ने पनि होइन, रिट निवेदन खारेज गरिपाऊँ।

**यस अदालतको मिति २०७७।२।२७ को अन्तरिम आदेश**

यसमा अन्तरिम आदेश जारी हुनुपर्ने विषयमा निवेदक तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता तथा विद्वान् अधिवक्ताहरूले मूलतः "**नोबल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समिति**" मा महिलाहरूको प्रतिनिधित्व नरहेको, महामारीको क्रममा घरेलु हिंसाको घटना बढेको, महिलाहरूको प्रजनन स्वास्थ्यको रक्षा हुन नसकेको, सीमा प्रवेश तथा स्वास्थ्य परीक्षण र क्वारेन्टिनहरूमा महिलाहरूलाई प्राथमिकता नदिइएको र अलगै रहने बस्ने व्यवस्था नगरिएको आदि कुराहरू उठाउनु भएको छ।

नेपालको संविधानले महिलाहरूसमेतको प्रतिनिधित्व रहने समावेशी राज्य संयन्त्रको परिकल्पना गरेको छ। संविधानको प्रस्तावना, धारा १८(३) को

प्रतिबन्धात्मक वाक्यांश, धारा ३८(४), धारा ४२ र धारा ४३ समेतका व्यवस्थाहरूद्वारा प्रत्याभूत हकहरूका सन्दर्भमा कोभिड महामारीसँग सम्बन्धित उच्च स्तरीय संयन्त्रमा महिलाहरूको सहभागिता रहनुपर्छ भन्नु संविधानका व्यवस्थाहरूप्रति राज्य संयन्त्रको पूर्ण आस्था र समर्पण रहनुपर्छ भन्नु नै हुँदा संविधानको यो अभिष्टलाई विपक्षीहरूले हेर्न सक्ने र नहेरिएमा अन्तिम सुनुवाइ हुँदा विचार हुन सक्ने नै देखिन्छ।

अन्तरिम आदेशद्वारा तत्काल सम्बोधन गरिनुपर्ने कुराहरूमा मुख्य रूपमा प्रजनन स्वास्थ्यको रक्षा, सुरक्षा र गोप्यतासँग सम्बन्धित विषय उठाइएकोले सोही विषयहरूसँग सीमित रही संविधानको धारा १३३ र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ समेत बमोजिम देहायबमोजिम गर्न, गराउनको लागि अन्तरिम आदेश जारी गरिएको छ:

१. कोभिड-१९ को महामारीको सन्दर्भमा यसअघि विभिन्न मितिहरूमा यस अदालतबाट विभिन्न आदेशहरू जारी भएका छन्। ती आदेशहरूको मुख्य प्रयोजन महामारीबाट प्रभावित जनताहरूको के कसरी प्रभावकारी रूपमा रक्षा गर्न सकिन्छ भन्ने नै हो। संविधान प्रदत्त हकहरूको रक्षा गर्नु यस अदालतको कर्तव्य हो। संविधानको रक्षा गर्दा नै संविधानले हामी सबैको रक्षा गर्न सक्छ भन्ने मान्यतामा आदेशहरू जारी भएका हुन्। ती कुनै न्यायिक महत्त्वाकांक्षा वा लहडका उपज होइनन्। यसै क्रममा मिति २०७७।१।५ मा आदेश जारी हुँदा पैदलै घर फर्किरहेका व्यक्तिहरूलाई सुरक्षापूर्वक र निःशुल्क यातायातको व्यवस्था गरी घर पुऱ्याउनु भनी आदेश गर्ने क्रममा "महिला, बालबालिका, ज्येष्ठ नागरिक, शारीरिक रूपमा अस्वस्थ व्यक्तिहरूको विशेष सुरक्षा गर्नु र प्राथमिकतामा राख्नु" भन्नेसमेत उल्लेख भएकै छ। यसो भन्नुको मुख्य कारण कोभिड भाइरसले कसैलाई नछाड्ने भए पनि यसको प्रभाव भने सबैमा बराबर नहुने भएर नै हो। महामारीबाट महिला र विशेषतः सुत्केरी, गर्भिणी वा स-साना बालबालिकासहितका महिला, वृद्ध तथा अस्वस्थ अवस्थामा रहेका व्यक्तिहरूको विशेष रूपमा रक्षा गर्नुपर्ने हुँदा त्यस्ता व्यक्तिहरूलाई नेपालको सीमामा प्रवेश गर्दाको अवस्थादेखि क्वारेन्टिन वा आइसोलेसनमा रहँदा सुरक्षासाथ अलग राखी विशेष हेरचाहको व्यवस्था गर्ने।
२. बन्दाबन्दीको अवस्थामा महिलाहरूले विशेष रूपमा घरेलु र अन्य प्रकारका हिंसाहरू भोग्नुपरेका कुरा उठेका छन् । नेपालको संविधानको धारा ३८ को उपधारा (३) ले हिंसाजन्य कार्य र शोषणलाई दण्डनीय घोषित गरेको छ । यो हकको उपयोग महिलाहरूलाई न्यायमा सहज पहुँच सुनिश्चित हुँदा मात्र हुन सक्ने हुन्छ। तसर्थ, बन्दाबन्दीको कारण देखाई घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ४ बमोजिम पर्ने उजुरी लिन र त्यसमा गर्नुपर्ने कानूनबमोजिमको अनुसन्धान कारबाही आदि नरोक्नु भनी विपक्षीहरूलाई सूचित गर्नू। साथै सोही ऐनको दफा ५ को उपदफा (२) बमोजिम उजुरी पर्न आए तत्काल दर्ता गरी कानूनबमोजिम तत्कालै आवश्यक कार्य गर्ने भनी सबै जिल्ला अदालतहरूलाई सर्वोच्च अदालतबाट लेखी पठाउनू।
३. महिलाउपर हुने हिंसाका सन्दर्भमा राष्ट्रिय महिला आयोगमा एउटा ११४५ नं. को हेल्प लाइन टेलिफोन रहेको तर सो हेल्प लाइनबाट कुनै कारबाही हुन नसकेको भन्ने जिकिर बहसमा उठ्यो। तसर्थ यसमा के कसो भएको हो हेर्ने र महिलाहरूको

सुरक्षा, हित रक्षामा कुनै पनि प्रतिकूल प्रभाव पर्न नदिनु र मन्त्रालयको तहबाट थप हेल्प लाइनको व्यवस्था गर्नु भनी विपक्षी महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई लेखी पठाउनू।

४. कोभिड-१९ को कारण महिलाहरूको प्रजनन स्वास्थ्यमा प्रतिकूल असर परेको भन्ने कुरा निवेदनमा उठाइएको छ । नेपालको संविधानको धारा ३८(२) ले सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यलाई महिलाको हकको रूपमा प्रत्याभूत गरेको छ। यो हकको प्रचलन सहज रूपमा हुनुपर्छ र कुनै पनि हालतमा रोकिनु हुँदैन । गर्भवती महिलाहरूको समय समयमा गरिनुपर्ने स्वास्थ्य परीक्षण र उनीहरू तथा नाबालक शिशु बालबालिकाहरूले लिनुपर्ने खोप तथा सुईहरू प्राप्त गर्ने कुरालाई कुनै रूपमा पनि प्रभावित हुन नदिनू।

५. निवेदनमा प्रभावित व्यक्तिको गोप्यताको हकको कुरा पनि उठेको छ। एकातर्फ व्यक्तिको गोप्यताको हक अनतिक्रम्य छ भने अर्कोतर्फ सरकारद्वारा जनहितमा सूचनाहरू जारी गर्नुपर्ने हुन्छ । तसर्थ प्रभावित व्यक्ति तथा निजको परिवारमा पर्न सक्ने असरसमेतलाई विचार गरी सम्बन्धित व्यक्तिको सहमतिले मात्र व्यक्तिगत सूचनाहरू प्रचार प्रसार गर्ने गराउनू । निवेदनमा उठाइएका र बहसमा जिकिर लिइएका अन्य कैयौं कुराहरूमा यसअघि यस अदालतबाट ०७६-WO-०९३३, ०७६-WO-०९३८, ०७६-WO-०९५८ लगायतका रिट निवेदनहरूमा विभिन्न मितिमा आदेश भइसकेका र प्रस्तुत आदेशलाई पनि आनुषङ्गिक रूपमा हेरी कार्यान्वयन गर्नु गराउनु भनी प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई नियमानुसार पेस गर्नू।

**<u>राष्ट्रिय सूचना आयोगका तर्फबाट परेको लिखित जवाफ</u>**

हाल विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ का सम्बन्धमा सङ्क्रमित वा मृत्यु भएको व्यक्तिको गोपनीयताको हकका सम्बन्धमा राष्ट्रिय सूचना आयोग जानकार र संवेदनशील छ । कतिपय अवस्थामा व्यक्तिगत प्रकृतिका सूचनाहरू प्रकाशन, प्रसारण तथा सामाजिक सञ्जालमा सार्वजनिक भइरहेको पाइएको र यसबाट सम्बन्धित व्यक्ति र परिवारमा दुःखदायी र दुरगामी प्रभाव पर्ने हुनसक्छ । कोरोना भाइरसबाट सङ्क्रमित व्यक्तिको स्थायी ठेगाना र अहिले बसोबास गरिरहेको स्थान वा सङ्क्रमण हुँदाको स्थान फरक फरक हुन सक्ने र एउटा मात्र स्थानका बारेमा उल्लेख गर्दा सर्वसाधारणमा भ्रम तथा अन्यौलता हुने भएकोले यसरी प्रवाह भइरहेको सूचनामा थप स्पष्ट गराई सर्वसाधारणमा सिर्जना भएको अन्यौल हटाउन आवश्यक देखिएकोले राष्ट्रिय सूचना आयोगबाट मिति २०७७।०२।०६ मा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २८ ले सार्वजनिक निकायले आफूसमक्ष रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरू अनधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिराख्नुपर्ने छ भन्ने व्यवस्था गरेकोतर्फ ध्यानाकर्षण गराउँदै कोरोना भाइरसको सङ्क्रमण वा यसैका कारण मृत्यु भएका व्यक्तिहरूको विवरण सार्वजनिक गर्दा सङ्क्रमण वा मृत्यु हुँदाका बखत बसोबास गरेको स्थान र स्थायी ठेगानासम्म उल्लेख गर्न सूचनाको हकसम्बन्धी ऐनको दफा १९ को खण्ड (ट) बमोजिम आदेश जारी भएको हो । अत: निवेदकले उल्लेख गरेबमोजिम राष्ट्रिय सूचना आयोगबाट व्यक्तिको वैयक्तिक गोपनीयतामा असर पर्ने कुनै आदेश वा निर्णय भएको छैन । यसरी राष्ट्रिय सूचना आयोगबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम आयोगलाई प्राप्त अधिकारको प्रयोग गरी भएको आदेशबाट कुनै पनि व्यक्तिको वैयक्तिक गोपनीयताको हकको उल्लङ्घन

हुने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ।

**<u>सङ्घीय संसद् सचिवालयको तर्फबाट परेको लिखित जवाफ</u>**

विपक्षी निवेदकहरूले दाबी लिनु भएको विषयमा सङ्घीय संसद् सचिवालयको के कस्तो काम, कारबाही वा निर्णयबाट निवेदकहरूको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन भएको हो ? भन्ने सम्बन्धमा निवेदनमा कुनै कुरा उल्लेख नभएको हुँदा रिट निवेदन प्रथमदृष्टिमा नै खारेजभागी छ। कोभिड-१९ जस्ता स्वास्थ्य महामारी, अन्य प्रकारका प्राकृतिक वा मानव निर्मित प्रकोप वा विपद्को अवस्थामा सबैभन्दा बढी महिला तथा बालबालिका पीडित र प्रभावित हुने भएकोले त्यस्ता विपद्, प्रकोप वा महामारीको अवस्थामा महिला र बालबालिकाको आवश्यकता तथा समस्याहरूको व्यवस्थापन, लैङ्गिकमैत्री एवम् न्यायोचित सम्बोधनका लागि महिला तथा बालबालिकालाई विशेष वर्गको रूपमा मान्यता दिई न्यायमा पहुँच सुनिश्चित गर्नका लागि प्रकोपसम्बन्धी एकीकृत कानून (Pandemic Law) को तर्जुमा गर्नु गराउनु भन्ने विषय छ, तत्सम्बन्धमा नेपाल सरकारबाट सोअनुरूपको विधेयकको मस्यौदा सङ्घीय संसद्मा प्रस्तुत भएमा संसदीय विधि र प्रक्रियाबमोजिम विधेयक पारित गर्ने सन्दर्भमा यस सचिवालयबाट आवश्यक प्रशासकीय सहयोग रहने नै हुँदा यस सचिवालयको नाममा रिट निवेदकको मागबमोजिमको कुनै पनि आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज गरिपाऊँ।

**<u>स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ</u>**

कोभिड-१९ बाट सङ्क्रमित तथा सोका कारण मृत्यु हुनेहरूको विवरण सार्वजनिक गर्दा निजहरू तथा निजहरूको परिवारप्रति हुने सामाजिक विभेद र निजहरूको गोपनीयताको हकको सम्बन्धमा मन्त्रालय सदैव सजग सतर्क रहँदै विवरण सार्वजनिक गर्ने गरिएको छ र मन्त्रालयले गोपनीयताको हकको सदैव सम्मान गर्दछ। अर्कोतर्फ यो सङ्क्रमण एक व्यक्तिबाट अर्को व्यक्तिमा तत्कालै फैलने भएको हुँदा अन्य व्यक्तिलाई सङ्क्रमित हुनबाट जोगाउन तथा समुदायलाई सुरक्षित राख्न सङ्क्रमित व्यक्तिको सम्पर्कमा आएका व्यक्तिको ट्रेसिङ र ट्रयाकिङ गर्ने कार्यसमेत यसै मन्त्रालयको क्षेत्राधिकारको विषय भएको हुँदा उक्त प्रयोजनको लागि सङ्क्रमित व्यक्तिको यथार्थ विवरण आवश्यक हुन्छ। यस परिस्थितिमा यस मन्त्रालयले WHO को मापदण्डबमोजिम कार्य गरिरहेको छ।

कोभिड-१९ को यस महामारीको समयमा समेत संविधानद्वारा प्रदत्त नागरिकको आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक, महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको हक तथा लैङ्गिक हिंसा प्रभावित, मानसिक स्वास्थ्य समस्यामा परेका, दुर्घटनामा परेका व्यक्ति, आकस्मिक स्वास्थ्य उपचार आवश्यक पर्ने व्यक्तिलगायत नागरिकहरूको स्वास्थ्य उपचार प्राप्त गर्ने हक सुनिश्चित गर्नका लागि सबै स्वास्थ्य संस्थाहरूलाई आफूले प्रदान गर्ने स्वास्थ्य सेवाहरू सुचारू गर्न, मन्त्रालयले पटक पटक अस्पतालहरूलाई निर्देशन दिनुका साथै समय समयमा प्रेस विज्ञप्तिसमेत जारी गर्ने गरेको छ। यस सम्बन्धमा नेपाल मेडिकल काउन्सिलले समेत सबै अस्पतालहरूले स्वास्थ्य उपचारको व्यवस्था मिलाउन विज्ञप्ति जारी गरेको छ। सरकारको निर्देशनको अवज्ञा गर्ने अस्पताललाई स्पष्टीकरण सोधिएको छ। लकडाउनको अवधिमा बिरामीलाई अस्पताल आउन जानका लागि सहज हुने सन्दर्भलाई मध्यनजर गरेर बिरामीको उपचार व्यवस्थापनमा सहजीकरण गर्न पेसेन्ट ट्रान्सफरटिमसम्बन्धी निर्देशिका तयार गरी त्यसअनुसार कार्य गरिँदै आइएको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्बाट डब्लु.एच.ओ. को गाइडलाइनबमोजिमको क्वारेन्टाइनसम्बन्धी कार्यविधि स्वीकृत भई लागु भएको र उक्त कार्यविधिबमोजिम क्वारेन्टाइनको व्यवस्थापन तथा गुणस्तरको अनुगमन केन्द्रीय

कोभिड-१९ क्राइसिस म्यानेजमेन्ट सेन्टर र प्रदेशस्तरीय कोभिड-१९ क्राइसिस म्यानेजमेन्ट सेन्टरले तथा जिल्लाको कोभिड-१९ क्राइसिस म्यानेजमेन्ट सेन्टरले गर्ने व्यवस्था मिलाइएको छ भने क्वारेन्टाइनको लागि चाहिने स्वास्थ्यकर्मीको व्यवस्थापन मन्त्रालय, प्रदेश सरकार तथा सम्बन्धित स्थानीय तहको आपसी समन्वयमा गर्ने गरिएको छ। क्वारेन्टाइनमा बस्दा अपनाउनु पर्ने कार्यविधि नियम फाराम तयार पारी वेबसाइटमार्फत सबैको पहुँचमा पुऱ्याइएको छ।

हाल प्रचलनमा रहेको सङ्क्रामक रोग ऐन, २०२० ले सङ्क्रमणको महामारीको समयमा नेपाल सरकाले आवश्यक व्यवस्था गर्न सक्ने र नेपाल सरकारले गरेको व्यवस्था कार्यान्वयनमा बाधा गर्ने तथा सो व्यवस्थाको उल्लङ्घन गर्नेलाई सजायसमेतको व्यवस्था गरेको छ भने जनस्वास्थ्य सेवा ऐन, २०७५ ले आपत्कालीन स्वास्थ्य सेवाको व्यवस्थापन, जनस्वास्थ्य विपदको घोषणा व्यवस्थापन, सङ्क्रामक रोगको रोकथाम, सूचना व्यवस्थापन तथा उपचारको व्यवस्थापन जस्ता विषयहरू पर्याप्त मात्रामा व्यवस्था गरेको हुँदाहुँदै महामारी तथा प्रकोप नियन्त्रणसम्बन्धी छुट्टै कानून निर्माण गरी राज्यलाई थप आर्थिक व्ययभार सिर्जना गर्नसमेत मनासिब नहुने विद्यमान अवस्थामा मागदाबीबमोजिमको आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेजभागी छ, खारेज गरिपाऊँ।

**<u>महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ</u>**

निवेदकले निवेदनमा उल्लेख गरेबमोजिम महिला तथा बालबालिकाको आवश्यकता, समस्याहरूको व्यवस्थापन तथा विपत्, प्रकोप वा महामारीको अवस्थामा महिला, बालबालिकाको आवश्यकता र समस्याहरूको व्यवस्थापन, महिला तथा बालबालिकालाई विशेष वर्गको रूपमा मान्यता दिई न्यायमा पहुँच सुनिश्चित गर्ने माग राखी यस महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसमेतलाई विपक्षी बनाई दिनु भएको रिट निवेदनमा, यस मन्त्रालय संविधान तथा कानून प्रदत्त हक, अधिकारको सम्मान गर्न प्रतिवद्ध छ। नेपालको संविधानको धारा ३८ मा रहेको महिला हकको कार्यान्वयन सम्बन्धमा यस मन्त्रालय प्रतिवद्ध भई सोसम्बन्धी देहायबमोजिमका विभिन्न कार्यहरू गर्दै आइरहेको छ:

१. यस मन्त्रालयको मिति २०७७/०२/२० को निर्णयबाट गर्भवती र सुत्केरी महिलाको विशेष संरक्षण गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाइएको बेहोरासमेत अनुरोध छ।
२. मिति २०७७/२/२० को पत्रबाट कोभिड-१९ महामारीको कारण रोजगार गुमाएका संकटापन्न समुदायका महिला तथा तिनका परिवारलाई कार्यक्रममा प्राथमिकताका साथ सम्बोधन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपंक्षी मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई पत्राचार गरिएको।
३. मिति २०७६/१२/२१ मा राहत वितरणका लागि विशेष संरक्षण गर्नुपर्ने क्षेत्रलाई प्राथमिकतामा राख्ने सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत ७५३ वटै स्थानीय तहमा पत्राचार गरिएको।
४. नेपाल टेलिभिजनलगायत आमसञ्चारको माध्यमबाट कोभिड-१९ ले पर्ने प्रभाव, रोकथाम, लैङ्गिक हिंसा न्यूनीकरण, बालबालिकाको सुरक्षा, अपाङ्गता भएका व्यक्तिको स्याहार, सुसारलगायतका जनचेतनामूलक सन्देश प्रसारणमार्फत जागरण गरिएको।
५. विपद्को समयमा चलायमान हुने Gender In Humanitarian Action (GHIA) को माध्यमबाट लैङ्गिक हिंसा न्यूनीकरणका लागि सरोकारवालाबाट उठान भएका

सवालबमोजिम निकायगत समन्वय गरिरहेको।

६. क्वारेन्टाइनस्थल अनुगमनका लागि यस मन्त्रालय तथा UN Women को सहकार्यमा लैङ्गिक तथा सामाजिक समावेशीकरण रूजुसूची (चेकलिष्ट) तयार पारिएको।

७. राष्ट्रिय महिला आयोगबाट कोभिड-१९ बाट पर्ने प्रभाव, रोकथाम गर्न विभिन्न पहलहरू हुँदै आएको छ:

क. महिला हिंसाका घटनाका उजुरी फोनको माध्यमबाट जम्मा १९०७ वटा फोन कल लिएकोमध्ये जानकारी कल ९८९ र त्यसको फलोअप कल जम्मा ९१८ लिएको।

ख. राष्ट्रिय महिला आयोग र गैरसरकारी संस्थाको संयुक्त पहलमा विभिन्न सेवाहरू दिँदै आइरहेको छ। जस्तैः मनोसामाजिक परामर्श (४८३ जनालाई), कानूनी परामर्श (१९२), कानूनी मुद्दासम्बन्धी कार्य (१६), अदालतमा प्रतिरक्षा (८), संरक्षण (४: जसमध्ये ३ जना साथी संस्थामा र १ जना CWIN मा), मानसिक स्वास्थ्य सेवा (मनोविमर्श ७), Emergency Relief (१६), र Recreational Activities (८ जना) लगायतका सेवाहरू सक्रिय रूपले प्रदान गर्दै आइरहेको छ।

त्यसैगरी यस बन्दाबन्दीको अवस्थामा पनि यस मन्त्रालयबाट महिला र बालिकाहरूका लागि उचित आकस्मिक तथा तत्काल उद्धारका सेवाहरू सञ्चालन भइरहेका छन् र दोषीलाई कारबाहीको दायरामा ल्याउने कार्य पनि भइरहेको छ। तसर्थ, यस मन्त्रालयले सक्दो रूपमा यस विपद्को समयमा संवेदनशील रही प्राथमिकताका साथ कार्य गरिरेको हुँदा यस मन्त्रालयको हकमा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ।

**<u>नोबल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति विघटन भई सोको तर्फबाट COVID-19 Crisis Management Center को निर्देशक समितिको तर्फबाट तथा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट परेको लिखित जवाफ</u>**

नेपाल सरकार नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारको पूर्ण प्रत्याभूति गर्न प्रतिवद्ध छ। स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ तुल्याई नागरिकको पहुँच स्थापित गर्न जनस्वास्थ्य सेवा ऐन, २०७५ जारी भई कार्यान्वयनमा छ। कोभिडको महामारी नियन्त्रण सम्बन्धमा सङ्क्रामक रोग ऐन, २०२० कार्यान्वयनमा रहेको र यसै ऐनबमोजिम सङ्क्रामक रोगका सम्बन्धमा विशेष व्यवस्था गरिएको छ। त्यसैगरी राष्ट्रिय स्वास्थ्य नीति, २०७६ कार्यान्वयनमा रहेको छ। स्वास्थ्यसम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम परिचालन गरी उपलब्धिको रक्षा गर्दै स्वास्थ्य क्षेत्रमा विद्यमान नयाँ चुनौतीलाई सही ढङ्गले सम्बोधन गरी नागरिकको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुन:स्थापना गर्न राष्ट्रिय स्वास्थ्य नीति, २०७६ लागु भई सोहीबमोजिम काम कारबाही भइरहेको छ। विदेशबाट नेपाल आउन चाहने तथा विदेशमा अप्ठेरोमा परेका नेपालीको लागि स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी आदेश, २०७७ जारी भई सोही आदेशबमोजिम प्राथमिकताको आधारमा स्वदेश आउने क्रम जारी छ। कोभिड-१९ को रोकथाम नियन्त्रण र उपचारको लागि आवश्यक कोषको समेत व्यवस्था गरिएको छ।

कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार, औषधी तथा स्वास्थ्य सामग्रीहरूको उपलब्धता, आगमन व्यवस्थापन, क्वारेन्टिन स्थलहरूको निर्माणलगायतका काम कारबाही समन्वयात्मक रूपमा गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति

२०७६।११।१८ को निर्णयले उपप्रधान एवं रक्षामन्त्रीको संयोजकत्वमा नोबल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति गठन भई सो समितिबाट नोबल कोरोना रोग रोकथाम तथा नियन्त्रणका सम्बन्धमा आवश्यक कार्य भइरहेकोमा यससम्बन्धी कार्य एकै निकायबाट हुन उक्त समिति नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।२।२८ को निर्णयबाट विघटन भई COVID-19 Crisis Management Center को निर्देशक समितिलाई पुनर्गठन गरी सो समिति क्रियाशील भई सोसम्बन्धी काम कारबाही भइरहेको छ।

जनस्वास्थ्य सेवा ऐन, २०७५ को परिच्छेद-६ मा आपत्कालीन स्वास्थ्य सेवा तथा व्यवस्थापनसहितका स्वास्थ्य सेवासम्बन्धी व्यवस्था रहेको र सोहीबमोजिम स्वास्थ्य सेवाको व्यवस्थापनसमेतका काम कारबाही भइरहेको छ । विदेशबाट आएकालाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेको मापदण्डबमोजिमको प्रोटोकल पालना गर्ने गरी क्वारेन्टिनमा राख्ने व्यवस्था गरिएको छ। कोभिड-१९ को कारण पर्न जाने असरलाई ध्यान दिँदै महिला तथा बालबालिकालाई प्रभावित हुन नदिन विशेष व्यवस्था गरिएको छ । यस विषम परिस्थितिमा गर्भवती र नाबालकलाई पहिलो प्राथमिकतामा राखी तत्काल उपचार र उद्धारसहितका आवश्यक कार्य सम्बन्धित मन्त्रालय तथा मातहतका निकायबाट भइरहेको छ । कोभिड-१९ बाट सङ्क्रमितको पहिचान गरी उपचार गर्ने र त्यस्ती सङ्क्रमित एवं निजको सम्पर्कमा रहनेको समेत कन्ट्याक ट्रेसिङ गरी स्वास्थ्य परीक्षण हुँदै आएको छ। यस कार्यमा खटिने स्वास्थ्यकर्मीलगायत सम्पर्कमा रहने सुरक्षाकर्मी तथा अन्य कर्मचारीलाई आवश्यक पर्सनल प्रोटेक्टिभ इक्युपमेन्ट (पिपिई) लगायत अन्य सुरक्षाका सामाग्रीहरूको व्यवस्था गरिएको छ । कोभिड- १९ को परीक्षण तथा उपचार नि:शुल्क हुने व्यवस्था गरिएको हुँदा महिला स्वास्थ्यकर्मीका हकमा मात्र पिपिईको उचित प्रबन्धका लागि विषय उठान गरी निवेदन गर्नुपर्ने कुनै कारण देखिँदैन। तसर्थ, कोभिड-१९ को महामारी सम्बन्धमा नेपाल सरकारबाट माथि उल्लेख भएअनुसार आवश्यक सम्पूर्ण कार्य एवं व्यवस्थापन हुँदै आएकोले रिट निवेदन खारेज गरिपाऊँ।

आदेश खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक अधिवक्ताद्वय श्री रोशनी पौडेल, श्री सरोजकृष्ण घिमिरे र निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री राघवलाल वैद्य, श्री रविनारायण खनाल, श्री खगेन्द्रप्रसाद अधिकारी, श्री नारायणप्रसाद अधिकारी, श्री शेरबहादुर के.सी., श्री उषा मल्ल पाठक, डा.श्री चन्द्रकान्त ज्ञवाली, विद्वान् अधिवक्ताहरू श्री टीकाराम भट्टराई, श्री सुनिलकुमार पोखरेल, श्री मेघराज पोखरेल, श्री खम्मबहादुर खाती, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री सरस्वती श्रेष्ठ, श्री विकास भट्टराई, श्री अनन्तराज लुइँटेल, श्री अन्जु कायस्थ, श्री श्रीधरा कुमारी पुडासैनी, श्री मनिषकुमार श्रेष्ठ, श्री रामेश्वर नेउपाने, श्री विष्णु बस्याल, श्री शान्तिदेवी खनाल, श्री विष्णुमाया भुसाल, श्री लक्ष्मीदेवी रावल, श्री शुभास बुढाथोकी, श्री रक्षा बस्याल, श्री लक्ष्मी थापा खड्का, श्री मुकुन्द अधिकारी, श्री रजिता थापा, श्री सन्तोष भण्डारी, श्री इन्दिरा सिलवाल, श्री अमिता गौतम (पौडेल),श्री सुजन नेपाल, श्री लक्ष्मी (नानी) थापा, श्री नवराज पाण्डे, श्री कमल कोइराला, श्री सुभनराज आचार्य, श्री विना पाण्डे, श्री पंकजकुमार कर्ण, श्री जनकराज आचार्य, श्री बिशालकुमार उपाध्याय, श्री बिरभद्र जोशी, श्री जनक सिंह साउद, श्री फर्शमायादेवी मगर, श्री हसिना प्रधान, श्री सृष्टि न्याछ्योले कोभिड-१९ को असर सबै जनालाई रहेको छ तर महिलाहरू अरूभन्दा अझ बढी प्रताडित छन् । महामारीको समयमा घरेलु हिंसा बढेको, बलात्कार र यौनजन्य हिंसाहरूले प्रश्रय पाएको तथा Cyber Crime हरू पनि बढेको अवस्था छ । महामारीको विषम परिस्थितिमा महिलाहरूको

प्रजनन स्वास्थ्य र सुरक्षित मातृत्वसम्बन्धी संविधान र कानून प्रदत्त हकहरूलाई प्राथमिकतासमेत नदिँदा कतिपय सुत्केरी महिलाहरूले ज्यान गुमाएकोसमेत स्थिति रहेको छ । यसरी कोभिड-१९ को परीक्षण, रोकथाम, उपचार, उद्धार र पुनर्स्थापनामा सरकार प्रभावकारी र लैङ्गिक संवेदनशील भएको देखिँदैन । सङ्क्रामक रोग ऐन, २०२० र जन स्वास्थ्य ऐन, २०७५ ले महिलाको आवश्यकतालाई उचित रूपमा सम्बोधन गर्न सकेको पाइँदैन । नेपालको संविधानले महिला भएको आधारमा विभेद गर्न नपाउने तथा समानताको सुनिश्चितता गर्न पर्ने व्यवस्था गरेको छ । समानताको कुरा गर्दा पनि नेपालले Substantive Model of Equality With Corrective Approach लाई प्रबर्द्धन गरेको छ । WHO लगायत UN System हरूले पनि कोभिड-१९ को महामारीको अवस्थामा भएको महिला विरूद्धको हिंसा, सङ्क्रमणको आधारमा भएको वा हुन सक्ने भेदभाव, लाञ्छना रोक्न तथा मानसिक तनावहरूको व्यवस्थापन, सम्बोधन र उपचारको लागिसमेत मार्गदर्शनहरू निर्माण गरेको छ । महामारीको समयमा पनि महिलाको फरक अनुभूति रहेको र त्यस्तो अनुभूति पुरूषले गर्न सक्दैन । कोभिड-१९ को महामारीको अवस्थामा राज्यको तयारी (Preparedness), सम्बोधन (Response) र पुनर्लाभ (Recovery) को तीनवटै आधारमा प्रभावकारी लैङ्गिक संवेदनशीलतासहितको उत्तरदायीपूर्ण संरचना र सेवाको सुनिश्चितता गर्नु राज्यको दायित्व नै रहेको छ । महामारीको अवस्थामा विपत् व्यवस्थापन ऐन, २०७४ को कार्यान्वयन भएको अवस्था नभएको, अन्य विदेशी मुलुक सिङ्गापुर, इङ्ल्याण्ड, आइरल्याण्ड, न्युजिल्याण्ड, फिलिपिन्स, युनाइटेड किङ्गडम, चीन, अमेरिका जस्ता देशहरूले विपत्‌लाई व्यवस्थापन गर्नका लागि Pandemic Act ल्याएका छन् । सङ्क्रामक रोग ऐन, २०२० ले संक्रामक रोगका बहुआयामिक विषयलाई सम्बोधन गर्न नसकेकोले सोतर्फ सरकार सचेत रहेको पनि देखिँदैन ।

साथै कोभिड-१९ को महामारीको कारण घरेलु हिंसा बढेकोमा बन्दा बन्दीका कारण महिलाले समयमा न्यायिक उपचार नपाएको अवस्था रहेकोले संविधान प्रदत्त उपचारको हक, न्यायको हक नै उल्लङ्घन भएको हुँदा हिंसा विरूद्धको उजुरी दर्ता गरी सुनुवाइ गर्ने व्यवस्था गर्नुपर्ने दायित्वसमेत राज्यमा रहेको छ । महिला, बालबालिका, गर्भवती सुत्केरी,अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायत उच्च जोखिममा पर्ने समूहका लागि राज्यबाट विशेष प्राथमिकतामा नराखेको हुँदा महिलाको प्रजनन स्वास्थ्यमा गम्भीर आघात पुग्नुका साथै, राहत वितरण, क्वारेन्टाइन व्यवस्थापन र आवश्यक सेवा सुविधाहरूमा महिलाको समस्याहरूको उचित सम्बोधन भएको छैन । महिलामैत्री क्वारेन्टाइनको अभावमा क्वारेन्टाइनभित्र नै महिला बलात्कार हुन परेको स्थिति देखिएको छ । विषम परिस्थितिको सामना गर्नका लागि गठन गरिएको नोभेल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समितिमा महिलाको सहभागिता नै नगराएकोले संविधानले परिकल्पना गरेको समावेशिताको सिद्धान्तको आधारमा नीति निर्माण प्रक्रियामा सहभागी हुने हक र महिला सहभागिताका विषयमा सरकार संवेदनशील भएको अवस्था छैन । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी अधिकार निरन्तर रूपमा सुनिश्चित गर्नका लागि स्वास्थ्य संस्थाहरूले गर्भवती र सुत्केरी महिला, शिशुहरूलाई प्राथमिकतामा राखी सेवा प्रवाह गर्नुपर्नेमा सोबमोजिमको कार्य नहुँदा महिलाहरू पीडित भएको अवस्था रहेको हुँदा सोतर्फ राहत र प्याकेजमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सामग्री उपलब्ध गराउने व्यवस्था गरिपाऊँ । कोभिड-१९ कै कारण कतिपय महिलाहरूमा मनोवैज्ञानिक असर परेको, कतिपयको रोजगारीसमेत गुमेको हुँदा सोको लागि मनोसामाजिक परामर्शको व्यवस्था गरी रोजगारीको समेत सुनिश्चितता गर्ने, राष्ट्रिय सूचना आयोगको मिति २०७७।२।६ को प्रेस विज्ञप्तिले सङ्क्रमित तथा सङ्क्रमितका परिवारलाई लाञ्छित व्यवहार गरी आत्मसम्मानका साथ बाँच्न पाउने हक र गोपनीयताको हकविपरीत कार्य

भएकोले उत्प्रेषणको आदेशले बदर गरी संविधान प्रदत्त धारा १६ को सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ अन्तर्गत समानताको हक, धारा २८ को गोपनीयताको हक, धारा ३५ को स्वास्थ्यसम्बन्धी हक, धारा ३८ को महिलाको हक, धारा २० को न्यायको हक, धारा २१ को क्षतिपूर्तिसहित पुनर्स्थापकीय न्यायको हक र धारा ४२ अन्तर्गत सामाजिक न्यायको हकलगायतका मौलिक हक, मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ को धारा १२ तथा नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १७ महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ को धारा ७ (ख), १२, १४(२)(ख) बाट सुनिश्चित गरिएका हकमा समेत आघात परेकोले उल्लिखित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरूको पालना गर्दै कोभिड-१९ को सङ्क्रमणबाट सिर्जित बन्दाबन्दीको अवस्थामा लैङ्गिक हिंसाबाट प्रभावित महिलाहरूका लागि उचित आकस्मिक र उद्धार सेवाहरूलगायत न्यायिक सेवाको पहुँचमा प्राथमिकतासाथ उपलब्ध गराउने कुराको सुनिश्चितता गर्ने गरी महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हकलाई संरक्षण गरी कोभिड-१९ जस्ता स्वास्थ्य महामारी, अन्य प्रकारका प्राकृतिक वा मानव निर्मित प्रकोप वा विपत्को अवस्थामा सबैभन्दा बढी महिला तथा बालबालिका पीडित र प्रभावित हुने भएकोले त्यस्ता विपत्, प्रकोप वा महामारीका अवस्थामा लैङ्गिकमैत्री व्यवस्थापन तथा न्यायोचित सम्बोधन र न्यायमा सहज पहुँचका लागि महामारी तथा प्रकोपसम्बन्धी एकीकृत कानून (Pandemic Law) को आवश्यकता भएकोले सोबमोजिमको कानूनको तर्जुमा गर्न गराउनका लागि परमादेशलगायतको जो चाहिने उपयुक्त आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको बहस जिकिर प्रस्तुत गर्नुभयो ।

विपक्षीहरूको तर्फबाट उपस्थित हुनु भएका विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले, नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६।११।१८ को निर्णयबाट नोबल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समिति गठन भई क्रियाशील रहेको अवस्था छ । सर्वोच्च अदालतले प्रस्तुत रिट निवेदनमा अन्तरिम आदेश जारी गरी तथा अन्य रिट निवेदनमा पनि आदेश निर्देशनहरू जारी गरी महामारी रोकथाम र सम्बोधनमा महत्त्वपूर्ण योगदान दिएको नै छ । कोरोना महामारीको विषम परिस्थितिमा महिला र बालबालिकाउपर हुन सक्ने हिंसा नियन्त्रण गर्नका लागि सरकार प्रतिवद्ध रहेको, निवेदकहरूले उठाएको महामारी तथा प्रकोपसम्बन्धी एकीकृत कानून तर्जुमा गराउने भन्ने कुरा विद्यायिकीय बुद्धिमता एवं क्षेत्राधिकारभित्रको विषय हो । राष्ट्रिय महिला आयोगबाट वर्तमान परिस्थितिमा महिला हिंसाका घटनाका उजुरी टेलिफोनको माध्यमबाट समेत लिइएको, क्वारेन्टाइनस्थल अनुगमनका लागि UN Women को सहकार्यमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको लिस्टसमेत तयार गरिएको देखिन्छ । नेपाल टेलिभिजन, आमसञ्चारको माध्यमद्वारा कोभिड-१९ बाट पर्ने प्रभाव रोकथाम, लैङ्गिक हिंसा न्यूनीकरण, बालबालिकाको सुरक्षा, अपाङ्गता भएका व्यक्तिहरूको स्याहार सुसारसमेतका जनचेतनामूलक सन्देश प्रशारण गरी जनचेतनामा वृद्धि गरिएको, राष्ट्रिय सूचना आयोगबाट मिति २०७७।०२।०६ मा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २८ ले सार्वजनिक निकायले आफूसमक्ष रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरू अनधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिराख्नु पर्ने छ भन्ने व्यवस्था गरेको छ । व्यक्तिहरूको विवरण सार्वजनिक गर्दा सङ्क्रमण वा मृत्यु हुँदाका बखत बसोबास गरेको स्थान र स्थायी ठेगानासम्म उल्लेख गर्न सूचनाको हकसम्बन्धी ऐनको दफा १९ को खण्ड (ट) बमोजिम आदेश जारी भएको हो । राष्ट्रिय सूचना आयोगबाट व्यक्तिको वैयक्तिक गोपनीयतामा असर पर्ने कुनै आदेश वा निर्णय भएको छैन । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम आयोगलाई प्राप्त अधिकारको प्रयोग गरी भएको आदेशबाट कुनै पनि व्यक्तिको

वैयक्तिक गोपनीयताको हकको उल्लङ्घन नहुने हुँदा निवेदकहरूले उठाएको जस्तो परिस्थिति नरहेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको बहस जिकिर प्रस्तुत गर्नुभयो।

मिसिल संलग्न निवेदन, लिखित जवाफहरूसमेतका कागजातहरू अध्ययन गरी तथा निवेदक विद्वान् कानून व्यवसायीहरू, निवेदकका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरू तथा विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसमेत सुनी देहायका सवालहरूमा निर्णय दिनुपर्ने देखिन आयो।

१. कोभिड-१९ महामारी रोकथाम तथा नियन्त्रण गर्नका लागि नेपाल सरकारद्वारा गठन भएका वा हुने समितिहरूमा समावेशिताको सिद्धान्तको आधारमा महिला सहभागिता गर्न गराउन नेपाल सरकारको नाउँमा परमादेश जारी गर्नुपर्ने हो वा होइन ?
२. कोभिड-१९ महामारीबिच बन्दाबन्दीको अवस्थामा घरेलु हिंसा, लैङ्गिक हिंसाबाट प्रभावित महिलाहरूका लागि उचित, आकस्मिक तथा तत्काल उद्धारका सेवालगायतका न्यायिक सेवाको पहुँच प्राथमिकताका साथ उचित, पर्याप्त र प्रभावकारी रूपमा सुनिश्चित गर्न परमादेश जारी गर्नुपर्ने हो वा होइन ?
३. वैदेशिक रोजगार र अध्ययनलगायत अन्य विविध कारणले भारत तथा विभिन्न देशमा रहेका नागरिकहरूलाई नेपाल प्रवेश गराउँदा प्राथमिकताका साथ ल्याउने र महिला, बालबालिका, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक जस्ता High Risk Group मा पर्नेहरूका लागि विशेष प्राथमिकताका साथ सुरक्षित क्वारेन्टिन तथा आइसोलेसन वार्डको व्यवस्था गर्न परमादेश जारी गर्नुपर्ने हो वा होइन ?
४. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी अधिकार अनवरत रूपमा सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरूले गर्भवती र सुत्केरी महिला, शिशुहरूलाई प्राथमिकतामा राखी सेवा दिन, दिलाउन आदेश जारी गर्न पर्ने वा नपर्ने तथा क्वारेन्टिनमा बसेका महिलाहरूका लागि राहत प्याकेजमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सामग्री प्रदान गर्न आदेश जारी गर्नुपर्ने हो वा होइन ?
५. कोभिड-१९ को कारण मनोवैज्ञानिक असर परेकाहरूलाई मनोसामाजिक परामर्शको व्यवस्था गर्न आदेश जारी गर्नुपर्ने हो वा होइन ?
६. कोभिड-१९ महामारीको आर्थिक-सामाजिक प्रभावस्वरूप रोजगारी गुमाउने महिलाहरूको रोजगारीको सुनिश्चितता गर्न आदेश जारी गर्नुपर्ने हो वा होइन ?
७. अग्रपंक्तिमा रही स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरू तथा सुरक्षाकर्मीहरूको विशेष स्वास्थ्य सुरक्षाको व्यवस्था गर्न आदेश जारी गर्नुपर्ने हो वा होइन ?
८. राष्ट्रिय सूचना आयोगको मिति २०७७।०२।०६ को कोभिड-१९ बाट सङ्क्रमण वा त्यसको कारण मृत्यु भएको व्यक्तिहरूको स्थायी र अस्थायी ठेगाना खुल्ने व्यक्तिगत विवरण सार्वजनिक गर्ने आदेशयुक्त प्रेस विज्ञप्ति बदर गर्नुपर्ने हो वा होइन ?
९. कोभिड-१९ महामारीको उचित सम्बोधन गर्नका लागि लैङ्गिकमैत्री एकीकृत कानून बनाउनका लागि परमादेश जारी गर्नुपर्ने हो वा होइन ?

२. निर्णयतर्फ विचार गर्दा, सर्वप्रथम निवेदकले निवेदनमा उठाइएको कोभिड-१९ को कारण पर्न गएका असरहरूको र मुख्यतः यस विषम परिस्थितिले महिलाहरूमा पारेका प्रभावहरूसँग सम्बन्धित केही तथ्यहरू उल्लेख गर्नुपर्ने देखिन्छ।

२०१९ डिसेम्बरको अन्तिम सातादेखि प्रारम्भ भएको भनी मानिएको यस महामारीको असर विश्वभर नै रहेको छ । रोकथामको लागि वा उपचारको लागि कुनै पनि औषधीहरू नरहेको, प्रत्येक व्यक्ति जोखिममा रहेको तर ज्येष्ठ नागरिक, केही अन्य रोगका बिरामीहरू थप जोखिममा रहेको र रोगकै कारण थुप्रै व्यक्तिहरूले जीवन गुमाएको स्थिति रहेको छ । परिणाम मानिसहरू डर, त्रास, तनाव तथा विभिन्न सङ्कटको अवस्थाबाट गुज्रिरहेका छन् । कोभिड-१९ को कारण आज पनि दैनिक रूपमा नै स्वास्थ्यको जटिलता र मानवीय क्षति भइरहेको छ । विश्वभर नै भयावहको अवस्था रहेको छ । नेपालमा पहिलो कोभिड-१९ सङ्क्रमण जनवरीको अन्तिम सातामा देखिएको थियो । अहिले सङ्क्रमण निरन्तर रूपमा बढ्दो क्रममा रहेको छ । यसको नियन्त्रण तथा रोकथामको लागि नेपाल सरकारले पहिलो पटक मिति २०७६/१२/११ देखि २०७६/१२/१८ सम्म बन्दाबन्दी घोषणा गर्ने निर्णय गरेको थियो जसपश्चात् पटक पटक अवधि थप गरियो र हाल पूर्ण रूपमा बन्दाबन्दीको अवस्था नभए पनि देशभरका विभिन्न स्थानमा सङ्क्रमणको अवस्था, जोखिम तथा सङ्क्रमितको संख्याअनुसार आंशिक बन्दी, क्षेत्रगत बन्दाबन्दी, सिलबन्दी, निषेधाज्ञा आदि कायम नै रहेको छ जसले मानिसको जीवनको सामाजिक, मानसिक, आर्थिक आदि विविध पक्षमा निकै असर पारी नै रहेको छ । साथै सङ्क्रमित वा मृत्यु भएका व्यक्तिका घर ठेगाना सिल गरिने, सङ्क्रमण वा मृत्यु हुँदाका बखत बसोबास गरेको स्थान र अस्थायी स्थायी ठेगानालगायतका व्यक्तिगत विवरण सार्वजनिक गरिने कार्यबाट निज सङ्क्रमित र निजका परिवारहरू लाञ्छित र दुर्व्यवहारपूर्ण व्यवहारको शिकार भइरहेका छन् । यसले समाजलाई अशान्ति र अमानवीयतातर्फ उन्मुख गरिरहेको छ । यसको कारण सङ्क्रमणको आशंका भएको व्यक्तिले परीक्षण नै नगर्ने वा सङ्क्रमितले आफ्नो स्थिति लुकाउने अवस्था सिर्जना भई जोखिमता झनै बढिरहेको छ ।

३. महामारीले कुनै पनि विभेदबिना (indiscriminately) विश्वभरका सम्पूर्ण मानिसहरूलाई उत्तिकै असर गरेको छ तर महामारीले समाज, राजनीति र आर्थिक प्रणालीमा रहेको महिलाको विद्यमान असमानताको प्रभाव र जोखिमताको खाडललाई झनै बढाइरहेको छ । महिलाहरूले महिला भएकै कारण यस्तो विपद्को अवस्थामा थप सङ्कटहरूको सामना गर्नु परिरहेको छ । महिलाहरू जसको कमाइ कम रहेको, बचत कम रहेको र असुरक्षित रोजगारीमा रहेका वा गरिबीमा रहेका छन्, उनमा आर्थिक भारहरू अझ वृद्धि भएको छ । महिलाहरूले लैङ्गिक हिंसा विशेषगरी घरेलु हिंसा, यौनजन्य हिंसा, cyber crime, प्रजनन स्वास्थ्यका समस्या, मानसिक स्वास्थ्यसँग सम्बन्धित समस्या, रोजगारीको सुरक्षा नहुनेलगायतका समस्याहरूको थप सामना गर्न परिरहेको छ । लैङ्गिक हिंसा र त्यसमा पनि विशेषतः घरेलु हिंसाका घटनाहरू दिनहुँ बढिरहेको अवस्था छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाको पहुँचको अधिकार पनि प्रभावित भइरहेको छ । नेपालमा कोभिड-१९ को कारण पहिलो मृत्यु नै एक सुत्केरी महिलाको भएको थियो । अहिले सुरक्षित मातृत्व सेवाको अभावका कारण मातृत्वसँग सम्बन्धित मृत्युदर (maternal mortality) पनि बढ्दो क्रममा रहेको छ ।[1] अझ सामाजिक संरचनाअनुसार महिलाको लैंङ्गिक भूमिका घरायसी कामकाजमा बढी हुने भएको हुँदा बन्दाबन्दीको यस समयमा प्राय: महिलाहरूको कार्य बोझ निकै बढेको छ जसको कारण निजहरूको शारीरिक र मानसिक स्वास्थ्य दुवैमा थप प्रतिकूल असर परेको छ । यसरी कोभिड-१९ को महामारीको लैङ्गिक असर रहेको (COVID-19 has gendered effects) छ । यसरी महिलाहरूमाथि यस महामारीको कारण पर्न गइरहेको प्रतिकूलता र असमान असरहरू (Adverse and Disproportionate Effects) लाई

1 UN Women, Surveys show that COVID-19 has gendered effects in Asia and the Pacific, UN Women Official Website, April 2020 available at, https://data.unwomen.org/resources/surveys-show-COVID-19-has-gendered-effects-asia-and-pacific

न्यायोचित तवरबाट सम्बोधन गरी महिलाको स्वास्थ्य र जीवनको सुरक्षा तथा न्याय प्राप्तिलाई सुनिश्चित गर्नु अत्यावश्यक देखिएको छ।

४. अहिले देशमा महामारीको कारण सामान्य अवस्था नभए तापनि संविधान प्रदत्त मौलिक हक अधिकारहरूको स्थगन भएको छैन र हुन मिल्ने पनि होइन तर महामारीबाट परेको र पर्ने बहुआयामिक प्रभावहरूको उचित सम्बोधन नहुँदा निरन्तर रूपमा सुनिश्चित गर्नुपर्ने महिलाको अविभेदको हक, समानताको हक, हिंसा विरूद्धको अधिकार, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार, आफ्नो देशमा फर्किन पाउने अधिकार, आत्मसम्मानको साथ बाँच्न पाउने अधिकार, गोपनीयताको अधिकार, रोजगारीको अधिकारलगायतका मौलिक हकहरूमा बन्देज लागेको र लाग्न सक्ने अवस्था रहेको देखिन्छ । यसै अदालतमा रहेको मुद्दा नं. ०७६-RE-०३९२, ०७६-WO-०९४४ मा मिति २०७७/०२/१९ को अडबड् निकासाको १९ जनाको बृहत् पूर्ण इजलासको आदेशले “Pandemic Jurisprudence” को विकास गर्दै महामारीको बन्दाबन्दीको समयलाई शून्य समय “zero-hour” मानेर न्याय प्राप्तिको हकबाट कोहीलाई पनि वञ्चित गराउन नहुने हुँदा महामारीको कारण सिर्जना भएका दुविधाहरूको सहजिकरण गरी न्यायको पहुँचमा अवरोध रोक्न हदम्यादमा लचिलोपनसमेत कायम गरेको छ । अहिलेको परिस्थितिमा महामारीले निम्त्याएको जटिल अवस्था तथा प्रतिकूलताहरूको न्यायोचित रूपमा सम्बोधन गरी कसैको पनि संविधान प्रदत्त हक अधिकारमा आघात पुग्न नदिने अवस्था सिर्जना गर्न आवश्यक देखिन्छ भनी उक्त आदेशमा उल्लेख भएको छ। यसर्थ कोभिड-१९ को महामारीको भयावह स्थितिमा विभिन्न मानव अधिकारसम्बन्धी दस्ताबेज प्रदत्त अधिकार, संविधान प्रदत्त अधिकार तथा छरिएर रहेका कानूनहरूद्वारा व्यवस्था गरिएको अधिकारहरूको सुनिश्चितता गर्न राज्यको स्रोत साधनको विशेष परिचालन गर्नुपर्ने देखिन्छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूसँग तत्काल र दीर्घकालीन संरचना र प्रणालीको विकास गर्न समन्वय गर्दै डर र आवश्यकताबाट स्वतन्त्रता (Freedom from Fear and Want) को सुनिश्चितता गर्न सीमान्तकृत वर्गको पूर्ण र समान आर्थिक, सामाजिक अधिकारको सुनिश्चितता गर्नुपर्ने देखिन्छ।

५. उपर्युक्त पृष्ठभूमिमा कोभिड-१९ को महामारीको व्यवस्थापन सम्बन्धमा बन्ने संयन्त्रहरूमा महिला प्रतिनिधित्व नभएकाले उक्त समिति गठनका निर्णय वा उक्त समितिहरू उत्प्रेषणको आदेशले बदर हुनुपर्ने हो वा होइन भन्ने **प्रथम प्रश्नतर्फ विचार गर्दा**, कोभिड-१९ सँग सम्बन्धित नेपाल सरकारका समितिहरूमा महिला सहभागिता सुनिश्चित हुनुपर्छ भन्ने निवेदन दाबी रहेकोमा सरकारबाट गठन भएका कोभिड-१९ सम्बन्धित समिति / संयन्त्रहरूमा कानूनी व्यवस्थाहरू अनुरूप पदेन सदस्यहरूको स्वतः नियुक्ति हुने र राज्यको सामर्थ्यको आधारमा समावेशितालाई क्रमिक रूपमा लागु गरिने (Progressive Realization) विषय भएकोले तत्काल पूर्ण रूपमा लागु हुन नसक्ने भन्ने लिखित जवाफ जिकिर रहेको पाइन्छ।

६. नेपालमा कोभिड-१९ सङ्क्रमणको रोकथाम तथा नियन्त्रण गर्नको लागि सङ्घीय सरकारले मिति २०७६/११/१७ मा गठन गरेको नोबल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिमा विभिन्न मन्त्रालयहरूको प्रतिनिधिहरू रहेकोमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई समावेश नगराइएको र परिणामतः अन्य संस्थागत संरचनामा हिजोको सामाजिक मूल्य मान्यताको कारण पनि पुरूषकै प्रभुत्व भएकोले सबैजसो संरचनामा पुरूष हुँदा पुरूषको मात्र प्रतिनिधित्व रही महिलाको सहभागिता नरहेको देखिन आयो । हाल नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/२/२८ को निर्णयबाट कोरोना रोग रोकथाम तथा नियन्त्रणको लागि उक्त समिति विघटन भई Corona Crisis Management Center क्रियाशील रहेको यस

समितिमा समेत महिलाको प्रतिनिधित्व रहेको पाइएन।

७. हरेक सङ्कट वा विपद्को अवस्थामा महिलाहरूले महिला भएकै कारणबाट फरक समस्याहरू भोग्न परिरहेको हुन्छ। यस कोभिड-१९ को महामारीको समयमा पनि महिलाहरूको अनुभव पुरूषको भन्दा भिन्न र अझै संवेदनशील रहेको छ। लैङ्गिक हिंसा, प्रजनन स्वास्थ्यका पहुँचको समस्या, मानसिक स्वास्थ्यसँग सम्बन्धित समस्या, रोजगारीको सुरक्षा नहुनेलगायतका समस्याहरू महिलामा अझ प्रगाढ रूपमा थपिइरहेको हुन्छ। यसरी **महिलाहरूले भोगेको र भोग्नु पर्ने फरक तथा जटिल अनुभवहरूलाई कोभिड-१९ सँग सम्बन्धित योजनाहरूको निर्माण तथा कार्यान्वयन गर्दा अनिवार्य रूपमा ध्यानमा लिनुपर्ने हुन्छ। महिलाहरूमाथि पर्ने प्रतिकूल तथा असमान असरहरू (Adverse and Disproportionate effects) को प्रभावकारी रूपमा सम्बोधन हुन कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्नको लागि तर्जुमा हुने योजनाहरू महिलामैत्री भई महामारी विरूद्ध 'feminist response' समेत हुन आवश्यक देखिन्छ।** महामारीको कारण प्रभावित भएका महिलाहरूको हक-अधिकारको सुरक्षा गर्न र महिलाहरूमा यसले पारेको असरहरू न्यूनीकरण गर्नको लागि महामारीको नियन्त्रणसम्बन्धी भइरहेका सम्पूर्ण कार्यहरूमा महिलाको सहभागिता अपरिहार्य छ। तर सामाजिक र ऐतिहासिक सीमान्तकरण (Social and Historical marginalization) को कारण महिलाको सहभागितालाई महत्त्वपूर्ण रूपमा नलिई महिलाको बहिष्करणको स्थिति सिर्जना भएको पाइन्छ।

८. नेपालको संविधानले समानता र समावेशिताको सिद्धान्तलाई आत्मसात् गरेको छ। UN Convention on the Elimination of All forms of Discrimination against Women, १९७९ (CEDAW) ले पनि Substantive Equality को मर्मलाई बोध गर्दै धारा ४ मा 'temporary special measures aimed at accelerating de facto equality between men and women' भनी समावेशी रूपमा महिला र पुरूषबिच समानताको सुनिश्चितता गर्नको लागि विशेष उपायहरूको अवलम्बन गर्नुपर्ने कुरामा जोड दिएको छ। त्यसैगरी CEDAW को धारा ७ मा पनि राज्यको कुनै पनि नीति निर्माण कार्यमा महिलाको पनि समान सहभागिता हुनुपर्ने अधिकारबारे "States Parties shall take all appropriate measures to eliminate discrimination against women in the political and public life of the country and, in particular, shall ensure to women, on equal terms with men, the right….[t]o participate in the formulation of government policy and the implementation thereof and to hold public office and perform all public functions at all levels of government" भनी उल्लेख गरिएको पाइन्छ।

९. नेपालको संविधानको प्रस्तावना तथा धारा १८(२) मा सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन भनी तथा १८(३) को प्रतिबन्धात्मक वाक्यांशमा महिलाको लागि राज्यले कानूनबमोजिम विशेष उपाय अवलम्बन गर्न सक्ने व्यवस्था रहेको छ। साथै धारा ३८(४) मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशिता सिद्धान्तको आधारमा सहभागी हुने हक सुनिश्चित गरिएको छ। नेपालको संविधानको धारा ३८(५) ले महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने छ भनी उल्लेख गरेको छ। नेपालको संविधानले बोकेको समावेशिताको मर्मलाई राज्यको हरेक निकायले शिरोपर गर्नुपर्ने हुन्छ। संविधानभन्दा

माथि कोही छैन र हुन पनि सक्दैन। महिलाको अर्थपूर्ण सहभागिताको सुनिश्चितताको लागि आगामी दिनमा हुने कोभिड-१९ को रोकथामसँग सम्बन्धित कुनै पनि छलफल, योजनाको निर्माण, व्यवस्थापन, अनुगमन प्रक्रियालगायतका निर्णय प्रक्रियामा र यससम्बन्धी बन्ने सबै समितिहरूमा संविधानको समानुपातिक समावेशिताको मर्म र लैङ्गिक समानताको अवधारणाअनुसार समावेशिताको सुनिश्चितता गर्न नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ।

१०. अब **प्रश्न नं. २** अर्थात् कोभिड-१९ महामारीबिच भएका वा हुने घरेलु हिंसा, लैङ्गिक हिंसाबाट पीडित महिलाहरूलाई आकस्मिक सेवा एवं उद्धारका सेवाहरूलगायत न्यायिक सेवाको पहुँचमा प्राथमिकताका साथ उचित, पर्याप्त र प्रभावकारी रूपमा उपलब्ध गराउन नेपाल सरकारको नाउँमा परमादेशको आदेश जारी हुनुपर्छ भन्ने निवेदन दाबी रहेकोमा घरेलु हिंसासम्बन्धी कानूनहरू यथोचित रूपमा कार्यान्वयन भई पीडितहरूले न्याय पाइरहेको हुँदा आदेश जारी हुनुपर्ने होइन भन्ने लिखित जवाफ जिकिर रहेको पाइन्छ।

११. कुनै पनि विपद् / आपत्कालीन अवस्थामा महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरू बढी जोखिममा हुने र थप चुनौतीहरूको सामना गर्नुपर्ने हुन्छ।[2] कोभिड-१९ को सङ्क्रमण विश्वव्यापी रूपमा फैलिरहेको अहिलेको अवस्थामा महिलाहरू महामारीको मात्र नभई व्यापक रूपमा लैङ्गिक विभेद तथा हिंसाको पनि सिकार भइरहेका छन्। विश्वभर नै अन्य अपराधको दरमा कमी आए तापनि महिलामाथि हुने हिंसाहरू र मुख्यतः घरेलु हिंसाको तथ्याङ्कमा निकै वृद्धि भइरहेको पाइन्छ।[3] कोभिड-१९ ले निम्त्याएको विपद्को कारण बढिरहेको तनावको अवस्था र समाजमा चलिआएको विषाक्त सामाजिक अभ्यास तथा लैङ्गिक असमानताले बन्दाबन्दीको समयमा घरेलु हिंसामा वृद्धि भएको कुरा विभिन्न अध्ययनहरूबाट देखिन्छ।[4] UNFPA ले बन्दाबन्दी चलिरहेमा हरेक तीन महिनामा थप १५ लाख महिला लैङ्गिक हिंसाको सिकार हुने आँकलन गरेको छ।[5] कोभिड-१९ को कारणले महिलाहरू घरभित्रै बस्नुपर्ने बाध्यता रहेको तर घरेलु हिंसा बढिरहेको हुँदा महिलाहरू आफ्नै घरभित्र पनि असुरक्षित भएका छन्। यसरी बढ्दो क्रममा रहेको लैङ्गिक हिंसालाई कोभिड-१९ महामारीले निम्त्याएको अर्को महामारी भन्दै "Shadow Pandemic" (छायाँ महामारी) समेत भनिएको छ।[6]

१२. नेपालमा पनि गत वर्षको तुलनामा अन्य अपराधको संख्या घटे पनि बलात्कार, घरेलु हिंसाका घटनाहरू तथा महिला विरूद्ध cyber crime बन्दाबन्दीको समयमा निकै बढेको देखिन्छ। नेपाल प्रहरीको अपराध तथ्याङ्कअनुसार नेपालमा चैत्र

2 António Guterres, United Nations Secretary-General, Opening Remarks of the Secretary-General's Appeal for Global Ceasefire, (Speech at the UN Headquarters on 23 March 2020) available at https://www.un.org/sg/en/content/sg/speeches/2020-03-23/secretary-general-appeal-for-global-ceasefire

3 UNDP को अनुसार In France, for example, cases of domestic violence have increased by 30 per cent since the lockdown on March 17. Helplines in Cyprus and Singapore have registered an increase in calls by 30 per cent and 33 per cent, respectively. In Argentina, emergency calls for domestic violence cases have increased by 25 per cent since the lockdown started.

4 Human Rights Watch (HRW), Women Face Rising Risk of Violence During COVID-19, Official Website of HRW July 2020 available at https://www.hrw.org/news/2020/07/03/women-face-rising-risk-violence-during-COVID-19. See also, UN Women, COVID-19 and Ending Violence Against Women, UN Women, 2020

5 United Nations Population Fund, Impact of the COVID-19 Pandemic on Family Planning and Ending Gender-based Violence, Female Genital Mutilation and Child Marriage, 2020.

6 UN Women, COVID-19 and Ending Violence Against Women, UN Women, 2020.

११ देखि साउन १० को अवधिमा मात्र पनि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक विरूद्ध जम्मा ४४४८ वटा वारदात घटेको जसमा ७१७ जबरजस्ती करणीको कसुर, १९९ करणी उद्योगको कसुर र १९३१ घरेलु हिंसाको कसुर रहेको छ ।[7] महिलाहरूले घर जहाँ सबैभन्दा सुरक्षित ठान्दछन् । त्यही घरमा डर, अशान्ति र असुरक्षाको अवस्थामा बस्नु परेका छन् । सामान्य अवस्थामा घरभित्र हिंसाको वातावरण सिर्जना हुँदा महिलाहरूले उक्त स्थानमा नबसी सुरक्षित स्थानमा जाने, अन्य व्यक्ति वा संस्थाको सहयोग लिने, उजुरी गर्ने वा आफूलाई सुरक्षित राख्ने अन्य कुनै उपायहरू गर्न सक्ने अवस्था थियो भने अहिले बन्दाबन्दीको कारण त्यस्ता सहयोग प्रणालीको पहुँच कठिनपूर्ण रहेको अवस्था छ । यसरी लैङ्गिक हिंसामा पनि आकस्मिक तथा तत्काल उद्धार सेवा र न्यायिक सेवाको पहुँच प्रभावकारी रूपमा उपलब्ध हुन सकेको छैन ।

१३. यस परिस्थितिमा महिलाहरूमाथि भइरहेका हिंसाको रोकथाम गर्न तथा सहयोग प्रणालीसँग पहुँच वृद्धि गर्दै न्यायको सुनिश्चितता गर्न राज्य निकै संवेदनशील र सक्रिय हुनु पर्दछ । महामारीको सम्बोधनसँगै महिलालाई सुरक्षित पनि राखिनु पर्दछ । महिलाहरूको जटिल अवस्थालाई मध्यनजर गर्दै कोभिड-१९ को कारण महिलाहरूमाथि परेको थप प्रतिकूल प्रभावहरूलाई कम गर्नको लागि कोभिड-१९ रोकथामको तयारी (Preparedness), सम्बोधन (Response) र पुनर्लाभ (Recovery) को हरेक कार्यको केन्द्रमा महिलालाई (put women at center of COVID response)[8] राख्नुपर्ने हुन्छ । लैङ्गिक हिसाबले कोभिड-१९ बाट पर्न गएको प्रतिकूल र असमान (Adverse and Disproportionate) असर विश्वभर नै प्रगाढ रूपमा महसुस भएको छ र विभिन्न राष्ट्रहरूले यसको विरूद्ध उदाहरणीय कदम चालेका छन् । बेलायतले घर-घर पुगेर हुलाक सेवा पुर्‍याइरहेका हुलाकीहरूलाई घरेलु हिंसाप्रति चनाखो रही कुनै पनि घरमा हिंसा भएको शंका लागेमा प्रहरीमा खबर पुर्‍याउने व्यवस्था गरेको छ भने फ्रान्सले घरेलु हिंसाबाट पीडित महिलाहरूले औषधी तथा किराना पसलहरूमा गएर आफूमाथि भइरहेको हिंसाबारे सूचना दिन सक्ने र यदि हिंसा भएको पाइएमा पीडितलाई शोषण गर्ने व्यक्तिबाट टाढा लगी होटेलमा बस्न मिल्ने व्यवस्था मिलाएको छ, त्यस्तै क्यानडा, चीन, अमेरिकालगातका राज्यहरूले भर्चुअल माध्यमबाट आवश्यक परामर्श तथा कानूनी सहायता प्रदान गरिरहेका छन् ।[9] भारतमा पनि जम्मु कस्मिर हाई कोर्टले बढिरहेको घरेलु हिंसालाई सम्बोधन गर्दै suo moto आदेश जारी गरेको छ जसमा अदालतले लैङ्गिक हिंसाको रोकथामको लागि कोषको सिर्जना, उजुरीको सहजताको लागि call-in-services मा वृद्धि, अनलाइन मनोपरामर्श सेवा, किराना पसल तथा औषधी पसलहरूमा उजुरी गर्न मिल्ने व्यवस्था, घरमा बस्न सक्ने वातावरण नभएका पीडितहरूलाई बस्नको लागि होटेलहरूमा safe space को व्यवस्था, सूचना सम्प्रेषण र लैङ्गिक हिंसा विरूद्ध जागरण अभियानहरूको सञ्चालन गर्ने भनी विभिन्न उपायहरू अपनाएको पाइन्छ ।[10]

१४. नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ ले विभेद विरूद्ध समानताको हक र धारा २० ले प्रत्येक व्यक्तिलाई न्यायसम्बन्धी हक, धारा २१ ले अपराध पीडितलाई कानूनबमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक, धारा २९ ले शोषण विरूद्धको हक र धारा ३८(२) ले महिला विरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक

7 Nepal Police, Women, Children and Senior Citizen Service Directorate, Nepal Police Official Website available at https://cid.nepalpolice.gov.np/index.php/cid-wings/women-children-service-directorate

8 United Nations Development Programme (UNDP), Gender-based Violence and COVID-19, UNDP, 2020.

9 United Nations Development Programme (UNDP), Gender-based Violence and COVID-19, UNDP, 2020, p.3.

10 Suo Moto Order of the High Court of Jammu and Kashmir dated 16.04.2020.

परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषणजन्य कार्य विरूद्धको हक प्रदान गरेको छ । घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ४ ले घरेलु हिंसामा प्रहरी, महिला आयोग, जिल्ला अदालत वा स्थानीय तह जुनसुकैमा पनि उजुरी गर्न सकिने व्यवस्था गरेको भए तापनि बन्दाबन्दीको अवस्थामा घरबाट निस्केर उजुरी गर्न सक्ने अवस्था निकै असहज भएको छ वा प्रतिकूल परिस्थितिमा दर्ता गर्न सम्बन्धित निकायमा दुःख साथ पुग्दा उजुरी दर्ता गर्नसमेत कठिन परेको छ। राष्ट्रिय महिला आयोगले उजुरी गर्नको लागि हेल्प लाइन ११४५ टेलिफोन नम्बरको व्यवस्था गरेको छ तर देशभरको लागि त्यही एउटा हेल्प लाइन टेलिफोन नम्बर पर्याप्त हुने देखिँदैन । यस्तोमा महिलाको न्यायमा पहुँचको हकलगायत हिंसा विरूद्धको हक निजहरूको शोषण विरूद्धको हक र आत्मसम्मानका साथ बाँच्न पाउने तथा पीडितको न्याय र उपचारको हकमा नै पनि प्रश्नचिह्न लागेको छ । त्यस्तै घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ६ ले घरेलु हिंसाको पीडितलाई तत्काल संरक्षण आवश्यक पर्ने भएको हुँदा अन्तरिम संरक्षणात्मक आदेश जारी गर्नसक्ने व्यवस्था गरेको छ। अदालतले बन्दाबन्दीको कारण निकै सीमित सेवाहरू मात्र प्रदान गरिरहेको हुँदा केही समयको लागि पीडितहरूले अदालतबाट राहत माग्न सक्ने अवस्थासमेत पाएनन् तर प्रस्तुत निवेदनमा यस अदालतबाट मिति २०७७।०२।२७ मा जारी भएको अन्तरिम आदेशअनुसार हाल घरेलु हिंसाका उजुरीहरूउपर कारबाही-किनारा भइरहेको भए तापनि बन्दाबन्दी पूर्ण रूपमा नखुलिसकेको हुँदा घरेलु हिंसाका धेरै पीडितहरूलाई न्यायमा पहुँचको सुनिश्चिततासँगै कानूनी प्रावधानअनुसार तत्कालै अन्तरिम संरक्षण, मानाचामल, राहत प्रदान गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ भने सहयोग प्रणालीसँग समन्वय र पहुँचको सुनिश्चितता गराउनु पर्नेसमेत देखिन्छ । साथै जबरजस्ती करणी, Cyber Crime लगायत अन्य लैङ्गिक हिंसामा पनि आकस्मिक तथा तत्काल उद्धारका सेवाहरू र न्यायिक पहुँचको तत्काल प्रभावकारी उपलब्धता गराउन आवश्यक देखिन्छ ।

१५. CEDAW को General Recommendation No. 35 on Gender-based Violence Against Women, 2017 को प्रकरण १५ ले 'Women's right to a life free from gender-based violence is indivisible from and interdependent with other human rights' भनी महिलाको हिंसामुक्त रूपमा बाँच्न पाउने अधिकारबारे व्याख्या गर्दै प्रकरण २१ मा राज्यले यस्तो किसिमको हिंसा रोकथाम गर्नको लागि कुनै पनि ढिलाई नगरी तत्काल आफ्नो दायित्व निर्वाह गर्नु पर्दछ भनेको पाइन्छ; 'overarching obligation of States parties is to pursue by all appropriate means and without delay a policy of eliminating discrimination against women, including gender-based violence against women. This is an obligation of an immediate nature; delays cannot be justified on any ground….'

१६. त्यसैगरी महिलाको न्यायमा पहुँचको सम्बन्धमा CEDAW को General Recommendation No. 33 on Women's Access to Justice, 2015 ले पनि **'Justiciability requires the unhindered access by women to justice and their ability and empowerment to claim their rights as legal entitlements'** भनी CEDAW अन्तर्गत संरक्षित अन्य अधिकारको प्राप्तिका लागि महिलाको बिना कुनै बाधा अड्चन निरन्तर न्यायमा पहुँचको अधिकारको सुनिश्चितता हुनुपर्ने भनी व्याख्यासमेत गरेको पाइन्छ । लैङ्गिक हिंसाको बढ्दो घटनाको कारण सिर्जना भएको shadow pandemic को **सामना** गर्नको लागि Recommendation No. ३३ ले परिकल्पना गरेअनुसारको justiciability,

availability, accessability, good quality justice system, legal remedies र accountable justice system हुनुपर्दछ र यस्तो संरचना सबै महिलाको पहुँचयोग्य र महिलाहरूको फरक आवश्यकता सम्बोधन गर्न सक्ने हुनुपर्दछ ।

१७. हालको असामान्य अवस्थामा पनि हिंसा विरूद्धको अधिकार र उपचारको हक निलम्बित नरहेको अवस्थामा हिंसामा परेको महिलाको न्यायमा पहुँचको हकमा कुनै पनि हालतमा सम्झौता गर्न सकिँदैन । यो महामारीको असामान्य अवस्था कहिलेसम्म जान्छ भन्ने अनिश्चितताको अवस्था छ । संविधानले धारा १६, १८, २०, २१, २९, ३८ र ४६ मा सुनिश्चित गरेको मौलिक हकको रक्षा गर्नु पनि यस अदालतको कर्तव्य हो । साथै घरेलु हिंसा (रोकथाम तथा नियन्त्रण) ऐन, २०६६ को कार्यान्वयन गराउन पनि अदालत सक्रिय हुनुपर्दछ । यसर्थ, कोभिड-१९ को कारण बढिरहेको विशेष रूपमा घरेलु हिंसा र अन्य प्रकारका लैङ्गिक हिंसाहरूमा तत्काल र प्रभावकारी न्यायको सुनिश्चितता गरिनु पर्दछ भन्ने कुरामा यो इजलास पूर्ण रूपमा सहमत छ । बन्दाबन्दीकै अवस्थामा पनि महिलाहरूको न्यायमा पहुँचको सुनिश्चितता गर्नका लागि साथै Shelter, मानसिक उपचार, औषधी उपचार, कानूनी सहयोगलगायत सहयोग प्रणालीको पहुँचको सुनिश्चितता गरी आकस्मिक तथा तत्काल उद्धार गर्न राज्य र राज्यका सबै न्यायिक निकायहरू तत्पर रहनु पर्दछ ।

१८. महामारीको अवस्थामा राज्यले महिलाहरूप्रति सामान्य अवस्थामा भन्दा अझ बढी संवेदनशीलता देखाउनु पर्ने हुन्छ । नेपालको संविधानको धारा २७३ को उपधारा (१०) ले सङ्कटकालीन अवस्थामा पनि धारा ३८ अनुसारको महिलाको हक निलम्बन गर्न नमिल्ने (non-derogable) मौलिक हकको सूचीमा राखेको छ । त्यसैगरी International Covenant on Civil and Political Rights, १९६६ ले पनि धारा ४ मा न्यायमा लैङ्गिक समानताको हकलाई non-derogable right को रूपमा नै राखेको देखिन्छ तसर्थ महिला भएकै कारणले भोग्नु पर्ने हिंसा महिला विरूद्ध भेदभाव र असमानतासँग जोडिएको विषय पनि भएको हुँदा संविधान र कानूनद्वारा प्रदत्त अधिकारमा महामारीजस्तो विपत्को अवस्थामा पनि न्यायको पहुँचमा बन्देज लाग्ने कार्य कुनै पनि निकायबाट हुनु हुँदैन ।

१९. घरेलु हिंसाबाट पीडित महिलाहरूको लागि आफूमाथि हिंसा गर्ने आफ्नो पति वा घरको कुनै सदस्यबारे उजुरी गर्नु निकै कठिन कार्य हो । त्यसमा पनि बन्दाबन्दीको अवस्थामा उजुरी गर्ने माध्यम र निकायमा नै पहुँच हुन नसक्ने भएको हुँदा अवस्था झन् जटिल भएको छ । तसर्थ महिलाहरूको लागि उजुरीको प्रक्रिया सहज बनाउनु निकै महत्त्वपूर्ण छ । लैङ्गिक हिंसा र त्यसमा पनि घरेलु हिंसामा भइरहेको वृद्धिलाई न्यूनीकरण गरी यसको रोकथाम तथा पीडितको न्यायमा पहुँचको सुनिश्चितता गर्न भर्चुअल माध्यमबाट नै घरेलु हिंसालगायतका लैङ्गिक हिंसाका घटनाको उजुरी तथा मुद्दाको सुनुवाइ हुने व्यवस्था अहिलेको परिस्थितिमा अत्यावश्यक देखिन्छ । विभिन्न देशहरूले आजको असामान्य स्थितिमा न्यायको सुनिश्चितताको निम्ति यो पद्धति अपनाइसकेका छन् । नेपालमा पनि सहज रूपमा online case reporting गर्न सकिने व्यवस्था मिलाई तथा online hearing लाई अभ्यासमा ल्याई लैङ्गिक हिंसाबाट महिलाको सुरक्षा र न्यायमा पहुँचको सुनिश्चितता गर्नुपर्ने देखिन्छ ।

२०. बन्दाबन्दीको कारणले प्रहरी, अदालत, महिला आयोग, स्थानीय निकायलगायत राज्यका विभिन्न सेवाप्रदायक संस्थाहरू पूर्ण रूपमा सञ्चालन हुन नसकेको हुँदा पीडितहरूको न्यायमा पहुँचको हक प्रभावित भएको छ । प्रहरी, अदालत, स्थानीय निकाय तथा अदालतबाट प्रदान गरिएका सेवाहरू केही समयको लागि स्थगन गरिएको हुँदा घरेलु हिंसाका मुद्दाको दर्ता तथा सुनुवाइमा बाधा पुग्न गएको भए तापनि केही सेवाहरू हाल सुचारू भइसकेका छन् । तर पनि पूर्ण रूपमा प्रभावकारी सेवा

उपलब्ध हुन नसकेको हुँदा घरेलु हिंसाका उजुरीहरू दर्ता, मुद्दा कारबाही किनारा, पीडितहरूलाई तत्काल अन्तरिम राहत र अन्तरिम संरक्षणको सुनिश्चितता तथा विशेष कोष स्थापना गरी समन्वय प्रणाली खडा गरी सहयोग प्रणालीसँग समन्वयमा पहुँचलगायतका काम कारबाहीका निमित्त Online Case Registration/ Hearing लगायत उपर्युक्त उपायहरू अवलम्बन गरी अविच्छिन्न रूपमा तत्कालै सेवाहरू सुचारू गर्नु, गराउनु भनी नेपाल सरकारको नाउँमा परमादेश जारी गरिदिएको छ।

२१. महिलाउपर हुने हिंसाको सन्दर्भमा राष्ट्रिय महिला आयोगमा ११४५ नं. को एक मात्र हेल्पलाइन टेलिफोन रहेको तर महामारीलाई नियन्त्रण गरी जनताको जीवन र स्वास्थ्यको सुरक्षाको लागि राज्य संयन्त्रको प्रभावकारिता बढाउनु पर्ने कुरा निर्विवाद छ । कोभिड-१९ को महामारीले सिर्जना गरेको असामान्य अवस्थामा पीडितको तत्काल सुरक्षा र आवश्यक निगरानीको लागि डिजिटल माध्यमको प्रयोग गर्नुपर्ने समकालीन आवश्यकता देखिएको छ र आवश्यकता पनि हो। छिमेकी राष्ट्र भारतको राष्ट्रिय महिला आयोगले महामारीको कारण लकडाउनको अवस्थामा घरेलु हिंसा भएको जानकारी व्हाट्स एप नम्बरबाट दिन सकिने, त्यस्तै स्पेनमा "Mask-19" भन्ने कोडको प्रयोग गरी घरेलु हिंसा भइरहेको सूचना फार्मेसीबाट दिन सकिने पद्धति अपनाएका उदाहरणहरू भेटिन्छन् । तसर्थ लैङ्गिक हिंसा तथा कोभिड-१९ बाट प्रभावित महिला तथा बालबालिकाको आकस्मिक र तत्काल उद्धार (Immediate Rescue and Relief) का लागि देशका ७५३ वटा स्थानीय सरकारमा हेल्पलाइन टेलिफोन वा Facebook को व्यवस्था गर्न साथै हेल्पलाइन रहेको जानकारी सबैमाझ पुऱ्याउन तथा अन्य आवश्यक पर्ने उपयुक्त विशेष उपायहरू अवलम्बन गर्नुपर्ने देखिँदा आवश्यक व्यवस्था मिलाउनसमेत नेपाल सरकारको नाउँमा यो आदेश जारी गरिदिएको छ।

२२. **प्रश्न नं. ३** अर्थात् महिला, बालबालिका, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक जस्ता High Risk Group मा पर्नेहरूका लागि विशेष प्राथमिकताका साथ स्वदेश भित्र्याउन परमादेश जारी गर्नुपर्छ भन्ने निवेदन दाबी रहेकोमा यसै सम्बन्धमा घर फर्किरहेका व्यक्तिहरूलाई सुरक्षापूर्वक घर पुऱ्याउने क्रममा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा शारीरिक रूपमा अस्वस्थ व्यक्तिहरूलाई प्राथमिकतामा राख्नु भनी रिट नं. ०७६-WO-०९३८ मा सर्वोच्च अदालतबाट आदेश भइसकेको र विदेशबाट नेपाल आउन चाहने तथा विदेशमा अप्ठ्यारोमा परेको नेपालीको लागि स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी आदेश, २०७७ जारी भई सोही आदेशबमोजिम प्राथमिकताकै आधारमा स्वदेश आउने क्रम जारी रहेको भन्ने लिखित जवाफबाट देखिन्छ। सो प्राथमिकतालाई निरन्तरता दिइने छ भन्ने कुरामा यस अदालत विश्वास गर्दछ। साथै प्राथमिकता क्रममा उद्धार गरिएका वा स्वदेश फर्काइएका महिला, बालबालिका र ज्येष्ठ नागरिकको संख्या लैङ्गिक पृथकीकरण तथ्याङ्क (Gender Disaggregated Data) अभिलेखीकरण गरी सार्वजनिकीकरण गर्न नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

२३. त्यसैगरी महिला, बालबालिका, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक जस्ता High Risk Group मा पर्नेहरूका लागि विशेष प्राथमिकताका साथ सुरक्षित क्वारेन्टिन, आइसोलेसन(Isolation)को व्यवस्था गर्न परमादेश जारी गर्नुपर्छ भन्ने निवेदन दाबी रहेकोमा विद्यमान कानूनी व्यवस्थाहरूले नै उच्च जोखिममा परेका समूहहरूलाई विशेष संरक्षणको व्यवस्था भएकोले परमादेश जारी हुनुपर्ने होइन भन्ने लिखित जवाफ रहेको देखिन्छ । कोभिड-१९ बाट हुने सम्भावित सङ्क्रमणबाट बच्न र बचाउन सङ्क्रमित ईलाका वा सङ्क्रमितको सम्पर्कमा रहेका वा आवास वा होटेलमा रहेका सम्भावित जोखिम भएका व्यक्तिलाई बाह्य सम्पर्कबाट टाढा राखी तोकिएको क्वारेन्टाइन

सेन्टरमा राख्ने गरिएको छ । क्वारेन्टाइन सेन्टरमा रहेका व्यक्तिलाई आर्थिक, सामाजिक र मनोसामाजिक सहायताको साथै पर्याप्त र स्वस्थ खाना र पानी जस्ता आधारभूत आवश्यकताहरू प्रदान गरिनुपर्दछ । साथै महामारीको अवस्थामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकलाई विशेष सुरक्षा चाहिने हुँदा यी वर्गको आवश्यकतालाई प्राथमिकतामा राख्नु पनि उत्तिकै आवश्यक छ । कोरोना भाइरससम्बन्धी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६ को दफा ३ (१) (छ) मा **"गर्भवती महिला, दश वर्षसम्मका बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिका लागि प्राथमिकता दिई अलग्गै क्वारेन्टाइनको व्यवस्था गर्ने"** भनी उल्लेख गरिएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत कोरोना भाइरस महामारीको अवधिमा आश्रयस्थल सञ्चालनसम्बन्धी मापदण्ड, २०७७ को दफा ५(३) मा **'क्वारेन्टिन कक्ष अपाङ्गता, ज्येष्ठ नागरिक, महिला तथा बालबालिकामैत्री हुनुपर्छ' भनी व्यवस्था गरिएको छ । विश्व स्वास्थ्य सङ्गठनले जारी गरेको कोभिड-१९ सम्बन्धी मापदण्डमा** 'The needs of vulnerable populations should be prioritized.'[11] भनी उल्लेख गरिएको छ । यद्यपि राष्ट्रिय मानव अधिकार आयोगले गरेको बन्दाबन्दीको अवधिमा मानव अधिकारको अवस्थाको प्रारम्भिक अनुगमनको प्रतिवेदनमा **"क्वारेन्टिनहरू महिला, बालबालिका, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई विशेष ध्यान दिनुपर्नेलगायतका व्यवस्था हुनुपर्नेमा महिला, बालबालिका तथा अपाङ्गमैत्री भएको पाइएन"** भनिएको पाइन्छ । क्वारेन्टिनमा स्वस्थ खाना र पानी जस्ता आधारभूत आवश्यकताविहीन मानिसहरू बसिरहेका, महिलाहरू बलात्कृत भइरहेका, महिला सुरक्षाकर्मीको उपस्थिति नभएको तथा छुट्टै शौच र आश्रयकक्षसमेतको व्यवस्थाको अभाव रहेको परिप्रेक्ष्यमा, नेपालमा लैङ्गिक मैत्रीपूर्ण, स्तरीय र सुरक्षित क्वारेन्टिनको अत्यावश्यकता रहेको देखिन्छ। आजको तितो यथार्थको रूपमा रहेको कोभिड-१९ को महामारीको पूर्ण नियन्त्रणको आँकलन अहिले नै गर्न सकिने अवस्था पनि छैन। तसर्थ क्वारेन्टाइन सेन्टरमा बसेका व्यक्तिहरूका लागि स्वस्थ खाना, शुद्ध पिउने पानी, सामाजिक दुरी कायम हुने गरी खाने, सुत्ने र शौचको प्रबन्ध मिलाउनु तथा महिला, बालबालिका, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई विशेष प्राथमिकता दिई सुरक्षित, स्तरीय र सुव्यवस्थित क्वारेन्टाइन तथा आइसोलेसनको लागि उपयुक्त व्यवस्था गर्नु गराउनु भनी नेपाल सरकारको नाउँमा परमादेश जारी गरिदिएको छ।

२४. **प्रश्न नं. ४** अर्थात् सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी अधिकार अनवरत रूपमा सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरूले गर्भवती र सुत्केरी महिला, शिशुहरूलाई प्राथमिकतामा राखी सेवा दिन, दिलाउन तथा क्वारेन्टिनमा बसेका महिलाहरूका लागि राहत प्याकेजमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सामग्री प्रदान गर्न आदेश जारी गर्नुपर्ने भन्ने निवेदन दाबी रहेकोमा विद्यमान कानूनी व्यवस्थाले यी विषय सम्बोधन गरेकै हुँदा आदेश जारी हुनुपर्ने होइन भन्ने लिखित जवाफ रहेको पाइन्छ।

२५. अब निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने हो वा होइन भन्नेतर्फ विचार गर्दा, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १२ ले व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्य उच्चतम प्राप्त स्तरको उपभोग गर्ने अधिकारको साथै यस अधिकारको पूर्ण प्राप्तिका लागि प्रकोप, महामारी, पेसागत र अन्य रोगहरूको रोकथाम, उपचार र नियन्त्रण तथा बिरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा र हेरचाह निश्चित गर्ने अवस्थाहरूको सिर्जना गर्नुपर्ने व्यवस्था

11 World Health Organization, Considerations for quarantine of individuals in the context of containment for coronavirus disease (COVID-19), Interim Guidance, 19 March 2020.

भएको पाइन्छ । त्यसैगरी महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९७९ को धारा १२ ले विशेषतः परिवार नियोजनसँग सम्बन्धित सेवाहरूलगायत स्वास्थ्य सेवाहरूमा पहुँचको सुनिश्चितता गर्न स्वास्थ्य सेवाको क्षेत्रमा महिला विरूद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नुका साथै महिलालाई गर्भवती, प्रसूति र प्रसूति पश्चात्‌को अवधिमा उपयुक्त सेवाहरू र आवश्यक भएका बखत निःशुल्क सेवा उपलब्ध गर्नुपर्ने कुरालाई राज्यको दायित्वको रूपमा अङ्गीकार गरेको छ । WHO ले कोभिड-१९ को अवस्थामा मातृ र नवजात शिशुहरूको देखभालसहित आवश्यक स्वास्थ्य सेवाहरूको प्रावधानको बारे मार्गदर्शन प्रकाशित गरेको छ। सो मार्गदर्शनमा 'women's choices and rights to sexual and reproductive health care, however, should be respected regardless of COVID-19 status'[12] अर्थात् कोभिड-१९ जस्तो महामारीको अवस्थामा पनि महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाको अधिकारलाई सम्मान गर्नुपर्ने हुन्छ भनिएको पाइन्छ।

२६. यसमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार मानव अधिकार मात्र नभई नेपालको संविधानको धारा ३८(२) ले मौलिक अधिकारको रूपमा मान्यता दिएको छ । प्रजनन स्वास्थ्यको अधिकारभित्र यौन तथा प्रजनन चक्रलाई प्रभाव पार्ने सबै किसिमका हिंसा विरूद्धको अधिकारलगायतका विषयहरू पर्दछन् । यसका साथै गर्भवती अवस्थामा कम्तीमा चार पटक भ्रूणको जाँच, कानूनी मापदण्डअनुसारको गर्भपतन सेवा, वैज्ञानिक प्रसूति सेवा, सङ्क्रमित आमाबाट गर्भमा रहेको शिशुमा एच.आई.भी सर्न रोक्ने विधि सेवा, मातृशिशु खोप एवं उपचार सेवा, सुत्केरीपछिको स्याहार र उपचार जस्ता सेवाहरूलाई प्रजनन स्वास्थ्यले समेटेको हुन्छ।

२७. नेपालको संविधानको धारा ३५ ले "आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने छ र कसैलाई आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन र स्वास्थ्य सेवामा समान पहुँचको हक हुने छ" भनी प्रत्याभूत गरिएको पाइन्छ । नेपालको संविधानद्वारा प्रदत्त महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्ति गर्नुका साथै सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउनका लागि सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ समेत जारी भएको पाइन्छ । यस ऐनको परिच्छेद ८ मा कसैलाई कुनै रोग वा जिवाणुबाट सङ्क्रमित भएको वा जोखिममा रहेको अवस्थाको आधारमा विभेद गर्न रोक लगाइएको छ। यसका साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट "**कोरोना भाइरस रोग (कोभिड -१९) विश्व महामारीको समयमा प्रजनन, मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवाको लागि**" अन्तरिम मार्गनिर्देशन पनि जारी भइसकेको छ।

२८. उपर्युक्त संवैधानिक तथा कानूनी व्यवस्थाहरू हुँदाहुँदै पनि महामारीको समयमा महिलाहरूको विशेष स्वास्थ्य अवस्था तथा त्यसको उचित सम्बोधन हुन नसकेको कारणले प्रजनन स्वास्थ्य तथा अन्य स्वास्थ्यमा गम्भीर आघात पुग्न गएको पाइन्छ । महामारी र बन्दाबन्दीको कारणले स्वास्थ्य केन्द्र वा अस्पतालमा नगई वा जान नसकेको कारणले घरमा नै बच्चा जन्माउने परिस्थिति सिर्जना भएको छ । जसको कारणले गर्भवती महिलाहरूको स्वास्थ्य जोखिममा मात्रै नपरी मातृ मृत्युदरमा पनि उच्चतम वृद्धि भएको छ। कोरोना भाइरस सङ्क्रमणका कारण नेपालमा पहिलो मृत्यु पनि एक सुत्केरी महिलाको भएको पाइन्छ । चैत्रदेखि श्रावणसम्मको अवधिभर अस्पतालमा ६२ जनाको र अस्पतालबाहेक अन्य स्थानमा २५ जनाको मातृ तथा भ्रूण मृत्यु (Maternal and Perinatal Death) भएको भन्ने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गतको परिवार कल्याण विभागको तथ्याङ्कबाट देखिन्छ । केही महिलाहरूलाई हेलिकप्टरको माध्यमबाट उद्धार

12

गरी उपचार गर्न ल्याइए तापनि सबै महिलाको पहुँच उपरोक्त सेवामा हुन सकेको देखिँदैन।

२९. अतः नेपालको संविधानले सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी मौलिक हकको कार्यान्वयनार्थ सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी ऐन, २०७५ जारी भई प्रारम्भमा आइसकेको सन्दर्भमा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सुनिश्चित गर्नु, Quarantine / Isolation मा बसेका गर्भवती महिला, सुत्केरी महिला, नवजात शिशुहरूको संरक्षण, हेरचाह, औषधी तथा पौष्टिक आहारको व्यवस्था मिलाउनु, गर्भवती महिलाको समयसमयमा गरिनुपर्ने स्वास्थ्य परीक्षण र उनीहरू तथा शिशु बालबालिकाहरूले लिनुपर्ने खोप, तथा सुइहरू प्राप्त गर्ने कुरालाई असहज हुन नदिनु, कोभिड-१९ को समयमा राहत वितरण गर्दा महिला संवेदनशील भई यौन तथा प्रजनन स्वास्थ्य सेवाहरूमा पहुँच पुर्‍याई स्वास्थ्य सेवाको आवश्यक प्याकेज (essential package) मा प्रजनन स्वास्थ्य सामाग्रीहरू समावेश गर्नु भन्ने परमादेश जारी गरिएको छ। साथै संविधानले नै प्रजनन स्वास्थ्यको हकलाई मौलिक हकको रूपमा कायम गरी सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी ऐन, २०७५ समेत प्रारम्भमा आइसकेको तर नियमावली नबनेको कारण संवैधानिक र कानूनी अधिकारसमेत धरापमा पर्न जाने हुँदा सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी ऐन, २०७५ सँग सम्बन्धित नियमावलीसमेत यथाशीघ्र बनाउनु भनी नेपाल सरकारको नाउँमा परमादेश जारी गरिन्छ।

३०. अब **प्रश्न नं. ५** अर्थात् कोभिड-१९ को कारण मनोवैज्ञानिक असर परेकाहरूलाई मनोसामाजिक परामर्शको व्यवस्था गर्न आदेश जारी हुनुपर्छ भन्ने निवेदन दाबी रहेकोमा मनोसामाजिक परामर्शका कार्यक्रम नेपाल सरकारले लागु गरिरहेको हुँदा थप आदेश जारी हुनुपर्ने होइन भन्ने लिखित जवाफका सम्बन्धमा विचार गर्दा, कोभिड-१९ को महामारी आज पनि तीव्र गतिमा फैलिरहेको र विभिन्न स्वरूपमा मानिसहरूलाई विभिन्न तरिकाले प्रभाव पारिरहेको सन्दर्भमा मानिसहरूको मानसिक स्वास्थ्यलाई समेत ध्यान दिनुपर्ने आजको आवश्यकता भएको छ। स्वस्थ हुनुको अर्थ शारीरिक रूपमा मात्र नभई मानसिक रूपमा पनि स्वस्थ हुनु हो। विश्व स्वास्थ्य सङ्गठनले 'Health is a state of complete physical, mental, and social well-being and not merely the absence of disease or infirmity' भनी दुवै शारीरिक र मानसिक रूपले स्वस्थ भए मात्र व्यक्ति पूर्ण रूपले स्वस्थ हुने परिभाषा गरेको छ। त्यस्तै WHO ले **'आफ्नो क्षमताहरूलाई चिन्न सक्नु, जीवनको सामान्य तनावसँग सामना गर्न सक्षम हुनु, फलदायी काम गर्न, र आफ्नो समुदायमा केही योगदान दिनसक्नु नै मानसिक रूपले स्वस्थ हुनु हो**' भनी व्याख्या गरेको छ। नेपालको संविधानको धारा ३५ ले स्वास्थ्यसम्बन्धी हकको सुनिश्चितता गरेको छ भने जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ को देहाय (ख) ले पुनर्स्थापनात्मक सेवालाई आधारभूत स्वास्थ्य सेवाको परिभाषामा सम्मिलित गरेको छ।

३१. कोभिड-१९ महामारीले मानिसहरूमा डर, चिन्ता, उदासीनता र तनाव जस्ता मानसिक समस्याहरू उत्पन्न गरिरहेको छ। Inter-Agency Standing Committee on Mental Health Support को Interim Briefing Note Addressing Mental Health and Psychosocial Aspects of COVID-19 Outbreak[13] मा कुनै पनि महामारीले व्यक्तिहरूमा देखा पार्ने सामान्य प्रभावहरू (common responses) मा सङ्क्रमित हुन सक्ने सम्भावनाले डर र त्रास उब्जने, आफ्नो परिवार तथा बालबच्चालाई सङ्क्रमण हुने चिन्ताले गर्दा मानिसहरूमा मानसिक तनाव सिर्जना हुने, सामाजिक बहिष्करणमा पर्ने डर,

13 IASC's Reference Group on Mental Health and Psychosocial Support, Interim Briefing Note Addressing Mental Health and Psychosocial Aspects of COVID-19 Outbreak, 17 March 2020. Available at: https://interagencystandingcommittee.org/iasc-reference-group-mental-health-and-psychosocial-support-emergency-settings/interim-briefing

रोजगारी गुमाउने डरलगायतका मानसिक समस्याहरू उत्पन्न हुने तथा अग्रपङ्क्तिका रूपमा काम गर्ने स्वास्थ्यकर्मीहरूसमेत उपर द्वेष, घृणापूर्ण व्यवहार भई अधिक तनाव हुने भनीसमेत उल्लेख गरिएको छ। नेपालमा पनि सामाजिक दुरी, पृथकीकरण, भाइरसको बारेमा निरन्तर विकसित हुने र परिवर्तन भइरहने जानकारी, मृत्युको जानकारी, भाइरससँग जोडिएको व्यक्ति, परिवार, चिकित्सकलाई गरिएको लाञ्छनापूर्ण व्यवहार (Stigmatization) तथा महामारीका कारण पेसा रोजगार गुमाएका कारण कतिपय मानिसहरूमा अत्यधिक तनाव तथा डिप्रेसन भएको अवस्था छ।

३२. नेपाल प्रहरी अपराध अनुसन्धान विभागका अनुसार बन्दाबन्दीको अघिल्लो महिनाभन्दा बन्दाबन्दीको पछिल्लो एक महिना अवधिभित्र आत्महत्या गर्ने महिलाहरूको संख्या ६%, पुरुषहरूको संख्या १९%, बालिकाहरूको संख्या ४१% तथा बालकहरूको संख्या ४६% ले वृद्धि भएको[14] र २०७६ चैत्र ११ देखि २०७७ श्रावण १० को महामारीको अवधिभर ३४११ ले आत्महत्या गरेको देखिन्छ।

३३. यस महामारीले मानिसहरूमा निम्त्याएको मनोवैज्ञानिक असरहरूको उपचार तथा न्यूनीकरणका लागि आधिकारिक निकायबाट, आवश्यक सूचना मात्र दिने, सामाजिक दुरी कायम गर्नुपरे तापनि फोनलगायत अन्य डिजिटल माध्यमबाट आफन्तजन, इष्टमित्र तथा परिवारसँग नजिक रहने, कोरोना सङ्क्रमित व्यक्तिलाई लाञ्छना (Stigmatization) नगरी साथ र सहयोग प्रदान गर्ने तथा समाज र समुदायमा कोभिड-१९ विरूद्ध ऐक्यबद्धता जनाउने प्रवृत्तिको विकास हुनुपर्ने देखिन्छ । साथै मनोपरामर्शजस्तो पुनर्स्थापकीय स्वास्थ्य सेवाको सुनिश्चितताले कोभिड-१९ का कारण सिर्जित मनोसामाजिक असर र यसबाट पर्ने थप प्रभाव न्यूनीकरण तथा समाधानमा थप मद्दत पुऱ्याउने हुँदा विश्व स्वास्थ्य मापदण्डअनुरूप हरेक क्वारेन्टाइन स्थल, स्वास्थ्य सेवा केन्द्र तथा स्थानीय तहमा मनोसामाजिक परामर्श सेवा प्रवाहको लागि उचित प्रबन्ध गर्नु भनी नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

३४. **प्रश्न नं. ६** अर्थात् कोभिड-१९ महामारीको आर्थिक-सामाजिक प्रभाव स्वरूप रोजगारी गुमाउने महिलाहरूको रोजगारीको सुनिश्चितता गर्न आदेश जारी गर्नुपर्छ भन्ने निवेदन दाबी रहेकोमा रोजगारी गुमाउनेमा महिला मात्र नभई पुरूषहरूसमेत भएको सन्दर्भमा आदेश जारी गर्नुपर्ने होइन भन्ने लिखित जवाफको सम्बन्धमा विचार गर्दा, कोभिड-१९ को सिधा असर विश्व अर्थतन्त्र, जीवन तथा रोजगारीमा पनि परेको छ । यस महामारीबाट आइपरेको आर्थिक सङ्कटले समाजमा र महिलालगायतका सीमान्तकृत वर्गलाई विशेषतः बढी असर गरेको छ । (This pandemic have had a disproportionate negative impact on marginalized groups.) सेवा उद्योग तथा शैक्षिक संस्थामा बढी महिलाहरू कार्यरत भएका अवस्थामा हाल शैक्षिक सत्रहरूसमेत ठप्प भएको अवस्था छ। साथै हेरचाह गर्ने सेवा व्यवसाय (Care service)मा प्राय: जसो महिला रहेका कारण पनि रोजगारी गुमाउने जोखिममा महिलाहरू अत्यधिक रहेका छन् । यसरी कोभिड-१९ को महामारीबाट आइपरेको आर्थिक सङ्कटबाट रोजगारी गुमाउने तथा सेवाबाट कटौती हुने जोखिमताको अत्यधिक प्रभाव महिलाहरूलाई पर्ने देखिन्छ । पुरूषहरूको रोजगारी गुम्दा पनि घर व्यवहारको व्यवस्थापनमा महिलामा थप तनावको स्थिति सिर्जना भएको छ।

३५. आर्थिक सङ्कटको परिणाम स्वरूपको सामाजिक र आर्थिक असमानताले महिला विरूद्ध हुने हिंसा बढी रहेको र थप बढ्ने सम्भावना पनि उत्तिकै प्रबल हुन्छ । हिंसात्मक वातावरणमा रहिरहेका महिलाहरूले आम्दानी गुमाउँदा सो हिंसाबाट उम्कन र हिंसासँग लड्नसमेत अझ कठिन

14 Crime Investigation Department, Nepal, Women, Children and Senior Citizen Service Directorate. Available at https://cid.nepalpolice.gov.np/index.php/cid-wings/women-children-service-directorate Accessed on 20th August, 2020

हुने हुन्छ । CEDAW को धारा १ ले “The term “discrimination against women” shall mean any distinction, exclusion or restriction made on the basis of sex which has the effect or purpose of impairing or nullifying the recognition, enjoyment or exercise by women, irrespective of their marital status, on a basis of equality of men and women, of human rights and fundamental freedoms in the political, economic, social, cultural, civil or any other field” भनी कुनै पनि आधारमा वा क्षेत्रमा महिलालाई विभेद गर्न नहुने, धारा 11(1)(a) मा “The right to work as an inalienable right of all human beings” भनी उल्लेख गरिएको र धारा 11(2)(a) मा “In order to prevent discrimination against women on the grounds of marriage or maternity and to ensure their effective right to work, States Parties shall take appropriate measures: (a) To prohibit, subject to the imposition of sanctions, dismissal on the grounds of pregnancy or of maternity leave and discrimination in dismissals on the basis of marital status” भनी व्यवस्था गरिएको छ । नेपालको संविधानको धारा १८ मा विभेद विरूद्धको हक, धारा ३३(१) मा “**प्रत्येक नागरिकलाई रोजगारीको हक हुने छ**” र धारा ३८ (५) मा “**महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने छ**” भनी व्यवस्था गरिएको छ। त्यस्तै श्रम ऐन, २०७४ को दफा ६(१) मा “**रोजगारदाताले श्रमिकलाई धर्म, वर्ण, लिङ्ग, जात जाति, उत्पत्ति, भाषा, वैचारिक आस्था वा अन्य त्यस्तै आधारमध्ये कुनै कुराको आधारमा भेदभाव गर्न पाइने छैन**” साथै दफा ६ (२) मा “**काम वा सेवाको अन्तर्निहित आवश्यकताको आधारमा कुनै व्यक्तिलाई रोजगारीमा प्राथमिकता दिने, गर्भवती श्रमिकलाई पारिश्रमिक र सुविधामा कटौती नगरी निजको शारीरिक अवस्थाअनुसार सहज र उपयुक्त काम वा सेवामा लगाउने कार्यलाई भेदभाव गरेको मानिने छैन**” भनी व्यवस्था गरिएको छ । यसै सन्दर्भमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलगायत अन्य मन्त्रालयसमेतलाई कोभिड-१९ को महामारीका कारण रोजगार गुमाएका सङ्कटापन्न समुदायका महिला तथा तिनका परिवारलाई कार्यक्रममा प्राथमिकतासाथ सम्बोधन गर्न भनी पत्राचारसम्म गरिएको लिखित जवाफबाट देखिए तापनि त्यसको निम्ति सम्बन्धित मन्त्रालय तथा निकायले कुनै ठोस योजना, कार्यक्रमसहित कदम चालेको भने देखिँदैन । यस परिप्रेक्ष्यमा महामारीको अवस्थामा महिलाहरूको लागि रोजगारी सुनिश्चितताको विशेष उपाय अवलम्बन गर्दै स्वदेशमा रोजगारी गुमाएका वा विदेशमा रोजगारी गुमाई आएका महिलाहरूलाई विशेष सुरक्षा प्रदान गर्नका लागि आवश्यक आय आर्जनको वैकल्पिक उपायको पहल गर्न नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ।

३६. **प्रश्न नं. ७** अर्थात् अग्रपंक्तिमा रही स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरू र सुरक्षाकर्मीहरूको विशेष स्वास्थ्य सुरक्षाको व्यवस्था गर्न आदेश जारी गर्नुपर्ने वा नपर्ने सम्बन्धमा विचार गर्दा, अग्रपंक्तिमा रही कार्य गर्ने स्वास्थ्यकर्मीहरूको सुरक्षाको उचित प्रबन्ध नेपाल सरकारद्वारा भई नै रहेको तथा उपचारका लागि अस्पतालहरू सुचारू रहेको हुँदा यस सम्बन्धमा आदेश हुनुपर्ने होइन भन्ने लिखित जवाफ जिकिर रहेको पाइन्छ।

३७. विश्वव्यापी रूपमा कोरोना भाइरस महामारीबाट सङ्क्रमित भई वा सङ्क्रमितको अवस्था नखुलेको तर स्वास्थ्य उपचारको सेवा लिन अस्पतालहरूमा भर्ना भएका व्यक्तिहरूको संख्या बढ्दो क्रममा रहेको छ । यस्तो अवस्थामा अग्रिम पङ्क्तिमा रहने स्वास्थ्य सेवा कर्मचारीहरू विशेषत: सरकारी

र निजी अस्पताल तथा क्वारेन्टाइनमा स्वास्थ्य सेवा उपलब्ध गराउने चिकित्सक, नर्स, कोभिड-१९ परीक्षण गर्ने चिकित्सकहरू, स्वास्थ्य सेवामा खटिएका कर्मचारीहरू, सफाइकर्मीहरू, अत्यावश्यक सेवामा खटिएका व्यक्तिहरू तथा प्रहरीहरू सङ्क्रमणको उच्च जोखिममा रहेका छन् । विश्व स्वास्थ्य सङ्गठनले २०१९ मा गरेको 'Gender Equity in the health work force: Analysis of 104 countries' को अध्ययनअनुसार विश्वव्यापी स्वास्थ्यकर्मीहरूमध्ये ७० प्रतिशत महिला स्वास्थ्यकर्मीहरू रहेका छन् । लैङ्गिक लघुताभास (Gender Stereotype) का कारण नर्सिङ पेसामा पुरूषभन्दा पनि महिलाहरूकै बाहुल्यता भएको अवस्थामा महामारी सङ्क्रमणको जोखिममा स्वास्थ्य सेवाको अग्रपंक्तिमा बढी संख्या महिलाको रहेको देखिन्छ।

३८. हाल कोभिड-१९ को महामारीमा जति पनि अग्रिम पंक्तिमा रहने चिकित्सक, स्वास्थ्यकर्मीहरूले आफ्नो तथा आफ्नो परिवारको जीवनसमेत जोखिममा राखी सेवा प्रवाह गरिरहेका छन् सो कार्य सराहनीय छ । यद्यपि स्वास्थ्यकर्मी र तिनका परिवारको स्वास्थ्य उत्तिकै महत्त्वपूर्ण छ । बिरामीहरूलाई सुरक्षित र स्वस्थ राख्नका लागिसमेत स्वास्थ्यकर्मीहरूको सुरक्षालाई उच्च प्राथमिकतामा राख्नु आवश्यक छ । नेपालमा पहिलो पटक वैशाख ३० गते कपिलवस्तुस्थित एक अस्पतालमा कार्यरत नर्समा कोरोना सङ्क्रमण देखिएको थियो र हाल आएर चिकित्सक, स्वास्थ्यकर्मीहरू, सुरक्षाकर्मीहरूलगायतका अग्रिमपंक्तिमा कार्यरत व्यक्तिहरू सङ्क्रमित हुने क्रम अत्यधिक नै रहेको देखिन्छ।

३९. विश्व स्वास्थ्य सङ्गठनले सदस्य राष्ट्रहरूलाई सबै फ्रन्ट-लाइन स्वास्थ्य र सामाजिक कर्मीहरू र स्याहारबाहकहरूलाई प्रशिक्षण, पिपिई र अन्य आवश्यक उत्पादनहरूको उचित पहुँचको सुनिश्चितता गर्नमा जोड दिए तापनि स्वास्थ्यकर्मीहरू र सुरक्षाकर्मीहरूको बढ्दो सङ्क्रमित संख्यालाई हेर्दा सो मापदण्ड तथा नेपाल सरकार स्वयंले पारित गरेको मापदण्डहरूबमोजिम अग्रिम पंक्तिमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मीहरूको उचित सुरक्षाको पर्याप्त र प्रभावकारी अवलम्बन गरिएको देखिँदैन । सुरक्षित व्यवस्थाको अभावमा स्वास्थ्य सेवा प्रवाहमा रोकावट आइपर्ने र कैयौं बिरामीहरूमा सेवाप्रदायकबाटै सङ्क्रमण हुने वा सेवाको पहुँचमा अवरोध भई स्वास्थ्य जटिलता भई मृत्युवरणको परिणाम भोग्नुपर्ने जस्ता भयावह स्थितिको सिर्जना हुन सक्छ।

४०. अग्रस्थानमा रही सेवा प्रदान गरिरहेका यी स्वास्थ्यकर्मीको उत्प्रेरणा र सुरक्षालाई उच्च प्राथमिकतामा राखी उच्च मनोबलमा कायम गर्ने वातावरणको सुनिश्चितता आजको आवश्यकता रहेको देखिन्छ । तसर्थ विश्व स्वास्थ्य सङ्गठनले निर्धारण गरेको मापदण्डअनुसार प्रत्यक्ष र अग्रिम पंक्तिमा रहेर स्वास्थ्य सेवा उपलब्ध गराउने चिकित्सक, नर्स, स्वास्थ्य सेवामा खटिएका कर्मचारीहरू, सफाइकर्मीहरू तथा अत्यावश्यक सेवामा खटिएका व्यक्तिहरूलाई आवश्यक पर्ने Personal Protective Equipment (PPE) तथा अन्य आवश्यक उपकरणलगायतका सम्पूर्ण सामग्रीहरू उच्च गुणस्तरको, पर्याप्त मात्रामा निःशुल्क उपलब्धताको व्यवस्था गर्नु, गराउनु, महिला स्वास्थ्यकर्मीका size अनुरूपको PPE, सुविधाअनुरूपको कार्यसमय र अन्य सुविधामा समान पहुँचको सुनिश्चितता जस्ता विशिष्ट आवश्यकताहरूको व्यवस्थापन गर्नु साथै कोभिड-१९ महामारी सङ्क्रमणबाट सुरक्षाको लागि मात्र नभई रोकथाम उपचारको लागि पनि उचित संयन्त्रको सुनिश्चितता गर्नु भनी नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ।

४१. **प्रश्न नं. ८** अर्थात् राष्ट्रिय सूचना आयोगको मिति २०७७।०२।०६ को आदेशयुक्त प्रेस विज्ञप्ति बदर गर्नुपर्ने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा, उक्त पत्रमा राष्ट्रिय सूचना आयोगबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई कोभिड-१९ बाट सङ्क्रमित वा यस सङ्क्रमणबाट मृत्यु भएका

व्यक्तिहरूको विवरण सार्वजनिक गर्दा सङ्क्रमण वा मृत्यु हुँदाका बखत बसोबास गरेको स्थान र स्थायी ठेगानासमेत उल्लेख गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम जारी गरेको आदेशयुक्त प्रेस विज्ञप्तिले व्यक्तिको गोपनीयताको हक उल्लङ्घन हुने र त्यस्ता व्यक्तिलाई सामाजिक विभेदसमेत हुन जान सक्ने हुँदा सो विज्ञप्ति उत्प्रेषणको आदेशले बदर गरी अन्तर्राष्ट्रिय सन्धि सम्झौता, नेपालको संविधान प्रदत्त मौलिक हक तथा कानूनी अधिकारको प्रभावकारी र प्राथमिकताका साथ प्रचलन गराउन विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन दाबी रेहेकोमा सूचनाको हकसम्बन्धी मौलिक हक तथा कानूनी व्यवस्थाको कार्यान्वयनको सिलसिलामा राष्ट्रिय सूचना आयोगले जारी गरेको आदेशले गोपनीयताको हक हनन् नहुने र सङ्क्रमितहरूको यथोचित सूचना व्यवस्थापन गरी सङ्क्रमण न्यूनीकरण गर्न सूचनाको आवश्यकता हुने हुँदा राष्ट्रिय सूचना आयोगको आदेशयुक्त प्रेस विज्ञप्ति बदर हुनुपर्ने होइन भन्ने लिखित जवाफ जिकिर रहेको पाइन्छ।

४२. सूचनाको हकलाई व्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको हकको अभिन्न अङ्गको रूपमा लिइन्छ । मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा १९ ले विश्वव्यापी रूपमा प्रत्येक व्यक्तिलाई वाक् तथा प्रकाशन स्वतन्त्रता प्रदान गरेको छ । नेपालको संविधानको धारा २७ मा "**प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुने छ**" भन्ने व्यवस्था भएको पाइन्छ। सार्वजनिक महत्त्वका सूचनाहरू पाउने प्रक्रियाबारे कानूनमा नै व्यवस्था भएको पनि पाइन्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको र यस ऐनको दफा ४ ले राज्यका कामकारबाही खुला र पारदर्शी हुनुपर्ने तथा दफा ३ ले सार्वजनिक निकायमा रहेको सूचनामा नागरिकको पहुँच हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ।

४३. तथ्यपरक सूचना सबैको लागि महत्त्वपूर्ण हुन्छ । कोभिड-१९ को महामारीको यस्तो विकराल अवस्थाको परिकल्पना विश्वले नै गर्न सकेको थिएन । यो अवस्थामा सही र उपयुक्त सूचनाको प्रवाह गरी जनतालाई सजग गराउनु राज्यको पहिलो कर्तव्य हुन जान्छ । महामारीसँग जुध्न तयार रहन आम नागरिकलाई सूचनाले सहयोग गरेको हुन्छ । यो सङ्क्रमण एक व्यक्तिबाट अर्को व्यक्तिमा तत्कालै फैलने भएको हुँदा अन्य व्यक्तिलाई सङ्क्रमित हुनबाट जोगाउन तथा समुदायलाई सुरक्षित राख्न WHO को मापदण्डबमोजिम सङ्क्रमित व्यक्तिको सम्पर्कमा आएका व्यक्तिको खोज (Tracing, Tracking) र उपचार (Treatment) गर्न अनिवार्य पनि छ।

४४. सूचनाको हकसम्बन्धी अधिकार निरपेक्ष (Absolute) होइन, यसको पनि सीमा छ। नेपालको संविधानको धारा २७ को प्रतिबन्धात्मक वाक्यांशमा "कानूनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन" भनी व्यवस्था गरिएको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) (ङ) मा व्यक्तिगत गोपनीयता र व्यक्तिको जिउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने जस्ता सूचनाको उपलब्धतामा कानूनले बन्देज लगाएको पाइन्छ।

४५. यसर्थ सूचनाको हक प्रचलन गर्दा व्यक्तिको गोपनीयताको हकको पनि उत्तिकै सम्मान गर्नुपर्ने स्पष्ट छ । विश्वव्यापी मानव अधिकारको घोषणापत्र, १९४८ को धारा १२ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्र, १९६६ को धारा १७ मा कसैलाई पनि आफ्नो गोपनीयता, परिवार, घर अथवा प्रचारप्रसारमा स्वेच्छाचारी हस्तक्षेप गरिने छैन न त तिनको सम्मान तथा ख्यातिमाथि आघात पुऱ्याइने छ र प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप अथवा आक्रमणका विरूद्ध कानूनी संरक्षणको अधिकार हुने छ भनी उल्लेख गरेको पाइन्छ । नेपालको संविधानको धारा २८ ले "**कुनै पनि व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको**

**गोपनीयता कानूनबमोजिम बाहेक अतिक्रम्य हुने छैन"** भनी प्रत्येक व्यक्तिको गोपनीयताको हक सुनिश्चित गरेको पाइन्छ। वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ समेत निर्माण भई लागु भएको अवस्था छ।

४६. वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ सार्वजनिक निकाय वा संस्थामा रहेको वैयक्तिक सूचनाको संरक्षण र सुरक्षित उपयोगको व्याख्या गर्न तथा निजको गोपनीयता अतिक्रमण हुन नदिई मर्यादित जीवनस्तर प्रवर्द्धन गर्न आएको देखिन्छ। ऐ. ऐनको दफा ३(२) मा "**कुनै पनि व्यक्तिको शारीरिक गोपनीयताको विषय निजको शरीर वा स्वास्थ्य परीक्षण गर्दा, उपचार गर्दा वा आपत्कालीन उद्धार कार्य गर्दाको अवस्थामा बाहेक सम्बन्धित व्यक्तिको मन्जुरीविना अनतिक्रम्य रहने छ"** भन्ने व्यवस्था संविधानको धारा ३५ को स्वास्थ्यसम्बन्धी हकसँग समेत अन्तरसम्बन्धित छ। यसै ऐनको दफा ३(३) ले कुनै पनि व्यक्तिलाई निजको निजी जीवनसँग सम्बन्धित जैविक वा आनुवंशिक पहिचान, लैङ्गिक पहिचान, यौनिकता, यौन सम्बन्ध, गर्भाधान वा गर्भपतन, कुमारीत्व, पुरुषत्व, नपुंशकत्व वा शारीरिक रोगजस्ता विषयको गोपनीयता कायम राख्ने अधिकार हुने छ भनी व्यवस्था गरेको छ। ऐ. ऐनको दफा ७ ले प्रत्येक व्यक्तिलाई निजको आवासको गोपनीयताको अधिकार हुनेछ भनी व्यवस्था गरेको छ। नेपालको संविधानको धारा १६ ले आत्मसम्मानका साथ बाँच्न पाउने अधिकारको सुनिश्चितता गरेको छ। कोभिड-१९ बाट सङ्क्रमित व्यक्तिहरूको व्यक्तिगत विवरण सार्वजनिक गर्दा सङ्क्रमित भएको वा सङ्क्रमित भई मृत्यु भएको अवस्थामा समेत सामाजिक बहिष्करण गरिने, परिवारलाई समेत लाञ्छित र भेदभाव गरिने गरिएको र हाल कोरोना सङ्क्रमितको उपचारमा संलग्न रहेका चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा कर्मचारीहरूमा समेत लक्षित हिंसात्मक व्यवहारहरू भएको कारण सङ्क्रमित व्यक्तिहरू, स्वास्थ्यकर्मी तथा निजका परिवारहरूसमेत विभेदमा पर्नुका साथै उक्त कुराले व्यक्तिको गोपनीयताको हक, आत्मसम्मानका साथ बाँच्न पाउने हक र विभेद विरूद्धको हकसमेत उल्लङ्घन भएको देखिन्छ। सामाजिक लाञ्छना (social stigma) लाई कसरी सम्बोधन गर्ने भन्ने सम्बन्धमा WHO ले **'सङ्क्रामक रोगसँग सम्बन्धित लाञ्छना तथा भयले यसको उचित सम्बोधनलाई प्रभावित पार्दछ, सङ्क्रमितप्रति सहानुभूति राख्दै, रोगलाई सही तवरले बुझ्दै तथा प्रभावकारी र व्यावहारिक रणनीतिहरू अवलम्बन गर्दै यससँग सम्बन्धित स्वास्थ्य सेवा तथा सुझावहरू जनताको विश्वास निर्माण गर्ने किसिमको हुनुपर्छ, जसले गर्दा जनताले आफू र आफ्ना प्रियजनहरूलाई सुरक्षित राख्न सकुन्'**[15] भनी आफ्नो मार्गदर्शनमा उल्लेख गरेको पाइन्छ। त्यसैगरी यस्तो वातावरणको सिर्जना गरिनुपर्दछ जसमा यस रोग तथा यसका प्रभावहरूका सम्बन्धमा खुला र इमान्दारी रूपमा तथा प्रभावकारी छलफल एवं निराकरण होस्।[16] त्यसैगरी यस सङ्क्रमणसँग सम्बन्धित लाञ्छनालाई न्यूनीकरण गर्नका लागि कोभिड-१९ सँग जोडेर व्यक्तिको परिचय परिभाषित गर्ने अभ्यास हटाउनुपर्ने देखिन्छ भनी भनिएको छ।[17]

४७. त्यसैले नेपालको संविधानको धारा

---

15 'Evidence clearly shows that stigma and fear around communicable diseases hamper the response. What works is building trust in reliable health services and advice, showing empathy with those affected, understanding the disease itself, and adopting effective, practical measures so people can help keep themselves and their loved ones safe.' A guide to preventing and addressing social stigma associated with COVID-19. [hereafter WHO Social stigma guideline]

16 'An environment needs to be created in which the disease and its impact can be discussed and addressed openly, honestly and effectively.' WHO Social stigma guideline.

17 'It is important to separate a person from having an identity defined by COVID-19, in order to reduce stigma.' Mental health and psychosocial considerations during the COVID-19 outbreak- WHO.

२७ ले प्रत्याभूत गरेको सूचनाको हक, धारा २७ कै सूचनाको हकमा सीमा तथा धारा २८ द्वारा प्रदत्त गोपनीयताको हक (Right to Privacy), संविधानकै धारा १६(१) द्वारा प्रदत्त व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक (Right to live with dignity) र धारा १८(२) द्वारा "**सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन**" भन्ने स्वास्थ्य स्थितिको आधारमा अविभेदको हक (right to non-discrimination based on health status) सँग समेत जोडेर हेरिनु पर्दछ। कोभिड-१९ को महामारीले गर्दा निश्चित व्यक्ति, परिवार र समुदायका बिचमा लाञ्छना, घृणा द्वेषभाव, बहिष्करण, घृणाजन्य अपराध (hate crime) जस्ता घटनाहरू घटिरहेका छन् । भेदभाव र लाञ्छनाबाट संरक्षण गर्न गोपनीयतासम्बन्धी अधिकारको सुनिश्चितता हुनुपर्ने जरूरी देखिन्छ । व्यक्ति वा नागरिकका अत्यन्त निजी सूचनाहरू कुनै खास उद्देश्य र कानूनी प्रयोजनको लागिबाहेक खुला गर्न लगाइयो भने अनावश्यक रूपमा व्यक्ति वा नागरिकको शोषण विरूद्धको हक, हिंसा विरूद्धको हक, गोपनीयताको हक, आत्मसम्मानका साथ बाँच्न पाउने हक र स्वास्थ्यको आधारमा विभेद नगर्ने हकसम्बन्धी स्थापित विधिशास्त्र, अन्तर्राष्ट्रिय कानून, नेपालको संविधान, वैयक्तिक गोपनीयताको हकसम्बन्धी ऐन, २०७४ को उद्देश्य एवम् ऐ. ऐनको दफा ३ र दफा ७ को समेत उल्लङ्घन हुन जाने देखिन्छ ।

४८. यस सम्बन्धमा यसै अदालतबाट *सपना प्रधान मल्ल विरूद्ध नेपाल सराकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको परमादेश (*ने.का.प.२०६४ अङ्क नि.नं. ७८८०*) मा "**व्यक्ति वा नागरिकका अत्यन्त निजी सूचनाहरू कुनै खास कानूनी प्रयोजनको लागि खुला गर्नुपर्ने भएमा बाहेक खुला गर्न लगाइयो भने अनावश्यक रूपमा व्यक्ति वा नागरिक प्रतिरक्षा पंक्तिमा पुग्दछ र पूर्ण आत्मविश्वासका साथमा आफूले चाहेको काम गर्न नसक्ने अवस्थामा पुग्न सक्ने हुन्छ**" भनी सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ । यसबाट पनि कोभिड-१९ का सङ्क्रमित तथा मृतकको सूचना कुनै कानूनी प्रयोजनको लागि सार्वजनिक गर्दा त्यस्ता संक्रमित व्यक्ति तथा निजका परिवारजनसमेतले उक्त सूचनाकै कारण कुनै दुष्प्रभावको सामना गर्नु नपर्ने स्थितिको सुनिश्चितता गरिनुपर्ने देखिन्छ ।

४९. यसका साथै मुलुकी फौजदारी संहिता, २०७४ को दफा १६० ले "**कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कानूनबमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले त्यस्तो अधिकार वा सामान्य कानूनको प्रयोग गर्दा...स्वास्थ्य स्थिति...वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्न हुँदैन**" भनी भेदभावपूर्ण व्यवहारलाई रोक लगाएको छ । मुलुकी अपराध संहिता, २०७४ को दफा २९४ ले **व्यावसायिक कामको सिलसिलामा थाहा पाएको गोप्य कुरा कानूनले बाध्य गरेको वा त्यस्तो व्यक्तिले अनुमति दिएको अवस्थामा बाहेक प्रकट गर्न रोक लगाएको छ** । अतः एकातिर सङ्क्रमितको स्वास्थ्य स्थितिले ल्याउने विभेद, समानताका साथ सम्मानपूर्वक बाँच्न पाउने र हिंसारहित समाजमा बस्न पाउने हक कुण्ठित हुने स्थिति रहेको छ भने अर्कोतिर सार्वजनिक सरोकारको कुनै विषयमा सूचना माग्न पाउने हकअन्तर्गतको सूचना दिने राष्ट्रिय सूचना आयोगको दायित्व रहेतर्फ विचार गर्दा, ऐ. ऐनको दफा २८ को सूचनाको संरक्षण गर्नुपर्ने भनी सोही दफाको उपदफा (२) को खण्ड (क) मा "**कुनै व्यक्तिको जीवन वा सर्वसाधारणको स्वास्थ्य वा सुरक्षामा रहेको गम्भीर खतराको निवारण गर्ने प्रयोजनका लागि सूचना दिन मिल्ने**" अपवादात्मक अवस्था उल्लेख गरेको भए तापनि कोरोना भाइरसको सङ्क्रमण दिनानुदिन बढ्दै गएको र यसको उपचार हालसम्म पत्ता नलागेको हुनाले जनमानसमा दुविधा, चिन्ता र डर उत्पन्न भई

सङ्क्रमित व्यक्तिमाथि गरिने समाजिक विभेद एवं लाञ्छनापूर्ण व्यवहारले गर्दा जोखिममा रहेका वर्गले परीक्षण नगर्ने, बिरामीपना लुकाउने, तत्काल उपचारको सेवा नलिने वा नपाउने तथा सुरक्षित र स्वस्थ व्यवहार गर्नसमेत हतोत्साहित हुने स्थिति भएको र परिणाम स्वरूप सार्वजनिक स्वास्थ्यको सुरक्षामा नै जोखिम बढ्ने स्थिति भएको देखिन्छ। त्यसैले कोभिड-१९ को सङ्क्रमणको अवस्थामा अरूको अधिकारको सम्मान गर्दै थप फैलावट (Further Spread) रोक्नका लागि सङ्क्रमित वा निजका परिवारमा हुने सामाजिक लाञ्छना, भेदभाव, घृणाजन्य अपराध (hate crime) बाट संरक्षण गर्दै निजको गोपनीयतासम्बन्धी अधिकारको संरक्षण गर्नुपर्ने संवैधानिक तथा कानूनी दायित्व राज्यको जिम्मेवार निकायउपर रहेको देखिन्छ।

५०. महामारीको विषयको निश्चित र पहुँचयोग्य सूचना, सम्प्रेषणको जोखिमता घटाउन र समाजमा गलत सूचना जानबाट रोक्न महत्त्वपूर्ण रहेको हुन्छ। तर यस्तो सूचनाले लाञ्छनाको जोखिमतालाई घटाउन, जोखिमतामा रहेको वर्गहरू र सङ्क्रमणमाथि कुनै गलत कार्य (Harmful) नहुने कुराको सुनिश्चितता गर्न अत्यन्त आवश्यक रहन्छ अन्यथा व्यक्तिगत पहिचानका विवरणहरू सार्वजनिक गर्दा कोभिड-१९ सँग जुध्ने क्रममा थप जोखिमको स्थिति आई यस महामारीले जटिल रूप लिई भुसजस्तै भित्र भित्र फैलिने साथै नेपाल सरकारले महामारी रोक्न अपनाएको tracing, tracking र treatment विधिमा समेत असर पर्ने हुँदा राष्ट्रिय सूचना आयोगबाट प्रकाशित मिति २०७७/०२/०६ को सूचना आदेशलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। विभेद र लाञ्छनाको डरले आफ्नो स्वास्थ्य स्थिति लुकाउँदा हुने सङ्क्रमणको थप फैलावटको जोखिमताबाट संरक्षण गर्न र सङ्क्रमित व्यक्तिउपरको लाञ्छना, भेदभाव, बहिष्करणपूर्ण क्रियाकलाप रोकी सङ्क्रमित वा उनको परिवारको आत्मविश्वास वृद्धि गरी समाजमा खुलेर आउने वातावरण सिर्जना गर्न सङ्क्रमित व्यक्तिहरूको व्यक्तिगत विवरण (सङ्क्रमण वा मृत्यु हुँदाका बखत बसोबास गरेको स्थान र स्थायी ठेगाना) खोज्न र खोल्न आवश्यक भएमा सम्बन्धित जिम्मेवार निकायहरूले व्यक्तिगत विवरणहरू महामारीको रोकथाम र व्यवस्थापनको लागि संकलन, प्रयोग, खुलासा गर्नुपर्ने ठाउँमा गर्नु गराउनु, विभेद र लाञ्छनाबाट सङ्क्रमित व्यक्तिका परिवारको संरक्षण गर्न सम्बन्धित निकायमा आएको जानकारीको गोपनीयता सम्बन्धित जिम्मेवार निकायले नै राख्नु, विभिन्न सामाजिक सञ्जाल, पत्र पत्रिकाहरूलगायतका सञ्चार माध्यममा कोभिड-१९ का सङ्क्रमित व्यक्तिहरूको सहमतिबेगर व्यक्तिगत पहिचान खुल्ने विवरणहरू (सङ्क्रमण वा मृत्यु हुँदाका बखत बसोबास गरेको स्थान र स्थायी ठेगाना) छाप्ने वा सार्वजनिक गर्ने कार्य बन्द गर्नु गराउनु भनी नेपाल सरकारको नाममा परमादेश जारी गरिएको छ।

५१. अब अन्तिम **प्रश्न नं. ९** अर्थात् महामारीले समाजमा पारेका बहुआयामिक असर / प्रभावहरूको यथोचित सम्बोधन तथा High Risk Group मा पर्ने महिला तथा बालबालिकाहरूलाई विशेष संरक्षण विद्यमान कानूनी व्यवस्थाहरूले गर्न नसकेको तथा कोरोना भाइरस जस्ता जीवाणुहरूबाट सिर्जना हुने महामारीको उचित व्यवस्थापनको लागि एकीकृत कानून (Pandemic Law) नहुँदा महामारीको नियन्त्रण, रोकथाममा समस्या रहेकोले निवेदकको मागबमोजिम लैङ्गिक संवेदनशील एकीकृत कानून निर्माण गर्नको लागि आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा, विद्यमान कानूनी व्यवस्थाअनुरूप हालसम्म कोरोना महामारीको व्यवस्थापन हुँदै आएको र कानून बनाउन अदालतले आदेश गर्दा कानूनको आवश्यकता महसुस गरी कानून बनाउने विधायिकी विवेक (Legislative Prudence) माथि हस्तक्षेप हुन जाने भन्ने विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिर रहेको पाइन्छ।

५२. यस सन्दर्भमा महामारीले सिर्जना गरेका असर / प्रभावहरूका सम्बन्धमा विद्यमान संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्थाहरू पर्याप्त छन् वा छैनन्

र भएका कानून लैङ्गिक संवेदनशील छन् वा छैनन् भनी विवेचना गर्न जरूरी देखिन्छ।

५३. नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने, धारा १८(२) ले अविभेदको हकले लैङ्गिक, स्वास्थ्य स्थिति, गर्भावस्थाको आधारमा कुनै प्रकारको भेदभाव गर्न नपाइने, धारा १८(३) को प्रतिबन्धात्मक वाक्यांशले महिला तथा सीमान्तकृत वर्गको लागि कानून बनाई विशेष व्यवस्था गर्न सक्ने, धारा ३८(५) ले महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने, धारा २९ ले कुनै पनि व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानूनबमोजिम बाहेक अनतिक्रम्य हुने, धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हक हुने तथा धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने मौलिक हकहरूको प्रत्याभूति गरेको पाइन्छ। त्यसैगरी धारा २० ले न्यायसम्बन्धी हक, धारा २१ ले पीडितको हक, तथा धारा ४६ ले उपचारको हकको व्यवस्था गरेको छ । साथै धारा ३८(४) ले महिलाको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुन पाउने हकको व्यवस्था गरेको छ। राष्ट्रिय स्वास्थ्य नीति, २०७६ ले "**स्वस्थ तथा सुखी जीवनलक्षित सजग र सचेत नागरिक**" निर्माण गर्ने दीर्घकालीन सोच (Vision) राखेको देखिन्छ। उक्त नीतिले गुणस्तरीय स्वास्थ्य सेवा, दक्ष जनशक्तिको उत्पादन, प्राप्ति, विकास र उपयोग, संस्थागत सुदृढीकरण, जनसहभागिता, सार्वजनिक-निजी साझेदारीदेखि स्वास्थ्य अनुसन्धानको गुणस्तरलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बनाई अनुसन्धानका सुझावबमोजिम नीति निर्माण, योजना तर्जुमा, औषधी एवं उपचार पद्धतिमा उपयोग गर्ने तथा महामारी नियन्त्रणलगायतका विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यको एकीकृत उपायहरू अवलम्बन गर्नेसम्मका रणनीतिहरू लिएको देखिन्छ । उपर्युक्त संवैधानिक तथा नीतिगत व्यवस्थाहरूको रोहमा विद्यमान कानूनी व्यवस्थाहरूको मूल्याङ्कन गर्नु वाञ्छनीय देखिन्छ।

५४. सङ्क्रामक रोग ऐन, २०२० को प्रस्तावना हेर्दा, "**नेपाल भर वा त्यसको कुनै भागमा कुनै सङ्क्रामक रोग फैलिएमा वा फैलिने सम्भावना देखिएमा त्यस्तो रोगले उग्र रूप लिन नपाउने गरी रोगको निर्मूल गर्न वा रोकथाम गर्नको लागि व्यवस्था गर्न**" उक्त ऐन बनेको देखिन्छ । सो ऐनको उद्देश्यअनुरूप आवश्यक कारबाही गर्ने, सर्वसाधारण जनता वा कुनै व्यक्तिहरूको समूहउपर लागु हुने गरी आवश्यक आदेश जारी गर्ने, पैदल वा सवारी साधनबाट लगिने, ल्याइने, सफर गर्ने यात्रुको जाँचबुझ गर्न, सङ्क्रामक रोग लागेको आशंका लागेका पशुपंक्षी वा यात्रुलाई अस्पताल तथा अन्य स्थानहरूमा अलग गरी राख्न वा सफर गर्नमा समेत निरीक्षण र नियन्त्रण गर्नको लागि आवश्यक आदेश जारी गर्ने अधिकार क्रमशः ऐनको दफा २ र दफा २क ले नेपाल सरकार र प्रदेश सरकारलाई तथा जाँचबुझ गर्न खटिएको कर्मचारीलाई सुम्पेको देखिन्छ। जम्मा ६ वटा दफाहरू भएको उक्त ऐनको दफा ३, ४ र ५ मा क्रमशः आदेशको अपहेलना गर्नेलाई सजायसम्बन्धी, कसुरमा कारबाही र किनारा गर्ने अधिकारसम्बन्धी र अधिकृत व्यक्तिले कर्तव्य पालना गर्दा असल नियतले काम कारबाही गरेकोमा बचाउसम्बन्धी व्यवस्थासम्म रहेको पाइन्छ। नेपाल सरकार र प्रदेश सरकारहरूले यिनै व्यवस्थाका आधारमा हालसम्म बन्दाबन्दीसम्बन्धी विभिन्न आदेशहरू जारी गर्दै आएको देखिन्छ।

५५. करिब ५६ वर्षअघि अर्थात् वि.सं. २०२० सालमा जारी भएको उपर्युक्त ऐनले सङ्क्रामक रोग रोकथामसम्बन्धी सामान्य व्यवस्था गरी आवश्यक कारबाही तथा आदेश गर्ने अधिकार नेपाल सरकारलाई तथा मिति २०७५।११।१९ को नेपालको संविधानअनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा दफा २क थप गरी प्रदेश सरकारलाई समेत सोहीअनुरूपको अधिकार

प्रदान गरेकोसम्म पाइन्छ । कोरोना भाइरस आफैँमा सङ्क्रामक रोग भएकोले यस ऐन कोरोनाको सङ्क्रमण नियन्त्रणमा आकर्षित हुने भए तापनि हाल यस रोग मानिसबाट मानिससँग नजिक हुनासाथ श्वास वा उसले छोएको, प्रयोग गरेको ठाउँबाट समेत सर्ने अत्यन्त गम्भीर किसिमको रोगले विश्वभरी नै महामारीको रूप लिएको, यसको निर्मुलनको उपाय पत्ता लागी नसकेको तथा यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा जीवन नै गुमाउनु पर्ने स्थिति सिर्जना गरेको छ र यसको भयावहताले उपचार, आर्थिक, सामाजिक, मनोवैज्ञानिकलगायतका मानव जीवनका बहुआयामिक पक्षमा पारिरहेको असर / प्रभावहरू तथा सो अवस्थामा High Risk Group मा पर्ने महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता तथा अन्य रोगका बिरामी भएका व्यक्तिहरूको सम्बन्धमा गरिनुपर्ने विशेष संरक्षणसमेतका सवालहरू (Issues) लाई उचित सम्बोधन गर्न सक्ने देखिँदैन । **हाल प्रचलित कानूनले यो फरक प्रकृतिको महामारीको प्रकोप रोकथाम (prevention), सम्बोधन (response), पुनर्लाभ (recovery) को लागि सम्बन्धित निकायले आवश्यक दृष्टिकोण र कार्यक्रमको परिकल्पना गर्नसकेको छैन । अन्य विभिन्न निकायहरूसँगको समन्वयात्मक दृष्टिकोणहरूसमेत ल्याउन सकेको छैन । विपद्‌को स्वरूप हेर्दा पनि यो अनिश्चितकालीन अवस्थामा रहेको छ । यस्तो विपद् व्यवस्थापन कसरी गर्ने भन्ने रणनीतिहरू पनि कानूनले निर्दिष्ट गर्नसकेको अवस्था छैन ।**

५६. त्यसैगरी नेपालको संविधानको धारा ३५ अन्तर्गत "**नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवा पाउने हक कार्यान्वयन गर्न र स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ तुल्याई नागरिकको पहुँच स्थापित गर्नको लागि आवश्यक कानूनी व्यवस्था गर्न**" भनी जनस्वास्थ्य सेवा ऐन, २०७५ जारी भएको देखिन्छ । सो ऐनको दफा २ को देहाय (क) ले "आकस्मिक स्वास्थ्य सेवा भन्नाले आकस्मिक घटना वा आपत्कालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरूको जीवनलाई जोखिममुक्त गर्न, जीवन वा अङ्ग गुम्नबाट बचाउन आवश्यकताअनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनु पर्छ" भनी परिभाषा गरेको पाइन्छ । कोरोना भाइरसको सङ्क्रमण विश्वभर आपत्कालीन अवस्था निम्त्याएको भए तापनि नेपालको सन्दर्भमा जनस्वास्थ्य सेवा ऐनले गरेको आकस्मिक स्वास्थ्य सेवाको उपर्युक्त परिभाषाले नै आकस्मिक स्वास्थ्य सेवालाई प्रारम्भिक तथा तत्काल सेवाको दायराभित्र सङ्कुचन गरिदिएको हुँदा कोरोना सङ्क्रमणको आशंका रहेको व्यक्तिको परीक्षणदेखि सङ्क्रमितको उपचार गरी रोगको निदान र पुनर्स्थापनासम्म अवलम्बन गरिनुपर्ने बहुपक्षीय सेवाहरूलाई समेट्न सकेको देखिँदैन ।

५७. जनस्वास्थ्य सेवा ऐनको अर्को उद्देश्य भनेको नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने रहेको पाइन्छ । सो ऐनले 'आधारभूत स्वास्थ्य सेवा' को परिभाषा गर्दा ऐनको दफा ३ को उपदफा (४) मा उल्लिखित सूचीबमोजिम "**आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रूपमा निःशुल्क उपलब्ध हुने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ**" भनी उल्लेख गरिएको छ । सो सूचीले कोरोना रोगलाई समेट्न सकेको छ कि छैन भनी हेर्दा, सूचीकृत विभिन्न १० वटा सेवामध्ये दफा ३ को उपदफा (४) को देहाय (ग) मा 'सरूवा रोगसम्बन्धी सेवा' उल्लेख भएको पाइन्छ । सरूवा रोगअन्तर्गत कोरोनाको सङ्क्रमणसमेत पर्न सक्ने भए तापनि सङ्क्रमणले महामारीको रूप लिएको र सामान्य अवस्थामा भन्दा फरक प्रकृतिको रोग भएको र अधिक स्वास्थ्य सुरक्षाका उपायहरू अवलम्बन गरिनुपर्ने हुँदा तत्सम्बन्धी सेवाहरूको बारेमा स्पष्ट उल्लेख गरिएको छैन र ऐनको दफा ३ को उपदफा (७) ले आधारभूत "**सेवाहरूको विस्तृत**

**विवरण, सेवा प्रवाह तथा व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तथा प्रक्रिया मन्त्रालयले तोकेबमोजिम हुने छ**" भनी स्वास्थ्य तथा जनसंख्यासम्बन्धी विषय हेर्ने मन्त्रालयलाई जिम्मेवारी सुम्पिएको पाइन्छ । सोही जिम्मेवारीबमोजिम मन्त्रालयले कोरोना सङ्क्रमण रोकथाम सम्बन्धमा केही मापदण्डहरू तयार गरी लागु गरेको देखिन्छ ।

५८. त्यसैगरी प्रचलित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ हेर्दा, "**विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जिउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन तथा न्यूनीकरणसँग सम्बन्धित प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न**" सो ऐन ल्याइएको देखिन्छ । उक्त ऐनको दफा २ को देहाय (घ) ले महामारीलाई "**गैरप्राकृतिक विपद्**" भनी परिभाषित गरेको पाइन्छ । विपद्को प्रभावकारी व्यवस्थापन गर्ने, गराउने सन्दर्भमा दफा ३ अन्तर्गत 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्', दफा ६ बमोजिम 'कार्यकारी समिति', दफा ९ बमोजिम 'विशेषज्ञ समिति', दफा १० बमोजिम 'राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण', दफा १४ बमोजिम 'प्रदेश विपद् व्यवस्थापन समिति', दफा १६ बमोजिम 'जिल्ला विपद् व्यवस्थापन समिति', तथा दफा १७ बमोजिम 'स्थानीय विपद् व्यवस्थापन समिति' समेतका संस्थागत व्यवस्था गरी सम्बन्धित निकायहरूको काम, कर्तव्य र अधिकारहरूको समेत व्यवस्था उक्त ऐनमा गरिएको पाइयो । विपद् व्यवस्थापनका यी सामान्य व्यवस्थाका अलावा कार्यकारी समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत दफा ८ को देहाय (ड) मा "**विपद्को जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने**" भन्ने व्यवस्था रहेको देखिन्छ । उपर्युक्त विशेष योजना तथा कार्यक्रमले कोभिड-१९ को उच्च जोखिममा रहेका 'अन्य रोगका बिरामी' लाई समेट्न सकेको देखिएन । विपद् व्यवस्थापनसम्बन्धी उपर्युक्त ऐनले महामारीलगायतका सबै प्रकारका प्राकृतिक तथा गैरप्राकृतिक विपद्हरूलाई एकमुष्ठ सम्बोधन गर्न खोजेको भए तापनि कोभिड-१९ को महामारीले सिर्जना गरिरहेको विशेष तथा नवीन असर प्रभावहरूलाई तथा 'उच्च जोखिममा परेका' सबै समूहहरूलाई समेट्न सकेको देखिँदैन । यस्तो अवस्थामा नेपाल सरकारले विभिन्न मापदण्ड, कार्यविधि, निर्देशनहरू जारी गर्दै स्वास्थ्य सुरक्षाका उपायहरू अवलम्बन गर्दै आएको अवस्थामा समेत महामारीको उचित न्यूनीकरण, व्यवस्थापन प्रभावकारी हुन नसकी दिनानुदिन सङ्क्रमित तथा मृतकको संख्या बढ्दो क्रममा रहेको देखिन्छ र यस महामारीले निम्त्याइरहेका बहुपक्षीय, बहुआयामिक असरहरूबारे नेपालमा यथेष्ट अध्ययनसमेत भई नसकेको देखिन्छ ।

५९. हाल कोरोना सङ्क्रमणको महामारीले विश्वभर विकराल रूप लिएकाले यसको असर मानिसको स्वास्थ्यमा मात्र नभएर राज्य तथा मानव जीवनका विविध क्षेत्रहरूमा बहुआयामिक प्रभावहरू परिरहेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तथ्य-तथ्याङ्कहरूले उजागर गरिरहेका छन् । व्यक्तिले रोजगारी गुमाउनेदेखि ज्यानै गुमाउनेसम्म, व्यवसायीले घाटा बेहोर्नेदेखि टाट पल्टिनेसम्म तथा राष्ट्रले चरम आर्थिक विश्रृङ्खलता भोग्नुपर्नेसम्मका नियतिहरू यस महामारीको प्रतिनिधि दृष्टान्तहरू मात्र हुन् । यी र यस्ता अन्य सम्भाव्य असर र प्रभावहरू अझै देखिने क्रममै छन् । जनस्वास्थ्य सेवा ऐनअन्तर्गत आकस्मिक स्वास्थ्य सेवा प्रारम्भिक तथा तत्काल सेवामा सीमित रहेको तथा आधारभूत सेवालाई निःशुल्क गर्ने प्रयोजनको लागि मात्र सूचीकृत गरिएको देखिँदा सो ऐन नागरिकको स्वास्थ्य सेवामा मात्र केन्द्रित रहेको पाइन्छ । उक्त ऐनले समेत

कोरोना सङ्क्रमणले निम्त्याएको बहुआयामिक असर प्रभावहरूलाई सम्बोधन गर्न सकेको देखिँदैन।

६०. मुलुकी फौजदारी संहिताको दफा १०४ ले सङ्क्रामक रोग फैलाउन नहुने भनी उपदफा (१) मा "**कसैले कसैको ज्यानलाई खतरा पुऱ्याउन सक्ने कुनै किसिमको सङक्रामक रोग फैलाउने वा फैलिन सक्ने कुनै काम गर्न हुँदैन**" भनी सङ्क्रामक रोग फैलाउने कार्यलाई अपराधीकरण गरी त्यस्तो कसुर गर्नेलाई ऐ. उपदफा (२) ले सजाय तथा जरिवानाको व्यवस्थासम्म गरेको पाइन्छ । सङ्क्रामक रोग सम्बन्धमा संहितामा अपराधीकरण गरी सजाय तथा जरिवानाको प्रावधानबाहेक अन्य कुनै व्यवस्था रहेको पाइँदैन।

६१. यसरी ऐन कानूनहरूले कोरोना महामारीको विषयलाई उचित सम्बोधन गर्न नसकेकोले नेपाल सरकारले हाल कोरोना महामारीसम्बन्धी केही मापदण्ड जारी गरेको पाइन्छ । "**कोरोना भाइरसको सङ्क्रमणबाट लाग्न सक्ने रोगबाट नागरिकहरूलाई सुरक्षित राख्न शङ्कास्पद व्यक्तिलाई कम्तीमा १४ देखि १७ दिनसम्म क्वारेन्टाइनमा सुरक्षित तथा सुव्यवस्थित तरिकाले राखी त्यस्ता र समाज दुवैलाई सुरक्षित राख्न**" भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले 'कोरोना भाइरस (COVID-19) सम्बन्धी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६' जारी गरेको देखिन्छ । त्यसैगरी कोभिड-१९ सङ्क्रमणको "**शंकास्पद, सम्भावित र पुष्टि भएका बिरामीहरूको केस अनुसन्धान र निजका कन्ट्याक्टमा आएका व्यक्तिहरूको खोजपड्ताल गर्न हरेक स्थानीय तहहरूमा प्राविधिक जनशक्ति रहेको टिम गठन गरी परिचालन गर्न**" भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले 'कोभिड-१९ का लागि केस अनुसन्धान तथा कन्ट्याक्ट खोजपड्ताल टिम परिचालन अन्तरिम निर्देशिका, २०७७' जारी गरी लागु भएको देखिन्छ । त्यसैगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड-१९ का बिरामीहरूका उपचारमा प्रत्यक्षरूपमा संलग्न स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरूको व्यवस्थापनसम्बन्धी मार्ग निर्देशन, २०७७, कोभिड-१९ महामारीको सन्दर्भमा ज्येष्ठ नागरिकहरूको सेवा प्रवाहसम्बन्धी मापदण्ड, २०७७, कोभिड-१९ को सङ्क्रमितहरूको आइसोलेसनसम्बन्धी स्वास्थ्य मापदण्ड, २०७७, क्वारेन्टाइनमा रहेका व्यक्तिका लागि स्वास्थ्यसम्बन्धी व्यवस्था, २०७७, कोभिड-१९ रोगका महामारीको समयमा आपत्विन्दुमा अपनाउनुपर्ने सुरक्षा विधि, २०७७, कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापनसम्बन्धी संक्षिप्त कार्यविधि, २०७७, Health Sector Emergency Response Plan: COVID-19 Pandemic समेत जारी गरेको देखिन्छ।

६२. त्यसैगरी "**सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रलगायतका आश्रयस्थलमा आस्रित व्यक्तिहरूलाई विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको सङ्क्रमणबाट जोगाउन तथा महामारीको अवधिमा सङ्क्रमण हुन नदिन पूर्ण सुरक्षाका उपायहरू अपनाएर सुरक्षित तथा सुव्यवस्थित तरिकाले सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन**" भनी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले 'कोरोना भाइरस (कोभिड-१९) महामारीको अवधिमा आश्रयस्थल सञ्चालनसम्बन्धी मापदण्ड, २०७७' जारी गरेको पाइन्छ। यो मापदण्ड सुशासन (व्यवस्था तथा सञ्चालन) ऐन, २०६४ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी बनाइएको देखिन्छ । सुशासन (व्यवस्था तथा सञ्चालन) ऐन, २०६४ को दफा १४ मा "**यस ऐन वा अन्य प्रचलित कानूनबमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानूनमा कुनै कार्यविधिको व्यवस्था भएको रहेछ भने त्यस्तो कार्यविधि र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नुपर्ने विषयको प्रकृति हेरि उपयुक्त कार्यविधि अपनाउनु पर्ने छ**" भन्ने उल्लेख भएबाट समेत सङ्क्रामक रोग वा विद्यमान कोरोना महामारी सम्बन्धमा कुनै पनि कानूनमा कार्यविधिको

व्यवस्था नभएकै कारण उपर्युक्त व्यवस्थामा टेकेर सो मापदण्ड बनाइएको पाइयो ।

६३. यसरी कोरोना महामारीको सवाललाई सम्बोधन गर्न सक्ने कुनै एकीकृत कानून नभएकोले नेपाल सरकारका विभिन्न निकाहरूले विभिन्न ऐन कानूनहरू देखाई अस्थाई तथा तत्कालीन उपायका रूपमा मापदण्ड तथा आदेश जारी गर्दै आएको पाइयो । माथि विश्लेषण गरिएअनुसार कोरोना भाइरसको महामारीको विषय बृहत् भएको, यसले नागरिक तथा राष्ट्रको जीवनमा बहुआयामिक असरहरू पारिरहेको र यसका नयाँ आयामहरू दिनानुदिन विकास हुँदै गइरहेको, High Risk Group अन्तर्गत पर्नेहरूलाई उच्च प्राथमिकता दिई विशेष व्यवस्था गर्न जरूरी भएको, यी विषयहरूलाई सम्बोधन गर्न सक्ने एकीकृत कानूनको अभावमा नेपाल सरकारले विभिन्न कार्यकारी निर्णयहरू गरी अस्थायी रूपमा समाधान गर्न खोजेको सन्दर्भमा आवश्यक अध्ययन गरी कोरोना भाइरसजस्तो महामारीको रोकथाम (Prevention), यसका असर / प्रभावहरूलाई यथोचित सम्बोधन (Response) गर्नको लागि तथा नोक्सानीहरूलाई पूर्ति गर्न र समाजमा घृणा-द्वेष हटाई सद्भावपूर्ण वातावरणसहित प्रभावितलाई पुनर्लाभ (Recovery) मा लैजान एकीकृत कानून बनाउन आवश्यक देखिन्छ ।

६४. अब कोभिड-१९ को महामारीलाई उचित व्यवस्थापन गर्नका लागि कानून बनाउने विषय विधायिकी विवेकको विषय भएकोले कानून बनाउनको लागि सर्वोच्च अदालतले आदेश जारी गर्न मिल्दैन भनी विद्वान् सहन्यायाधिवक्ताले बहस जिकिर प्रस्तुत गर्नुभएको सम्बन्धमा विचार गर्दा, कानून बनाउने अधिकार निश्चय पनि विधायिकामा रहेको र विद्यमान महामारीलाई उचित सम्बोधन गर्ने एकीकृत कानूनको अभावमा नेपाल सरकारले विभिन्न कानूनहरूका आधारमा तथा कार्यकारी अधिकारको प्रयोग गरी विभिन्न मापदण्डहरू जारी गरी महामारीको व्यवस्थापन गर्नेतर्फ अग्रसर रहेकोतर्फ समेत यस अदालतको ध्यानाकर्षण भएको छ । नेपाल सरकारको उपर्युक्त पहल कदमीहरूसमेतबाट विद्यमान महामारीको सङ्कटको तथा यस महामारीले निम्त्याएका विकराल अवस्यम्भावी दुस्परिणामहरूको समेत उचित व्यवस्थापन हुन सकेको देखिँदैन । प्रभावकारी कानूनका अभावमा न्यायापालिका स्वयंले कानून बनाउने नभए तापनि सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत परेका निवेदकहरूमार्फत यस्ता विषयमा अदालतको ध्यानाकर्षण हुन गएको छ । यसै सन्दर्भमा ०७६-RE-०३९२ को अडबडको निकासा एवं ०७६-WO-०९४४ को परमादेश माग भएको निवेदनमा यस अदालतको १९ जनाको बृहत् पूर्ण इजलासबाट देवानी वा फौजदारी कार्यविधि संहितालगायत तथा अन्य प्रचलित कानूनहरूमा रहेको हदम्यादसम्बन्धी व्यवस्थाले वर्तमान विपद् वा महामारीको कारण कानूनहरूमा पैदा हुने जटिलतालाई पर्याप्त सम्बोधन गरेको देखिन नआएकोले कानूनी शून्यताको असहज परिस्थितिलाई न्यायोचित रूपमा सम्बोधन गर्न संविधानको धारा १२६, १२८ र १३३ (२) बमोजिम मिति २०७७।०२।१५ मा आदेश गरिसकेको छ । यसरी कानूनको रिक्तता तथा अपर्याप्तता रहेका विषयहरूमा कानून बनाउन आवश्यक व्यवस्थापन गर्नका लागि भनी यस अदालतबाट विभिन्न निवेदनहरूमा नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गरेको[18] वा कहिले कानूनको खाडललाई अस्थायी रूपमा पूर्ति गर्ने निर्देशिका नै जारी गर्दै आएको न्यायिक परम्परासमेत रहेको छ ।[19] प्रस्तुत रिट निवेदनको हकमा कोभिड-१९ जस्ता महामारीको वर्तमान चुनौतीलाई सामना गर्न सक्ने अवस्थामा सङ्क्रामक रोग ऐन, २०२० लगायतको प्रचलित कानूनहरूको पर्याप्तता र प्रभावकारिता छ छैन अध्ययन गरी अध्ययन प्रतिवेदनबमोजिम उपर्युक्त

18 ने.का.प.२०७१, नि.नं.७४४९, ने.का.प.२०६२, नि.नं.७४९८, ने.का.प. २०६५, नि.नं.७९७३, ने.का.प.२०६५ नि.नं.८०८३, ०६८-WO-००४६

19 ने.का.प. २०६४ अङ्क ९ नि. नं ७८८०, ने.का.प. २०६५ नि.नं ८००५ पृ.९९९, ने.का.प. २०७० अङ्क १ नि.नं ८९४०

र आवश्यक लैङ्गिक मैत्रीय र High Risk Group लाई उच्च प्राथमिकतामा राखी कानून बनाउन नेपाल सरकारको नाउँमा आदेश जारी हुने ठहर्छ । प्रस्तुत निवेदनको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.प्रकाशकुमार ढुंगाना

इजलास अधिकृतहरू: नारायण सापकोटा / विकाश कुमार रजक / मतिना शाक्य / श्रेया संजेल / पुजा सुवेदी
इति संवत् २०७७ साल साउन २१ गते रोज ४ शुभम् ।

## निर्णय नं. १०५२७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री प्रकाशकुमार ढुंगाना
माननीय न्यायाधीश श्री कुमार रेग्मी
आदेश मिति : २०७७।४।२९

०७७-WH-००११

विषयः बन्दीप्रत्यक्षीकरण

निवेदक : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६ घर भई हाल मुद्दाको पुर्पक्षको क्रममा कारागार कार्यालय डिल्लीबजार, काठमाडौंमा थुनामा रहेका भुजुङ गुरूङ

विरूद्ध

विपक्षी : कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत

- **थुनछेकको विषयमा तीनै तहको अदालतबाट अन्तिम भई साधारण क्षेत्राधिकारमा मुद्दा विचाराधीन रही निवेदक पुर्पक्षको लागि कानूनबमोजिम थुनामा रहेकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।**

(प्रकरण नं.४)

- **सक्षम अदालतबाट तह तहगत रूपमा तथ्य र प्रमाणको मूल्याङ्कन भई न्याय निरूपण भएका प्रत्येक विषयलाई असाधारण अधिकारक्षेत्रको विषयवस्तु बनाउने प्रवृत्तिलाई प्रोत्साहन मिल्न जाने खतरा हुन्छ । जुन रिट क्षेत्राधिकारको सिद्धान्त र मुद्दाको अन्तिमता (finality of judgment) को सिद्धान्तको समेत विपरीत हुनका साथै रिटले correctional power को स्वरूप धारण गर्न हुँदैन भन्ने मान्यतासमेतमा गम्भीर असर पर्न जाने ।**

(प्रकरण नं.५)

- **साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकार समानान्तर क्षेत्राधिकार होइनन् र असाधारण क्षेत्राधिकारले साधारण क्षेत्राधिकारलाई अनादर गर्ने, सीमित तुल्याउने, नियन्त्रण गर्ने, प्रतिस्थापन गर्ने वा कुनै किसिमबाट निस्तेज तुल्याउनेसमेत असाधारण क्षेत्राधिकारको मकसद नहुने ।**

(प्रकरण नं.६)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री रमनकुमार श्रेष्ठ
विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री विदुरकुमार कार्की
अवलम्बित नजिर :

- ने.का.प.२०६८, अङ्क ८, नि.नं.८६६५

सम्बद्ध कानून :

- नेपालको संविधान
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

आदेश

**न्या.कुमार रेग्मी :** नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः-

तथ्य खण्ड

म निवेदकलाई आपराधिक समूह स्थापना र सञ्चालन गरी सुन चोरी, पैठारी, निकासीको अवैध कारोबार, अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान मुद्दामा भन्सार ऐन, २०६४ को दफा ५७(१)(च), सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३(३) र दफा ५ को कसुरमा ऐ. ऐनको दफा ९(क) बमोजिम थप सजाय र ऐ. ऐनको दफा ९(ग), मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ३ र ४ नं. बमोजिम सजाय गरी ऐ. ऐनको दफा ७ नं. बमोजिम थप सजाय हुनका साथै मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कार्य गरेबापत ऐ. ऐनको १३(४) नं. को कसुरमा ऐ. १३(४) नं. बमोजिम सजाय हुन अभियोग माग दाबी भएकोमा सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७५।२।८ मा पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको आदेशलाई उच्च अदालत विराटनगरले मिति २०७५।१०।२४ मा सदर गरेउपर थुनामा राख्न पर्ने होइन शुद्ध तारेखमा बस्न पाउँ भनी यस अदालतमा परेको निवेदनउपर सुनुवाइ हुँदा तत्काल प्राप्त प्रमाणका आधरमा थुनामुक्त गरी तारेखमा वा धरौटीमा छाड्न सकिने अवस्था नदेखिएकोले उच्च अदालत विराटनगरको मिति २०७५।१०।२४ को आदेश बेरितको नदेखिएको हुँदा सो आदेश परिवर्तन गर्नु परेन भन्ने सर्वोच्च अदालतबाट मिति २०७६।४।१७ मा आदेश भएको छ।

हाल विश्वव्यापी रूपमा फैलिरहेको कोभिड-१९ को महामारी नेपालमा पनि सुरू भई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६।११।११ को निर्णयानुसार मुलुक Lockdown भई उक्त Lockdown को स्वरूप परिवर्तन हुँदै अझै पनि कायम रहेको अवस्था छ | Lockdown कै बिचमा सम्मानित सर्वोच्च अदालतको बृहद् पूर्ण इजलासले विशिष्ट निर्णय गरी PENDAMIC JURISPRUDENCE प्रतिपादन गरेको अवस्था छ भने सम्मानित सर्वोच्च अदालतकै संयुक्त इजलासहरूबाट थुनामा रहेका व्यक्तिहरूको निवेदन सम्बन्धमा निर्णय गर्दा PENDAMIC JURISPRUDENCE को बारेमा कोभिड-१९ रोगले आक्रमण गर्न सक्ने अवस्था र उमेरका आधारमा थुनुवाहरूलाई धरौटी र सामान्य तारेखमा छाड्ने आदेशहरू पनि भएका छन्।

म निवेदकको उमेर ६८ वर्ष पुगिसकेको, युरिक एसिड, हाइ सुगर, हाइ ब्लडप्रेसरको रोगबाट ग्रसित भएको थुनामा रहेको जेल कोरोना सङ्क्रमणको दृष्टिले उच्च जोखिममा रहेको र शारीरिक अवस्था अत्यन्त दयनीय भएको कारणले कोरोना सङ्क्रमण हुन सक्ने प्रबल सम्भावना रहेको हुँदा उक्त थुनछेकको आदेश गर्ने बेला सम्मानित अदालतबाट एउटा अवस्थामा भएको र अहिले अवस्था परिवर्तन भई विल्कुल भिन्न अवस्था सिर्जना भएकोले सम्मानित अदालतबाट सामान्य अवस्थामा भएको आदेशको सम्बन्धमा परिवर्तित परिस्थितिसमेतको विचार गरिपाऊँ।

म निवेदकउपर लगाइएको अभियोग पुष्टि हुने अवस्था नै नरहेको कुरा मुख्य अभियुक्त गोरे भन्ने चुडामणी उप्रेतीबाट बरामद भएको डायरीमा मेरो नाम उल्लेख भएको अवस्था नरहेको, निज प्रतिवादी गोरे भन्ने चुडामणी उप्रेतीले बयान गर्दा मलाई पोल नगरेको, उल्लिखित डायरीको बारेमा समेत सम्मानित सर्वोच्च अदालतबाट विशेष प्रकारको आदेश भएको अवस्था एकातिर विद्यमान छ, जसले म निवेदक निर्दोष रहेको भन्ने देखिने अवस्थासमेत रहेको छ। साथै हालै फैलिएको कोभिड-१९ को महामारीले म निवेदक थुनामा रहेको जेल पनि सङ्क्रमण हुने स्थितिमा रहेकोले मेरो उमेर र मलाई लागेको रोगको कारणले

कोभिड-१९ ले आक्रमण गर्न सक्ने प्रबल सम्भावना भएकोले अन्य कानूनी उपचारको मार्गसमेत नभएको हुँदा बन्दीप्रत्यक्षीकरणलगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरी सम्मानित अदालतबाट मिति २०७६।४।१७ मा भएको आदेश बदरसमेत गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७१ लाई समेत ध्यानमा राखी नेपालको संविधानको धारा १६, १७, १८, २०, ३० र ३५ ले प्रत्याभूत गरेको मेरो मौलिक हक संरक्षणार्थ थुना मुक्त गरी म निवेदकलाई चलाइएको उपर्युक्त मुद्दाको धरौटी वा सामान्य तारेखमा रही पुर्पक्ष गर्न पाउने गरी आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदक भुजुङ गुरूङको यस अदालतमा पर्न आएको बन्दीप्रत्यक्षीकरण निवेदनपत्र।

एउटै अभियोग लागेका प्रतिवादीहरूमध्ये चाचाजी भन्ने महाविर प्रसाद गोल्यान अग्रवालको हकमा सम्मानित सर्वोच्च अदालतले धरौटी तारेखमा छोड्ने गरी आदेश दिएको, म निवेदकको हकमा प्रस्तुत मुद्दाका मुख्य अभियुक्त भनिएका गोरे भन्ने चुडामणी उप्रेतीले सुरू जिल्ला अदालतमा गरेको बयानमा मैले राम्ररी भुजुङ गुरूङलाई चिन्दिन, भुजुङ गुरूङले सुनको कारोबार गर्छन् गर्दैनन् थाहा छैन भनी उल्लेख गरेका छन्। जुन व्यक्तिले मेरो हकमा पोल गरेका छन् सो पोल तथ्ययुक्त नभई विरोधाभाषपूर्ण रहेको साथै सुन ल्याउने व्यक्तिको नाम, परिमाण, ल्याएको मिति र ल्याउने भरियाको नामसमेतको तालिका तथा डायरीमा समेत नाम उल्लेख नभएकोले समानहरूका बिचमा म निवेदकलाई असमान व्यवहार भएको अवस्था छ। साथै सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०५४, अङ्क ७, नि.नं. ६४१३, पृ.४०६/४०७ साथै ने.का.प. २०५२, अङ्क ६, नि.नं. ६०१६, पृ.४७८ मा समान तथ्य र परिस्थिति भएका प्रतिवादीहरूमा समान तहको आदेश हुनुपर्दछ भन्ने विषयमा विस्तृत रूपमा विवेचना गरी सिद्धान्तसमेत प्रतिपादन भइरहेको सन्दर्भमा समान तहका प्रतिवादीमध्येका चाचाजी भन्ने महाविरप्रसाद गोल्यान अग्रवाललाई धरौटी तारेखमा छोडिएको र म निवेदकलाई मुद्दा पुर्पक्षको क्रममा थुनामा राख्ने गरी भएको सम्मानित सर्वोच्च अदालतको आदेश सोही नजिरहरूका आधार र नेपालको संविधानको धारा १६, १७, १८ विपरीत रहेको हुँदा मूल निवेदन मागबमोजिम म निवेदकलाई सुरू जिल्ला अदालतको थुनछेक आदेशलाई सदर कायम गर्ने गरी भएको उच्च अदालत विराटनगरको आदेश र सोही आदेशलाई सदर कायम गर्ने गरी भएको सम्मानित सर्वोच्च अदालतको मिति २०७६।४।१७ को आदेश बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा धरौटी तारेख वा सामान्य तारेखमा रही मुद्दाको पुर्पक्ष गर्न पाउने गरी आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदक भुजुङ गुरूङको यस अदालतमा पर्न आएको थप पूरक निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक ७ दिनभित्र विपक्षीहरूले महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७७।४।११ को आदेश।

विपक्षी भुजुङ गुरूङलाई श्री सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग पुल्चोक, ललितपुरको च.नं. ५५५ मिति २०७५।०२।२८ को पत्रबाट सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा यस कारागारमा थुनामा राख्न पठाइएको हुँदा निजलाई नियमअनुसार थुनामा राखिएको हो। रिट निवेदकले लिएको जिकिरअनुसार निजलाई गैरकानूनी रूपमा थुनामा नराखिएको हुँदा, झुठा बेहोरा उल्लेख गरी यस कार्यालयसमेतलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंको तर्फबाट यस अदालतमा पर्न आएको

लिखित जवाफ।

प्रतिवादी भुजुङ गुरूङलाई मोरङ जिल्ला अदालतबाट आपराधिक समूह स्थापना र सञ्चालन गरी सुन चोरी, पैठारी, निकासीको अवैध कारोबार, अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान मुद्दामा मिति २०७५।२।८ मा पुर्पक्षका लागि थुनामा राख्ने गरेको आदेश उच्च अदालत विराटनगरबाट मिति २०७५।१०।२४ मा सदर भएउपर थुनामा राख्नु पर्ने होइन शुद्ध तारेखमा बस्न पाउँ भनी यी रिट निवेदकले यस अदालतमा निवेदन दिएकोमा उच्च अदालत विराटनगरको मिति २०७५।१०।२४ को आदेश बेरितको नदेखिएको हुँदा सो आदेश परिवर्तन गरिरहनु परेन भनी यस अदालतको संयुक्त इजलासबाट मिति २०७६।०४।१७ मा आदेश भई अदालतको आदेशानुसार यी निवेदक भुजुङ गुरूङ कानूनबमोजिम पुर्पक्षको लागि थुनामा रहेकोले यी रिट निवेदकको कुनै पनि हक अधिकारको हनन नभएको हुँदा यस अदालतलाई विपक्षी बनाई दिएको प्रस्तुत बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको यस अदालतको लिखित जवाफ।

आदेश खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनको मिसिल संलग्न प्रमाण कागजातहरूको अध्ययन गरियो । निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रमनकुमार श्रेष्ठले मुद्दाका मुख्य अभियुक्त भनिएका गोरे भन्ने चुडामणी उप्रेतीले सुरू अदालतमा गरेको बयानमा मैले राम्ररी भुजुङ गुरूङलाई चिन्दिन भुजुङ गुरूङले सुनको कारोबार गर्छन् गर्दैनन् थाहा छैन भनी उल्लेख गरेको छ । जुन व्यक्तिले मेरो पक्षको हकमा पोल गरेका छन् सो पोल तथ्ययुक्त नभई विरोधाभाषपूर्ण रहेको साथै सुन ल्याउने व्यक्तिको नाम परिमाण, ल्याएको मिति र ल्याउने भरियाको नामसमेतको तालिका तथा डायरीमा समेत नाम उल्लेख छैन । समान तथ्य र परिस्थिति भएका प्रतिवादीहरूमा समान तहको आदेश हुनुपर्दछ भन्ने नजिर सिद्धान्तका आधारमा समान तहका प्रतिवादीमध्येका चाचाजी भन्ने महाविरप्रसाद गोल्यान अग्रवाललाई धरौटी तारेखमा छोडिएको तर यी निवेदकलाई मुद्दा पुर्पक्षको क्रममा थुनामा राख्ने गरी भएको सर्वोच्च अदालतको आदेश नजिर र नेपालको संविधानविपरीत रहेको छ । अर्कोतर्फ सम्मानित सर्वोच्च अदालतकै संयुक्त इजलासहरूबाट थुनामा रहेका व्यक्तिहरूको निवेदन सम्बन्धमा निर्णय गर्दा PENDAMIC JURISPRUDENCE को बारेमा कोभिड-१९ रोगले आक्रमण गर्न सक्ने अवस्था र उमेरका थुनुवाहरूलाई धरौटी र सामान्य तारेखमा छाड्ने आदेशहरू पनि भएगरेको अवस्थामा यी निवेदक ६८ वर्ष पुगिसकेको, सुगर र ब्लडप्रेसर जस्ता रोगबाट ग्रसित रहेका र थुनामा रहेको जेल कोरोना सङ्क्रमणको दृष्टिले उच्च जोखिममा भएको हुँदा उच्च अदालत विराटनगरको आदेश र सोही आदेशलाई सदर कायम गर्ने गरी भएको सम्मानित सर्वोच्च अदालतको मिति २०७६।४।१७ गतेको आदेश बदर गरी यी निवेदकले धरौटी वा तारेखमा रही मुद्दाको पुर्पक्ष गर्न पाउने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

विपक्षीको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री विदुरकुमार कार्कीले आपराधिक समूह स्थापना र सञ्चालन गरी सुन चोरी, पैठारी, निकासीको अवैध कारोबार, अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान मुद्दाको कसुर अपराधमा सुरू मोरङ जिल्ला अदालतबाट मुद्दाको पुर्पक्षको लागि कानूनबमोजिम थुनामा राख्ने गरी भएको आदेशलाई उच्च अदालत विराटनगरले सदर गरेउपर परेको निवेदनको सुनुवाइ हुँदा थुनामुक्त गरी तारेखमा वा धरौटीमा छाड्न नसकिने भन्ने उच्च अदालत विराटनगरको आदेशलाई सर्वोच्च अदालतको संयुक्त इजलाससमेतबाट मिति २०७६।४।१७ मा सदर गर्ने गरी आदेश भइसकेको छ। यस्तो विशेष र गम्भीर प्रकृतिको मुद्दामा कानूनबमोजिम तीनै तहको अदालतबाट सुनुवाइ भई आरोपित कसुरमा पुर्पक्षको

लागी थुनामा बसेकोलाई विभिन्न कारण, अवस्था र परिस्थिति दर्साई असाधारण क्षेत्राधिकारमा प्रवेश गर्न मिल्दैन । सर्वोच्च अदालतबाट समेत साधारण क्षेत्राधिकारअन्तर्गत थुनछेक आदेशको सम्बन्धमा सुरू जिल्ला तथा उच्च अदालतबाट समेत निर्णय भई मुद्दा विचाराधीन रहेको अवस्थामा निवेदनको रोहबाट उक्त थुनछेक आदेशको तथ्यगत प्रश्नभित्र प्रवेश गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्दैन भनी गर्नुभएको बहससमेत सुनियो ।

उपरोक्तानुसारको तथ्यगत विषय र दुवै पक्षको बहस जिकिरसमेत भएको प्रस्तुत रिट निवेदनमा मागबमोजिम धरौटी वा तारेखमा रही मुद्दाको पुर्पक्ष गर्न पाउने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनु पर्ने हो वा होइन ? र तहगत रूपमा निवेदनको रोहमा मातहतका साथै सर्वोच्च अदालतबाट समेत आदेश भइसकेको थुनछेकको तथ्यगत प्रश्नमा असाधारण अधिकारक्षेत्रबाट प्रवेश गर्न मिल्छ वा मिल्दैन ? भन्ने प्रश्नहरूको निरूपण गर्नुपर्ने देखियो ।

२. यी निवेदकउपर मोरङ जिल्ला अदालतमा रहेको विचाराधीन मूल अभियोगपत्र दर्ता मिति २०७५।१।१९ को मुद्दा नं. ०३१९६ मा भन्सार ऐन, २०६४ को दफा ५७(१)(च), सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३(३) र दफा ५ को कसुरमा ऐ. ऐनको दफा ९(क) बमोजिम थप सजाय र ऐ. ऐनको दफा ९(ग), मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ३ र ४ नं. बमोजिम सजाय गरी ऐ. महलको ७ नं. बमोजिम थप सजाय हुनका साथै मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(४) नं. को कसुरमा ऐ. १३(४) नं. बमोजिम सजायको अभियोग माग दाबी लिई दायर भएको आपराधिक समूह स्थापना र सञ्चालन गरी सुन चोरी, पैठारी, निकासीको अवैध कारोबार, अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान मुद्दामा सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७५।२।८ मा यी रिट निवेदकलाई पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको आदेशलाई उच्च अदालत विराटनगरले मिति २०७५।१०।२४ मा सदर गरेउपर थुनामा राख्नपर्ने होइन शुद्ध तारेखमा बस्न पाउँ भनी यी निवेदकसमेतको यस अदालतमा परेको निवेदनउपर सुनुवाइ हुँदा थुनामुक्त गरी तारेख वा धरौटीमा छाड्न नसकिने भनी उच्च अदालत विराटनगरबाट भएको आदेश विरूद्ध परेको बेरितको आदेश बदर गरी थुनामुक्त गरिपाउँ (०७५-RE-०३९३) भन्ने निवेदनमा मिति २०७६।४।१७ मा यस अदालतबाट उच्च अदालत विराटनगरको आदेश सदर भई यी रिट निवेदक पुर्पक्षको लागि थुनामै रहेको देखियो ।

३. मोरङ जिल्ला अदालतवाट मिति २०७५।१२।८ मा पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको आदेश उच्च अदालत विराटनगर र यस अदालतबाट समेत सदर भएउपर थुनामा राख्नु पर्ने होइन शुद्ध तारेखमा बस्न पाउनु पर्ने भन्ने निज प्रतिवादीको निवेदन पर्न आएको छ । सो सम्बन्धमा विचार गर्दा, यी प्रतिवादीले मोरङ जिल्ला अदालतमा विचाराधीन मूल मुद्दामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा सुनको कारोबारमा कहिलेदेखि के कस्तो संलग्नता थियो भनी विस्तृत बेहोरा खुलाई मिति २०७४।१०।०९ मा हराएको साढे ३३ किलो सुन विमानस्थलबाट निकाली मृतक सानु वन र प्रतिवादी तक्ले भन्ने पुण्यप्रसाद लामा तामाङले अनामनगर स्थित प्रतिवादी गोरे भन्ने चुडामणी उप्रेतीको कार्यालय लैजाँदा लुटिएको, सोही बेलुकी डेबिट / डा. भन्ने छिरिङ वाङ्गेल घलेसमेतसँग बैठक गरेको, सुन मालिक एम.के. भन्ने मोहनकुमार अग्रवालको सुन पत्ता लगाउनै पर्ने दबाब आएको भन्दै सुन भन्सार चोरी पैठारी गर्नमा आफ्नो संलग्नता स्वीकार गरेको देखियो । यसरी सुन हराउँदा आफ्नो लगानीसमेतको सुन हराउन सक्ने भएकोले अर्का प्रतिवादी गोरे भन्ने चुडामणी उप्रेतीलाई जसरी भए पनि सुन खोज्ने जिम्मेवारी दिएको भन्ने कुरा पनि स्वीकार गरेको देखियो । मौकामा बयान गर्ने प्रतिवादीहरू गोपालकुमार श्रेष्ठ, वीरेन्द्रमान श्रेष्ठ, तक्ले भन्ने पुण्यप्रसाद लामा, दोराम खत्री, हेमन्त गौतम तथा कपिलराज पुरीले समेत यी प्रतिवादीलाई पोल गरेको र सुन हराएपछि होटेल सांग्रिलामा बैठक गर्दा सुन

हराउनमा संलग्न भनी प्रतिवादी गोरे भन्ने चुडामणीले शंका गरेका र यीसहित उल्लिखित प्रतिवादीहरूको त्यहाँ उपस्थित रहेको पनि देखिन्छ। यी प्रतिवादीका चालक फाल्टुङ फुल्दुङ भन्ने लक्षुबहादुर गुरूङले यी प्रतिवादीकै अरोटमा विमानस्थलबाट निस्किएको सुन गन्तव्यसम्म पुऱ्याउन स्कर्टिङको काम गरेको भनी पोल गरेको पनि पाइयो। सुन हराएकै जरियाबाट उठान भएको घटनाक्रममा रही सानु वन तथा सनम शाक्यको मृत्यु भएको तथ्य पनि मिसिलबाट देखिन्छ। यसरी निजको मौकाको बयान र सहअभियुक्तको पोल र मानिससमेत मरेका घटनाक्रमको कडी यी प्रतिवादी भुजुङ गुरूङको तत्कालै गरिएको सांग्रिला होटेलको बैठकसँग समेत जोडिन गएको देखिन्छ। प्रतिवादीका कानून व्यवसायीले प्रतिवादी गोरे भन्ने चुडामणी उप्रेतीको अदालतमा भएको बयानमा यी प्रतिवादी भुजुङ गुरूङले सुनमा लगानी गर्दैनन् भनी उल्लेख गरेको, प्रतिवादी मोहन काफ्लेको घरबाट बरामद भएको भनिएको डायरीमा यी प्रतिवादीको नाम छ भनी भन्न नसकेको तर सो डायरीहरू अनुसन्धानकर्ताहरूले तत्काल अभियोग पत्रमा संलग्न गरी पूर्ण रूपमा इमान्दारीसाथ मोरङ जिल्ला अदालतमा पेस नगरी थप प्रमाण बुझ्ने बहाना बनाई आफैँसँग राखेबाट सो डायरीमा भएका पानाहरू हटाउने, नाम हटाउने वा थप गर्ने, कुनै डायरी नै गायव गरी महत्त्वपूर्ण प्रमाण नष्ट गर्ने जस्ता गम्भीर कार्यको सम्भावना देखाई शंका व्यक्त गरी गर्नुभएको बहस सम्बन्धमा सुरू अदालतले मुद्दाको कारबाहीको क्रममा आवश्यकतानुसार आवश्यक प्रमाणहरूलाई आफ्नो कब्जामा लिने त्यसको सुरक्षा गर्ने र त्यस्मा कुनै कैफियत छ, छैन सो सूक्ष्म रूपमा हेर्नैपर्ने हुन्छ। महत्त्वपूर्ण प्रमाणसँग खेल्ने, तथ्य लुकाउने, छिपाउने वा अपूर्ण वा अदालतलाई भ्रममा पारी वास्तविक अपराधीलाई कानूनको दायरामा नल्याउने जस्ता कार्य फौजदारी अपराधको अनुसन्धान, अभियोजन र निर्णय प्रक्रियामा स्वीकार्य हुन सक्दैन। तर प्रतिवादीका कानून व्यवसायीको त्यसो हुन सक्ने भन्ने आशंकाको आधारमा मात्र अन्य तत्काल प्राप्त प्रमाणहरूलाई नजर अन्दाज गरी प्रतिवादीलाई कानूनबमोजिम पुर्पक्षका लागि थुनामा राखिएको स्थितिबाट थुनामुक्त गरी तारेखमा वा धरौटीमा छाड्न सकिने अवस्था देखिएन। अत: उच्च अदालत विराटनगरको मिति २०७५।१०।२४ को आदेश बेरितको नदेखिएको हुँदा सो आदेश परिवर्तन गर्नु परेन भन्नेसमेत बेहोराको यस अदालतको संयुक्त इजलासबाट मिति २०७६।०४।१७ मा आदेश भइसकेको अवस्थामा यस्तो थुनालाई गैरकानूनी थुना मान्न सक्ने अवस्था देखिँदैन।

४. कानूनबमोजिम सक्षम निकायबाट अपराधको अनुसन्धान भई सुरू अदालतबाट मुद्दाको पुर्पक्षको लागि कानूनबमोजिम भएको थुनछेकको आदेशमा चित्त नबुझाई यी निवेदकसमेतको निवेदनउपर सुरू मोरङ जिल्ला अदालतको आदेश सदर गर्ने गरी उच्च अदालत विराटनगरबाट भएको सो आदेशउपर यस अदालतमा पुन: निवेदन परी सुरू आदेश सदर गर्ने गरेको उच्च अदालतको आदेश सदर भई थुनामुक्त गरी तारेखमा वा धरौटीमा छाड्न नसकिने भनी स्वच्छ सुनुवाइको स्थापित मान्य सिद्धान्तहरूको पूर्ण पालना गरिएको र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम थुनछेकको तथ्यगत विषयमा तीनै तहको अदालतबाट अन्तिम भई साधारण क्षेत्राधिकारमा मुद्दा विचाराधीन रही यी निवेदक पुर्पक्षको लागि कानूनबमोजिम थुनामा रहेकोले धरौटी वा तारेखमा रहने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने पूर्वावस्थाको विद्यमानता प्रस्तुत रिट निवेदनमा रहेको देखिँदैन। यसै सन्दर्भमा निवेदक रामदेव यादव विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भएको बन्दीप्रत्यक्षीकरणको निवेदनमा यस अदालतबाट ने.का.प.२०६८, अङ्क ८, निर्णय नं.८६६५ मा **"बन्दीप्रत्यक्षीकरणको रिटबाट विवादको तथ्यभित्र प्रवेश गरी थुनाको औचित्यको खोजी गर्ने कार्य गरिँदैन। बन्दीलाई थुनामा राखिएको कार्यको वैधतासम्म परीक्षण गरी गैरकानूनी तवरबाट थुनामा राखिएको देखिएमा बन्दीलाई त्यस्तो**

**थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।"** भन्ने प्रतिपादित सिद्धान्तसमेतको परिप्रेक्ष्यमा यी निवेदकलाई आपराधिक समूह स्थापना र सञ्चालन गरी सुन चोरी, पैठारी, निकासीको अवैध कारोबार, अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान मुद्दामा पुर्पक्षको लागि सक्षम अदालतहरूबाट न्यायिक मनको प्रयोग भई भएको आदेशानुसार थुनामा रहेकोले उक्त थुना कानूनसम्मत नै देखिँदा कानूनबमोजिम भएको कामकारबाहीबाट निवेदकको संविधान एवं कानून प्रदत्त हकाधिकार हनन् भएको नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन।

५. त्यसैगरी यी रिट निवेदकउपर आपराधिक समूह स्थापना र सञ्चालन गरी सुन चोरी, पैठारी, निकासीको अवैध कारोबार, अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान मुद्दामा भन्सार ऐन, २०६४, सङ्गठित अपराध निवारण ऐन, २०७०, मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिने र मुलुकी ऐन, ज्यानसम्बन्धी महलबमोजिमको बहुकसुर अपराधमा सजाय हुन अभियोग मागदाबी भई दायर भएको मुद्दामा सुरू मोरङ जिल्ला अदालतबाट पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको आदेशलाई तहगतरूपमा उच्च अदालत विराटनगर र सर्वोच्च अदालतसमेतबाट आदेश बेरितको नभई कानूनबमोजिम नै रहेको भनी, बसेको थुनालाई विभिन्न कारण अवस्था र परिस्थिति दर्साई वैकल्पिक उपचारको मार्ग नभएको भनी केवल निवेदकले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी धरौटी वा साधारण तारेखमा बसी पुर्पक्ष गर्न पाउँ भन्ने जिकिरका आधारमा निजले अवलम्बन गरेको कानूनी उपचारको मार्गलाई अपर्याप्त वा प्रभावहीन भन्ने निष्कर्षमा पुग्ने हो भने त्यसले साधारण अधिकारक्षेत्रअन्तर्गत सक्षम अदालतबाट तह तहगत रूपमा तथ्य र प्रमाणको मूल्याङ्कन भई न्याय निरूपण भएका प्रत्येक विषयलाई असाधारण अधिकारक्षेत्रको विषयवस्तु बनाउने प्रवृत्तिलाई प्रोत्साहन मिल्न जाने खतरा हुन्छ। जुन रिट क्षेत्राधिकारको सिद्धान्त र मुद्दाको अन्तिमता (Finality of Judgment) को सिद्धान्तको समेत विपरीत हुनका साथै रिटले Correctional Power को स्वरूप धारण गर्न हुँदैन भन्ने मान्यतासमेतमा गम्भीर असर पर्न जान्छ।

६. नेपालको संविधानको धारा १३३(२) र (३) अन्तर्गत यस अदालतलाई प्राप्त क्षेत्राधिकार साधारण क्षेत्राधिकारभन्दा पृथक् र विशिष्ट किसिमको असाधारण क्षेत्राधिकार हो। यस अदालतको असाधारण क्षेत्राधिकार साधारण क्षेत्राधिकारको वैकल्पिक तथा परिपूरक क्षेत्राधिकार होइन। दुवै क्षेत्राधिकार परस्पर स्वतन्त्र क्षेत्राधिकार हुन्। साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकार समानान्तर क्षेत्राधिकार पनि होइनन् र असाधारण क्षेत्राधिकारले साधारण क्षेत्राधिकारलाई अनादर गर्ने, सीमित तुल्याउने, नियन्त्रण गर्ने, प्रतिस्थापन गर्ने वा कुनै किसिमबाट निस्तेज तुल्याउनेसमेत असाधारण क्षेत्राधिकारको मकसद हुन सक्दैन।

७. साधारण क्षेत्राधिकारअन्तर्गत उपचारको मार्ग भएसम्म असाधारण क्षेत्राधिकार आकर्षित हुँदैन भन्ने रिट क्षेत्राधिकारसम्बन्धी अवधारणाको आधारभूत सिद्धान्त हो। सोहीबमोजिम नेपालको संविधानको धारा १३३(२) मा पनि उपचारको कुनै व्यवस्था नै नभएको अवस्थामा वा उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अवस्थामा मात्र यस अदालतले असाधारण क्षेत्राधिकार ग्रहण गरी उपचार प्रदान गर्न सक्ने संवैधानिक व्यवस्था रहेको देखिन्छ। उक्त संवैधानिक प्रावधानको आलोकमा रिट निवेदकलाई पुर्पक्षको लागि थुनामा राख्ने गरी सुरू मोरङ जिल्ला अदालतबाट भएको आदेशउपर उच्च अदालतका साथै सर्वोच्च अदालतसमेतबाट सोही विषयमा अन्तिम आदेश भइसकेपछि पुन: कानूनबमोजिम साधारण उपचारको क्षेत्राधिकारअन्तर्गत सुरू अदालतमा विचाराधीन रहेको उही विषयलाई विभिन्न परिस्थिति र अवस्था रहेको तर्क गरी असाधारण अधिकारक्षेत्रको प्रयोग गरी बन्दीप्रत्यक्षीकरणको मार्गबाट प्रवेश गरी धरौटी वा तारेखमा बस्ने गरी

थुनामुक्त गर्न मिल्ने देखिँदैन । यसै सन्दर्भमा निवेदक रामदेव यादव विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भएको बन्दीप्रत्यक्षीकरणको निवेदनमा यस अदालतबाट ने.का.प. २०६८, अङ्क ८, निर्णय नं. ८६६५ मा **"मातहत दुई तह अदालतबाट सामान्य कानूनी व्यवस्थाअन्तर्गत निरूपण भई टुङ्गो लागिसकेको विषयवस्तुमा यस अदालतले रिट क्षेत्राधिकारबाट पुनरावेदन सुनेसरह गरी हस्तक्षेप गर्दै जाने हो भने विवादको कहिल्यै पनि अन्त्य हुन नसक्ने र अदालतको साधारण क्षेत्राधिकारसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थासमेत अर्थहीन हुन जाने हुन्छ ।"** भन्ने प्रतिपादित सिद्धान्तसमेतको परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदनबाट उठान भएको जिकिरहरूको निरूपण मातहत अदालतका साथै यसै अदालतको समान तहको इजलासबाट समेत कानूनबमोजिम निर्णय भई अन्तिम भएको अवस्थामा सोही विषय वस्तुलाई भिन्न परिस्थितिको हवाला दिँदै बन्दीप्रत्यक्षीकरणको मार्गबाट उपचार दिन मिल्ने देखिँदैन ।

८. तसर्थ, क्षेत्राधिकार सम्पन्न सक्षम अदालतहरूबाट सामान्य कानूनी व्यवस्थाअन्तर्गत आपराधिक समूह स्थापना र सञ्चालन गरी सुन चोरी, पैठारी, निकासीको अवैध कारोबार, अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान मुद्दामा यी रिट निवेदकलाई पुर्पक्षको लागि थुनामा राख्ने गरी मोरङ जिल्ला अदालतबाट भएको थुनछेक आदेशलाई कानूनसम्मत रहेको भनी उच्च अदालत विराटनगरले सदर गर्ने गरी भएको आदेश यस अदालतको संयुक्त इजलासबाट समेत मिति २०७६।४।१७ मा सदर भई तीन तहका अदालतबाट न्यायिक मनको प्रयोग भई निरूपण भइसकेको विषयमा कानूनको त्रुटि वा स्वच्छ सुनुवाइको अवसरमा समेत कुनै त्रुटि नभएको अवस्थामा असाधारण अधिकारक्षेत्रअन्तर्गत बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.प्रकाशकुमार ढुंगाना

इजलास अधिकृत : माधव भण्डारी
इति संवत् २०७७ साल साउन २९ गते रोज ५ शुभम् ।